Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.

# बैंक समाचार
# ५३ औं वर्ष प्रवेश विशेषाङ्क



# १३ औं वार्षिक साधारणसभा










बैंक समाचार
वर्ष ४४, अंक ४, २०७६ माघ

## कृषि विकास बैंक लि.

# ५३ औं वर्ष प्रवेश विशेषाङ्क

हामी ५३ औं वर्षमा प्रवेश गरेका छौं । यस घडीसम्म आइपुग्न आ–आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने समस्त ग्राहक वर्ग, कर्जाग्राही, शेयरधनी महानुभावहरू, नेपाल राष्ट्र बैंक एवं नियामक निकायहरू, नेपाल सरकार, एसियाली विकास बैंक लगायत सबै शुभेच्छुकहरूमा हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा अझ स्तरीय सेवा दिने प्रण गर्दछौं ।



बृहत शाखा सञ्जाल भएको नेपालको एक मात्र बैंक
ADBL
DEBIT CARD
ATM
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
VALID ONLY IN NEPAL & INDIA
4000 1234 5678 9010
0000
GOOD THRU 00/00
CARDHOLDER NAME
VISA
VISA
• WIDE NETWORK
• CONVENIENT
• SECURE & SAFE
• VALID IN NEPAL & INDIA
• EASY FOR SHOPPING
• TIME SAVING
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

प्रधानमन्त्री

काठमाडौं, नेपाल



# शुभकामना

बैंक तथा वित्तीय क्षेत्रमा शहरदेखि गाउँसम्म आफ्नो कार्य सञ्जालमार्फत वित्तीय सेवा विस्तार गर्दै आएको कृषि विकास बैंकले अनवरत सेवाका ५२ बर्ष पूरा गरी ५३ औं बर्ष प्रवेश गरेको सुखद् अवसरमा सम्बद्ध सबैमा शुभकामना ब्यक्त गर्दछु ।

आम-जनसमुदायलाई सम्पूर्ण बैकिङ् सुविधा उपलब्ध गराउने लक्ष्यका साथ अग्रसर कृषि विकास बैंकले देशको अर्थतन्त्र र कृषि क्षेत्रको विकास र विस्तारमा महत्वपूर्ण योगदान गरेको छ । उपलब्ध स्रोत साधनको समुचित उपयोग गरी ग्रामीण क्षेत्रका दूरदराजसम्म आफ्नो सेवा विस्तार गरी दीगो बैंकिङ् तथा सामाजिक अभिमुखीकरण सहितको सेवा पुऱ्याउने लक्ष्यमा सफलताका लागि शुभकामना ब्यक्त गर्दछु ।

सरकारको नीति तथा प्राथमिकतालाई मध्यनजर राख्दै विकट गाउँ बस्तीका आम नागरिकको बैकिङ् सेवामा सरल र सहज पहुँच स्थापित गर्न बैंक यसअघि झैं सधैं क्रियाशील रहनेछ भन्ने विश्वास लिएको छु । साथै अन्य सभाव्य पूर्वाधारका क्षेत्रहरुमा समेत लगानी गर्न सक्रियता देखाउँदै **समृद्ध नेपाल-सुखी नेपाली**को राष्ट्रिय आकांक्षा पूरा गर्न यस बैंकले सहयोगी भूमिका निर्वाह गर्नेछ भन्नेमा विश्वस्त छु । यस बैंकले मूल रुपमा कृषिको आधुनिकीकरण र ब्यवसायीकरण मार्फत कृषिमा आश्रित अधिकांश नागरिकहरुको जीवनस्तर सुधार गर्दै मुलुकको आर्थिक विकासमा योगदान गर्न सक्ने सिर्जनशील कार्यक्रमहरु संचालनमा विशेष ध्यान दिनेछ भन्ने अपेक्षा राखेको छु ।

अन्त्यमा, बैंकले हालको उपलब्धि कायम राख्दै देशको बदलिँदो संरचना अनुसार शाखा विस्तार गरि स्थानीय आवश्यकता अनुसार आफ्नो वस्तु तथा सेवा उपलब्ध गराई कृषि उत्पादकत्व बढाउन तथा ग्रामीण अर्थतन्त्रको विकासमा थप योगदान गर्न सफल हुने विश्वास सहित बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

२४ पुस, २०७६

केपी शर्मा ओली



ADBL
तलब बचत खाता
बिना धितो कर्जा छैन कुनै दुविधा
अब आयो ADBL तलब बचत खाता सुविधा
६.५ %
वार्षिक ब्याजदर
विशेषताहरु :
• व्यक्तिगत पारिश्रमिक जम्मा हुने विशेष बचत खाता ।
• शुन्य मौज्दातमा खाता खोली रु. ५०० न्यूनतम मौज्दात रहने ।
• पारिश्रमिक/तलबका आधारमा बिना धितो कर्जा प्रदान गर्न सकिने ।
• उक्त खाता मार्फत पारिश्रमिक बाहेक अन्य नियमानुसारका कारोबार समेत गर्न पाईने ।
• सम्बन्धित कार्यालयको अनुरोधमा सेना, प्रहरी, शिक्षक, सरकारी तथा गैर सरकारी संस्था, पब्लिक तथा निजी कम्पनी वा अन्य संस्थाका कर्मचारीहरु सहभागी हुन पाउने ।
• नि:शुल्क VISA Debit Card, Internet Banking, Smart Banking, SMS Alert.
• जुनसुकै शाखाबाट रकम जम्मा तथा भुक्तानी गर्दा कुनै पनि प्रकारको ABBS शुल्क नलाग्ने ।
• यस बैंकका सम्पूर्ण शाखाहरुबाट यो सुविधा लिन सकिने ।
थप जानकारीका लागि नजिकैको शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

नेपाल सरकार

# अर्थ मन्त्रालय

डा. युवराज खतिवडा
अर्थ मन्त्री

सिंहदरबार, काठमाडौं
नेपाल



## शुभकामना

मुलुकको कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गर्न आवश्यक पर्ने पूँजीको पहुँच बढाई ग्रामीण क्षेत्रसम्म आधुनिक बैंकिङ्ग सेवा उपलब्ध गराउने उद्देश्यले स्थापना भएको कृषि विकास बैंक लिमिटेड ५२ वर्ष पुरा गरी ५३ औं वर्षमा प्रवेश गरेको उपलक्ष्यमा यस बैंक सम्बद्ध सबैलाई हार्दिक शुभकामना दिन चाहन्छु ।

कृषिको उत्पादन प्रणाली, विधि र अभ्यासहरुमा आमूल परिवर्तन नगरी उत्पादकत्व बृद्धि, खाद्य सुरक्षा र लाभजन्य रोजगारी सुनिश्चित हुन सक्दैन। यसका लागि भूउपयोग नीति, कृषि पूर्वाधार र प्रविधि सँगै सहज रुपमा पूँजी समेत उपलब्ध हुनु पर्दछ। यस सन्दर्भमा शहरी क्षेत्रमा संकलित वचतलाई ग्रामीण क्षेत्रमा रहेका सम्भावना र क्षमतातर्फ पूर्ण रुपमा उपयोग गर्दै कृषि क्षेत्रलाई आर्थिक विकासको आधारको रुपमा रुपान्तरण गर्न र ग्रामीण-शहरी अन्तर सम्बन्धलाई प्रगाढ वनाउन कृषि विकास बैंकले प्रभावकारी भूमिका निर्वाह गर्दै आएको छ। तथापि पछिल्ला वर्षहरुमा शहरोन्मुख क्रियाकलापलाई फेरी ग्रामीण क्षेत्रमा पुनर्उन्मुख गर्नु पर्ने आवश्यकता पनि देखिएको छ ।

नेपाल सरकारले वित्तीय क्षेत्रमा सुशासन र स्थायित्व कायम गर्दै वित्तीय पहुँच अभिवृद्धि गर्ने, "खोलौं बैंक खाता" अभियान सञ्चालन गरी सबै बालिग नेपालीको बैङ्कमा खाता खोल्ने, सरकारी निकायबाट नागरिकलाई प्रदान गरिने आर्थिक सुविधा लगायत सबै प्रकारका भुक्तानी बैंक खाता मार्फत गर्ने, सहुलियतपूर्ण कर्जा कार्यक्रम प्रभावकारी बनाई मापदण्ड पुगेका व्यक्ति र समूहलाई यस्तो कर्जामा पहुँच सुनिश्चित गर्ने नीति लिएकोले कृषि विकास बैंकले यस कार्यमा अग्रणी भूमिका खेल्नेछ भन्ने अपेक्षा गरेको छु।

आगामी दिनमा यस बैंकले अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग प्रतिष्पर्धा गर्दै ग्रामीण अर्थतन्त्रको विकास, विपन्न वर्गमा वित्तीय पहुँच एवं कृषि तथा गैर कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा जोड दिँदै कृषिको उत्पादकत्व बृद्धि गराउन र कृषिसँगै जोडिएका उद्योग-व्यवसायको प्रवर्द्धनमा सकारात्मक योगदान दिई मुलुकको द्रुत आर्थिक विकासमा उल्लेख्य भूमिका निर्वाह गर्नेछ भन्ने विश्वासका साथ बैंकको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०७६ पुस २४

डा. युवराज खतिवडा
अर्थमन्त्री

टेलिफोन नं.: +९७७-१-४२११८०९ (का.), फ्याक्स नं.: +९७७-१-४२११८३१
वेब साईट: www.mof.gov.np

गभर्नर
Governor

# नेपाल राष्ट्र बैंक
# NEPAL RASTRA BANK

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
Central Office
Baluwatar, Kathmandu



## शुभ-कामना

**कृषि विकास बैंक लिमिटेड**को ५३ औं वार्षिकोत्सवको अवसरमा बैंकलाई आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने ग्राहकवर्ग, शेयरधनी, व्यवस्थापन एवम् कर्मचारीवर्ग लगायत यस बैंकसँग सम्बन्धित सबैमा शुभकामना व्यक्त गर्दछु।

मुलुकको दीगो आर्थिक विकास र समावेशी आर्थिक वृद्धि हासिल गर्न प्रतिस्पर्धी लागतमा कृषि, उद्योग, ऊर्जा, पर्यटन एवम् पूर्वाधार क्षेत्रमा पर्याप्त मात्रामा वित्तीय साधन प्रवाह गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै बैंकले आफूलाई अझ सुदृढ र परिष्कृत बनाउँदै त्यस्ता क्षेत्रहरूमा वित्तीय साधन परिचालन गर्नेतर्फ अग्रसर हुँदै जाओस् भन्ने शुभेच्छा छ।

आजको प्रतिस्पर्धी वित्तीय प्रणालीमा यस बैंकले आधुनिक वित्तीय उपकरण र सूचना प्रविधिको उपयोग तथा संस्थागत कार्यदक्षतामा समयानुकूल सुधार गर्दै वित्तीय सेवा प्रवाहमा अझ प्रतिस्पर्धात्मक एवम् उत्तरदायिपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने मैले आशा राखेको छु।

कृषि विकास बैंक लिमिटेडले मुलुकको आर्थिक विकास र गरिबी निवारणमा पुऱ्याउँदै आएको योगदानको स्मरण गर्दै मुलुकको समग्र आर्थिक विकास र गरिबी न्यूनीकरणको क्षेत्रमा बैंकको भूमिका अझ प्रभावकारी हुँदै जान सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

साथै, यस बैंकले हासिल गरेको प्रगति र अनुभवलाई बैंकको हीतमा अधिकतम् परिचालन गर्दै आउँदा दिनमा संस्थागत सुशासन मार्फत बैंकको अवस्था मजबुत बनाउन, गुणस्तरीय वित्तीय सेवा प्रवाह गर्न, वित्तीय पहुँच बढाउन र समग्र वित्तीय स्थायित्व हासिल गर्नेतर्फ बैंकको काम कारवाही प्रभावकारी रुपमा अगाडी बढ्दै जाऊन् भन्ने शुभेच्छा ब्यक्त गर्दछु।

(डा. चिरंजीबि नेपाल)

Phone: 977-1-4410386 Fax: 977-1-4410159 Post Box: 73 Website: www.nrb.org.np Email: ofg@nrb.org.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. नं.:-



## शुभकामना

कृषि विकास बैंक लिमिटेड स्थापनाको ५२ वर्ष पूरा गरी ५३ वर्ष प्रवेश गर्न लागेको उपलक्ष्यमा सम्बन्धित सबैमा हर्दिक बधाईसहित शुभकामना दिन चाहन्छु ।

कृषि क्षेत्रको विकास र विस्तार एवं उत्थानको लागि वित्तीय सहयोग गर्ने उद्देश्यका लागि स्थापना भएको यस बैंकले हालसम्म कृषि क्षेत्रको विकासमा महत्वपूर्ण सहयोग पुऱ्याउनुको साथै वर्तमान अवस्थामा वाणिज्य बैंकले प्रदान गर्ने सबै किसिमका सेवा सुविधाहरू प्रतिस्पर्धात्मक ढंगले दिँदै आएको छ । नेपाल सरकारको नीति तथा प्राथमिकतालाई समेत ध्यानमा राख्दै सरकारले दिएको जिम्मेवारी बहन गर्दै प्रतिस्पर्धात्मक बजारमा दक्ष जनशक्ति र उत्कृष्ट सेवालाई आफ्नो लक्ष्य बनाई सूचना प्रविधिको प्रयोग, वित्तीय क्षेत्रमा प्रयोग गरिएका सफल अभ्यास र वित्तीय औजारहरूको माध्यमबाट जनतालाई बढीभन्दा बढी सेवा उपलब्ध गराउन अग्रसर हुनुपर्दछ ।

यस बैकले समयानुकूल आफ्ना विद्यमान कार्य प्रणालीमा सुधार गरी संविधान बमोजिम संघ, प्रदेश र स्थानीय निकायमा समेत सेवा विस्तार गरी प्रतिष्ठित बैंकको रुपमा अगाडि आउने विश्वास लिएको छु । मुलुकमा संघीयताको अभ्याससँगै देशका विपन्न वर्ग, गरिबी निवारण तथा ग्रामीण पछौटेपनलाई समेत दृष्टिगत गरी जनताका आधारभूत आवश्यकता र अधिकारका रूपमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता क्षेत्रमा जनताको पहुँच पुग्ने गरी गुणस्तरीय सेवा प्रदान गर्ने गरी बैंकले आफ्नो थप सेवा विस्तार गर्ने दायित्व रहेको छ । यसका साथै सरकारले संचालन गरेका कार्यक्रममा समेत उल्लेखनीय योगदान पुऱ्याउने विश्वास लिँदै ५३ वर्ष प्रवेशको अवसरमा बधाई तथा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**(राजन खनाल)**
अर्थ सचिव

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२११९६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np

नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या -
च न -



## शुभकामना

कृषि विकास बैंकले आफ्नो स्थापनाको ५३औँ वर्षमा प्रवेश गरेको अवसरमा बैंकका सम्पूर्ण शेयरधनी, बैंकको सञ्चालक समिति तथा समग्र कर्मचारी लगायत बैंक व्यवस्थापनलाई हार्दिक शुभकामना दिन चाहन्छु ।

कृषि उत्पादन एवम् उत्पादकत्व बढाउन आवश्यक पर्ने उत्पादनशील कर्जाको प्रवाह सरल र सहज रुपमा ग्रामिण क्षेत्रसम्म बैंकिङ्ग सेवा पुऱ्याउने उद्देश्यका साथ स्थापना गरिएको यस बैंकले आधुनिक बैंकिङ्ग प्रणाली अवलम्बन गर्दै अग्रणी वाणिज्य बैंकको रुपमा आफूलाई स्थापित गरेको छ । ग्रामिण क्षेत्रमा बैंकिङ्ग चेतना विस्तारमा उल्लेख्य योगदान पुऱ्याएको बैंकले मुलुकको सबै प्रदेशमा कुल २७८ शाखा र ७३ वटा ए.टि.एम मार्फत आफ्नो सेवा विस्तार गरिरहेको जानकारी पाउँदा हर्षित भएको छु ।

मुलुकमा वाणिज्य बैंकको संख्यात्मक विस्तारसँगै प्रतिष्पर्धा पनि बढ्दै गएको छ । बैंकिङ्ग क्षेत्रमा अवसर र चुनौती दुवै सृजना भएका छन् । वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय समावेशीकरणको माध्यमबाट सबै वर्ग, क्षेत्र, तह र समूदायमा बैंकको सेवा पुऱ्याउने कार्यमा वाणिज्य बैंकहरूको क्रियाशिलता बढ्दै गएको परिप्रेक्ष्यमा कृषि विकास बैंकले पनि आफ्ना क्रियाकलापहरूलाई अझै बढी प्रभावकारी र व्यावसायिक बनाउनु जरूरी भएको छ ।

सुदृढ वित्तीय व्यवस्था, नियमनकारी व्यवस्थाको पूर्ण पालना, ग्राहक मैत्री सेवाको सुनिश्चितता र संस्थागत सुशासनका आधारभूत मन्यताहरूको पूर्ण पालनाबाट मात्र वित्तीय संस्थाहरू सफल र सक्षम बन्न सक्छन् । कृषि विकास बैंकले पनि उपयुक्त तथ्यलाई मनन् गरी वित्तीय बजारमा आफ्नो उपस्थितिलाई सघन बनाउँदै उत्कृष्ट सेवा सहित नेपाली घर आँगनमा विशिष्टीकृत छाप छाड्न सकोस भन्ने अपेक्षा सहित आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

**धन्यवाद !**

**माघ ७, २०७६**

(शिशिर कुमार ढुङ्गाना)
सचिव (राजस्व)

टेलिफोन नं :- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७, आ.नि.वि.म. ४२११८२६
योजना, अनुगमन तथा मू.म ४२००५३७, कानून तथा फैसला का.म ४२११८१३, वि.क्षे.व्य.सं.स.म. ४२११९९२, वित्तीय हस्तान्तरण म ४२११३१६
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.) ४२१११६५ (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट : www.mof.gov.np

# सञ्चालक समितिका अध्यक्षको शुभकामना



कृषि विकास बैंक लि. ५२ औं वर्ष पूरा गरी ५३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा हाम्रा समस्त ग्राहक वर्ग, शुभचिन्तक र सम्बन्धित सबैमा शुभकामना सन्देश दिने अवसर पाएकोमा म अत्यन्तै गौरवान्वित भएको छु ।

बहुसंख्यक जनता दुर्गम ग्रामीण इलाकामा बसोवास गर्ने र कृषि पेशामा आश्रित भएको कारण यो वर्ग र पेशाको संरक्षण र सम्बर्द्धन नभए सम्म देश विकासले पूर्णता नपाउने यथार्थतालाई दृष्टिगत गरी यस क्षेत्र र यसमा संलग्न कृषक उद्यमीहरूको आर्थिक समुन्नति गर्न आवश्यक पर्ने पूँजी र प्रविधि उपलब्ध गराउने उद्देश्यले २०२४ साल माघ ७ गते यो बैंकको स्थापना भएको कुरा सबैलाई जानकारी भएकै विषय हो ।

बैंकले सुरूवातका दिनमा कृषि उद्योग र सहकारी संस्थामा लगानी गरे तापनि हाल आएर ग्राहकका आवश्यकता र मागलाई ध्यानमा राखी सबै प्रकारका वाणिज्य बैंकिङ्ग सेवाहरू प्रदान गर्ने गरेको छ । देशैभरि छरिएर रहेका २८० भन्दा बढी शाखाहरूबाट आम जनमानसलाई बैंकिङ्ग सेवा प्रदान गरेको छ भने अर्कोतिर छरिएर रहेको पूँजी संकलन गरी लाखौं कृषक, उद्यमी, व्यवसायीहरूलाई लगानी गरी उनीहरू र देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिँदै आएको छ । बैंकले अति विपन्न वर्गको आर्थिक एवं सामाजिक विकासका लागि साना किसान विकास कार्यक्रम सफलतापूर्वक संचालन गरी सोही कार्यक्रमलाई निरन्तरता र प्रभावकारी ढंगबाट संचालन गर्न साना किसान विकास बैंक स्थापना गर्न अहं भूमिका निर्वाह गरेको र विश्वव्यापी आर्थिक मन्दीका बेलामा पनि आन्तरिक सुधार कार्यक्रम संचालन गरी बैंकलाई सुदृढ तुल्याएको कुरा यस अवसरमा स्मरण गर्न चाहन्छु । साथै बैंकले हाल नवीनतम प्रविधिका माध्यमबाट आफ्ना ग्राहकहरूलाई सुरक्षित, भरपर्दो एवं गुणस्तरीय सेवा र व्यावसायिक विकासमा सहयोग पुर्‍याउँदै आएको छ र कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणमा समेत जोड दिँदै अर्थतन्त्रमा थप टेवा पुर्‍याउँदै आएको छ ।

बैंकलाई आज यो अवस्थामा ल्याइपुर्‍याउने हाम्रा समस्त ग्राहक, शेयरहोल्डर, शुभचिन्तक, नेपाल सरकार, दातृसंगठन पूर्व एवं वर्तमान सञ्चालकज्यूहरू संलग्न कर्मचारीहरूप्रति आभार ब्यक्त गर्दै भविष्यमा पनि यस्तै प्रकारका सहयोग र सद्भावको अपेक्षा गरेको छु । अन्तमा बैंकभित्र रहेका केही कमी कमजोरीहरूलाई सुधार गदै आगामी दिनमा अत्याधुनिक प्रविधियुक्त छिटोछरितो, भरपर्दो र स्तरीय सेवा बढी से बढी वर्ग र क्षेत्रमा प्रदान गर्ने प्रतिबद्धता ब्यक्त गदै यस बैक र यसमा आबद्ध सबैको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

.................................

**क्षेत्रबहादुर सेंजुवाल**

अध्यक्ष

सञ्चालक समिति

कृषि विकास बैंक लिमिटेड

# प्रमुख कार्यकारी अधिकृतको प्रतिबद्धता



कृषि विकास बैंक लि. ५२ वर्ष पूरा गरी ५३ औं वर्षमा प्रवेश गरेको सुखद अवसरमा बैंकका समस्त ग्राहक वर्ग, शेयरधनी महानुभावहरू, नेपाल सरकार, दातृ निकाय, कर्मचारी वर्ग, शुभेच्छुक तथा शुभचिन्तक महानुभावहरूमा हार्दिक आभार एवं शुभकामना व्यक्त गर्दछु ।

वि.सं. २०२४ मा आजकै दिन देशमा कृषि क्षेत्रको माध्यमद्वारा समग्र देशको विकास गर्ने उद्देश्यले स्थापना भएको यस बैंकले एकातर्फ देशका दूरदराजमा रहेका जनतासामु वित्तीय पहुँच विस्तार गर्दै उद्यमशीलताको विकास एवं आर्थिक अवस्थामा सुधार गरी देशको अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिँदै आएको छ भने अर्कोतर्फ वाणिज्य बैंकिङ्ग कारोवारका अतिरिक्त अन्य आधुनिक बैंकिङ्ग सेवा सुविधाहरू सर्वसाधारणको घरदैलोमा पुऱ्याउने र कुनै न कुनै रूपमा बैंकसँग आबद्ध गर्दै ग्राहक वर्गहरूलाई सम्पूर्ण बैंकिङ्ग सुविधासहितको आफ्नै घरआँगनको बैंकको अनुभूति दिन सहरी एवं ग्रामीण क्षेत्रमा छरिएर रहेका बैंकका सम्पूर्ण कार्यसञ्जालमार्फत् पूँजी संकलन गर्दै आम नागरिकलाई बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।

बैंकले हालसम्म लाखौं लाख कृषक, उद्यमीहरूलाई कूल १२ खर्बभन्दा बढी रकम लगानी गरी कृषि व्यवसायसँग सम्बन्धित व्यावहारिक ज्ञान, सीप एवं सुझावहरू समेत प्रदान गरी कृषिमा व्यावसायीकरण गर्न विशेष भूमिका निर्वाह गर्दै आइरहेको छ । पछिल्लो समयमा यस बैंकले कृषिमा मूल्य श्रृंखला लगानी (Value Chain Financing) बमोजिम लगानी विस्तार गर्ने रणनीति अवलम्बन गरेको छ । राष्ट्रिय कृषक समूह महासंघबीच वित्तीय तथा सामाजिक-सामुदायिक सेवा प्रदान गर्ने सम्झौता, होमस्टे एसोसिएसनसँग आबद्ध होमस्टे संचालकलाई सहुलियत ऋण दिने सम्झौता, ग्रामीण प्रविधि केन्द्र, हेफर इन्टनेशनल कार्यक्रममार्फत आबद्ध महिला समूह र युवा तथा खेलकुद मन्त्रालय तथा राष्ट्रिय युवा परिषदसँग युवा उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धन गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्झौता गरी देशको बढ्दो परनिर्भरता घटाउन क्रियाशील रहेको छ । अत्याधुनिक प्रविधियुक्त सम्पूर्ण बैंकिङ्ग सेवामा थप फड्को मार्दै बैंकले राष्ट्रिय सहकारी बैंकसँग सो बैंकमा आबद्ध झन्डै एघार हजार सहकारीका हजारौं सदस्यलाई ATM Card सेवा दिन सुरु गरेको छ । साथै Connect IPS र RTGS को सेवा सुरू गरिएको छ । यसका अतिरिक्त नेपाल सरकारको प्राथमिकतामा रहेका क्षेत्र तथा पिछडिएको वर्गलाई लक्षित गरी ल्याइएका कार्यक्रमहरूमा समेत आफ्नो भूमिका प्रभावकारी रूपमा विस्तार गर्दै जानुका साथै मौद्रिक नीति, बैंकको वार्षिक कार्यक्रम अनुरूप लक्ष्य प्राप्त गरी शेयरधनीहरूलाई अपेक्षित लाभांश उपलब्ध गराउन सफल भएको छ ।

यस ऐतिहासिक घडीमा बैंकले आफ्नो दूरदृष्टि, ध्येय, उद्देश्य एवं दीर्घकालीन लक्ष्यहरूलाई आत्मसात गर्दै उपलब्ध श्रोत र साधनहरूको अधिकतम परिचालन गरी बढीभन्दा बढी ग्राहकहरूसमक्ष भरपर्दो बैंकिङ्ग सेवा प्रदान गर्ने कार्यमा निरन्तर रूपमा अघि बढ्दै जाने कुरामा प्रतिबद्ध छौं । आर्थिक विकासका तीनवटा महत्वपूर्ण स्तम्भहरू सरकार, निजी क्षेत्र तथा सहकारी क्षेत्रसँग समेत आवश्यक समन्वय र सहकार्य गर्दै दीगो तथा आर्थिक विकासका लागि वातावरण अनुकूल कार्यक्रममा जोड दिई रोजगारमूलक कृषि परियोजना विस्तार एवं उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह गर्न बैंक सधैं तत्पर रहनेछ । नेपाल सरकारले तर्जुमा गरेको नीति तथा कार्यक्रमलाई दीर्घकालीन दृष्टिकोणसहित कृषि विकासमा प्रभावकारी भूमिका निर्वाह गर्न सक्षम रूपमा अघि बढ्ने उपयुक्त वातावरण सिर्जना भएको छ । साथै, अन्तर्राष्ट्रिय अभ्यास बमोजिमको जोखिम न्यूनीकरणका सिद्धान्तहरूको पालना गर्दै संस्थागत सुशासनका सिद्धान्तहरूलाई आफ्ना संगठनात्मक संरचना बमोजिम थप गतिशील बनाउँदै लगिनेछ । कृषिको विकास तथा व्यावसायीकरण, गरिबी निवारण तथा वित्तीय पहुँच विस्तार गरी आर्थिक समृद्धि हासिल गर्ने एवं वाणिज्य बैंकिङ्ग कारोवारलाई अझ फराकिलो र गुणस्तरीय सेवा प्रवाहमा थप अभिवृद्धि गर्ने कार्यमा सदाझैं सबैको सहयोग प्राप्त हुनेछ भन्ने विश्वासका साथ सरकारले उद्घोष गरेको "समृद्ध नेपाल सुखी नेपाली" को नारालाई वित्तीय क्षेत्रबाट साकार पार्न हामी कृतसंकल्पित रहेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**अनिलकुमार उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत
कृषि विकास बैंक लिमिटेड

# कृषि विकास बैंक लि.

## सञ्चालक समिति



**क्षेत्र बहादुर सेजुवाल**
अध्यक्ष



**झक्कप्रसाद आचार्य**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**राजेन्द्र प्रसाद मिश्र**
सञ्चालक
प्रतिनिधि- नेपाल सरकार



**डा. इन्दिरा श्रेष्ठ (मास्के)**
स्वतन्त्र सञ्चालक



**संजिव पौडेल**
सञ्चालक
सर्वसाधारण



**हरिप्रसाद पराजुली**
सञ्चालक
सर्वसाधारण



**विनोद कुमार गुरागाईं**
सञ्चालक
सर्वसाधारण

---



**हिमलाल पौडेल**
कम्पनी सचिव



ADBL
Home Loan
'A complete Solution for Your Home'
तपाईंको DREAM HOME को चाहना अब हामी पुरा गर्छौं .....
घर निर्माण, मर्मत र खरिद गर्न
सहजरूपमा कर्जा प्रवाह गरिने
अधिकतम रू. १ करोडसम्म
आकर्षक ब्याजदर
सरल भुक्तानी प्रक्रिया
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

## व्यवस्थापन समूह



**अनिलकुमार उपाध्याय**
प्रमुख कार्यकारी अधिकृत



**प्रताप सुवेदी**
प्रमुख कर्जा अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**यज्ञप्रकाश न्यौपाने**
प्रमुख वित्त अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**ध्रुबचन्द्र गौतम**
प्रमुख कर्पोरेट अधिकृत
(का. मु. उप-महाप्रबन्धक)



**दीर्घबहादुर अर्याल**
प्रमुख जनशक्ति व्यवस्थापन अधिकृत
(का. मु. उप-महाप्रबन्धक)

### विभागीय प्रमुखहरू

१. प्रेमकुमार श्रेष्ठ, आन्तरिक लेखा परीक्षण विभाग
२. निर्मलप्रसाद उपाध्याय, जनशक्ति व्यवस्थापन विभाग
३. बाबुकाजी थापा, कृषि कर्जा तथा एमएसएमई विभाग
४. मिनराज पोखरेल, व्यवसाय कर्जा तथा ट्रेड फाइनान्स विभाग
५. नारायणप्रसाद नेपाल, योजना तथा अनुसन्धान विभाग
६. पप्पुबाबु श्रेष्ठ, सूचना प्रविधि विभाग
७. शुशिल हुमागाईं, कर्जा अनुगमन तथा असुली विभाग
८. तारानाथ पाण्डे, स्थायी सम्पति व्यवस्थापन परियोजना

### का.मु. विभागीय प्रमुखहरू

१. निर्मलराज कोईराला, कानून विभाग
२. कृष्ण नकर्मी, वित्त तथा लेखा विभाग
३. बाशु अधिकारी, डिजिटल बैंकिङ् विभाग
४. सुदीप कुमार दाहाल, ट्रेजरी विभाग
५. शंकरकुमार अर्याल, सामान्य सेवा विभाग
६. प्रकाश कंडेल, कम्प्लायन्स विभाग
७. अजयकुमार रिमाल, बजार तथा शाखा व्यवस्थापन विभाग
८. टंक प्रसाद भट्टराई, केन्द्रीय तालिम प्रतिष्ठान
९. सरिता कुमारी पोखरेल दाहाल, अवकास कोष व्यवस्थापन कार्यालय
१०. बिना शर्मा, परियोजना कार्यान्वयन इकाई
११. सरोज कुमार साह, कर्पोरेट बैंकिङ्, रामशाहपथ
१२. उद्धब के.सी., आन्तरिक निरीक्षण तथा अनुगमन विभाग
१३. नीकू आचार्य, जोखिम व्यवस्थापन विभाग
१४. हिमलाल पौडेल, कम्पनी सचिवालय

### का.मु. प्रदेश प्रमुखहरू

१. गणेशबहादुर डि.सी., सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी
२. घनेन्द्र अधिकारी, प्रदेश कार्यालय प्रदेश नं. १, विराटनगर
३. सुन्दरप्रसाद खतिवडा, प्रदेश कार्यालय प्रदेश नं. ३, काठमाडौं
४. करूणचन्द्र घिमिरे, गण्डकी प्रदेश कार्यालय, पोखरा
५. चन्द्रसिं थापा, प्रदेश कार्यालय प्रदेश नं. ५, भैरहवा
६. माधव रिजाल, कर्णाली प्रदेश कार्यालय, सुर्खेत
७. गिरिधारी पौडेल, प्रदेश कार्यालय, नेपालगञ्ज
८. जगदिश्वर पन्थी, प्रदेश कार्यालय, विरेन्द्रनगर
९. राजेश कुमार श्रीवास्तव, प्रदेश कार्यालय प्रदेश नं. २, जनकपुर

### का.मु. मुख्य शाखा प्रबन्धकहरू

१. रघुनाथ न्यौपाने, मुख्य शाखा पोखरा
२. रूक्मिणी भट्ट उपाध्याय, मुख्य शाखा गौशाला
३. डालेन्द्र थापा, मुख्य शाखा चावहिल
४. गोकुल प्रसाद पनेरू, मुख्य शाखा रत्नपार्क
५. अनिल कुमार यादव, मुख्य शाखा लगनखेल
६. टंक प्रसाद पोखरेल, मुख्य शाखा विराटनगर


ADBL
SMART BANKING
तपाईको खाताको जानकारी तथा सुविधाको लागि
साथमा छ हरपल, तपाई हाम्रो ADBL
विशेषताहरु:
कृषि विकास बैंक तथा अन्य बैंक खाताहरुमा रकम ट्रान्सफर गर्न सकिने ।
बिजुली, टेलिफोन, मोबाइल, डिस होम, ई-सेवा लगायत Utility Payment सेवा ।
बैंकको शाखा तथा ATM लोकेशनको जानकारी लिन सकिने ।
चेक बुक तथा Stop Payment को अनुरोध गर्न सकिने ।
खातामा भएका कारोबारहरुको जानकारी दिने ।
खाताको स्टेटमेन्ट तथा मौज्दात जानकारी दिने ।
OTP द्वारा थप सुरक्षित गरिएको ।
थप जानकारीको लागि नजिकैको शाखा कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# कृषि विकास बैंक लि.

## बैंक समाचार

# ५३ औं वर्ष प्रवेश विशेषाङ्क

**सम्पादन समूह**

ध्रुवचन्द्र गौतम
शंकरकुमार अर्याल
निकू आचार्य
अन्जु कोइराला

**कार्यकारी सम्पादक**

कल्पना के.सी.

**विशेष सहयोगी**

सुदीप दाहाल
शान्ता सुवेदी

**प्रेस सल्लाहकार**

पुरू रिसाल

**तस्बिर**

जेनु बस्नेत
तारानाथ न्यौपाने

**डिजाइन**

भक्तबहादुर कार्की

**मुद्रण**

वेस्टर्न प्रिन्टिङ सपोर्ट

कृषि विकास बैंक लि., मुख्य कार्यालय, सामान्य सेवा विभागका लागि
सूचना तथा प्रकाशन शाखाद्वारा प्रकाशित तथा वितरित

---

यसमा प्रकाशित सामग्रीहरू लेखकका निजी विचार हुन् ।

# Financial Highlights

## Non Performing Loan (%)




## Deposit & Loans and Advances (NRS. In Billions)




## Operating & Net Profit (NRS. In Billions)




## Reserve and Surplus (NRS. In Billions)




## Total Customer Number




## Dividend Payout (%)



## Interest Income & Expenses (NRS. In Billions)




## Total Employee Number




# Province wise Business Share of ADBL




Agricultural Development Bank Limited.
कृषि विकास बैंक लिमिटेड
National Cooperative Bank Limited.
राष्ट्रिय सहकारी बैंक लिमिटेड
"Initiation for Financial Inclusion"
6291 1071 8888 8888
Valid Date
CARDHOLDER NAME
UnionPay
银联


ADBL
बचत
योजना
हरेक नेपालीको चाहना,
सबैको लागि, सधैको लागि, ADBL बचत योजना
एक घर एक खाता हाम्रो अभियान
ADBL बचत योजना
कृषक बचत खाता
कर्मचारी निवृत्तीभरण बचत खाता
चेतनशिल नारी बचत खाता
शेयरधनी बचत खाता
समृद्धि बचत खाता
बा-आमा बचत खाता
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लि.
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पुर्ण बैंकिङ्ग सुविधा सहितको तपाईं हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA



समृद्धिसँग जोडौं नाता, सबै नेपालीको बैंक खाता
ADBL
सबै नेपालीको बचत खाता
के गाउँ के शहर, सबैलाई छ
कृषि विकास बैंक लि. को भर
ADBL सबैं नेपालीको बचत खाता
विशेषताहरु :
• शुन्य मौज्दातमा खाता खोल्न सकिने ।
• बैंकको तर्फबाट खातामा रु. १००/- नगद जम्मा गरी दिने ।
• वार्षिक व्याजदर ६% ।
• भिसा कार्ड, इन्टरनेट बैंकिङ्, मोबाईल बैंकिङ्, डिम्याट, सि-आस्वा लगायतका सम्पूर्ण सेवा नि:शुल्क उपलब्ध हुने ।
• त्रैमासिक व्याज भुक्तानी ।
• कुनै पनि परिचयपत्रको आधारमा खाता खोल्न सकिने ।
* शर्तहरु लागु हुनेछ ।
"खोलौं बैंक खाता अभियान २०७६"
थप जानकारीका लागि नजिकैको शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ ।
Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)
www.adbl.gov.np
सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घरआँगनको बैंक
SWIFT: ADBLNPKA

# सम्पादकीय

जनताको घरआँगनमा पुगेर सेवा र सरकारको नीति एवं कार्यक्रममा सहयोग पुऱ्याउँदै, राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान दिँदै कृषि विकास बैंकले आफ्नो सेवाको ५२ वर्ष पूरा गरी ५३ औं वर्षमा प्रवेश गरेको छ । यस अवसरमा हामी आदरणीय शेयरधनी महानुभावहरू, समस्त ग्राहक, नेपाल सरकार एवं सम्पूर्ण शुभेच्छुकहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

बैंकले आफ्नो स्थापना कालमा सहकारिता, कृषि र कृषकमा आधारित सेवालाई मूल उद्देश्य मानी स्थापना भएको यस बैंकले देशका कुना कन्दरामा कार्यालय स्थापना गरी त्यसको माध्यमबाट आम जनताको मन जित्न सफल भएको छ । बैंकको उद्देश्यअनुसार व्यापक क्षेत्रहरू समेटेर यसले अग्रणी बैंकका रूपमा उल्लेखनीय सेवा प्रदान गर्न सफल भएको छ । शेयरधनीहरूलाई प्रतिस्पर्धात्मक र उच्च दरको प्रतिफल दिन सक्षम भएको छ । सरकारको नीति तथा प्राथमिकतालाई आत्मसात् गर्दै नेपाल राष्ट्र बैंक लगायत अन्य नियामक निकायका निर्देशनको पालना गर्दै कृषिको आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रीकरण र औद्योगिकीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएको छ । दुर्गम क्षेत्रका सीमान्तकृत वर्गमा पुगी सरल तथा सुलभ, भरपर्दो वित्तीय सेवा प्रदान गरी जीवनस्तर उकास्न खेलेको भूमिकालाई उल्लेखनीय रूपमा अंगीकार गरिएको छ ।

बैंकले आफ्नो दीर्घकालीन रणनीतिक व्यावसायिक योजनालाई मुख्य आधार मानी सबै क्षेत्रमा बैंकको पहुँच पुऱ्याई सघन बैंकिङ्, दीगो बैंकिङ्ग र प्रुडेन्ट बैंकिङ्गका साथै सामाजिक अभिमुखीकरणसहितको आफ्नो सेवालाई आधारभूत सिद्धान्तको रूपमा लिएर अघि बढेको छ । बैंकले ग्राहकहरूको चाहना र मागअनुसार उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनका साथै आधुनिक प्रविधिको उचित उपयोग गरी डिजिटल बैंकिङ्गका माध्यमबाट थप सेवा प्रदान गर्दै आएको छ ।

आफ्नो क्षमता र दक्षताको अधिकतम उपयोग गरी सबैभन्दा बढी अधिकृत पूँजी, शेयरधनी र शाखा सञ्जाल भएको यस बैंकले आफ्ना ग्राहकहरूलाई गुणस्तरीय एवं भरपर्दो वित्तीय सेवा र शेयरधनीहरूलाई उच्च प्रतिफल उपलब्ध गराउन सक्षम रहेको छ । बैंकले खेलेको भूमिकाले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुऱ्याउनुका साथै संस्थागत सामाजिक उत्तरदायित्व निर्वाहमा समेत बैंक अग्रणी रहेको छ ।

बैंकको व्यवस्थापन तथा सेवामा थप योगदान पुऱ्याउने नियामक निकायहरू नेपाल सरकार, नेपाल राष्ट्र बैंक, शेयरधनी महानुभावहरू, ग्राहक वर्ग, दातृ निकाय, बैंक संचालक समिति, क्रियाशील युनियनहरू र कर्मचारीहरूको योगदान उल्लेखनीय एवं अविस्मरणीय रहेको छ ।

देशले अँगालेको नयाँ राजनीतिक परिवेशमा मुलुकको आर्थिक विकासका साथै नेपाल सरकारले घोषणा गरेको 'समृद्ध नेपाल सुखी नेपाली' को राष्ट्रिय अभियानलाई साकार पार्ने कार्यमा सहयोग पुऱ्याउने र बैंकको सेवा र व्यवसायलाई अझ गुणस्तरीय तुल्याउँदै अग्रणी बैंकको रूपमा उभ्याउने प्रतिबद्धता समेत व्यक्त गर्दछौं । ■

# विषयसूची


| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | संघीयतामा राजस्व व्यवस्थापन<br>- *दामोदर रेग्मी* | १ |
| २. | नेपालमा विप्रेषणः केही सान्दर्भिक सवालहरू<br>- *चिन्तामणि शिवाकोटी* | ८ |
| ३. | पन्ध्रौं योजना : दीर्घकालीन सोच २१०० का लक्ष्य प्राप्तिका चुनौतीहरू<br>- *शंकरप्रसाद अधिकारी* | १३ |
| ४. | नेपालमा सार्वजनिक संस्थानको व्यवस्थापन : संक्षिप्त चर्चा<br>- *खुमराज पुँजाली* | १९ |
| ५. | वित्तीय संघीयता र नेपाल<br>- *झक्कप्रसाद आचार्य* | २२ |
| ६. | नेपालको ग्रामीण विकासमा कृषि विकास बैंकबाट हुन सक्ने भूमिका<br>- *श्रीकृष्ण उपाध्याय* | ३० |
| ७. | नेपाल बैंक लि. र कृषि विकास बैंक लि. : एक सामान्य तुलना<br>- *देवेन्द्रप्रताप शाह* | ३३ |
| ८. | समाजवाद उन्मुख मिश्रित विकास ढाँचा<br>- *जनकराज शाह* | ४० |
| ९. | आर्थिक सुस्ती र वित्तीय प्रणालीको सुरक्षा कवच<br>- *नीलम तिम्सिना* | ४३ |
| १०. | राष्ट्रिय समृद्धि र रूपान्तरणका लागि सहकारी<br>- *गोपीनाथ मैनाली* | ४७ |
| ११. | सरकारी स्वामित्वका बैंक र बैंकिङ्ग व्यवसायको प्रभावकारिता<br>- *वासुदेव अधिकारी* | ५२ |
| १२. | Contribution of the Agricultural Development Bank Ltd. in Financing Renewable Energy Development in Nepal<br>- *Ganesh Ram Shrestha* | ५५ |
| १३. | वित्तीय नीति एवं मौद्रिक नीतिको अन्तरसम्बन्ध, अर्थतन्त्रको डिजिटाइजेसन र समृद्धिको यात्रा<br>- *प्रताप सुवेदी* | ५९ |
| १४. | बैंकिङ्ग व्यवसायमा औद्योगिक सम्बन्ध व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि<br>- *ध्रुवचन्द्र गौतम* | ६४ |
| १५. | प्रविधिले आधुनिक बैंकिङ्गको रूप फेर्दै<br>- *प्राडा बिकाश राज सत्याल* | ७१ |
| १६. | Agriculture Credit: Problems and Prospects<br>- *Dr. Prakash Kumar Shrestha* | ७५ |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १७. | सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि/विद्युतीय सेवाको प्रयोग<br>*- गीता होमेगाँई (सापकोटा)* | ८० |
| १८. | नेपालमा भ्रष्टाचार र यसको निवारणमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको भूमिका<br>*- सुशील आचार्य* | ८८ |
| १९. | सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था र यसको उपयोग<br>*- दीर्घबहादुर रावल* | ९९ |
| २०. | शेयरबजारको अवस्था र सुधारका लागि चाल्नुपर्ने कदमहरू<br>*- राजनविक्रम थापा* | १०४ |
| २१. | धितोपत्र बजार तथा वस्तु विनिमय बजारको प्रवृत्ति र सुधार तथा विकासको भावी दिशा<br>*- नवराज अधिकारी* | ११० |
| २२. | आर्थिक वृद्धि दर र समृद्ध नेपालका आधारहरू<br>*- प्रल्हाद गिरी* | १२० |
| २३. | Agricultural Transformation: Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Could be instrumental<br>*– Shivaram Pd. Koirala, PhD* | १२४ |
| २४. | Support of International Communities to Agricultural Development Bank Ltd./Nepal<br>*– Ghuran Thakur* | १३१ |
| २५. | प्रविधिमा आधारित वित्तीय सेवा : कृषि विकास बैंकका लागि अवसर र चुनौतीहरू<br>*- प्रेमकुमार श्रेष्ठ* | १३९ |
| २६. | कृषि तथा पशुजन्य व्यवसाय प्रवर्द्धनका लागि कृषि विकास बैंकले गरिआएका प्रमुख कार्यहरू<br>*- बाबुकाजी थापा* | १४२ |
| २७. | बैंकिङ्ग व्यवसायमा कर्जा जोखिम र त्यसको व्यवस्थापन<br>*- सुशील हुमागाईं* | १४८ |
| २८. | Credit Control Instruments and Liquidity Management (In Nepalese Context)<br>*– Sudip Dahal* | १५४ |
| २९. | बदलिँदो बैंकिङ्ग र सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निरूपण<br>*- प्रकाश कर्णेल* | १६१ |
| ३०. | Overview of Risk & Risk Management in Nepalese Banks<br>*- Neeku Acharya* | १६३ |
| ३१. | 'समृद्ध नेपाल सुखी नेपाली' निर्माणमा सहकारीको भूमिका<br>*- बद्रीकुमार गुरागाई* | १७१ |
| ३२. | नेपालमा सहकारिताको आवश्यकता तथा महत्व : एक चर्चा<br>*- गम्भीरबहादुर हाडा* | १७४ |
| ३३. | संगठित संस्थाको पदपूर्ति प्रक्रिया र लोक सेवा आयोगको भूमिका<br>*- सूर्यप्रसाद सापकोटा* | १८५ |
| ३४. | बैंक तथा वित्तीय संस्थाको प्रभावकारी जोखिम व्यवस्थापन<br>*- दिपेन्द्रकुमार ऐर* | १९० |

| सि.नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| ३५. | कृषि विकास बैंकको एक गौरवशाली इतिहास<br>- *कृष्णप्रसाद लामिछाने* | १९३ |
| ३६. | नेपालको आर्थिक विकासमा बैंकहरूको भूमिका<br>- *पुरू रिसाल* | २०१ |
| ३७. | बीआरआई र नेपालको आर्थिक विकास<br>- *जुनारबाबु बस्नेत* | २०५ |
| ३८. | Corporate Governance in Nepalese Banking Sector<br>– *Resham Raj Regmi* | २१० |
| ३९. | राष्ट्रको आर्थिक विकासमा कृषि विकास बैंकको बहु–आयामिक योगदान<br>- *डा.सुरोज टण्डन* | २१८ |
| ४०. | Managing Financial Performance<br>– *Nirdosh Sijapati* | २२३ |
| ४१. | Fundamental aspects of an organized Trade Union<br>– *Prem Prasad Khanal* | २२७ |
| ४२. | बैंक तथा वित्तीय संस्थाको शाखा व्यवस्थापन एक सिंहावलोकन<br>- *विनोद कोइराला* | २३२ |
| ४३. | Necessity of IT Governance in Banking Sector of Nepal<br>– *Er. Kumar Pudashine (MEng, AIT)* | २३८ |
| ४४. | Overview of Correspondent Banking: Role of AML and International Business<br>– *Bijay Dhakal* | २४१ |
| ४५. | संघीयतामा वित्तीय क्षेत्र : सम्भावना र चुनौती<br>- *रिसव गौतम* | २४६ |
| ४६. | Cyber Risk & Security Measures<br>– *Deep Singh Rawat* | २४८ |
| ४७. | नेपालको आर्थिक विकास र वित्तीय क्षेत्र<br>- *नारायणलाल श्रेष्ठ* | २५१ |
| ४८. | An Overview on Development Banking Institutions: With Special Context of Nepal<br>– *Bhola Ram Shrestha* | २५४ |
| ४९. | विकासशील राष्ट्र बन्ने सपना र यथार्थ<br>- *रत्न प्रजापति* | २६० |
| ५०. | नेपाल भ्रमण वर्षको राष्ट्रिय अभियान<br>- *गजेन्द्र बुढाथोकी* | २६५ |
| ५१. | नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनमध्ये बैंकहरूमा सर्वाधिक चर्चाको विषय बन्ने केही मुख्य निर्देशन<br>- *कृष्ण निरौला* | २६९ |
| ५२. | Decentralized Economy : Every rose has it’s thorn<br>– *Dwaipayan Regmi* | २७३ |

# 'कृषिलाई नछोड्ने, अरूलाई जोड्ने' अभियानमा कृषि विकास बैंक



**कृषि विकास बैंक लि. को ५३ औं वार्षिकोत्सवको अवसरमा बैंकको समग्र कारोबारको स्थिति, बैंकले अपनाएका रणनीति, भावी कार्यक्रम र योजनाहरूका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिल कुमार उपाध्यायसँग वरिष्ठ लेखा अधिकृत (सिए) कृष्ण निरौलाले लिनुभएको अन्तर्वार्ता :**

**कृषि विकास बैंकमा लामो समयको अनुभव बटुलेर उपमहाप्रबन्धकको पदबाट सेवानिवृत्त हुनुभएपश्चात् पुन: यस बैंकमा २०७५ पौषबाट प्रमुख कार्यकारी अधिकृत पदको जिम्मेवारीमा आउनुभएको १ वर्ष पूरा भएको छ। बैंकले प्रथमपटक वार्षिक साधारणसभा पौष मसान्तभित्रै सम्पन्न गरेको छ। आ.व. २०७५/७६ को बैंकको समग्र कारोबार तथा वित्तीय स्थिति बताइदिनुस् न ?**

मैले प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सम्हालेपछिको एक वर्षमा बैंकका वित्तीय सूचकांकहरूमा महत्वपूर्ण परिवर्तन र सुधार भएका छन् । निक्षेपमा करिब १८ अर्ब र कर्जामा १४ अर्ब रकम वृद्धि भएको छ । २०७६ पौषसम्म कूल निक्षेप १२७ अर्ब र कूल कर्जा रू. ११७ अर्ब पुगेको छ ।

> **'कृषि, जलविद्युत, पर्यटन तथा अन्य ठूला व्यावसायिक परियोजनाहरूमा लगानी विस्तारमा प्राथमिकता दिइने छ।'**

सहुलियतपूर्ण कृषि कर्जातर्फ २,५०० भन्दा बढी कर्जाग्राहकलाई रू. ५ अर्बभन्दा बढी कर्जा लगानी गरिएको छ । खूद व्याज आम्दानी ८.९४ प्रतिशतले वृद्धि भई रू. ७६१ करोड पुगेको छ भने शुल्कमा आधारित व्यवसायमा उच्च प्रतिस्पर्धाको बावजूद पनि बैंकले आफ्नो आयमा वृद्धि गरेको छ । खुद शुल्क तथा कमिशन आम्दानी १३.६६ प्रतिशतले वृद्धि भई रू. १०७ करोड पुगेको छ । त्यसैगरी विदेशी मुद्रामा खुद कारोबार आम्दानी (Net Trading Gain) ६९.५० प्रतिशतले वृद्धि भई रू. ३१ करोड ८८ लाख पुगेको छ । बैंकको सञ्चालन मुनाफा ८ प्रतिशतले वृद्धि भई रू. ५३४ करोड पुगेको छ ।

बैंकको वासलाततर्फ कूल सम्पत्तिमा १२.३१ प्रतिशतले वृद्धि भई रू.१५१ अर्ब ४५ करोड पुगेको छ । कूल लगानी ३९.६० प्रतिशतले वृद्धि भई रू. १६९४ करोड कायम भएको छ । गत आर्थिक वर्ष २०७४/०७५ को निष्क्रिय कर्जा ३.५० प्रतिशत रहेकोमा समीक्षा अवधिमा बैंकको निष्कृय कर्जा ३.२९ प्रतिशत रहेको छ । चालू आ.व.मा उक्त निष्कृय कर्जालाई घटाएर २ प्रतिशतभन्दा न्यून गर्न असुली कार्यक्रम सञ्चालन गरिने छ । Basel III अनुसार न्यूनतम कूल पूँजीकोष अनुपात न्यूनतम ११ प्रतिशत तोकिएकोमा बैंकको कूल पूँजी कोष २०.३७ प्रतिशत रहेको छ ।

**हाल बैंकको पूँजी संरचना कस्तो रहेको छ ?**

आ.व. २०७५/७६ को वार्षिक साधारणसभा पश्चात बैंकको अधिकृत पूँजी २१ अर्ब र कूल चुक्ता पूँजी रू. १४९८ करोड ९१ लाख ७२ हजार पुगेको छ । जसमध्ये नेपाल सरकारको फिर्ता नहुने अग्राधिकार शेयर

रू. ५४३ करोड २७ लाख १२ हजार र साधारण शेयर पूँजी रू. ९५५ करोड ६४ लाख ६० हजार पुगेको छ ।

**बैंकको प्रादेशिक संरचना विस्तारका बारेमा बताइदिनुहुन्छ कि ?**

देशले अवलम्बन गरेको संघीय संरचनालाई मध्यनजर गरी सोहीअनुरूप आर्थिक वर्ष २०७५/०७६ देखि नै बैंकबाट पनि सोही अनुरूप सांगठनिक संरचनामा परिवर्तन गरिएको छ । प्रदेशमा प्रादेशिक कार्यालयहरू तथा व्यवसायको आकार र कार्यक्षेत्रको आधारमा थप २ वटा गरी ९ वटा प्रादेशिक कार्यालयहरू (नेपालगन्ज प्रादेशिक कार्यालय र चितवन प्रादेशिक कार्यालय) संचालनमा आएको छ ।

**बैंकले प्रदान गर्दै आएका बैंकिङ सेवा थप प्रभावकारी बनाउन कस्ता प्रयासहरू भइरहेका छन् ?**

बैंकिङ्ग सेवाहरूलाई अत्याधुनिक र ग्राहकमैत्री बनाउँदै लैजाने क्रममा आफ्ना सम्पूर्ण सेवाग्राहीलाई अत्याधुनिक प्रविधियुक्त बैंकिङ्ग प्रणालीको प्रयोगबाट गुणस्तरीय सेवा प्रदान गर्न Digital Banking मार्फत "**सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक**" भन्ने अभियानलाई तीव्रताका साथ अगाडि बढाउने अभिप्रायले बैंकका २७४ कार्यालयहरूमा Core Banking System जडान भई कारोवार संचालन भई कर्जा छिटो छरितो ढंगबाट उपलब्ध गराउने उद्देश्यले T24 OD Module को कार्यान्वयन गरिएको छ । बैंकको ३० वटा शाखाहरूबाट लकर सुविधा, ७३ वटा स्थानबाट ATM सुविधा, २७० वटा कार्यालयबाट C-ASBA, DEMAT, रेमिट सुविधा, Online बैंकिङ्ग सेवा र ४४ वटा कार्यालयहरूबाट सरकारी कारोबारको सेवा प्रदान गरिँदै आएको छ । नेपाल सरकारले कार्यान्वयनमा ल्याएको "**सबै नेपालीको बचत खाता**" अभियानलाई बैंकले उच्च प्राथमिकताका साथ सञ्चालन गरी ५२ हजारभन्दा बढी जनताको बचत खाता खोल्न सफल भएका छौं ।

बैंकको नयाँ पाँचवर्षे रणनीतिक योजना (२०१९ देखि २०२३) सञ्चालक समितिबाट स्वीकृत गराई सोही अनुसार कार्यक्रम संचालन गर्ने योजना रहेको छ । कर्मचारीको मनोबल र उत्प्रेरणामा अभिवृद्धि गर्दै कुशल जनशक्ति परिचालनको कार्यलाई तीव्रता दिइएको छ भने दीर्घकालीन रणनीति तथा योजनालाई कार्यसम्पादन र सम्पूर्ण आवधिक उपलब्धिसँग तालमेल गरी बैंकका कर्मचारीहरूको **कार्यसम्पादन सम्झौता** एवं सोहीअनुसार **मूल्याङ्कन** गर्ने अभ्यासको थालनी गरिएको छ । आधुनिक बैंकिङ्ग सेवाको साथै विगतदेखि नै सरकारको प्राथमिकता प्राप्त कृषि, ग्रामीण गरिबी निवारण तथा रोजगारीका अवसरहरूको सिर्जनामा सहयोग पुऱ्याउँदै लघु वित्त, ग्रामीण तथा कृषि कर्जामा विशिष्टता हासिल गर्दै देशभर व्यापक कार्यसञ्जालमार्फत् नवीकरणीय उर्जाको सफल कार्यान्वयन गर्न समेत सफल भएका छौं ।

कृषिका साथै पर्यटन, जलविद्युत लगायत उत्पादनमूलक एवं प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा विस्तारमा उल्लेखनीय प्रगति हासिल गर्न सफल भएका छौं । हालसम्म सहवित्तीयकरण अन्तर्गत ४०१.९ मेगावाट उत्पादन क्षमताका ११ जलविद्युत उत्पादन परियोजनामा यस बैंकबाट लगानी गर्न स्वीकृत भएको छ ।

> **'कृषि, पर्यटन, जलविद्युत लगायत उत्पादनमूलक एवं प्राथमिकता प्राप्त क्षेत्रतर्फ कर्जा विस्तारमा उल्लेखनीय प्रगति हासिल गर्न सफल भएका छौं ।'**

**बैंकले यस वर्ष साधारणसभामा पारित गरेको लाभांश दर आकर्षक रहेको सुनिन आएको छ । यस सम्बन्धमा प्रकाश पारिदिनुस् न ?**

विगत ५ वर्ष यता लाभांशको औसत हेर्दा १५% लाभांशबाट विगतका २ वर्षमा २१.०५% लाभांश दिई यस वर्ष शेयरधनीहरूलाई नगद लाभांश २४% र ६% बोनस शेयर गरी ३०% लाभांश उपलब्ध गराउन सफल भएका छौं । जसबाट २ लाख ५७ हजारभन्दा बढी शेयरधनी महानुभावहरू थप उत्साहित भई बैंकको व्यावसायिक क्रियाकलापमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेका छौं ।

**बैंकको निक्षेप, कर्जा सेवा तथा गैर कोषमा आधारित कारोबारका बारेमा केही बताइदिनुहुन्छ कि ?**

यस बैंकले निक्षेप कारोवार अन्तर्गत चल्ती खाता, कूल निक्षेप खाता, मुद्दती निक्षेप तथा अक्षयकोष निक्षेप खाता, साधारण बचत, समृद्धि बचत, बा-आमा बचत, चेतनशील नारी वचत, कृषक वचत, तलबी खाता लगायतका बचत खाताहरू संचालनमा ल्याएको छ । कर्जा निक्षेप अनुपातमा सदैव आफ्नो तरलताको अवस्था हेरी कर्जा प्रदान गरिँदै आएको छ । बैंकले नियमित कर्जा कारोवारको अतिरिक्त सरल कृषि कर्जा,

नेपाल सरकारको ब्याज अनुदान सहितको व्यावसायिक कृषि कर्जा, Margin lending, सुनचाँदी कर्जा लगायतका शीर्षकमा कर्जा प्रदान गर्दै आईरहेको छ भने बैंक जमानत, वैदेशिक मुद्रा कारोवार, प्रतीतपत्र कारोबार, विप्रेषण कारोवार, थोक सुन खरीद बिक्री लगायतका गैर कोषमा आधारित कारोवार एवं ट्रेजरी समेत संचालन गर्दै आइरहेको छ । Visit Nepal 2020 लाई लक्षित गरी पर्यटन कर्जा थप विस्तार गर्नका लागि होमस्टे नेपालसँग **होमस्टे सरल कर्जा** लगानीको सम्झौता गरी १००० होमस्टेहरूलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्य प्रारम्भ गरिएको छ । यसबाट पर्यटन प्रवर्द्धनमा थप सघाउ पुग्ने विश्वास लिइएको छ ।

> **‘Visit Nepal 2020 लाई लक्षित गरी पर्यटन कर्जा थप विस्तार गरी होमस्टे नेपालसँग कर्जा लगानीको सम्झौता गरी १००० होमस्टेहरुलाई सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने कार्य प्रारम्भ गरिएको छ ।’**



**बैंकको भविष्यका योजना र प्राथमिकताहरू के–के रहेका छन् ?**

यस बैंकको भविष्यका योजनाहरूमा बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो र ग्राहकमुखी बनाउन विशिष्टीकृत सेवाको लागि कार्यालयहरू किटान गरी क्रमिक रूपमा सेवा विस्तार गरिने छ । कार्यालयहरूको सेवालाई विशिष्टीकृत गर्दै Branch Specific Product को अवधारणा बमोजिम कर्जा, बैंक जमानत आदि सेवाहरू वर्गीकरण गर्दै लगिनेछ । खुद्रा, साना कर्जा, ठूला कर्पोरेट कर्जा र कृषि कर्जालाई प्राथमिकता दिँदै व्यवसाय विस्तार गर्दै लगिने छ । कर्जा प्रवाह, स्वीकृति र कागजात व्यवस्थापन प्रक्रिया (Document Management system) लाई छिटो, छरितो, सहज र गुणस्तरीय बनाइने छ । सम्भाव्यताको आधारमा कृषि, जलविद्युत, पर्यटन तथा अन्य क्षेत्रका ठूला परियोजनाहरूमा लगानी विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

Mutual Fund र Merchant Bank को स्थापना, NPR Prepaid Card, Credit Card, Co-Branding Card तथा Dollar Card को सुरूवात गरी Digital Banking Product लाई थप विस्तार गरिने छ । बैंकले हाल प्रयोग गरिरहेको Core Banking System (CBS) लाई Additional AA Module सहित Upgradation गदै MIS लाई अझ बढी प्रभावकारी बनाइने छ ।

कूल निक्षेपमा स्थायी प्रकृतिको न्यून लागतको निक्षेप भार वृद्धि गर्दै निक्षेपको मिश्रणलाई भरपर्दो तथा दिगो बनाउने नीति लिई कार्यक्रम संचालन गरिने छ । भारत लगायत तेस्रो मुलुकबाट हुने विप्रेषण आप्रवाहलाई प्रभावकारी रूपमा बैंकिङ्ग प्रणालीमार्फत कारोवार गराउने कार्यलाई निरन्तरता दिइने छ । बैंकले विभिन्न दातृ निकाय तथा एजेन्सीसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कम लागतको दीर्घकालीन पूँजी स्रोत परिचालन गर्ने वातावरण सिर्जना गरिने छ । संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरूसँग समन्वय, सहकार्य तथा सम्झौता गरी कार्यक्रमहरू संञ्चालन गर्ने कार्यलाई निरन्तरता दिँदै जानेछ ।

**नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिमा व्यवस्था भए बमोजिम बैंकले सात वर्ष अवधि, वार्षिक १०.३५ प्रतिशत ब्याजदर, प्रति ऋणपत्र रु. १,०००/– अंकित मूल्यका २५ लाख कित्ताले हुन आउने रु. २ अर्ब ५० करोड बराबरको “ADBL कृषि बैंक ऋणपत्र, २०८३” ऋणपत्र निष्काशन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त भएको छ र नेपाल धितोपत्र बोर्डबाट समेत स्वीकृति प्राप्त भइसकेकोले निष्काशनको अन्तिम तयारीमा रहेका छौं ।**

**बैंकको नीति तथा कार्यक्रममा कृषि तथा अन्य क्षेत्रलाई कुन प्राथमिकतामा राखिएको छ ?**

वित्तीय रूपमा आत्मनिर्भर हुने एवं बाह्य स्रोतमाथिको परनिर्भरता कम गर्दै न्यून लागतको आन्तरिक स्रोत परिचालनलाई अभिवृद्धि गर्ने र अर्थतन्त्रको मेरूदण्डको रूपमा रहँदै आएको कृषि क्षेत्रको समग्र विकासबाट देशको समृद्धि सम्भव हुने भएकाले राज्यबाट प्रमुख रूपमा प्राथमिकता रहेको कृषि क्षेत्रलाई प्राथमिकता दिई “**कृषिलाई नछोड्ने, अरूलाई जोड्ने**” अभियानका साथ यस बैंकले आफ्नो कार्यालय सञ्जाललाई विशिष्टीकृत गर्दै देशभरी वाणिज्य बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ । साथै आगामी दिनमा कृषि क्षेत्रलाई प्रविधिमैत्री व्यावसायिक सेवाको रूपमा विस्तार गरिने छ ।

Center for Rural Technology (CRT), Heifer International, Homestay Association of Nepal, Farmers' Association of Nepal, National Co-operative Bank आदि संघसंस्थाको सहकार्यमा कृषि, लघुउद्यम,

पर्यटन, कृषि प्रविधि, डिजिटल पद्धति, बैंकिङ्ग सेवा सञ्चालन तथा कार्यान्वयन गर्ने योजनामा रहेका छौं । यसैगरी नेपालमा विप्रेषण भित्र्याउन गैरआवासीय नेपाली संस्था र भारतस्थित एक्सिस बैंकसँग सहकार्य गरी अघि बढिरहेका छौं ।

**बैंकको संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनका बारेमा बताइदिनुस् न ?**

संस्थागत सुशासनको स्तर निरन्तर कायम राख्दै आफ्ना बैंकिङ्ग क्रियाकलापहरूलाई सक्रिय र पारदर्शी रूपमा संचालन गर्नेतर्फ बैंक सदैव सजग रहेको छ । नेपाल राष्ट्र बैंकबाट जारी भएका विवेकशील नियमनहरूको परिपालनामा विशेष सजगता अपनाउँदै नेपाल धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायहरूबाट जारी भएका नीति नियम र निर्देशनहरूको पूर्ण कार्यान्वयन गरिएको छ । एउटा असल संस्थागत नागरिकको हैसियतले यस बैंकले संस्थागत सुशासनलाई जोड दिएको छ ।

आन्तरिक नियन्त्रण प्रणालीतर्फ बैंक सञ्चालनको सिलसिलामा उत्पन्न हुनसक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि विभिन्न क्षेत्रमा आन्तरिक नियन्त्रणका उपायहरू अवलम्बन गर्न पर्याप्त संयन्त्रको व्यवस्था एवं परिचालन नेपाल राष्ट्र बैंकको निर्देशनबमोजिम गरिएको छ । बैंकको संस्थागत संरचना अन्तर्गत कम्प्लायन्स विभाग समेत गठन गरी विद्यमान ऐन, कानून, नीति, नियम, निर्देशनको पालना भए नभएको अनुगमन गर्नुका साथै समीक्षा प्रतिवेदन AML/CFT समितिमा बुझाउनुपर्ने व्यवस्था गरिएको छ । जोखिम व्यवस्थापन विभागले बैंकका समग्र जोखिमको समीक्षा गरी जोखिम व्यवस्थापन समितिलाई नियमित रूपमा प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

> **कर्जा प्रवाह, स्वीकृति र कागजात व्यवस्थापन प्रक्रियालाई छिटो, छरितो, सहज र गुणस्तरीय बनाइने छ ।**

**बैंकको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारका बारेमा बताइदिनुस् न ?**

बैंक स्थापनाका पहिलो र दोस्रो दशकमा विभिन्न संघ, संस्था, दातृ निकाय, नेपाल सरकारको प्रत्यक्ष ऋण तथा अनुदान सहयोगमा बैंकले कृषि उत्पादन र बजारीकरण (प्रविधि समेत) का साथ जनशक्तिको दक्षता अभिवृद्धिमा उल्लेख्य सहयोग प्राप्त भएको र पछिल्लो दशकमा नेपाल सरकारको सहयोगमा एसियाली विकास बैंकबाट पुनर्संरचना मार्फत प्राप्त ऋण तथा अनुदानबाट बैंकले आफ्ना कार्यलाई प्रभावकारी रूपमा गुणस्तरीय सुधार गर्न सफल भएकोले अब यस बैंकले पुनः आफ्नो सम्बन्धलाई निरन्तरता दिने सोचका साथ नेपाल सरकारको समन्वयमा अन्तर्राष्ट्रिय दातृ निकाय, गैह्रसरकारी संस्था लगायतका संघसंस्थारूसँग कृषि क्षेत्रको विकास र विस्तारसँग सम्बन्धित विषयमा द्विपक्षीय सम्बन्ध विस्तार हुन गएको छ । यसबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्धमा थप सुधार आउने विश्वास लिइएको छ ।

**बैंकको औद्योगिक एवं व्यावसायिक सम्बन्ध कस्तो रहेको छ ?**

बैंकले आफ्ना ग्राहक, कर्मचारी तथा नियामक निकायसँग राम्रो व्यावसायिक सम्बन्ध कायम गरेको छ । बैंकको व्यवसाय संचालनमा सबै सरोकारवाला शेयरधनीहरू, नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायतका विभिन्न नियमनकारी निकायहरू, ग्राहकहरू, दातृ निकायहरू, अन्य सम्बन्धित पक्षहरूसँग व्यावसायिक, पारदर्शी र असल सम्बन्ध कायम गर्दै व्यावसायिक वातावरण कायम गर्ने प्रयास गरिएको छ । बैंकमा क्रियाशील ट्रेड युनियनहरूका व्यावसायिक एवं पेसागत मुद्दाहरूको समेत उचित सम्बोधन गरी सम्पूर्ण कर्मचारीहरूलाई बैंकको व्यावसायिक क्रियाकलापमा आबद्ध हुने वातावरण सिर्जना गरी सुमधुर औद्योगिक सम्बन्ध कायम गरिएको छ । यसबाट बैंकको समग्र कारोवारलाई चुस्त, दुरूस्त, प्रतिस्पर्धी एवं नाफामूलक वनाउन सकारात्मक वातावरण बन्न गई आगामी दिनमा औद्योगिक सम्बन्धमा थप सुधार आउने विश्वास लिएको छु ।

**यहाँको अमूल्य समयका लागि धन्यवाद, अन्त्यमा केही सन्देश दिन चाहनुहुन्छ कि ?**

बैंकले ५३ औं वार्षिकोत्सव मनाइरहँदा बैंकलाई माया गरी यहाँसम्म ल्याउन सहयोग गर्नुहुने सम्पूर्ण ग्राहक, शेयरधनी, नियमनकारी निकाय, सरकार, कर्मचारी लगायत सबै सरोकारवालाहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । आगामी दिनमा पनि बैंकलाई यसरी नै सबैको साथ, सहयोग र सद्भाव प्राप्त भइरहने विश्वास लिएको छु । धन्यवाद । ■

# संघीयतामा राजस्व व्यवस्थापन

■ दामोदर रेग्मी

**विषय प्रवेश**

राज्यले विकासका क्रममा देशका सामयिक आवश्यकताहरू पूरा गर्न र जनताका माग सम्बोधन गर्न विभिन्न विकासात्मक तथा लोककल्याणकारी गतिविधिहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यसका लागि विभिन्न स्रोतहरूको आवश्यकता पर्दछ । यस्ता आवश्यकीय स्रोतहरू राज्यले विभिन्न क्षेत्रबाट जुटाउने गर्दछ । राष्ट्रिय विकासका लागि सार्वजनिक विकास खर्च र प्रशासनिक खर्चको समेत आवश्यकता पूरा गर्न, संघीय वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र वैदेशिक सहायतामाथिको निर्भरता कम गर्न आन्तरिक स्रोत परिचालन महत्वपूर्ण हुने गर्दछ । आन्तरिक स्रोतमा राजस्वको भूमिका सर्वोपरी हुने गर्दछ र सवल, भरपर्दो र दीगो राजस्व प्रणालीले समग्र वित्त संरचनालाई सुदृढ बनाउनमा सहयोग गर्दछ ।

**राजस्वका प्रकारहरु**

क. कर राजस्व
- प्रत्यक्ष कर
- अप्रत्यक्ष कर

ख. गैर कर राजस्व

**कर राजस्व**

- **प्रत्यक्ष करः** संस्थागत आयकर, पारिश्रमिक आयकर, लगानीमा आयकर, पूँजीगत लाभकर, आकस्मिक लाभकर, सामाजिक सुरक्षाकर, घरजग्गा तथा सवारी साधन कर, घर बहाल कर
- **अप्रत्यक्ष करः** भन्सार महसुल, भन्सार सेवा दस्तुर, मूल्य, अभिवृद्धि कर, अन्त शुःल्क, स्वास्थ्य जोखिम कर, कृषि सुधार शुल्क, शिक्षा सेवा शुल्क, पूर्वाधार कर, सडक निर्माण दस्तुर, सडक मर्मत तथा सुधार दस्तुर

**गैर कर राजस्व**

विभिन्न दस्तुर तथा सेवा शुल्क, दण्ड, जरिवाना र जफत, सरकारी सम्पत्ति, सेवा, वस्तुको बिक्री तथा भाडा, लाभांश, व्याज र रोयल्टी, दान, दातव्य, उपहार र विविध आय । चलचित्र विकास शुल्क, प्रदूषण नियन्त्रण शुल्क, टेलिफोन स्वामित्व शुल्क, दूरसञ्चार सेवा दस्तुर, क्यासिनो रोयल्टी, वन पैदावार शुल्क

**नेपालमा प्रयोगमा आएका कर र गैरकरहरू**

**कर**

आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर, एकलौटी एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर, पारिश्रमिक कर, पूँजीगत लाभ कर, कृषि आयमा कर, निकायको आयमा लाग्ने कर, निकायको मुनाफामा लाग्ने कर- सरकारी संस्थान, निकायको मुनाफामा लाग्ने कर- पब्लिक लिमिटेड कम्पनी, निकायको मुनाफामा लाग्ने कर - अन्य संस्था, पूँजीगत लाभ कर - निकाय, लगानीको आय तथा अन्य आयमा लाग्ने कर, सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर, ब्याजमा लाग्ने कर, लाभांशमा लाग्ने कर, लगानी सम्बन्धी अन्य आयमा लाग्ने कर, आकस्मिक लाभ कर, अन्य आयमा लाग्ने कर, पारिश्रमिकमा आधारित कर, पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर, सम्पत्ति कर, अचल सम्पत्तिमा लाग्ने कर, सम्पत्तिमा लाग्ने वार्षिक कर, संस्थागत सम्पत्तिमा लाग्ने वार्षिक कर, एकीकृत सम्पति कर, भूमिकर/मालपोत, खुद सम्पत्तीमा लाग्ने कर, घरवहाल कर, वहाल विटौरी कर, वित्तीय र पूँजीगत कारोबारमा लाग्ने कर, वित्तीय तथा पूँजीगत कारोवारमा लाग्ने कर, वस्तु तथा सेवामा आधारित कर, मूल्य अभिवृद्धि कर (मू.अ.क.), बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, बाँडफाँड हुने बाहेक अन्य स्रोतबाट प्राप्त मू.अ.कर, अन्तःशुल्क, बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क, अन्तःशुल्क आयात, विशेष सेवामा

लाग्ने कर, वैदेशिक रोजगार सेवा कर, स्वास्थ्य सेवा कर, शिक्षा सेवा शुल्क (शैक्षिक संस्था, शिक्षा सेवा शुल्क (वैदेशिक अध्ययन, पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर, सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर) पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर, सडक निर्माण तथा सम्भार दस्तुर, पूर्वाधार कर, मनोरञ्जन कर, सिनेमा र डकुमेन्ट्री, विज्ञापन कर, अन्य मनोरञ्जन कर, वैदेशिक व्यापारमा आधारित कर, आयातमा लाग्ने भन्सार महसुल, भारतीय अन्तःशुल्क फिर्ता, आयातमा लाग्ने स्थानीय विकास शुल्क, आयातमा लाग्ने अन्य शुल्क र महसुल, भन्सार महसुल, निर्यात सेवा शुल्क, निर्यातमा लाग्ने अन्य शुल्क महसुल, वैदेशिक व्यापारमा आधारित अन्य कर, कृषि सुधार शुल्क, भन्सार सम्बन्धी अन्य आय, अन्य कर, व्यवसायले भुक्तानी गर्ने, कम्पनी रजिष्ट्रेशन दस्तुर, एजेन्सी रजिष्ट्रेशन दस्तुर, व्यावसाय रजिष्ट्रेशन दस्तुर, रेडियो र एफ.एम. सञ्चालन दस्तुर, टेलिभिजन सञ्चालन दस्तुर, व्यवसायबाहेक अन्यले भुक्तानी गर्ने, चालक अनुमति पत्र, सवारी दर्ता किताब सम्बन्धी दस्तुर, हातहतियारको इजाजतपत्र दस्तुर, कृषि तथा पशुजन्य कारोवारमा लाग्ने कर, कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर, अखेटोपहारमा लाग्ने कर आदि ।

**गैर कर**

सम्पत्तिबाट प्राप्त आय,वित्तीय निकायबाट प्राप्त ब्याज, व्यापारिक निकायबाट प्राप्त ब्याज, औद्यौगिक निकायबाट प्राप्त ब्याज, सेवामुलक निकायबाट प्राप्त ब्याज, अन्य निकायबाट प्राप्त ब्याज, वित्तीय निकायबाट प्राप्त लाभांश, व्यापारिक निकायबाट प्राप्त लाभांश, औद्यौगिक निकायबाट प्राप्त लाभांश, सेवामूलक निकायबाट प्राप्त लाभांश, अन्य निकायबाट प्राप्त लाभांश, सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय, क्यासिनोबाट प्राप्त रोयल्टी, अन्य स्रोतबाट प्राप्त बाँडफाँड नहुने रोयल्टी, राजस्व बाँडफाँडबाट प्राप्त आय, वन रोयल्टी, खानी रोयल्टी, जलस्रोत रोयल्टी, पर्वतारोहण रोयल्टी, पदयात्रा रोयल्टी, पर्यटन सेवा शुल्क रोयल्टी, घरजग्गा रजिष्ट्रेशन दस्तुर, सवारी साधन कर, अन्य बाँडफाँड हुने राजस्व, वस्तु तथा सेवा विक्रिबाट प्राप्त रकम, कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम, सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम, अन्य बिक्रीबाट प्राप्त रकम, दूरसंचार सेवा शुल्क, टेलिफोन स्वामित्वको शुल्क, निजी धारा वापतको शुल्क,नहर तथा कुलो उपयोग वापतको शुल्क, विद्युत सेवा शुल्क, अन्य सेवा शुल्क तथा बिक्री, प्रशासनिक सेवा शुल्क, न्यायिक दस्तुर, हुलाक सेवा शुल्क, शिक्षा क्षेत्रको आम्दानी, परीक्षा शुल्क, यातायात क्षेत्रको आम्दानी, आयात निर्यात इजाजत पत्र दस्तुर, राहदानी शुल्क, भिसा शुल्क,अन्य प्रशासनिक सेवा शुल्क, पार्किङ्ग शुल्क, नक्सापास दस्तुर, सिफारिश दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, अन्य दस्तुर, दण्ड,जरिवाना र जफत, न्यायिक दण्ड, जरिवाना र जफत, प्रशासनिक दण्ड, जरिवाना र जफत, अनुदान बाहेकको हस्तान्तरण, विविध राजस्व, चालु दावी तथा अन्य शुल्कहरू, बीमा दावी प्राप्ति, अन्य राजस्व, प्रदुषण नियन्त्रण शुल्क, साना सवारी कर, अन्य राजस्व, पूँजीगत राजस्व, सरकारी घर, जग्गा, गुडविल बिक्रीबाट प्राप्त रकम आदि ।

**संघीय संरचनामा करको क्षेत्राधिकार**

नेपालको संविधानको धारा ६० ले राजस्व संकलन र परिचालनको अधिकार संघ प्रदेश र स्थानीय तहको हुने व्यवस्था गरेको छ । संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने व्यवस्था गरेको छ तथा साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा भने कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे बमोजिम हुने व्यवस्था छ । नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाउनु पर्ने र संघ, प्रदेश र स्थानीय तह बीच राजस्वको बाँडफाँड गर्दा सन्तुलित र पारदर्शी रूपमा गर्नुपर्ने व्यवस्था संविधानको अर्को राम्रो पक्षको रूपमा रहेको छ । यी प्रावधानहरूले संघीय संरचनाका हरेक तहमा स्रोतको सुनिश्चितता हुन पुगेको छ ।

- नेपाल सरकारले लगाउन सक्ने करः भन्सार महसुल, अन्त शुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर
- नेपाल सरकारले लगाउन सक्ने गैरकर : राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क दस्तुर, जुवा चिट्ठा, क्यासिनो, दण्ड जरिवाना
- प्रदेशले लगाउन सक्ने कर : घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर
- प्रदेशले लगाउन सक्ने गैरकरः सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना

- स्थानीय तहले लगाउन सक्ने कर : सम्पत्ती कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमीकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर
- स्थानीय तहले लगाउन सक्ने गैर करः सेवा शुल्क दस्तुर, पर्यटन शुल्क दण्ड जरिवाना
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रचलित कानुन बमोजिम लागेको आफ्नो अधिकार क्षेत्र भित्रको दण्ड जरिवाना उठाउन सक्ने
- प्रदेश तथा स्थानीय तहले कर लगाउदा राष्ट्रिय आर्थिक नीति वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश र स्थानीय तहलाई प्रतिकूल नहुने गरी लगाउनु पर्नेछ ।
- नेपाल सरकारले संघीय कानुन बमोजिम प्राकृतिक स्रोतमा रोयल्टी लगाउन र उठाउन सक्नेछ ।
- गैरकर निर्धारणका आधार - नेपाल सरकार, प्रदेश र स्थानीय तहले वस्तु वा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी गैर करका दर निर्धारण गर्नुपर्नेछ ।

**राजस्व प्रशासन व्यवस्थापनका लागि निर्धारित विविध व्यवस्थाहरु**

**एकल कर प्रशासन सम्बन्धी व्यवस्था**

संघीय संरचनामा राजस्व संकलनको अधिकार संघ, प्रदेश र स्थानीय तहमा रहेको र केही करहरू एक भन्दा बढी तहले उठाउन सक्ने प्रावधान रहेकोले कर प्रशासनलाइ्र सरल, सहज र करदाता मैत्रीय वनाउन निम्नानुसार एकल कर प्रशासन सम्बन्धी व्यवस्था गरिएको छ :

- प्रदेशले सवारी साधन कर उठाउदा स्थानीय तहले सवारी साधनमा लगाएको कर समेत उठाउने ।
- स्थानीय तहले घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउने ।
- स्थानीय तहले विज्ञापन कर उठाउदा प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउने ।
- स्थानीय तहले मनोरंजन कर उठाउदा प्रदेशले लगाएको मनोरंजन कर समेत उठाउने ।
- यसरी उठेको करको रकम प्रशासनिक खर्चवापत बढीमा दुई प्रतिशत रकम कर उठाउने तहले आफ्नो संचित कोषमा जम्मा गरी बाँकी रकम जुन तहको कर उठाएको हो सोही तहको संचित कोषमा जम्मा गरिदिने ।

**सवारी साधन कर र घर जग्गा रजिष्ट्रेशन शुल्कको अन्तरिम प्रशासन**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिमको सवारी साधन कर र घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन प्रदेश तथा गाउँपालिका वा नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारको तोकिएको कार्यालयले प्रदेशले निर्धारण गरेबमोजिमको दर अनुसारको कर तथा शुल्क उठाई सोही ऐनले व्यवस्था गरे बमोजिमको सम्बन्धित विभाज्य तथा सञ्चित कोषमा दाखिल गर्ने व्यवस्था रहेकोछ ।

**एकीकृत सम्पत्ति कर व्यवस्थापन**

गाउँपालिका/नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानुनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउनको लागि नेपालको संविधानको अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ ले गाउँपालिका/नगरपालिकालाई आफ्नो क्षेत्रभित्र एकीकृत सम्पत्ति कर लगाउनसक्ने गरी अधिकार प्रदान गरेको छ । एकीकृत सम्पत्ति कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न सम्बन्धित गाउँपालिका/नगरपालिकाले एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधि स्वीकृत सो अनरूप एकीकृत सम्पत्ति कर लगाउन र संकलन गर्न सक्नेछन् ।

**विभाज्य कोष : राजस्व बाँडफाँडको संकलन केन्द्र**

- मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको रकम तीनै तहमा बाँडफाँड हुने
- यी दुवै प्रकारका कर तथा शुल्क को बाँडफाँड गर्न संघीय विभाजन कोष खडा गरी शुरुमा सो कोषमा जम्मा गर्ने
- संघीय विभाजन कोषमा जम्मा भएको मूल्य अभिवृद्धि कर तथा आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको रकममध्ये सत्तरी प्रतिशत नेपाल सरकारलाई र बाँकी पन्ध्र-पन्ध्र प्रतिशत स्थानीय तहमा बाँडफाँड हुने

- नेपाल सरकारले प्राप्त गर्ने रकम संघीय संचित कोषमा जम्मा हुने
- प्रदेश र स्थानीय तहले प्राप्त गर्ने रकम प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा हुने
- प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको ढाँचा बमोजिम सम्बन्धित प्रदेश र स्थानीय तहमा बाँडफाँड हुने
- यस्तो रकम प्रदेश र स्थानीय संचित कोषमा मासिक रूपमा जम्मा हुने ।
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीको बाँडफाँड
- संघीय कानुनबमोजिम प्राकृतिक स्रोतको रोयल्टी संकलन हुने ।
- यसरी प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा हुने
- शुरूमा सम्बन्धित विभाजन कोषमा जम्मा भै पछि सम्बन्धित संचित कोषमा जम्मा हुने
- प्राकृतिक स्रोतको रोयल्टी अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत पर्दछन् । यी प्राकृतिक स्रोतहरूबाट प्राप्त रोयल्टी शुरूमा संघीय विभाज्य कोषमा जम्मा हुने र तत्पश्चात नेपाल सरकारलाई ५० प्रतिशत, सम्बन्धित प्रदेशलाई २५ प्रतिशत र सम्बन्धित स्थानीय तहलाई २५ प्रतिशत बाँडफाँड हुनेछ ।
- नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई गरिने प्राकृतिक स्रोतको रोयल्टीको बाँडफाँड राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारले प्रत्येक पाँच वर्षमा पुनरावलोकन गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गर्न सक्नेछ ।

### वित्तीय स्रोतको न्यायोचित वितरणका आधारहरु

संवैधानिक व्यवस्था अनुरूप नेपालमा संघ, प्रदेश र स्थानीय तहमा तत्तत् तहका सरकारहरू गठन भइसकेको छ । यी बहुसरकारहरू बीच भएको राज्य शक्तिको बाँडफाँडलाई सार्थक रूपमा प्रयोग गर्ने वित्तीय स्रोतको बाँडफाँडले महत्वपूर्ण भूमिका खेल्दछ । राष्ट्रिय वित्तीय स्रोतको न्यायोचित वितरणले संघ, प्रदेश र स्थानीय तहले आफ्ना आवश्यकताहरूलाई खर्चको माध्यमद्वारा प्राथमिकतामा रूपान्तरण गर्न सक्दछन् । प्रदेश र स्थानीय तहहरूको आवश्यकता, साधन स्रोतको उपलब्धता र क्षमतामा एकरूपता नभएको र निर्दिष्ट जिम्मेवारी पूरा गर्न आफ्नो आन्तरिक स्रोत मात्र पर्याप्त नहुने भएकोले संघीय सरकारले प्रदेश तथा स्थानीय तहलाई राजस्व बाँडफाँड र वित्तीय हस्तान्तरण को व्यवस्था मिलाइदिनु पर्ने हुन्छ ।राजस्व बाँडफाँडमा संघीय ऐनले सम्बोधन गर्नुपर्ने विषयहरू देशाय बमोजिम रहेका छन् :

- राष्ट्रिय नीति,
- राष्ट्रिय आवश्यकता,
- प्रदेश र स्थानीय तहको स्वायत्तता,
- प्रदेश र स्थानीय तहले जनतालाई पुऱ्याउनुपर्ने सेवा
- प्रदेश र स्थानीय तहको आर्थिक अधिकार,
- प्रदेश र स्थानीय तहका राजस्व उठाउन सक्ने क्षमता,
- प्रदेश र स्थानीय तहका राजस्वको सम्भाव्यता र उपयोग,
- विकास निर्माणमा गर्नुपर्ने सहयोग,
- क्षेत्रीय असन्तुलन, गरिबी र असमानताको न्यूनीकरण,
- वञ्चितीकरणको अन्त्य,
- आकस्मिक कार्य र अस्थायी आवश्यकता पूरा गर्न सहयोग गर्नुपर्ने क्षेत्रहरू

### सूत्रगत आधारमा राजस्व बाँडफाँड

नेपालको संविधानको धारा २५० तथा २५१ को मर्मलाई स्पष्ट रूपमा कार्यान्वयन गर्नका लागि तर्जुमा भएको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन २०७४ ले राजस्व बाँडफाँडमा सूत्रगत व्यवस्थाको लागि मूल आधारहरू र तिनको मापनको लागि सूचकांकहरूको व्यवस्था गरेको छ ।

#### मूल आधार

- जनसंख्या र जनसांख्यिक वितरण
- क्षेत्रफल
- मानव विकास सूचकांक
- खर्चको आवश्यकता
- राजस्व संकलनमा गरेको प्रयास
- पूर्वाधार विकास

- विशेष अवस्था
- गरिवी सूचकांक पूर्वाधार सूचकांक
- न्यून विकास सूचकांक

**पूर्वाधार सूचकांक**

**क. प्रदेश तह**

- सडक घनत्व ८० प्रतिशत
- विद्युतको उपलब्धता १० प्रतिशत
- सूचना तथा सञ्चार प्रविधिको पहुंच १० प्रतिशत

**ख. स्थानीय तह**

- सडक घनत्व ५० प्रतिशत
- विद्युतको उपलब्धता ३० प्रतिशत
- सूचना तथा सञ्चार प्रविधिको पहुंच २० प्रतिशत

**ग. सामाजिक आर्थिक विभेद सूचकांक**

- आर्थिक विभेदको अवस्था ५० प्रतिशत
- सामाजिक विभेद ४५ प्रतिशत
- जलवायु परिवर्तनको जोखिम ५ प्रतिशत

**घ. न्यून विकास सूचकांक**

- पूर्वाधार विकास ७० प्रतिशत
- सेवा प्रवाहको लागत २० प्रतिशत
- आर्थिक सामाजिक विभेद १० प्रतिशत

**करको दर वा दायरा**

करारोपणको सिद्धान्तले कर संकलन प्रक्रिया मा जनता वा करदाताले कम बोझ महशुस गर्नुपर्ने, संकलन प्रक्रिया सरल हुनुपर्ने, लचकता हुनुपर्ने विषयमा जोड दिन्छ । करको दर बढ्दा करदातामा यसको बोझ महशुस हुन्छ तसर्थ करको दर होइन दायरा बढाइनुपर्दछ । करको दर निर्धारणमा करको लचकता (ट्याक्स इलास्टिसिटी) र ट्याक्स वुयन्सी जस्ता पक्षमा सन्तुलन हुनु आवश्यक छ । संघीय प्रणालीको करारोपण पनि यी आधारहरूबाट बाहिर जान सक्दैन ।

**करदाताको चरित्र अनुरुपको व्यवहार**

कर प्रशासनको दृष्टिमा करदाता मूलतः चार किसिमका हुन्छन् । पहिलो स्वतः परिपालना गर्ने समूह, दोश्रो अनविज्ञ समूह, तेश्रो थाहा पाएर पनि सहभागी हुन कम चासो दिने समूह र चौथो अटेरी गर्ने समूह । करदाताको यो मनोवृत्तिको आधारमा करदाता शिक्षा, सुधार वा दण्डका प्रावधान राखिनुपर्दछ । परिपालना गर्ने समूहलाई सेवा र सहजीकरणको आवश्यकता हुन्छ । अनविज्ञ समूहमा करदाता शिक्षा घनीभूतरूपमा



लग्नुआवश्यक हुन्छ । थाहा पाएर पनि सहभागी हुन कम चासो दिने समूहमा सुधारको आवश्यकता रहन्छ । अटेरी गर्ने समूहमा चुहावट नियन्त्रण र दण्डको व्यवस्था लागू गरिनुपर्दछ । संघीय करनीतिले यी विषयहरूलाई समेट्नु आवश्यक हुन्छ ।

**संघीय राजस्व व्यवस्थापनका चुनौतीहरु**

- अनौपचारिक आर्थिक गतिविधिलाई औपचारिक बनाउँदै करको दायरामा ल्याउने,
- कर सहभागितामा गुणात्मक अभिवृद्धि ल्याउने,
- कर संकलन लागत र करदाताको कर परिपालन लागत घटाउने
- कर प्रशासनलाई पारदर्शी,करदाता मैत्रीय र सदाचारयुक्त वनाउने
- राजस्व चुहावटको नियन्त्रण, कारोबार मूल्यमा आधारित भन्सार जाँचपास प्रणालीको आधार बनाउने,
- बजारमा बिल दिने-लिने पद्धतिको विकास गर्ने
- सबै तहको कर प्रशासनहरू बीच एकरूपता कायम गर्ने र प्राकृतिक स्रोतको उपयोग, कर संकलन र बाँडफाँडबीच एकरूपता र समन्वय ।
- अन्तरसरकारी कर प्रणालीबीच सामन्जस्यता र अनतामा करको अनावश्यक भार पर्न नदिने

**गर्नुपर्ने कार्य**

- कर प्रणालीलाई लगानीमैत्री वातावरण वनाउने संयन्त्रको रूपमा विकास गर्ने
- स्वच्छ, तटस्थ एवम् पारदर्शी कर प्रणालीको विकास गर्ने
- स्वेच्छिक कर सहभागितामा अभिवृद्धि गर्ने
- कुल गार्हस्थ्य उत्पादनसँग कर राजस्वको अनुपात बढाउने
- संघीय संरचनाअनुसार राजस्व संरचनाको निर्माण गर्ने ।
- करको आधार र दायरा विस्तार गर्ने ।
- करका दरहरूलाई पारदर्शी एवम् समन्यायिक बनाउने ।
- संघीय संरचना अनुकूल कर तथा गैरकरका क्षेत्रहरूको पुनरावलोकन गर्ने ।
- कर प्रणालीलाई लगानी तथा व्यवसायमैत्री बनाउने
- करको जोखिम व्यवस्थापन गर्ने कर प्रशासनको सबलीकरण गर्ने
- सबै किसिमका करसम्बन्धी विवरणहरू विद्युतीय प्रणालीमार्फत पेश गर्ने व्यवस्था मिलाउने
- संघ, प्रदेश र स्थानीय तहको नमूना कर कानुनको ढाँचा विकास गरी प्रयोगमा ल्याउने ।
- राजस्व चुहावटका जोखिम क्षेत्रहरूको पहिचान गर्ने
- राजस्व चुहावट नियन्त्रणमा साझा प्रयास परिचालन गर्ने
- कर प्रणालीको सरलीकरण र पारदर्शिताको लागि सूचना प्रविधिको विकास र विस्तार गर्ने ।
- राजस्व संकलनमा विद्युतीय भुक्तानी प्रणालीको व्यवस्थ ागर्ने ।
- राजस्व प्रशासन अन्तर्गतका निकायहरू बीच विद्युतीय सूचना प्रणालीहरूबीच अन्तर आबद्धता विकास गर्ने ।
- राजस्व संकलन र बाँडफाँड प्रक्रियालाई पारदर्शी वनाउन सूचना संजाल तयार गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबीच राजस्व प्रशासन लाई विद्युतीय सूचना प्रणालीमा रूपान्तरण गर्ने र अन्तर आबद्धता विकास गर्ने ।

**राज्यको स्रोत अपचलन विरुद्ध साझा दायित्व**

राजस्व एउटा भारपरक संयन्त्र हो जुन तिर्ने व्यक्ति वा संस्था सकभर यसको भारबाट मुक्त हुन चाहन्छ । यसै कारणले राजस्व नतिर्ने, आय वा कारोवार लुकाउने वा गलत विवरण देखाउने प्रवृत्तिले वढावा पाउने गर्दछ यसलाई नै राजस्व चुहावट भन्ने गरिन्छ । राजस्व चुहावटका कारण राज्यको स्रोतको आपूर्तिमा मा संकुचन आउने र स्रोतको अनपेक्षित संकुचनले राज्यका आर्थिक, सामाजिक एवं विकासमूलक कार्य सञ्चालनमा अवरोध उत्पन्न हुन्छ । राजस्व का नीतिगत, कानुनी, संस्थागत र प्रक्रियागत व्यवस्थाहरू जति प्रभावकारी हुन्छन् त्यतिनै राजस्व संलन को प्रक्रिया प्रभावकारी हुन्छ र जति यी पक्षहरू कमजोर हुन्छन त्यति नै राजस्वको संकलनमा संकुचन आउने गर्दछ । राज्यको स्रोत अपचलनको प्रमुख कारकको रूपमा स्वीकार गरिने राजस्व चुहावटले आर्थिक गतिविधिमा ह्रास एवं लगानीमैत्री वातावरणमा समेत प्रतिकूल अवस्था सृजना हुन्छ । राजस्वको संकलनमा

संकुचन ल्याउने उद्देश्यबाट गरिने हरेक गतिविधि गम्भीर आर्थिक अपराधको दायराभित्र पर्दछ र यसबाट जसकसैले पनि उन्मुक्ति पाउनु हुँदैन । यसै अर्थमा पनि राज्यको स्रोत व्यवस्थापन, राजस्व परिचालन एवं राज्यको दायित्व निर्वाहमा राजस्व चुहावट नियन्त्रण र अनुसन्धानका माध्यमबाट स्रोत परिचालन क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक रहन्छ ।नेपालको सन्दर्भलाई हेर्ने हो भने खुला र अव्यवस्थित सीमाना, अशिक्षा,चेतनाको कमी, सामाजिक उत्तरदायित्वसँगै व्यावसायिक नबनिसकेको निजी क्षेत्र, राजस्व प्रशासन मा विद्यमान विकृति र मनोवृत्तिगत पक्षका कारण राजस्व चुहावट प्रमुख चुनौतीको रूपमा रहेको छ । त्यस्तै दृष्य वस्तुको आवागमन र बिक्री वितरणको परम्परागत व्यापारिक शैलीको साथसाथै अहिले आएर अदृष्य वस्तु (इन्टरनेट लगायतका कम्प्यूटरजन्य सेवामार्फत हुने कारोवार) को कारोवारलाई समेत कर चुहावटमुक्त वनाउने कार्य व्यावहारिक रूपले बढी चुनौतीपूर्ण छँदैछ । राजस्व चुहावट एउटा आर्थिक अपराध भएको कारण यसले बहुआयामिक प्रभाव पनि पार्ने हुंदा नियन्त्रणका लागि संस्थागत, संरचनागत र कानुनी पक्षलाई सवल तुल्याउनु आवश्यक हुन्छ । यस परिवेशमा सबै तहका सरकारहरूको भूमिका अझै बढी प्रभावकारी र सार्थक बन्नु अपरिहार्य हुन्छ ।

## राजस्व प्रणाली र विकासको सकारात्मक समीकरण

राज्यले निर्धारण गरेको कर प्रणालीमा सहभागिताव्दारा जनताले राज्य सञ्चालनमा आफ्नो सकारात्मक सहभागिता र अपनत्व व्यक्त गरेका हुन्छन । जनताको यो सहभागितालाई राज्यले सेवा सुविधाको सहज प्रत्याभूतिबाट परिपूर्ति गरिरहेको हुन्छ । कर प्रणालीमा सहभागिता र सेवा सुविधाको सहज प्रत्याभूति बीचको यो सकारात्मक समीकरण खल्बलिन नदिन करलाई अनावश्यक भार वा बोझको अनुभूति हुन नदिनको लागि करको दर होइन करको दायरा बढाउने, प्रगतिशील कर प्रणालीको अवलम्बन, करबाट हुने योगदानलाई सार्वजनिक सेवाको सहज प्राप्ति र विकास निर्माण मार्फत प्रतिबिम्बित गराउन सक्नु नै संघीय कर नीतिको विषय बन्न सक्नुपर्दछ । यसमा सबै तहका सरकारको साझा चासो र तत्परताको आवश्यकता रहन्छ । ■

## सन्दर्भ सामग्री


- रेग्मी, दामोदर (२०७५), संघीय शासन प्रणाली, सुशासन र विकास, ऐश्वर्य प्रकाशन नयाँ बानेश्वर काठमाण्डौ
- रेग्मी, दामोदर (२०७५), नेपालमा संघीयताका अवसर र चुनौतीहरू, ऐश्वर्य प्रकाशन नयाँ बानेश्वर काठमाण्डौ
- नेपालको संविधान २०७२, कानुन किताब व्यवस्था समिति
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, कानुन किताब व्यवस्था समिति
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कानुन किताब व्यवस्था समिति
- अभिशेक कुमार (सन् २००३), द अर्थशास्त्र : एस्सेसिङ द कन्टेम्पोरेरी रिलेभेन्स अफ एन एन्सिएन्ट इन्डियन ट्रिटिज अन स्टेटक्राफ्ट, अ थेसिस प्रिजेन्टेड टु द फ्याकल्टी अफ द यु.एस. आर्मी कमाण्ड एण्ड जेनरल स्टाफ कलेज इन पार्सियल फुलफिल्मेन्ट अफ द रिक्वायरमेन्ट्स फर द डिग्रीय मास्टर अफ मिलिटरी आर्ट एण्ड साइन्स जेनेरल स्टडिज बी.एस. जवाहर लाल नेहरू युनिभर्सिटी, न्यू दिल्ली, इन्डिया ।
- एम. गोविन्द राव (सन् २०००), ट्याक्स रिफर्म इन इन्डिया : अचिभमेन्ट्स एण्ड च्यालेन्जेज, एसिया–प्यासिफिक डिभेलेपमेन्ट जर्नल, ७(२) ।
- चाण्डलर बी. म्याक्लेलन (सन् २०१३), द कन्सेक्वेन्सेस अफ पुअर ट्याक्स एडमिनिस्ट्रेसन : कलेक्सन, ग्रोथ, एण्ड करप्सन, जर्जिया स्टेट युनिभर्सिटी स्कलर वर्क्स एट जर्जिया स्टेट युनिभर्सिटी इकोनोमिक्स डिसर्टेसन्स डिपार्टमेन्ट अफ इकोनोमिक्स ।
- भोसले, भ्रुशाली (सन् २०१६), ट्याक्स सिस्टम एन्सिएन्ट एण्ड मोडर्न, बुलेटिन अफ द डेकान कलेज रिसर्च इन्स्टिच्यूट, पुने, भोलुम ७६, पृ. १४५(१५० ।

http://damodarregmi.com.np/


*लेखक आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव तथा प्रशासन र संघीयताका विश्लेषक हुनुहुन्छ ।*

# नेपालमा विप्रेषण: केही सान्दर्भिक सवालहरू



चिन्तामणि शिवाकोटी

विश्वव्यापी रूपमा सुरू भएको आर्थिक उदारीकरणको असर नेपालमा पनि परेपश्चात उल्लेख्य मात्रामा नेपाली कामदारहरू रोजगारीको सिलसिलामा विभिन्न मुलुकहरूमा जाने क्रममा वृद्धि भएको पाइन्छ । विगत दुई दशकदेखि सुरू भएको सो क्रम हालसम्म पनि जारी रही हाल नेपाली युवाशक्ति कामदारको रूपमा ठूलो संख्यामा विभिन्न मुलुकमा जाने गरेका छन् । मुलुकमा पर्याप्त मात्रामा रोजगारीको अवसरहरू नहुनु, कलकारखाना, उद्योगधन्दाको विकास नहुनु, श्रमप्रति सम्मान गर्ने चलनको विकास नहुनु, न्युन पारिश्रमिक हुनु जस्ता कारणले गर्दा वैदेशिक रोजगारीमा जाने प्रचलन बढेको हो ।

परम्परागत रूपमा खाडी मुलुकहरूमा जाने गरेकोमा हाल कामको सिलसिलामा नेपालीहरू विश्वको विभिन्न विकशित देशमा पनि रहेका छन । यसरी विदेशी भूमीमा कार्यरत श्रमशक्तिबाट मुलुकले उल्लेख्य मात्रामा विप्रेषण प्राप्त गरिरहहेको छ । ठूलो मात्रामा कामदारहरू वैदेशिक रोजगारीमा जाँदा नेपालमा आउने विप्रेषणमा भने केही घटवढ भईरहेको देखिन्छ । रोजगारीमा गएका मुलुकहरूको आर्थिक अवस्था, राजनीतिक अवस्था तथा रोजगारी सम्बन्धी नीतिगत व्यवस्था आदिमा परिवर्तन हुँदा नेपालमा आउने विप्रेषणको रकममा स्थायित्व नभएको हो ।

सन् २०१९ को विश्व बैंकको तथ्यांक अनुसार विश्वमा विप्रेषण प्राप्त गर्ने प्रमुख मुलुकहरूमा क्रमश भारत (अमेरिकी डलर ८२.२ अर्ब), चीन (अमेरिकी डलर ७०.३ अर्ब), मेक्सिको (अमेरिकी डलर ३८.७ अर्ब), फिलिपिन्स (अमेरिकी डलर ३५.१ अर्ब), र इजिप्ट (अमेरिकी डलर २६.४ अर्ब) हुन भने कुल ग्राहस्थ उत्पादनसँगको तुलनामा विप्रेषण प्राप्त गर्ने प्रमुख मुलुकहरूमा क्रमश टोङ्गा (३८.५५), हेईटी (३४.३५), नेपाल (२९.९५), ताजिकिस्तान (२९.७५) आदि रहेका छन् । यसरी नेपाल विश्वमै ठूलो मात्रामा विप्रेषण भित्रिने मुलुकहरूमध्ये रहेको, ठूलो संख्यामा विप्रेषणमा आश्रित परिवार रहेको, मुलुकको वैदेशिक मुद्रा आर्जनको प्रमुख श्रोत वैदेशिक रोजगारी भएको आदि कारणले गर्दा विप्रेषणको ठूलो महत्व रहिआएको छ ।




Top recipients of Remittance in 2019 as per World Bank Data

**नेपालमा विप्रेषण**

कुनै पनि देशको नागरिक कामको लागि विदेश जान्छ र त्यहाँ काम गरेर देशमा पैसा पठाउँछ भने त्यसलाई विप्रेषण (Remittance) भनिन्छ । नेपालमा आर्थिक वर्ष २०६५/६६ मा रू. २०९ अर्ब विप्रेषण आप्रवाह रहेकोमा सो मा वृद्धि हुँदै आर्थिक वर्ष २०७५/७६ सम्म आउँदा रू. ८७९ अर्ब पुगेको देखिन्छ । विगतमा विप्रेषण आप्रवाहमा भारी वृद्धि भएकोमा हालका वर्षहरूमा सो को वृद्धिदरमा कमी आइरहेको छ ।

आर्थिक वर्ष २०७०/७१ मा २५ प्रतिशतले बढेको विप्रेषणको वृद्धिदर त्यसपछिका वर्षहरूमा घटदै गई आर्थिक वर्ष २०७१/७२ मा १३.६ प्रतिशत, आर्थिक वर्ष २०७२/७३ मा ७.७ प्रतिशत, आर्थिक वर्ष २०७३/७४ मा ४.७ प्रतिशत, आर्थिक वर्ष २०७४/७५ मा ८.६ प्रतिशत, र आर्थिक वर्ष २०७५/७६ मा १६.५ प्रतिशत बढेको देखिन्छ । यसैगरी आर्थिक वर्ष २०७६/७७ को पहिलो चार महिनामा विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले कमी भई रू. ३०४ अर्ब ९७ करोड कायम भएको छ ।

यसरी विप्रेषण आप्रवाह उच्च रहेको सन्दर्भमा सो को तुलना देशको कुल ग्राहस्थ उत्पादनसँग गर्दा आर्थिक वर्ष २०६५/६६ मा २१.२ प्रतिशत रहेकोमा सो दरमा क्रमश वृद्धि भई हाल आर्थिक वर्ष २०७५/७६ मा आईपुग्दा २५.४ प्रतिशत रहेको छ । सो अनुपात आर्थिक वर्ष २०७२/७३ मा सर्वाधिक उच्च रही २९.६ प्रतिशत रहेको थियो । यधपि सो अनुपातले कुल ग्राहस्थ उत्पादनमा विप्रेषणको योगदान नभएर विप्रेषणको आकारलाई मात्र जनाउँछ ।

**केही सान्दर्भिक सवालहरु**

१) **विप्रेषणबाट हुने फाइदाहरु**

तेश्रो घर परिवार सर्वेक्षण (तेस्रो NLSS Survey, 2011) का अनुसार वैदेशिक रोजगारबाट प्राप्त विप्रेषण मुलुकको ५५.८% घरधुरीमा पुग्ने गरेको र मुलुकका करिव ३१ लाख घर परिवारले प्रति परिवार औसत रू. ८०,४००।- का दरले विप्रेषण प्राप्त गरिरहेको देखिन्छ ।

विप्रेषणको अर्को योगदान भनेको चरम गरिबीमा रहेको जनसंख्यालाई गरिबीवाट छुटकारा दिलाउनु हो । केही वर्ष अगाडिसम्म नेपालको गरिबीको रेखामुनिको जनसंख्या ३१ प्रतिशत रहेकोमा हाल २३.८ प्रतिशतमा घटेको आर्थिक सर्भेक्षण प्रतिवेदन २०७०/०७१ मा उल्लेख गरिएको छ । अझ आर्थिक सर्वेक्षण २०७५/७६ ले मुलुकको गरिबी १८.७ प्रतिशतमा झरेको तथ्याङ्क प्रस्तुत गरेको छ । यसरी गरिबी घट्नुमा विप्रेषण एउटा महत्वपूर्ण कारक बन्न पुगेको तथ्य सार्वजनिक भएको छ ।

यसैगरी विप्रेषणकै कारण मुलुकको साक्षरता दरमा वृद्धि हुनुका साथै शिक्षाको गुणस्तरमा समेत सुधार हुँदै गएको छ । आर्थिक अवस्थामा सुधार भए सँगै स्वास्थ्य सुविधाहरूको मागमा व्यापकता तथा गुणस्तरमा समेत सुधार हुँदै गएकाले जनजीवनको स्वास्थ्यमा समेत सुधार भइरहेको अवस्था छ ।

यीबाहेक वैदेशिक रोजगारबाट नेपालले प्राप्त गर्ने अर्को फाईदा भनेको सीपयुक्त जनशक्ति हो । विदेशमा सिकेको सीप स्वदेश फर्केपछि प्रयोग गरी रोजगारी सृजना गर्नेहरूको संख्या पनि उल्लेख्य वृद्धि हुँदै गैरहेको छ । यसवाहेका वैदेशिक रोजगारीका कारण हाम्रो मुलुकको अन्तर्राष्ट्रिय सम्बन्धमा पनि व्यापकता, आर्थिक वृद्धि, भुक्तानी सन्तुलन, नेपालबारे अन्तर्राष्ट्रिय जगतमा जानकारी र प्रचार प्रसार गर्ने, यहाँको कला कौशल, संस्कृति विश्वसामु पुर्याउने, नेपालको प्रमुख पर्यटकीय गन्तव्यहरूजस्तै सगरमाथा, लुम्विनी लगायत ठाउँहरूको बारेमा विश्व समुदायलाई अवगत गराउदै नेपालमा विदेशी पर्यटकको आगमन बढाउन र विदेशी मुद्रा आर्जन बढाउन समेत वैदेशिक रोजगारीको माध्यमबाट योगदान पुग्ने गरेको छ ।

२) **वैदेशिक रोजगारीमा जाने कामदारको संख्या**

आ.व. २०६३/०६४ मा वैदेशिक रोजगारीमा जाने कूल संख्या २ लाख थियो भने यो संख्या आ.व. २०७०/०७१ आईपुग्दा बढेर ५ लाख नाघ्यो । शुरूका वर्षहरूमा पुरूष कामदारहरू मात्रै जाने गरेकोमा हालका वर्षहरूमा महिला कामदारको संख्या समेत उल्लेखनीय रूपमा बढ्न थालेको देखिन्छ । जस्तै आ.व. २०६३/०६४ मा वैदेशिक रोजगारमा जाने महिला कामदार संख्या ३९० जना मात्र करिव दश वर्ष पछि आ.व. २०७३/०७४ सम्म आइपुग्दा कूल १ लाख ८२ हजार ७३२ पुगेको देखिन्छ । यसरी वैदेशिक रोजगार विभागको तथ्याङ्क हेर्दा आ.व. २०७४/०७५ को जेष्ठ मसान्तसम्म श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने नेपालीहरूको संख्या ५० लाख नाघिसकेको छ । यसवाहेक २०६८ को जनगणनाले भारतमा रहेको नेपालीहरूको संख्या ५ लाख ८९ हजार ५० रहेको देखाएको छ जसमा ८८.३ प्रतिशत पुरूष र ११.७ प्रशित महिला रहेको देखिन्छ । सो संख्यामा अझ बढोत्तरी भएको अनुमान गर्न सकिन्छ ।

यी वाहेक श्रम स्वीकृति नलिई जाने तथा वैदेशिक रोजगारीबाट फर्किएकाहरूको यकिन तथ्याङ्क हामीसँग

नभएको अवस्था छ । यसका साथै शिक्षा, व्यापार, विवाह लगायत विभिन्न प्रयोजनका लागि विदेश जानेहरू, भारतमा रोजगारीका लागि गएका नेपालीहरूको संख्यालाई अभिलेख गर्न सकेमा समग्र संख्या वृहत रूपमा फरक हुने अवस्था आउनेछ ।

वैदेशिक रोजगारमा जाने कामदारमा प्रदेश नं १ र २ को हिस्सा करिब ५० प्रतिशत रहेको देखिन्छ भने प्रदेश नं ३ र ५ मा १६/१६, प्रदेश नं. ४ मा १३, प्रदेश ६ मा ३ प्रतिशत र प्रदेश ७ मा २ प्रतिशत रहेको देखिन्छ भने सो मध्य दक्ष कामदार १.५% अर्धदक्ष २४% अदक्ष कामदार ७४.५% रहेका छन् ।

३) **प्रमुख गन्तव्य मुलुकहरु**

नेपालले ११० मुलुकलाई संस्थागत रूपमा वैदेशिक रोजगारीका लागि खुला गरेकामा व्यक्तिगत श्रम स्वीकृतिमा करिब १७२ मुलुकमा नेपालीहरू कामका लागि गएको पाइन्छ । नेपाली कामदारहरूको मुख्य गन्तव्यका मुलुकका रूपमा मलेसिया, कतार, साउदी अरेबिया र यूएई रहेका छन् । वैदेशिक रोजगारमा जाने नेपालीहरूको पछिल्लो आँकडा समग्रमा अध्ययन गर्दा मलेसिया सहित खाडी मुलुकहरूले ८६.४२% हिस्सा ओगटेको देखिन्छ ।

विगतमा रोजगारीको प्रमुख गन्तव्यमा मुख्यतया खाडि मुलुकहरू रहने गरेकोमा हाल गन्तव्यमा विविधता आई विकशित मुलुकबाट पनि विप्रेषण आउने गरेको छ । खाडी मुलुकहरू र मलेशिया बाहेक जापान, संयुक्त राज्य अमेरिका, दक्षिण कोरिया जस्ता मुलुकहरू विप्रेषणको महत्वपूर्ण श्रोतको रूपमा रहेका छन् ।

**पछिल्लो तीन आ.व.मा विदेश जाने कामदारको विवरण**

| मुलुक | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७* |
|---|---|---|---|
| मलेशिया | १०४,२०७ | ९,९९९ | ९,९९३ |
| कतार | १०३,१७४ | ७५,०२४ | १२,२७४ |
| साउदी अरेबिया | ४०,९६३ | ४६,०८० | १५,५९३ |
| कुवेत | १७,५५५ | १५,९९५ | ३,८५० |
| यूएई | ६०,२४३ | ६२,७७६ | २६,१०२ |
| अन्य | ३५,८८१ | ३३,९९४ | ११,८६८ |
| | ३६२,०२३ | २४३,८६८ | ७९,६८० |

* पछिल्लो चार महिनाको तथ्यांकको आधारमा

यसैगरी अन्य मुलुकहरूमा भारत, जापान, बहराइन, अस्ट्रेलिया लगायतका रहेका छन् । विप्रेषणको आप्रवाहको अध्ययन गर्दा विभिन्न १२ मुलुकहरू प्रमुख श्रोतको रूपमा रहेका छन् । तलको तालिकाले सो तथ्यलाई प्रष्ट पार्दछ ।

**विप्रेषणको देशगत स्थिति**

(आ.व.२०७६/७७ को पहिलो चार महिनाको तथ्याङ्क)

| | मुलुक | कुल विप्रेषण (अर्बमा) | अंश (प्रतिशतमा) |
|---|---|---|---|
| १ | कतार | ५३.९३ | १७.७ |
| २ | यूएई | ४०.८७ | १३.४ |
| ३ | भारत | ४३.१६ | १४.२ |
| ४ | साउदी अरेबिया | ३८.१५ | १२.५ |

| | मुलुक | कुल विप्रेषण (अर्बमा) | अंश (प्रतिशतमा) |
|---|---|---|---|
| ५ | मलेशिया | २९.६६ | ९.७ |
| ६ | संयुक्त राज्य अमेरिका | २५.४२ | ८.३ |
| ७ | जापान | २२.८७ | ७.५ |
| ८ | कुवेत | ११.५२ | ३.८ |
| ९ | बहराइन | ८.७९ | २.९ |
| १० | कोरिया | ६.१५ | २.० |
| ११ | बेलायत | ५.०४ | १.७ |
| १२ | अस्ट्रेलिया | १.३४ | ०.४ |
| १३ | अन्य | १८.०७ | ५.९ |
| | जम्मा | ३०४.९७ | १०० |

४) **गन्तव्य मुलुकहरुको राजनीतिक तथा आर्थिक अवस्था**

गन्तव्य मुलुकको राजनीतिक तथा आर्थिक अवस्थाले पनि रोजगारीको लागि सो मुलुकहरूमा जाने कामदारको संख्या, सो कामदारहरूले पठाउने रकम, आदि जस्ता परिसुचकहरूलाई असर गर्ने गर्छ ।

गन्तव्य मुलुकमा राजनीतिक स्थायित्व हुँदा सो मुलुकमा जाने कामदारहरूको संख्यामा वृद्धि हुनुका साथै रोजगारीमा पनि केही हदसम्म स्थायित्व सुनिश्चित हुन्छ । राजनीतिक स्थायित्व र आर्थिक स्थायित्व केही हदसम्म सँगसगै जाने हुँदा ती मुलुकमा श्रमिकले पाउने पारिश्रमिक, सुविधा आदि आर्कषक भई स्वदेशमा भित्रने विप्रेषणलाई पनि स्थायित्व प्रदान गरिरहेको हुन्छ ।

हालैका वर्षहरूमा विभिन्न गन्तव्य मुलुकमा विभिन्न राजनीतिक तथा आर्थिक उतारचढाव भएका कारण, नेपाल सरकारले वैदेशिक रोजगारीको क्षेत्रमा चालेको सुधारात्मक कार्यक्रम, तथा मुलुकमै राजनीतिक स्थायित्व सुनिश्चित भएको र रोजगारी तथा उद्यमशिलताका लागि सुमधुर वातावरण बनिरहेका जस्ता कारणहरूले गर्दा वैदेशिक रोजगारीमा जाने कामदारको संख्या तथा ती कामदारबाट मुलुकमा भित्रने विप्रेषणको रकममा स्थिायित्व आउन नसकेको हो ।

५) **विप्रेषणको लागत**

Remittance Prices Worldwide (RPW) नामक विश्व बैंकको एक अङ्गले विश्वमा विप्रेषण आप्रवाह गर्दा लाग्ने शुल्कको बारेमा अध्ययन गर्दछ । विश्वव्यापि रूपमा विप्रेषणको शुल्कलाई घटाउन सन् २००८ देखि सुरू भएको सो प्रयासमा न्द्ण मुलुकहरूको प्रतिवद्धता समेत रहेको छ भने सो अङ्गको प्रयास विश्वव्यापि रूपमा विप्रेषणको खर्चलाई हाल रहेको ६.८२ प्रतिशतवाट ५ प्रतिशत भन्दा कममा लानु हो । यसैगरी संयुक्त राष्ट्रसंघको स्रह-शताब्दी विकास लक्ष्यले सन् २०३० सम्ममा सो दरलाई विश्वव्यापि रूपमा ३ प्रतिशत औसत भन्दा कम लाने लक्ष्य राखेको छ ।

सन् २०१९ मा दक्षिण एसिया विप्रेषणका लागि न्यून शुल्क भई ४.९० प्रतिशत रहेको छ भने उच्च शुल्क भएको मुलुकमा सव-सहाराको मुलुकहरू रहेका छन् जँहा सो को शुल्क ९.१० प्रतिशतसम्म रहेको छ ।

वैदेशिक रोजगारीमा जाने कामदारहरू अधिकांश रूपमा अदक्ष र अर्धदक्ष हुने हुदा सो कामदारहरूले पढाउने रकम समेत कम हुन्छ । सामान्यतया कामदारहरूले अमेरिकी डलर २०० भन्दा कम रकम पढाउने हुदा सो सिमा भित्र रकम पढाउदा शुल्क कम भएमा वैकल्पिक रूपमा रकम पढाउने कार्यमा कमी हुने भई विप्रेषण भित्रिने क्रम पनि बढने अपेक्षा गर्न सकिन्छ । नेपालको हकमा संयुक्त राज्य अमेरिकाबाट अमेरिकी डलर २०० भन्दा कम पठाउन सबैभन्दा बढी र मलेशियाबाट सबैभन्दा कम लागत लाग्ने देखिन्छ ।

**विप्रेषणको लागत**

| देशहरू | अमेरिकी डलर २०० सम्म | अमेरिकी डलर ५०० सम्म |
|---|---|---|
| मलेशिया | ३.४ | २.९ |
| युएई | ४.० | २.३ |
| कतार | ४.३ | ३.० |
| साउदी अरेबिया | ४.६ | २.५ |
| संयुक्त राज्य अमेरिका | ५.४ | ३.९ |
| औसत | ४.३ | २.९ |

**६) अन्य सरोकारहरु**

यसरी रोजगार शिलसिलामा विदेशिने नेपाली कामदारहरूको संख्या वृद्धि सँगसँगै वैदेशिक रोजगारको क्षेत्रमा विभिन्न विकृतिहरू पनि देखा पर्दै आएका छन् । म्यानपावरहरूवाट हुने ठगी ती विकृतीहरूमध्ये एक प्रमुख समस्या हो । सो वाहेक वैदेशिक रोजगारीको क्रममा दूर्घटना लगायत अन्य कारणबाट मृत्यु हुने, अंगभंग हुने, फौजदारी अभियोगमा जेल सजाय पाउने, गम्भीर प्रकृतिका रोगबाट पीडित हुने, दुर्घटना पश्चात आवश्यक क्षतिपूर्ति नपाउने, प्रकृया पुरा नगरि गैर कानुनी तरिकाले रोजगारीका लागि जाने, जस्ता समस्याहरूमा समेत दिनपरदिन वृद्धि हुँदै गएको पाइएको छ ।

यसबाहेक वैदेशिक रोजगारीले विप्रेषणका माध्यमबाट मुलुकको अर्थतन्त्रमा उल्लेख्य योगदान गरेता पनि वैदेशिक रोजगारीकै कारणले हाम्रो देशमा विभिन्न नकरात्मक प्रभावहरू पर्दै आएको पनि देखिन्छ । मुलुकमा विकास निमार्ण तथा खेतिपातिमा श्रमिकहरूको अभाव हुनु, गाँउ घरमा उब्जाउ हुने भूमि मरूभूमीकरण हुनु, लामो समय रोजगारीका लागि बाहिर बस्दा समाजिक चाल चलन तथा सम्बन्धहरूमा उतारचडाव आउनु, रोजगारीमा गएकाहरूलाई विभिन्न प्रकारको रोगहरूलाग्नु, रोजगारीको नाममा चेलीबेटी बेचबिखन जस्ता कु-कार्यमा वृद्धि हुनु, विप्रेषण प्राप्त गने घर परिवारमा विलासिताका सामानहरूको प्रयोगमा लगाब बढदै जानु, उत्पादनमुखी कार्यहरूमा संकुचन हुँदै जानु, आदि रहेका छन् ।

**अन्त्यमा**

विप्रेषणले मुलुकको अर्थतन्त्रमा ठूलो योगदान गरेको छ । मुलुकभित्र उल्लेख्य मात्रामा रोजगारीका अवसरहरूको सिर्जना नभइसकेको वर्तमान अवस्थामा वैदेशिक रोजगारीका मार्फत भएपनि जनताहरूले जीवनयापनका साथै जीवनस्तरमा व्यापक सुधार गरिरहेका छन् । गरिबी निवारण, औसत आयुमा वृद्धि, साक्षरता दरमा वृद्धि, स्वदेशी अर्थतन्त्र विस्तार, अन्तर्राष्ट्रिय व्यापारमा वृद्धि, आदिमा मुलुकमा भित्रने विप्रेषणले ठूलो भूमिका रहेको वारे विभिन्न अध्ययन अनुसन्धान आदिले पुस्ट्याई गरेका छन् ।

हालको अवस्थामा वैदेशिक रोजगारीका माध्यमबाट आउने विप्रेषणले अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेलेता पनि यसकै कारण राज्यले ठूलो सामाजिक मूल्य चुकाउनु परेको यथार्थ छ । विप्रेषणले गरेको योगदानलाई सकारात्मक रूपमा लिनसकेता पनि कालान्तरमा यसमै निर्भर रहनु हाम्रो प्राथमिकता होइन । आन्तरिक रोजगारीको अवसरहरूको सिर्जना भई कोही पनि वैदेशिक रोजगारीमा जानु नपरोस्, आफ्नो पसिना र विवेक मुलुककै विकास तथा समृद्धिमा प्रयोग भई आत्मनिर्भर अर्थतन्त्रको निर्माण होस् भन्ने हाम्रो ध्येय हो ।

यसका लागि हामीले योजनाबद्ध किसिमले काम गर्नु पर्ने हुन्छ । तत्कालका लागि वैदेशिक रोजगार व्यवसायलाई थप व्यवस्थित, मर्यादित, सुरक्षित र भरपर्दो बनाउन पर्ने आवश्यकता छ । यसो गर्न सकेमा वैदेशिक रोजगारीमा जाने कामदार, उनीहरूमा आश्रित परिवार तथा राज्यले पनि भरपुर फाइदा लिन सक्ने देखिन्छ । हालका लागि अन्तर्राष्ट्रिय श्रम बजारमा प्रवेश गर्नुअगावै रोजगारीका लागि चाहिने सीप अनिवार्य रूपमा प्रदान गर्नुलाई प्राथमिकतामा राख्नुपर्ने हुन्छ । यसैगरी दीर्घकालीन रूपमा वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूको सिप तथा दक्षता मुलुकमै प्रयोग हुने किसिमको सहयोगीमुलक योजनाको निमार्ण गर्नुपर्ने, स्वदेश फर्किएका कामदारहरूलाई सामाजिक तथा आर्थिक पुनरएकीकरणका कार्यक्रम मार्फत स्वरोजगार हुने वातावरण तयार पार्ने, वैदेशिक रोजगारी सुरक्षित र स्वेच्छिक बनाउने, मुलुकमा भित्रिने विप्रेषणलाई उत्पादनमुखि क्षेत्रमा लगानी गर्ने वातावरण तयार गर्ने, जस्ता कार्यक्रमहरू प्राथमिकतामा राख्नुपर्ने हुन्छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर हुनुहुन्छ ।*

# पन्ध्रौं योजना : दीर्घकालीन सोच २१०० का लक्ष्य प्राप्तिका चुनौतीहरु



शंकरप्रसाद अधिकारी

## १. पृष्ठभूमि

पन्ध्रौं योजनाको आधारपत्रले 'समृद्ध नेपाल र सुखी नेपालीको" को नारासहित वि.सं. २१०० को दीर्घकालीन सोच, राष्ट्रिय लक्ष्य, राष्ट्रिय रणनीति, रूपान्तरणका प्रमुख संवाहक तथा सहयोगि क्षेत्रहरूबारे उल्लेख गर्दै परिमाणात्मक लक्ष्यहरू समेत निर्धारण गरेको छ ।पच्चिस वर्षीय दीर्घकालीन सोच र लक्ष्यसहित प्रस्तुत भएको नेपालको यो पहिलो योजना हो । यसम वि.सं २१०० मा नेपाललाई प्रतिव्यक्ति आय अमेरिकी डलर १२१०० भएको विकसित मुलुक बनाउने लक्ष्य लिएको छ । त्यस्तै अन्य आर्थिक, सामाजिक र पूर्वाधारका क्षेत्रमा महत्वाकांक्षी लक्ष्यहरू निर्धारण गरिएका छन् । यसका परिमाणात्मक लक्ष्यहरूको उपलब्धिको सम्भावनालाई विश्लेषण गर्दा दीर्घकालीन सोचलाई निकै महत्वाकांक्षी नै मान्नुपर्ने हुन्छ । किनकि दोहोरो अङ्कको आर्थिक वृद्धिको बलमा मात्र समग्र लक्ष्यहरू प्राप्त गर्न सम्भव छ । तर दोहोरो अङ्कको दीगो आर्थिक वृद्धि हासिल गर्ने सन्दर्भ नै चुनौतीपूर्ण देखिन्छ । दोस्रो विश्व युद्ध पछि दुई तीन दशकसम्म निरन्तर दोहोरो अङ्कको आर्थिक वृद्धि करिब एक दर्जन मुलुकहरूले मात्र गरेको पाइन्छ । दोहोरो अङ्कको दीगो आर्थिक वृद्धिका सन्दर्भमा विगत तथा वर्तमानका परिवर्तनका प्रवृत्ति, विकासका संवाहक, साधन तथा चुनौतीहरूका सम्बन्धमा यस लेखमा चर्चा गरिने छ ।

औद्योगीकरणको एउटा निश्चित स्तर हासिल गरेपछि सेवा क्षेत्रको योगदान अर्थतन्त्रमा बढ्नु स्वाभाविक मानिन्छ ।

## २. विगतको परिवर्तनको प्रवृत्ति

पहिलो,नेपालको आर्थिक संरचनाको परिवर्तन अनौठो देखिन्छ । आ.व. २०७५/७६ मा कुल गार्हस्थ उत्पादनमा कृषिको योगदान २७ प्रतिशत, उत्पादनमुलक उद्योगको करिब छ प्रतिशत र सेवा क्षेत्रको योगदान ५८ प्रतिशत छ । औद्योगीकरणको एउटा निश्चित स्तर हासिल गरेपछि सेवा क्षेत्रको योगदान अर्थतन्त्रमा बढ्नु स्वाभाविक मानिन्छ । चीनमा उत्पादनमुलक उद्योगको योगदान कुल गार्हस्थ उत्पादनमा १९ प्रतिशत र भारतमा १३ प्रतिशत पुगेपछि मात्र सेवा क्षेत्र सबैभन्दा बढी योगदान गर्ने क्षेत्रको रूपमा विकास भएको थियो । तर नेपाल भने उत्पादनमुलक उद्योगको योगदान छ सात प्रतिशत पुगेको अवस्थामा नै सेवा क्षेत्रको योगदान सबैभन्दा बढी हुनपुग्यो (वाग्ले, २०७५) । त्यस्तै, कुल गार्हस्थ उत्पादनमा १० प्रतिशतसम्म पुगेको उद्योगको योगदान घटेर करिब पाँच प्रतिशतसम्म पुग्यो । यस्तो औद्योगीकरण (Deindustrialization) को प्रवृत्ति राम्रो होइन । मुलुक औद्योगीकरण नगई सेवा क्षेत्रमा रूपान्तरण हुनुदीगो आर्थिक वृद्धिको लागि चुनौती हो । सेवा पनि उच्च मूल्य (High End) को नभई कम मूल्य (Low End) को हुनु अर्को समस्या हो ।

दोस्रो, जनसांखिक परिवर्तनको विद्यमान अवस्था नेपालको जनसांखिक लाभांश (Demographic Dividend) को रूपमा रहेको छ । नेपालमा काम गर्ने उमेर (१५देखि ६४ वर्ष) को पुरुष जनसंख्या वि.सं. २०४७ मा ५२.९ प्रतिशत र महिला जनसंख्या ५५.३ प्रतिशत थियो । वि.सं. २०७५ मा त्यस्तो जनसंख्या ६५.१६ प्रतिशत पुगेको छ । मिडियन उमेर २४ वर्ष छ (इन्डेक्स्मन्डीडटकम, २०१९) । त्यसैले नेपाल अहिले जवान समाज (Young Society) हो । यो लाभलाई नेपालले उपयोग गर्न सक्ने अवसर छ । तर आगामी ३५ वर्षपछि नेपालले जनसांखिक लाभ गुमाउने छ । किनकि नेपालको जनसंख्यामा ६५ वर्षभन्दा माथिको उमेर समूहको जनसंख्या १४ प्रतिशतभन्दा बढी हुने अनुमान छ (वाग्ले, २०७५) ।

तेस्रो, नेपालमा आन्तरिक बसाइ सराई र बाह्य आप्रवासन बढ्दो छ । वि.सं २०६८ को जनगणना अनुसार २१ जिल्लामा जनसंख्या अघिल्लो दशकमा भन्दा घटेको देखियो । यसले आर्थिक विकासको अवसर तथा चुनौती दुवै प्रस्तुत गरेको छ । विदेश प्रवासनले मानवशक्तिको पलायन तथा क्षयीकरण हुनु समस्या हो । आन्तरिक बसाई सराईले दीगो सहरीकरण विकासको अवसर सृजना गरेको छ भने पहाडी तथा हिमाली जिल्लहरूमा जनसंख्या घट्दै जानु समस्याको रूपमा रहेको छ ।

चौथो, नेपालमा अन्तरआबद्धता (Connectivity) बढेको छ । कालोपत्रे सडकको लम्बाई आ. व. २०७४/७५ सम्ममा करिब ७००० पुगेको छ, सेल फोनको संख्या ३ करोड पुगेको छ । बढ्दो अन्तरआबद्धताले आर्थिक वृद्धि तथा विकासको लागि अवसर सृजना गरेको छ ।

पाचौं, नेपाल एकात्मक राज्यबाट संघीय राज्यमा परिवर्तन भएको छ । यसले विकेन्द्रीकृत तथा समावेसि लोकतान्त्रिक शासन पद्धतिको माध्यमबाट समृद्धि हासिल गर्न सक्ने मार्ग प्रशस्त गरेको छ । तर संघीयताको कार्यन्वयन प्रभावकारी हुन नसकेमा नेपालको विकासको गति अवरूद्ध हुने सम्भावना रहन्छ ।

## ३. विकासका संवाहक क्षेत्रहरु

नेपालको आर्थिक वृद्धि दर उच्च गर्न निम्न क्षेत्रहरू संवाहकका रूपमा रहन सक्छन् ।

**जलस्रोत** :

नेपालको तुलनात्मक लाभको क्षेत्रको रूपमा मानिएको जलस्रोतको प्रचुर सम्भावनाको उपयोग समयमा नै गर्न सकियो भने यो दीगो तथा उच्च आर्थिक वृद्धिको संबाहक बन्न सक्छ । तर जलवायु परिवर्तन तथा सौर्य उर्जामा भैरहको तीव्रतर विकासले नेपालले तुलनात्मक लाभ गुमाउँदै जान सक्छ । यो यस क्षेत्रको लागि चुनौती हो । तापनि जलस्रोतको बहुआयामिक विकासका सम्भावना आगामी केही दशकहरूसम्म रहने नै छ ।

**पर्यटन** :

पर्यटन नेपालको दीर्घकालीन तुलनात्मक लाभको क्षेत्र हो । तर जलवायु परिवर्तनको प्रभावले दीर्घकालमा यस क्षेत्रको लाभलाई क्षयीकरण गर्ने सम्भावना भने नभएको होइन ।

**डिजिटल अर्थतन्त्र** :

नेपालको अर्थतन्त्रलाई 'डिजिटलाइज' गर्ने प्रशस्त सम्भावना छ जसले आर्थिक वृद्धिको संवाहकको काम गर्न सक्छ । यसले भूपरिवेष्टितताको व्यवधान तथा अर्थतन्त्रको उच्च लागतमा कमी ल्याई अनुकूल व्यावसायिक वातावरण सृजना गर्न मद्दत गर्छ ।

**नेपालको अवस्थितिको लाभ** :

नेपाल दुई ठूला धेरै जनसंख्या भएका तीब्रतर आर्थिक विकास वृद्धि र विकास गरिरहेका आर्थिक तथा सामरिक शक्तियुक्त राष्ट्रहरूः चीन र भारत बीच अबस्थित छ । आर्थिक गुरूत्वाकर्षण पश्चिमबाट पूर्वतर्फ स्थानान्तरण हुँदै गइरहेको छ, जसबाट नेपालले लाभ लिन सक्छ । त्यस्तै, काठमाडौंबाट पाँच घण्टाको उडानमा विश्वको दुई तिहाई कुल गार्हस्थ उत्पादन गर्ने क्षेत्रमा पुग्न सकिन्छ । यसले दीर्घकालमा नेपाललाई 'अफसोर फाइनान्सियल' सेवालगायत अन्य सेवाहरूको हवको रूपमा विकास गर्न सकिने सम्भावना देखाउँछ ।

**सहुलियतपूर्ण वैदेशिक सहयोग** :

नेपालले अझै पनि अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट सहुलियतपूर्ण सहयोग प्राप्त गर्न सक्ने अवसर विद्यमान छ । नेपालले परियोजना निर्माण तथा खर्च गर्ने क्षमता बढाएमा यो अवसरको उपयोग गरी समृद्धि हासिल गर्न सक्छ ।

## ४. विकासका साधनहरु

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष स्वर्णिम वाग्ले (२०७५) का अनुसार नेपालको आर्थिक विकासमा साधनको रूपमा पाँच वटा क्षेत्रहरूलाई लिन सकिन्छ । उत्पादकत्व वृद्धि, अनौपचारिक अर्थतन्त्रलाई औपचारिक दायरामा ल्याउने, हरीत सहरीकरण, सामाजिक गतिशीलता (Social Mobility) र प्रभावकारी शासन आर्थिक विकासका त्यस्ता साधन हुन्जसको माध्यमबाट समृद्धि हासिल गर्न सकिन्छ । हाम्रा विगतका विकास योजना क्षेत्रगत विकासको अवधारणामा आधारित छन् । क्षेत्रगत अवधारणाभन्दा उपर्यक्त विषयगत अवधारणा (Thematic Approach) मा विकास नीतिहरू तर्जुमा गर्नेतर्फ अभिमुख हुनु आवश्यक छ ।

**अनौपचारिक अर्थतन्त्रलाई औपचारिकमा बदल्ने** :

नेपालको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो छ (राष्ट्रिय योजना आयोग, २०७६) । कम्तिमा पनि ४० प्रतिशत अनौपचारिक अर्थतन्त्र छ भनिन्छ । यसको ठूलो हिस्सालाई औपचारिकमा बदल्न सकिएमा वृद्धिलाई उच्च बनाउन सकिने सम्भावना छ ।

**उत्पादकत्व वृद्धि :**

नेपालको अर्थतन्त्रमा पूँजीको उत्पादकत्व कमजोर छ । पूँजीको सीमान्त उत्पादकत्व मापन गर्ने औजार सीमान्त पूँजी उत्पादन अनुपात (Incremental Capital Output Ratio) ५.१:१ छ, जुन दक्षीण एशियाका अन्य देशहरूको तुलनामा बढी हो । यसले नेपालमा पूँजीको कम उत्पादकत्वलाई इङ्गित गर्छ । त्यस्तै, क्षेत्रगत तथा वस्तुगत मूल्य अभिवृद्धि गरी उत्पादकत्व वृद्धि गर्न सकिन्छ । उदाहरणको वनजन्य, जडिबुटीजन्य जस्ता प्राथमिक वस्तुको निर्यातलाई मूल्य अभिवृद्धि गरी निर्यात गर्न सकिन्छ ।

**सामाजिक गतिशीलता (Social Mobility):**

उच्च सामाजिक गतिशीलताले ज्ञान, सीप, शिक्षाको अवसरको विस्तारलाई चित्रण गर्दछ, जसले अन्ततः अन्तरपुस्ता पेशागत छनौटको अवसरलाई विस्तार गर्दछ । बाबुले भन्दा छोराछोरीले बढी शिक्षा पाए कि पाएनन् वा बाबुको पेशाभन्दा बढी आय आर्जन हुने पेशा अवलम्बन गरे कि गरेनन् भन्ने विषय सामाजिक गतिशीलतामा हेरिन्छ । विश्व बैंक (२०१८) को अध्ययनको निष्कर्ष छ (शिक्षामा उच्च गतिशीलता भएका देशहरूले भविष्यमा उच्च वृद्धि, गरिबी निवारण र असमानता कम गर्न सक्ने अवस्थामा रहेको देखियो । यसको विपरित अफ्रिका तथा दक्षिण एशियामा शिक्षामा गतिशीलता कमजोर रहँदा भविष्यको प्रगतिमा प्रश्न रह्यो, पेशागत गतिशीलता दर कम पनि कम रहेको देखियो । तसर्थ, नेपालमा सामाजिक गतिशीलता बढाई आर्थिक वृद्धि र समृद्धिको लक्ष्य हासिल गर्न सकिन्छ ।

**सहरीकरण :**

नेपाल अब ग्रामीण अर्थतन्त्रको देश रहेन । अहिले ६० प्रतिशतभन्दा बढी जनसंख्या सहरमा छ । तसर्थ, हरित सहरीकरण नेपालको विकासको साधनको रूपमा रहन सक्छ ।

**सुशासन :**

विद्यमान कमजोर सुशासनको अवस्थाले हाम्रा विकासका प्रयासलाई नकारात्मक प्रभाव पारेको छ । यसमा सुधार गरी आर्थिक वृद्धि र समृद्धिमा सकारात्मक योगदान गर्न सक्ने अवसर छ ।

## ५. दीर्घकालीन लक्ष्य प्राप्तिका प्रमुख चुनौतीहरु

दीर्घकालीन लक्ष्य प्राप्तिका सन्दर्भमा प्रमुख चुनौतीहरू निम्नानुसार छन् ।

### ५.१ अनौपचारिक अर्थतन्त्रलाई औपचारिकमा रुपान्तरण गर्ने

अनौपचारिक अर्थतन्त्रलाई क्रमशः औपचारिक गर्न कानुनको कार्यान्वयनले मात्र सम्भव हुँदैन । यसका लागि प्रोत्साहन संरचना (Incentive Structure) यस्तो बनाउनु पर्छ कि जसबाट औपचारिक आर्थिक गतिविधि प्रोत्साहित होस् । तर प्रोत्साहन संरचनाको विकास गर्नेकार्य त्यति सजिलो छैन । यसमा अन्य मुलुकहरूको अनुभवबाट सिक्न सकिन्छ ।

### ५.२ समाजवाद उन्मुख अर्थतन्त्र निर्माण

दीर्घकालीन सोच २१०० मा नेपाललाई 'समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक' बनाउने सोच राखिएको छ, जुन संवैधानिक व्यवस्थालाई सार्थक गर्ने अभिप्रायबाट निर्देशित भएको मान्नुपर्ने हुन्छ । समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने सम्बन्धमा योजना दस्तावेजमा तीन वटा कमजोरिहरू देखिन्छन् । पहिलो, 'समाजवाद उन्मुख अर्थतन्त्र' भन्ने शव्दावलीलाई पन्ध्रौं योजनाको आधारपत्रमा कहीं पनि परिभाषित गरिएको छैन । जसरी दीर्घकालीन राष्ट्रिय लक्ष्यमा समृद्धि (Prosperity) र सुख (Happiness) लाई परिभाषित गरिएको छ, त्यसरी नै 'समाजवादउन्मुख अर्थतन्त्र' भन्ने शव्दावलीलाई पनि परिभाषित गर्नुपर्ने थियो । किनकि विभिन्न व्यक्ति, वर्ग, समुदाय, प्राज्ञिक वर्ग, राजनीतिक दलहरूको यस सम्बन्धमा आ–आफ्ना बुझाइहरू छन् । दोस्रो, समाजवाद उन्मुख अर्थतन्त्र कसरी हासिल गर्ने भन्ने सन्दर्भ क्षेत्रगत सोंच, लक्ष्य, रणनीति तथा कार्य नीतिले स्पष्ट गर्न सकेको देखिँदैन । किनकि समाजवाद उन्मुख अर्थतन्त्रका के के विशेषताहरू हुन्छन् र ती क्षेत्रगत नीतिहरूमा कसरी अभिव्यक्त हुन्छन् भन्ने कुरा त्यसको स्पष्ट परिभाषाबाट मात्र सम्भव हुन्थ्यो । यो विषय परिभाषित नहुँदा क्षेत्रगत रणनीतिहरू 'समाजवाद उन्मुख अर्थतन्त्र'बाट कति निर्देशित छन् छैनन् एकिन गर्न सकिने अवस्था छैन । तेस्रो, समाजवादी अर्थतन्त्र निर्माणमा निर्णायक भूमिका रहने महत्वपूर्ण क्षेत्रगत नीतिहरूमा समाजवादको उच्चारणसम्म गरिएको छैन । उदाहरणको लागि भूमि व्यवस्था, कृषि जस्ता क्षेत्रहरूमा समाजवाद उल्लेख नहुनु, तर अन्तरसरकारी वित्त व्यवस्थापनमा उक्त शब्दावली उल्लेख हुनुले कुनै सावधानीपूर्वक यसको प्रयोग भएको देखिँदैन । यसले गर्दा अर्थतन्त्र समाजवाद उन्मुख भयो वा भएन भन्ने मूल्याङ्कनका कुनै आधार प्रदान

गर्दैन । त्यसैले दीर्घकालीन सोँच तथा पन्ध्रौं योजनाको अलङ्कारको रूपामा मात्र यो 'समाजवाद उन्मुख अर्थतन्त्र' रहन जाने देखिन्छ ।

**५.३ नीतिगत स्थिरता कायम गर्नु**

राजनीतिक स्थिरता कि नीतिगत स्थिरता भन्ने सन्दर्भको बुझाइ अन्योलपूर्ण छ । राजनीतिक स्थिरतालाई हामी सरकारको स्थिरताको अर्थमा मात्र बुझ्ने गर्दछौं । आर्थिक समृद्धि तथा उच्च आर्थिक वृद्धिको लागि राजनीतिक स्थिरताले नीतिगत स्थिरता तथा पूर्वानुमान योग्यता प्रदान गर्छ भन्ने सन्दर्भमा बुझ्नु पर्दछ । तर लोकतान्त्रिक प्रणालीमा दीर्घकालसम्म सरकारको स्थिरताको अनुमान गर्नु गलत हुन्छ । तसर्थ नीतिगत स्थिरता प्राप्त गर्नेतर्फका प्रयास जरूरी हुन्छन् । तर हामीले राजनीतिक स्थिरताको नाममा सरकारको स्थिरता खोज्छौं । तर नीतिगत स्थिरताका लागि प्रयास नगर्ने प्रवृत्तिबाट नेपाली राजनीति गुज्रिएको देखिन्छ । प्रमुख राजनीतिक शक्तिहरू प्रमुख राष्ट्रिय नीतिहरूको सन्दर्भमा कुन बिन्दुसम्म समान धारणा राख्दछन् तथा के के विषयहरूमा फरक धारणा राख्छन् भन्ने स्वयम समकालीन राजनीतिक नेतृत्वमा रहनेहरू नै अनभिज्ञ देखिन्छन् । प्रमुख राष्ट्रिय नीतिहरूमा अन्तरदलीय भिन्नता मात्र होइन कि दलहरू भित्रै पनि विभिन्न विचार समूहहरूको उपस्थिति तथा उचित वैचारिक व्यवस्थापनको अभावमा राजनीतिक दलहरू अहिले विचारको सङ्कटबाट गुज्रिरहनु परेको छ । अहिले नीतिगत वैचारिक वहस राजनीतिक दलहरूको लागि दुर्लभ प्रक्रिया तथा पद्धति भएको छ । प्रस्तुत परिदृश्यमा दीर्घकालीन महत्वाकांक्षी लक्ष्यहरू कसरी प्राप्त हुन सक्लान ! सरकारको दीर्घकालीन स्थिरताको मान्यतामा दीर्घकालीन लक्ष्य प्राप्त गर्ने अपेक्षा गरेको हो भने त्यो असम्भवप्रायः सन्दर्भ हो । नीतिगत स्थिरता प्राप्त गर्ने मान्यता हो भने आफ्नै राजनीतिक दलभित्र तथा अन्तरदलीय वैचारिक वहसको प्रक्रिया प्रारम्भ गर्न धेरै ढिलो भइसकेको छ ।

**५.४ पेशागत कर्मचारीतन्त्र**

नीतिगत स्थिरता तथा नीतिको दक्ष र प्रभावकारी कार्यान्वयनको प्रमुख संयन्त्र सार्वजनिक कर्मचारीतन्त्र हो । सबल, दक्ष, प्रभावकारी कर्मचारीतन्त्र नीतिगत निरन्तरताको द्योतक पनि हो । कर्मचारीतन्त्र राजनीतिक रूपमा तटस्थ र निष्पक्ष भए मात्र यसले आफ्नो जिम्मेवारी पूरा गर्न सक्छ । अहिलेसम्म कर्मचारीतन्त्र कसरी चलाइएको छ भन्ने सन्दर्भ यहाँ कोट्याउनु नै जरूरी छैन, किनकि यो जगजाहेर नै भएको विषय हो । जबसम्म कर्मचारीतन्त्रलाई पेशागत मर्यादाअनुरूप सञ्चालन गर्ने विषयमा राजनीतिक दलहरू बीच सहमति हुँदैन, तबसम्म यसको समग्र भूमिका प्रभावकारी हुँदैन । त्यसले अन्ततः योजनाले परिलक्षित गरेका दीर्घकालीन लक्ष्य प्राप्तिको प्रयासमा पार्ने प्रभाव नकारात्मक नै हुन्छ । कर्मचारीतन्त्रलाई पेशागत मर्यादाअनुरूप चलाउनुपर्ने आत्मबोध राजनीतिक नेतृत्वमा नभएको हो वा भएर पनि कुन वाद्यताले त्यसो गर्न नदिएको हो, बुझिनसक्नु छ । यस्तो कर्मचारीतन्त्रले त्यति ठूलो महत्वाकांक्षी लक्ष्य प्राप्त गर्न कसरी सहायक सिद्ध होला विचारणीय छ ।

**५.५ लगानीको वातावरण**

दोस्रो विश्वयुद्धपछि जति पनि मुलुकहरूले समृद्धि हासिल गरे, लगानीको उचित वातावरणको सृजनाबाट नै त्यो सम्भव भएको हो । एशियन टाइगरको नामले परिचित सिंहापुर, हङकङ, ताइवान र दक्षिण कोरिया कै कुरा गरौं वा हाल फड्को मार्दै गरेको चीन, मलेसिया वा वामे सर्दै गरेका भारत, भियतनाम, कम्बोडिया, बङ्गलादेश लगायत देशहरूको कुरा गरौं, उपयुक्त लगानीको वातावरणबाट नै सम्भव भएको हो । उदार आर्थिक नीतिले नै लगानीको आकर्षक वातावरण निर्माण गर्छ । कम्युनिष्ट शासन पद्धति भएको मुलुक चीनको चमत्कारिक विकास विदेशी लगानीको जगमा नै भएको हो । तर हामी 'राष्ट्रिय पूँजी' तथा 'दलाल पूँजी'को घनचक्करामा छौं । विशेषगरी सत्तारूढ दल यस विवादबाट ग्रस्त छ । अर्कोतिर प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस पनि सन् १९९० पछि आफूले अवलम्बन गरेको आर्थिक नीति ठीक थियो नै भनेर निर्धक्क भन्न नसक्ने अवस्थामा छ । कांग्रेस पार्टीभित्र परस्पर विरोधी विचारहरू छन् ।

नेपाल राष्ट्र बैंक (२०१८) को अध्ययन प्रतिवेदन अनुसार सन् २०१६ मा दक्षीण एशियाले विश्वको कुल प्रत्यक्ष वैदेशिक लगानी प्रवाहको ३.१ प्रतिशत लगानी प्राप्त गर्दा नेपालले ०.०१ प्रतिशत मात्र प्राप्त गर्‍यो । नेपाल पूँजीवाद विरोधी विचारको उर्वर भूमिको रूपमा परिचित छ । विदेशी पूँजीको उपयोग गर्ने वातावरण सृजना गर्नेतर्फभन्दा केही जनप्रतिनिधिहरू विदेशी पूँजीप्रति छुवाछुतको भावनाबाट ग्रस्त छन् । उद्यम तथा व्यापार गरेर कमाएकाहरूलाई नाफाखोर, शोषक, सुकिला मुकिला, नवधनाढ्य, दलाल जस्ता विशेषण दिने आम प्रवृत्ति समाज र राजनीतिमा छ । जनप्रतिनिधिहरूका यससम्बन्धी वहसले यस सन्दर्भलाई पुष्टि गर्छन् ।अर्कोतर्फ, निजी क्षेत्र पनि आफूले गरिरहेको व्यवसायमा विदेशी लगानी नआओस् भन्ने चाहन्छ र तदनुरूप राजनीतिक

नेतृत्वलाई मनाउने गर्दछ । राजनीतिक नेतृत्वलाई त के चाहियो, निजी क्षेत्रले नै त्यसो भने पछि उसलाई पनि हो जस्तो लाग्छ । अनि प्रतिस्पर्धात्मक वातावरणले सृजना गर्ने दीर्घकालीन लाभबाट अर्थतन्त्र बञ्चित हुन्छ । सिमेन्ट उद्योगमा थप विदेशी लगानी स्वीकृत गर्न दिनु हुँदैन भन्ने हालको भनाइ एउटा त्यस्तो उदाहरण हो । अमूल दुग्ध सहकारीलाई नेपालमा कारखाना राख्न दिने कि नदिने भन्ने वहस र सो सम्बन्धी नीतिगत निर्णय अर्को उदाहरण हो ।

नेपाली घरेलु उत्पादित दुध लिनैपर्ने गरी तथा अन्य आवश्यक शर्त पूरा गर्ने गरी स्वीकृति दिएको भए के बिग्रन्थ्यो ? मुलुकभर दुग्ध उत्पादन बढ्ने थियो, किसान लाभान्वित हुन्थे, 'स्केल अफ इकोनोमि'को लाभ देशले पाउँथ्यो, दूधको मूल्य कम र गुणस्तर बढ्ने सम्भावना हुन्थ्यो, दूध तथा दुग्धजन्य पदार्थको निर्यातको सम्भवना बढ्ने थियो, राज्यले कर राजस्व प्राप्त गर्थ्यो, प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी बढ्ने सम्भावना रहन्थ्यो । तर केही डेरी उद्योगहरूको प्रभावमा स्वीकृति नदिने निर्णय गरियो । यो निर्णयले आम कृषक, आम उपभोक्ता र समग्र अर्थतन्त्रको हितभन्दा केही सीमित डेरी उद्योगीको हितलाई मात्र राष्ट्रिय हित देख्ने संकीर्ण मानसिकताले नीति निर्मातालाई गाँज्यो । प्रतिस्पर्धात्मक वातावरणले दीर्घकालमा दिने लाभको वारेमा हाम्रा नीति निर्माताहरू अनभिज्ञ छन् । विदेशी आयो भने हामी लुटिन्छौं भन्ने स्कूलिङ्बाट हामी दीक्षित छौं । यस्तो मानसिकताबाट देशभित्र कसरी लगानीको वातावरण बनेर दोहोरो अङ्कको आर्थिक वृद्धि हुने हो !

### ५.६ सस्तो लोकप्रियतामा आधारित राष्ट्रवादी चिन्तनको व्यवस्थापन

नेपाल विगतमा भारतसँगको कोशी तथा गण्डक सम्झौतामा नराम्रोसँग ठगियो । नेपालले आफ्नो राष्ट्रिय हित प्रतिकूल ती सम्झौताहरू गर्नुपर्‍यो । भर्खर प्रजातन्त्रको स्थापना भएको तथा राष्ट्रिय हित संरक्षण गर्ने राष्ट्रिय क्षमता हासिल गर्न नपाउँदै ती सम्झौता गर्नुपर्दा त्यस्तो स्थिति निर्माण भएको हो । ती सम्झौतालाई भजाएर उग्र राष्ट्रवादी चिन्तनको राजनीति गर्ने प्रवृत्ति नेपालमा अद्यापि सबल रूपमा विद्यमान छ । महाकाली सन्धि धोका हो भन्ने ठूलो पङ्क्ति राजनीतिमा छ । त्यति मात्र होइन, माथिल्लो कर्णाली तथा अरूण बेचेको आरोप लगाउने राजनीति पनि अझै चलेकै छ । कोशी उच्च बाँध परियोजना नेपालको लागि फाइदाजनक छ कि छैन त्यो आफ्नो ठाउँमा छ, तर सो परियोजनाबाट नेपालले यी यी लाभहरू प्राप्त गर्न सक्छ भनेर कुनै पनि विज्ञ बोल्न समेत सक्ने अवस्था छैन । राजनीतिककर्मीको त कुरै नगरौं । यस्तो जोखिम कसैले पनि उठाउन सक्ने चाँहदैन । हालै मिलिनियम च्यालेञ्च कर्पोरेसनको माध्यमबाट प्राप्त हुने अमेरिकी सरकारको अनुदान सहयोगको सम्बन्धमा उठाइएका विवादहरू त्यस्तै मानसिकताको पछिल्लो कडी हो ।

जलस्रोतको उपयोग स्वदेशी पूँजीबाट मात्र सम्भव नभएको कुरा सर्वविदितै छ । तर वैदेशिक लगानी परिचालनमा पनि धेरै प्रकारका व्यवधान छन् । जलस्रोतमा नेपालले तुलनात्मक लाभ क्रमशः गुमाउँदैछ । एकातर्फ जलवायु परिवर्तनले जलस्रोतको दीर्घकालीन सम्भावनालाई साँघुरो बनाउँदै जान्छ भने सौर्य उर्जामा भइरहको तीव्रतर विकासले यसलाई निरर्थक बनाउँदै जाने सम्भावना प्रबल छ । यस्तो परिस्थिमा जलस्रोतको बहुआयामिक उपयोगमा वैदेशिक लगानी भित्र्याउन उग्र राष्ट्रवादी चिन्तन एउटा प्रमुख बाधकको रूपमा रहेको छ ।

### ५.७ जलवायु परिवर्तनको नकारात्मक प्रभाव

नेपाल पहाडी तथा हिमाली मुलुक भएकोले जलवायु परिवर्तनको प्रभाव व्यापक हुने आंकलन गरिएको छ । जलवायु परिवर्तनको प्रभावको दृष्टिकोणले नेपाल सबैभन्दा बढी प्रभावित हुने मुलुकहरुमध्ये चौथो मुलुक हो भनिन्छ । छिमेकी मुलुकहरूको तीब्रतर आर्थिक वृद्धिको अभिलाषा पूरा गर्न गर्ने विकास क्रियाकलापले बढाउने प्रदुषणबाट नेपाल बढी प्रभावित हुनेछ । यसले नेपालको आर्थिक वृद्धि तथा विकासमा जलवायु परिवर्तनको कारणबाट तीब्रतर दरमा बढ्दै जाने प्राकृतिक प्रकोपको प्रभाव आगामी दिनमा व्यापक हुने सम्भावना छ । सीमापारबाट हुने प्रदुषण, पानीका स्रोतहरू सुक्नु, जंगलमा आगलागी बढ्दै जानु, जैविक विविधता नष्ट हुँदै जानु, हिम रेखा माथि सर्दै हिमाच्छदित् भूभाग क्रमशः घट्दै जानु, हिमालहरू क्रमशः पग्लिँदै जानु, हिमतालहरू फुट्नु, बाढीपहिरोको घटना बढ्दै जानु तथा कृषिमा रोगव्याधीको प्रकोप बढ्दै जानु जस्ता प्राकृतिक प्रकोपहरू जलवायु परिवर्तनका अवश्यम्भावी प्रभावहरू सघन रूपमा बढ्दै जानेछन् । यसबाट जनधनको क्षति, भौतिक पूर्वाधारको क्षति, कृषिको उत्पादकत्वमा ह्रास तथा सुरक्षित स्थानमा बसाइँ सराइको प्रवृत्ति बढ्ने छ । यसले हाम्रा विकासका उपलब्धिहरूलाई पछाडि धकेल्ने तथा वर्षेनी ठूलो जनसंख्यालाई गरिबीको रेखामुनि धकेल्ने अवस्था आउने छ । जलवायु परिवर्तनको अनुकूलन तथा न्यूनीकरणमा ठूलो धनराशी खर्च हुने तथा कतिपय यस्ता प्रयासहरू प्रभावको व्यापकता तथा

सघनताको सापेक्षतामा निरर्थक साबित हुने अवस्था आउने सम्भावना छ ।

### ५.८ मानव पूँजी पलायन

नेपालको समृद्धिको आकांक्षालाई गति दिन अनिवार्य साधनको रूपमा रहने मानव पूँजीको विकास, सञ्चय, व्यवस्थापन तथा उपयोगको दक्ष र प्रभावकारी रूपमा गर्नुपर्ने हुन्छ । तर शिक्षित तथा उच्च सीपयुक्त जनशक्तिको विदेश पलायन हुने जुन प्रवृत्ति छ, त्यसले हाम्रो दोहोरो अङ्कको आर्थिक वृद्धिको लागि समस्याको रूपमा रहने देखिन्छ । अहिले नै नेपालमा कृषि श्रमिक तथा अन्य श्रमिकको ज्याला बढेको अवस्था छ । यसले हाम्रो अर्थतन्त्रको लागत बढाउन योगदान गरेको छ । सीपयुक्त उच्च दक्ष जनशक्तिको त नेपालमा पहिलेदेखि नै अभाव रहँदै आएको छ ।

### ५.९ प्रविधि विकासको प्रभाव

सूचना तथा सञ्चार प्रविधि, फाइवजी, रोबोटिक्स, कृत्रिम बौद्धिकता, साइब्रोग, विग डेटा जस्ता प्रविधिमा भइरहेको तीब्रतर विकास तथा त्यसको प्रयोगले उत्पादन पद्धतिमा आमूल परिवर्तन हुँदैछ । यसले आम रूपमा बेरोजगारी बढ्ने तथा प्रविधिसँग तादात्म्य हुने गरी सीपयुक्त जनशक्तिको विकासको चुनौती विकसित देशहरूले समेत व्यहोर्नुपर्ने अवस्था आउँदैछ । यसले साना तथा मध्यमस्तरीय उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर हुने, पूँजी सीमित ठूला कम्पनी तथा उद्योगहरूमा केन्द्रीकृत भई आर्थिक असमानता बढ्ने आंकलन गरिएको छ (हरारी, २०१४) । यसको प्रभाव नेपाल जस्ता अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूमा पर्ने अवश्यम्भावी छ । त्यसैले २५ वर्षको रणनीतिक सोचलाई यथार्थवादी बनाउन विद्यमान तीब्रतर परिवर्तनको युगमा निकै गाह्रो हुने देखिन्छ । प्रस्तुत सन्दर्भमा नेपालको २५ वर्षे रणनीतिक सोचलाई साकार गर्ने विषय चुनौतीपूर्ण देखिन्छ ।

## ६. उपसंहार

पन्ध्रौं योजनाको आधारपत्रले दीर्घकालीन सोच २१०० का महत्वाकांक्षी लक्ष्यहरू निर्धारण गरेको छ । यसमा दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गरी नेपाललाई विकसित मुलुकमा रूपान्तरण गर्ने उक्त गर्ने सन्दर्भ छ । तर दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गर्ने गरी अर्थतन्त्रको संरचना निर्माण भइसकेको अवस्था देखिँदैन । त्यस्तो संरचाना निर्माणमा नै लामो समय लाग्ने देखिन्छ । जलस्रोत, पर्यटन, डिजिटल अर्थतन्त्रको निर्माण तथा अवस्थितिको लाभको उपयोग गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्न सकिने सम्भावना नभएको होइन । तर दोहोरो अङ्कको आर्थिक वृद्धि दुई दशकभन्दा बढी अवधिसम्म निरन्तर प्राप्त गर्ने कार्य निकै चुनौतीपूर्ण देखिन्छ । नीतिगत स्थिरताको लागि प्रमुख राष्ट्रिय नीतिहरूमा प्रमुख दलहरू बीच साझा धारणा निर्माण हुन सकेको छैन । लगानीको वातावरण निर्माण, अनौपचारिक अर्थतन्त्रलाई घटाउने, पेशागत कर्मचारीतन्त्रको विकास, लोकप्रियतामा आधारित राष्ट्रवादी चिन्तनको व्यवस्थापन, समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण, मानव पूँजीको निर्माण तथा पलायन रोक्नु, प्रविधिको प्रभाव तथा जलवायु परिवर्तन जस्ता अहम चुनौतीहरूलाई चिर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । यी चुनौतीहरूको सामना गरी मध्यमस्तरको आर्थिक वृद्धि हासिल गर्न त सकिएला । तर दोहोरो अङ्कको आर्थिक वृद्धि हासिल गरी नेपाललाई विकसित मुलुकमा रुपान्तरण गर्ने लक्ष्य भने उपर्युक्तमा उल्लिखित चुनौतीहरूको परिवेषमा भने असम्भवप्राय देखिन्छ । ■

### सन्दर्भ सामग्री


- राष्ट्रिय योजना आयोग (२०७६) पन्ध्रौ योजनाको आधारपत्र, काठमाडौं
- Nepal Rastra Bank (2018) A Survey on Foreign Direct Investment in Nepal, Research Department, Kathmandu
- Harari, Y. N () SapiensM A Brief History of Humankind
- Wagle, S (2076) Nepal' DevelopmentM Big Picture, TEDx Talks
- World Bank (2018) Economic Mobility in Developing Countries Has Stalled for the Last 30 YearsM WBG Report, Press Release
- Indexmundi.com (2019) available atM
- https://www.indexmundi.com/nepal/#Demographics


*लेखक नेपाल सरकारका पूर्व अर्थ सचिव हुनुहुन्छ ।*

# नेपालमा सार्वजनिक संस्थानको व्यवस्थापन : संक्षिप्त चर्चा

■ खुमराज पुँजाली

## १. नेपालमा सार्वजनिक संस्थानको स्थापनाको उद्देश्य

सर्वसाधारणको दैनिकीसँग प्रत्यक्ष सरोकार राख्ने अत्यावश्यक वस्तु तथा सेवा सर्वसुलभ एवं सुपथ मूल्यमा उपलब्ध गराउने, रोजगारी सिर्जना गरी आय आर्जनमा वृद्धि गर्ने, विकासको क्रियाकलापमा सक्रिय सहयोगी बन्ने, स्वाधीन अर्थतन्त्रको विकास गर्ने, आयात प्रतिस्थापन गरी व्यापार घाटा घटाउने, कल्याणकारी राज्यको स्थापना गरी सामाजिक न्यायको प्रवर्दन गर्ने, निजी क्षेत्रलाई एकाधिकार कायम गर्न नदिने तथा कुशल व्यवस्थापकीय विधि अवलम्बन गरी निजी क्षेत्रको लागि मार्गदर्शक बन्ने समेतका उद्देश्यले नेपालमा सार्वजनिक संस्थान स्थापना भएका हुन् ।

## २. सार्वजनिक संस्थानहरुको वर्तमान अवस्था

नेपाल सरकारको अभिलेख अनुसार आ.व. २०७४/७५ सम्ममा नेपालमा ३९ वटा सार्वजनिक संस्थान अस्तित्वमा रहेका छन् । यीमध्ये ३७ वटा सञ्चालनमा रहेका छन् भने २ वटा बन्द अवस्थामा छन् । अस्तित्वमा रहेका ३९ वटा संस्थानहरूमध्ये औद्योगिक क्षेत्रका ७, व्यापारिक क्षेत्रका ६, सेवा क्षेत्रका ७, सामाजिक क्षेत्रका ५, जनउपयोगी क्षेत्रका ५ र वित्तीय क्षेत्रका ९ रहेका छन् । आ.व. २०७४/७५ को अन्तसम्ममा अस्तित्वमा रहेका ३९ सार्वजनिक संस्थानमध्ये खारेजी गर्ने निर्णय भएका जनकपुर चुरोट कारखाना लि., नेशनल कन्स्ट्रक्सन कम्पनी लि. र नेपाल इन्जिनियरिङ्ग कन्सल्टेन्सी सेवा केन्द्र लि. मध्ये जनकपुर चुरोट कारखानाबाट भाडावापत केही रकम आम्दानी हुँदै आएको छ भने बाँकी २ संस्थान पूर्णरूपमा बन्द छन् । यी ३ वटैको खारेजी प्रक्रिया समापनको क्रममा छ ।

यी संस्थानहरूमा आ.व. २०७४/७५ सम्ममा नेपाल सरकारको शेयर लगानी रू. २ खर्ब ३७ करोड ९ लाख रहेको छ भने सोही अवधिसम्ममा कुल ऋण लगानी रू. १ खर्ब ६४ अर्ब ४२ करोड पुगेको देखिन्छ । त्यसैगरी यसै अवधिमा सार्वजनिक संस्थानहरूको कुल चुक्ता पूँजी रू. २ खर्ब २१ अर्ब ३५ करोड १० लाख रहेको छ, जसमध्ये नेपाल सरकारको ९२.४७ प्रतिशत, संस्थानहरूको आफ्नै २.५४ प्रतिशत र निजी क्षेत्रको ४.९८ प्रतिशत रहेको छ ।

आ.व. २०७४/७५ मा यी संस्थानहरूबाट नेपाल सरकारलाई राजस्व वापत रू. ९४ अर्ब ६ करोड ८८ लाख प्राप्त भएको देखिन्छ । उक्त रकम आ.व. २०७३/७४ को तुलनामा ५९.७३ प्रतिशतले बढी हो । यस अवधिमा संस्थानहरूमध्ये सबैभन्दा धेरै राजस्व नेपाल आयल निगम लि.ले रू. ५४ अर्ब ३१ करोड दाखिला गरेको थियो भने विगतमा पहिलो स्थानमा रहेको नेपाल दूरसञ्चार कम्पनी लि. दोस्रो स्थानमा झरेको छ र यस अवधिमा यस कम्पनीले रू. २४ अर्ब २५ करोड राजस्व दाखिला गरेको छ । नेपाल सरकारको कुल राजस्वमा संस्थानहरूको योगदान १२.८३ प्रतिशत रहेको छ । नेपाल सरकारले संस्थानहरूमा गरेको लगानीको अनुपातमा सरकारलाई प्राप्त हुने लाभांश भने नगण्य देखिन्छ । आ.व. २०७४/७५ मा यस्तो लाभांश रू. ९ अर्ब ८९ करोड मात्र प्राप्त भएको देखिन्छ ।

त्यसैगरी संस्थानहरूको कोषमा व्यवस्था नगरिएको दायित्व आ.व. २०७३/७४ मा रू. ३८ अर्ब ५६ करोड ७७ लाख भएकोमा आ.व. २०७४/७५ मा यो दायित्वमा ०.६७ प्रतिशतले वृद्धि भई रू. ३८ अर्ब ८२ करोड ७४ लाख पुगेको छ, जुन चिन्ताजनक विषय हो । संस्थानहरूको नाफा नोक्सानको अवस्था हेर्दा आ.व. २०७४/७५ मा नाफा आर्जन गर्ने संस्थानहरूको संख्या २६ रहेको छ भने बाँकी ११ वटा संस्थान नोक्सानीमा छन् । सञ्चित नाफा नोक्सानतर्फ हेर्दा सञ्चालनमा रहेका ३७ संस्थानमध्ये १९ वटा सञ्चित नाफामा छन् भने १८ वटा सञ्चित नोक्सानीमा छन् ।

सार्वजनिक संस्थानहरूको शेयर स्वामित्वको स्थिति हेर्दा आ.व. २०७४/७५ सम्म अस्तित्वमा रहेका ३९ संस्थानमध्ये १८ वटा संस्थानमा नेपाल सरकारको पूर्ण स्वामित्व छ भने १७ संस्थानमा सरकारको अधिकांश स्वामित्व छ । त्यस्तै ४ वटा संस्थानमा नेपाल सरकारको आंशिक स्वामित्व मात्र रहेको छ । संस्थानहरूमा रहेका कर्मचारीहरूको संख्या हेर्दा आ.व. २०७४/७५ मा यो संख्या २८,२३४ रहेको छ ।

**३. सार्वजनिक संस्थानमा देखिएका समस्या**

क) सार्वजनिक संस्थानमा देखिएको मुख्य समस्या नै जुन उद्देश्यको निम्ति संस्थानहरू स्थापना भएका हुन्, ती उद्देश्यअनुरूप कार्य सम्पादन गर्न सकेका छैनन् । अर्थात् संस्थानहरू आफ्नो उद्देश्यप्रति विमुख भएका छन् ।

ख) अधिकांश सार्वजनिक संस्थानहरूको वित्तीय कार्यकुशलता सन्तोषजनक छैन ।

ग) सरकारले संस्थानहरूमा शेयर तथा ऋणको रूपमा अत्यन्त ठूलो रकम लगानी गरेको छ । लगानीको अनुपातमा सरकारले पाउने प्रतिफल अत्यन्त नगण्य छ । तर यी संस्थानमा लगानी गर्न सरकार बाध्य छ ।

घ) संस्थानहरूको स्थापना सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने समेतका उद्देश्यबाट भएको हो । सार्वजनिक सेवा प्रभावकारी हुनको निम्ति संस्थानहरूले प्रदान गर्ने वस्तु तथा सेवा नियमित, पर्याप्त तथा गुणस्तरीय हुनु पर्दछ । तर सरकार तथा जनअपेक्षा विपरित संस्थानहरूले प्रदान गर्ने सेवा प्रभावकारी र विश्वसनीय छैन ।

ङ) केही संस्थानहरू बन्द गर्ने उद्देश्यले सरकारले कर्मचारीहरूलाई अवकाश दिएको भए पनि यी संस्थानहरू औपचारिक रूपले पूर्णरूपमा बन्द भएका छैनन्, कुन पद्धति र विधि अवलम्बन गरी बन्द गर्ने हो, सरकार आफैं स्पष्ट हुन सकेको छैन ।

च) धेरै संस्थानहरू सरकारको आर्थिक बोझको रूपमा रहेका छन् । कर्मचारीहरूको तलब, अवकाश रकम तथा संस्थानहरूले लिएको ऋणको व्याज तिर्न समेत सरकारले लगानी गर्नुपर्ने अवस्था विद्यमान छ ।

छ) सार्वजनिक संस्थानमा देखिएको अर्को ठूलो समस्या कोषमा व्यवस्था नगरिएको दायित्व (Unfunded Liability) क्रमशः वृद्धि हुँदै जानु हो । यस प्रकारको दायित्व व्यवस्थानमा सम्बन्धित मन्त्रालय तथा अर्थ मन्त्रालयमा ठूलो दबाब पर्ने गरेको छ ।

**४. समस्याका कारण**

क) माथि उल्लिखित समस्याहरू उत्पन्न हुनुका प्रमुख कारणमा संस्थानको उद्देश्यमा स्पष्टता नहुनु हो । अर्थात् लगानीको उचित प्रतिफल प्राप्त गर्न विशुद्ध व्यावसायिक ढंगले सञ्चालन गर्ने हो वा सरकारको तर्फबाट सामाजिक सेवा गर्ने हो भन्ने बारेमा संस्थान आफैं मात्र होइन सरकार समेत स्पष्ट छैन ।

ख) संस्थान सञ्चालनको विधिमा समेत द्विविधा रहेको छ । संस्थान स्वायत्त संस्थाको रूपमा सञ्चालन हुने कि सरकारको नियन्त्रणमा रहने भन्नेमा स्पष्टता छैन । अर्थात् संस्थान सरकारको विभाग जस्तो हुने कि व्यावसायिक संस्थाको रूपमा रहने भन्ने विषय सधैंजसो छलफलको रूपमा रहने गरेको छ ।

ग) संस्थानहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर छ । जुन जुन क्षेत्रमा निजी क्षेत्र सक्रिय र सफल छ, त्यो क्षेत्रमा संस्थानहरू बढी असफल भएका छन् ।

घ) संस्थानहरूमा भएको ठूलो कर्मचारी संख्याका कारण संस्थानहरूको प्रशासनिक खर्च वृद्धि हुने गरेको छ ।

ङ) कतिपय संस्थानका पुराना प्रविधि, मेसिनरी तथा संस्थानको जनशक्तिलाई समयानुकूल प्रशिक्षण दिन नसक्दा संस्थानबाट उत्पादन हुने वस्तु तथा सेवाको लागत उच्च त छँदैछ, यसको गुणस्तर न्यूनसमेत छ ।

च) धेरैजसो संस्थानमा सक्षम, व्यावसायिक र उद्यमशील व्यावसायिक नेतृत्वको अभाव छ ।

छ) उच्च व्यवस्थापन र कर्मचारी वर्ग दुवैमा राजनीतिक प्रभाव कायमै छ ।

ज) संस्थानको उच्च व्यवस्थापनलाई आफ्नो व्यावसायिक योजना निर्माण गर्ने र सफलतापूर्वक कार्यान्वयन गर्ने निर्देशन सम्बन्धित मन्त्रालय तथा अर्थ मन्त्रालयबाट हुने गरेपनि यसको सफल कार्यान्वयन हुन सकेको छैन ।

झ) सरकारले आफैंले वा मित्रराष्ट्रहरूबाट प्राप्त गरी जडान गरेका मेसिनरीको उपयोग क्षमता कतिपयमा आधाभन्दा कम छ वा कतिपय बन्द अवस्थामा छन्, जबकि यस्ता उद्योगबाट उत्पादित सामानको माग उच्च पनि छ ।

ञ) सार्वजनिक संस्थानहरूलाई निजी क्षेत्रको जस्तो खरिद वा मूल्य निर्धारण गर्ने सुविधा छैन । संस्थानहरूले सार्वजनिक खरिद ऐननियमलगायतमा भएका व्यवस्थाहरू पालना गर्नुपर्ने हुन्छ । राज्यको ढुकुटीबाट हुने खर्चमा निश्चित विधि र प्रक्रियाको अवलम्बन गर्नु स्वाभाविक पनि हो । तर यस प्रक्रियाले संस्थानहरूमा निर्णय प्रक्रिया ढिलो हुने गरेको छ भने यसले संस्थानहरूको प्रतिस्पर्धात्मक क्षमता कमजोर बनाएको छ ।

ट) कतिपय संस्थानले वस्तु र सेवा उपलब्ध गराउने कार्यमा एकाधिकार समेत पाएका छन् । तर कतिपय अवस्थामा यी संस्थानले उपलब्ध गराउने वस्तु र सेवाको आपूर्ति नियमित र सुलभ नहुने भय उपभोक्तामा हुने गरेको देखिन्छ ।

ठ) धेरै सार्वजनिक संस्थानहरूको सम्पत्ति मुलुकभर छरिएर रहेको छ । यस्तो बहुमूल्य सम्पत्तिको उपयोग भएको त छैन नै, कतिपय सम्पत्ति ऋण तिर्न र प्रशासनिक खर्चको लागि समेत प्रयोग हुने गरेको छ ।

ड) संस्थानहरूले उपलब्ध गराउने वस्तु तथा सेवा लागत मूल्यभन्दा पनि घटी मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता समेत हुने गरेको अवस्था विद्यमान छ । यस्तो

अवस्थामा संस्थानहरू घाटामा जानु स्वाभाविक हुन्छ नै ।

ढ) संस्थान सञ्चालन सम्बन्धमा सरकारको नीतिमा एकरूपता हुन नसकेको अवस्था समेत देखिन्छ । संस्थानका प्रमुख कार्यकारी अधिकृतको नियुक्ति, संस्थानमा थप लगानी गर्ने तथा संस्थानहरूको निजीकरण गर्ने कि नगर्ने, गर्ने भए कुन विधिबाट गर्ने आदि विषयमा नीतिगत एकरूपता हुन नसकेको पाइएको छ ।

ण) उच्चस्तरीय अधिकार सम्पन्न निकायको अभामा सार्वजनिक संस्थानहरू विभिन्न मन्त्रालय अन्तर्गत छरिएका छन् । यसले अन्य कुराका अतिरिक्त समन्वयमा समेत समस्या ल्याएको छ ।

**५. समस्या समाधानका लागि केही सुझाव**

क) सार्वजनिक संस्थानको स्थापनाको उद्देश्यका सम्बन्धमा सरकार तथा संस्थान स्वयं स्पष्ट हुनु पर्दछ । संस्थान सेवा प्रदान गर्न मात्र स्थापना भएको हो वा व्यवसाय गरी नाफा कमाउन स्थापना भएको हो ? यो विषय स्पष्ट भएमा संस्थानको सञ्चालन र संस्थानमा सरकारले गर्ने लगानीमा सहजै स्पष्टता आउन सक्छ ।

ख) निजी क्षेत्रले पर्याप्त सेवा दिन नसकेका संस्थानहरू, बजार हस्तक्षेपका लागि सरकारले सञ्चालन गर्न आवश्यक प्रकृतिका संस्थानहरू तथा जनताका दैनिक जीवनसँग सम्बन्धित जनउपयोगी संस्थानहरूबाहेक अन्य संस्थानहरू सरकारको लगानीमा सञ्चालन गर्ने कि नगर्ने भन्ने विषयमा सरकार उपयुक्त निष्कर्षमा पुग्नु पर्दछ । सामान्यतः ठूलो लागत ब्यहोरेर औद्योगिक वा व्यापारिक प्रकृतिका संस्थानहरू सरकारले सञ्चालन गरिराख्नु औचित्यपूर्ण देखिँदैन ।

ग) सरकारले सञ्चालन गर्नैपर्ने संस्थानहरूबाहेक बाँकी सबै संस्थानहरू निजीकरण गर्नु उपयुक्त हुन्छ । निजीकरण हुन नसकेमा विघटन गर्नुपर्दछ ।

घ) सरकारले सञ्चालन गर्न आवश्यक संस्थानहरूको व्यवस्थापन निम्न बमोजिम गर्नुपर्दछः

- नेपाल सरकारले सार्वजनिक संस्थानहरूको प्रतिस्पर्धा तथा व्यावसायिक दक्षता अभिवृद्धि गर्दै समन्वयत्यात्मक ढंगबाट सञ्चालन गर्ने उद्देश्यका साथ सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्य सञ्चालन) आदेश, २०६९ जारी गरी मिति २०६९ साल माघ २२ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशन गरेको थियो । यस आदेश बमोजिम बोर्डको गठन भई केही संस्थानहरूमा खुला प्रतिस्पर्धाबाट प्रमुख कार्यकारी अधिकृतको नियुक्ति समेत भएको थियो । नेपाल सरकारको निर्णय बमोजिम जारी भएको यो आदेशका प्रावधानहरू सार्वजनिक संस्थान सञ्चालनको निम्ति अत्यन्त महत्वपूर्ण र हाल पनि उत्तिकै सान्दर्भिक देखिएकाले यस आदेशलाई पुनः सक्रिय बनाई आदेश बमोजिम गठन हुने सार्वजनिक संस्थान निर्देशन बोर्डलाई निम्न विषयमा आवश्यक अध्ययन गरी नेपाल सरकारसमक्ष सिफारिस गर्ने जिम्मेवारी दिएमा संस्थान सञ्चालनमा हाल देखिएका धेरै समस्याको समाधान हुने अपेक्षा गर्न सकिन्छः

१) सार्वजनिक संस्थानको नीति, योजना तथा लगानी सम्बन्धी

२) सार्वजनिक संस्थानको पुनर्संरचना, विनिवेश, खारेजी तथा क्षमता विकास सम्बन्धी

३) सार्वजनिक संस्थानको कार्यकारी प्रमुखको सिफारिस सम्बन्धी

४) सार्वजनिक संस्थानको संगठन तथा जनशक्ति विकास सम्बन्धी

५) सार्वजनिक संस्थानका कर्मचारीको सेवा, शर्त र सुविधा सम्बन्धी

६) सार्वजनिक संस्थानको अनुगमन, मूल्यांकन तथा सूचना प्रणाली सम्बन्धी

ङ) पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्रले प्रस्ताव गरेका देहायका रणनीतिको कार्यान्वयन गर्न समेत माथि प्रस्तावित बोर्ड उपयुक्त हुनसक्छः

  १) आवश्यकता र उपादेयताका आधारमा संघीय प्रणाली बमोजिम उपयुक्त ठहरिएका सार्वजनिक संस्थानको पुनर्संरचना र स्थापना तथा सान्दर्भिक नदेखिएका संस्थानको विनिवेश गर्ने

  २) कानुनी तथा संस्थागत सुधार र आधुनिकीकरण गरी सार्वजनिक संस्थानको सञ्चालन, व्यवस्थापन र नियमनलाई प्रभावकारी बनाउने

**सन्दर्भ सामग्री**

१. पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) को आधारपत्र, नेपाल सरकार, राष्ट्रिय योजना आयोग

२. सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७६, नेपाल सरकार, अर्थ मन्त्रालय

३. सार्वजनिक संस्थान निर्देशन बोर्ड (गठन तथा कार्यसञ्चालन) आदेश, २०६९ (नेपाल राजपत्र, भाग ५, मिति २०६९ माघ २२ गतेको अर्थ मन्त्रालयको सूचना)

*लेखक नेपाल सरकारका पूर्व सचिव हुनुहुन्छ ।*

# वित्तीय संघीयता र नेपाल



झक्कप्रसाद आचार्य

## १. पृष्ठभूमि

नागरिकको प्रत्यक्ष सहभागिता र संलग्नतामा शासन सञ्चालन गर्नु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो । कानुनी शासन, प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन, वालिग मताधिकार, बहुमतको शासन, स्वतन्त्र न्यायपालिका लगायतका चरित्रहरू लोकतन्त्रका अन्तरनिहित चरित्रहरू हुन् । राज्य सञ्चालनमा जनताको सहभागितालाई सबै प्रकारका शासन प्रणालीमा त्यत्तिकै महत्वपूर्ण मानिन्छ । नागरिकलाई विकासका संवाहक र कार्यपालिका, न्यायपालिका र व्यवस्थापकीय अधिकारहरूको प्रयोग तल्लोतहबाटै गरी नीति निर्माण र सोको कार्यान्वयनमा जिम्मेवार बनाउन हाल विश्वका करिब २९ वटा देशहरूमा संघीयता सहितको शासन प्रणाली कार्यान्वयनमा रहेको छ । यसले अधिकार, जिम्मेवारी र उत्तरदायित्वको स्वयंबाट कार्यान्वयन गरी शासन व्यवस्था सञ्चालन गर्न नागरिकलाई सदैव जिम्मेवार र जागरूक बनाउँछ भन्ने मान्यता रहेको छ । नेपालमा सशस्त्र आन्दोलनको सफल व्यवस्थापन तथा वि.सं. २०६३ को आन्दोलनपछि स्थापित गणतन्त्रको संस्थागत कार्यान्वयन गर्ने नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा परिभाषित गरेपछि संघीय गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहका हुने व्यवस्थालाई स्पष्ट गरेको छ । संविधान जारी भएपछि गठन भएको स्थानीय तह पुनःसंरचना आयोगको सिफारिश बमोजिम ७ प्रदेश र ७५३ स्थानीय तहको संरचना तय भयो ।

> संविधान र कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहले पहिलो वर्षको बजेट कार्यान्वयन गरी हाल दोस्रो बजेट कार्यान्वयनको प्रक्रियामा छन् ।

तदनुरूप निर्वाचन आयोगद्वारा चरणवद्ध रूपमा तीनै तहको निर्वाचन सम्पन्न भयो । प्रदेश प्रमुख र प्रदेशको अस्थायी राजधानी समेत तोकिए । संविधान र कानुन बमोजिम संघ, प्रदेश र स्थानीय तहले पहिलो वर्षको बजेट कार्यान्वयन गरी हाल दोस्रो बजेट कार्यान्वयनको प्रक्रियामा छ । विशेषगरी वित्तीय संघीयताको कार्यान्वयन स्वयंमा नै जटिलतम विषय हो । नयाँ स्थापित प्रदेश र स्थानीय तहमा पर्याप्त कानुनी पूर्वाधारको अभाव, कर्मचारी अभाव, राजनीतिज्ञहरूको शीघ्र विकासको महत्वाकांक्षा र नागरिकको अपेक्षा र प्रत्यक्ष निगरानी तथा गाउँ गाउँमा सिंहदरबारको नाराको कार्यान्वयन छिटोभन्दा छिटो गर्ने अभिप्रायको पृष्ठभूमिमा अपेक्षित नतिजा प्राप्त नभएको अनुभूति भएको छ । तथापि विश्व परिदृश्यमा नेपालको वित्तीय संघीयता कार्यान्वयनमा भएको प्रगति उदाहरणिय रहेको छ ।

## २. वित्तीय संघीयता

संघीय संरचनाको आधारभूत पक्ष वित्तीय संघीयता हो । संघ, प्रदेश र स्थानीय तहको लागि आवश्यक पर्ने स्रोतहरूको पहिचान, बाडफाँड, खर्च, सोको अभिलेख, लेखा परीक्षण तथा संघ, प्रदेश र स्थानीय तहको संचित कोषको व्यवस्थापन कार्यको समष्टिलाई वित्तीय संघीयताको रूपमा बुझिन्छ । नेपालको संविधानबमोजिम तीन तहका सरकारका अधिकारहरूको प्रयोग र संचालनको लागि स्रोत र खर्च व्यवस्थापन गर्न तीनै वटा तहले आआफ्नो अधिकार क्षेत्रको सन्दर्भमा कानुन बनाउने, बजेट ल्याउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्नुको साथै मौजुदा प्राकृतिक स्रोतको उपयोग र सोको समन्यायिक वितरण गरी लाभ प्राप्त गर्नुपर्छ । तीन तहको सरकारको संविधानले गरेका व्यवस्थाहरूमा स्पष्ट रूपमा उल्लेख गरिएका अधिकार

क्षेत्रहरू बाहेक एक वा एकभन्दा बढी तहहरूका साझा अधिकारहरूको प्रयोग र तिनको कार्यान्वयनको लागि तयार गर्नुपर्ने कानुनहरू समयमा बनाई कार्यान्वयनमा ल्याउन नसकेको कारण अहिले संघीयता कार्यान्वयन र विशेषगरी वित्तीय संघीयताको विषय जटिल र पेचिलो बनेको छ ।

सामान्यतः आर्थिक र वित्तीय विषयहरूलाई संविधान, कानुन र अभ्यासमा व्यवस्थित गर्ने कार्यलाई वित्तीय संघीयता भनिन्छ । वास्तवमा यसमा मौद्रिक नीति, कर, भन्सार र वाणिज्यसँग सम्बन्धित विषयहरू जोडिएका हुन्छन् । समग्रमा सरकारले अर्थ संकलन गर्ने, कानुनको सीमा, परिधि र प्रक्रियाभित्र संग्रह र खर्च गर्ने गराउने संयन्त्र नै वित्तीय संघीयता हो । विभिन्न तहको खर्च जिम्मेवारी, राजस्व व्यवस्था, राजस्व साझेदारी तथा ऋणको संयुक्त स्वरूपलाई सघीय वित्तीय व्यवस्था भनिन्छ ।

कानुनको शासनमा सबै कामहरू कानुन बमोजिम हुनुपर्छ । तसर्थ राजस्व परिचालन, स्रोत बाँडफाँड र बजेट निर्माण जस्ता कार्यहरू कानुन बमोजिम गरी समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी वित्तीय संघीयताको कार्यान्वयनमा सबैमा सहयोग र साझेदारी जरूरी छ ।

### ३. वित्तीय संघीयताका प्रमुख पक्षहरु

संघीयता कार्यान्वयनको महत्वपूर्ण पक्ष वित्तीय संघीयता हो । यो अर्थराजनीतिक विषय पनि हो । वित्त व्यवस्थापनका प्रमुख आयामहरू मौजुदा स्रोतको कुशलतम् विनियोजनको विषयमा तल्ला तहका सरकारहरूको संलग्नता र भूमिकाको बढी महत्व हुन्छ । संघीयताको सबल कार्यान्वयन गरी नागरिकलाई अधिकार सम्पन्न, जिम्मेवार, उत्तरदायी र आवश्यकता अनुसार स्रोतको पहिचान र उपयोगको सन्दर्भमा राख्न वित्तीय संघीयता कार्यान्वयनका प्रमुख पक्षहरू देहाय अनुसार छन् :

#### (क) खर्चको जिम्मेवारी

संघीयताको आधारभूत पक्ष कार्य जिम्मेवारी विभाजन र खर्च व्यवस्थापन हो । संघीयता अवलम्बन गरेका विश्वका सबै देशहरूमा खर्चको जिम्मेवारी कानुनद्वारा स्पष्ट गरिएको हुन्छ । नेपालको सन्दर्भमा नेपालको संविधानमा तीन तहका सरकारहरूको जिम्मेवारी र अधिकार स्पष्ट गरिएको छ । विशेषगरी आर्थिक वित्तीय, प्राविधिक र अन्तर्राष्ट्रिय सम्बन्ध समेतको आधारमा हेर्दा संघ, प्रदेश र स्थानीय तहको कार्यहरूको प्रकृति पनि फरक फरक रहन्छ । संविधानले संघ, प्रदेश र स्थानीय तहको अधिकार प्रयोगको लागि अलग अलग आर्थिक कार्यप्रणालीलाई व्यवस्थित गरी संघीय संचित कोष, प्रदेश संचित कोष र स्थानीय संचित कोष समेत तीनै तहको स्रोत परिचालन, कोष व्यवस्थापन, खर्च निकाशा पद्धति जाँच परीक्षण लगायतका वित्त व्यवस्थापन कार्यहरूलाई संवैधानिक प्रत्याभूति प्रदान गरेको छ ।

#### (ख) राजस्व

संविधान र अन्य प्रचलित कानुन बमोजिम वित्त व्यवस्थापन गर्न राजस्व सबै तहको सरकारको महत्वपूर्ण स्रोत हो । आयकर, मू.अ. कर, उत्पादनमा लाग्ने अन्तस्शुल्क एवं वैदेशिक व्यापारमा लाग्ने भन्सार महसुल उठाउने अधिकार संघको हुन्छ । प्रदेशको एकल अधिकार कृषि आयमा लाग्ने कर हो भने प्रदेश र स्थानीय तहहरूको अधिकारमा सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, विज्ञापन कर र मनोरञ्जन कर लगाइन्छ । स्थानीय तहले मात्र लगाउने कर सम्पत्ति कर, घरबहाल कर, भूमिकर हुन भने तीनै तहका सरकारले प्रदान गर्ने सेवामा शुल्क, दण्ड र जरिवाना समेत लिन सक्ने व्यवस्था छ ।

#### (ग) वित्तीय हस्तान्तरण

वित्तीय हस्तान्तरण प्रदेश र स्थानीय तहको नेपाल सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण प्रमुख स्रोत हो । यस अन्तर्गत समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रहेका छन् ।

#### (घ) ऋण लिने अधिकार

नेपालको संविधान बमोजिम वैदेशिक सहायता र ऋण लिने अधिकार नेपाल सरकारलाई मात्र छ । नेपाल सरकारको स्वीकृतिमा प्रदेशले पनि लिन पाउने व्यवस्था छ । साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐनले वैदशिक सहायता परिचालनका क्षेत्रहरू स्पष्ट तोकेको छ ।

### ५. कानुनी तथा संस्थागत व्यवस्था

संघीयताको सफल कार्यान्वयनको महत्वपूर्ण भागको रूपमा रहेको वित्तीय संघीयताको कानुनी आधारको रूपमा नेपालको संविधान र अन्य कानुनहरू कार्यान्वयनमा छन् भने केही द्विविधाहरूको निराकरणको लागि कानुन बनेर संशोधन हुने प्रक्रियामा रहेका छन् ।

#### (क) नेपालको संविधान

- धारा ४ नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो ।

- धारा ५६ मा राज्यको संरचना संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी ३ तह हुनेछ ।
- धारा ५७ मा राज्यशक्तिको बाँडफाँड अनुसूची ५,६,७,८,९ मा व्यवस्था भए अनुरूप एकता तथा साझा अधिकार संविधान र संघ, प्रदेश र स्थानीय कानुन बमोजिम प्रयोग गर्ने व्यवस्था गरेको छ ।
- धारा ५८ मा अवशिष्ट अधिकार संघलाई छ ।
- धारा ५९ मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति र योजना तयार गर्ने र त्यसको कार्यान्वयनको अधिकारको सुनिश्चितता गरिएको छ ।
- धारा ६० मा संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउने सक्ने व्यवस्था गरिएको छ ।
- धारा २३२ मा तीन तहको सरकारको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने तथा प्रदेश कानुन संघीय र प्रदेश कानुनसँग बाझ्न नहुने सुनिश्चित गरिएको छ ।
- धारा २५० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको व्यवस्था र धारा २५१ मा आयोगको काम कर्तव्य र अधिकार तोकिएको छ । मुख्यतया आयोगले तीन तहका सरकारबीच राजस्व बाँडफाँडका विस्तृत आधार र ढाँचा निर्धारण गर्ने, अनुदानहरू सिफारिस गर्ने, समष्टिगत आर्थिक परिसूचकहरूको विश्लेषण गरी तीन तहको सरकारले लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने, प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी उठ्न सक्ने विवादहरूको निवारणको लागि सुझाव दिने रहेको छ ।

**(ख) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४**

नेपाल सरकार, प्रदेश र स्थानीय तहको राजस्वको अधिकार, राजस्व बाँडफाँड, अनुदान, ऋण, बजेट व्यवस्थापन, सार्वजनिक खर्च तथा वित्तीय अनुशासन सम्बन्धमा आवश्यक व्यवस्थापन गर्न बनेको ऐन हो ।

ऐनका प्रमुख प्रावधानहरूमा राजस्व सम्बन्धी कर, गैरकर तथा रोयल्टी लगाउन सक्ने, गैरकरका आधार निर्धारण गर्ने एकता प्रशासन गर्ने कर, गैरकर, मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क बाँडफाँड, सवारी साधन करको बाँडफाँड र प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँड, अनुदान सम्बन्धमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान, नेपाल सरकारले सशर्त, समपूरक विशेष अनुदान दिने व्यवस्था रहेको छ ।वैदेशिक सहायता र आन्तरिक ऋण नेपाल सरकारको स्वीकृतिमा लिन सकिनेछन् ।सार्वजनिक खर्च व्यवस्था, राजस्व र व्ययको अनुमान तथा नेपाल सरकार, प्रदेश र स्थानीय तहवीच अन्तरसरकारी वित्त व्यवस्थापनका विषयमा आवश्यक परामर्श तथा समन्वय गर्न नेपाल सरकारका अर्थमन्त्रीको संयोजकत्वमा सवै प्रदेश अर्थमन्त्री सदस्य हुने गरी २६ सदस्यीय अन्तरसरकारी वित्त परिषद् रहने व्यवस्था रहेको छ ।

**(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४**

स्थानीय तहलाई देहाय बमोजिमको कर लगाउने अधिकार प्रदान गरेको छः

- घर वा घरले चर्चेको जग्गामा सम्पत्ति कर अन्य जग्गामा भूमिकर लगाउने
- भवन, पसल, ग्यारेज, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी बहाल रकममा कर लगाउने
- पूँजीगत लगानी वा आर्थिक कारोवारका आधारमा व्यबसाय कर लगाउन सक्ने
- बहाल बिटौरी कर लगाउन सक्ने
- पार्किङ्ग शुल्क लगाउन सक्ने
- जडीबुटी, कवाडी र जीवजन्तु संकलन हुने स्थानको स्थानीय तहले यी बस्तुमा कर लगाउन सक्ने ।

**(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६**

संघीय संचित कोष र अन्य सरकारी कोष सञ्चालन तथा व्यवस्थापन, बजेट तर्जुमा, निकासा तथा खर्च, आर्थिक कारोवारको लेखांकन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण, लेखा परीक्षण तथा अन्य गतिविधिलाई व्यवस्थित गरी संघीय वित्तीय व्यवस्थापन प्रणालीलाई जिम्मेवार, पारदर्शी, नतिजामूलक तथा उत्तरदायी बनाउन, समष्टिगत आर्थिक उत्तरदायित्व कायम गर्न र संघ, प्रदेश तथा स्थानीय तहको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न यो ऐन ल्याइएको छ ।

**(ङ) अन्य**

- समपूरक अनुदान कार्यविधि, २०७५
- विशेष अनुदान कार्यविधि, २०७५

- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्रोतका बाँडफाँड सम्बन्धी सिफारिस
- राष्ट्रिय योजना आयोगबाट अनुदान वितरण सम्बन्धी मार्गदर्शन तथा समपूरक र विशेष अनुदान वितरण सम्बन्धी आयोजनाहरूको विवरणहरू

**(च) संस्थागत व्यवस्था**

वित्तीय संघीयता कार्यान्वयनमा तीनवटै तहका व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संसदीय समितिहरू, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय लगायत संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला संस्थाहरूको भूमिका रहेको छ । साथै अन्तरसरकारी वित्त परिषद्‌ले पनि संघ, प्रदेश र स्थानीय तहमा देखिएका समस्याहरूको पहिचान र समाधान गर्ने कार्य गर्दै आएको छ ।

**६. तीन तहको सरकारका वित्तीय स्रोत र बाँडफाँड सम्बन्धी व्यवस्था**

नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन तथा अन्य प्रचलित कानुनमा व्यवस्था भएबमोजिम संघ, प्रदेश र स्थानीय तहको वित्तीय स्रोतहरू देहायबमोजिम छन् :

| संघ | प्रदेश | स्थानीय तह |
|---|---|---|
| (क) **कर**<br>● भन्सार महशुल<br>● अन्तःशुल्क<br>● मूल्य अभिवृद्धि कर<br>● संस्थागत र व्यक्तिगत आयकर<br>● पारिश्रमिक कर<br><br>(ख) **गैरकर**<br>● राहदानी शुल्क<br>● भिसा शुल्क<br>● पर्यटन दस्तुर<br>● सेवाशुल्क दस्तुर<br>● जुवाचिठ्ठा, क्यासिनो<br>● दण्ड जरिवाना<br>(ग) वैदेशिक सहायता<br>(घ) आन्तरिक ऋण<br>(ङ) संघीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैरकर | (क) **कर**<br>● घरजग्गा रजिष्टेशन शुल्क<br>● सवारी साधन कर<br>● मनोरञ्जन कर<br>● विज्ञापन कर<br>● कृषि आयमा लाग्ने कर<br><br>(ख) **गैरकर**<br>● सेवा शुल्क दस्तुर<br>● पर्यटन शुल्क<br>● दण्ड जरिवाना<br>(ग) प्रदेशको अधिकार क्षेत्रको विषयमा प्रदेश कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैरकर<br>(घ) संघीय सञ्चित कोषबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष)<br>(ङ) प्रदेशको एकल अधिकार तथा प्रदेश र स्थानीय तह दुवैको अधिकार क्षेत्रमा रहेको स्रोतबाट प्राप्त हुने राजस्व<br>(च) नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने वैदेशिक सहायता र ऋण | (क) **कर**<br>● सम्पत्ति कर<br>● घरबहाल कर<br>● घरजग्गा रजिष्ट्रेशन कर<br>● सवारी साधन कर<br>● भूमिकर कर (मालपोत)<br>● मनोरञ्जन कर<br>● विज्ञापन कर<br>● व्यवसाय कर<br><br>(ख) **गैरकर**<br>● सेवा शुल्क दस्तुर<br>● पर्यटन शुल्क<br>● दण्ड जरिवाना<br>(ग) स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानुन र अन्य प्रचलित कानुन अनुसार लगाइने अन्य कर तथा गैरकर<br>(घ) संघीय र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने अनुदान (वित्तीय समानीकरण, सशर्त, समपूरक र विशेष)<br>(ङ) नेपाल सरकारको स्वीकृतिमा प्राप्त हुने वैदेशिक सहायता र ऋण |

यसप्रकार संविधानले राजस्वका केही स्रोतहरू एकभन्दा बढी तहका सरकारको अधिकारको रूपमा समेत राखेको छ । यसबाट दुई वा दुईभन्दा बढी तहले एउटै क्रियाकलापमा दोहोरो तेहेरो कर तथा गैरकर लगाउन सक्ने देखिन्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार जुन तहले कर उठाउँछ सो तहले ६० प्रतिशत आफ्नो संचितकोषमा जम्मा गरी ४० प्रतिशत अर्को तहको संचित कोषमा पठाउनुपर्ने व्यवस्था गरेको छ । ऐन बमोजिम साझा अधिकारमा रहेका राजस्वको दर तोक्ने र संकलन गर्ने व्यवस्था देहाय अनुसार रहेको छः

| राजस्वका प्रकार | नीति बनाउने र दर तोक्ने | संकलन गर्ने | प्रदेशको हिस्सा प्रतिशत | स्थानीयको हिस्सा प्रतिशत |
|---|---|---|---|---|
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| विज्ञापन कर | स्थानीय | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| घर जग्गा रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |

**(क) राजस्व बाँडफाँडको आधार**

संघीय संरचनामा तीन तहको सरकारको वित्तीय स्रोतको बाँडफाँड गर्ने प्रयोजनको लागि नेपालको संविधान, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धी व्यवस्थाहरू रहेका छन् । नेपालको संविधानको धारा ६० मा नेपाल सरकारले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने व्यवस्था मिलाइने प्रावधान छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐनको दफा ६ मा नेपाल सरकारले संकलन गर्ने राजस्व मध्ये मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तस्शुल्क रकम ७० प्रतिशत नेपाल सरकारलाई १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने व्यवस्था छ ।प्रदेशलाई छुट्टाइएको १५ प्रतिशतलाई शतप्रतिशत मानी सात प्रदेशहरूमा र स्थानीय तहलाई ७५३ स्थानीय तहहरूमा बाँडफाँड गर्नको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐनको दफा १५ मा देहायका आधारहरूमा राजस्व बाँडफाँडको आधार र ढाँचा तयार गर्ने दायित्व राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको रहेको छ ।

- जनसंख्या र जनसांख्यिक वितरण विशेष अवस्था
- क्षेत्रफल
- मानव विकास सूचकांक
- खर्चको आवश्यकता
- राजस्व संकलनमा गरेको प्रयास
- पूर्वाधार विकास

प्रदेश र स्थानीय तहको साझा अधिकारमा रहेका राजस्व पछि बाँडफाँड हुने हुँदा सोको बाँडफाँड गर्ने अधिकार पनि वित्त आयोगको छ । यसरी बाँडफाँड गरिएको राजस्व प्रदेश र स्थानीय विभाज्य कोषमा जम्मा गरी सो कोषबाट आयोगको सिफारिसमा प्रदेश संचित कोष र स्थानीय संचित कोषमा जम्मा हुनेगरी मासिक रूपमा उपलब्ध गराउने दायित्व नेपाल सरकार हुन्छ ।

**प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड**

नेपाल सरकार, प्रदेश र स्थानीय तहवीच संघीय कानुन बमोजिम प्रकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड गर्न संघीय संचित कोष खडा गरी तीन तहका संचित कोषहरूमा वार्षिक रूपमा रकम जम्मा गर्नुपर्छ । पर्वतारोहण, विधुत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको वित्त आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने प्रदेश र स्थानीय तहलाई प्रभावित भएको अनुपातमा समन्यायिक रूपमा बाँडफाँड र वितरण गर्ने व्यवस्था गरेको छ ।

| क्र.स. | रोयल्टीको शीर्षक | नेपाल सरकार | सम्बन्धित प्रदेश | सम्बन्धित स्थानीय तह |
|---|---|---|---|---|
| १ | पर्वतारोहण | ५० | २५ | २५ |
| २ | विद्युत | ५० | २५ | २५ |
| ३ | बन | ५० | २५ | २५ |
| ४ | खानी तथा खनिज | ५० | २५ | २५ |
| ५ | पानी तथा अन्य प्राकृतिक स्रोत | ५० | २५ | २५ |

रोयल्टी बाँडफाँड गर्दा नेपाल सरकारलाई ५० प्रतिशत प्रदेशलाई २५ प्रतिशत र स्थानीयतहलाई २५ प्रतिशत हुने व्यवस्था छ । यसरी राजस्वको बाँडफाँडको रकम सबै प्रदेश र स्थानीय तहले प्राप्त गर्छन भने रोयल्टी प्रभावित प्रदेश र स्थानीय तहले मात्र पाउँछन् ।

**(ख) वित्तीय हस्तान्तरण**

नेपालको संविधानमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा देहायका चार प्रकारका अनुदानका माध्यमबाट प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण गर्ने व्यवस्था रहेको छ ।

**(अ) वित्तीय समानीकरण अनुदान**

नेपालको संविधानको धारा ६०(४) बमोजिम नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा र धारा ६०(५) मा प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठ्ने राजस्वलाई मातहतको स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा प्रदेश कानुन बमोजिम वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था छ । साथै संघीय संचितकोषबाट प्रदेश र स्थानीय सरकारलाई प्रदान गरिने समानीकरण अनुदानको सिफारिस राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले गर्ने प्रावधान छ । संविधानको अनुसूचीमा तोकिएका कार्यहरू सम्पादन गर्नको लागि प्रदेश र स्थानीय तहलाई यो महत्वपूर्ण स्रोत हो । यसको लागि राजस्वको क्षमता र खर्चको आवश्यकता वीचको अन्तर पहिचान गर्नु जरूरी छ । वित्त आयोग ऐन, २०७४ बमोजिम समानीकरण अनुदानका लागि लिनुपर्ने आधारहरू निम्नानुसार छन् :

- प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता मानव विकास सूचकांक
- अन्य प्रदेश वा स्थानीय तहको सन्तुलित विकासको अवस्था
- प्रदेश स्थानीय तहमा रहेको आर्थिक सामाजिक वा अन्य कुनै प्रकारको विभेदको अवस्था
- प्रदेश र स्थानीय तहको पूर्वाधार विकासको अवस्था र आवश्यकता
- प्रदेश र स्थानीय तहले जनतालाई पुर्‍याउनुपर्ने सेवा
- प्रदेश तथा स्थानीय तहको राजस्वको अवस्था र उठाउन सक्ने क्षमता
- प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता

तर वित्तीय समानीकरण अनुदान वितरण गर्ने प्रयोजनको लागि प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता यकीन गर्ने र आर्थिक र राजस्वको आधारलाई बैज्ञानिक रुपमा विश्लेषण गर्ने कार्य बढी चुनौतीपूर्ण रहेको छ ।

**(आ) सशर्त अनुदान**

यो अनुदान नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई र प्रदेशले स्थानीय तहलाई उपलब्ध गराउँछ । प्रदेश र स्थानीय सरकारको राष्ट्रिय नीति तथा कार्यक्रम, मानक, पूर्वाधारको अवस्था अनुसार सशर्त अनुदान उपलब्ध गराउन राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले आधार तयार गर्नुपर्ने संवैधानिक व्यवस्था छ । यस्तो अनुदान क्रियाकलाप, आयोजना वा कार्यक्रमसँग आवद्ध गरी तिनमा त्यसको लागि आवश्यक पर्ने रकम उपलब्ध गराइन्छ । यो अनुदान आवद्ध र सशर्त हुन्छ । तोकिएको काममा खर्च गर्नुपर्ने र सो वर्ष खर्च हुन नसकेमा काम सम्पन्न गर्नेगरी अर्को वर्ष उपलब्ध हुन सक्छ । अन्तरसरकारी वित्त व्यवस्थापन ऐन अनुसार सशर्त अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्ने सक्ने र सम्बन्धित प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने र प्रदेशले प्रदेश कानुन बमोजिम अनुदान उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।

**(इ) वैदेशिक सहायता**

देशको समष्टिगत आर्थिक स्थायित्व हुनेगरी वैदेशिक सहायता र ऋण लिने अधिकार संविधान बमोजिम नेपाल सरकारलाई छ । केन्द्र सरकारको सहमतिमा वैदेशिक अनुदान र सहयोग लिने अधिकार रहेको छ भने ऋणको अधिकार भने छैन । स्थानीय तहलाई कुनै पनि प्रकारको वैदेशिक सहायता प्राप्त र परिचालन गर्ने अधिकार छैन ।

(ई) **आन्तरिक ऋण**

संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ भन्ने व्यवस्था अनुसार प्रदेश र स्थानीय तहलाई वैदेशिक ऋणको अधिकार नभएकोले घाटा बजेट व्यवस्थापन गर्न आन्तरिक ऋण लिनुपर्ने हुन्छ । संघ, प्रदेश र स्थानीय तहको आन्तरिक ऋण लिनको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत आर्थिक सूचकहरूको विश्लेषण गरी ऋणको सीमा सिफारिश गर्ने संविधानको धारा २५१ मा व्यवस्था छ । साथै अन्तरसरकारी वित्त व्यवस्थापन ऐनमा नेपाल सरकार र प्रदेश सरकारले ऋणपत्र जारी गरी वा नगरी तथा स्थानीय तहले ऋणपत्र जारी नगरी आन्तरिक ऋण उठाउन सक्ने व्यवस्था गरिएको छ ।

(उ) **नेपाल सरकारबाट ऋण**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १५ मा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई ऋण दिन सक्ने व्यवस्था छ । प्रदेश र स्थानीय तहले ऋण रकमको उपयोग, भुक्तानीको तरिका तथा समय सीमा समेत उल्लेख गरी ऋणको लागि अर्थ मन्त्रालयमा अनुरोध गरेमा र उक्त अनुरोध मनासिब देखिएमा नेपाल सरकारले ऋण प्रदान गर्ने स्वीकृति तथा ऋण प्रदान गर्न सक्ने र सम्झौता बमोजिमको अवधिमा ऋण चुक्ता नगरेमा नेपाल सरकारले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई उपलब्ध गराउने अनुदानबाट त्यस्तो ऋण रकम असुल गर्न सक्ने व्यवस्था छ ।नेपाल सरकारबाट प्रदान गरिने ऋण बजारबाट उपलब्ध हुने ऋणको लागत भन्दा सस्तो हुने भएकोले अल्पकालमा राम्रो हुने देखिन्छ तर त्यसको प्रभावकारी उपयोग पूर्व विश्लेषण गरेर मात्र ऋणको बारेमा निर्णय लिनु बुद्धिमानी हुन्छ ।

## ७. समस्या र चुनौतीहरु

संघीयताको कार्यान्वयन सरल र सहज मार्ग होइन। एकात्मक शासन प्रणालीका विभिन्न चरित्र र व्यवहारबाट एकैपटक आत्मसात गरिएको संघीय प्रणालीको आधारभूत पक्ष वित्तीय संघीयताको पूर्वाधार निर्माण र कार्यान्वयन कार्य स्वभाविक रुपमा जटिल विषय हो । नेपालले करिब एक डेढ वर्षको छोटो अवधिमा केही महत्वपूर्ण कानुन तथा संस्थागत संरचनाहरू निर्माण गरी वित्तीय संघीयताको कार्यन्वयनमा गरेको उपलब्धी उल्लेखनीय छ । तथापि यो अत्यन्तै जटिल, प्राविधिक र सबैको सहयोग, समन्वय, सहकार्य र सहभागिताको निरन्तर आवश्यकता पर्ने विषय भएकोले केही समस्याहरू यद्यपि छन् तर शीघ्र समाधानको दिशातिर प्रमुख रहेका छन् ।

**प्रमुख समस्या तथा चुनौतीहरु**

१. संविधानका अनुसूचीमा उल्लेखित कार्यहरू सम्पादनको लागि तथा साझा अधिकारको कार्यान्वयन गर्न कानुन निर्माणमा केही ढिलाइले द्विविधा र असहजता ल्याएको छ ।
२. संघीयताको कार्यन्वयन भई प्रदेश र स्थानीय तहको सरकारहरू गठन भएको २ वर्ष बितिसकेको छ । हालसम्म पनि प्रदेश र स्थानीय तहको लागि आवश्यक जनशक्ति व्यवस्थापन हुन नसक्दा समयमा बजेट ल्याउने, विकास निर्माण र सामाजिक क्षेत्रका कामहरू यथोचित रूपमा सम्पन्न हुन सकेका छैनन् ।
३. स्पष्ट कानुन र दृष्टिकोणको अभावमा प्रदेश र स्थानीय सरकारहरूको जनभावना विपरित कर लगाउने, फिर्ता लिने जस्ता प्रवृत्तिले सरकारप्रतिको विश्वास र भरोसामा केही कमी आउने र अन्तः संघीयताको मर्म र भावना अनुसारको डेलिभरी नहुने चुनौती छ ।
४. संघ, प्रदेश र स्थानीय तहमा हस्तान्तरण हुने अनुदान रकमको कानुन बमोजिम विनियोजन र खर्च हुन सकेको छैन ।
५. अन्तर प्रदेश र अन्तर स्थानीय निकायवीच आर्थिक क्रियाकलाप र स्रोत परिचालनमा आपसी समन्वय कायम गर्ने, दोहोरोपना हुन नदिने, स्रोत छरिन नदिने र एक तहको कार्यलाई अर्को तहको कार्यसँग परिपूरक बनाउने वातावरणको विकास गर्न सकिएको छैन ।
६. वित्तीय संघीयता कार्यान्वयनको लागि प्रदेश र स्थानीय तहको क्षमता विकास हुन सकेको छैन ।
७. खर्चको लेखांकन, लेखापरीक्षण र खर्चको प्रतिवेदन तयार गरी, उपलब्धिको लेखाजोखा गर्ने संयन्त्रको विकास हुनसकेको छैन ।
८. बाह्य स्रोत परिचालनको अधिकार संघमा मात्र भएतापनि प्रदेश र स्थानीय तह सिधै विदेशी दातृ निकायसँग सम्पर्क गर्ने र ती संस्थाहरूपनि सोझै कार्यक्रमको लागि प्रदेश र स्थानीयतहलाई प्रस्ताव गर्ने प्रवृत्ति रहेको छ ।
९. विभाज्य कोषहरू स्थापना भएका तर पूर्ण रूपमा कार्यान्वयनमा आउन नसकेको ।
१०. अन्तरतह द्वन्द्व, अन्तर प्रदेश र अन्तरस्थानीय तह द्वन्द्व, प्रतिस्पर्धा र प्राकृतिक स्रोतको उपयोगमा आई समस्यामा देखिन सक्ने समन्वयको अभावलाई सम्बोधन गर्ने ।

११. प्रदेश र स्थानीय तहमा सूचना प्रविधिमा आधारित प्रणालीहरूको स्थापना गरी बजेट विनियोजन, कार्यान्वयन लगायत समग्र प्रक्रियामा दक्षतायुक्त अभाव छ ।
१२. सुदृढ स्वचालित, एकीकृत कोष प्रवाह र प्रतिवेदन प्रणाली स्थापना गरी प्रभावकारी कार्यान्वयनबाट वित्तीय सुशासन अभिवृद्धि एकदमै चुनौतीपूर्ण विषय बनेको छ ।

## आगामी बाटो

१. संघ, प्रदेश र स्थानीय तहको करारोपणको विषयमा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन र स्थानीय सरकार सञ्चालन ऐनसँग बाझिएका विषयहरू तत्काल निराकरणको लागि नेपाल सरकारले पहल गर्नुपर्ने ।
२. नेपाल सरकारले स्थानीय तहको लागि तयार गरेको सूत्र प्रणालीको बारेमा सरोकारवाला निकायहरूलाई सुसूचित तथा कार्यान्वयनको वातावरण तयार गरी बाँकी स्थानीय तहमा तत्काल कार्यान्वयनमा ल्याउने ।
३. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहमा आवश्यक वैदेशिक सहायता परिचालन गर्ने स्पष्ट कार्यविधि वा निर्देशिका तयार गर्नुपर्ने ।
४. प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण लिनको लागि कुनै पनि कानुनी तथा मौद्रिक औजारहरूको विकास गर्न हाल नेपाल सरकारले आन्तरिक ऋण लिन उपयोग गर्ने राष्ट्र ऋण ऐनमा आवश्यक संशोधन गरी प्रदेश र स्थानीय तहले ऋण लिने विधि र प्रक्रिया तोक्नुपर्ने ।
५. दूरसञ्चार फ्रिक्वेन्सी र रोयल्टीको बाँडफाँड सम्बन्धमा हाल देखिएको समस्या समाधानको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमार्फत थप अध्ययन अनुसन्धान गर्नुपर्ने ।
६. वित्तीय समानीकरण अनुदान वितरणको लागि प्रदेश र स्थानीय तहको वास्तविक स्रोतको आवश्यकता र राजस्वको आधारको पहिचानको मापदण्डलाई थप वैज्ञानिक र वस्तुगत बनाउने
७. उपलब्ध वित्तीय स्रोतको बहुआयामिक उपयोग गर्न अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यक्रम बनाई MTEF/ बजेटसँग तादात्म्य हुने गरी स्रोत परिचालन र खर्च गर्ने ।
८. संघ, प्रदेश र स्थानीय तह तथा अन्तर प्रदेश, प्रदेश र स्थानीय तहबीच कार्यमूलक सम्बन्ध स्थापित गर्ने ।
९. नेपाल सरकारबाट प्रदेश र स्थानीय तहमा विभाज्य कोष मार्फत जानुपर्ने रकम मासिक रूपमा हिसाव गरी उपलब्ध गराउनुपर्ने ।
१०. प्रदेश र स्थानीय तहमा विकासमूलक गतिविधि सञ्चालन होस् वा सेवा प्रवाहमा जनभावनाको सदैव कदर गरी सुशासनको प्रत्याभूति हुनुपर्ने ।

## निष्कर्ष

परिवर्तनलाई आन्तरिकीकरण गर्ने कठिन कार्य हो । नेपालमा नागरिक भावनाको कदर गर्दै सिंहदरबारमा केन्द्रित शासनलाई गाउँ गाउँमा पुऱ्याउने अभियानलाई सार्थक बनाउन नेपालमा संघीय शासन प्रणाली अबलम्बन गरिएको हो । संघीयता कार्यान्वयनको सबैभन्दा जटिल पक्ष वित्तीय संघीयता हो । नेपालको लागि यो नौलो अभ्यास भएतापनि करिब २ वर्षको अवधिमा थुप्रै कानुनी तथा संस्थागत संरचनाको कार्यहरू भएका छन् । कानुनमा देखिएका केही अस्पष्टताहरूको निरूपण तथा मौजुदा कानुनहरूको प्रभावकारी कार्यान्वयन, परीक्षणको आधारमा देखिएका समस्याहरूको सामयिक रूपमा समाधान गर्दै प्रदेश र स्थानीय तहमा उच्च मनोबलयुक्त जनशक्तिको व्यवस्थापन गर्न जरूरी छ । साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको पूर्णता, पर्याप्त स्रोत साधन र निरन्तर अध्ययन अनुसन्धानमा केन्द्रित गरी सवल वित्तीय संघीयतामार्फत संघीय शासन प्रणालीबाट सुखी नेपाली सम्बृद्ध नेपालको अभियानलाई साकार बनाउने कार्यमा सम्बन्धित सरोकारवाला ब्यक्ति तथा निकायहरूको सहकार्य, समन्वय र योगदानको आवश्यकता छ । ■

## सन्दर्भ सामग्री


- नेपालको संविधान, २०७२
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अर्याल, वैकुण्ठ, नेगो अर्थ सन्देश, निजामती कर्मचारी संगठन विभागीय समिति, अर्थ मन्त्रालय ।
- कार्की, डम्बरबहादुर, राजस्व पत्रिका, सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र ।
- वित्तीय संघीयता एक अध्ययन, Forum of Freedoms
- सुवेदी, सोमलाल, संघीयता र कार्य जिम्मेवारी निर्धारण, युनाइटेड प्रिन्टर्स ।
- शर्मा, डा. रूद्र, संघीय विवाद निरूपण, युवा विकासको लागि संवैधानिक केन्द्र ।


*लेखक कृषि विकास बैंक लि. का सञ्चालक तथा अर्थ मन्त्रालयका सहसचिव हुनुहुन्छ ।*

# नेपालको ग्रामीण विकासमा कृषि विकास बैंकबाट हुन सक्ने भूमिका

■ श्रीकृष्ण उपाध्याय

**१. ऐतिहासिक पृष्ठभूमि**

कृषि विकास बैंक आज ५३ औं वर्षमा प्रवेश गरिसकेको छ । यस उपलक्ष्यमा तपाईंहरू सबैलाई बधाई र हार्दिक शुभकामना दिन चाहन्छु । यो बैंक २०२० सालमा सहकारी बैंकको रूपमा भूमि सुधार कार्यक्रमअन्तर्गत ऋण मोचन भएका किसानहरूलाई साझा सहकारी संस्थाको माध्यमबाट ऋण प्रवाह गर्न स्थापना गरिएको थियो । यसका लागि अमेरिकी सहायता नियोगले पूँजीको व्यवस्था र जनशक्ति विकासमा मद्दत पुऱ्याएको थियो । बैंकका कर्मचारीको क्षमता विकास गर्न संयुक्त राज्य अमेरिका र तेश्रो मुलुकमा सहकारीबाट गरिने वित्तीय सेवाबारे तालिम दिइएको थियो ।

त्यस बेलाका सहकारीहरू पञ्चायती व्यवस्थाको केन्द्रिकृत स्वरूपले गर्दा सरकारबाट नियन्त्रित थिए र स्वतस्फुर्त रूपमा जनताबाट संगठित भएका थिएनन् । यसले गर्दा सहकारीको माध्यमबाट मात्र ऋण प्रवाह गर्न सकिने अवस्था थिएन । त्यसकारण किसानलाई व्यक्तिगत रूपमा पनि ऋण उपलब्ध गराउने र उनीहरूको पनि सहभागिता र साझेदारी रहने गरी २०२४ सालमा कृषि विकास बैंकलाई एउटा छुट्टै ऐन अन्तर्गत स्थापना गरियो । यस बैंकको उद्घाटन नेपाल बैंकको पुरानो भवनमा स्वर्गीय श्री ५ महेन्द्रबाट माघ ७ गते २०२४ का दिनभएको थियो । त्यसबेला देशको केन्द्रीय बैंक नेपाल राष्ट्र बैंक र नेपाल बैंक, राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक र नेपाल औद्योगिक विकास निगमबाहेक अरू कुनै केन्द्रीय स्तरको बैंक थिएनन् ।

> ...त्यो समयमा बैंक सानो थियो र अनुसन्धान शाखामा हामी ३ जना कर्मचारी मात्र थियौं र हामीले विदेशी दातृ संस्थासँग सोझै कुरा गर्ने अवस्था आइपऱ्यो ।

बैंकलाई चाहिने पूँजी तत्कालिन श्री ५ को सरकारबाट प्राप्त हुन्थ्यो । तर पूर्वाधार, प्रविधि र विकासका अरू संरचना नभएकोले त्यो समयमा काम गर्न निकै कठिन थियो । बैंकका शाखाहरू चाहिने भन्दा ज्यादै कम थिए र कर्मचारीको संख्या पनि निकै कम नै थियो । यस्तो अवस्थामा करीब ४ वर्षसम्म बैंक रहेको थियो । सन् १९६८ सालमा एशियाली विकास बैंकको स्थापना भएपछिको पहिलो Fact Finding Mission नेपाल आयो र त्यस समयमा पंक्तिकारले सो Mission लाई बैंकले ऋण लगानी गरेका विभिन्न योजनाहरू देखाउने मौका मिल्यो । त्यो समयमा बैंक सानो थियो र अनुसन्धान शाखामा हामी ३ जना कर्मचारी मात्र थियौं र हामीले विदेशी दातृ संस्थासँग सोझै कुरा गर्ने अवस्था आइपऱ्यो ।

त्यस समयमा बैंकको व्यवस्थापनको लागि सरकारी निर्भरतामा मात्र बसेर बैंकको विकास र विस्तार गर्ने सोच थियो । हामी एकथरी कर्मचारी सरकार तर्फको निर्भरतालाई क्रमशः घटाएर बैंकलाई बढी श्रोत बाहिरबाट पनि परिचालन गरी चलाउने पक्षमा थियौं । यस्तो परिस्थितिमा एशियाली विकास बैंकको पहिलो मिसनलाई चित्त बुझाएर सहयोग लिन सकिने अवस्था आयो र त्यसमा हामी सफल भयौं र त्यहीबाट बैंकको विकास र विस्तार गर्ने काम सहज हुँदै गयो ।

बैंकमा सक्षम कर्मचारी प्रतिस्पर्धाको आधारमा नियुक्त गर्नुपर्ने व्यवस्था, पूर्वाधार नभएको ठाउँमा शाखा विस्तार गर्दै वित्तीय पहुँच बढाउनु पर्ने भएकोले बैंकलाई आवश्यक प्रविधि र कर्मचारीलाई तालिम तथा अन्य गैह्र बैंकिङ् सेवा पुऱ्याउन द्रुतगतिमा शाखा विस्तार गर्दै वैदेशिक सहायता परिचालन गर्नुपर्ने थियो । एक समयमा बैंकलाई विभिन्न खाले राष्ट्रसंघीय विकास संस्था, अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्था, बैंक र विदेशी सरकार गरी २७ वटा

निकायले वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराएका थिए। यसले गर्दा यो बैंक मात्र समष्टिगत रूपमा गाउँमा उद्यमशीलता विकास, वित्तीय पहुँच बढाउने र साना किसानको विकास गराउने एउटा सक्षम संस्थाको रूपमा उभिन पुग्यो । हरेक सरकारी ग्रामीण विकासदेखि कृषि विकास आयोजनामा यसको सहभागिता भयो र सबै नेपालको विकासको केन्द्रमा बैंक रहनपुग्यो ।

**२. खुलापना र प्रतिस्पर्धाको युग**

बैंकको कार्यक्रमलाई वृद्धि गरी व्यापक बनाएर दुर्गम ग्रामीण क्षेत्रमा विस्तार गर्नुपर्ने भएकोले पूँजीको निकै ठूलो अभाव हुन थाल्यो । त्यस समयमा शहरका जनतालाई बैंकिङ्ग सेवाउपलब्ध गराएर प्राप्त हुने पूँजीलाई ग्रामीण क्षेत्रको विकासमा लगाउने सिर्जनशील अवधारणा बनाइयो । त्यसैले २०४० सालमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिएर काठमाडौंमा पहिलो कम्पुटराइज्ड बैंकको रूपमा बैंकले नै बनाएको बैंकिङ्ग सफ्टवेयरमा आधारित १० वटा शाखाबाट बैंकिङ्ग सेवा शुरू गरियो । अरू सीमित बैंकको तुलनामा सेवा छिटो, छरितो र विश्वासिलो भएकोले जनसाधारणसामु राम्रो देखिन आयो र यसले वित्तीय कारोबार बढाउन धेरै नै सघाउ पुऱ्यायो ।

बैंकको पुनरसंचना कार्यक्रमअन्तर्गत नेपाल बैंक र राष्ट्रिय बाणिज्य बैंकलाई विश्व बैंकले र कृषि विकास बैंकलाई एशियाली विकास बैंकले ऋण र अनुदानदिएर सहयोग गऱ्यो । यसले गर्दा बैंकहरूको कार्यक्षमतामा अभिवृद्धि, उन्नत प्रविधिको प्रयोग र पूँजीमा विस्तार भएर बैंकहरू वित्तीय रूपमा सक्षमभए । दुई वटा वाणिज्य बैंकलाई विदेशीव्यवस्थापनमा राखेर सुधार प्रक्रिया पूरा गरियो । तर कृषि विकास बैंकको व्यवस्थापनक्षमता अरू बैंकको तुलनामा राम्रो भएकोले नेपालीकै व्यवस्थापनबाट वित्तीय सुधार गरेर बैंक सक्षम रूपमा खडा हुनपुग्यो । बैंकको विकास र विस्तार पछि बैंकिङ्ग व्यवस्थापनका सम्बन्धमा बैंकले गरेको प्रगति उत्साहजनक छ । बैंकको संचालक समिति, व्यवस्थापन पक्ष र कर्मचारी वर्गले गरेको जिम्मेवारीपूर्ण नेतृत्व र सुझबुझले गर्दा बैंकले कारोबारमा वृद्धि, नाफामा वृद्धि हुनुको साथै वित्तीय दक्षता कायम गर्दै उन्नत प्रविधिको प्रयोगबाट बजारमा आफ्नो उपस्थिति राम्रो बनाएको छ ।

**३. भविष्यमा लिनुपर्ने बाटो र चुनौतीहरु**

बहुदलीय व्यवस्था र गणतान्त्रिक नेपालकोशासन व्यवस्था भएपछि भएको आर्थिक, सामाजिक, राजनैतिक खुलापन र दूरसंचारको विस्तारसँगै विकासमा निकै चुनौतीहरूसँग सम्भावना पनि बढेका छन् । आर्थिक खुलापन, प्रतिस्पर्धात्मक व्यवस्था समुदायको संगठित विकासले गर्दा आर्थिक गतिविधिको विस्तार निकै भएको छ ।

शिक्षा, स्वास्थ्य, पूर्वाधार, दूरसंचार प्रविधिको विकासले गर्दा समाजको उद्यमशीलता र विकास गर्ने क्षमता पनि बढेको छ । यसले गर्दा वित्तीय क्षेत्र पनि फराकिलो भएको छ प्रतिस्पर्धाले गर्दा विकासको सम्भावना र चुनौती दुवै थपिएका छन् ।

यस्तो अवस्थामा वित्तीयपक्षलाई मात्र ध्यान दिएर बैंकहरूले यी नयाँ चुनौतीहरूलाई सामनागर्न सक्दैनन् । सरकारी संगठनको क्षेत्रमागाउँ, नगर, प्रदेशसम्म सरकारको विस्तार भएको छ । तर कामगर्ने संयन्त्रको कार्य क्षमतामा जनआकांक्षाको अनुपातमा वृद्धि हुन सकेको छैन । यसले गर्दा विद्यमान श्रोत साधनको दुरूपयोग हुने सम्भावना रहेको छ । कृषि विकास बैंक अधिराज्यव्यापी धेरै शाखा भएको एउटा सक्षम संस्था भएकोले यसले विकासमा योगदानगर्नुपर्ने आवश्यकता टड्कारो रूपमा देखिएको छ । शेयर संख्या र ग्राहकको हिसाबले यो नै सबैभन्दा ठूलो बैंक हो र यसको पहुँच देशको कुनाकाप्चासम्मपुगेको छ । यस बैंकका शेयर धनी धेरैजसो किसान नै भएकोले तिनीहरूको श्रोत हेर्नु पर्ने बैंकको प्रमुखकर्तव्य हुन आउँछ । यस बैंकको केन्द्रमा र प्रत्येक क्षेत्रमा आफ्ना तालिम केन्द्र छन् । जसले गर्दा आफ्ना कर्मचारी र ऋणी दुवैको क्षमता अभिवृद्धिमा अरू बढी योगदान पुऱ्याउन सकिन्छ । यसका साथै बैंकले साना किसान कार्यक्रम चार दशक अघि शुरू गरेर त्यसको गाउँदेखि केन्द्रसम्म संगठन विस्तारमा मद्दत पुऱ्याएको छ ।

यी सबै तथ्यलाई मननगर्दा कृषि विकास बैंकले देशको समृद्धिमा अझ बढी योगदान गर्ने समय र जिम्मेवारी आएको छ । यसका लागि बैंकले जिम्मेवारी भएर नेतृत्वदायी भूमिका लिन तत्पर हुनु पर्छ र सबैले त्यसको लागि सहयोग गर्नुपर्छ ।

बैंकले सबैलाई विकासको उपयोगी बाटो देखाउनका लागि वित्तीय पहुँच बढाउदै उपयुक्त प्रविधि,बजार, उद्यमशीलता र संगठन विकासमा जोड दिनु आवश्यक छ । वर्तमानव्यवस्थापन र सबै कर्मचारीको निष्ठापूर्वकको योगदानले गर्दा बैंक आर्थिक रूपले सक्षमभएको छ र शेयर धनीहरूलाई आकर्षक लाभांस दिन सफलभएकोले शेयर बजारमा यो आकर्षणको केन्द्र हुनपुगेको छ ।

भविष्यको बाटो पहिल्याउँदा निम्न कुरालाई ध्यान दिएर एउटा दूरदृष्टिको Vision Plan बनाउनु जरूरी छ ।

१) बैंकले भविष्यमा सम्भावनाको आधारमा शहरी र

ग्रामीण क्षेत्रमा के कस्ता र कुन कुन क्षेत्रमा लगानी गर्ने ।

२) आवश्यक ऋण, प्राविधिक सेवा, बजार, तालिम आदिलाई सँगसँगै लगेर ऋणीको आम्दानी नबढाएसम्म बैंकले पनि आफ्नो सेवा सुविधामा परिवर्तन ल्याएको ठहरिन्न । त्यसले गर्दा त्यसको मूल्यांकन ऋणीबाटै र स्वतन्त्र संस्थागत रूपमा हुनु जरूरी छ ।

३) अहिलेको परिस्थितिमा कुनै पनि संस्थाले कम लागतको प्रविधिको उपयोग गरेरश्रोत परिचालन गरी आफ्नो लगानीको प्रभाव देखाउन सक्ने अवस्था छ । त्यसकारण बैंकले कम लागतको पूँजीबाहिरबाट ल्याउने हो भने नयाँ सोच र कार्यक्रमका साथ अगाडि बढ्नु आवश्यक छ ।

४) बैंकले देश र जनताको चाहनाअनुसार विकासमा सहभागीहुन चाहन्छ भने नयाँ रणनीति बनाई विभिन्न स्तरका सरकार, सामाजिक संस्था, नीजि क्षेत्र, सहकारी संस्था र सामुदायिक संस्थासँग बढी सहकार्य र समन्वयगरेर हिंड्नु आवश्यक छ ।

५) सरकारले पनि आफ्नो अनुदान नीतिलाई परिवर्तन गरी पूँजीगत अनुदान दिंदा ऋण र अनुदानलाई मिलाएर लग्ने र त्यसको सदुपयोगको मूल्यांकनमा बैंकलाई सहयात्रीको रूपमाप्रयोग गर्नुपर्ने हुन्छ ।

६) कृषि विकास बैंक जस्तो अनुभवी संस्थालाई कृषि विकास कार्यक्रममा लगाउने हो भने, सरकारले बैंकिङ्ग बाहेकका कृषि किवास कार्यक्रममा सेवा प्रदान गर्नका लागि बैंकलाई अनुदान र सस्तो व्याजमा (Line of Credit) पूँजी उपलब्ध गराउनु आवश्यक छ ।

बैंकको व्यवस्थापकीय क्षमता, कार्यकुशलता र वित्तीय स्थिति राम्रो भएको अवस्थामा भविष्यको चुनौती र अवसरलाई पहिचान गरी एउटा दूरदृष्टिसहितको Vision Plan तयार गर्नु आवश्यक छ । यसो गर्दा नेपाल सरकारले बनाएको नीति, कार्यक्रम र Long term vision लाई ध्यान राख्नु आवश्यक छ । बैंकले कृषि विकासमा प्रभावकारी भूमिका लिने समय अहिले आएको छ र यसलाई सबैले मनन गरी अगाडि बढ्ने छन् भन्ने आशा गरेको छु । ■

*लेखक यस बैंकका पूर्व अध्यक्ष तथा महाप्रबन्धक हुनुहुन्छ ।*

# नेपाल बैंक लि. र कृषि विकास बैंक लि. : एक सामान्य तुलना



देवेन्द्रप्रताप शाह

'तपाईंले दुईवटा सरकारी बैंकमा प्रमुख कार्यकारीको रूपमा पूर्ण अवधि बिताउनुभयो । के फरक पाउनु भयो ? लेखक पनि हुनुहुन्छ, यी दुई संस्थाका बीच तुलनात्मक लेख लेख्नुहोस् न' ।

साथीहरूबाट यस्तो अनुरोध बेला बेलामा आउने गर्छ । तर सत्य यो छ कि आजकल मेरो लेखनमा खासै गति छैन । जागिरलाई मैले खाएँ भन्ने थियो, तर जागिरले मलाई पो खाइसकेको रहेछ । लामो समय बैंकको जागिरमा निरश अंकका यथार्थमा डुबेँ, त्यसैले कल्पनाशीलतामा ह्रास ल्याएछ । लेख्ने जाँगरै चलेको छैन । वास्तवमा भनुँ, यो विषय लेख्नको लागि त्यति सजिलो पनि लागेको थिएन, शायद पढ्नेको लागि रोचक पनि नहोला भन्ने लाग्यो । के लेख्ने? दुई बैंकको तथ्यांकगत तुलना र विश्लेषण त गाह्रो काम होइन । तर त्यस्तो तुलनाको अपेक्षा गरिएको त होइन होला । किनकि ती तथ्यांक त दुई बैंकको वेबसाइटले दिइहाल्छन् । अर्को, राष्ट्र बैंकले हरेक तीन महिनामा आ-आफ्नो वित्तीय प्रतिवेदन प्रकाशित गर्न बैंकहरूलाई बाध्य बनाएकै छ । त्यसरी तुरुन्त जानकारी गर्न सकिने अंकहरूभन्दा वेबसाइटले नदिने ती संस्थाहरूसँग गाँसिएका अन्य वास्तविकताको प्रस्तुती वाञ्छनीय हुँदो हो ।

कृषि विकास बैंकसँग सम्बद्धता छुटेको त लामो अवधि भइसक्यो, त्यहाँको आजको भित्री यथार्थ मलाई पूर्ण जानकारी हुने कुरा भएन । लेख्ने भनेको आफ्नो अनुभव भन्ने हो, मेरो अनुभवै पनि अब पुरानो भइसक्यो । तर म त्यस बैंकको सिइओ मात्र नभएर क्याडर पनि रहेँ, र मित्रहरू पनि त्यहीं अत्याधक छन् । त्यसैले त्यहाँको वास्तविकतासँग पूर्ण अपरिचित पनि छैन भन्ने लाग्छ अझै । यस पटक कृषि विकास बैंकको वार्षिकोत्सवमा प्रकाशित हुने जर्नलको लागि लेखको अनुरोध आयो । अनि त्यस्तो तुलनात्मक केही लेख लेख्नु छ भने यही नै उपयुक्त र सुन्दर मौका लाग्यो ।

कृषि विकास बैंकमा ३० वर्ष बित्यो, २५ वर्ष त्यहाँको कर्मचारीको रूपमा र पछिल्लो ५ वर्ष सिइओ अर्थात् महाप्रबन्धकको रूपमा, करिब दुई वर्ष त त्यस बैंकको अध्यक्ष र महाप्रबन्धक दुवै रहेँ । आज म जे र जस्तो छु, राम्रो नराम्रो जस्तै भए पनि जुन व्यक्तित्व मेरो छ, यसमा त्यही बैंकको योगदान बढी छ । त्यही बैंकले मलाई यो देश र समाजमा चिनायो, आजसम्म पनि आफ्नो नामबाट परिचय दिँदा 'कृषि विकास बैंकमा हुनुहुन्थ्यो होइन ?' भन्ने प्रश्न पाइहाल्छु । बीमा समिति र नेपाल बैंकमा पनि काम गरेँ, तर यी संस्थाको नाम मेरो परिचयको प्रसङ्गमा नआउने त होइन, कमै आउँछ । नेपाल बैंकबाट भर्खरै अवकाश लिएको र यो बैंक बिरामी अवस्थाबाट प्रतिस्पर्धात्मक अवस्थामा आइपुगेकोले अपरिचितबाट पनि बधाई खाने काम चाहिँ जारी छ ।

हामी सबैलाई थाहै छ, नेपाल बैंक र कृषि विकास बैंक दुवै अहिले वाणिज्य बैंकको रूपमा कार्यरत छन् । दुवैमा सरकारको ५१ प्रतिशत शेयर स्वामित्व छ । अरू कारणले के होला थाहा छैन, यस दृष्टिले यी दुई बैंकको मर्जर सजिलो छ । बैंकहरूको संख्या घटाउने र आकार ठूलो बनाउने काममा जोड दिइरहेको राष्ट्र बैंकले त यसलाई स्वागतै गर्ला । राष्ट्रिय वाणिज्य बैंकलाई पूर्ण सरकारी स्वामित्वमा राख्ने सरकारको नीति हो भने नेपाल बैंक र कृषि विकास बैंकको मर्जरको बारेमा सोच्न नसकिने होइन । तर लहडले त बैंकहरू मर्ज हुँदैनन्,

नेपाल बैंक र कृषि विकास बैंक दुवै अहिले वाणिज्य बैंकको रुपमा कार्यरत छन् । दुवैमा सरकारको ५१ प्रतिशत शेयर स्वामित्व छ । अरु कारणले के होला थाहा छैन, यस दृष्टिले यी दुई बैंकको मर्जर सजिलो छ ।

त्यसैले यो मेरो सिफारिस होइन । फेरि मेरो सिफारिसको कामै के हुन्छ र ? यसको लागि त मर्जर अघि यी दुई बैंकको बृहत् अध्ययन हुन उपयुक्त र आवश्यक हुन्छ भने मर्जरपछिको अवस्थाले देशलाई के कस्तो गर्छ, यो पनि आँकलन नगरी हुँदैन ।

नेपाल बैंक शुरूदेखि नै 'वाणिज्य बैंक' थियो भने कृषि विकास बैंक २०६१ सम्म 'विकास बैंक' थियो । यसको विचित्रको कथा छ । जब देशका सबै वित्तीय संस्था तथा बैंकहरूलाई एउटै ऐनको छातामुनि राख्ने सोच सरकारमा आयो, तब एक छाता ऐन जरूरी भयो । यसैको लागि नेपाल राष्ट्र बैंकले तयार पारेको मस्यौदा संसद्द्वारा पारित भएको 'बैंक तथा वित्तीय संस्था ऐन' (जसलाई हामी छोटकरीमा बाफिया भन्ने गर्छौं) ले 'विकास बैंक' को परिभाषालाई संकुचित मात्र बनाएन, अनर्थको काम समेत गर्‍यो । आकारमा सानो हुँदैमा कुनै बैंक 'विकास बैंक' र ठूलो हुँदैमा 'वाणिज्य बैंक' भनिने व्यवस्थाको गलत शुरूआत भयो । हालको 'बाफिया' ले विकास बैंक र वाणिज्य बैंकको गलत परिभाषालाई अंगिकार गरेको यस प्रसङ्गको एक सामान्य ब्याख्या यहाँ जरूरी ठान्छु।

वाणिज्य बैंकमा परिणत हुनु अघिसम्म कृषि विकास बैंक आफ्नो छुट्टै ऐन 'कृषि विकास बैंक ऐन २०२४' अनुसार र नेपाल बैंक 'वाणिज्य बैंक ऐन' बमोजिम काम गर्दथे । २०५२ सालतिर नेपाल राष्ट्र बैंकको अग्रसरतामा तयार भएको बाफियाले विद्यमान कृषि विकास बैंकको अस्तित्व र अवस्थालाई पूरै बेवास्ता गर्‍यो । यस ऐनले देशका वित्तीय संस्थाहरूलाई चार समूहमा विभाजन गर्‍यो । जस अनुसार 'क' वर्गमा वाणिज्य बैंकहरू, 'ख' वर्गमा विकास बैंकहरू, 'ग' वर्गमा फाइनान्स कम्पनीहरू र 'घ' वर्गमा लघुवित्त संस्थाहरूलाई राखिने व्यवस्था भयो । यसबाट कृषि विकास बैंकको लागि एक प्रकारको द्विविधा सिर्जना भयो किनकि यो बैंक आफ्नो कारोबारको स्वाभाव तथा आकार र नेटवर्कको अवस्थाले यी चारै वर्गीकरणमा अट्ने स्थिति थिएन ।

आफूले गरी आएको कामको स्वभाव र चरित्रका कारणले साँचो अर्थमा कृषि विकास बैंक त्यस समयमा 'विकास बैंक' थियो, तर बाफियाले उल्लेख गरेजस्तो सानो आकारको थिएन । वास्तवमा तत्कालीन कृषि विकास बैंकले जस्तो आजका विकास बैंकहरूले प्रत्यक्ष विकासका काम गरेका भन्न मिल्दैन । तिनीहरूले गरेको कामले देश विकासमा अप्रत्यक्ष योगदान गरेको होला, तर प्रत्यक्ष विकासमा योगदान चाहिँ भएको छैन । कुनै बेला नेपालमा 'कृषि विकास बैंक' र 'नेपाल औद्योगिक विकास निगम' दुई विकास बैंक थिए जो प्रत्यक्ष विकासका काम गर्थे । यी दुई बैंकहरू देशको कृषि क्षेत्र र उद्योग क्षेत्र विकासको लागि कटिबद्ध थिए । यी बैंकहरू त्यतिखेरका वाणिज्य बैंकहरूभन्दा ठूला पनि हुन सक्थे र थिए पनि । अन्तर्राष्ट्रिय स्तरमा समेत वाणिज्य बैंकभन्दा ठूला विकास बैंक छन् । अहिलेको अवस्थामा पनि हालै अस्तित्वमा आएको 'पूर्वाधार विकास बैंक' शेयर पूँजीका दृष्टिले नेपालका सबै बैंकभन्दा ठूलो छ । भोलि अपरेशनले के भन्छ, यो गर्भकै कुरा भयो ।

तत्कालीन समयमा व्यवसायको आकार, शेयर पूँजी, शाखा सञ्जालका दृष्टिले देशका कुनै बैंकभन्दा सानो नभएको कृषि विकास बैंकले आफूले गर्दै आएको कामलाई निरन्तरता दिने हो भने 'ख' वर्गमा वर्गीकृत हुन पर्ने अवस्था आयो । राष्ट्र बैंकले तर्जुमा गरेको ऐनले यस बैंकलाई गरिएको बेवास्ता वास्तवमा सरकारलाई समेत पाच्य भएन । यस बैंकको लागि यो निकै पीडा र दोधारेपनको घडी थियो । गरिबी निवारण र ग्रामीण विकासको लागि कटिबद्ध यस बैंकलाई 'ख' वर्गमा रहेर आफ्नो सेवालाई निरन्तरता दिने वा 'क' वर्गमा उक्लिएर पूर्णतः वाणिज्य बैंक हुने भन्ने गम्भीर प्रश्न आइलाग्यो । 'क' वर्गमा बसेर 'विकास बैंक' हुन नपाइने भयो । आखिर बैंक आफैले 'ख' वर्गको लागि आवेदन गरेको भए पनि कृषि विकास बैंक 'ख' वर्गमा रहनु हास्यास्पद हुने तथ्यलाई मनन गरी सरकारले यसलाई 'क' वर्गमा दर्ता गरिदियो । कृषि विकास बैंकको इतिहासमा यो स्मरणीय तथ्य भएको छ । यसै कारणले व्यवहारमै आफूले गरी आएको काम विस्तारै फेज आउट गर्दै वाणिज्य बैंकतिर पाइला चलाउनु यसको कर्तब्य हुन पुग्यो ।

वि.सं. १९९४ सालमा स्थापित 'नेपाल बैंक' लाई नेपालमा स्थापित पहिलो बैंक हुनुको गौरव प्राप्त छ । नेपाल बैंकलाई 'विकास बैंक' वा 'वाणिज्य बैंक' के हुने भन्ने दोधारे स्थितिको सामना कहिले पनि गर्न परेन । यति मात्र होइन, तत्कालीन समाजमा उध्योग तथा वाणिज्य क्षेत्रलाई दिइएको महत्वको एक नमूना पनि हो नेपाल बैंक । यस्तो किनकि कृषि र उद्योगको लागि छुट्टै बैंकको आवश्यकता महसुस नगरिएकै समयमा नेपाल बैंक अस्तित्वमा आएको थियो । हुन त सामान्य बैंकिङ्ग कारोबार पनि यस बैंकले गर्थ्यो जुन साधारण जनताको लागि आवश्यक थियो । गाउँ घरमा 'बैंक लिमिटेड' को नामबाट परिचित र प्रख्यात नेपाल बैंक शुरूदेखि नै पब्लिक र प्राइभेट अर्थात सार्वजनिक र निजी क्षेत्रको संयुक्त लगानीमा स्थापित बैंक हो । नेपाल राष्ट्र बैंक केन्द्रीय बैंकको रूपमा २०१३ सालमा स्थापित हुँदा नेपाल

बैंकले काम गर्न थालेको करिब दुई दशक भइसकेको थियो । केही हदसम्म केन्द्रीय बैंकको भूमिका समेत निर्वाह गर्ने अवसर यो बैंकले पाएको देखिन्छ, तर त्यतिखेर नेपालमा अन्य बैंक नभएकोले बैंकहरूको सुपरीवेक्षण र नियमनको भूमिकामा स्वभावतः नेपाल बैंक थिएन ।

सार्वजनिक-निजी क्षेत्रको संयुक्त स्वामित्वको अवधारणालाई नितान्त नयाँ विचारको रूपमा हाल हामी सुन्दैछौँ, तर यही अवधारणाअन्तर्गत नेपालमा १९९४ सालमै अर्थात आजभन्दा ८२ वर्षअघि 'नेपाल बैंक' स्थापना भइसककेको थाहा पाउनु रोचक मात्र होइन, इतिहासको जानकारी पनि हो । यसपछि दशकौँसम्म पनि नेपालमा निजी क्षेत्रलाई सरकार र जनताबाट नपत्याइने स्थिति विद्यमान थियो । विकास भनेको निजी क्षेत्रले गर्ने नभई सरकारले मात्र गर्ने हो भन्ने विश्वास गरिन्थ्यो । तर त्यति अघि नै जनताको निक्षेप लिने कामको लागि निजी क्षेत्रलाई विश्वास गरिएको यो तथ्य स्मरणीय छ । यसको धेरै पछि सं. १९८४ मा मात्र 'नेपाल अरब बैंक' को नामबाट विदेशीसँगको पहिलो संयुक्त लगानीमा बैंक स्थापित भयो । यसमा जनतालाई पनि शेयर लगानी गर्ने अवसर दिइयो । यसअघि स्थापित दुई बैंक राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकमा जनतालाई स्वामित्व दिइएको थिएन । कृषि विकास बैंक त सहकारी अवधारणामा चलेको थियो, सधैं शेयर बिक्री खुला हुन्थ्यो, ऋण लिनेले शेयर किन्न पर्ने गरिएको थियो । यस्तो कानुनी प्रावधान अन्तर्गत खुला गरिएको शेयर खरिदको व्यवस्थालाई 'सार्वजनिक आह्वान' भन्न सकिन्न र हालको कम्पनी कानुनको प्रावधान अनुकूल पनि यो होइन ।

नेपाल बैंक सबैभन्दा पुरानो मात्र होइन, दुई अन्य बैंक सरकारी क्षेत्रमा आइसक्दा पनि आकारका दृष्टिले सबैभन्दा ठूलो बैंक थियो । तर २०२४ सालमा रू. ५ करोडको पूँजी कृषि विकास बैंकको स्थापना भएको दुई दशक पछिसम्म पनि नेपाल बैंकको शेयर पूँजी रू. १ करोड मात्र थियो, त्यति बेला बैंकको दायित्व र शेयर पूँजीको सम्बन्धलाई कमै वास्ता गरिन्थ्यो, बैंकहरूमा नियमनको अभाव थियो, देशको केन्द्रीय बैंकको अनुगमन र निरीक्षणको काम प्रभावकारी थिएन । वि.सं. २०२० र ३० को दशकमा नेपालको अर्थतन्त्र उद्योग, वाणिज्य र सेवा क्षेत्रभन्दा पनि कृषिमा आधारित थियो । त्यसै कृषिलाई आधुनिकीकरण गर्नु सरकारको प्राथमिकता भयो । विदेशी संस्थाहरूको सहयोग पनि कृषि क्षेत्रमै ओइरिन थालेपछि कृषि विकास बैंकको महत्व यी दशकहरूमा निकै बढेको इतिहासले देखाउँछ । नेपालमा मात्र होइन, यो क्षेत्रमै कृषि विकास बैंकको नाममा वा अन्य नाममा कृषि कर्जामा काम गर्ने बैंकहरू खुले । उदाहरणको लागि पाकिस्तानको कृषि विकास बैंक, थाइलैण्डको बैंक फर एग्रिकल्चर एण्ड एग्रिकल्चुरल को-अपरेटिभ, चीनको कृषि बैंक, बंगलादेशको बंगलादेश कृषि बैंक, भारतको नाबर्ड आदि । यी सबै कृषि बैंकहरूलाई एशियाली विकास बैंक जस्ता मल्टिल्यटारल दातृ संस्थाहरूको सहयोग र प्रोत्साहन थियो- कर्जा, अनुदान, प्राविधिक सहयोग आदिको रूपमा ।

सं. २००० सालतिर विश्व बैंकले गरेको सिबिपास अध्ययनपछि दिइएको सुझाव बमोजिम नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको पूँजी वृद्धि गरियो । वैदेशिक अध्ययनकर्ताको सिफारिसमा र विश्व बैंकको शर्तमा त्यस समयमा सरकारले रू ३ अर्बभन्दा बढी रकम यी दुई बैंकको पूँजीको रूपमा लगानी गरेको थियो । पूँजी नथपिने हो भने यी दुई बैंकलाई तुरून्त लिक्विडेसनमा लैजानुपर्ने विदेशी अध्ययनको सुझाव थियो । तर कृषि विकास बैंकको इतिहासमा लिक्विडेसनमा लग्ने सुझाव कहीं कतैबाट पनि आएन । हुन त यसमा पनि एशियाली विकास बैंकको अग्रसरता र सहयोगमा २०४५ सलमा अष्ट्रेलियाको प्राइसवाटर हाउसलेगरेको अध्ययन प्रतिवेदनले पूँजी नपुगेको र प्राविधिक रूपमा बैंक 'इन्सल्भेन्ट' भएको बताएको थियो । आखिर एक समय यस्तो आयो जब सरकारले यी तीनवटै बैंकमा पूँजी थप्न पर्‍यो । सरकारले सार्वजनिक संस्थानहरूमा गरेको लगानी अहिले पनि खेर गएको ठानिन्छ, तर यी तीन वाणिज्य बैंकहरूले कर र लाभांशमार्फत् अरबौं रूपैयाँ सरकारको ढुकुटीमा दाखिला गर्न थालेका छन् ।

एशियाली विकास बैंककै अनुरोधमा कृषि विकास बैंकमा सरकारद्वारा अग्राधिकार शेयरको रूपमा पनि पूँजी थपियो भने नेपाल बैंक र वाणिज्य बैंकमा अग्राधिकार शेयरको परिकल्पना गरिएन । अहिले कृषि विकास बैंकले आफ्नो साधारण शेयरधनीहरूलाई राम्रो लाभांश दिन सक्नुको कारण यही अग्राधिकार शेयरको व्यवस्थाले पनि हो । यसमा ६ प्रतिशतभन्दा बढी लाभांश दिन पर्दैन । अहिलेको परिप्रेक्ष्यमा ऋणपत्रभन्दा यो सस्तो साधन भएको छ । कृषि विकास बैंकलाई यो सुविधा उपलब्ध भयो, अन्य सरकारी बैंकलाई यो सुविधा उपलब्ध भएन । त्यसो त नेपाल राष्ट्र बैंक पनि बैंकहरूलाई अग्राधिकार शेयर जारी गर्न प्रोत्साहन नगर्ने मुडमा देखिन्छ । मलाई याद भएसम्म धेरै पहिले एभरेष्ट बैंकले कन्भर्टिबल अर्थात पचि साधारण शेयरमा परिणत गरिने अग्राधिकार शेयर जारी गरेको हो, त्यसपछि कुनै बैंकले पनि अग्राधिकार शेयर जारी गरेको स्थिति छैन ।

विदेशतिर साधारण शेयरमै पनि विभिन्न खाले वर्गीकरण हुन्छ, सिर्जनात्मक कामलाई बढावा दिइन्छ ।

उदाहरणको लागि सोसल नेटवर्क 'फेसबुक' तथा अन्य टेक (प्रविधि) कम्पनीहरूमा एकभन्दा बढी खाले शेयरहोल्डरहरू छन् । धेरैलाई लगानीको अवसर त दिइएको छ, तर मतदानको अधिकार सबैले पाएका छैनन् । यस्तो व्यवस्थालाई त्यहाँ पनि राम्रो वा नराम्रो भनेर विभिन्न कोणबाट हेरिएको छ । तर नेपालमा त्यस्तो व्यवस्था छैन । तितो सत्य यो छ कि अहिलेको अवस्थामा नेपालका बैंकहरूले अत्यधिक नियमनको झञ्झट ब्यहोरिरहेका छन्, यसबाट तिनीहरूको सिर्जनात्मकतामा संकुचन आएको महसुस हुन्छ । यसो भनेर नियमनको जरूरी नभएको पक्षमा वकालत गरेको होइन, तर अति नियमनले पनि संस्थाको कल्पनाशीलता हराउँछ, बैंकको व्यवस्थापन मेशिन जस्ता हुन्छन्- स्विच अन र अफ । त्यसैले उपयुक्त र आवश्यक मात्र नियमनको पक्षमा म छु । व्यक्तिगत वा संस्थागत ह्विममा नियमनको सर्कुलर काट्ने परिस्थिति किमार्थ उत्तम होइन । सिर्जनात्मकता बिनाका संस्थाहरू रूखा लाग्छन्, तिनीहरूले विकासको फड्को मार्ने पर्ने आजको देशको आवश्यकतालाई सम्बोधन गर्न सक्दैनन् । नयाँ नयाँ कामको थालनी गर्न सक्दैनन् । निजी क्षेत्रमा वित्तीय रूपमा यति बलिया भइसकेका बैंकहरूले 'इन्नोभेसन' लाई अंगाल्न नसक्ने परिस्थिति हुनु बाञ्छनीय होइन ।

नोक्सानमा रहेका संस्थाको लागि क्युमलेटिभ चरित्रको अग्राधिकार शेयरले बेफाइदा गर्न सक्छ । क्युमलेटिभ शेयरमा नोक्सानी भएको वर्षको लाभांश पछिल्लो अर्थात नाफा भएको वर्षमा जोडेर दिइन्छ भने र नन-क्युमलेटिभ शेयरमा त्यसो गरिदैन । कृषि विकास बैंकको अग्राधिकार शेयर नन-क्युमलेटिभ हो । कुनै पनि कम्पनीको नाफा बढ्न थालेपछि अग्राधिकार शेयरको उपस्थितिबाट साधारण शेयरहोल्डरहरूले फाइदा पाउँछन् । त्यसैले त कुलमा रू. १४ अर्बभन्दा बढी शेयर पूँजी हुँदाहुँदै पनि कृषि बैंकले राम्रो लाभांश घोषणा गर्न सक्यो । यस्तो अवस्थामा यो अग्राधिकार शेयरलाई डिबेन्चरमा परिणत गर्न सकिएमा करको सुविधा समेत पाइने हुन्छ । यसबाट नाफाको अंक घटे पनि साधारण शेयरहोल्डरको लाभांशको दर अझै बढ्न सक्छ । अग्राधिकार शेयरको सट्टामा डिबेञ्चर जारी गरिएमा ब्याज खर्चका कारणले सञ्चालन नाफा घट्छ । तर कर्पोरेट आयकर ३० प्रतिशत घटाउँदा अग्राधिकार शेयरमा लाभांश दिन नपर्ने भएकोले साधारण शेयरहोल्डरमा वितरणयोग्य नाफा बढ्छ ।

कृषि विकास बैंकले केही वर्षदेखि निरन्तर आफ्ना शेयरधनीहरूलाई लाभांश दिदै आएको छ भने नेपाल बैंकले दुई दशकपछि पहिलो पटक यस वर्ष लाभांशको घोषणा गरेको छ । यसैबाट पनि प्रष्ट हुन्छ, नेपाल बैंकको अवस्था कृषि विकास बैंककोभन्दा बिग्रेको थियो । कुनै बेलामा करिब ६० प्रतिशत निष्कृय कर्जा भएको नेपाल बैंकले आफ्नो नोक्सान समेत निक्षेपबाट ब्यहोरेको प्रष्टै भयो । यो निकै खतरनाक अवस्था हो । निजि क्षेत्रको बैंकमा यस्तो भएको भए राष्ट्र बैंक वा सरकारले के पो गरिसक्थ्यो, यसको अस्तित्व नै समाप्त पार्न सक्थ्यो वा अरू कुनै कार्यबाही गर्थ्यो । सरकारी स्वामित्व भएकोले बच्यो, राष्ट्रिय वाणिज्य बैंकको हालत पनि यस्तै थियो, अहिले सुधार गर्दैछ ।

कृषि विकास बैंकको कार्यक्षेत्र परम्परागत रूपमा सामान्यतया गाउँ वा नगरोन्मुख गाउँ रह्यो भने नेपाल बैंकले मोटामोटी शहरलाई नै आफ्नो कार्यक्षेत्र रोजेको छ । गाउँमा कार्यालय भने नेपाल बैंकको पनि नभएको होइन, तर उसको मेजर पोर्टफोलियो शहरमै केन्द्रित छ । कृषि विकास बैंकको ऋणको सरदर आकार नेपालका विद्यमान सबै वाणिज्य बैंकहरूको भन्दा सानो होला, त्यसैले स्वाभावतः उसको कर्पोरेट क्लाइन्ट कम छन् । सामान्यतया कृषि विकास बैंक साना तथा मझौला आकारका कर्जामा भर परेको देखिन्छ भने नेपाल बैंकका क्लाइन्टहरू ठूला बिजिनेस हाउसहरू छन् । यति भएर पनि नेपाल बैंकको कुल कर्जा कृषि विकास बैंकको भन्दा कम छ । यसबाट प्रष्ट हुन्छ, कृषि बैंकको क्लाइन्ट नेपाल बैंकको तुलनामा असंख्य छन् ।

शाखा सञ्जाल नेपाल बैंकको भन्दा कृषि बैंकको बढी छ । कृषि विकास बैंकका कर्मचारीहरूका बीच छलफल गोष्ठी अत्यधिक भइरहन्छ । एक आपसमा अन्तरक्रियमका लागि सबै विकास क्षेत्रहरूमा उसका तालिम केन्द्रहरू छन् । अब प्रत्यक्ष विकासका क्रियमकलापहरू नभएकाले यी तालिम केन्द्रहरू आवश्यकताभन्दा बढी पनि ठानिने अवस्था आयो होला । मेरो विचारमा तालिमको लागि भौतिक पूर्वाधार नेपालका कुनै पनि बैंकभन्दा कृषि बैंकको राम्रो छ । तर नेपाल बैंकमा प्रधान कार्यालयको हालै खोलिएको विभागमा जम्मा एउटा तालिम हल छ, काठमाडौं बाहिर त केही पनि छैन । ६०/७० व्यक्ति सुविधापूर्वक अटाउने कोठा पनि नेपाल बैंकको त्यत्रो भवनमा छैन जसले गर्दा बेलाबेलामा समस्या भइरहन्छ, होटेलको शरणमा जानुपर्छ जुन महँगो मात्र होइन, आफ्नै भवनभन्दा निश्चय नै असुविधाजनक पनि हुन्छ ।

प्रविधितर्फ हेर्ने हो भने नेपालका सरकारी बैंकहरूमा सबैभन्दा पहिले कम्प्युटर चलाउने काम महाप्रबन्धक श्रीकृष्ण उपाध्यायको पालोमा २०४२ सालतिर कृषि विकास बैंकले गरेको हो, तर त्यो अनलाइन बैंकिङ्ग थिएन,

डाटाहरू स्टोर गर्ने र हेर्ने सुविधा मात्र थियो । यी दुई बैंकमध्ये अनलाइन बैंकिङ्ग पहिले नेपाल बैंकमा शुरू भएको देकिन्छ । पहिले कम्प्युटरको उपयोग गरेको भए पनि नयाँ प्रविधिलाई अपडेट गर्दै जाने काम अंगिकार गर्न कृषि विकास बैंक हिच्किचायो । लामो समयसम्म कृषि बैंकमा कम्प्युटर सिस्टम र म्यानुअल सिस्टम प्यारालाल चल्यो । प्रविधिका दृष्टिले सबैभन्दा पछिल्लो अवस्था यो छ– कृषि विकास बैंकसँग अन्तर्राष्ट्रिय बिडिङबाट प्राप्त राम्रो सफ्टवेरले अनलाइन सिष्टम छ भने नेपाल बैंकले स्वदेशी मर्कन्टाइलले उत्पादन गरेको पछिल्लो सफ्टवेर भर्सनले काम चलाउँदै आएको छ । राष्ट्रिय वाणिज्य बैंकमा समेत यही सफ्टवेयर सञ्चालित छ । यो सफ्टवेरले नेपाल बैंकको हालको प्रविधिको आवश्यकतालाई सम्बोधन गर्न सकेको छैन । सुनिन्छ, एशियाली विकास बैंकले अनुदानमा उपलब्ध गराएको सफ्टवेरको पूर्ण उपयोग कृषि बैंकले गर्न सकेको छैन । आन्तरिक नियन्त्रण प्रणाली र प्रविधिलाई गम्भीरतापूर्वक नलिंदा कृषि विकास बैंकमा अनेकौं प्रकारका घोटालाका समाचारहरू आइरहन्छन्, तर पूर्ण सुरक्षित त नेपाल बैंक पनि छैन । साइबर क्राइम त जुनसुकै बैंकलाई पनि अहिले एउटा ठूलै जोखिम भएको छ ।

विकास बैंक भएको हुनाले होला, कृषि विकास बैंकमा शुरूदेखि नै वार्षिक योजना र बजेट बनाउने प्रचलन थियो । कतिसम्म भने यस बैंकले भौतिक योजना (फिजिकल प्लान) पनि बनाउने गर्थ्यो । दातृ संस्थाहरूले विभिन्न प्रकारका प्राविधिक सहायता प्रदान गरेकाले कृषि विकास बैंकमा विभिन्न डकुमेन्ट तयार सक्ने जनशक्ति पनि थियो । आफ्नो कामको प्रचार प्रसार गर्न नेपाल बैंकभन्दा कृषि विकास बैंक अहिले पनि सिपालु छ । त्यहाँ सूचना तथा अडियो-भिज्युअल शाखा नै छ, टेक्निसियनहरू छन्, नेपाल बैंकमा सामान्य सूचना शाखा पनि छैन । एक पटक आफ्नो कामको प्रचार गर्न नसकेकोमा नेपाल बैंकको बोर्ड आफैंले खिन्नता समेत प्रकट गऱ्यो । अहिले वाणिज्य बैंक भएपछि कृषि बैंकको यस्तो क्षमता कर्मचारीहरूमा घट्दै गएको गुनासो सुनिन्छ किनकि वाणिज्य बैंकमा अंकको काम बढी हुन्छ, लेख्ने काम धेरै परिरहँदैन । नेपाल बैंकमा विदेशीको प्राविधिक सहयोग कृषि विकास बैंकको तुलनामा कमै आएको देखिन्छ, वैदेशिक तालिमको मौका पनि नेपाल बैंकमा कम देखियो । तर जहाँसम्म वाणिज्य बैंकिङ्गको कोर शीपको कुरा छ, तुलनात्मक रूपमा नेपाल बैंकका कर्मचारीहरू बढी प्रोफेसनल पाएँ । कर्जाको कारोबारमा आवश्यक पर्ने ज्ञान नेपाल बैंकको कर्मचारीहरूमा नेपालको बैंकिङ्ग क्षेत्रमै उदाहरणीय छ ।

खास गरेर विदेशीहरूले व्यवस्थापन लिएपछि नेपाल बैंकमा कर्जा प्रवाह र असुलीमा प्रभावकारिता आएको अनुमान गर्छु । ठूला कर्जाको लागि कन्सोर्टियमको नेतृत्व गर्ने सीप कृषि बैंकमा कम छ । कन्सोर्टियम फाइनान्सको अवधारणा कृषि विकास बैंकको लागि एक भारको रूपमा रहेको छ र कति पटक त कन्सोर्टियम फाइनान्सबाट यो बैंक हच्केको छ । तर नेपाल बैंक यसमा सिपालु छ, त्यसैले कन्सोर्टियम बैंकहरूको नेतृत्व गर्न ऊ सक्षम छ । कृषि विकास बैंकमा पर्सनल ग्यारेन्टी (जसलाई बैंकिङ्गको भाषामा पिजी भनिन्छ अर्थात पर्सनल ग्यारेन्टी) को अवधारणा धेरै पछिसम्म थिएन, र त्यसैले उसले पिजीमा कर्जा प्रवाह गरेको थिएन । नेपाल बैंकले पिजिको भरमा लगानी गरेको छ र कतिपय रेपुटेड व्यवसायीहरूलाई पिजिमा कर्जा उपलब्ध गराउँदा घर वा जग्गा धितोमा दिएको कर्जाभन्दा सुरक्षित हुने गरेको छ । तर पिजिमा मात्र कर्जा प्रवाह गर्दा राष्ट्र बैंकको नियमन अनुसार प्रोभिजन बढी गर्न पर्ने हुन्छ, जुन सामान्यतया बैंकहरू सजिलो मान्दैनन् । खास गरेर कन्जुमर लेण्डिङ र मझौला खालका कर्जाहरूमा नेपाल बैंकलेकृषि विकास बैंकले भन्दा बढी धितो मार्जिन राख्छ । यसैले गर्दा पनि पछिल्लो समयमा नेपाल बैंकको कर्जा कृषि विकास बैंकको भन्दा बढी सुरक्षित देखिन्छ । कर्जाको जोखिम व्यवस्थापन क्षमतामा नेपाल बैंक अगाडि छ, तर सञ्चालन जोखिममा भने दुवै बैंकको अवस्थामा ठूलो भिन्नता छैन । पुराना ठूला कर्जाहरूमा नेपाल बैंकको जोखिम मोलेको देखिन्छ, र यसैबाट उसले पाठ सिकेको छ । यसैले निष्कृय कर्जाको अनुपात कृषि विकास बैंकको बढी छ । तर जहाँसम्म पूरा बैंकिङ्ग उद्योगको सन्दर्भ छ, यी दुवै बैंकको इन्डष्ट्री एभरेजभन्दा अधिक निष्कृय कर्जा देखिन्छ । अर्को कुरा, ग्रामीण क्षेत्रमा कर्जा प्रवाह भएकोले होला, अझै पनि कृषि विकास बैंकमा कर्जामा ब्याज मिन्हाको प्रचलन छ भने नेपाल बैंकमा २०६२ सालभन्दा पछिका कर्जा कर्जामा मिन्हाको अवधारणा अप्रासंगिक भइसक्यो । यसबाट प्रष्टै हुन्छ, कर्जा असुलीको प्रभावकारी व्यवस्था नेपाल बैंकमा विद्यमान छ ।

बैंकहरू भनेको सामान्यतः कर्जा र निक्षेपको ब्याजदरकोफरकले चल्ने हो । तर आजकल बैंकहरूको गैरब्याज आम्दानी पनि प्रशस्तै हुन थालेको छ, स्टान्डर्ड चार्टर्ड बैंक यसमा अगुवा छ । तैपनि अहिले पनि नेपालका अन्य बैंकहरूको लागि ब्याज नै आम्दानीको प्रमुख स्रोत हो । नेपाल बैंकमा धेरै पहिलेदेखिको वचत खाताहरू निकै छन्, २०७१ चैत्रमा मैले छाड्दा कुल निक्षेपको करिब ५० प्रतिशत वचत निक्षेपमा थियो, यो निक्षेपमा केही महिना अघिसम्म नेपाल बैंकले ३ प्रतिशतभन्दा कम

ब्याज दिन्थ्यो, तैपनि वचत निक्षेप बेसरी घटेको उदाहरण त्यहाँ छैन । यस बैंकप्रति जनताको अगाध विश्वासको कारणले यस्तो सम्भव भएको हो । तर बैंकिङ्ग कारोबार नै तुलनात्मक रूपले पछि शुरू गरेकोले कृषि विकास बैंकले यति सस्तो ब्याजदरमा निक्षेप पाएको छैन । यसैले उसको निक्षेपको लागत बढी छ, परिणामतः कर्जाको ब्याजदर पनि बढी नै छ । कर्पोरेट क्लाइन्टले कृषि विकास बैंकको ब्याजदर तिर्दैनन्, उनीहरूको बार्गेनिङ्ग क्षमता पनि बढी हुन्छ । उद्योगमा सामान्यतया १० प्रतिशतभन्दा बढी ब्याज धान्न नसकिने बताइन्छ । तर यसको लागि नेपालका कुनै पनि बैंकले वैज्ञानिक अध्ययन गरेका छैनन्, अर्को कुरा उद्योगैपिच्छे फरक हुनसक्छ, फेरि समय र वातावरण पनि महत्वपूर्ण नै हुन्छ । अर्को कुरा, कृषि विकास बैंकले धेरै पछिसम्म पनि क्लाइन्टलाई भिन्दाभिन्दै ब्याज तोक्ने गरेको थिएन । अहिलेको त्यहाँको अवस्था के छ म भन्न सक्दिन, तर नेपाल बैंकले क्लाइन्टलाई छुटको माध्यमबाट बेग्लाबेग्लै ब्याजदर तोक्न सकेको छ । यसको आधार क्लाइन्टको गुणात्मकता, विश्वसनीयता र ट्र्याक रेकर्ड आदि हुन् । कृषि विकास बैंकको एक सुन्दर पक्ष के छ भने सानोलाई धेरै र ठूलोलाई थोरै ब्याजदर यसले लिँदैन, तर नेपाल बैंकमा यो नियमजस्तै लागु छ । कर्पोरेट क्लाइन्टहरू अन्य साना कर्जाभन्दा कम ब्याज तिर्छन् ।

ब्याजदरको कुरा गरेपछि नाफामा ध्यान जानु स्वाभाविक मानिन्छ । पछिल्ला केही वर्षमा कृषि विकास बैंकको नाफाले फड्को मारेको छ, नेपाल बैंकले यस्तो फड्को मार्न थालेको ४ वर्ष मात्र भएको छ । सरकारी स्वामित्व भएकोले होला, दुवै बैंकका कर्मचारीहरू नाफाको अंकसँग त्यति संवेदनशील नभएको पाएको छु । पूँजी पुरै खाएर निक्षेप समेत ह्रास भइसकेको समयमा पनि नेपाल बैंकका कर्मचारीहरूको तलब भत्तामा कमी आएको थिएन । त्यसैले केही वर्ष अघिसम्म उनीहरूलाई बैंकको नाफा बढ्नु र घट्नुसँग खासै वास्ता थिएन । राष्ट्र बैंकको अग्रसरतामा नेपाल बैंक व्यवस्थापनले युनियनसँग २०६७ सालतिर कर्मचारीहरूको पेन्सन बढाउने सम्झौता गर्दा नेपाल बैंक पुरै नोक्सानमा थियो । त्यसैले व्यवस्थापन वा कर्मचारीहरूमा नाफा कमाएर बैंक चल्नु पर्छ भन्ने धारणा नै नभएको भन्न सकिन्छ । नेपाल बैंकमा छँदा एक पटक कर्मचारी युनियनको नेताले भनेको म अझै स्मरण गर्छु, 'नाफा बढी घटीसँग हामीलाई के मतलब ? चाहिँदैन हामीलाई नाफा ।' यसैगरी कृषि विकास बैंकले 'विकास बैंक' हुन्जेलसम्म त नाफाको अंकसँग मतलब नहुने मात्र होइन, वार्षिक नाफाको जानकारी समेत व्यवस्थापनलेलिने चलन थिएन । मासिक ब्याजसहितको घरभित्रैबाट तयार गरिएको सुधारको प्याकेजले बैंकको वित्तीय अवस्थालाई दरिलो बनाउने उद्देश्य राखेपछि मात्र नाफाको चर्चा हुन थालेको हो । सिनियर तहका अधिकृतहरूको मिटिङमा हाल दिवंगत एक विभागीय प्रमुखले अभिव्यक्त गरेको धारणा यस्तो थियो, 'हाम्रो पर्फर्मेन्स इन्डिकेटरमा यो नाफा कहाँबाट आयो, यसलाई हटाउनुपर्छ ।' यो एउटा उदाहरण हो जसबाट बुझ्न सकिन्छ कि कृषि विकास बैंक कस्तो पृष्ठभूमिबाट आएको हो । त्यति बेला उसलाई कतिवटा बायो ग्याँस प्लान्ट बन्यो, कति सिचाइ भयो, कति लाइभस्टक प्रोजेक्टलाई लगानि गरियो भन्ने थाहा हुन्थ्यो । तर बैंक आफ्नै फिनान्सियलस्सँग खासै मतलब हुँदैन थियो ।

राष्ट्र बैंक र सरकारले ग्रामीण क्षेत्रमा कृषि कर्जामा हाल जोड दिँदै आएको सर्वविदितै छ, यसमा बढी अनुभव कृषि विकास बैंकमा नेपाल बैंकमा भन्दा बढी छ । कतिसम्म भने नेपाल बैंकले कृषि जग्गा धितोमा लिन समेत हिच्किचाउँछ । तर कृषि विकास बैंकले बाटो नै नभएको कृषि जग्गा पनि धितोमा लिन्छ । आफ्नो कार्यकालमा मैले नेपाल बैंकका सिनियर अधिकृहरूसँग छलफल गरेँ कि ग्रामीण क्षेत्रमा गाडीको बाटो खोज्ने होइन, जग्गा भनेकै समयमा बिक्री हुन्छ कि हुँदैन, यो महत्वपूर्ण हो । जग्गा वा धितो कुनै पनि आयोजनाको लागि अन्तिम रिसर्ट हो, पहिलो त आयोजना स्वयं र ऋणीको विश्वसनीयता हो । तर कृषियोग्य जमिन धितो लिने कुरामा नेपाल बैंकमा एकमत हुन सकेन । प्रमुख कार्यकारी अधिकृतले चाहँदैमा ठूलो संस्थामा सबै चिज लागु हुँदैन भन्ने नमूना हो यो । वाणिज्य बैंकमा रूपान्तरण भएपछि कृषि बैंकले गर्दै आएको कतिपय काम अब 'साना किसान विकास बैंक' लेगर्न थालेको छ । यो पछिल्लो बैंकलाई कृषि विकास बैंककै सहायक कम्पनीको रूपमा विकास गरिएको हो । अहिले यसको आकार ठूलो भइसकेको छ । नेपाल बैंकको सहायक कम्पनी 'नेपाल 'इन्सोरेन्स कम्पनी' छ जुन नेपालकै सबैभन्दा पुरानो बीमा कम्पनी हो । अहिलेसम्म दुवैको अन्य बैंकको जस्तो मर्चेन्ट बैंकिङ्ग गर्ने सहायक कम्पनी छैन ।

शाखा संजालमा मात्र होइन, ब्यालेन्स सिट अंकमा पनि कृषि बैंककै बढी छ, भौतिक सम्पत्तिमा पनि यही बैंक अगाडि देखिन्छ । तर नयाँ सडक जस्तो ठाउँमा नेपाल बैंकको १४ रोपनी जग्गा छ । यसैगरी विभिन्न जिल्लामा दुवै बैंकका सम्पत्तिहरू छन् । जन साधारणमा चाहिँ नेपाल बैंकको अपार सम्पति भएको विश्वास गरिन्छ । कर्मचारीहरूमा ब्यावसायिक संस्कार (बिजिनेस कल्चर) नेपाल बैंकको राम्रो महसुस गरेको छु, उनीहरू तुलनात्मक रूपमा सम्भवतः बढी प्रोफेसनल छन् ।

कृषि विकास बैंकका कर्मचारीबीच अनौपचारिक सम्बन्ध राम्रो छ, सामान्यतया उनीहरू एक्सट्रोभर्ट छन्, नेपाल बैंकका कर्मचारीहरू अलि इन्ट्रोभट पाएँ । हुन त यो व्यक्ति-व्यक्तिमा भरपर्ने कुरा हो । त्यसैले मेरो यो भनाइ सामान्यतः मात्र ठिक हो, विशेषतः होइन । कृषि बैंकका प्रायः सबै कार्यालयमा पाहुनाको लागि पाहुना कोठाको व्यवस्था छ । राष्ट्र बैंकको जस्तो गेष्ट हाउस चाहिँ होइन । विभिन्न उद्देश्य लिएर मुख्य कार्यालय वा क्षेत्रीय कार्यालयमा निरीक्षणमा गएका कर्मचारीहरू यही गेष्ट रूममा बस्छन्, होटेलमा बस्ने संस्कार त्यहाँ छैन । यस्तो व्यवस्था धेरै पहिले बैंकका दोश्रो महाप्रबन्धक दीर्घराज कोइरालाले २०३१ सालदेखि नै गरी आएको हो । तीस वर्ष कृषि विकास बैंकको जागिर कालमा अनेकौं पटक जिल्ला भ्रमण गर्दा कहिले पनि होटेलमा सुतेको मेरो रेकर्ड छैन । तर नेपाल बैंकको चार वर्षको जागिर अवधिमा कति पटक म उपत्यका बाहिर निस्किएँ, तर सधै होटेलमै बसेँ, किनकि त्यहाँ गेष्ट रूमको व्यवस्था छैन ।

यसैगरी दुवै बैंकमा बलिया युनियनहरू मौजुद छन्, तीन चारवटा । फरक के छ भने नेपाल बैंकका युनियनहरू सामान्यतया संस्थाबाहिर मन्त्री वा पार्टिका नेताकोमा संस्थाबारे नकारात्मक कुरा गर्न जाँदैनन् । जे गर्छन् बैंकभित्रै गर्छन्, घेर्ने वा व्यवस्थापनलाई अत्याउने काम बैंकभित्रै गर्छन् । तर कृषि विकास बैंकका युनियनहरू मन्त्रालय वा मन्त्री निवास वा पार्टी कार्यालयतिर व्यवस्थापनको आलोचना गर्न पुग्छन् । यति मात्र होइन, उनीहरूको दौडधुप अन्य निकायमा पनि हुन्छ । त्यसैले जहाँसम्म संस्थामा राजनीतिकरणको कुरा छ, यो कृषि विकास बैंकमा बढी छ । हाल बैंकहरूमा राजनीतिकरणको समस्या सरकार वा मन्त्रीहरूबाट आउँदैन, युनियनहरूको माध्यमबाट ल्याउँछ ।

आजभन्दा ८ दशक स्थापित नेपाल बैंक र कृषिप्रधान देशमा कृषिको लागि ५ दशकभन्दा अघि स्थापित कृषि विकास बैंकको देशको आर्थिक विकासको लागि के कस्तो योगदान रह्यो, शायद यो रोचक प्रसङ्ग हुँदो हो । यी आफै इतिहास बोकेका संस्था हुन्, यिनीहरूको योगदानको लेखाजोखा हुनुपर्ने हो । तर हामीकहाँ यस्तो परम्परा त छैन, न कुनै अध्ययन नै हुन्छ । आफ्नो स्थापना कालमा नेपाल बैंकले जनतालाई उपलब्ध गराएको सेवा अद्वितीय थियो, यसमा शंका छैन । उद्योग व्यापारको क्षेत्रमा, बैंकिङ्ग सेवाको क्षेत्रमा यसले बिर्सिनसक्नु गुन लगाएको छ । यसैगरी कृषि विकास बैंकले ग्रामीण विकास र गरिबी निवारणको क्षेत्रमा पुऱ्याएको योगदानलाई कसले भुल्न सक्छ ? तर समग्रमा यी दुई बैंकले देश विकासको लागि गरेको योगदानको मूल्यांकन भएको छैन । मेरो विचारमा यसको लागि यी संस्थाहरू आफैं अगाडि आउनुपर्छ ।

अन्त्यमा एक अर्को प्रसङ्ग राखेर यसलाई समाप्त गर्नेछु– नेपालका सबै सरकारी बैंकहरू आफ्नो जीवनकालमा एकपटक बेसरी बिग्रिए, कृषि विकास बैंकभन्दा अन्य दुई बैंक बढी बिग्रिए । त्यतिबेलाको अंकहरूमा दृष्टि दिँदा यो प्रष्ट हुन्छ । तर सुधारको जहाँसम्म कुरा छ, सं. ९० को दशकमा आइपुग्दा यी तीनवटै बैंकमा आवश्यक देखियो । दुई वाणिज्य बैंकहरूमा सुधारको लागि स्वदेशीले सकेनन्, विदेशी व्यवस्थापन नै ल्याउनुपऱ्यो । राष्ट्र बैंकका तत्कालीन डेपुटी गभर्नर डा. हरिहरदेव पन्तले यस पंक्तिकारसँग भन्नुभएको कुरा अहिले सम्झिन्छु । उहाँले आफ्नै कार्यकक्षमा त्यतिखेर भन्नुभएको थियो, 'यी दुई बैंकलाई ठाउँमा ल्याउने काम साह्रै गाह्रो भयो, विदेशी नै नल्याई यो काम हुँदैन' । साँच्चै नै नेपाल बैंक र राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन सम्हाल्न आखिर विदेशी आए । तर कृषि विकास बैंकको लामो इतिहासमा कहिले पनि विदेशीलाई व्यवस्थापन दिनुपर्ने अवस्था आएन । यहाँ घरभित्रै सुधारको प्याकेज तयार भयो र लागु पनि भयो ।

सुधारका विभिन्न मोडेल हुन्छन् । बिग्रिएकाले बैंकहरूमा सुधारको आवश्यकता महसुस गरेको भए पनि त्यति बेलाको सरकार र राष्ट्र बैंकसँग कस्तो सुधार गर्ने भन्ने भिजन थिएन । व्यवस्थापन जिम्मा लिएकाकै प्राथमिकता अनुसार कृषि विकास बैंक र राष्ट्रिय वाणिज्य बैंकमा सुधारका उपायहरू र कारोवार विस्तारको काम सँगसँगै अगाडि बढ्यो । तर नेपाल बैंकमा भने विदेशी व्यवस्थापनद्वारा सुधारको क्रममा कारोवारमा संकुचन ल्याउने काम भयो । नयाँ निक्षेप स्वीकार्न करिब करिब रोकियो, लगानी बन्द गरियो, निष्कृय कर्जा असुलीमा केन्द्रित भयो । यसै कारणले कुनै बेलाको देशकै सबैभन्दा ठूलो नेपाल बैंक सरकारी तीन बैंकहरूमध्ये सानो भयो । एक वर्षअघि नेपाल बैंकमा सरकारको स्वामित्वलाई ५१ प्रतिशतमा घटाएर एफपिओ जारी गरियो र पूँजी संरचनालाई बढाइयो । यसको शेयर पूँजी र फ्रि रिजर्भ भर्खरै पहिले कहिले पनि नभएको उचाइमा पुगेको छ र यसले नेपाल बैंकको वित्तीय बल बेसरी बढाएको छ, जोखिम लिन सक्ने क्षमता बढेको छ । अब निक्षेप र कर्जा तथा गैरकर्जा कारोबार बढाएर अन्य बैंकलाई उछिन्न सक्ने अवस्थामा नेपाल बैंक छ । पछिल्ला डाटाहरू हेर्ने हो भने हालको उक्त बैंकको व्यवस्थापनको यो काम प्राथमिकतामा परे जस्तो पनि लाग्छ । नतिजा कस्तो आउँछ, हेर्न बाँकी छ । ■

*लेखक कृषि विकास बैंकको पूर्व प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।*

# समाजवाद उन्मुख मिश्रित विकास ढाँचा



जनकराज शाह

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको नयाँ संविधान २०७२ जारी भइसकेपछि मुलकमा अहिले नेकपाको बलियो सरकार रहेको छ । 'समृद्ध नेपाल र सुखी नेपाली' को नाराको कार्यान्वयनसँगै नयाँ संविधानले सुनिश्चित गरेको समाजवादको कार्यान्वयन कम्युनिष्ट पार्टीले कसरी गर्छ हेर्न भने बाँकी छ । सरकारले दुईवटा बजेट पनि ल्याइसकेको छ तर समाजवादको बाटो स्पष्ट हुन सकेको छैन । सरकारको अहिलेसम्मको कार्यशैली र घटनाक्रमहरू हेर्दा कम्युनिष्ट सरकार समाजवादको बाटोतर्फ भन्दा पनि राज्य संरक्षित आसेपासे पूँजीवादतर्फ उन्मुख हुन थालेको भान हुन्छ । यसबारे बेग्लै चर्चा गर्न सकिन्छ ।

नेपालको संविधानले समाजवादको परिकल्पना गरेको छ । शान्तिपूर्ण राजनैतिक संक्रमणको अवस्थामा संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रलाई विकासवादी समाजवादको मोडेल क्रमिक र सुधारात्मक मान्न सकिन्छ । यो क्रान्तिकारी समाजवादी मोडेल होइन । तर यो मोडेल क्रान्तिकारी समाजवादतर्फ तर्फ उन्मुख हुन सक्छ सक्दैन भन्नेमा पनि बहस जरूरी छ ।

सरकारको अहिलेसम्मको कार्यशैली र घटनाक्रमहरु हेर्दा कम्युनिष्ट सरकार समाजवादको बाटोतर्फ भन्दा पनि राज्य संरक्षित आसेपासे पूँजीवादतर्फ उन्मुख हुन थालेको भान हुन्छ ।

समाजवादको मोडेलबारे विभिन्न मतहरूमाथि चर्चा गर्न सकिन्छ । केहीले क्रान्तिकारी समाजवादलाई राजनैतिक क्रान्तिले मात्र कार्यान्वयन गर्न सक्छ भन्ने मान्यता राख्दछन् । जसअनुसार समाजवादी क्रान्तिले एक नयाँ प्रकारको अर्थव्यवस्थालाई जन्म दिन्छ । के अहिलेको अवस्थामा यस्तो प्रकारको क्रान्तिकारी समाजवादको प्रयोग सम्भव छ त ? नेपालमा क्रान्तिकारी समाजवादका लागि के अर्को राजनैतिक क्रान्तिको आवश्यकता छ ? यी प्रश्नहरूको उत्तर विगतको राजनैतिक इतिहासले सिकाएको पाठ र २१ औ शताब्दीको विकसित सामाजिक परिवेशको कसीमा खोज्नुपर्ने देखिन्छ ।

तर अहिले यहाँ नेपालको समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको विकास मोडेल कस्तो हुनुपर्ला भन्ने विषयबारे चर्चा गर्ने प्रयास गरिएको छ । नेपाल जस्तो अल्पविकसित मुलुकमा व्याप्त गरिबी र असमानता हटाउन समावेशी आर्थिक विकास अपरिहार्य हुन्छ । त्यसले नयाँ संविधानमा पनि क्षेत्रीय सन्तुलनसहितको समावेशी आर्थिक विकासका लागि क्षेत्रीय विकासको योजना अन्तर्गत दीगो सामाजिक आर्थिक विकासका रणनीति र कार्यक्रमहरू तर्जुमा गरी समन्वयात्मक तवरले कार्यान्वयन गर्ने नीति अंगीकार गरिएको छ । समाज तथा अर्थतन्त्रका सबै पक्षहरू समेटी आर्थिक विकासको प्रयास गर्नु नै समावेशी आर्थिक विकासको प्रमुख ध्येय हुन्छ । अबको नेपालमा एउटै केन्द्रीकृत योजनाले प्रदेशहरू, भौगोलिक क्षेत्रहरू, जिल्लाहरू र त्यसभित्र रहेका जनताका विकाससम्बन्धी आवश्यकता र सामाजिक मनोभावनाहरू नसमेटिने भएकोले समावेशीपन सहितको प्रादेशिक योजनाको प्रारूप तयार पारिनु पर्दछ जसले दूरदराजका प्रदेश, भौगोलिक क्षेत्र, महिला, जाति, जनजाति र तिनले अपनाउँदै आएका आर्थिक, सामाजिक तथा साँस्कृतिक परिवेशहरूलाई समेत आत्मसात गर्दै विकासलाई अग्रगति प्रदान गर्न सकोस् ।

राजनैतिक रूपमा नेपाल एउटा समावेशी, लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य प्रणाली भएको राष्ट्र हो । त्यसैले अहिले निर्माण भएको राष्ट्रिय सहमतिका आधारमा

समाजवाद उन्मुख राष्ट्रिय अर्थतन्त्रको मिश्रित प्रणालीलाई नै अहिलेको नेपालको राष्ट्रिय अर्थतन्त्रको सञ्चालन मोडेल मान्न सकिन्छ । जसको प्रमुख उद्देश्य राष्ट्रिय अर्थतन्त्र (निजी, सहकारी र सरकारी क्षेत्र) को क्षमता अभिवृद्धि गर्नु, औद्यौगिक विकासको आधार (विकासका साधन (प्राकृतिक साधन स्रोतहरू र मानव निर्मित साधन स्रोतहरू), कृषि क्षेत्रको संरचनागत विकास, औद्योगिक संरचनागत विकास) तयार गर्नु, समन्वय र स्वस्थ राष्ट्रिय प्रतिस्पर्धा र राष्ट्रको अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्नु हुन आउँछ । नेपालको सन्दर्भमा औद्यौगिक विकासको आधार तयारगर्ने कार्यमा विकासका साधनहरू मध्ये खाशगरी उपलब्ध प्राकृतिक साधन स्रोतहरू र मानव निर्मित भौतिक पूर्वाधार, जनशक्ति, ज्ञान स्रोत, पूँजी स्रोत तथा नयाँ बैंकिङ्ग प्रणाली आदिको विकास गर्नुमा नै नेपालको नयाँ विकास मोडेल केन्द्रित हुनुपर्दछ ।

विकास इतिहास देर्दा ग्रामीण विकासको अवधारणालाई १९८० को दशकमा देखापरेको विकासको एउटा सिद्धान्त मान्न सकिन्छ । यो जनता केन्द्रित र मानव विकासमा आधारित विकास प्रक्रिया हो । नेपालको ग्रामीणमुखी अर्थतन्त्रको विकासका लागि तत्काल ग्रामीण विकास मोडेल एकदमै सान्दर्भिक मान्न सकिन्छ । अधिकांश नेपाली जनता ग्रामीण क्षेत्रमा बसोबास गर्दछन् । ग्रामीण क्षेत्रमा भोक, रोग र अशिक्षा व्याप्त छ । परम्परागत कृषिमाथिको निर्भरताले गर्दा ग्रामीण जीवनशैलीलाई झन् जटिल बनाइदिएको छ । कुल गार्हस्थ उत्पादनमा एकतिहाइ योगदान पुर्‍याउने मलुकको कृषिको रूपान्तरण बिनाको नयाँ नेपालको परिकल्पना पनि गर्न सकिँदैन । कृषि क्षेत्रको आधुनिकीकरण, उत्पादकत्व वृद्धि र भूमिहीन तथा साना किसानहरूको हित संरक्षण गर्ने कार्य आफैंमा चुनौतीपूर्ण छ । ग्रामीणमुखी अर्थतन्त्र भएको हुंदा नेपालको चौतर्फी विकासको कुरा गर्दा सर्बप्रथम ग्रामीण क्षेत्रको विकासमा ध्यान केन्द्रित गर्नैपर्ने हुन्छ । यसले जनसंख्यालाई शहरबाट गाउँतर्फ स्थानान्तरित हुने स्थितिमा कमी ल्याउँछ र विकासमा जनताको सहभागिता बढाउँछ ।

ग्रामीण क्षेत्रमा भोक, रोग र अशिक्षा व्याप्त छ । परम्परागत कृषिमाथिको निर्भरताले गर्दा ग्रामीण जीवनशैलीलाई झन् जटिल बनाइदिएको छ ।

ग्रामीण विकास भन्नाले कुनै पनि ग्रामीण क्षेत्रको आर्थिक, सामाजिक अवस्था, मान्यताहरू, अन्तरसम्बन्ध र प्रक्रियाहरूको सकारात्मक दूरगामी परिवर्तनलाई मान्न सकिन्छ । यस अन्तर्गत कृषि उत्पादकत्व, रोजगारी, निम्नवर्गीय ग्रामीण जनताको आयमा वृद्धि, गाँस, बास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत आवश्यकताको समुचित व्यवस्था जस्ता कुराहरू पर्दछन् । नेपालको विकास भन्नु नै ग्रामीण क्षेत्रको विकास भएको हुँदा सर्वाङ्गीण विकासका गतिविधिहरू गाउँमा सञ्चालन गरेर विकासको गतिलाई तीव्रत्तर पार्न सकिन्छ । विकासको सम्पूर्ण क्रियाकलापहरूलाई ग्रामीण जीवनशैलीसँग आबद्ध गर्न विकासका कार्यक्रमहरू एकीकृत रूपमा ग्रामीण स्तर सम्म पुर्‍याउन अति आवश्यक छ । ग्रामीण क्षेत्रमा खास गरी भूमी, श्रम तथा केही पूँजी समेत रहेको हुन्छ । यसको उचित तरिकाले परिचालन गर्नसके निश्चय नै गरिबी हटाउन र ग्रामीण वासिन्दाहरूको जीवनस्तरमा सुधार ल्याउन सम्भव हुन्छ । कृषि तथा ग्रामीण क्षेत्रको विकासमा ध्यान दिई औद्योगिकीकरणका लागि आधार तयार गर्न सकिन्छ ।

कृषि क्षेत्रको रूपान्तरणका लागि मूल्य व्यवस्था कृषि र किसान समुदायका पक्षमा हुनु पर्दछ जस अन्तर्गत कृषि उपकरण, मल आदिको मूल्य कम राखिनु, तर कृषि उपजका लागि कृषकलाई राज्यद्वारा चुकाउने मूल्य बढी राख्नु जस्ता नीतिगत कुराहरू पर्दछन् । यसैगरी कृषिमा हुने भूमि सुधार, सहकारीता र कृषि क्षेत्रमा दिइने विशिष्ट जोडले जनतालाई खाद्य वस्तुको आवश्यकता परिपूर्ति र लघु तथा घरेलु उद्योगहरूलाई स्वदेशी कच्चा पदार्थको आपूर्ति सहज हुन्छ । यसबाट भविष्यमा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पर्ने ठूलो मात्रामा संचित पूँजी समेत प्राप्त हुन गई जनताको जीविकालाई सुनिश्चित गर्दै ठूला उद्योगधन्दाहरूका लागि एउटा ठोस आधारभूमि तयार पार्न सकिन्छ । उद्योगलाई समेत कृषिको प्रगतिका दिशामा निर्देशित गर्ने र कृषिलाई आधार एवं उद्योगलाई नेतृत्वकारी उद्यम मान्दै ग्रामीण औद्योगिक एवं प्राविधिक प्रबन्धलाई गाउँमा उपलब्ध उत्पादन सम्भावनाहरूको उपयोग तथा शहर र गाउँका बीच सामाजिक अन्तरलाई कम गर्ने साधनका रूपमा प्रोत्साहित गर्न सकिन्छ ।

समकालीन समग्र नेपाली अर्थतन्त्रलाई दुई भागमा बाँड्न सकिन्छ । सीमित विकसित क्षेत्र जुन संगठित औद्योगिक र शहरी क्षेत्रमा सम्बन्धित हुन्छ र व्यापक पिछडिएको क्षेत्र जुन असंगठित कृषि वा ग्रामीण क्षेत्रमा सम्बन्धित हुन्छ । अबको हाम्रो योजनाको कार्यान्वयन कृषि र सामुहिकीकरणका लागि मार्गदशक बन्नु पर्दछ । आधुनिक समाजवादी औद्योगिक आधार र सामुहिकीकृत

कृषिको सक्षम आधारले आर्थिक विकासको चौर्तर्फी मार्गदर्शन गर्न सक्दछ । सामुहिकीकरणले ग्रामीण क्षेत्रमा सदियौंदेखि चल्दै आएका पुराना प्रविधि, परम्परा र उत्पीडनका विरूद्ध उथलपुथल सम्भव हुन्छ । यसरी अर्थतन्त्रमा कृषिक्षेत्रको रूपान्तरणबाट छोटो समयमा पिछडिएको कृषि प्रधान देशबाट आधुनिक र आत्मनिर्भर समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक अर्थतन्त्र भएको राज्यका रूपमा रूपान्तरण गर्ने लक्ष्यलाई मूर्तरूप दिन सकिन्छ ।

मिश्रित अर्थव्यवस्था समाजवाद र पूँजीवादको बीचको बाटो हो । यसलाई पूँजीवाद भन्दा भिन्न र समाजवादको नजिक र उन्मुख बनाउनु पर्दछ । यस्तो अर्थव्यवस्था व्यक्तिगत नाफा मात्र नभई सामुहिक भलाइको उद्देश्यले परिचालित हुन्छ । हाम्रो जस्तो विकासशिल देशमा यसको औचित्य बढी रहन्छ । यसको माध्यमबाट देशको आर्थिक विकासको लागि निजी र सरकारी क्षेत्र दुवैबाट पूँजीको लगानी सम्भव हुने हुँदा धेरै मात्रामा पूँजीको अभावको समस्यालाई समाधान गर्न सकिन्छ । यसरी हाम्रो सन्दर्भमा निजी, सहकारी र सार्वजनिक क्षेत्रका आर्थिक क्रियाकलापहरूको संमिश्रणबाट उद्योगलाई कृषिका साथ र शहरलाई गाउँका साथ एकीकृत गर्ने खालको विकास नीति आवश्यकता रहन्छ ।

मुलुक संघीय लोकतान्त्रिक राज्य प्रणालीको कार्यान्वयनको चरणमा रहेको छ । राजनैतिकरूपमा एउटा युगान्तकारी परिवर्तन संस्थागत भएको छ । मुलुकले विकासको एउटा नयाँ चरणमा संक्रमण गरेको छ । विकासको एउटा चरणबाट अर्को नयाँ चरणमा प्रवेश गर्दा विकासका क्रियाकलापहरू लामो समय संक्रमणकालीन अवस्थामा नै रहन्छन् । संघीयता उन्मुख अर्थतन्त्रको निर्माण गर्न पुराना आर्थिक एवं प्रशासनिक संरचनाहरूको रूपान्तरण र समन्यायिक वितरण प्रणालीको विकास गर्दै समग्र समाजलाई आर्थिक-सामाजिक सुरक्षाको प्रत्याभूति गर्न राज्यको लगानी पनि बढाउदै लैजानुपर्ने हुँदा समाजवादतर्फ उन्मुख स्वाधीन राष्ट्रिय पूँजीवादको विकासतर्फ नेपाललाई लक्षित गर्न सकिन्छ । यस्तो प्रकारको संक्रमणकालीन अवस्थामा खाशगरी निजी, सहकारी र सार्वजनिक क्षेत्र (जसलाई अर्थतन्त्रको ३ वटा आधार स्तम्भको रूपमा विकास गर्न सकिन्छ) को समन्वयकारी भूमिका कायम राख्न समाजवाद उन्मुख समावेशी विकासको मिश्रित मोडेल सहित राज्य जिम्मेवारीपूर्वक अघि बढ्नु पर्दछ । यसले नेपाली समाजको समतामूलक र प्रगतिशील सामाजिक, आर्थिक रूपान्तरणका लागि आधार निर्माण गर्दछ । देशको औद्योगिक क्रान्ति, प्राविधिक क्रान्ति र औद्यौगिक अर्थतन्त्रको विकासका लागि राष्ट्रिय पूँजीपति वर्गलाई विशेष महत्वका साथ प्रोत्साहित गर्दै पूँजी र श्रमबीचको सम्बन्धलाई सामाजिक न्यायका आधारमा प्रगतिशील व्यवस्थापन गर्दै अर्थतन्त्रको विकासमा निजी क्षेत्रलाई लगानीका लागि र लगानीको प्रतिफलको लाभ लिनका लागि विधिसम्मत स्थान दिन राज्य लचिलो हुनु पर्दछ । तर विपन्न वर्गलाई भूमण्डलीकरण र नवउदारवादी पूँजीवादको प्रतिकूल प्रभावबाट जोगाउन भनें राज्य एकदमै सचेत रहँदै सामाजिक सुरक्षाका लागि राज्यको लोककल्याणकारी दायित्व र भूमिका सुदृढ गर्दै जानु पर्दछ ।

यसरी मुलुकको समग्र आर्थिक क्रान्तिका लागि कृषि तथा औद्योगिक क्षेत्र अन्तर सम्बन्धित विकासमा जोड दिँदै सहकारीलाई औद्योगिक तथा कृषि विकासका साथ साथै उत्पादन, वितरण, सामाजिक सेवा र वित्तीय क्षेत्रमा लाग्न राज्यले प्रोत्साहित गर्नु पर्दछ । ठूलो पूँजीको आवश्यकता परिपूर्ति गर्न औद्योगिक र प्राविधिक क्रान्तिका लागि देशबाहिरको विदेशी पूँजीलाई राष्ट्रिय प्राथमिकता आधारमा आकर्षित गर्दै मुलुकको औद्योगिक, कृषि क्षेत्र, जलस्रोत, पर्यटन विकास र पूर्वाधार निर्माण कार्यमा ठूलो पूँजीको पूर्ति गर्न राज्य, सहकारी र निजी क्षेत्र साझेदारीको अवधारणा ठोस रूपमा कार्यान्वयन गरिनु पर्दछ । तर पूँजी विकासको दौरान हुनसक्ने एकाधिकार र दलाल पूँजीको स्वच्छन्द उदयलाई रोक्ने र प्रतिस्पर्धालाई अस्वस्थ र सामुदायिक हितविरूद्ध हुन नदिन राज्य विशेषरूपमा सजग रहनु पर्छ । यसरी अबको नेपालको हकमा राज्यलाई लोक कल्याणकारी र अर्थतन्त्रलाई समावेशी तथा प्रगतिशील चरित्रको बनाउन मुलुकको समग्र क्षेत्र परिलक्षित समाजवाद उन्मुख राष्ट्रिय औद्योगिक अर्थतन्त्रको मिश्रित विकास मोडेल नै उपयुक्त हुन्छ । ■

*लेखक कृषि विकास बैंक लि. का पूर्व संचालक एवं प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।*

# आर्थिक सुस्ती र वित्तीय प्रणालीको सुरक्षा कवच

■ नीलम तिम्सिना

विश्वमा झाँगिँदै गएको प्रतिस्पर्धात्मक संरक्षणवाद, त्यसबाट सृजित व्यापारयुद्धले विश्व व्यापारमा तनाव सृजना गरेको छ । यी लगायत विश्वव्यापी भूराजनीतिक तनाव, बेक्जिटसम्बन्धी अनिश्चितता र अमेरिकी कर व्यवहारले विश्व आर्थिक वृद्धिदर र कुल व्यापार वृद्धिदर सुस्त हुन पुगेका छन् । अमेरिकालगायत कतिपय विकसित मुलुकहरूमा कार, घर, फ्रीज, गरगहनालगायत कैयौँ टिकाउ वस्तुहरूको माग र लगानी दुवै घटेको छ । भारतलगायत उदीयमान अर्थव्यवस्थाहरूमा पनि सवारीका साधनलगायत धेरै वस्तुहरूको मागमा कमी आएको, बाह्य सुस्तीले गर्दा निर्यात प्रभावित भएको र वैदेशिक लगानी फिर्ता जान थालेको र समग्रमा आर्थिक वृद्धि सुस्त हुनथालेको छ । रोजगारी गुम्न थालेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषको वर्ल्ड इकोनोमिक्स आउटलुक्स (वियो) (जुलाई २०१९) अनुसार विश्वको आर्थिक वृद्धि सन् २०१७ मा ३.८ प्रतिशत, सन् २०१८ मा ३.६ प्रतिशत छ भने सन् २०१९ मा ३.२ प्रतिशतमा झर्ने अनुमान रहेको छ । त्यस्तै, सन् २०१७ मा ५.५ प्रतिशतले वृद्धि भएको विश्व व्यापार सन् २०१८ मा ३.७ प्रतिशतले मात्र बढेको छ भने सन् २०१९ मा २.५ प्रतिशतले मात्र बढ्ने अनुमान छ । भारतको आर्थिक वृद्धि त झन जुन २०१९ मा विगत ६ वर्षयताकै न्यून ५ प्रतिशतमा सीमित भएको छ । चीनको आर्थिक वृद्धिदर सन् २०१८ मा ६.६ प्रतिशत रहेकोमा सन् २०१९ मा ६.२ प्रतिशतमा झर्ने अनुमान छ ।

यी सम्पूर्ण विश्व आर्थिक सुस्तीसम्बन्धी घटनाहरूले निश्चय नै विश्वव्यापी वित्तीय प्रणाली अछुतो रहन सक्दैन । आर्थिक सुस्तीले विकसित र उदीयमान बजार अर्थतन्त्रका घरपरिवार, व्यापारिक कम्पनीहरू र बैंकिंग क्षेत्र सबैलाई गहन प्रभाव पार्न थालेको हुनाले विश्वव्यापी वित्तीय प्रणाली नै अहिले सघन तनावमा रहेको छ भनी अन्तर्राष्ट्रिय मुद्रा कोष (अप्रिल, २०१९) को ग्लोबल फाइनान्सियल स्ट्याविलिटी रिपोर्टले जनाएको छ । खुम्चँदो आर्थिक गतिविधिले सम्पत्तिको मूल्यमा कमी ल्याएको कारणले बैंकका वासलातहरूमा थप दबाब परेको छ र यसले बैंकिङ्ग क्षेत्रको पूँजी पर्याप्तता अनुपात र थप नयाँ कर्जा दिनसक्ने क्षमतालाई चुनौती दिएको छ । यसकारण कर्जाको वृद्धिदर घट्न थालेको र कतिपय मुलुकहरूमा ऋणात्मक समेत हुनपुगेको छ । यसले आर्थिक क्रियाकलापलाई सुस्त बनाउन थप मलजल गरेको छ । आर्थिक गतिविधि अझ सुस्त हुँदै जाँदा बैंक वित्तीय संस्था झनै संकटमा पर्न जान्छन् । वित्तीय संकटले पुनः आर्थिक, राजनैतिक र सामाजिक संकट ल्याउँछ । विदेशी विनिमय सञ्चितिमा कमी, उत्पादनमा कमी, बेरोजगारी र गरिबी वृद्धि, उच्च सरकारी खर्चको बोझ, कर्जा क्षय, उच्च व्याजदर अन्तर, न्यून वित्तीय मध्यस्थता, कर्जा सतर्कता, भुक्तानी प्रणालीमा अवरोध, मौद्रिक नीतिको न्यून प्रभावकारिता, न्यून मौद्रिकीकरण, मौद्रिक योगांकहरूमा अस्थिरता, व्याजदर असम्वेदनशील खुलाबजार प्रक्रिया, उच्च निष्क्रिय कर्जा जस्ता विसंगतिहरू वित्तीय संकटको कारण आउने गर्दछन् । हाल विश्वमा आर्थिक सुस्तीजनित यस्तो वित्तीय संकटको संकेतहरू देखा परिसकेको सन्दर्भमा निजी क्षेत्रको अथक प्रयास र सरकारी सहायता प्याकेजहरू लागू गरी त्यसबाट केही सुधारका संकेतहरू पनि देखा पर्न थालिसकेका छन् । तर दीगो र कुशल वित्तीय स्थिरीकरण गरी वित्तीय

> खुम्चँदो आर्थिक गतिविधिले सम्पत्तिको मूल्यमा कमी ल्याएको कारणले बैंकका वासलातहरूमा थप दबाब परेको छ र यसले बैंकिङ्ग क्षेत्रको पूँजी पर्याप्तता अनुपात र थप नयाँ कर्जा दिनसक्ने क्षमतालाई चुनौती दिएको छ ।

प्रणालीप्रति सर्वसाधारणको जनविश्वासलाई पुनस्थापना गर्न र वातावरणलाई सामान्य बनाउनका लागि अझ पनि विश्वव्यापी प्रबल इच्छाशक्ति र प्रभावकारी कार्ययोजना र अन्तराष्ट्रिय समन्वयको आवश्यकता छ । सुदृढ राजनीतिक प्रतिबद्धताको उत्तिकै टड्कारो खाँचो छ ।

आर्थिक सुस्तीले वित्तीय संकट ल्याउने र वित्तीय संकटले पुनः आर्थिक सुस्ती बढाउने यो डाउनवार्ड स्पाइरल (अधोगतिउन्मुख चक्र) लाई निराकरण गर्नका लागि सर्वप्रथम बैंकिंग क्षेत्रको वासलात नै सफा गर्नु आवश्यक हुन्छ । यसका लागि खराब कर्जाहरूलाई उल्लेखनीय मात्रामा अपलेखन गर्नुपर्ने हुन्छ । यसका लागि उल्लेख्य मात्रामा रकमको आवश्यकता पर्दछ । अन्तर्राष्ट्रिय मुद्रा कोषले यस्तो रकम ४ ट्रिलियन अमेरिकी डलर लाग्नसक्ने अनुमान गरेको छ ।

विश्वव्यापी वित्तीय प्रणालीलाई नियाल्दा अन्तरबैंक कारोवारमा विगत केही महिनादेखि सुधार भएतापनि बैंकहरू स्रोत जुटाउने समस्याबाट ग्रसित नै छन् । कतिपयको दीर्घकालीन भुक्तानी अवधि पूरा हुनै लागेकोले चिन्ता छाएको छ । फर्म तथा कम्पनीहरूले ज्यादै उच्च व्याज दरमा मात्र कर्जा पाउने र भरसक दीर्घकालीन बैंक कर्जा नै नपाउने सम्भावना बढेर गएको छ । सम्पत्तिको मूल्य घटनाले पेन्सन फण्ड र जीवन बीमा कम्पनी जस्ता धेरै गैरबैंक वित्तीय संस्थाहरू समेत दबाबमा परेका छन् ।

कतिपय संस्थाहरूले विवेकशील रूपमा तिनका जोखिम न्यूनीकरण गरेका छन् भने कतिपय संस्थाले भविष्यमा आउनसक्ने तनावहरूलाई ख्यालै नगरी बढीभन्दा बढी जोखिम लिइरहेका छन् । विकसित मुलुकहरूले आफ्ना बैंक वित्तीय संस्थाहरू जोगाउन र आर्थिक गतिविधिलाई टेवा दिनको लागि आफ्नो मुलुकभित्र मात्र कर्जा प्रवाह गर्ने र बाह्य लगानी क्रमशः फिर्ता ल्याउने नीति लिएपछि त्यसले उदीयमान मुलुकहरूको क्रशबोर्डर फाइनान्सिंगलाई घटाई तिनीहरूमा समेत वित्तीय एवं आर्थिक संकट आउने वातावरण बनेको छ । विदेशी लगानीकर्ता र बैंकहरूबाट एकैसाथ लगानी फिर्ता जानु, निर्यात व्यापारमा समेत कमी आउँदा उदीयमान मुलुकहरूले अर्थतन्त्र सुधारका लागि आवश्यक स्रोतको जो हो कसरी गर्ने ? भन्ने कुराले विश्वव्यापी ध्यान आकृष्ट गरेको छ । विकासशील एवं उदीमान मुलुकहरूले झेल्नुपरेको स्रोतको तीव्र अभावलाई पूरा गर्न आई.एम.एफ. जस्ता संस्थाहरूबाट समेत अफिसियल सपोर्ट प्रदान गर्नु आवश्यक देखिएको छ ।

विश्वव्यापी रूपमा विकसित एवं उदीयमान मुलुकहरूमा फैलिएको आर्थिक सुस्ती र वित्तीय संकटको अधोगतिउन्मुख चक्रलाई रोक्नको लागि अन्तर्राष्ट्रिय दातृ निकायहरूबाट प्राप्त अफिसियल सहयोग, ती मुलुकहरूका सरकारहरूले दिएका व्यापक वित्त सहायता र केन्द्रीय बैंकले प्रवाह गरेका थुप्रै प्रकारका तरलता सुविधाहरूका बाबजुद पनि आर्थिक सुस्तीलाई अझै बढाउनसक्ने र सुधारमा वाधा पुर्‍याउनसक्ने कारकका रूपमा रहेका वित्तीय अस्थिरताहरू हटाउन र वित्तीय प्रणालीप्रतिको जनविश्वास पुनरूत्थान गर्न अझै प्रतिबद्ध र प्रभावकारी नीति तथा कार्ययोजनाहरू आवश्यक देखिएका छन् । तर अनवरत रूपमा सरकारी सहयोग र केन्द्रीय बैंकको सहायताले पनि वित्तीय जोखिम निजी क्षेत्रबाट सरकारी क्षेत्रमा हस्तान्तरण हुने जोखिम हुन्छ ।

यस्ता विभिन्न सुधारका उपायहरू अवलम्बन गरिएतापनि बेलायत, अमेरिका तथा यूरो क्षेत्रमा सुधार प्रक्रिया सुस्त र तनाबपूर्ण देखिइरहेको छ, जसले आर्थिक सुस्ती अझै बढाइरहेको छ । तसर्थ यस्तो जटिल मोडमा वित्तीय संकट र आर्थिक सुस्ती निराकरण गर्नका लागि अहिले भइरहेका नीतिनियमहरूको कडाईका साथ कार्यान्वयन गर्ने र आवश्यक परेको ठाउँमा अत्यन्त शीघ्र र निर्णायक कदम चाल्ने गर्नुपर्दछ भनी आइ.एम.एफले समेत सुझाव दिएको छ । सधैँभरि आर्थिक सुधार र वित्तीय संकट टार्नका लागि सरकारले सहयोग गरिरहन पनि कठिन हुन्छ किनकि सरकारका पनि सीमाहरू हुन्छन् । मुनाफा हुञ्जेल निजी क्षेत्रले उपभोग गर्ने, तर नोक्सानी /संकट भएपछि वित्तीय संस्थालाई जोगाउन सरकार र केन्द्रीय बैंक लाग्नुपर्ने नैतिक खतरायुक्त व्यवहारको करदाताहरूले तीव्र विरोध गर्ने हुनाले सरकारले यस्तो सहयोग निरन्तर रूपमा दिनसक्दैन र यस्तो रकम एक निश्चित समयपछि घटाउँछ/हटाउँछ । यस्तो अवस्थामा संकट अझ लम्बिन पनि सक्छ । यो कुरा विगतका आर्थिक संकटले पनि देखाएकै हो । अतः संकटबाट प्रभावित मुलुकहरूले समन्वयपूर्ण रूपमा आआफ्ना राष्ट्रिय नीतिहरू कार्यान्वयन गर्ने हो भने ती नीतिहरूको प्रभावकारिता पनि बढेर जान्छ र संकटबाट छिट्टै पार लाग्न सकिन्छ । आर्थिक सुस्तीको गति पनि न्यून हुन्छ । आइ.एम.एफ.का अनुसार, वित्तीय संकटबाट पार पाउन विशेष गरी तीन मुख्य कुराहरूमा जोड दिनुपर्दछ । पहिलो, बैंकिङ्ग प्रणालीसँग पर्याप्त तरलताको पहुँच छ भनी सुनिश्चित गर्ने, दोस्रो, निष्क्रिय कर्जाको पहिचान र निराकरण गर्ने र तेस्रो, कमजोर तर सम्भाव्य संस्थालाई पुनःपूँजीकरण गर्ने तर असम्भाव्य संस्थाहरूलाई बन्द गर्नुपर्छ । यसको अलावा बैंकिङ्ग प्रणालीमा विद्यमान अनिश्चितता हटाई स्थायित्व प्रदान गर्नको लागि वित्तीय संस्थाको सम्भाव्यता

पहिचान गर्ने, त्यसका लागि उपयुक्त सुधारात्मक कारवाहीहरू पत्ता लगाउने, अपलेखनका लागि थप पूँजी आवश्यकता पहिचान गर्ने कार्यहरू बैंक सुपरीवेक्षकहरूले सक्रियता र कुशलतापूर्वक गर्नुपर्दछ । त्यस्तै, विभिन्न वित्तीय परिसूचकहरूको सुदृढताको कसीमा मापन गरी सुपरीवेक्षकको दृष्टिमा खराब ठहरिएका र सम्भाव्य पनि नभएका संस्थाहरूको पारदर्शी रूपमा पूर्ण खारेजी गर्नुपर्छ । साथै, सुपरीवेक्षकहरूले पूँजीको संरचना कसरी बलियो बनाउने भन्ने कुरा पनि स्पष्ट पार्नुपर्दछ । सम्पत्ति व्यवस्थापन कम्पनीको माध्यमबाट खराब सम्पत्तिलाई व्यवस्थापन गर्नुपर्दछ । त्यस्तै, वित्तीय क्षेत्रका समष्टिगत परिसूचकहरूको थप विकास गर्ने कार्यमा गतिशीलता दिनु आवश्यक छ । मुद्रा, कर्जा, व्याजदर, बैंकिङ्, सरकारी खर्च, बाह्य ऋण, अन्तर्राष्ट्रिय पूँजी प्रवाह, वैदेशिक व्यापार, विदेशी विनिमय सञ्चिति, घरजग्गा, स्टक बजारसँग सम्बन्धित समष्टिगत परिसूचकहरू र वित्तीय प्रणालीसँग सूक्ष्म रूपमा सम्बन्धित परिसूचकहरूको निरन्तर विश्लेषण हुनुपर्दछ । समष्टिगत आर्थिक परिसूचकहरूमा आएको परिवर्तनको धक्काले वित्तीय प्रणालीमा कस्तो असर पर्दछ र वित्तीय प्रणालीका परिसूचकहरूमा भएको परिवर्तनको धक्काले समष्टिगत परिसूचकमा कस्तो असर पर्दछ ? भनी विश्लेषण गर्नाले भावी वित्तीय संकटका संकेतहरू पत्ता लगाई निराकरण गर्न सजिलो हुन्छ । जस्तै, घरजग्गाको मूल्यमा आउने निश्चित प्रतिशत कमीले बैंकहरूको खराब कर्जामा कति वृद्धि हुनसक्छ ? भनी विश्लेषण गर्नसकिन्छ । यसबाट घरजग्गा क्षेत्रमा प्रवाह हुने कर्जामा सीमा र सतर्कता अपनाउन सकिन्छ ।

समस्यामा परेका कमजोर तर सम्भाव्य बैंक पुनर्संरचना गर्न पर्याप्त तरलताको व्यवस्था भयो भने वित्तीय संकटबाट पार पाउन सहज हुन्छ । यसका लागि सरकारले ग्यारेण्टी बसिदिने, केन्द्रीय बैंकले अल्पकालीन पुनर्कर्जा प्रदान गर्नु आवश्यक हुन्छ । विकसित मुलुकहरूको आर्थिक र वित्तीय सुधार कार्यक्रमहरूको प्रतिकूल असर विकासशील र उदीयमान मुलुकहरूमा पर्नुहुँदैन, परेको छैन र उनीहरू सुरक्षित छन् भन्ने सुनिश्चितता पनि कायम हुनु आवश्यक छ । त्यस्तै, एक मुलुकले आफ्नो आर्थिक सुधार गर्ने क्रममा छिमेकी मुलुकलाई हानि पुग्ने स्थिति पनि हुनुहुँदैन । उपयुक्त मौद्रिक र वित्तीय एवं सरकारी वित्त नीतिको कार्यान्वयनबाट वित्तीय क्षेत्र सुधार अगाडि बढाउनुपर्छ । कतिपय मुलुकहरूमा अहिले नै व्याजदर ज्यादै न्यून भइसकेको अवस्थामा आर्थिक सुस्तीसँग जुध्न मौद्रिक नीतिको स्पेश कमजोर भएको हुनसक्छ । यस्तो अवस्थामा या त प्रभावकारी वित्त उत्प्रेरणा दिएर या त गैर परम्परागत मौद्रिक उपायहरू अवलम्बन गरेर आर्थिक सुधारको गतिलाई बढाउन सघाउन सकिन्छ । अर्को कुरा, वासल कमिटी अन बैंकिंग सुपरभिजन, फाइनान्सियल स्ट्यावििलिटी बोर्ड, अन्तर्राष्ट्रिय मुद्रा कोष आदि संस्थाहरूले एकापसमा समन्वय गरेर कसरी विश्वमा सुदृढ वित्तीय प्रणाली कायम गर्न सकिन्छ ? यसका लागि के कस्ता विवेकशील नियमनहरूको थप विकास गर्नसकिन्छ ? त्यसमा प्रयास निरन्तर जारी राख्नुपर्दछ । यो जारी रहेकै पनि छ ।

त्यस्तै, प्रणालीगत रूपमा महत्वपूर्ण संस्थाहरू परिभाषित गर्ने र तिनको लागि आवश्यक विवेकशील नियमन तय गर्ने, बैंकिङ् प्रणालीको अत्यधिक लिवरेज र स्वचक्रीय प्रवृत्तिलाई रोक्ने, बजार अनुशासन कायम गर्ने, सूचना प्रणालीलाई सुदृढ बनाउने जस्ता सुरक्षा कवचहरूबाट आसन्न विश्वव्यापी आर्थिक सुस्ती र वित्तीय संकटबाट छिट्टै बाहिर निस्कन सहज हुन्छ र यसमा प्रयास पनि भइरहेको छ ।

**समस्यामा परेका कमजोर तर सम्भाव्य बैंक पुनर्संरचना गर्न पर्याप्त तरलताको व्यवस्था भयो भने वित्तीय संकटबाट पार पाउन सहज हुन्छ । यसका लागि सरकारले ग्यारेण्टी बसिदिने, केन्द्रीय बैंकले अल्पकालीन पुनर्कर्जा प्रदान गर्नु आवश्यक हुन्छ ।**

### नेपालको सन्दर्भ

नेपालको वित्तीय क्षेत्र विश्वव्यापी माहौलसँग त्यति घनिष्ठ रूपले जोडिइसकेको नभएतापनि विश्व आर्थिक सुस्तीका बाछिटाहरू प्रत्यक्ष रूपमा र भारतीय अर्थव्यवस्था हुँदै नेपालमा पनि पर्न थालेका छन् । विश्वव्यापी आर्थिक सुस्तीका कारण हाम्रो निर्यात प्रभावित हुनसक्ने, प्रत्यक्ष वैदेशिक लगानी र विदेशी सहयोग अपेक्षित परिमाणमा नभित्रिनसक्ने, पर्यटक आगमनमा कमी आउनसक्ने, नेपाली मुद्राको विनिमयदर अवमूल्यन हुने, आयात महँगो हुने, मुद्रास्फीति बढ्ने, नेपाली कामदारले रोजगारी गुमाउने, विप्रेषण प्रभावित हुने, व्यापार घाटालगायत शोधानान्तर घाटा बढ्नसक्ने, विदेशी विनिमय सञ्चितिमा चाप पर्नसक्ने आदि प्रभावहरू पर्नसक्ने हुन्छ । यी सम्पूर्ण घटनाहरूबाट नेपाली बैंकहरू प्रभावित नहुने अवस्था रहँदैन । नेपाली बैंकहरूको निक्षेप र तरलता नै

ज्यादातर विप्रेषण आप्रवाहको वृद्धिमा निर्भर रहेको हुनाले विप्रेषणको वृद्धिदरमा कमी आउनेबित्तिकै निक्षेपको वृद्धिदर र तरलतामा पनि कमी हुन थालिहाल्दछ । त्यस्तै सन् २०२० मा पर्यटकहरूको आगमन बढ्ने अपेक्षामा निर्माण गरिएका होटेल र अन्य पूर्वाधारहरूमा गरिएका बैंक लगानीहरू अपेक्षित मात्रामा पर्यटक नभित्रिँदा समस्यामा पर्नसक्ने हुन्छ । त्यस्तै, विदेशी प्रत्यक्ष लगानी अपेक्षित रूपमा नआउँदा बैंक फाइनान्सिङ्ग पनि कमै हुन्छ । कतिपय आयोजना, उद्योगधन्धा आदिमा विदेशी लगानी आउने अपेक्षामा बैंक लगानी गरिएको हुन्छ । त्यस्तो अवस्थामा त्यस्ता बैंक लगानीहरू समस्यामा पर्नसक्छन् ।

अर्को कुरा, नेपाली बैंकहरूको तरलता समस्या समाधान गर्न विदेशबाट ऋण लिनसक्ने भन्ने नीति बनाइए तापनि विश्वव्यापी आर्थिक सुस्तीको कारण त्यस्तो ऋण सहजै प्राप्त गर्न कठिन हुनसक्छ ।

यी सम्पूर्ण परिस्थितिमा नेपालको वित्तीय क्षेत्रले विश्वव्यापी वित्तीय संकटको बेलामा पनि आफू सुरक्षित हुन सर्वप्रथम आफ्नो आन्तरिक नियन्त्रण, संस्थागत सुशासन, जोखिम व्यवस्थापन र स्वअनुशासनलाई सुदृढ राख्नुपर्ने हुन्छ । कर्जा लगानीसम्बन्धी निर्णय गर्दा विश्वको हालको स्थिति, मुलुकको समष्टिगत आर्थिक स्थिति र भावी संकेतसमेतलाई मध्यनजर गर्नुपर्दछ ।

बैंकिङ्ग क्षेत्रको तरलता/लगानीयोग्य साधनको कमी हुन थाल्यो भने कसरी साधनको जोहो गर्ने? त्यसको आकस्मिक योजना के हो ? समयमै तयारी गरेर बस्नुपर्छ । सम्पत्ति र दायित्वको उचित म्याचिङ्ग गर्ने, पेशागत दक्षताका साथ बैंकिङ्ग सञ्चालन गर्ने, नियमक निकायको निर्देशनलाई औषधीको रूपमा ग्रहण गर्ने, नियमनकारी पूँजीको सीमाभन्दा माथि बफरमा बस्ने, प्रभावकारी रूपमा स्वार्थमा आधारित भित्रिया कारोवारलाई निरूत्साहित गर्ने, सुदृढ पूँजी पर्याप्तता अनुपात, न्यून निष्क्रिय कर्जा अनुपात, कुशल व्यवस्थापन, दीगो लाभदायकता र बजार सम्वेदनशीलताजस्ता कुराहरूमा जहिल्यै ध्यान दिनुपर्दछ । अन्तर्राष्ट्रिय स्तरका पूँजी र तरलतासम्बन्धी मापदण्डहरू, बासल कोर प्रिन्सिपल,नियमक निकायका निर्देशनहरू, वित्तीय क्षेत्र विकास रणनीति आदिको पालना गरेर वित्तीय परिसूचकहरूलाई सुदृढ बनाइराख्ने प्रयास गर्नुपर्दछ । नियमित रूपमा परिस्थितिअनुरूपको स्ट्रेस परीक्षण गर्ने, संकटको सिमुलेशन गरेर उद्दार हुने अभ्यासहरू पनि गर्नु उपयुक्त हुन्छ । यस्तो कार्य नियमनकारी निकाय र सरोकारवाला निकायलाई देखाउन मात्र होइन, वास्तविक रूपमै सक्षम हुनका लागि गर्नु जरूरी छ ।

यति गर्दागर्दै पनि यदाकदा वित्तीय संस्थामा तरलता समस्या आएमा मात्र अल्पकालीन आपतकालीन सहयोग केन्द्रीय बैंकले गर्नुपर्दछ । अतरल संस्थालाई मात्र अन्तिम ऋणदाता सहयोग गर्नुपर्दछ । दिवालिया र संस्थागत कुशासन भएको संस्थालाई सहयोग गर्नुहुँदैन । आकस्मिक तरलता संकट टार्न केन्द्रीय बैंकले केही सहयोग गर्नसक्छ । तर निरन्तरको कर्जा संकट टार्ने उपाय बैंक तथा वित्तीय संस्थाहरूले आफैँ बेलैदेखि पहिल्याउनु आवश्यक छ । वित्तीय संस्थाहरू खराब शासन र लापर्वाह कर्जा प्रवाहको कारणले बिग्रँदै जाने र तिनीहरूलाई उद्धार गर्न सरकारले ठूलै वित्त उत्प्रेरणा प्याकेज ल्याउनसक्ने गरीको पर्याप्त क्षमता नेपाल जस्तो मुलुकको सरकारसँग छैन । तसर्थ कतिपय कमजोर र असम्भाव्य संस्थाहरूलाई बन्द हुन दिन पनि हिच्किचाउनु हुँदैन । तर प्रणालीगत रूपमा महत्वपूर्ण संस्थालाई जोगाउन केन्द्रीय बैंकले सहयोग पनि गर्नुपर्दछ । तथापि, संकट परे, केन्द्रीय बैंकले जोगाइहाल्छ, भन्ने नैतिक खतरायुक्त बैंकिङ्ग व्यवहारलाई चाहिँ निगरानी गर्नैपर्दछ । बैंकिङ्ग क्षेत्रलाई सम्भावित संकटबाट रोक्न केन्द्रीय बैंकको ज्यादै शीघ्र, विवेकशील, निर्णायक, अडिग, उपयुक्त नीतिहरू र बलियो नियमनकारी र सुपरीवेक्षकीय भूमिका आवश्यक पर्दछन् भने बैंकिङ्ग क्षेत्रको स्वअनुशासन र सुशासन प्रबर्द्धनको त विकल्प नै छैन । ■

*लेखक नेपाल राष्ट्र बैंककी कार्यकारी निर्देशक हुनुहुन्छ ।*

# राष्ट्रिय समृद्धि र रुपान्तरणका लागि सहकारी



गोपीनाथ मैनाली

**विषय प्रवेश**

संयुक्त स्वामित्व र प्रजातान्त्रिक नियन्त्रणमा रहने उद्यमको माध्यमबाट समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता एवं आकांक्षा पूरा गर्न स्वेच्छाले एकताबद्ध व्यक्तिहरूबाट स्थापित संगठन सहकारी हो । आर्थिक व्यवसाय र उद्यमहरू व्यक्तिगत, कम्पनीका रूपमा र सामुहिक हितका लागि गर्न सकिन्छ । वैयक्तिक उद्यमशीलता र कम्पनीका बजारवादी सिद्धान्तबाट सहकारी व्यवसाय पृथक भई सामुहिक हित र समान आवश्यकता पूरा गर्न केन्द्रित हुन्छ, यही मान्यतामा सहकारी अभियान संस्थागत हुन्छ । आत्मसहयोग, स्वयम्जवाफदेहिता, लोकतान्त्रिक व्यवस्थापन, समानता, न्याय र ऐक्यबद्धता जस्ता मूल्यहरू सहकारी व्यवसायका आधार हुन् । त्यसैले सहकारी आफ्नो इच्छाको संस्था, आफ्नो क्षमताको व्यवसाय र आफ्नो भावनाको अभियान हो । मिहेनत र परिश्रम, सहकार्य र समर्पण सहकारीका गुण हुन्, जसका आधारमा सहकारी सामाजिक जीवन पद्धति बन्न सक्छ ।

विपन्नहरू आफ्ना समान आवश्यकता र आकाङ्क्षा पूरा गर्न सामाजिक-आर्थिक प्रक्रियामा आबद्ध हुन्छन् । किनकि उनीहरूलाई नै आर्थिक संगठन र सामाजिक आबद्धता बढी चाहिएको छ । समान स्वामित्व, फायदा र जोखिमका कारण सदस्यहरू विश्वासको उर्जामा गतिशील हुन्छन् । सामाजिक, आर्थिक र मानवीय तीनै प्रकारको पूँजी निर्माणको कार्य सहकारीले गर्नसक्ने भएकोले यो गरिबी निवारणको माध्यम र आर्थिक समृद्धिको आधार दुवै हो । आर्थिक प्रतिफल र बजारको सीमितताका कारण निजी क्षेत्र लगानी गर्न नगएको वा नचाहेको स्थानमा सहकारी नै समुदायस्तरको उत्पादन संगठन र रोजगारीको माध्यम हो । यसले स्थानीय सम्भावना, सीप एवं ससानो पूँजीलाई उत्पादन प्रक्रियामा लगी उपयोगिता सिर्जना गर्दछ ।

आर्थिक प्रतिफल र बजारको सीमितताका कारण निजी क्षेत्र लगानी गर्न नगएको वा नचाहेको स्थानमा सहकारी नै समुदायस्तरको उत्पादन संगठन र रोजगारीको माध्यम हो ।

**समृद्धि र रुपान्तरणमा सहकारी**

सहकारी नागरिक सशक्तीकरणको सशक्त माध्यम हो । विषयगत व्यवसायमा सदस्यहरूलाई सीप, शिक्षा र रोजगारीमार्फत सशक्तीकरण गरी उपभोक्ता बजारमा दरिलो उपस्थिति देखाउन सक्षम हुन्छन् । युरोप तथा एशियाका केही मुलुकमा खाद्य वस्तु, विजुली, उपभोग्य वस्तु, बीमा एवं वित्तीय सेवामा सहकारीले बजारको उल्लेख्य हिस्सा लिएका छन् । अन्तर्राष्ट्रिय सहकारी संघको केहीअघिको प्रतिवेदन अनुसार नेदरल्याण्डमा आलु उत्पादनको १०० प्रतिशत, दक्षिण कोरियामा कृषि उत्पादनको ४० प्रतिशत, फिनल्याण्डमा दैनिक सेवाको ३३ प्रतिशत, अमेरिकामा उर्जा आपूर्तिको १३ प्रतिशत हिस्सा सहकारीको छ । त्यस्तै भारतमा कृषि उत्पादनको ३७ प्रतिशत, माल्टामा माछा आपूर्तिमा ९० प्रतिशत र होण्डुरसमा बीमा सेवाको २७ प्रतिशत सहकारीले ओगटेको छ । नेपालमा वित्तीय सेवाको करिब २० प्रतिशत सहकारीको हिस्सा छ । यसरी विकसित तथा विकासोन्मुख दुवै प्रकृतिका मुलुकहरूमा सहकारीले आफ्नो कार्यक्षेत्र विस्तार गर्दै गएका छन् ।

सहकारी सामाजिक समावेशिता र नेतृत्व विकासमा पनि सक्रिय हुन्छन् । सहकारीमा संलग्न सदस्यहरू आफ्ना विषयलाई समूह प्रक्रियामा लैजान र अन्ततः विस्तृत कार्यसूची दिन सफल छन् । नेपालमा करिब ६३ लाख सर्वसाधारण सहकारीमा आबद्ध भई दुई लाखभन्दा बढी व्यवस्थापन तहमा पुगेका छन् । सामाजिक मूल्य

संस्कृतिका कारण महिलाहरू नेतृत्व विकासमा पछि पर्दै आएका छन् । हाल सहकारी संस्थामा महिला सदस्य ५१.५ प्रतिशत छन् । साथै महिला सञ्चालित सहकारी ४२७३ पुगेको छ । यसले नेतृत्व विकासमा उल्लेख्य योगदान पुऱ्याएको छ । लैगिक दूरी घटाउन र पुस्तौदेखि हस्तान्तरण हुँदै आएको मूल्य संस्कृतिलाई समावेशी बनाउँदै लगेको छ । सहकारीमा महिला, पुरूष, धनी गरीब र अन्य पहिचान नभै केवल सदस्यको पहिचान हुन्छ । यसले सामाजिक मूल्य पुनर्संरचना गरिरहेको छ ।

गरिबमुखी आर्थिक वृद्धिका लागि सहकारी सशक्त अभियान हो । आर्थिक वृद्धिका लागि स्वयम् परिचालन र प्राप्त प्रतिफलको समन्यायिक वितरण सहकारी क्रियाकलापमा देख्न सकिन्छ । उत्पादनका प्रक्रियाहरू सहर र सुविधा केन्द्रित र बजारमुखी मात्र हुँदा अर्थतन्त्र निमानवीकृत हुने सम्भावना रहन्छ । त्यसो हुनु दीगो विकास र आर्थिक वृद्धिका लागि पनि प्रतिकूल हो । त्यसो हुननदिन सहकारी जस्ता सामुदायिक अभियान सशक्त हुन सक्तछन् । साथै विस्तृत र समावेशी आर्थिक वृद्धिका लागि सहकारी परिचालित हुने गर्दछ । नेपालको आर्थिक वृद्धि न समावेशी छ न विस्तृत नै । केही आर्थिक क्षेत्र र सहरबजारमात्र सिंगो अर्थतन्त्रको आधार बनिरहेको सन्दर्भमा गाउघरमा स्थापित सहकारीले उत्पादन क्षेत्रको विविधिकरण र विस्तार गरिरहेका छन् ।

युवाहरू सहकारीमार्फत् परिचालित भई स्वरोजगार बन्न सक्दछन् । नेपालमा साघुरो श्रम बजारका कारण औपचारिक क्षेत्र सीमित रोजगारी सिर्जना गर्दछ । युवाहरू सुरक्षित भविष्यका लागि जोखिमको पर्वाह नगरी विदेशीएका छन् । यस अवस्थामा उपलब्ध आर्थिक तथा सामाजिक विप्रेषणको उपयोग गर्न र स्थानीय तबरमा नै श्रमिक कालीगढहरू संगठित भई स्वरोजगारीका अवसहरू सिर्जना गर्न सहकारी उपयुक्त माध्यम हुन् । सहकारी ऐन, २०७४ले यस्ता सहकारीलाई राज्यस्तरबाट सहुलियत दिने भनेको छ । सहकारी नियामवली, २०७५ले ऐनका भावनालाई सहकारी व्यवसाय प्रबर्द्धनमा केन्द्रित हुने कार्यविधिगत आधार दिएको छ ।

सहकार्य र सहउत्पादन राज्य पुनर्बोधका सन्दर्भमा आएको नवीन अवधारणा हो । राज्यका तर्फबाट वितरण हुँदै आएका नागरिक सेवामा राज्यमात्र एकल प्रदाता नभै विभिन्न सामुदायिक पात्रहरूसँग सहकार्य र सेवावस्तु उत्पादनमा नै सहकार्य हुन थालेको छ । सहकारी यसको सक्रिय पात्र हो । सहकारी संस्थाहरू स्थानीय आवश्यकताको सेवा (शिक्षा, स्वास्थ्य, आवास, विद्युत, सञ्चय तथा भण्डारण, वितरण, सामाजिक सुरक्षा आदि) आफैं उत्पादन गर्दछन्, यस्ता सेवा वस्तु उत्पादन र वितरणमा सहकार्य गर्दछन् । यसबाट सेवा उत्पादन तथा वितरण प्रक्रियामा लागत न्यूनीकरण हुन जान्छ, गुणस्तर बढ्न जान्छ, दीगो सेवा व्यवस्थापन सम्भव पार्दछ र अन्ततः सेवा जवाफदेहिता समेत स्थापित हुन गै सुशासन संस्थागत समेत हुनजान्छ ।

परम्परागत आर्थिक संगठनमा उत्पादनका साधनहरूको अविवेकशील उपयोग गरी आर्थिक वृद्धिको रेखीय ढाँचा सञ्चालन हुन्छ र चक्रीय उत्पादन प्रणालीलाई उपेक्षा गर्दछ । चक्रीय अर्थतन्त्र त्यस्तो अवधारणा हो जसले जैविक स्रोत र विविधतालाई क्षति नगरी/कम क्षति गरी मानवीय आवश्यकता पूरा गर्ने दीगो सोच राख्दछ । चक्रीय अर्थतन्त्रले (क) सामग्रीको निरन्तर उपयोग गरी उच्च मूल्य प्राप्त गर्न सकिन्छ, (ख) सबै उर्जा स्रोतहरू पुनप्रयोज्य छन्, (ग) जैविक विविधताले सबै प्रकारका मानवीय आवश्यकता पूरा गर्न सहयोग पुऱ्याउँछ, (घ) मानव समाज र संस्कृतिको सुरक्षा गर्नु पर्दछ, (ङ) मानव र अन्य प्रजातिको स्वास्थ्य रक्षा एकअर्कामा अवद्धित छन्, (च) आर्थिक क्रियाकलापको मापन आर्थिक सूचकभन्दा माथि रहेर गर्नु पर्दछ र (छ) आर्थिक प्रणाली वातावरण (जैविक विविधता) मैत्री बनाउँछ । सहकारी समुदायको लागि समुदायले नै काम गर्ने स्वउत्तरदायी अभियान भएकाले स्रोत साधनको दीगो व्यवस्थापन गर्नमा सघाउ पुऱ्याउँछ ।

सहर अवसरको केन्द्र हो, गाउँ सम्भावनाको स्थल । गाउले उत्पादन गरेका वस्तुहरू सहरले उपभोग गर्दछ । गाउलाई उत्पादन गर्न सहरले माग सिर्जना गर्दछ । सहकारीमार्फत गाउँ-सहर अन्तरसम्बन्ध मजवूत बनाउन सकिन्छ । उदाहरणका लागि दुग्ध सहकारीलाई लिन सकिन्छ । गाउमा उत्पादित दुग्ध पदार्थ सहकारीमार्फत सहर पुग्छ भने सहरको नगद कृषकहरूको हातमा पुग्छ । तरकारी, माछा, मासु, फलफूलका क्षेत्रमा कार्यगर्ने सहकारीहरू गाउ सहर आबद्धताका बलिया सूत्र हुने गर्दछन् । संघीय संरचनामा क्रियाशील मुलुकलाई आर्थिक संरचनाहरूमार्फत क्रियाशील बनाई गाउँ बस्तीसम्म उत्पादन सम्बन्ध स्थापना, वित्तीय मध्यस्थता सेवा, उत्पादनको सञ्चय तथा बजारीकरण गर्न जनस्तरका आर्थिक संरचना सहकारी नै हुन् । सहकारीले ग्रामीण बस्तीमा ससानो परिमाणमा रहेको बचतलाई पूँजीमा रूपान्तरण गरी उद्यमीको हातमा पुऱ्याउँछ । दोस्रो, उद्यमी व्यवसायी तथा बचतकर्ताको जोखिम घटाउँछ । सहरी स्वरूप भएका र सुविधाका घनावस्तीमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति भए पनि गाउ र विपन्न स्थान

वित्तीय पहुँचभन्दा निकै टाढा छन् । बैंक तथा वित्तीय संस्थाहरूको स्वभाव बजार संकेतमा दौडिने हो । ग्रामीण क्षेत्र औपचारिक वित्तीय सेवाको शृङ्खलामा आबद्ध हुँदैन । अनौपचारिक रूपमा वित्तीय कारोवार गर्दा विपन्न मानिसहरू झनै विपन्न हुने गर्दछन् । त्यसैले ससानो बचत परिचालन मार्फत पूँजी निर्माणको कार्य गर्न सकिन्छ । यसले ग्रामीण समुदायकै हितमा उर्जा, हस्तकला, पर्यटन, आवास व्यवसाय सेवा सञ्चालन गर्नसक्छ ।

सहकारी अर्थतन्त्र विकास भएको मुलुकमा स्वनिर्भर अर्थतन्त्र निर्माणको आधार मजबुत भएको पाइन्छ । स्वनिर्भरको अर्थ सबै कुरा आफैं उत्पादन गर्ने भन्ने होइन, आफैंमा धानिन सक्ने भन्ने पनि होइन । यसको व्यावहारिक अर्थ उपलब्ध प्राकृतिक स्रोत साधनको विवेकपूर्ण उपयोग र स्थानीय सम्भावनाको अभ्यासमार्फत वस्तु सेवाको उत्पादनमार्फत जीवनस्तर सुधार हो । आफ्नो स्रोत, साधन र सामर्थ्यप्रतिको विश्वासमा उभिएर तलैदेखि ठडिएको आर्थिक संरचना हो । यस्ता अर्थतन्त्र बाह्य आर्थिक झड्का र तनावबाट धेरै प्रभावित हुँदैनन् । जस्तो कि नव्वेको वित्तीय संकटले पूर्वीएशयालाई त्यति प्रभाव पारेन ।

### कृषि रुपान्तरणका लागि सहकारी

भनिरहन परोइन, नेपालको कृषि निर्वाहमुखी छ । किसानहरू आफ्ना आवश्यकता पूरा गर्न सकेसम्म आफैं उत्पादन गर्न चाहन्छन् । जस्तो कि एक मध्यमवर्गीय किसानले घर वरिपरि करेसावारीमा सागपात, करेसावारी तल मकै-गहू, केही तल थोरै धानखेतमा धान, यी बालीभित्र आफूलाई चाहिने तरकारीका लागि गेडागुडी उत्पादन गर्दछन् । घरछेउ गोठमा दूधका लागि केही गाई वा भैंसी, खेती गर्न गोरू र चाडवाडका लागि खसी/कुखुरा पनि पाल्ने गर्दछन् । यो औसत नेपाली किसान जीवन निर्वाहको विम्व हो । यस प्रकारको खेतीले न किसानको आवश्यकता पूरा हुन्छ, न राष्ट्रको समृद्धि नै ।

गत वर्ष मौसमको अनुकूलताले धान लगायत केही प्रमुख बालीमा राम्रो उपलब्धि देखिएपनि यसलाई कसरी दीगो बनाउने भन्ने प्रश्न छ । अघिल्लो वर्षमा मात्र नेपालमा करिब डेढखर्व रूपैयाका खाद्यवस्तु आयात भएको थियो । प्रशस्त सम्भावना भएर पनि चामल मात्र होइन, तरकारी, दुग्ध पदार्थ र मासुजन्य वस्तुहरूमा आयातको चाप घट्न सकेको छैन । करिब ३८ लाख परिवार नेपालीको कृषिबाहेक बैंकल्पिक व्यवसाय छैन । तर कृषिको संलग्नता आंशिक भएकोले कृषिव्यवसाय आफैंमा अर्द्धबेरोजगारीको क्षेत्र हो । प्रतिव्यक्ति खेतीयोग्य जग्गा ०.५३ हेक्टर जति छ । एक स्वस्थ व्यक्तिका लागि चाहिने क्यालोरीका लागि वार्षिक ४३२ केजी अनाज आवश्यक पर्दछ, उत्पादन ३२५ केजीभन्दा कम छ । प्रतिहेक्टर उत्पादान निकै न्यून छ । उत्पादनमा पारम्पारिक प्रविधिको प्रयोग, कृषि साधनहरूको अपर्याप्तता, पूर्वाधारको कमी, अव्यवस्थित भू-उपयोग, आवश्यक ज्ञान, प्रविधि तथा श्रमशक्तिको अभावजस्ता समस्या छन् । उत्पादनले उपयुक्त बजार तथा मूल्य पाउन सकेको छैन, उत्पादन विविधिकरण, प्रतिस्पर्धी र बजारमुखी हुन सकेको छैन । साथै अनुसन्धान, शिक्षा र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजबुत बनाई सकिएको छैन ।

कृषि क्षेत्रले केही गम्भीर चुनौतीको सामना गरिरहेको छ । युवाहरू कृषि क्षेत्रबाट विषयान्तर छन् । उनीहरूको नजरमा कृषि पेशा मर्यादित छैन । युवाशक्ति नै तुलनात्मक रूपमा शिक्षित र सीपयुक्त छन् । युवा नै उर्जा हो । शिक्षासँग कृषिको नाता दऱ्हो छैन, प्रवेशिका पास गरेपछि शायदै कोही कृषिमा लागेको छ । कृषिभूमिको खण्डीकरण रोक्नु र भूउपयोग नीति कार्यान्वयन गर्नु ठूलो चुनौती बनेको छ । उब्जाउ जग्गामा संरचनाहरू निर्माण भएका छन् तर उब्जाउ खेतवारी भने ससानो आकारमा साघुरिएका छन् । युवाजनशक्ति विदेशीने क्रमले कृषिमा श्रम शक्तिको बढ्दो अभाव छ । पहाडी जिल्लाका माथिल्ला भाग निर्जन बन्दैछन्, बसाइसराइको प्रक्रिया तीव्र छ । यसले उत्पादन र सेवासंरचनालाई पनि थप चापमा पारेको छ । जलवायु परिवर्तनको नकारात्मक प्रभावबाट अनुकूलित हुने क्षमताको अभावले पनि कृषि व्यवसायलाई मौन चुनौती थपिएको छ । यी समस्या र चुनौतीका कारण १० प्रतिशतजति किसानमात्र आफ्नो उत्पादनले खाद्य आवश्यकता पूरा गर्दछन् ।

कृषि उत्पादन वासलात र अन्य तथ्याङ्कहरूको विवेचना गर्ने हो भने कृषिमा सीमान्त सुधार होइन, छलाङमार्ने खालको परिवर्तन वा रूपान्तरण नै आवश्यक छ, त्यसलाई आधुनीकीकरण, यान्त्रीकरण वा व्यावसायिकरण जसरी भने पनि अल्पकालमा खाद्य सुरक्षा, मध्यकालमा आर्थिक समृद्धिको आधार बनाई दीर्घकालमा कृषिलाई प्रतिस्पर्धी बनाउनु आवश्यक छ । यस कार्यका लागि सहकारी क्षेत्रमा भरपर्दो भूमिका खेल्ने सम्भावना छ । किनकि कृषिमा निजी क्षेत्र आएको छैन, तत्काल बजारसंकेत नदेखे निजी क्षेत्र आउँदा पनि आउँदैन । निजी क्षेत्रले खाद्य सुरक्षा जस्तो मानवीय वस्तुमा संवेदनशीलता त्यति देखाउँदैन । सरकारी खेती पनि हाम्रो मूल्य होइन । सहकारी सदस्यकेन्द्रित व्यवसाय भएकोले सहकारी खेतीमार्फत उत्पादन एवं

उत्पादकत्व वृद्धि र उत्पादन विविधिकरण गर्न सकिन्छ । भूस्वामित्वलाई मौलिक अधिकारको रूपमा संविधानले लिपिबद्ध गरेकाले पनि व्यक्तिबाट सहजै अर्को पक्षले जग्गा लिन सक्दैन । खेतीजमीन टुक्रिदै गएकाले पनि खेतीयोग्य जग्गाको चक्लाबन्दीका लागि लिज र सहकारी खेती मात्र यसका विकल्प हुन सक्छन् । किसानहरूसँग भएका ससाना टुक्रालाई एकीकृत गर्ने सबैभन्दा उपयुक्त विधि सहकारीखेती हुनसक्दछ । सहकारी खेती उत्तम विकल्प यस अर्थमा छ कि यसले एकातर्फ किसानहरूको जग्गामाथिको स्वामित्व कायम राख्दछ, अर्कोतर्फ कृषक र कृषि भूमिको अतिउत्तम उपयोग भई कृषक लाभान्वीत हुन्छन्, कृषिमाथि रहेको अनावश्यक श्रम पनि उत्पादनशील क्षेत्रमा स्थानान्तरण हुन्छ ।

सहकारी खेती भनेको सहकारी कृषि व्यवसाय हो । यो सामान्य खेती होइन, व्यावसायिक प्रणालीको विकास हो । सहकारी व्यवसायमा लगानीकर्ता, निर्णय र नियन्त्रण कर्ता र सेवाग्राही वा फाइदा लिने व्यक्ति एकै हुन्छ । यो सदस्यहरूको आफ्नो व्यवसाय, आफ्नो लगानी र आफ्नो स्वामित्वको क्षेत्र हो । त्यसैले यो नाफा कमाउने व्यवसाय वा नाफा नकमाउने व्यवसायभन्दा नितान्त फरक छ । यसमा सदस्य केन्द्रीयता रहने भएकाले सहकारी खेतीबाट कोही पनि कम र कोही अर्कोभन्दा बढी लाभान्वीत हुँदैनन् । व्यवसायमा सदस्यहरूको संस्थापकीय सरोकार, सञ्चालन सरोकार र संरक्षकीय सम्बन्ध रहन्छ । यसले व्यवसायलाई ड्राइभ गर्ने हो । सदस्यहरूको ससानो जग्गा नै सदस्यको शेयर कायम गरी सहकारी व्यवसाय गर्न सकिन्छ । सामुहिक खेतीले सघन खेती र अन्तरबाली व्यवसाय समेत गर्न सकिन्छ । नेपालमा केही सहकारीहरूले यस प्रकारको सामुहिक खेती प्रणाली अपनाए पनि उल्लेख्य विस्तार भने गर्न सकिएको छैन । दुग्ध व्यवसाय, कृषि उत्पादन तथा प्रशोधन, तरकारी खेतीमा केही असल अभ्यासहरू देखिएका छन् तर ती निकै सीमित भएकाले प्रोत्साहनको आवश्यकता छ । अन्यथा सहकारीमार्फत कृषि क्रान्ति ल्याउन सकिँदैन ।

नेपालमा खेती गर्ने किसानको हातमा जग्गा छैन, वा निकै थोरै मात्र छ । तर जग्गाहरू खाली रहने/राख्ने प्रबृत्ति बढेर गएको छ । यसो हुनुका कारण छन्, पहिलो त जग्गाको क्षेत्रफल सानो हुँदा त्यसमा लगाइने श्रम, पूँजीको तुलनामा उत्पादन नहुने स्थितिका कारण जग्गा खाली रहेका छन् । दोस्रो, जग्गाको स्वामित्वको कारण खाली राख्ने गरिन्छ । तेस्रो, विस्थापन, बसाइसराइ जस्ता कारणले पनि ठूलो क्षेत्र बाँझो राख्ने गरिएको छ । चौथो, लगानीकर्ताहरूमा देखिएको किराया प्रवृत्ति, जसले जग्गामा गरेको लगानी सुरक्षित हुन्छ भन्ने देखाएको छ । पहिलो तीन कारण खाली रहने जग्गालाई सामुहिक वा लिज खेतीका माध्यमबाट उत्पादान परिणत गर्न सकिन्छ । चौथो कारण खाली भएको जग्गा नीतिहस्तक्षेपका उपायबाट उत्पादक बनाउन सकिन्छ । सरकारले हालै तर्जुमा गरेको भूउपयोग ऐनले यी कुरालाई संबोधन गरेको छ । साथै भूमि बैंकको अवधारणा अघि बढाउनु पनि आवश्यक भएको छ ।

कृषि क्षेत्रको रूपान्तरणको अर्को पक्ष कृषि बजार हो । 'किसान नै उत्पादन, किसानकै बजार' भन्ने अवधारणा अभ्यासमा उतार्नु आवश्यक छ । बजार भनेको उत्पादक र उपभोक्ताको सम्बन्ध विकास गरी दुवै पक्षलाई लाभान्वीत पार्ने प्रक्रिया हो । यस प्रक्रियामा उभय पक्षको बोलवाला भएमा उत्पादकहरू उत्पादन गर्न चाहदैनन् र उपभोक्ता पनि मारमा पर्दछन् । नेपालमा उपजको बास्तविक मोल नपाएर उत्पादक ठगिएका छन् भने बढी मोल तिरेर कृषि उपज खरिद गर्नु परेकाले उपभोक्ताहरू पनि ठगिएका छन् । बिचौलियाहरू दुवै पक्षलाई मारमा परिरहेका छन् । अवास्तविक बजार सिर्जना भएको छ । कृषि उत्पादनको बजार मूल्य र किसानको बारीको मूल्यमा धेरै अन्तर छ । मध्यस्थकर्ताविहीन बजारको यदि कल्पना गर्न सकिन्छ भने त्यो सहकारी बजार नै हो । सहकारी सदस्यले कृषि उत्पादन गरिरहेका छन् तर उनीहरूको आफ्नै बजार र बिक्री स्थल छैन । उनीहरूको आफ्नै बजार निर्माण गर्न सकियो भने किसानहरूको उत्पादन सिधैं बिक्रीस्थलसम्म आइपुग्छ र उपभोक्ताले धेरै सस्तोमा गुणस्तरीय कृषि उपजको उपभोग गर्न पाउँछन् ।

कृषि क्षेत्रको रूपान्तरण विभिन्न विषय क्षेत्रको सामुहिक प्रयासमा मात्र सफल हुन्छ । पहिलो कुरा सहकारी खेतीमैत्री कानुनी संरचना आवश्यक छ । सहकारी ऐन, २०७४ का भावनालाई क्षेत्रगत कानुन र राष्ट्रिय सहकारी नीति, २०६९ का भावनालाई विषयगत नीतिहरूले समर्थन गर्नुपर्दछ । सहकारी आफैंमा अन्तरसम्बन्धित विषय हो भने सहकारीखेती पनि अन्तरसम्बन्धित विषय हो । सहकारी खेतीलाई औद्योगिक व्यवसाय ऐन, आर्थिक ऐन, औद्योगिक नीति र अन्य सम्बद्ध नीति संरचनाले सहयोग गर्नुपर्दछ । विभिन्न तहबाट बन्ने कानुन तथा नीतिहरू सहकारी कृषि व्यवसायलाई प्रोत्साहन गर्ने खालको हुनुपर्दछ । सहकारी उत्पादनलाई प्रशोधन, भण्डारण गर्ने सुविधायुक्त गोदामस्थलका लागि प्रोत्साहन आवश्यक छ । प्रारम्भिक अवस्थामा सरकारको आर्थिक तथा प्राविधिक सहयोग आवश्यक हुनसक्छ । सक्षम भइसकेपछि भने सरकारले अनुदान सहयोग गरिरहनु

हुँदैन । साथै सहकारीका उत्पादनका लागि मूल्य समर्थन गर्ने नीति लिनु पर्दछ । निश्चित बिन्दुसम्म महङ्गा भए पनि सार्वजनिक निकायबाट खरिद गर्ने व्यवस्था गरिनु पर्दछ । सबैभन्दा महत्वपूर्ण विषय सहकारी क्षेत्रको क्षमता तथा व्यावसायिकता विस्तार हो । यसका लागि सरकार तथा सहकारी अभियानले उत्प्रेरक भूमिका खेल्नु पर्दछ ।

## उपसंहार

नेपालको समग्र विकासमा सहकारीले महत्वपूर्ण योगादन गर्दै आएको छ । सहकारी ऐन २०४८ लागु पछि सहकारीको विस्तारको सुरू गऱ्यो । तर धेरैजसो सहकारीहरू उत्पादनमा संलग्न नभई मध्यस्थ सेवामा छन् । करिब ३४७०० प्रारम्भिक सहकारीमध्ये १३५१७ बचत तथा ऋण कारोवारमा छन् भने बहुउद्देश्यीय लगायत अन्य सहकारीहरू पनि मुख्य कारोवारमा भन्दा बचत ऋण परिचालनमा नै लालायित छन् । कृषि, दुग्ध, उपभोक्ता सहकारीहरूको कारोवार उत्साहजनक छैन । श्रमिक तथा कालिगढ सहकारी क्रियाशील हुन सकेका छैनन् । सहकारी गतिविधिमा संलग्नताको स्तर बचत तथा ऋणमा अति उच्च, वस्तु तथा अन्य सेवामा अति न्यून देखिनु सहकारी अभियानका दृष्टिमा सुधारको सम्भावना प्रशस्त छ भन्ने संकेत हो । त्यस्तै सहकारीको फैलावटका आधारमा पनि उद्योगमा अति न्यून, वित्तीयमा अति उच्च र उर्जा, यातायात, खुद्रा विकी, उत्पादनपछिका सेवामा न्यून देखिएको छ । सहकारी कार्यको असरका सूचक विश्लेषण गर्दा महिला सशक्तीकरण र समावेशिता जस्ता सामाजिक आयाममा उत्साहपूर्ण भए पनि आर्थिक आयाममा सुधार गर्नुपर्ने देखिन्छ । सहकारीको फैलावट सहर र सुविधास्थलमा बढी छ, आवश्यकता ग्रामीण र विपन्न क्षेत्रमा छ । सहकारीहरू विशिष्टीकृत सेवा दिन सकिरहेका छैनन् भने केही सहकारीहरू समस्याग्रस्त पनि बनेका छन्, जसबाट समग्र सहकारी आन्दोलनप्रति नै विश्वासको संकट पैदा होला कि भन्ने सन्देह छ । संविधान र योजनाहरूमा सहकारीलाई धेरै महत्व दिइएको छ तर उपलब्धि मिश्रित छ । सहकारीहरू स्वनियमनमा छैनन्, नियमन गर्ने सरकारी संयन्त्रको क्षमता पनि सवल छैन । आन्तरिक सुशासन पनि कमजोर छ भने सहकारीको बुझाइमा एकरूपता पनि छैन । उल्लिखित पक्षमा सुधार भएमा सहकारी आन्दोलनजस्तो सम्पूर्ण रूपले सामाजिक उद्देश्यको शक्तिशाली औजार अरू कुनै छैन । ■

mainaligopi@gmail.com

## सन्दर्भ सामग्री


१ नेपालको संविधान, २०७२

२ सहकारी सम्बन्धी ऐनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७४२

३ सहकारिता, सहकारी विभाग, सहकारी तथा गरिवी निवारण मन्त्रालय, २०७४

४ गोपीनाथ मैनाली, 'नेपालको सहकारी आन्दोलन : सन् २०२२ सम्मको कार्यदिशा', दोस्रो सहकारी महासम्मेलन, चैत्र २१-२२ मा प्रस्तुत कार्यपत्र, २०७४

५ गोपीनाथ मैनाली, 'सहकारी क्षेत्रको प्रबर्द्धनमा स्थानीय तहको भूमिका र दायित्व', सहकारीमार्फत् आर्थिक समावेशीकरण र उद्यमशीला विकास, राष्ट्रिय महिला गोष्ठी ३-४ फागुनमा प्रस्तुत कार्यपत्र, २०७४

६ सहकारी अभियानको ६१ बर्षे यात्रा, सहकारी सन्देश, १४, अंक ४, राष्ट्रिय सहकारी महासंघ वर्ष, २०७४

७ सहकारीमार्फत समृद्धि, सहकारी खबर डटकम, कोअपरेटिभ मेडिया सोलुसन प्रा लि, काठमाडौं, २०७४


*विकास, व्यवस्थापन र आर्थिक विधामा सुपरिचित श्री मैनाली नेपाल सरकारका महालेखा नियन्त्रक हुनुहुन्छ ।*

# सरकारी स्वामित्वका बैंक र बैंकिङ्ग व्यवसायको प्रभावकारिता

■ वासुदेव अधिकारी

जनतालाई सेवा प्रवाह गर्ने उपयुक्त रणनीति तथा कार्य प्रणाली स्थापना नहुँदा वा सुशासन कमजोर हुँदा अल्प विकसित मुलुकको सरकार तथा सरकारी संस्थाले खासै प्रभावकारी कार्य गर्न सकेका छैनन् । सरकारी स्वामित्वको बैंक त्यसको एक अंग हो । सरकारी कामलाई सेवा गर्ने अवसरभन्दा जागिर खाने मौकाको रूपमा लिइने आम मानसिकताको प्रतिबिम्बस्वरूप सरकारी स्वामित्वका बैंकमा कर्मचारी प्रवेश गर्दाकै समयदेखि काम कम गरे पुग्ने वा सरल सहज जागिरको रूपमा लिइने पनि प्रचलन छ । जवकि ती बैंकमा प्रतिस्पर्धाबाट प्रतिभाशाली व्यक्तिहरू भर्ना भएका हुन्छन् । लोकसेवा आयोगले बैंकको आवश्यकता पहिचान गरी उपयुक्त पाठ्यक्रमबाट भर्ना गर्न थप मेहनत गर्ने हो भने बैंकले उम्दा जनशक्ति प्राप्त गर्न सक्छ । हालका वर्षहरूमा सरकारी सेवा क्रमशः गुणात्मक बन्दै गएको र सरकारी बैंकको कार्य दक्षता पनि बढ्दै गएको सन्दर्भमा दुवै क्षेत्रको कामको प्रभाकारिता बढोत्तरी गर्न सक्ने गुञ्जायस टड्कारो रूपमा देखिएको छ ।

> हालका वर्षहरुमा सरकारी सेवा क्रमशः गुणात्मक बन्दै गएको र सरकारी बैंकको कार्य दक्षता पनि बढ्दै गएको सन्दर्भमा दुवै क्षेत्रको कामको प्रभाकारिता बढोत्तरी गर्न सक्ने गुञ्जायस टड्कारो रुपमा देखिएको छ ।

आम रूपमा अध्ययन अवलोकन गर्दा सरकारी स्वामित्व भएका बैंकमा कतिपय बेला असल चरित्र तथा प्रभावकारी नेतृत्व क्षमता भएका व्यक्तिले सही तरिकाबाट बैंकलाई सञ्चालन गर्दछन् भने कतिपय समय कमजोर मूल्यको सरकार, कमसल उच्च व्यवस्थापन, कमजोर आन्तरिक नियन्त्रण आदिको संयोग पर्न गई बैंक दुर्बल र रूग्ण हुने अवस्था पनि सिर्जना हुन्छ । यस्तो प्रतिफल स्वामित्वको भन्दा पनि प्रभावकारी सञ्चालनको सन्दर्भमा मुखरित हुने गर्दछ । नेपालको सन्दर्भमा नेपाल बैंक लिमिटेडका आनन्दभक्त राजभण्डारी र कृषि विकास बैंकका श्रीकृष्ण उपाध्यायले रचेको योगदानको सिँडीमा हामी माथि-माथि उक्लिने कि तल झर्ने वा बरालिने भन्ने सवाल अहिलेको पेचिलो सवाल हो । यस क्षेत्रलाई सुदृढ बनाउन हामी आफ्नै कथा व्यथा वा सुधारका प्रयत्नबाट उर्जा प्राप्त गर्न सक्छौँ । सिक्नका लागि छिमेकी वा अन्यत्रका सुधार प्रयत्न पनि प्रभावकारी मन्त्र हुन सक्छ ।

विश्वमा सरकारले बैंक जस्तो व्यवसायजन्य सेवा निकाय सञ्चालन गर्ने कि नगर्ने भन्ने विवाद अद्यापि कायम छ । विश्वको वित्तीय प्रणालीमा निजी क्षेत्रले नाफाको निम्ति ग्राहकलाई अत्यधिक शोषण गरेको वा वित्तीय अराजकता निम्त्याएको अवस्थामा निजी क्षेत्रका बैंकहरू राष्ट्रियकरण गरिएका उदाहरण पनि छन् भने सरकारी बैंक सेतो हात्तीमा रूपान्तरण भई त्यसको उत्पादकत्वका खिया लागेको अवस्थामा तिनलाई निजीकरण गरी प्रभावकारी नियमन तथा सुपरिवेक्षणको माध्यमबाट उत्पादकत्व वृद्धि गरी अनुशासन कायम गरिएको उदाहरण पनि हाम्रो सामु छ । संयुक्त राज्य अमेरिका लगायतका मुलुकले निजीकरण मार्फत् सरकारी बैंकलाई व्यवस्थापन गरेको देखिन्छ भने जर्मनी जस्ता देशले सरकारी बैंकमार्फत् अर्थतन्त्रलाई चलायमान बनाई उल्लेखनीय प्रगति हासिल गरेको पनि पाइन्छ । जर्मनीमा केन्द्रीय वा संघीय सरकारभन्दा स्थानीय सरकारले बैंकको स्वामित्व लिएको देखिन्छ । त्यहाँ कुल बैंकिङ्ग कारोबारमा सरकारी बैंकको हिस्सा करिब चालीस प्रतिशत रहेको छ ।

बैंक स्वामित्वको हिसाबले निजी वा सरकारी जेसुकै भए पनि त्यसले जनतालाई प्रभावकारी सेवा दिन सकेको

छ छैन, सम्पत्ति दायित्वको सामाञ्जस्यतापूर्ण व्यवस्थापन कायम गरेको छ छैन, सम्पत्तिको गुणस्तर कायम गरेको छ छैन, प्रभावकारी जोखिम व्यवस्थापन गरेको छ छैन तथा संस्थागत मूल्य कायम भएको छ छैन भन्ने नै मुख्य सवाल हुन आउँछ ।

सरकारी स्वामित्वको बैंकको चर्चा गर्दा शत प्रतिशत सरकारी स्वामित्व, पचास प्रतिशतभन्दा बढी स्वामित्व वा सूचकको रूपमा केही प्रतिशत मात्र सरकारी पूँजी लगानी भई बाँकी स्वामित्व निजी क्षेत्रको हुने भेटिन्छ । जर्मनीको स्पार्कासेन बैंक, भारतको स्टेट बैंकआदि ठुला स्तरका सरकारी स्वामित्वका बैंक हुन् । भारतीय स्टेट बैंकको सम्पत्ति भारतको कुल गार्हस्थ उत्पादनको २५ प्रतिशत रहेको छ । त्यसमध्ये जर्मनीको बैंक पूर्ण सरकारी हो भने भारतीय स्टेट बैंक ६३ प्रतिशत मात्रै सरकारी स्वामित्व भएको बैंक हो । पूर्ण सरकारी बैंकलाई स्टक बजारमा सूचीकृत हुन आवश्यक छैन ।

सरकारी बैंकमा स्वाभाविकै रूपमा सञ्चालक समिति वा कार्यकारी प्रमुख चयनको अधिकार वा दायित्व सरकारसँगवा सरकारले नियुक्ति गरेको सञ्चालक समितिसँग हुने गर्दछ । यदि सरकार सुदृढ बैंकिङ्ग प्रणालीको मूल्य, त्यसले अर्थतन्त्रमा गर्न सक्ने योगदानको विषयमा सचेत छ, त्यसको नेतृत्व गर्ने व्यासायिक व्यक्ति बजारमा उपलब्ध छ र सरकार स्वयं सुशासनमा अब्बल छ भने उसले सही ऐन नियममार्फत् त्यसलाई व्यवस्थित गर्न, उच्च व्यावसायिक र सुयोग्य नेतृत्व चयन गरी त्यसलाई सहजतापूर्वक सञ्चालन गर्न दिने वातावरण बनाउन सक्छ । नेतृत्वमा कायम उच्च व्यासायिक मनोवल तथा प्रतिबद्धताले बैंकको प्रतिस्पर्धात्मक क्षमता वृद्धि भई बैंक नयाँ चरणमा रूपान्तरण हुन सक्छ । यसको विपरीत बैंक सञ्चालक तथा उच्च व्यवस्थापनमा आफन्तवाद हावी हुने वा भत्ता/तलब/पद पाउने लालसामा शक्ति केन्द्रलाई रिफाई हाजिर हुन आउने अपारदर्शी र जुम्से वा बेतुकको महत्वाकांक्षी व्यक्ति आए भने तिनले उपयुक्त लक्ष्य किटानी गर्न र सरकारी जागिरतुल्य सुरक्षित मनोविज्ञान बोकेका आम कर्मचारीलाई प्रतिस्पर्धात्मक रूपमा अघि बढाउन सक्दैनन् । तसर्थ प्रभावकारी बैंक सञ्चालनको मुख्य कडी प्रभावकारी नेतृत्वको चयन नै हो । त्यसपछि आउँछ तिनको नीति, रणनीति, कार्यकुशलता, कामको समीक्षा, यथोचित पारिश्रामिक तथा सुविधा, दण्ड पुरस्कारको व्यवस्था आदि । हाम्रोजस्तो अल्प विकसित मुलुकमा जागिरपछिको व्यवस्थापकीय तनाव हो सरूवा बढुवाको । त्यसलाई समाजका प्रबुद्ध व्यक्तिहरूले नै आफन्तलाई संरक्षण गर्ने लालसामा भत्काउन खोज्छन् । सो सन्दर्भमा सही र वैज्ञानिक नीति बनाई केही समय दृढतापूर्वक लागु गर्न सके बैंक पहुँचवालाको प्रकोपबाट मुक्त हुन्छ र व्यावसायिक वातावरण सिर्जना हुन्छ । बाह्य क्षेत्रको भनसुनलाई ऋस नगरी बैंकले आफ्नो जनशक्तिलाई सही अर्थमा काममा लगाउनै सक्तैन । यसको निम्ति भन्ने र सुन्ने दुवै पक्ष सचेत र जिम्मेबार हुन आवश्यक छ । जिम्मेबार ट्रेड युनियनको भूमिका यहींनेर आवश्यक हुने हो । उनीहरू पनि आफू र आफ्नो पक्षलाई संरक्षण गर्ने भित्री उद्देश्यमा लीन हुँदा सुशासन कमजोर हुँदै जान्छ ।

सरकारी स्वामित्वका बैंक प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दाको परिणाम हामीले भोगिसकेका छौं र सो बापत नेपाली जनताले वित्तीय क्षेत्र सुधार कार्यक्रमको ऋणभार बोकिरहेका छन् । तर यसलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्दा यसबाट जनताको वित्तीय आवश्यतालाई परिपूर्ति गर्न सहयोग पुग्छ । नेपालको वित्तीय बजारमा निजी क्षेत्रको अंश उल्लेखनीय भए पनि सरकारी बैंकले बेन्चमर्किंगको रूपमा काम गर्न सक्ने देखिन्छ । सामान्यतया सरकारको ध्यान नाफाभन्दा जनताको सेवातर्फ हुने गर्छ । बैंकको सन्दर्भमा पनि त्यो विशेषता आंशिक रूपमा प्रतिबिम्बित हुन्छ । सरकारी स्वामित्वका बैंकलाई सरकारले नाफाका लागि त्यति दबाब दिंदैन । यो सरकारी बैंकको लागि प्राप्त हुने ब्रिदिङ स्पेस हो । यो स्पेसलाई थकाइ मार्ने अवसर भन्दा सुदृढ हुने अवसरको रूपमा लिन सके सरकारी स्वामित्वको बैंकले समाजमा गहिरो जरा फिँजाउन सक्छन् । सरकारी स्वामित्वका बैंक आफू प्रोएक्टिभ भई अघि नसरे शाखा खोल्ने लगायतका सन्दर्भमा जनप्रतिनिधिहरूले आफ्नो प्रभाव पार्न खोज्छन् जुन स्वाभाविक छ । अर्को, सरकारी बैंकले सरकारको प्राथमिताको क्षेत्रमा आफ्नो उपस्थिति जनाई राष्ट्र निर्माणको महायज्ञमा यथोचितमुनाफा हुने र कम मुनाफा लिएर पनि साधन स्रोत प्रवाह गर्न आवश्यक क्षेत्र पहिचान गरी आफ्नो दिगोपनलाई हेक्का गरी सरकारलाई सघाउन सक्छ । नेपालको सन्दर्भमा सरकार तथा निजी क्षेत्र दुवैको साझा स्वामित्व भएको नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडमा भने निजी क्षेत्रले मुनाफा खोज्नु स्वाभाविक छ ।

सामान्यतया सरकारी बैंक ठुला स्तरका नै हुने सन्दर्भमा कठिन र विशेष परिस्थितिमा साना आकारका निजी बैंकलाई विघटन गर्नु भन्दा सरकारी बैंकमा मर्ज गर्न सकिने स्कोप पनि यसको थप उपादेयता हो । भारतीय स्टेट बैंकले विगत वर्ष अन्य ६ वटा बैंकलाई आफूमा विलय गरी वित्तीय एकीकरणको काममा सरकारलाई सघाएको छ । स्टेट बैंकका अतिरिक्त भारतका अन्य ठुला

सरकारी बैंकले आवश्यकतानुसार अन्य बैंकलाई प्राप्त गर्न सघाएका छन् । सरकारी बैंकको प्रभावकारिताले सरकारको जनताप्रति वित्तीय जवाफदेहितालाई पनि प्रस्ट पार्दछ । सामान्यतया निजी स्वामित्वका बैंक तत्काल लाभांशको दौडमा हुन्छन् भने सरकारी बैंक जनताको वित्तीय आवश्यकतालाई परिपूर्ति गरी आर्थिक गतिविधिलाई बढावा दिने तहमा सञ्चालित हुन्छ । त्यसबाट सरकारलाई प्रत्यक्ष भन्दा अप्रत्यक्ष मुनाफा प्राप्त भइरहेको हुन्छ । विशेष रणनीतिमा आधारित भई सुयोग्य व्यक्तिको हातमा बैंक सञ्चालनको जिम्मा दिने र सही लक्ष्य किटान हुन सके सरकारको पूर्ण वा आंशिक स्वामित्वका बैंकले मुलुकको विकासका लागि उपयुक्त वित्तीय आधार तयार गर्न सक्छन् । त्यसका लागि सरकारले हस्तक्षेपकारी होइन सहजकर्ताको रूपमा भूमिका खेल्न उपयुक्त हुन्छ ।

नेपालमा एक वाणिज्य बैंक पूर्ण तथा दुई वाणिज्य बैंक आंशिक(एकाउन्न प्रतिशत) सरकारी स्वामित्वमा रहेको छ । ती तीनवटै बैंकलाई यथावत् सञ्चालन गर्ने, तीनवटै मर्ज गरी एउटा बनाउने वा पूर्ण स्वामित्वका बैंक कायम राखी आंशिक स्वामित्वका नेपाल बैंक लिमिटेड र कृषि विकास बैंक लिमिटेडलाई मर्ज गरी सरकारी स्वामित्वका दुई बैंक कायम गर्ने भन्ने सन्दर्भमा अहिले बहस भइरहेको छ । मर्जका लागि केन्द्रीय बैंकले लगातार प्रस्ताव माग गरेको अवस्था पनि छ । त्यस सन्दर्भमा दीर्घकालीन वित्तीय रणनीति अन्तर्गत सरकार, राष्ट्र बैंक र विज्ञहरू सम्मिलित टोलीले विशद अध्ययन गरेर मात्र धारणा बनाउनु आवश्यक छ । कुन बैंकलाई मर्ज गर्ने, कुनलाई विशेष काममा लगाउने र कुन बैंकमा रणनीतिक साझेदार भित्र्याउने भन्ने विषयमा हचुवाको भरमा निर्णय गर्नु उपयुक्त हुँदैन । तीनवटै बैंक सञ्चालन गर्ने भएमा तिनको कार्यकारी, सञ्चालक वाव्यावसायिक रणनीतिको बारेमा सरकारको थप ध्यानाकर्षण हुन आवश्यक छ । बैंक वा कुनै पनि संस्थामा सञ्चालक नियुक्ति गरी तिनको कार्य सम्पादनको स्तर नजाँच्ने काइदाले कदापि उचित प्रतिफल दिन सक्दैन । बैंकको लक्ष्य तथा उद्देश्य के हो ? प्रतिफल कस्तो हुनुपर्ने हो ? तिनलाई कसरी प्रभावकारी रूपमा सञ्चालन गर्ने भन्ने सवालमा सरकारले आवश्यक मात्रमा सूचित भई जिम्मेबारीपूर्वक यथोचित दिग्दर्शन गरिरहनु पर्छ । यसो गर्दा संस्थाको निर्णय गर्न पाउने अधिकारमा हस्तक्षेप गर्न आवश्यक छैन । बैंकको नेतृत्व चयन, खासगरी सञ्चालक चयनमा सरकारले कानुन पालना सहित व्यावसायिक धर्म निर्वाह गर्न सकेन भने त्यसको नतिजा किमार्थ फलदायी हुन सक्दैन । सरकारको प्रतिनिधित्व गर्ने सञ्चालकहरूले अहिले भन्दा थप केही समय तथा चासो बैंकलाई दिन पनि त्यत्तिकै आवश्यक छ ।

नेपालको वित्तीय तथा बैंकिङ्ग प्रणालीको वासलातमा सरकारी स्वामित्वका तीनवटा बैंकको अंश २०७६ कार्तिकमा १३.४ तथा १५.४९ प्रतिशत भएको सन्दर्भमा त्यसलाई प्रभावकारी व्यवस्थापन मार्फत क्रमिक रूपमा बढोत्तरी गरी आगामी ५ वर्षभित्र २५ प्रतिशतसम्म पुऱ्याउने लक्ष तय हुन आवश्यक देख्दछु । यसको निम्ति बैंक व्यवस्थापन अथक मिहिनेत र जनताको विश्वास जित्ने कुरामा भने लाग्नै पर्ने हुन्छ ।

विगत केही वर्षदेखि नेपालका तीनवटै सरकारी बैंकले आफनो उपस्थिति र कारोबार उल्लेखनीय रूपमा बढाएका मात्र होइन विश्वासनीयता समेतमा बढोत्तरी गर्दै लगेका छन् । तिनको ग्राहक तथा सेवाको गुणस्तर बढ्दो छ । यसलाई अरू बढाएर आफ्नो गुमेको शाखलाई पुनर्स्थापित गरी व्यवसायको आकार बढाउने गर्दा वित्तीय पहुँच वा वित्तीय स्थायित्व कायम गर्न सरकार वा केन्द्रीय बैंकलाई सहयोग पुग्न जान्छ ।सरकारी स्वामित्वका बैंकमा कार्यरत जनशक्तिलाई यथोचित सशक्तीकरण गरी उत्पाकत्वसित सुविधा आबद्ध गर्ने, सूचना प्रविधिको भरपूर उपयोग गरी शाखा भन्दा शाखारहित कारोबारलाई प्राथमिकता दिने, दुर्गम भन्दा दुर्गम भेगका बासिन्दालाई समेत बैंकिङ्ग कारोबारमा समाहित गर्ने, नगद रहित कारोबारलाई प्रोत्साहित गर्ने, धितोमुखी भन्दा व्यवसाय मैत्री कर्जा नीति अवलम्बन गर्ने, जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउने, सुशासनलाई मजबुत पार्ने र राष्ट्रिय प्राथमिकतामा रहेका क्षेत्रमा पर्याप्त लगानी प्रवाह गर्ने हो भने ती बैंकहरूबाट प्रभावकारी सेवा प्रदान गर्न सम्भव छ भन्ने निष्कर्ष निस्किन्छ । सो कार्यान्वयनमा चुनौती छन् तर प्रतिफल पनि सुखद छ, हुन सक्छ । यी काम सनातनी कार्यशैली र नीतिबाट भने हुन सक्दैन । सरकार, राष्ट्र बैंक र सरकारी स्वामित्वका बैंकहरूबीचको मिहिन सहकार्य तथा छलफलबाट यी कामलाई अगाडि बढाउन सकिन्छ । सरकारी स्वामित्वका बैंकसँग नियमित व्यवसाय र बैंकिङ्ग कार्यको अतिरिक्त विशेष लक्ष्य एवम् योजना हुन आवश्यक छ । विशेष कार्य गर्नको निम्ति यसलाई ऐनबाट केही कार्यभार केही छुट सुविधा हुन गए सुनमा सुगन्ध हुन जान्छ । सरकारी स्वामित्वका बैंकलाई हामीले अनियमितता, बेथिति, अनपेक्षित पोर्टफोलियो निर्माण, निष्क्रिय कर्जाको भार तथा अव्यवस्थापनको शिकार हुनबाट भने जोगाउनै पर्छ र त्यो सम्भव छ । ■

*लेखक नेपाल बैंक लि. का अध्यक्ष हुनुहुन्छ ।*

# Contribution of the Agricultural Development Bank Ltd. in Financing Renewable Energy Development in Nepal

■ Ganesh Ram Shrestha

**Current Scenario of Renewable Energy Development in Nepal:**

Despite of the huge potential of natural resources including the water, biomass and solar, it is estimated that about 30 % of the total population of Nepal, mostly in remote areas do not have access to the modern/ improved energy including electricity and the renewable energy. In case of the off-grid technologies such as renewable energy, this currently contributes only about 3.0 % of the total energy mix although renewable energy has tremendous potential for development in Nepal. More than 74 % of the population still depended on the use of biomass as a major source of domestic energy specially for cooking. Therefore there is an urgent need to further develop and increase the share of renewable energy in the total energy mix. In this context, lack of adequate level of financing has been realized as one of the major constraints for the development and application of renewable energy by a larger population in Nepal and Agricultural Development Bank have played vital role financing renewable energy during the last 50 years since its establishment.

With the support from the Government of Nepal (GoN) through the Alternate Energy Promotion Centre (AEPC) and various national and international development organizations, financing organizations including the Agricultural Development Bank Ltd., private sector and non-government sector organizations, the progress achieved so far in the development of renewable energy and related technologies have been appreciable. This includes installation of more than 1.3 million improved biomass stoves, 794,000 units of household biogas, 88 commercial biogas, 10,654 improved water mills, 1701 commercial solar electricity plants, 41,090 improved metal stoves and generation of 29,457 kW of energy from micro hydro plants providing energy for productive energy uses by more than 2000 small and medium enterprises contributing to the socio-economic development of Nepal (White Paper published by the Ministry of Energy, Water Resources and Irrigation, Baishak, 2075).

**Initiatives of the Agricultural Development Bank in Renewable Energy Development:**

Agricultural Development Bank Ltd., Nepal (ADBL) has history of successful financing in the agriculture development and other development sectors from more than 50 years of service since its establishment in 1968. In the past, ADB/N has been a lead development bank and played an instrumental role in financing to the development, promotion and application of renewable energy and appropriate technologies with innovative approach. In case of off-grid specially for pico / micro hydro projects with installation

and operation of Improved ghattas and modern water turbines mainly for processing of agricultural crops and generation of electricity for individual and community uses since its establishment in 1968.

Furthermore, guided by the objectives of increasing agricultural productivity, reducing the work load and drudgery of women, substitution of imported fuel and contributing to the improvement of livelihoods of the rural population, ADBN, with technical and financial assistance of the Asian Development Bank, initiated a rural energy project with two main components namely; micro-hydro projects through installation of modern water turbines and biogas systems and disbursed loan to the entrepreneurs from mid-seventies for processing of agricultural crops and biogas units for meeting energy needs for cooking and lighting rural homes. Installation of micro-hydro units with electricity generation was initiated since 1981. At the same time, ADBN also took initiative to introduce loan package for the installation of peltric sets for providing electricity, water lifting technologies to benefit small farmer groups.

With the objective to support the development, promotion and application of renewable energy technologies, ADBN have provided technical and financial support to a large number of renewable energy systems owned and operated by the individual entrepreneurs and community-based systems to fulfill increasing energy demand contributing to the improvement of the livelihoods of the rural population. In the past, ADB/N initiated following innovative technical and financial measures:

**Innovative Financing Approach adopted by ADB/N for the Development of Renewable Energy in Nepal:**

ADB/N played an instrumental role in developing innovative financing packages in the past which mainly includes the following key interventions contributing to:

- Strengthening capacity of technology manufacturers and suppliers through loan support for strengthening quality product development and increase supply position of renewable energy technologies and appliances;
- Channeling Government subsidy for micro-hydro systems (installation of water turbine, improved water turbines and solar home systems, peltric sets etc) before the establishment of the Alternative Energy Promotion Center (AEPC) in 1976;
- Supporting the establishment of the Biogas Company as private entity and the Biogas Support Program which led to the establishment of a large number of Private Biogas companies operating at various districts as business enterprises;
- Promoting renewable energy and appropriate technologies such as installation of improved cookstoves, improved water mills, solar integrated component of the Small Farmers Development Program (SFDP), flagship program of ADBN;
- ADBN's experiences in the development business plan and financing of pico and micro hydro projects have also contributed in the development and implementation of Rural Energy Development Program (REDP) supported by AEPC/UNDP and the World Bank;
- Appropriate Technology Unit (ATU) at Dang District during 1982 as an integral part of the Integrated Rural Development Project (IRDP) have led to the improvement in the biogas plants such as drum less , solar dryers, improved water mills, ceramic water filters for drinking water purification and

developed appropriate loan packages and integrated with financing schemes.

- Supporting a number of "Renewable Energy and Appropriate Technology Demonstration and Exhibitions" at the Central and Regional Level provided an effective platform for sharing information and knowledge on renewable energy technologies among the producers, potential users of technology and support institutions resulting to increase demand for renewable technologies and market development.

**Challenges, Opportunities and Way Forward:**

- ADB/N have continued to assume it's instrumental role in financing at the present and made further efforts for renewable energy development integrating with agriculture and other development sector suggested developing a short, medium and long term result-based financing plan for renewable energy development and application.

- Subsidies in the renewable energy are like an enabler for a short term measure to stimulate demand but could turn into a challenge in the long term. The focus should be to provide "Smart" subsidies.

- Lack of awareness and access to financing and absence of enabling policy frameworks, creation of investor-friendly climate may become challenges and therefore, is essential to develop "financing packages" to ensure that the investment and finance put in the renewable energy are used productively.

- The Constitution of Nepal provides governance system at three level; Federal, Provincial and Local. The Provincial and Local Government such as Town and Village Municipalities have been authorized and empowered to plan and implement renewable energy development programs and projects. This provides a unique opportunity for financial institution like ADB/N to work and collaborate with the Provincial and Local Government for renewable energy development integrated with agriculture and other development sectors

- One such opportunity for ADB/N could be to support financing for the Eco-village Development (EVD) Projects promoting an integrated concept of creating development-focused, low carbon communities of practices in the existing villages. It involves the integration of appropriate, affordable renewable energy technology solutions at village level for energy, food, water and livelihood security.

- The EVD concept built-in to the projects can pave for stronger rural communities with better livelihood opportunities with less adverse climate impacts, and with more resilience to climate changes. This initiative supports the Environment-friendly Local Governance (EFLG) framework of the Government of Nepal. The EVD Project has been successfully undertaken three villages by Bethanchouk Village Municipality in collaboration with the District Development Committee in Kavre District in collaboration with the Centre for Rural Technology, Nepal (CRT/N). Experiences and lessons learned and positive impacts from this project are documented and available.

- ADB/N is suggested to consider in developing financing packages for scaling up such EVD Projects in other potential villages integrating with Eco-tourism Development supporting establishment of home-stays and organic farming which will also create suitable eco-tourism

promotion supporting to the "Visit Nepal-2020" Campaign.

- Scaling up Energy Access through Women-led Business Enterprises Women are the providers and managers of household energy. Most women in rural Nepal are also energy consuming entrepreneurs, running home-based and small scale enterprises Combining all these all these characteristics, these women have a huge potential to advance energy access in-hand to reach their communities. However, relative to men, they have lower educational level, less access to productive assets such as ownership of land and technologies and to services such as finance and energy to run their household and business enterprise. With support from the development organizations and partner organizations, such enterprises have successfully implemented in several districts of Nepal. Financing in scaling up such women-based business enterprises will also contribute in the empowerment of women in Nepal.

- Development of innovative financing plan and program focused to the development and application of renewable energy not only contribute in increasing energy to rural and urban population and support Government of Nepal's policies and plan for providing access to quality and affordable energy services as mentioned in the "White Paper"contributing in meeting the SDGs specially Goal 7 and SEforALL of the United Nations supported by the Government of Nepal aiming to provide energy for all by 2030.

- ADB/N, as lead financial institution, supporting to the above initiatives will contribute to the growth in investment through small and medium scale enterprises with focus on women-led business enterprises in rural sector. These initiatives will further contribute in creating additional employment and income generation opportunities for engaging in various productive sector including improved organic farming for the Nepalese youths, men and women looking for alternate job opportunities outside of Nepal. ■

*Shrestha is Executive Director, Centre for Rural Technology, Nepal.*

# वित्तीय नीति एवं मौद्रिक नीतिको अन्तरसम्बन्ध, अर्थतन्त्रको डिजिटाइजेसन र समृद्धिको यात्रा



प्रताप सुवेदी

**विषय प्रवेश**

देशको समृद्धि हासिल गर्ने महत्वपूर्ण नीतिहरू नै वित्तीय नीति र मौद्रिक नीतिहरू हुन । समृद्धि र उच्चदरको आर्थिक वृद्धिका लागि समष्टीगत वित्तीय स्थायित्व कृषि र ग्रामीण क्षेत्रको विकास, बेरोजगारी न्यूनीकरण गर्ने, गरिबी घटाउने, आर्थिक स्थायीत्व कायम गर्ने आदि रहेको हुन्छ । अर्थतन्त्रका समग्र क्षेत्रहरूको उचित समन्वय भएको अवस्थामा मात्र समष्टीगत लक्ष्य हासिल भई अर्थतन्त्र समृद्ध बन्न सक्छ । राजस्व, सार्वजनिक खर्च, बजेट घाटा तथा बचतको अवस्था अवस्था, न्यून वित्त परिपूर्तिका माध्यम, आन्तरिक तथा बाह्य ऋण आदि सरकारको क्षेत्रभित्र पर्दछ । जसलाई सन्तुलित राख्न सरकारले वित्तीय नीति जारी गर्दछ भने मुद्रा प्रदाय, खुद वैदेशिक सम्पत्ति, खुद आन्तरिक सम्पत्ति, सञ्चीत मुद्रा आन्तरिक कर्जा निजी क्षेत्रमा गएको कर्जा कुल निक्षेप तथा लगानी संकुचित तथा विस्तृत मुद्रा प्रदायको दर सञ्चित मुद्राको वृद्धि दर, निक्षेपको वृद्धि दर, कर्जा लगानी, अनुपात आदि वैदेशिक क्षेत्र अन्तर्गत पर्ने हुँदा सरकारी वित्तीय नीति अनुकूल हुने गरी यी विषय मौद्रिक नीतिमार्फत व्यवस्थापन गरिन्छन् ।

नेपालमा सरकारले बजेट वक्तव्यमार्फत् वित्त नीति जारी गर्दछ । सर्वप्रथम २००८ माघ २१ मा नेपालमा बजेट घोषणा गरिएको थियो । हाल संविधानतः हरेक वर्ष जेठ १५ मा बजेट वक्तव्यमार्फत् वित्त नीति सार्वजनिक गरिने व्यवस्था रहेको छ । त्यसैगरी नेपाल राष्ट्र बैंकले आ.व. २०५९/६० सालदेखि एकीकृत दस्तावेजका रूपमा मौद्रिक नीति सार्वजनिक गर्न सुरू गरेको छ । यसअघि फुटकर परिपत्रको माध्यमबाट सार्वजनिक हुने गरेको पाइन्छ ।

**समृद्धिको लक्ष्य र आर्थिक नीतिको उद्देश्य**

देशको समग्र आर्थिक नीतिले उपरोक्त विषयलाई सन्तुलित हुने गरी व्यवस्थापन गर्नुपर्दछ । यसका लागि राज्यले लिएको वित्तीय नीति र त्यसका सूचकांक हासिल गर्न जारी गरिने मौद्रिक नीति एवं क्षेत्रगत आर्थिक नीतिहरू महत्वपूर्ण छन् ।

सरकारले देशको आर्थिक नीतिलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ । आर्थिक नीति निर्माण गर्दा समृद्धि हासिल हुनेगरी साधन र स्रोतको उच्चतम प्रयोग हुने गरी आम्दानी बढाउने, रोजगारीका अवसरहरू सृजना गर्ने, अधिकतम उत्पादनका लागि स्रोतहरूको परिचालन एवं खर्च गर्ने कार्यमा विशेष जोड दिनुपर्छ । देशमा व्याप्त गरिबी हटाउने, कृषिमा आधारित अर्थतन्त्रको विकास र सबलीकरण गर्ने सुशासन कायम गराउने उच्च व्यापार घाटा कम गर्ने, सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउने रूग्ण उद्योगहरू संरक्षण र पुनर्सञ्चालन गर्न मुद्रा स्फितिलाई बान्छीत दरमा ल्याउने व्यापक रोजगारीका अवसरको सृजना गरी देशको आर्थिक विकास गर्ने र मौद्रिक स्थायीत्व कायम गर्ने दिशामा यी दुई नीतिहरूको महत्वपूर्ण भूमिका रहन्छ । वित्तीय नीति एउटा व्यापक विषय हो भने मौद्रिक नीति यसको पूरक नीति हो । वित्तीय नीतिलाई सफल बनाउने लक्ष्य र उद्देश्यका साथ मौद्रिक नीति ल्याइन्छ । यी दुवैको अन्तिम उद्देश्य उच्च आर्थिक वृद्धि, आर्थिक स्थायित्व र सामाजिक न्यायको सुनिश्चितता हुने गरी समृद्ध अर्थतन्त्र निर्माण गर्नु हो । मौद्रिक नीति र वित्तीय नीति बीचको अन्तरसम्बन्ध र उद्देश्यलाई निम्न चित्रद्वारा स्पष्ट पार्न सकिन्छ ।



### वित्तीय नीति र मौद्रिक नीतिको अन्तरसम्बन्ध

वित्तीय नीति र मौद्रिक नीति दुवै देशको आर्थिक नीतिका प्रमुख अंगहरू हुन् । यिनीहरूको समष्टिगत उद्देश्य देशको दीगो आर्थिक वृद्धि दर हासिल गर्ने मौद्रिक स्थिरता कायम गर्ने एवं सामाजिक स्थायित्व निर्माण गर्ने दिशामा केन्द्रित रहनु हो । तथापि यी दुई बीचको अन्तरसम्बन्धलाई निम्न बुँदाबाट थप स्पष्ट गर्न सकिन्छ ।

| वित्तीय नीति | मौद्रिक नीति |
|---|---|
| • वित्तीय नीति सरकारको आम्दानीका स्रोतहरू एवं खर्चको व्यवस्थामा केन्द्रित रहन्छ । | • मौद्रिक नीतिले मुद्रा प्रदाय, व्याजको दर एवं देशको समग्र मौद्रिक स्थिरता कायम गर्ने दिशामा केन्द्रित रहन्छ । |
| • समग्र अर्थतन्त्रमा मूल्य स्थिरता, आर्थिक वृद्धिदर हासिल गर्न एवं समग्र आर्थिक विकास गर्ने कार्य एवं पूर्ण रोजगारीसँग यसको सोझो सम्बन्ध रहन्छ । | • मुद्राको विस्तार एवं आपूर्तिले आर्थिक विकास, मुद्रास्फिती विनिमयदर बीच सामन्जस्यता राख्दै वित्तीय नीतिको उद्देश्य हासिल गर्न सघाउ पुऱ्याउने दिशामा केन्द्रित रहन्छ । |
| • वित्तीय नीति सरकारको अभिन्न अंग अर्थ मन्त्रालयबाट तयार गरी व्यवस्थापिकाबाट अनुमोदन हुन्छ । | • मौद्रिक नीति देशको केन्द्रीय बैंकले तयार गरी कार्यन्वयन गराउँदछ । |
| • वित्तीय नीतिका प्रमुख उपकरणहरूमा कर, प्रणाली खर्चका स्रोतहरू सार्वजनिक खर्च परिचालन, सार्वजनिक निर्माण कार्य आदि प्रमुख छन् । | • मौद्रिक नीतिका प्रमुख उपकरणहरूमा व्याजदर, बैंकदर खुला बजार कारोबार, अनिवार्य मौज्दात दर, साख सृजना, डिस्काउन्ट रेट आदि हुन् । |
| • यसमा बढी राजनैतिक प्रभाव हुने हुँदा कार्यान्वयनमा जटिलता हुन्छ । | • यो विशुद्ध प्राविधिक र केन्द्रीय बैंकसँग सम्बन्धित भएकोले अर्थतन्त्रको आवश्यकता अनुसारको बढी प्राविधिक प्रकृतिको एवं सहज कार्यन्वयनका लागि स्वीकार गरीन्छ । |
| • अर्थतन्त्रमा बढी मन्दी आएको बेला उपयुक्त वित्तीय नीतिले राम्रो कार्य गर्न सक्छ । | • अर्थतन्त्रमा मन्दी आएको अवस्थामा मौद्रिक नीति कार्यान्वयन कमजोर हुन सक्छ । |
| • वित्तीय नीति आर्थिक वर्ष प्रारम्भ हुनुअगाडि जारी गरिन्छ । | • मौद्रिक नीति वित्त नीति जारी भएपश्तात् यसलाई सहयोग पुऱ्याउने गरी जारी गरिन्छ । |
| • वित्तीय नीति प्रभाव र कार्यक्षेत्र वृहत हुन्छ । त्यसले अर्थतन्त्रका सबै क्षेत्रलाई प्रभाव पार्दछ । | • मौद्रिक नीतिको प्रभाव वित्तीय नीतिभन्दा सानो हुन्छ । यसले मूलतः मुद्रा र बैंकिङ्ग क्षेत्रमा बढी र स्पष्ट प्रभाव पार्दछ । |
| • वित्त नीतिप्रति सम्पूर्ण जनताको रूचि र चासो बढी हुन्छ, आदि । | • मौद्रिक नीतिको व्यावसायिक, प्राविधिक र प्राज्ञिक एवं आर्थिक क्षेत्रमा बढी रूचि र चासो रहन्छ, आदि । |

मौद्रिक नीति र वित्तीय नीतिलाई छोटकरीमा निम्नानुसार व्याख्या गर्न सकिन्छ ।

**मौद्रिक नीति** (**Concept of Monetary Policy**) :

देशमा अर्थतन्त्रको दीगो विकास र मौद्रिक स्थिरता कायम गर्नका लागि नेपाल राष्ट्र बैंकबाट आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी कार्यान्वयन गरिन्छ । यसलाई मौद्रिक नीति भन्न सकिन्छ । यस नीतिबाटै देशको समग्र मौद्रिक नीति निर्देशित हुने गर्छ । यसमा खासगरी जनताको खर्च गर्ने क्षमता, मुद्राको पूर्तिमा नीतिगत व्यवस्थाहरू कायम गर्नुका साथै विदेशी विनिमयको स्थिरता, मूल्यमा स्थायित्व कायम गर्ने, आर्थिक व्यवस्थापनमा स्थायित्व लगायत मौद्रिक नीतिबाट रोजगारीका अवसरहरू सृजना, मुद्रा स्फिति, मूल्य स्थिति,

रोजगारीका अवसर, विदेशी मुद्राको स्थिति आदि कुरालाई ध्यान दिई बैंक दर खुला बजारका उपकरणहरू, नगद मौज्दातमा परिवर्तन, ऋणपत्रको निष्काशन, विदेशी मुद्राको कारोबारमा हस्तक्षेप जस्ता औजारहरू अवलम्बन गरिएका हुन्छन् ।

**नेपालमा मौद्रिक नीतिको ढाँचा (मौद्रिक नीतिमा समावेश हुने विषयवस्तुहरु)**

**(क) उद्देश्यहरु**

- मूल्य स्थिरता
- विनिमय स्थिरता
- उच्च आर्थिक वृद्धि
- पूर्ण रोजगारी
- भुक्तानी सन्तुलनमा अनुकूलता

**(ख) लक्ष्यहरु**

- मुद्रा आपूर्ति
- बैंक कर्जा
- व्याजदर

**(ग) परिसूचकहरु**

- सञ्चिती मुद्रा
- बैंक मुद्रा
- मुद्रा प्रदाय
- व्याजदर

**(घ) उपकरणहरु**

- बैंकदर
- खुला बजार कारोबार
- साख सृजना
- बट्टा दर
- अनिवार्य नगद मौज्दात दर
- मार्जिन दर निर्धारण
- उपभोक्ता साख नियन्त्रण
- कर्जा सीमा निर्धारण
- वैधानिक तरलता अनुपात
- व्याजदर निर्धारण
- निर्देशित कर्जा
- प्रत्यक्ष कारबाही
- नैतिक दवाब
- प्रचार-प्रसार

नेपालमा राष्ट्र बैंकले देशको वार्षिक बजेट घोषणा लगत्तै सरकारका तर्फबाट मौद्रिक नीति जारी गरी आवश्यक कार्यन्वयन गराउँदछ । हरेक वर्ष मौद्रिक नीतिका उद्देश्य, लक्ष्य, परिसूचक र उपकरणहरू तय गरेको हुन्छ । नेपालमा मौद्रिक नीतिको कार्यान्वयनमा देखिएका समस्याहरूलाई संक्षिप्तमा निम्नानुसार उल्लेख गर्न सकिन्छ -

- मौद्रिक नीति बहुउद्देश्यीय हुने गरेको
- बेला बेलामा देखिने तरलता समस्या
- व्याजदरमा उतारचढाव
- उपभोग्य कर्जाको विस्तार
- मुद्रा स्फितिदरमा चाप पर्नु
- ग्रामीण बैंकिङ्ग सेवा
- खराब कर्जाको मात्रा घट्न नसक्नु
- पर्याप्त ऋणपत्रको अभाव
- मुद्रा प्रतिस्थापन
- उद्योगहरूको रूग्णता
- वित्तीय क्षेत्रको प्रभावकारी अनुगमन, निरीक्षण र नियमन हुन नसक्नु ।

**वित्तीय नीति (Fiscal Policy) :**

वित्तीय नीतिलाई सरकारी कोष/ढुकुटीमा प्रभाव पार्ने नीतिको रूपमा हेरिन्छ । वित्तीयको अँग्रेजी "Fiscal" भन्ने शब्द ग्रीक भाषाबाट आएको हो जसको अर्थ टोकरी (Basket) भन्ने हुन्छ । यसले सरकारी कोष अथवा ढुकुटी अथा गोजी भन्ने संकेत गर्दछ र यो शब्दले हाल पनि सरकारी कोष सञ्चालनका सम्बन्धमा व्याख्या गर्दछ । वास्तवमा सरकारले सरकारी आम्दानी/खर्च उत्पादन र रोजगारी बढाउन अवलम्बन गर्ने कार्यक्रमहरूको सिंगो स्वरूप नै वित्तीय नीति हो । अर्को शब्दमा सरकारले सार्वजनिक ऋण उठाउने, रोजगारीका अवसरहरू सृजना गर्ने, अर्थ व्यवस्थालाई गतिशील बनाउने प्रयासहरूको समष्टिगत स्वरूप नै वित्तीय नीति हो । अर्थशास्त्रीहरूले वित्तीय नीतिलाई अर्थ व्यवसायमा रोजगारीका अवसर सृजना गराउने एवं राजस्वको परिचालन गर्ने कलाको रूपमा समेत यसलाई व्यक्त गरेका छन् । सकारात्मक वित्तीय नीतिबाट रोजगारीका अवसर सृजना हुनुका साथै व्यापारको गिर्दो स्थितिमा सुधार हुने अर्थव्यवस्थाले विकसित रूप लिने मुद्रास्फितिमा नियन्त्रण पाउन सकिन्छ । वित्तीय नीतिले सरकारको भूमिका स्पष्ट पारेको हुन्छ । देशको द्रुततर आर्थिक विकास गर्न, सामाजिक न्याय, दिलाउन र आर्थिक असमानता हटाउन सरकारको महत्वपूर्ण भूमिका रहेको हुन्छ । देशमा आर्थिक स्थायित्व र समृद्धि कायम गर्ने यो एउटा प्रभावकारी हतियार हो । वित्तीय नीतिका उद्देश्यहरूलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

- आर्थिक स्थायित्व कायम गर्न
- पूर्ण रोजगारी
- आर्थिक विकास
- साधनहरूको उच्चतम परिचालन
- उच्च आर्थिक वृद्धिदर हासिल गर्न
- पूँजी निर्माण तथा लगानी प्रोत्साहन
- आयको न्यायोचित वितरण
- मुद्रा स्फितिलाई रोक्नु
- सामाजिक न्याय कायम गराउनु
- आर्थिक विषमता हल गर्नु
- राष्ट्रिय आयको न्यायोचित वितरण
- मूल्य वृद्धि नियन्त्रण
- निजी क्षेत्रलाई प्रोत्साहन र लगानी योग्य वातावरण तयार गर्नु
- करको आधार वृद्धि गर्ने र सार्वजनिक खर्चलाई वाञ्छित सीमामा राख्ने
- सुशासन र पारदर्शिता कायम गर्ने ।

**वित्तीय नीतिका उपकरणहरु**

- सार्वजनिक खर्च परिचालन
- कर प्रणाली
- सार्वजनिक निर्माण कार्य
- सार्वजनिक ऋण व्यवस्थापन
  (क) आन्तरिक ऋण
  (ख) बाह्य ऋण आदि ।

**वित्तीय नीतिले अर्थतन्त्रमा पार्ने प्रभाव**

- उच्च आर्थिक विकास कायम गर्ने
- पूर्ण रोजगारी कायम गर्ने
- आर्थिक वृद्धिदर हासिल गर्ने
- लगानी बढाउने
- आर्थिक मन्दीबाट माथि उठ्ने
- उपभोग र बचतमा वृद्धि
- अर्थ व्यवसायमा कुल माग बढाउन
- कर प्रणाली मार्फत आर्थिक असमानता हटाउन
- न्यायोचित वितरण
- वित्तीय/आर्थिक संकटबाट मुक्ति पाउन
- पूँजी निर्माण गर्न
- आर्थिक स्थायित्व हासिल गर्न
- स्रोत र साधनको उच्चतम उपभोग आदि

**नेपालमा वित्तीय नीति कार्यान्वयनका चुनौतीहरु**

- घाटा बजेटमा आधारित अर्थतन्त्र
- खर्चमा सीमा (Cap) लगाइएको
- सरकारी खर्च लक्ष्यअनुसार हुन नसक्नु
- सरकार परिवर्तनमा समेत बजेट जारी गर्ने परिपाटी
- योजना छनौटमा सिद्धान्तभन्दा पनि राजनैतिक दबाव पर्नु
- कमजोर र फितलो कार्यान्वयन पक्ष
- गरीब र विपन्न वर्गलक्षित कार्यक्रममा समन्वयको अभाव
- कर तिर्नेभन्दा कर छल्ने प्रवृत्ति हाबी हुनु
- राजस्वको साँघुरो हुनु र खर्चको आकार पनि साँघुरो हुनु ।

समग्रमा वित्तीय नीति लोकप्रिय कार्यक्रम लिएर आए पनि उद्देश्य हासिल गर्नेतर्फ भने त्यति सफल भएको पाइँदैन । यो एउटा सामाजिक सम्झौता (Social Agreement) पनि हो । समग्र अर्थतन्त्रको उद्देश्यलाई वित्तीय नीति एक्लैले हासिल गर्न सक्दैन । वित्तीय नीति र मौद्रिक नीतिको सामञ्जस्यताबाट नै समष्टिगत आर्थिक उद्देश्य हासिल गरी समृद्ध अर्थतन्त्र निर्माण हुन सक्छ । वित्तीय नीतिले अहिले पनि आर्थिक वृद्धिलाई पहिलो प्राथमिकता दिएर उच्च लगानी गर्दछ । अर्थतन्त्रमा लगानी बढेपछि उत्पादन र रोजगारीका अवसरहरू सृजना हुने हुँदा वित्त नीति त्यसतर्फ केन्द्रित रहन्छ ।

**समृद्धिको यात्रा र आर्थिक नीतिहरुको प्रभावकारी कार्यान्वयन**

माथि वित्त नीति र मौद्रिक नीतिका विभिन्न पक्षको संक्षिप्त चर्चा गरियो । आर्थिक नीतिका तीनवटा महत्वपूर्ण अंगहरू क्रमशः वित्तीय नीति, मौद्रिक नीति र क्षेत्रगत आर्थिक नीतिहरू हुन्छन् । यी तीनमध्ये वित्तीय नीति र क्षेत्रगत आर्थिक नीति सरकारले जारी गर्दछ भने मौद्रिक नीति त्यसलाई सहयोग पुग्ने गरी नेपाल राष्ट्र बैंकले जारी गर्दछ ।

समृद्धिको महत्वपूर्ण पक्ष आर्थिक पाटोसँग जोडिएको हुन्छ । यो सम्पन्नता र खुसीसँग जोडिएको हुन्छ । जसमा जीवनस्तरमा वृद्धि, सामाजिक समानता, भौतिक पूर्वाधारको सम्पूर्णता, रोजगार एवं स्वरोजगारीका अवसरको सृजना, प्रविधिको उच्च प्रयोग, साधन र स्रोतको न्यायिक वितरणका साथै आत्मनिर्भर अर्थतन्त्रको आवश्यकता पर्दछ । समृद्धिको लक्ष्य हासिल गर्न वर्तमान सरकारले जुन कार्यक्रमहरू ल्याएको छ, त्यसका लागि बैंकिङ्ग क्षेत्रबाट बचत संकलन, निक्षेप परिचालन, स्रोत र साधनको गतिशीलता, तरलता व्यवस्थापन,

उत्पादनशील क्षेत्रमा कर्जा प्रवाहको व्यवस्था मिलाउने, मौद्रिक व्यवस्थापन, अर्थतन्त्रलाई चलायमान बनाउने, साधन र स्रोतको परिचालन प्रभावकारी बनाउने वित्तीय पहुँच अभिवृद्धि लगायतका विषयको मौद्रिक नीतिमार्फत प्रभावकारी कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्ने दिशामा अगाडि बढिरहेको पाइन्छ ।

त्यसैगरी वित्तीय नीतिमार्फत गरिबी निवारण, सन्तुलित क्षेत्रीय आर्थिक विकासका लागि सामाजिक न्यायमा आधारित कार्यक्रमहरू, वैज्ञानिक कर प्रणाली, भौतिक पूर्वाधारको निर्माण लगायत विभिन्न क्षेत्रगत आर्थिक नीतिहरूको माध्यमबाट समृद्धि हासिल गर्ने उद्देश्यका साथ सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट नै दीगो विकास र समृद्धिको यात्रामा सफलता प्राप्त हुनेमा निश्चिन्त हुन सकिन्छ ।

**समृद्धि र अर्थतन्त्रको डिजिटलाइजेसन**

समृद्धिको अर्थ नै सम्पन्नता र खुसी हो । सबै सँगसँगै खुसी हुनु र सबैको ओंठमा मुस्कान आउने अवस्था सृजना गर्नु हो । यसको एउटा महत्वपूर्ण पक्ष प्रविधिको उच्चतम प्रयोग गर्नुसँग सम्बन्धित छ ।

अहिलेको युग सूचना प्रविधिको युग हो । दैनिकजसो विभिन्न नयाँ नयाँ प्रविधिहरू विकास र प्रयोग भएको सन्दर्भमा अर्थ व्यवस्थाका सम्भव भएसम्मका सबै क्षेत्रमा डिजिटलाइज गर्दै ग्रामीण क्षेत्रसम्म आधुनिक प्रविधिबाट सर्वसाधारणले सार्वजनिक सेवा छिटो छरितो, सरल, सहज र कम समयमा प्रविधिको माध्यमले गर्ने गराउनेतर्फ आगामी दिनका कार्यक्रम कार्यान्वयन गर्न जरूरी छ । बैंकिङ्ग क्षेत्रका विभिन्न प्रविधिहरू इन्टरनेट र स्मार्ट फोनको प्रयोगबाट सम्भव भएका छन् । जस्तै : क्यूआर कोडबाट भुक्तानी, मोबाइल मनी, डिजिटल बैंकिङ्ग, शाखारहित बैंकिङ्ग सेवा, इन्टरनेट बैंकिङ्ग, आइपीएस, आस्वा-सीआस्वा, मेरो शेयर तथा घर ठेगाना वा बसिरहेको स्थानबाट इन्टरनेट र इमेलमार्फत नै डकुमेन्ट स्क्यानिङ्ग, अपलोड, केवाईसी अपडेट आदि कार्यहरू गर्न सकिने कारणले आगामी दिनमा डिजिटाइजेसनलाई मार्गप्रशस्त गरेका छन् । । यी सेवाहरूलाई सेवाको पहुँच नपुगेका ठाउँमा पुर्‍याई आम जनतामाझ पुर्‍याउने कार्य बाँकी नै रहेको छ ।

जसरी बैंकिङ्ग क्षेत्र डिजिटलाइजको तीव्र गतिमा अगाडि बढेको देखिन्छ, ठिक त्यसैगरी सरकारबाट सर्वसाधारणलाई प्रदान हुने सबै सेवा सुविधाहरू समेत डिजिटल प्रविधिमार्फत लिनेदिने व्यवस्थासहितको डिजिटल अर्थतन्त्र निर्माण गर्ने दिशामा अगाडि बढ्न सम्बद्ध पक्षले ढिला गर्नु हुँदैन । अबका आर्थिक तथा वित्तीय नीतिहरूले यसतर्फ विशेष ध्यान दिन जरूरी देखिन्छ ।

सार्वजनिक सेवा प्रवाहअन्तर्गत सरकारी अड्डा वा सरोकारवाला निकायबाट हुने सम्पूर्ण जनसरोकारका काम कारवाहीमा समेत डिजिटलाइज गर्दै ई-गभर्मेन्सको अवधारणाअनुसार कार्यान्वयन गर्न सकेमा डिजिटल अर्थतन्त्रमा फड्को मार्न सक्ने देखिन्छ ।

समृद्धिका लागि सार्वजनिक क्षेत्रका सबै सेवाहरू क्रमशः डिजिटल प्रविधिहरूमार्फत एकआपसमा आबद्ध गर्ने, सुलभ सञ्चार प्रविधिको भरपुर उपयोग गदै आर्थिक विकासको मूलधारमा नआएका वर्ग र क्षेत्रका जनतालाई उत्प्रेरित गर्न नवीनतम प्रविधिले समेत महत्वपूर्ण भूमिका खेल्ने हुँदा अर्थतन्त्रको डिजिटलाइजेसनले सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा फड्को मार्न सकिने देखिन्छ ।

**निष्कर्ष :**

यसरी देशको आर्थिक नीतिका महत्वपूर्ण विषयहरू वित्तीय नीति र मौद्रिक नीति एक आपसमा पूरक छन् । देशको वित्तीय नीति र मौद्रिक नीतिले लिएको उद्देश्य हासिल गर्न, आर्थिक स्थायित्व, वित्तीय स्थिरता, पूर्ण रोजगारी एवं समग्र अर्थतन्त्रको विकासका लागि राज्यले लिने वित्तीय नीतिलाई कार्यान्वयन गर्न अनुकूल हुने गरी व्याजका दर, बैंक दर, अनिवार्य मौज्दात दर लगायत उपकरणको उपयुक्त प्रयोग र सम्मिश्रणबाट देशको समग्र आर्थिक विकास र स्थायीत्व कायम हुने भएकोले देशको आर्थिक एवं मौद्रिक व्यवस्था अनुकूल यी दुई नीतिहरू कार्यान्वयन गर्दा देशको समृद्धिको लक्ष्य हासिल गर्न सहयोग पुग्दछ । ■

**सन्दर्भ सामग्री**


१. नेपाल राष्ट्र बैंक, समाचार विशेषाङ्क, गभर्नरको वक्तव्य २०७६

२. अरूणोदय, वर्ष २५, अंक २३, ने.रा.बैंक कर्मचारी संघ

३. आर्थिक वर्ष २०७५/७६ को मौद्रिक नीति, नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालय

४. कृषि विकास बैंक, समाचार, विभिन्न पत्रपत्रिका र अनलाइन खबरहरू

५. प्रताप सुवेदी, बैंकिङ्ग व्यवस्थापन र कृषि विकास बैंक (तेस्रो संस्करण), उत्सव प्रकाशन, २०७१



*लेखक कृषि विकास बैंकका*
*का.मु. उपमहाप्रबन्धक हुनुहुन्छ ।*

# बैंकिङ्ग व्यवसायमा औद्योगिक सम्बन्ध व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि



ध्रुवचन्द्र गौतम

**१. विषय प्रवेश**

अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक तथा एशियाली विकास बैंकको सहयोगमा नेपालमा शुरू भएको वित्तीय क्षेत्र सुधारको कार्यक्रमले बैंकिङ्ग व्यवसाय, व्यवस्थापन, प्रविधि, निष्कृय कर्जा र कर्मचारीको उत्पादकत्वमा आमूल सुधार गरी बैंकहरूलाई पुनर्जीवन दिएको देखिन्छ । नेपालमा बैंकिङ्ग क्षेत्रको इतिहास राणा कालदेखि शुरू भई आजको खुला तथा आधुनिक बैंकिङ्ग व्यवसायसम्म आईपुग्दा यस्को दायरा र कार्यक्षेत्र निकै परिवर्तन र फराकिलो भएकोले यस क्षेत्रको असल व्यवस्थापन, नियन्त्रण र नियमन हुनु जरूरी छ । बैंक तथा वित्तीय संस्थाहरूको संजाल ठूलो भएका कारण यी संस्थाहरूबीच हुने अस्वस्थ प्रतिस्पर्धा रोक्न र वित्तीय क्षेत्रको स्थायित्वलाई थप सुदृढ गर्न आवश्यक देखिएको हुँदा बैंकहरूबीच गाभ्ने/गाभिने तथा प्राप्ति (मर्जर प्रक्रिया) लाई थप प्रोत्साहित गर्दै बैंकिङ्ग व्यवसायलाई गतिशील र सुदृढ तुल्याईनु पर्दछ । बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत कर्मचारीहरूका लागि बैंकिङ्ग सेवा प्रवाह सम्बन्धि तालीम, अध्ययन, अवलोकनको व्यवस्था गरी उत्पादकत्वमा सुधार गर्न जरूरी छ । अबको बैंकिङ्ग उद्योगको व्यवसाय विगत वर्षहरूमा भन्दा राम्रो मात्र भएर पुग्दैन अन्य मुलुकको बैंकिङ्ग प्रणाली जस्तो पूर्ण प्रविधियुक्त, सवल, सुरक्षित, सक्षम र पूर्ण आधुनिक बैंकिङ्ग सेवा र सुविधा आम जनता माझ पुर्‍याई व्यवसायको आकार बढाउँदै संस्थागत लक्ष्य हासिल गर्न कर्मचारी-व्यवस्थापन बीच सुमधुर औद्योगिक सम्बन्धको विकास गर्नु जरूरी छ । नेपालको बैंकिङ्ग व्यवसायलाई परम्परागत भन्दा फरक Universal संरचना तर्फ उन्मुख गराउन प्रभावकारी योजना, बजेट तथा कार्यक्रम, नीति, निर्देशनको जरूरी छ । बैंकिङ्ग व्यवसायलाई स्वस्थ, पारदर्शि, सुरक्षित र जोखिम रहित बनाउन नियमनकारी निकायबाट जारी भएका ऐन, नीति, नियम, निर्देशन र मापदण्डहरूको पूर्णपालना गर्दै संस्थागत सुशासन, वित्तीय सेवा तथा बैंकिङ्ग पहुँच बढाउँदै आर्थिक प्रणालीमा देखिएका बहुआयामिक प्रभाव र चुनौतीलाई अवसरमा रूपान्तरण गर्नु आवश्यक छ ।

व्यक्ति वा संस्थाले लगानी गरेर जोखिम बहन गरी मुनाफा कमाउने उद्देश्यले गरिने आर्थिक क्रियाकलापलाई सामान्य भाषामा व्यवसाय भनिन्छ । व्यवसाय विभिन्न प्रकारका भएपनि यसले आय आर्जनसँग सम्बन्ध राख्ने भएको हुँदा व्यवसायका आफ्नै विशेषताहरू हुन्छन् । जस्तैः आधुनिक तथा प्रतिष्पर्धि सेवा, नाफा उन्मुख, अर्न्तनिहित जोखिम, अनिश्चितता, उपभोक्ताको सन्तुष्टि, कारोबार तथा सेवाको निरन्तरता, उचित व्यवस्थापन र अधिक उत्पादकत्व हुनु पर्दछ । बैंकिङ्ग व्यवसायमा सर्व साधारणले आफ्नो धनराशीको सुरक्षा तथा ब्याज पाउने उद्देश्यले जम्मा गर्ने र कसैलाई कर्जा आवश्यक परेको समयमा आवश्यक प्रक्रिया पूरागरी ऋण लिन सक्दछन् । नेपालमा विक्रम संवत १९९४ साल कार्तिक ३० गते नेपाल बैंक लिमिटेडको औपचारिक स्थापना भएपश्चात सुरुवात भएको बैंकिङ्ग व्यवसाय आज जंगलको रूपमा विकास भएको छ । बैंकिङ्ग व्यवसायलाई स्थापना, विकास र बिस्तार गर्ने उद्देश्यले केन्द्रीय बैंकको रूपमा वि.सं. २०१३ मा नेपाल राष्ट्र बैंक ऐन, २०१२ बमोजिम नेपाल राष्ट्र बैंकको विधिवत स्थापना भएपश्चात वि.सं.२०२२ मा राष्ट्रिय वाणिज्य बैंक, वि.सं.२०२४ मा कृषि विकास बैंक लि., वि.सं. २०४१ मा नेपाल अरब बैंक लि., वि.सं.२०४२ मा ईण्डोस्वेज बैंक लि. (हाल स्टाण्डर्ड चार्टर बैंक) को स्थापना हुँदै हाल क वर्गका वाणिज्य बैंकहरूको संख्या २७, ख वर्गका विकास बैंक २५, ग वर्गका वित्त कम्पनी २२ र घ वर्गका लद्यु वित्त कम्पनी ९१ संस्थाका ९२२३ शाखाहरू देशभर संचालनमा रहेको (नेपाल राष्ट्र बैंक, २०७६ कार्तिक मसान्तको तथ्यांक) देखिन्छ । नेपालको विद्यमान बजारले धान्न नसक्ने गरी स्थापना भएका बैंक तथा वित्तीय संस्थाहरूको पूँजी बृद्धि, सेवा विस्तार, व्यवसाय, गुणस्तर र नियमनकारी निकायका विभिन्न नीति, नियम, निर्देशनहरूका कारण वित्तीय क्षेत्रमा केही

समय यता एक प्रकारको मर्जरको अवधारणा प्रयोगमा आएको छ । तथापि मर्जरको अवधारणालाई मूर्तरूप दिन बैंकिङ्ग व्यवसायको भविष्यको संभावना, आवश्यकता र यसबाट मुलुकको अर्थतन्त्रमा पर्ने प्रभाव र असर दुवैको विश्लेषण गर्नु जरूरी छ । बैंकिङ्ग व्यावशायलाई सरकारले जनताको आधारभूत सेवा र सुविधा, शिक्षा, स्वास्थ्य, गाँस, बास र कपास जस्तै दैनिक जीवनको अत्यावश्यक सेवा अन्तर्गत पारिभाषित गरेकोले यो क्षेत्र अत्यन्त संवेदशील र दैनिक जनजीवीकासँग जोडिन पुगेको छ । तसर्थ बैंक तथा वित्तीय संस्थामा नेतृत्व लिने व्यवस्थापन र उक्त संस्थामा काम गर्ने कर्मचारी र सम्बद्ध क्रियाशील संगठनहरू कुशल, दक्ष एवं अनशासित हुनु जरूरी छ । नेपालमा बैंकिङ्ग व्यवसायको सेवा, सुविधा र दायरा दिनप्रतिदिन बढ्दै गएकोले बैंकिङ्ग व्यवसायलाई बृहत्, सघन र दीर्घकालीन दिगोपनामा रूपान्तरण गर्न निष्पक्ष एवं पारदर्शी एवं प्रभावकारी, कुशल र गतिशील व्यवस्थापनका माध्यमबाट संस्थागत लक्ष्य हासिल गर्न जरूरी छ ।

## २. नेपालमा बैंकिङ्ग व्यवसायको विकासक्रम

नेपालको बैंकिङ्ग व्यवसाय निरन्तर विकास र बिस्तार हुदै गएकोले यस बजारका औजारहरू जस्तोः निक्षेप, कर्जा तथा लगानी, असुली, ग्राहक संख्या, आम्दानी, तरलता आदिको नियमित अध्ययन, अनुसन्धान, विश्लेषण एवं समीक्षा गरी समग्र बजार व्यवस्थापनको लागि असल नीति, रणनीति, योजना तथा कार्यक्रम बनाउन आवश्यक छ । संवत् २०७६ कार्तिक मसान्तसम्म बैंकिङ्ग बजारमा झण्डै २ करोड ९२ लाख निक्षेपखाता, १५ लाखको हाराहारीमा कर्जाग्राही, ए.टी.एम. संख्या ३५२०, मोबाइल बैंकिङ्गका ग्राहक संख्या झण्डै ९० लाख, इन्टरनेट बैंकिङ्ग ग्राहक ९ लाख २८ हजार, जारी डेबिट कार्डको संख्या ६८ लाख १९ हजार र क्रेडिट कार्डको संख्या १ लाख ३७ हजार रहेको नेपाल राष्ट्र बैंकको तथ्यांकले देखाएको छ । नेपाल सरकारले जनताको बैंकिङ्ग पहुँचलाई सुनिश्चित गर्न वित्तीय समावेशीकरण, शिक्षा एंव वित्तीय साक्षरता अभियान तथा कार्यक्रमलाई उच्च प्राथमिकता दिएपनि कूल जनसंख्याको झण्डै ६० प्रतिशत जनतालाई मात्र बैंकिङ्ग प्रणालीले समेटेको तथ्यांकले देखाएको छ । नेपालमा हालसम्म कूल १६६ बैंक तथा वित्तीय संस्थाहरू रहेतापनि अधिकांश वित्तीय संस्थाहरूको बैंकिङ्ग सेवा शहरी क्षेत्रमा केन्द्रित हुँदा शहरको पूँजी, सीप, प्रविधि र ज्ञान ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन । अतः नियमनकारी निकायले आफ्नो नीति, नियमलाई प्रभावकारी कार्यान्वयन गराउँदै समग्र वित्तीय संस्थाहरूको नाफा केन्द्रित सोच, कर्मचारी तथा व्यवस्थापकमा जागिरे मानसिकता र लगानीकर्ताको प्रतिफलमुखी चाहनालाई परिवर्तन गराई सेवा तथा सुविधालाई दूरदराज र जनताको घर आँगनसम्म पुऱ्याउन आवश्यक छ । नेपालको संघीय व्यवस्था अन्तर्गत गठित ७५३ स्थानीय तहमध्ये २०७६ कार्तिक मसान्त सम्म ७३९ तहमा वाणिज्य बैंकहरूको उपस्थिति भएपनि बैंकिङ्ग सेवा तथा पहुँच लक्ष्य बमोजिम विकास र बिस्तार अझै हुन सकेको छैन ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाहरूमा २०७६ कार्तिक मसान्त सम्म कूल निक्षेप रकम झण्डै रू.२ ९ खर्ब ७५ अर्ब र कर्जा तर्फ रू.२६ खर्ब ४३ अर्बसँगै वाणिज्य बैंकहरूको शाखा संख्या ३९३५, विकास बैंकहरूको १२७३, वित्त कम्पनीहरूको २२० र लघुवित्त संस्थाहरूको ३७९५ शाखा संचालनमा रहेकोले बैंक तथा वित्तीय संस्थाको प्रति शाखाबाट औसतमा करिब ३२१० जनताले बैंकिङ्ग सेवा प्राप्त गरेको केन्द्रीय बैंकको तथ्यांकले देखाएको छ । नेपालको बैंकिङ्ग क्षेत्रको कूल निक्षेप (दायित्व) झण्डै अर्थतन्त्रको आकार बराबर हुन लागेको हुँदा यस बजारको समस्या, चुनौति र जोखिमको पहिचान, मापन, नियन्त्रण र व्यवस्थापन गर्न प्रभावकारी संयन्त्र बनाउनु जरूरी छ । सबै स्थानीय तहमा वाणिज्य बैंकहरूको उपस्थिति पुगि नसकेकोले बैंकिङ्ग सेवाको पहुँच थप सरल र सहज बनाउनको लागि नयाँ शाखा कार्यालय खोल्ने नीतिमा परिवर्तन गरी महानगरपालिका र उपमहानगरपालिका बाहेकका स्थानमा शाखा कार्यालय खोल्न केन्द्रिय बैंकको स्वीकृति लिनु नपर्ने व्यवस्थालाई कार्यान्वयन गरी बैंकहरूले व्यवसाय तथा कार्य सञ्जाल विस्तारको अवसरलाई सदुपयोग गर्न सक्नु पर्दछ । आर्थिक उदारीकरणको अवधारणालाई नेपालले आत्मसात् गरे पश्चात निजी, सार्वजनिक एवं सहकारीको तीन खम्बे अर्थनीति अवलम्बन गरेपनि आन्तरिक र बाह्य वातावरण (आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक, कानूनी तथा राजनीतिक अवस्था र प्रतिस्पर्धा) का कारण मुलुकको अर्थतन्त्र एवं बैंकिङ्ग व्यवसायले अपेक्षा अनुरूप प्रगति हासिल गर्न सकेको पाईदैन । नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको संभावना, आवश्यकता र खाँचो प्रशस्त रहेकोले लक्ष्य अनुरूप यस क्षेत्रको विकास गरी आर्थिक बृद्धि दर र कुल गार्हस्थ उत्पादन बढाउन आवश्यक योजना र नीति निर्माण गरी कार्यान्वयन गर्नु आवश्यक छ । बैंकिङ्ग व्यवसायमा प्रविधिको विकास र बिस्तारले सेवालाई २४ सै घण्टा सेवा संचालन हुने व्यवस्था गरेता पनि यस व्यवसायको विकास र बिस्तारमा सूचना

प्रविधिको दुरूपयोगले सुरक्षा चुनौति पनि बढ्दै गएको छ । अर्थतन्त्रलाई गतिशील बनाउन बैंकिङ्ग बजारको सन्तुलित विकास र बिस्तार गर्न आधुनिक बैंकिङ्ग व्यवसायको सेवालाई सवल, सक्षम र जोखिम रहित बनाउनु पर्दछ । बैंकिङ्ग क्षेत्रले सेवासँगै वित्तीय साक्षरता, शिक्षा र चेतना बृद्धि गरी आर्थिक, मौद्रिक, सामाजिक, सांस्कृतिक, प्राविधिक र व्यावहारिक पक्ष समेत परिवर्तन गरी ग्राहक, व्यवसाय, कर्मचारी र लगानीकर्ताको हित संरक्षण गर्नुपर्दछ ।

### ३. कृषि विकास बैंक र औद्योगिक सम्बन्ध

नेपालमा बैंकिङ्ग प्रणालीमा उदय भएको विकास तथा विशिष्टिकरणको अवधारणालाई अगाडी बढाउन तत्कालीन सहकारी बैंक ऐन २०१९ बमोजिम २०२० सालमा सहकारी बैंकको स्थापना भई २०२४ माघ ७ गते उक्त सहकारी बैंकलाई प्रतिस्थापन गर्ने र देशको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग पुऱ्याउने उद्देश्यले कृषि विकास बैंकको स्थापना भएको हो । अहिले कृषि विकास बैंक आफ्नो स्थापना र सेवा कालको ५२ वर्ष पार गरी ५३ औं वर्षमा प्रवेश गरेको छ । पाँच दशक भन्दा बढी अवधिमा यस बैंकले सहकारी तथा गैरसहकारी निकाय एवं गैर कृषि क्षेत्रमा सरल र सुलभ कर्जाका साथै प्रविधिमा आधारित सम्पूर्ण बाणिज्य बैंकिङ्ग सेवा प्रदान गर्दै पूँजी, कार्य सञ्जाल, वस्तु तथा सेवामा विशिष्टता र अत्याधुनिक प्रविधि सहितको "तपाईँ हाम्रो घर आँगनको बैंक" को रूपमा आम नेपाली जनता, शेयरधनी एवं सेवाग्राहीका माझ स्थापित हुन पुगेको छ । बैंकले प्रवाह गर्ने सेवालाई छिटो, छरितो, भरपर्दो र गुणस्तरीय तुल्याउँदै कृषि, जलविद्युत, पर्यटन, जस्ता उत्पादनशील एवं प्राथमिकताका क्षेत्रका अतिरिक्त ठूला परियोजनामा लगानी विस्तार, विभिन्न दातृ निकाय र एजेन्सीहरूसँग समन्वय, राष्ट्रिय सहकारी महासंघ, सहकारी बैंक, प्रादेशिक सरकार, स्थानीय निकाय लगायतसँग सम्झौता गरी ग्रामीण क्षेत्रका महिला, किसान र उद्यमीहरूको आय आर्जन, उद्यमशीलताको विकास, रोजगारीको सिर्जना र नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" को अभियानलाई सहयोग पुऱ्याउन दृढ संकल्पित रहेको छ । भर्खरै आफ्नो नियमित १३औं साधारण सभा सम्पन्न गरी बैंकले आ.व.२०७५/७६ मा कायम रहेको साधारण शेयर चुक्तापूँजी रू.९०१ करोड ५५ लाख २८ हजार ९६० मा नगद लाभांश २४ प्रतिशत र ६ प्रतिशत बोनस शेयर, ६ प्रतिशत नेपाल सरकारलाई लाभांश उपलब्ध गराई शेयरधनीहरूलाई उच्चतम प्रतिफल दिन सफल भएको छ भने आफ्नो व्यवसाय बिस्तारको क्रममा कर्जा प्रवाह करिब रू.११७ अरब, निक्षेप १२६ अरब पुऱ्याई अगामी ५ वर्षे व्यावसायिक कार्य योजना मार्फत नाफा, लगानी तथा निक्षेपलाई दोब्बर बनाउने रणनीति बैंकले लिएको छ ।

कुनैपनि व्यावसायिक संस्थामा व्यवस्थापन भनेको संगठन वा बैंकको निर्दिष्ट लक्ष्य हासिल गर्न अरूसँग मिलेर र अरूद्धारा कार्य गराउने कला र क्षमता हो । व्यवस्थापनले संगठन वा बैंकको निर्धारित लक्ष्य हासिल गर्नको लागि आवश्यक पर्ने मानवीय, भौतिक एवं वित्तीय साधनहरूको संकलन गरी उपयुक्त किसिमबाट समन्वय गरी परिचालन गर्ने प्रक्रियालाई बुझाउँदछ । यसले विशिष्ट उद्देश्य प्राप्तिका लागि अरू व्यक्तिहरूको प्रयासमा योजना बनाउने, समन्वय गर्ने, उत्प्रेरित गर्ने र नियन्त्रण गर्ने कार्यहरू गर्दछ । हेनरी फेयोलका अनुसार "व्यवस्थापनको अर्थ पूर्वानुमान गर्नु तथा योजना बनाउनु, संगठित गर्नु, आदेश दिनु, समन्वय गर्नु, कार्य सञ्चालन र नियन्त्रण गर्नु हो ।" त्यसैगरी हेराल्ड कुञ्जको शब्दमा- व्यवस्थापन भनेको "औपचारिकरूपमा संगठित समूहको व्यक्तिद्वारा तथा उनीहरूको साथमा काम गर्ने गराउने कला हो" । तसर्थ व्यवस्थापन एउटा विवेकपूर्ण तथा गतशील क्रियाकलाप हो । जसलाई आर्थिक साधन, प्रक्रिया र एउटा विषयको रूपमा लिन सकिन्छ । तसर्थ बैंक तथा वित्तीय संस्थामा काम गर्ने तथा संस्था संचालनको जिम्मेवारी लिने व्यवस्थापन अत्यन्त कुशल, अनुभवी र संस्थाको दीर्घकालीन उद्देश्य पूर्तिमा सकारात्मक मार्ग निर्देश गर्न सक्ने हुनु पर्दछ । जसबाट संस्थाको व्यवसाय अभिबृद्धिका साथै उत्पादकत्व बृद्धि एवं प्रभावकारी परिणाम प्राप्त हुन सक्दछ ।

संस्थामा कर्मचारी सशक्त हुँदा संस्थाको रणनीतिक उद्देश्य, मुनाफा, उत्पादकत्व र गुणस्तरमा बृद्धि तथा लागत न्यून भई बैंकको व्यवसाय अभिबृद्धि हुन जान्छ । संस्थामा आवद्ध कर्मचारीहरूको उत्पादकत्व उत्प्रेरणाको वातावरणले सुधार ल्याउँदछ । अवश्य पनि एउटा उत्प्रेरित व्यक्ति वा कर्मचारीले आफ्नो कार्यसम्पादन स्तरमा सुधार र क्षमताको उच्चतम प्रयोग गर्न कर्मचारी उत्प्रेरणाले भूमिका निर्वाह गर्दछ ।

भनिन्छ, सवल अर्थतन्त्र निर्माणका लागी राम्रा र असल लगानीकर्ता चाहिन्छ, राम्रो सरकार बनाउन सक्षम र योग्य मानिस सरकारमा जानु पर्दछ, त्यसैगरी सक्षम र बलियो संस्था बनाउनका लागि योग्य, सक्षम, अनुभवी र जिम्मेवार कर्मचारीको आवश्यकता पर्दछ । त्यसैले संस्थाको उच्च व्यवस्थापनले कर्मचारीलाई योग्यता अनुसारको काम लगाउनु पर्दछ । आजको युग वाद

र विचारले नभै वाद रहित विकासको विश्वव्यापी युग भएकोले बैंकिङ्ग क्षेत्रमा आवद्ध कर्मचारीलाई सवल, सक्षम, योग्य र असल बनाउँदै उनीहरूको उत्पादकत्व बढाउन व्यवस्थापनको अहं भूमिका रहन्छ । बैंकिङ्ग बजारका कर्मचारी वित्तीय क्षेत्रको आधारशिला र अर्थतन्त्रको खम्बा भएकोले कर्मचारी व्यवस्थापनको सम्बन्ध सूमधुर बनाउँदै उनीहरूलाई अध्ययन, तालीम, अवलोकन जस्ता गतिविधिबाट ज्ञान, शिप र क्षमता बढाई कृषि विकास बैंक लिमिटेड जस्ता वित्तीय संस्थाले उत्पादकत्व बढाउनु जरूरी छ ।

त्यसैगरी प्रतिष्ठानस्तरका संगठित संस्था एवं बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी कामदार र तिनीहरूका प्रतिनिधि संगठन (ट्रेड यूनियन) हरूको समेत कर्मचारी-व्यवस्थापन बीचको सम्बन्ध असल सुमधुर तुल्याई संस्थाको व्यावसायिक विकास, उत्पादकत्व एवं संस्थागत सुशासन र मर्यादित वातावरण कायम गर्न महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको संविधानले "श्रमिक वा कर्मचारी भन्नाले पारिश्रमिक लिई रोजगारदाताको लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनु पर्दछ र त्यस्ता प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ" भनी परिभाषित गरेको छ । बृटिश श्रम मन्त्रालयका अनुसार "पेशागत व्यक्तिहरूको संघ नै ट्रेड यूनियन हो" । अतः ट्रेड यूनियन भन्नाले "कर्मचारीको हक हितको संरक्षण र सम्वर्द्धनका लागि स्थापना भएका पेशागत संगठनहरूलाई बुझाउँछ । यद्यपि संस्थाहरूमा स्थापित भएका ट्रेड यूनियनहरूको प्रमुख उद्देश्य आफ्ना सदस्य वा कर्मचारीको हक हित र अधिकारको सुरक्षा गर्ने भएता पनि आफु काम गर्ने संस्थाको स्थायित्व, विकास र उत्पादकत्व वृद्धिका साथै श्रम र पूँजीबीच सन्तुलित सम्बन्ध राख्दै शोषण रहित ढंगले वर्गीय हितको रक्षा गर्नु रहेको हुन्छ । सामाजिक संवाद र सामूहिक सौदावाजीको माध्यमबाट कर्मचारीका पीर मर्का समाधान गर्ने, गुणस्तरीय वस्तु तथा सेवा प्रवाहमा सघाउ पुऱ्याउने र संस्थामा स्वच्छ वातावरण सिर्जना गर्ने भूमिका संघ/संगठनले निर्वाह गरिरेहका हुन्छन् । तसर्थ व्यवस्थापनले यूनियनलाई साझेदार (Stake Holder) को रूपमा लिएको हुन्छ र यूनियनहरूले पनि आजको २१औं शताब्दिमा व्यवस्थापनलाई सहयात्रीको रूपमा लिई संस्थाको हितमा गरिने क्रियाकलापमा सकारात्मक एवं रचनात्मक भूमिका निर्वाह गर्नु पर्दछ । साथै संस्था रहे कर्मचारी रहन्छ र संस्थाको उन्नति र प्रगति भए मात्र कर्मचारीको हक हित सुनिश्चित हुन्छ भन्ने यथार्थलाई समेत आत्मसात गर्नु आवश्यक छ ।

## ४. बैंकिङ्ग व्यवसायमा कर्मचारी-व्यवस्थापनको भूमिका

बैंकिङ्ग व्यवसाय गर्ने संस्थामा आवश्यकता अनुसार कर्मचारीहरूको व्यवस्थापन गर्नु व्यवस्थापनको महत्वपूर्ण कार्य हो । कर्मचारी व्यवस्थापन मानवीय पक्षसँग सम्बन्धित छ । बैंकिङ्ग व्यवसाय वा संगठन मानव संशाधन र सोको व्यवस्थापन विना चल्न सक्दैन । त्यसमा पनि मानव संशाधन (कर्मचारी) नै त्यस्तो सजीव साधन हो जसले अन्य भौतिक साधनहरूलाई उपयोगी बनाउँदछ । जसको प्रयत्न, विवेक एवं सीप, ज्ञान र क्षमताको प्रयोगद्वारा संगठनले आफ्नो उद्देश्य प्राप्त गर्दछ । तसर्थ बैंकिङ्ग व्यवसायमा व्यवस्थापनले कर्मचारीको उचित किसिमले प्रबन्ध गर्नुपर्दछ ।

कर्मचारी व्यवस्थापन भन्नाले बैंकिङ्ग व्यवसायको योजना अनुसार आवश्यक पदाधिकारी एवं कर्मचारीको नियुक्ति गर्नु, तिनीहरूलाई आवश्यक तालीम प्रदान गर्नु, पदोन्नतिको अवसर दिनु, सेवा निवृत्ति आदिको व्यवस्था गर्नु हो । व्यवस्थापनको प्रमुख उद्देश्य नै संस्था वा संगठनमा दक्ष कर्मचारी नियुक्त गर्नु र सबै तहका कर्मचारीहरूबीच सुमधुर सम्बन्ध स्थापना गरी बढी प्रभावकारी एवं मितव्ययिताका साथ संगठनात्मक लक्ष्य प्राप्त गर्नु हो । विशेषगरी कर्मचारी-व्यवस्थापन अन्तर्गत देहायका कार्यहरूमा जोड दिई कर्मचारी व्यवस्थापन बीचको सम्बन्ध नियमित र व्यवस्थित गरिनु आवश्यक छ

### कर्मचारी र यूनियनको भूमिका

**क. असल कार्य संस्कृतिको निर्माण**

- संस्थाको अफ्नो कार्य जिम्मेवारी र इमान्दारीतापूर्वक वहन गर्ने ।
- सेवाग्राहीको काममा कुनै प्रकारको मोलाहिजामा नराखी छिटो, छरितो ढंगले सम्पादन गर्ने ।
- गुणस्तरीय सेवा प्रदान गर्ने ।
- कर्मचारीवीच आपसी सदभाव र त्भक ध्यचप को भावना जागृत गर्ने ।
- कार्यालयको चल अचल सम्पत्तिको संरक्षण र सम्भारमा सहयोग पुऱ्याउने ।
- कार्यालयमा स्वच्छ, सुरक्षित र मर्यादित वातावरण सिर्जना गर्ने ।
- संस्थागत मूल्य, मान्यता स्थापित गर्ने ।

**ख. आर्थिक सुशासन प्रवर्द्धन**

- संस्थामा हुन सक्ने अनियमितता र पदीय दुरूपयोगमा नियन्त्रण गर्ने ।
- संस्थागत सदाचार र व्यावसायिक नैतिकता कायम गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्ने ।
- जवाफदेहिता, पारदर्शिता, मितव्ययिता र उत्तरदायित्वमा जोड दिने ।
- संस्थालाई स्वस्थ्य, सवल, सक्षम र उत्कृष्ट तुल्याउने भूमिका निर्वाह गर्ने र साधन एवं श्रोतको उचित प्रयोग भए नभएको जानकारी लिने ।

**ग. उत्पादकत्व अभिवृद्धि र रोजगारीको सिर्जना**

- मानव संशाधनको अधिकतम उपयोग र उत्पादन बृद्धिमा सघाउ पु¥याउने ।
- भाखा नाघेका कर्जाको साँवा व्याज असुलीमा सहकार्य गर्ने ।
- मुनाफा बृद्धिका लागि गुणस्तरीय लगानी र व्यवासाय प्रवर्द्धनमा सहयोग गर्ने ।

**घ. संस्थागत शीप क्षमता र व्यावसायिकताको विकास**

- कर्मचारीहरूलाई व्यवस्थापनको सहकार्यमा संस्थागत सीप, क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने ।
- वस्तु तथा सेवाहरू प्रतिष्पर्धात्मक रूपमा ग्राहक तथा सेवाग्राहीमा पु¥याउन आवश्यक वित्तीय साक्षरता अभियान संचालन गर्ने ।
- कर्मचारीहरूलाई नयाँ प्रविधिका बारेमा प्रशिक्षित गराउने ।
- ट्रेड यूनियन संस्कृति, औद्योगिक सम्बन्धको महत्व तथा व्यवस्थापन-ट्रेड यूनियन सम्बन्धको विषयमा प्रशिक्षण दिने ।

**ङ. सेवा सुविधा र अवसरमा समानता**

- वृत्ति विकास, सरूवा, बढुवा, अध्ययन भ्रमण तालीम जस्ता अवसरमा योग्य र दक्ष कर्मचारी छनोटमा जोड दिने ।
- कर्मचारीको कार्य सम्पादन, मूल्यांकन पारदर्शि र निश्पक्षढंगले गराउन उचित वातावरण सिर्जना गर्ने ।
- अवसर र सुविधाको न्यायोचित वितरणमा जोड दिने ।

**च नीति निर्माण र कार्यान्वयनमा सहभागिता**

- संस्थाले प्रवाह गर्ने सेवालाई प्रभावकारी तुल्याउने ।
- संस्थाको नीति, निर्देशन, ऐन, नियम र कार्यविधि एवं कर्मचारी सेवासँग सम्बन्धित कानूनको कार्यान्वयन एवं पालनामा सघाउ पु¥याउने ।
- नीति निर्माण र निर्णय प्रक्रियामा सहभागिता जनाउने ।
- व्यावशायिकता र पेशागत दक्षता प्रवर्द्धनमा जोड दिने ।

**व्यवस्थापनको भूमिका**

- बैंकिङ्ग व्यवसायमा आवश्यक कर्मचारीहरूको छनौट, प्रशिक्षण, पारिश्रमिक, मूल्यांकन, पदोन्नति र सेवा निवृत्तिका कार्यहरू ।
- कर्मचारीहरूबीच प्रभावकारी सञ्चार व्यवस्था ।
- व्यवस्थापकीय निर्णय प्रक्रियामा कर्मचारीहरूको प्रतिनिधित्व ।
- कर्मचारीहरूको सीप, कार्यकुशलता एवं क्षमता बृद्धिसँग सम्बन्धित तालीम प्रशिक्षण ।
- कर्मचारी तथा यूनियनहरूसँग नियमितरूपमा विचारको आदान-प्रदान एवं अर्न्तक्रिया ।
- श्रोत र साधनको उच्चतम प्रयोग एवं कार्यकुशलतामा सुधार ।
- कर्मचारीहरूलाई असल कार्यसम्पादन गर्न उत्प्रेरित गर्नु ।
- कर्मचारीहरूका व्यक्तिगत लक्ष्य र संस्थागत लक्ष्यमा एकरूपता ल्याउने ।
- कार्यप्रगतिको मूल्यांकनमा उत्तरदायित्वको मापदण्ड स्थापना गर्नु ।
- योजना तथा वास्तविक कार्यप्रगतिको तुलनात्मक अध्ययन गर्नु ।
- प्रगतिमा आएको अवरोध निरूपण र विश्लेषण गर्नु ।
- कार्य सम्पादनमा देखा परेका कमी कमजोरीहरूमा सुधार गर्नु ।
- नयाँ प्रविधिको प्रयोग र सञ्चालनमा सीप र क्षमता अभिवृद्धि गर्नु गराउनु ।
- दक्ष सीपयुक्त र उत्पादनशील मानव संशाधन विकास र रोजगारी अभिवृद्धि गर्नु ।

- सहभागितामूलक व्यवस्थापनको अवधारणामा जोड दिनु ।
- सुमधुर औद्योगिक सम्बन्धको विकास ।
- संस्थाप्रति कर्मचारीको अपनत्व बढाउनु ।
- Right man in the right place को सिद्धान्त अनुशरण गर्नु ।
- संस्थागत सुशासनमा जोड दिनु ।
- नेतृत्व, कार्यक्षमता, निर्णय क्षमता, कार्यशैली, नैतिक आचरण एवं पारदर्शी र उत्तरदायी भूमिका प्रदर्शन गर्नु ।

बैंकिङ्ग व्यवसायको व्यवस्थापनमा एक प्रकारको कला र गतिशीलता हुन जरूरी छ । बैंकिङ्ग पेशालाई मर्यादित, पारददर्शी, दूरदर्शी, प्रतिष्पर्धी र व्यावसायिक बनाउन आधुनिक व्यवस्थापनका शैलीहरू नव-प्रवर्तनका आयामहरू, प्रविधि, नवीनतम सञ्चार विधि, मानव सम्बन्ध, विश्वव्यापीकरण आदि विषयमा ध्यान दिनु जरूरी छ । व्यवस्थापकले दीर्घकालसम्म आफ्नो संस्था वा संगठनको अस्तित्व कायम राख्न कर्मचारी व्यवस्थापन र उत्पादकत्वमा विशेष ध्यान दिई संस्थामा देखापर्ने समसामयिक चुनौतीहरूको व्यवस्थापन गर्नु पर्दछ । कृषि विकास बैंक लिमिटेडले कर्मचारी व्यवस्थापन बीच असल सम्बन्ध स्थापित गर्न समानता र सहकार्यको नीति अवलम्बन गरी केही समयदेखि व्यवस्थापन यूनियनबीच रहेको खाडल (Gap) लाई न्यूनिकरण गर्दै आएको छ ।

हालै मात्र पनि बैंकको उच्च व्यवस्थापनले बैंकमा क्रियाशील युनियनहरूसँग कर्मचारीका बृत्ति विकास र आर्थिक सुविधासँग जोडिएका र विगत केही समयदेखि संवोधन हुन नसकेका स्वास्थ्य सुरक्षा, विमा, नयाँ कर्मचारी भर्ना, सरूवा व्यवस्थापन, बढुवा प्रक्रिया, कार्य सम्पादनमा आधारित उत्प्रेरणा, सापटी सुविधा, सामाजिक सुरक्षा, सेवाको स्थायित्व, संस्थागत सुशासन, व्यवसाय प्रवर्द्धन र आचारसंहिता जस्ता मुद्दाहरूलाई आपसी छलफलका माध्यमबाट सौहार्द्धपूर्ण रूपमा समझदारी कायम गर्न सफल भएको छ । यसबाट बैंकमा व्यवस्थापन र कर्मचारी यूनियनले असल श्रम सम्बन्ध र असल श्रम अभ्यासको गतीलो उदाहरण प्रस्तुत गरेका छन् । यसबाट केही समयदेखि वृत्ति विकाससँग सम्बन्धित कर्मचारी भर्ना र बढुवा प्रक्रियामा देखिएको असहज परिस्थिति सहज बन्न गई कर्मचारी व्यवस्थापनबीच थप विश्वासको वातावरण बनेको छ । कर्मचारी र व्यवस्थापन एक सिक्काका दुई पाटा भएकोले दुवैको साझा समझदारी र प्रयासबाट नै बैंकको लक्ष्य एवं उत्पादकत्व बृद्धिमा सकारात्मक सन्देश पुग्न गएको छ ।

कृषि विकास बैंक आफ्नो संस्थामा उपलब्ध वित्तीय श्रोत र साधनको उचित एवं उच्चतम परिचालन गरी बैंकको समग्र कार्य सम्पादनमा प्रभावकारीता अभिबृद्धि गर्दै उच्चतम कार्य कुशलता एवं उतपादकत्व हासिल गर्ने लक्ष्यका साथ आफ्नो पूँजीको संरचना, कार्य सञ्जाल प्रविधि, मानव संशाधनको परिचालनलाई परिस्कृत गर्दै आम जनता, सेवाग्राही र ग्राहकको सन्तुष्टिका लागि गुणस्तरीय एवं प्रतिष्पर्धी आधुनिक बैंकिङ्गका सम्पूर्ण वस्तु तथा सेवा, सुविधा उपलब्ध गराई सर्वसाधारणको भरपर्दो बैंकको रूपमा रूपान्तरित भै उत्पादकत्व बृद्धि एवं मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल भएको छ ।

## ५. उत्पादकत्व बृद्धिमा कृषि विकास बैंकको भूमिका

बैंकिङ्ग व्यवसायमा आजभोली सेवा गुणस्तरीय हुनु अति आवश्यक भएको छ । गुणस्तरीय सेवाले मात्र बैंकिङ्ग व्यवसायलाई सफल बनाउँछ र गुणस्तरीय बैंकिङ्ग सेवाले संस्थामा उत्पादकत्व बढाउँदै जान्छ । संगठनमा समग्र गुणस्तर व्यवस्थापन विधिको प्रयोग गर्दै कर्मचारीको उत्पादकत्व अभिबृद्धि गर्नु आजको आवश्यकता हो । आकर्षक कार्यालय सजावटले कर्मचारीको सोचाई र व्यवहारमा परिवर्तन आई मनोबल बढाउने, तनाव तथा कार्यको चापबाट केही सहजता दिलाउने, मौद्रिक सुविधाले कर्मचारीको आर्थिक समस्याको समाधान हुने लगायतका उत्प्रेरणाका विभिन्न विधिहरूबाट कर्मचारीको उत्पादकत्व अभिवृद्धि गर्न सकिन्छ । उत्प्रेरणाका विभिन्न अवधारणाबाट कर्मचारीको कार्य बृद्धि गरी सोचेजस्तो नतिजाले नै संस्थाको उत्पादकत्व बढ्न सक्दछ । वित्तीय साधनस्रोतको बृद्धिसँगै भौतिक कार्य वातावरण, कार्यालयको सजावट, कर्मचारी व्यवहारले पनि संस्थागत उत्पादकत्वमा प्रभाव पर्दछ । संगठनमा कार्यरत कामदार/कर्मचारीहरूका क्रियाकलाप तथा व्यवहारमा प्रभाव पार्ने प्रक्रिया वा प्रेरक तत्वलाई उत्प्रेरणा भनिन्छ । उत्प्रेरित कर्मचारीबाट नै संगठनले आफ्नो लक्ष्य प्राप्त गर्नसक्दछ र राम्रो कार्यसम्पादनको अपेक्षा गर्नसक्दछ । संस्थासँगै कर्मचारीको उत्पादकत्वमा सुधार ल्याउन उत्प्रेरित व्यक्तिले आफ्नो कार्यसम्पादन स्तरमा सुधार ल्याउँदछ र आफ्नो क्षमताको उच्चतम प्रयोग गर्दछ । यसरी कर्मचारी वर्गको कार्यसम्पादन स्तरमा आएको सुधार र क्षमताको उच्चतम प्रयोगबाट संगठनको उत्पादकत्व अभिवृद्धि गर्न थप मद्दत गर्दछ ।

### ६. निष्कर्ष

बैंकिङ्ग व्यवसाय अहिलेको आधुनिक पेशा र आवश्यकताको क्षेत्र हो । नेपालमा बैंकिङ्ग ज्ञान, शिक्षा, पहुँच र साक्षरताको प्रभावकारी कार्यान्वयन नभएसम्म आर्थिक बृद्धि र विकास लक्ष्य बमोजिम हासिल गर्न सकिंदैन, यसका लागि बैंकिङ्ग व्यवसायको विकास र बिस्तार गर्न जरूरी छ । अहिले नेपालको कुल जनसंख्याको झण्डै ४० प्रतिशत जनता बैंकिङ्ग सेवाले नसमेटेको हुँदा अति दुर्गम तथा भौगोलिक रूपमा पिछडिएको क्षेत्रमा बैंकिङ्ग सेवा पुराउन आवश्यक छ । अहिले पनि नेपालमा अनौपचारिक क्षेत्रबाट कर्जा लिने घर परिवारको संख्या करिब २१ प्रतिशत रहेको छ भने समग्रमा वित्तीय पहुँच नै नपुगेको जनताको अंश करीब १९ प्रतिशत रहेको विभिन्न तथ्यांकहरूले देखाउँछ । बैंकिङ्ग सेवाहरू धेरै हदसम्म निक्षेप र कर्जामा सीमित रहेकाले बैंकका आधुनिक सेवा तथा सुविधाहरू सहितको डिजिटल बैंकिङ्ग सेवाको पहुँच सहज र सरल बनाउनु पर्दछ । नेपाललाई मध्यम-आय भएको अर्थतन्त्रमा स्तरोन्नति गर्न बैंकिङ्ग क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सकोस् भन्ने उद्देश्यले "वित्तीय क्षेत्र विकास रणनीति २०७३।०७४ देखि २०७७।०७८" तयार गरी यस क्षेत्रका विद्यमान चुनौती तथा कमी-कमजोरीलाई सम्बोधन गर्न, कर्मचारी-व्यवस्थापन वीच सम्बन्ध स्थापित गर्न र उत्पादकत्व अभिबृद्धि गर्न एक समन्वयात्मक पद्धतिको योजना आवश्यक छ । वित्तीय क्षेत्र अर्न्तगत बैंकिङ्ग, वीमा, पुँजी बजार, गैर- बैंकिङ्ग वित्तीय संस्था र सहकारी क्षेत्र पर्ने भएपनि बैंकिङ्ग क्षेत्रका योजना तथा कार्यक्रम प्रभावकारी कार्यान्वयनमा ल्याई संस्थागत उत्पादकत्व बढाउनु पर्दछ । बैंकिङ्ग क्षेत्रका विद्यमान प्रणालीलाई चुस्त, दुरूस्त र पारदर्शी बनाउँदै वर्तमान बैंकिङ्ग व्यवसायमा देखा परेका अनपेक्षित जोखिमको न्यूनीकरण गर्दै आजको प्रतिष्पर्धात्मक वित्तीय बजारमा जो प्रतिष्पर्धामा खरो रूपमा उत्रन्छ, उसैले बजारको नेतृत्व लिने हुदाँ कृषि विकास बैंकले आफ्ना व्यावसायिक गतिविधिहरूलाई चुस्त दुरूस्त एवं भरपर्दो र गुणस्तरीयरूपमा सञ्चालन गर्नु आजको आवश्यकता हो । ■

**सन्दर्भ सामाग्रीहरुः**


१. नेपाल राष्ट्र बैंकको आर्थिक वर्ष २०७६।७७ को मौद्रिक नीति ।

२. नेपाल राष्ट्र बैंक (२०७६) बाट "क", "ख" र "ग" वर्गको इजाजतपत्र प्राप्त संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन ।

३. नेपाल सरकार, अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७६।७७ को लागि सार्वजनिक गरेको बजेट तथा कार्यक्रम ।

४. नेपाल सरकार राष्ट्रिय योजना आयोगको पन्ध्रौं पञ्चवर्षमा योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१) ।

५. आधुनिक बैंकिङ्ग व्यवस्थापन र अर्थव्यवस्था, उत्सव बुक्स प्रकाशन, काठमाडौं ।

६. Principle of Managemnet – Amuda Shrestha

७. संगठन स्मारिका १६औं र १७ अंक, कृषि विकास बैंक कर्मचारी संघ ।

८. नेपालको आधुनिक बैंकिङ्ग प्रणाली- योगेन्द्र रेग्मी ।

९. नेपालमा ट्रेड यूनियन आन्दोलन र भावी दिशा- प्रेमल कुमार खनाल ।


*लेखक कृषि विकास बैंक लिमिटेडका*
*का.मु. उप-महाप्रबन्धक हुनुहुन्छ ।*

# प्रविधिले आधुनिक बैंकिङ्को रुप फेर्दै

■ प्राडा बिकाश राज सत्याल

प्रविधिले फड्को मार्दैछ । सूचना प्रविधि र इन्टरनेटको विकासबाट मुद्रा र बैंकिङ्ग दुवैका परिभाषा बदलिँदै गएका छन् । चाँडो या अबेर, नेपालमा पनि विश्वमा प्रचलनमा आएका यस्ता प्रविधिले प्रवेश गर्दै गएका छन् या गर्दै जानेछन् । स्पष्ट छ, कुनै पनि बैंक या आर्थिक क्रियाकलापमा संलग्न व्यवसायीले यो बदलिँदो परिवेशमा आफूलाई रुपान्तरण गर्न सकेन भने त्यो स्वयम् पछाडि पर्नेछ ।

**बैंकिङ्को छोटो विश्व इतिहास र नेपाल**

जबदेखि मानिसले आफ्नो परिवारको आवश्यकताभन्दा बढी उत्पादन गर्न थाल्यो, उसलाई त्यो अतिरिक्त उत्पादन अरूलाई बेच्नुपर्ने भयो र आर्थिक कारोबारको सुरूवात भयो । जसलाई सघाउन मुद्रा बने र त्यो मुद्रा व्यवस्थापन गर्न बैंक बने । यसरी हेर्दा मुद्रा, अर्थशास्त्र, आर्थिक कारोबारहरू मानव सभ्यताको शैशव कालदेखि नै हुर्केका संस्कृति हुन् । व्यवस्थित आर्थिक कारोबारको सुरूवात गर्न बनेका बैंकहरू भने निकै पछि स्थापना भएका हुन् । मेसोपोटामियामा २००० ईशा पूर्वदेखि बैंकिङ्ग क्रियाकलाप चलेको इतिहासकारहरू बताउँछन् जो पछि ग्रिसमा ईशाको ९ औंदेखि १२ औं शताब्दीको बीचमा हुर्केका थिए । बहीखाताबाट परिस्कृत बन्दै आधुनिक बैंकिङ्को सुरूवात भने मूलतः इटालीका सहरहरू भेनिस, फ्लोरेन्स र जिनोवा सहरमा १५ औं शताब्दीतिर भएको मानिन्छ । आजसम्म सञ्चालित संसारकै सबैभन्दा पुरानो बैंक पनि इटालीको बेरेन्वर्ग बैंक भनिन्छ जो सन् १५९० मा स्थापना भएदेखि अहिलेसम्म बेरेन्वर्ग परिवारकै सदस्यहरूबाट सञ्चालित छ ।

नेपालमा बैंकिङ्को इतिहास विक्रम सम्बत् १९९४ मा नेपाल बैंक लिमिटेडको स्थापनाबाट भएको हो । यो बैंक अर्धसरकारी थियो जसमा त्यसबेला राजा त्रिभुवनबाट नेरू एक करोड बराबरको सिक्का जम्मा गरिएर सुरूवात गरिएको थियो । कागजी नोट भने सम्बत् २००२ मा सदर मुलुकी खानाबाट छापियो जसमा खजाञ्चीको रूपमा मुख्य पुरोहितले सही गरेका थिए । नेपाल राष्ट्र बैंकको चौमासिक विवरणअनुसार विक्रम सम्बत् २००७ असारसम्ममा नेपालमा जम्मा १७० बैंकिङ्मा आधारित सेवाप्रदायक संस्थाहरू, जसमा २४ वाणिज्य बैंक, २९ विकास बैंक, २३ वित्तीय संस्था र ९० लघुवित्त संस्थाहरू स्थापित छन् जसमा थप करिब ४० अन्य सहकारी संस्थाहरू पनि छन् जो आर्थिक क्रियाकलापमा संलग्न छन् ।

**सन् २००७-०८ को बैंकिङ्ग दुर्घटना**

सन् २००७-०८ को बैंकिङ्ग दुर्घटना जसलाई विश्वब्यापी आर्थिक दुर्घटना पनि भनिन्छ, सन् १९३० को विश्वव्यापी मन्दीपछिको सबैभन्दा ठूलो आर्थिक दुर्घटना मानिन्छ । सन् २००७ को सुरूवाती महिनामा अमेरिकामा यो दुर्घटनाको बिजारोपण भएको थियो, घरजग्गा व्यवसाय अर्थात् मोर्गेजको अचानक भएको स्लघनबाट । अमेरिकाको घरजग्गा व्यवसाय या भनौं किनबेच, पूर्ण रूपले मोर्गेज व्यवसायीहरूमा आश्रित छ । यो व्यवसायको मूल्य अनेक कारणले अचानक ह्वातहुत्तै झर्‍यो । भनिन्छ- यसको एक कारण अमेरिकाको घरजग्गाको मूल्य कृत्रिम आधारबाट अत्यधिक बनाइएको थियो जसको लागि धितो संरक्षण दिने बैंकहरूको पनि प्रमुख हात थियो । अमेरिकी मोर्गेजको कृत्रिम मूल्यांकन नटिकेर ध्वस्त भएपछि यसले अमेरिकामा मात्रै होइन, विश्वभरिका बैंकिङ्ग प्रणालीहरूमा अकल्पनीय आर्थिक दुर्घटना निम्त्यायो । किनकि मोर्गेज व्यवसायीहरू अमेरिकाका बैंकमा पूर्ण भर परेका थिए र अमेरिकाका बैंकहरू विश्वभरिका बैंकहरूमा निर्भर हुन्छन्, लगानी र अन्य आर्थिक कारोबारबाट । यो दुर्घटनाको सबैभन्दा ठूलो झट्का सेप्टेम्बर २००८ मा लेहम्यान ब्रदर भन्ने अमेरिकी लगानी बैंकको पतनले महसुस गराएको

थियो जसबाट विश्वब्यापी मन्दीको सुरूवात भयो । यो प्रकरणको पहिलो झट्का विकासशील एसियन बजारहरू – हङकङ, चीन, जापान र भारतमा देखापऱ्यो र विस्तारै यसले युरोपका समृद्ध देशहरू जर्मनी, फ्रान्स, बेलायत, ग्रिस, इटालीभरि 'युरो कर्जा संकट' को रूपमा देखापऱ्यो । आर्थिक संकटले आक्रान्त अमेरिकाले यो समस्याको समाधानका लागि सन् २०१० मा एक उच्चस्तरीय समिति गठन गऱ्यो जसको परिणामस्वरूप 'डोड-फ्रांक वाल स्ट्रिट रिफोर्म' नामक आर्थिक सुधार र उपभोक्ता प्रतिरक्षा कानुन ल्याइयो । यो कानुन आएपछि अमेरिकी र विश्व आर्थिक मन्दीमा सुधारोन्मुख अनुहार देखिँदै गएको हो । हुनत नेपाललाई यो मन्दीबाट खासै असर परेन किनकि नेपालको आयात निर्यात र वैदेशिक लगानी तुलनात्मक रूपमा सानो र आत्मकेन्द्रित थियो । धेरै अर्थशास्त्रीहरू यो विश्वब्यापी आर्थिक मन्दीको घटनाले आर्थिक क्रियाकलापलाई अर्कै मोडमा ल्याएको र बैंकको जटिल संरचनाले यो दुर्दशा निम्त्याएको ठान्छन्, जसको निष्कर्षमा बैंकिङ्ग प्रणाली नै अनावश्यक भएको ठान्ने समेत कतिपय अर्थशास्त्रीहरू छन् ।

**बैंकविहीन बैंकिङ्ग**

इन्टरनेट र कम्प्युटर प्रविधिको विकाससँगै र बदलिँदो आर्थिक प्रचलनसँगै विस्तारै विश्वका आर्थिक क्रियाकलापहरू बैंकविहीन बैंकिङ्गमा रूपान्तरण हुँदै गएका छन् । 'अन लाइन सपिङ', इ-सेवा, अलिबाबा, अमेजन जस्ता सेवा प्रदायकहरूले एक हदको यस्तै बैंकविहीन बैंकिङ्ग सेवा दिँदैछन् । नपालमा नै, अहिले बिजुलीको पैसा तिर्न पहिलेजस्तो बिजुली अड्डाको झ्यालअगाडि लाइन लाग्नुपर्दैन, ई-सेवाहरूले घर बसेरै बिल तिर्न सक्ने बनाएको छ । अचेल कसैको खातामा पैसा हाल्न टोकन लिएर, बैंकमा भीड लागेर बस्नु पनि नपर्ने भइसकेको छ, इन्टरनेट बैंकिङ्गले यस्ता काम गर्न सम्भव बनाएको छ । पानी, बत्ती, टेलिफोन, नेट, टिभी जस्ता मासिक भुक्तानी गर्न अफिसको समय मिलाएर या सम्बन्धित कार्यालय नै धाएर या मानिसको भीडमा ठेलमठेल गरेर लाइन लाग्नुपर्ने सास्तीको काम अचेल अनलाइन सेवा प्रदायकहरूले सहज पार्दै लगेका छन् । तर, यस्ता बैंकरहित या विद्युतीय सेवा, जो अचेल निकै चलनचल्तीमा आइरहेका छन्, पूर्ण बैंकरहित भने होइनन । कतै न कतै, पर्दापछाडि बैंक या आर्थिक संस्थासँग यो कारोबार आबद्ध भएरै यस्ता भुक्तानी गरिएका हुन्छन् । तसर्थ अहिलेका यस्ता अनलाइन सेवाहरू, पूर्णरूपमा अभौतिक या विद्युतीय भइसकेका छैनन् ।

तर बैंकिङ्गका प्रक्रियाहरू अझै पनि झन्झटिला छन् । कर्जा लिन या पैसा सञ्चित गर्न, बैंकिङ्गका झन्झटिला प्रक्रियाहरू पूरा गर्नुपर्ने हुन्छ । बैंकिङ्गका झन्झटिला प्रक्रियाहरूबाट आजित भएकामध्ये एक अर्थविद म्याकमिलन, जो बैंकिङ्गको ठूलो विकास भएकै देश स्विजरल्याण्डकै नागरिक हुन् र आफैं बैंकर पनि हुन्, ले एक विश्वविख्यात पुस्तक लेखेका छन् जसको शीर्षकको नेपाली भावानुवाद हुन्छ 'अन्त्य, बैंकिङ्ग पूँजी, कर्जा र विद्युतीय क्रान्ति' । यसमा अर्थविद म्याकमिलन लेख्छन्, "मान्छेका आर्थिक कारोबार, बैंकबिना नै प्रयोग गर्न आवश्यक छ र यो सम्भव पनि छ । ... कुनै बेला बैंकहरू आवश्यक थिए, जसले आवश्यक आर्थिक कामहरू गरे । तर अहिलेको विद्युतीय (डिजिटल) क्रान्तिले नयाँ बाटोहरू देखाएका छन् । सूचना क्रान्तिले बैंकिङ्ग नियम कानुनका जटिलता महत्वहीन र अनावश्यक बनाइदिएका छन् । सन् २००७-०८ को विश्वब्यापी आर्थिक संकटले सीमाविहीन बैंकिङ्गको युग आउनु जरूरी भएको संकेत दिएको छ ।"

विद्युतीय क्रान्तिको असर आर्थिक क्रियाकलापमा दुई तरिकाले परेको उनको भनाइ छ । पहिलो, हामीले विद्युतीय क्रान्तिपछि बैंकिङ्गमाथिको नियन्त्रण हराएका छौं र दोश्रो, अब हामीलाई यसको आवश्यकता नै नपर्ने देखिन्छ । सूचना प्रविधिले खोलेका नयाँ बाटोहरू पछ्याउँदा बैंकिङ्ग पद्धति नै अनावश्यक देखिन्छ । आउँदा दिनहरूमा बैंकिङ्गको अन्त्य हुनेछ र आधुनिक आर्थिक पद्धतिको सुरूवात हुनेछ भन्ने म्याकमिलनको विचार छ ।

**बैंकविहीन बैंकिङ्गका चुनौतीहरु**

एउटा पाटोबाट हेर्दा बैंकविहीन बैंकिङ्गको प्रयोग जति सहज देखिन्छ त्यसको अर्को पाटो अर्थात् कार्यान्वयन र सञ्चालनको पाटोबाट हेर्दा, यो उत्तिकै जटिल पनि देखिन्छ । भौतिक पूँजीको साटो छद्म मुद्रा, भौतिक संरचनाको सट्टा संरचनाविहिन बैंकिङ्ग, मानव मध्यस्थ नहुने आर्थिक कारोबार, लगातार बढ्दै गएका छन् तर उत्तिकै चुनौतीपूर्ण पनि देखिन्छन् । बढ्दो साइबर अपराधले आफूले कमाएको पूँजी सुरक्षित नै रहन्छन् भन्ने बैंकमा पैसा जम्मा गर्ने व्यक्ति या स्वयम् बैंक आफैं पूर्णतया ढुक्क देखिँदैनन् ।

**छद्म मुद्रा** (Cripto Currency)

यो भौतिक अस्तित्व नभएको मुद्रा हो । यो सिक्का पनि होइन, कागजी नोट पनि होइन । न त चेक या तमसुक जस्तो कागजमा लिखित आर्थिक बाचा नै हो । यो पूर्णरूपमा डिजिटल मुद्रा हो, इन्टरनेटमा मात्र लेखाजोखा रहने । अचम्मको यसको अस्तित्व भए पनि यो भविष्यको

मुद्रा बन्ने छ भन्ने कतिपय विद्वानहरूको विचार छ । न त संसारका कुनै देशले यो मुद्रा छापेका हुन् न त कुनै देशको नियन्त्रण यसमा छ । यो इन्टरनेटको मद्दतले ब्लकचेन प्रविधिबाट प्रसारित हुन्छ, जसको अर्थ हो, एउटा कुनै सहरको कम्प्युटरमा मात्र नबसी धेरै देशका कम्प्युटर सर्भरहरूमा यसका सूचना छरिएर राखिएका हुन्छन् । र, यसलाई निजी वित्तीय कारोबार गणना (public transaction database) बाट सँग्रहित गरिएको हुन्छ । यो छद्म मुद्रालाई प्रयोग गरेर संसारका विकसित देशहरूमा त्यसैगरी किनबेच हुन थालिसकेको छ जसरी अमेरिकन डलरबाट किनबेच गर्न सकिन्छ । यस्तो पहिलो छद्म मुद्रा, बिटक्वाइन (bitcoin) थियो जो सन् २००९ मा 'सतोशी नाकामोटो' को नामबाट प्रसारित भएको थियो जसलाई केही आईटी समूहको छद्म नाम भन्ने ठानिन्छ । अहिले इन्टरनेटको प्रयोग सबै देशले गर्छन् तर चीन जस्ता केही देशले आफ्नो क्षेत्रमा कतिपय वेबसाइटमा बन्देज लगाएका छन् । बिटक्वाइन बनाउने इन्टरनेटका विज्ञहरू यसलाई यसरी प्रसारित गरेका छन् कि इन्टरनेटमा कुनै देशले कुनै वेबसाइटलाई रोकेको भए पनि बिटक्वाइनको प्रसारणमा तिनीहरूले नियन्त्रण गर्न सक्दैनन् ।

अहिले बिटक्वाइनकै संरचना जस्तै गरी अल्टक्वाइन, क्रिप्टोटोकन, जिपियु, वालेट, रोबोक्वाइन जस्ता झन्डै छ हजार थरिका छद्म मुद्रा अस्तित्वमा छन् । आश्चर्यको कुरा अमेरिकाको अष्टिन, टेक्सास राज्यमा सन् २०१४ मा सामान्य बैंकको एटीएम जस्तै बिटक्वाइनको एटीएम मेसिन राखिएको छ जसबाट चालक अनुमतिपत्र या राहदानीको नम्बर हालेर पैसा निकाल्न मिल्छ ।

बिटक्वाइन जस्ता छद्म मुद्राहरूको बढ्दो प्रयोग र प्रचार देखेर सन् २०१४ मा ब्रिटेनको अर्थ मन्त्रालयलाई छद्म मुद्राको बारेमा बृहद अध्ययन गर्न लगाइएको थियो ताकि ब्रिटेनको अर्थतन्त्रमा यसको भूमिका, यदि छ भने, पत्ता लागोस् र यसको भूमिका महत्वपूर्ण देखियो भने यसलाई कसरी नियममा ल्याउने भन्ने आधार बनोस् । तर के यस्ता छद्म मुद्राहरू सुरक्षित छन् त ? आजको समयसम्ममा, यस्ता मुद्राहरूको प्रयोगमा केही प्रविधिक जटिलता र सुरक्षणका समस्याहरू देखिन्छन् जसले गर्दा यो त्यति भरपर्दो भइसकेको देखिन्न । खासगरी नेपाल जस्ता विकासोन्मुख देशहरूमा यसको प्रयोगको लागि उचित वातावरण अहिले देखिएको छैन ।

## साइबर अपराध

संसारभरि साइबर अपराध हरेक वर्ष बढ्दै गएको छ । साइबर सुरक्षा विज्ञहरूका खोज अनुसार सन् २०१५ सम्ममा यस्ता साइबर अपराधबाट विश्वमा ३० करोड डलरको चोरी भइसकेको छ । भविष्यमा सबैभन्दा बढी यस्ता साइबर अपराधका दुर्घटना एसियाली देशहरूमा नै हुने सम्भावना यसले देखाएको छ । यस प्रतिवेदन अनुसार सबैभन्दा बढी जोखिममा स्विफ्ट भुक्तानी प्रणाली रहेको छ । ब्रसेल्स मुख्यालय भएको स्विफ्ट भुक्तानी प्रणालीको मुख्यालयमा संसारभरिका २२० देशका करिब ११ हजार आर्थिक लेनदेन गर्ने संस्थाहरू आबद्ध छन् । नेपालका पनि अधिकाश बैंक स्विफ्ट भुक्तानी प्रणाली नै प्रयोग गर्ने गर्छन् ।

सन् २०१४ मा 'होम डिपोट सिस्टम' मा भएको दुर्घटना संसारको इतिहासमा सबैभन्दा ठूलो साइबर अपराध मानिन्छ । यो सिस्टममा आबद्ध संसारभरिका ५ करोडभन्दा बढी क्रेडिट कार्ड प्रयोगकर्ताहरूको व्यक्तिगत विवरण जसमा उनीहरूको खाताको विवरण, पासवर्ड सामेल थियो, सबै चोरिएका थियो । हलिउडका सिनेमाहरूमा देखाउने इन्टरनेट बैंक डकैती जस्तै गरी, होम डिपोट सिस्टमको सर्भरमा चोरहरूले पहिला गलत निर्देशन दिने भाइरस, मालावारे, पसाउन सफल भए र त्यसपछि सिस्टमले नै त्यतिका प्रयोगकर्ताका खातामा रहेको रकम अन्यत्र स्थानान्तरण गर्ने निर्देशन दियो । त्यसै साल, अमेरिकाको बैंक 'जेएम मोर्गन' मा अर्को साइबर आक्रमण भयो जसमा झन्डै साढे सात करोड घरधनी, ७० लाख साना व्यापारीहरू र केही आर्थिक कारोबार गर्ने संस्थाहरूका गोप्य व्यक्तिगत सूचना चोरियो ।

बैंकिङ्सँग सोझै जोडिएको संसारको सबैभन्दा ठूलो अपराध थियो सन् २०१६ को बंगलादेश बैंकमा घटेको दुर्घटना जसमा केन्द्रीय बैंकको सुरक्षा संयन्त्र ह्याक गरिएको थियो जसबाट १० करोड डलर रकम चोरहरूले अवैधानिक तबरले श्रीलंका, फिलिपिन्स, कोरिया आदि देशमा रहेका आफ्ना मान्छेका खातामा स्विफ्ट भुक्तानी प्रणालीबाट हस्तान्तरण गरेका थिए ।

इन्टरनेटयुक्त आधुनिक बैंकिङ्मा जोडिएका प्रविधिहरूका गुण र दोष बारेमा बैंक चलाउने प्रमुख अधिकृतहरू, प्रविधिज्ञहरू तथा उपभोक्ता जानकार नहुनु नै यस्ता जोखिमको प्रमुख कारण हो । ठूलो रकम रहने यस्ता बैंकिङ् संस्थाहरूमा जडान गरिएका एटीएम मेसिन या पैसा हस्तान्तरण गरिने स्विफ्ट भुक्तानी प्रणाली जस्ता प्रणालीमा संसारभरिका प्रविधिज्ञाता चोर-चकारहरूको निरन्तर निगरानी रहन्छ र त्यस्ता प्रणाली बिगारेर आफ्नो फाइदा गर्ने प्रयास निरन्तर हुनेगर्छ । यस्ता चोरहरूले सबैभन्दा बढी प्रयोग गर्नेगरेका भाइरसहरू 'रान्ससमवेर' र 'पेमेन्ट क्रेडिट फ्रड' हुन् जसले अनलाइन रकम हस्तान्तरण र

एटीएम मेसिनहरू बिगार्ने काम सबैभन्दा बढी गरेका छन् ।

नेपालको बैंकिङ्ग प्रणालीमा पनि पछिल्ला दिनहरूमा साइबर आक्रमणका घटना निकै बढ्न थालेको छ । हालसालै काठमाडौंको दरबारमार्ग र ठमेल क्षेत्रका एटीएम बुथबाट चिनियाँ ह्याकरहरूले नक्कली भिसाकार्ड प्रयोग गरी १ करोड २६ लाख रूपैयाँ झिकेका थिए । त्यसमा संलग्न ५ चिनियाँ नागरिकलाई १३२ वटा नक्कली एटीएम कार्डहरूसहित प्रहरीले समातेको थियो । यी ह्याकरहरूले व्यक्तिको भन्दा सिधै बैंक खातामा आक्रमण गरिएको नेपाल राष्ट्र बैंकले बताएको थियो ।

नेपालकै बैंकमा गरिएको अर्को ठूलो साइबर चोरीको घटना हालै एनआइसी एसिया बैंकको भिसा स्विफ्ट अन्तर बैंकिङ्ग आदेश प्रयोग गरी गरिएको घटना थियो, जसमा चोरहरूका समूहले करिब ४४ लाख डलरको डकैती गरेका थिए । यो रकमलाई अमेरिका, ब्रिटेन, जापानका खाताहरूमा हस्तान्तरण गरिएको भेटिएको थियो ।

बैंकिङ्ग व्यवसायमा साइबर सुरक्षा कमजोर हुनुका कारणहरूमा- (क) आवश्यक साइबर नियम कानुन देशमा नहुनु, (ख) बैंकमा जानकार प्राविधिक जनशक्तिको अभाव हुनु, (ग) उपभोक्तामा आत्मसुरक्षाबारे ज्ञान र चेतनाको कमी हुनु, (घ) बैंकहरूले आफ्ना बैंकमा प्रयोग गरिएका प्रविधि र विश्वमा आएका नयाँ परिवर्तनको समसामयिक निरीक्षण नगर्नु, (ङ) बैंकहरूले आवश्यक नयाँ प्रविधिको प्रयोग गर्न नसक्नुजस्ता कारण नै मुख्य हुन् ।

प्रविधि सँगसँगै आफू जान नसके प्रतिस्पर्धामा बैंक आफू पछि पर्ने निश्चित छ । तर विश्व प्रविधिसँग अघि बढ्दा यस्ता साइबर आक्रमणको चपेटोमा विश्वभरिका बैंकिङ्ग सिस्टम परिरहेको अर्को यथार्थ पनि छ । तसर्थ दुवैको सन्तुलनको लागि बैंकहरूले आफ्नो रणनीति निर्धारण गर्नु जरूरी छ । आफू कति प्रतिस्पर्धी हुन खोजेको हो, त्यो अनुसार नै आफ्नो सुरक्षाको खर्च या प्रबन्ध गर्नु आवश्यक देखिन्छ । साइबर सुरक्षाको विषयमा बैंकका उच्च अधिकृतहरू जानकार हुनु आवश्यक देखिन्छ । बेला बेलामा उपभोक्तामा समेत जानकारी दिने सचेतना कार्यक्रम चलाउन आवश्यक छ । नेपालका बैंकहरूका प्रमुख समस्याहरूमा, प्राविधिक जनशक्तिको अभाव एउटा समस्या भएको देखिन्छ । अबका बैंकिङ्ग केवल भौतिक पूँजीको कारोबार मात्र नभएर अभौतिक पूँजीको कारोबार पनि बढ्दै गएको सन्दर्भमा त्यस्तै प्राविधिक ज्ञान भएका, आईटी बुझेका, कर्मचारीहरूको व्यवस्था गर्नु जरूरी देखिन्छ । नेपालका बैंकहरूमा देखिएको अर्को कमी, देशभित्र नै यस्ता प्रविधिको प्रबर्धन गर्न र अनुसन्धान गर्न आफ्नो केही नाफा रकमको हिस्सा छुट्याउने चलन नहुनु हो । विदेशमा, बैंकहरूमा अनुसन्धान र विकास (R&D) भन्ने शाखा नै हुन्छन् जसमा यस्ता कामको लागि राम्रो रकम छुट्याइएको हुन्छ । नेपालका बैंकहरूले विदेशमा जस्तै अनुसन्धान र विकासको लागि केही रकम छुट्याउनु जरूरी छ जसले आईटी पढेका विद्यार्थीले अनुसन्धान गर्न छात्रवृत्ति पाऊन् जसले देशभित्रका समस्या बुझेका प्राविधिकहरू उत्पादन गरोस् जो पछि आफ्नै बैंकहरूमा सघाउन सक्ने जनशक्ति बनून् । ■

**सन्दर्भ सामग्री**


- (2019) History of Banking . From Wikipedia, the free encyclopedia . https://en . wikipedia . org/wiki/History_of_banking
- From Metallic Coins to Online Payments: A Brief History of Banking in Nepal . https://blog .khalti. com/fintech-trends/brief-history-of-banking-in-nepal/
- (2019 July) QUARTERLY ECONOMIC BULLETIN,VOLUME 53,MID-JULY 2019, NUMBER 4, Nepal Rastra Bank,Website: www. nrb.org.np
- (2019) Financial crisis of 2007–08 . From Wikipedia, the free encyclopedia . https://en . wikipedia . org/wiki/Financial_crisis_ of_2007%E2%80%9308
- (2014) MCMILLAN, J . THE END OF BANKING MONEY, CREDIT, AND THE DIGITAL REVOLUTION . Zurich, Switzerland: Zero/One Economics GmbH .
- Cryptocurrency.https://en . wikipedia. org/wiki/Cryptocurrency
- (2019) THE IMPACT OF CYBER ATTACKS ON THE BANKING INDUSTRY, Posted by Wall Street, May 8, 2019, Economy, Finance, Technology, World News . https://wall-street . com/major-impact-cyber-attacks-banking-industry/
- (2019) Payments and Inclusion: From Branchless Banking to Bankless Banking, Dave Birch, Journal of Internet Banking and Commerce, 2019 November . http://www . icommercecentral . com/ArchiveJIBC/currentissue-internet-banking-and-commerce . php


*लेखक त्रिभुवन विश्वविद्यालय, तथ्यांक विभागमा कार्यरत हुनुहुन्छ ।*

# Agriculture Credit: Problems and Prospects

■ Dr. Prakash Kumar Shrestha

## Background

Credit is necessary for the production of goods and services, since not all producers may have own savings for investment. Same is true for agriculture production. However, this sector has remained unattractive for banks and financial institutions (BFIs) for a variety of reasons. Since agriculture is a mainstay of human survival, this sector should be promoted by giving due focus, along with adequate supply of credit.

Nepalese economy has undergone substantial structural changes over time. The share of agriculture production has declined to 27 percent as in 2018/19. Similarly, the contribution of agriculture sector in employment generation (for pay and profit) is recorded as 21.5 percent as per the recent Nepal Labor Force Survey 2018/19. Despite downward trend of the contribution of the agriculture sector to gross domestic product and employment, this sector is still the single sector with the highest contribution to output and employment so far.

Since Nepal may not able to excel in the industrial sector in an innovative way in near term, the agriculture sector may be the potential sector given the potentialities provided by geography and climate. However, this sector has been receiving a very small share of total credit flowed from the banking and financial sector.

## Situation

There are four sources of credit available for agriculture activities: formal financial institutions (commercial banks, development banks and finance companies), microfinance financial institutions, cooperatives and informal money lenders. Finscope survey done in 2014 revealed that 16 percent farmers are completely excluded from financial services of any kind and only 37 percent farmers are banked from formal financial institutions. For about 27 percent farmers, family and friends are the major source of finance.

In recent years, the flow of credit to agriculture sector has been increasing because of the policy initiation of the government of Nepal and Nepal Rastra Bank. The loan outstanding of BFIs (commercial banks, development banks and finance companies) to the agriculture sector amounted to Rs. 193.5 billion as of mid-July 2019, which was 42.5 percent higher than that of in a year ago (Table 1). The fiscal year 2017/18 also witnessed a growth of 50.8 percent in credit flows toward this sector. Despite a substantial growth in credit flows to the agriculture sector in recent years, relatively it is just a small portion of total credit outstanding. As of mid-July 2019, the outstanding agriculture credit was just 6.6 percent of total outstanding credit of BFIs (Figure 1), which is less than the policy requirement of flowing 10 percent of total credit to the agriculture sector. However, such a share of agriculture credit has shown gradual improvement compared to the previous years.

**Table 1: Agriculture Credit from BFIs (Rs. in Billions)**

| | | | | Growth in % | |
|---|---|---|---|---|---|
| | mid-July 2017 | mid-July 2018 | mid-July 2019 | 2017/18 | 2018/19 |
| **Agriculture Credit** | **90.04** | **135.76** | **193.46** | **50.8** | **42.5** |
| Farming /Farming Service | 11.44 | 15.78 | 29.91 | 37.9 | 89.5 |
| Tea | 2.96 | 3.14 | 3.46 | 6.1 | 10.3 |
| Animals Farming/Service | 32.32 | 47.49 | 66.64 | 46.9 | 40.3 |
| Forest, Fish Farming, and Slaughter | 1.83 | 2.55 | 3.08 | 39.6 | 20.9 |
| Other Agriculture and Agricultural Services | 41.49 | 66.80 | 90.36 | 61.0 | 35.3 |

Source: NRB's Current Macroeconomic Situation (Based on Annual data), www.nrb.org.np

**Figure 1: Share of Agriculture Credit in Total Credit of BFIs**



Another major source of agriculture credit is microfinance financial institution (MFIs). About 86 retail MFIs have been extending agriculture credit to farmers. As of the mid-July 2019, outstanding credit of MFIs stood at Rs. 198.4 billion, out of which Rs. 93.9 billion (47.3 percent) was flowed to the agriculture sector. Compared to loans from BFIs, interest rates in MFIs' loans are higher and these borrowers are not provided interest subsidy of any kind so far.

Another major source of agriculture credit is cooperatives. Nepal has witnessed a mushrooming of cooperatives of different varieties in recent decades. With the new federal set up, now, cooperatives belongs to local bodies. Due to lack of effective mechanism of consolidating cooperative data, aggregate data of cooperatives are not available since mid-July 2017. Hhowever, 13578 saving and credit cooperatives, 4371 multipurpose cooperatives and 10921 agriculture cooperatives are reported. Futher, total outstanding loan of agriculture cooperatives was about Rs.25 billion as of mid-July 2017. An exposure to the agriculture sector is also mandatory for saving and credit cooperatives and multipurpose cooperatives but actual data are not available.

Credit to the agriculture sector has been improving but not adequate for creating positive contribution to production and employment. Further, the flow of credit towards this sector is vital to modernize and commercialize this sector.

## Policy Provisions

In the past also, many initiatives were taken to enhance credit flows to the agriculture sector with just partial success. Currently, we have the policy of priority sector credit program, under which commercial bank requires to lend 25 percent of their portfolio to productive sector; out of which 10 percent should be in the agriculture sector. This requirement is fulfilled only by few commercial banks.. Similarly, development banks and finance companies requires to lend 15 percent and 10 percent respectively, of total credit to the priority sector, which includes agriculture, hydropower/ energy, tourism, exports, small and medium enterprises (fixed assets of Rs. 100 million for small and Rs. 100 to Rs. 250 million for medium), pharmaceutical industries, cement and garment industries.

Five years ago, the government introduced the interest subsidy program for the credit flows to commercial agriculture and livestock targeting youth. After two years, it was made available to all age of people who wanted to do commercial production of agriculture and livestock. In 2018/19, by clubbing other interest subsidy programs together, the government introduced the unified working procedure related to the interest subsidy for subsidized credit, which incorporates 7 different types of areas eligible for interest subsidy in credit. Recently, two more areas (cotton industry and technical training from CTEVT) have been added in the list to be eligible for subsidized credit.

Under this subsidized credit program, credit upto Rs. 50 million is available for commercial agriculture and livestock for the maximum period of 5 years. Approval from Central Coordination and Monitoring Committee led by Deputy Governor of Nepal Rastra Bank is needed to obtain credit more than the above mention limit. Credit upto Rs. 1 million can be made available on group guarantee. In this type of loans, interest rate should be set at base rate plus 2 percent premium, and the government provides the interest subsidy of 5 percent. For agriculture loans above Rs. 50 million, only 2 percent of interest rate subsidy is provided.

As shown in Table 2, interest on commercial agriculture has been increasing. As of mid-October 2019, 18805 borrowers have obtained subsidized credit from BFIs for commercial agriculture and livestock activities. However, it is not the big number compared to 1.4 million borrowers of BFIs. Outstanding subsidized credit to this agriculture and livestock stood at Rs. 38.2 billion, highest among subsidized loan categories. Average loan size stands at about 2.0 million per borrower.

**Table 2: Number of Borrowers and Outstanding Loans under Subsidized Credit Program (as of mid-October 2019)**

| | No. of Borrowers | Outstanding Loan |
|---|---|---|
| Commercial agriculture and livestock | 18805 | Rs. 38.2 billion |
| Educated Youth self-employment | 35 | Rs. 20.72 million |
| Project loans for youth-returness migrant workers | 80 | Rs. 55.27 million |
| Women entrepreneur loans | 1395 | Rs. 920.7 million |
| Dalit community business development | 104 | Rs. 57.21 million |
| Higher technical and professional education | 65 | Rs. 16.34 million |
| Housing loans for earthequake victim | 175 | Rs. 33.75 million |

Source: Nepal Rastra Bank

In addition to interest subsidy program, NRB has concessional refinancing facility which is also available for agriculture credit. Refinance facility to BFIs is available for a year against the collateral of good loans. General refinance rate to the agriculture sector is set at 3 percent and BFIs can charge only 7 percent. Special refinance at 1 percent is available from NRB if the firms export the production for which BFIs can charge only 4.5 percent.

Why low uptake of agriculture credit?

Despite many efforts, though improving, flow of credit to the agriculture sector is not satisfactory so far. Both demand and supply side factors seem to be responsible for agriculture credit. On the demand side, farming activities are still mainly subsistence in nature, not commercialized. Mainly illiterate and people having low education are in agriculture profession. Hence, they are unable to do necessary documentation process required for obtaining loans from banks. Lack of banking knowledge and information on facilities provided by the government, farmers cannot approach to banking institutions for loans in an effective way.

On the supply side, banks and financial institutions feel that the agriculture sector is comparatively risky sector by its nature. Lack of adequate irrigation facilities has made the outcome of the agriculture sector highly rain-fed, thereby increasing the uncertainty of output. Because of weak marketing and processing facilities, sometimes agriculture products cannot be sold in the market. Given the scatter settlement specially in hills and mountains, where main occupation is traditional agriculture, access to formal financial institutions is still limited despite substantial expansion of branches in recent times. As a result, people involving in agriculture activities are deprived of loans.

Though there are a large number of BFIs, we lack specialized kind of financial institutions

dedicated to specific sectors like agriculture. Due to lack of understanding of the nature of agriculture production process, many BFIs hesitate to enter into this sector. In addition, most of the functions of BFIs are centralized s with branches having less authority for decision making. Hence, many branch managers tend to ignore the proposal for agriculture credit.

As per the working procedure for the concessional credit, BFIs can only charge the interest rate at base rate plus 2 percent. This level of interest rate is unattractive for the BFIs who are highly profit-oriented. Hence, they are less interested in providing such credit at that time when there is rising credit demand from other sectors and shortage of loadable fund availability in the economy.

**Remedies**

To increase the uptake of agriculture credit requires some actions addressing both demand and supply side shortcomings. On demand side, agriculture activities should be commercialized and carried out in a professional way so that farmers can approach banks in effective way with all required documents. Farmers should be provided banking knowledge. On the other hand, educated people with agriculture and business knowledge should enter into this sector, so its credibility for banks will increase. If banks see the business perspectives with low risk, they themselves sometimes come to clients to provide credit.

Given the importance of the agriculture sector, BFIs should change their attitude towards this sector and develop their capacity and strategy to approach farmers. Now, all BFIs are operating in a similar way without having any specialized and focused sectors. In this situation, BFIs can think of specializing particular sector of the economy; for some of BFIs agriculture sector could be area of specialization. Otherwise, though we have a large numbers of BFIs, credit requirement of specific sectors like agriculture could not be meet. Further, specialized financial institutions at provincial level is required .

Agriculture cooperatives should play bigger role for modernization and commercialization of this sector along with supplying necessary credits. Farmers need help in all stage of value chain - from production to marketing and processing. Wholesale lenders such as National Cooperative Bank and Sana Kisan MFIs are in operation to provide wholesale credit to cooperatives. Other wholesale MFIs like RMDC, RSDC and First Microfinance also provide wholesale credit to cooperatives. Agriculture cooperatives can also get help from state and local governments in current federal context.

If both demand and supply side constraints can be removed through sincere efforts of all stakeholders, credit flows to the agriculture sector will definitely increase, with more production helping to reduce imports of agriculture products in the economy in the days to come.

*Executive Director, Nepal Rastra Bank*

# सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि/विद्युतीय सेवाको प्रयोग



गीता होमेगाँई (सापकोटा)

**पृष्ठभूमि**

पन्ध्रौं योजना (आर्थिक वर्ष २०७६/०७७ – २०८०/०८१) को आधार–पत्रमा अनुसार "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोच अन्तर्गत समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रसहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, सम्मानित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक उल्लेख गरिएको छ । आय वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित मुलुकबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दीगो विकास लक्ष्यलाई हासिल गर्ने सोचसहित उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन सोच तयार गरिएको छ । पहिलो तिन वर्षभित्र नेपाललाई विकासशील राष्ट्र बनाउने, वि.सं. २०८७ सम्ममा सम्पूर्ण नागरिकलाई निरपेक्ष र बहुआयामिक गरिबीको अवस्थाबाट मुक्त गर्दै दीगो विकासका लक्ष्य हासिल गर्ने तथा मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति गर्ने र वि.सं. २१०० सम्ममा समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउन २५ वर्ष अवधिको दीर्घकालीन सोचको समेत उल्लेख गरिएको छ । आर्थिक सामाजिक रूपान्तरणका नौ वटा प्रमुख संवाहक अन्तर्गत पहिलोमा गुणस्तरीय तथा एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार तथा वृहत सञ्जालीकरण र अन्तिममा शासकीय सुधार र सुशासन अभिवृद्धि रहेका छन् । आधारपत्रको परिच्छेद ८ पूर्वाधार क्षेत्र अन्तर्गत सञ्चार तथा सूचना प्रविधि पूर्वाधार र परिच्छेद ९ मा लोकतन्त्र र सुशासन उल्लेख गरिएका छन् ।

> आर्थिक सामाजिक रुपान्तरणका नौ वटा प्रमुख संवाहक अन्तर्गत पहिलोमा गुणस्तरीय तथा एकीकृत यातायात प्रणाली, सूचना प्रविधि तथा सञ्चार पूर्वाधार तथा वृहत सञ्जालीकरण र अन्तिममा शासकीय सुधार र सुशासन अभिवृद्धि रहेका छन् ।

आर्थिक विकासको संवाहकको एवं उत्प्रेरकको रूपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने, नेपाली जनतालाई सूचना तथा सञ्चारसँग सम्बन्धित विश्वव्यापी विकास एवं उपलब्धि अनुरूप सेवा पुर्‍याउँदै आर्थिक विकासका समग्र पक्षमा सूचना प्रविधि तथा सञ्चारको अधिकतम उपयोग बढाउन सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रूपमा विकास गर्नु आजको आवश्यकता रहेको छ ।

आर्थिक वर्ष २०७६/७७ को बजेटमा डिजिटल नेपाल निर्माण गर्न नागरिक सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्न सार्वजनिक सेवालाई क्रमशः विद्युतीय माध्यमबाट उपलब्ध गराउने प्रणालीको विकास गरिने, आगामी पाँच वर्षभित्र सम्भाव्य सबै नागरिक सेवा र सरकारी आर्थिक कारोवार विद्युतीय माध्यमबाट सम्पन्न गर्ने डिजिटल नेपाल फ्रेमवर्कको अवधारणा कार्यान्वयनमा ल्याउने, केन्द्रदेखि स्थानीय तहसम्म सर्वसाधारणले मोबाइल एप्सका माध्यमबाट सरल र सहज रूपमा सेवा, सूचना, जानकारी लिनसक्ने र गुनासा प्रकट गर्न सक्ने व्यवस्था गर्ने, ज्ञानमा आधारित अर्थतन्त्र विकासको लागि सूचना प्रविधिमा आधारित उद्योग व्यवसाय प्रवर्द्धन तथा रोजगारी सृजना गर्न ललितपुरको खुमलटारमा राष्ट्रिय ज्ञान पार्क स्थापना गरिने, सरकारी सेवामा प्रयोग हुने विद्युतीय सूचना र विवरण डिजास्टर रिकभरी केन्द्रमार्फत सुरक्षित गरिने, विद्युतीय प्रणालीको विश्वसनीयता तथा तथ्यांकको सदुपयोग र गोपनियतामा विशेष ध्यान दिइने, साइबर सुरक्षा जोखिम न्यूनीकरण गर्न साइबर सुरक्षा प्रणाली सञ्चालनमा ल्याइने उल्लेख छ । हाल डिजिटल नेपाल

फ्रेकवर्क, २०७६ जारी भई कार्यान्वयन क्रममा रहेको छ ।

"समृद्ध नेपाल र सुखी नेपाली" का लागि सर्वप्रथम सरकारले नागरिकहरूलाई प्रदान गर्ने सेवा प्रवाहमा सुधार गरी छिटो छरितो, विश्वसनीय र भरपर्दो हुनुपर्दछ । आजको समयमा अमेरिका, चीन, जापान, भारत लगायत विश्वका धेरै मुलुकहरू सूचना प्रविधिको प्रयोगबाट धेरै उन्नत तरिकाले सार्वजनिक सेवा प्रवाह गरिरहेका छन् । यसबाट नागरिकहरूका सामजिक आर्थिक जीवनस्तरमा पनि उल्लेखनीय रूपान्तरण भएको पाइन्छ ।

पन्ध्रौं योजनाको आधारपत्रले मात्र सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई उल्लेख गरेको तथा महत्व दिएको होइन । विगत १०-१५ वर्षको अवधिमा नेपाल सरकारले विद्युतीय माध्यमबाट सेवा प्रवाहमा भई उल्लेखनीय कार्यहरू गर्दै आएको छ ।यस सम्बन्धमा विभिन्न नीति, कार्यक्रम तथा संगठन संरचनाहरूको व्यवस्था तथा कार्यान्वयन नै भइसकेको अवस्था छ । नेपाल सरकारले विद्युतीय सरकारको अवधारणा अनुसार कार्य सम्पादन गर्दै आएको छ । दूरसञ्चार नीति, २०६०, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सीप विकास सम्बन्धी नीति, २०६४, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०६९, दूरसञ्चार सेवाको रेडियो प्रिक्वेन्सी (बाँडफाड तथा मूल्य) सम्बन्धी नीति, २०६९, ब्रोडव्याण्ड नीति, २०७१, सूचना तथा सञ्चार प्रविधि नीति, २०७२, आम सञ्चार नीति, २०७३, राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ आदि नीतिहरू रहेका छन् । दूर सञ्चार ऐन, २०५३ तथा नियमावली, २०५६, विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३, विद्युतीय कारोवार नियमावली, २०६४, आदि रहेका छन् । सूचना प्रविधि विधेयक, २०७५ हाल संसदमा विचाराधीन अवस्थामा रहेको छ । संस्थागत व्यवस्था अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग, एकीकृत सरकारी सूचना केन्द्र (जिआइडिसी), राष्ट्रिय सूचना प्रविधि केन्द्र, नेपाल दूरसञ्चार प्राधिकरण, सेवा प्रदायक निजी संस्थाहरू आदि रहेका छन् । यसका साथै नेपाल सरकारका सबै निकायहरू, क्षेत्रगत नीति तथा कानून एवं कार्यविधिहरू, निजी अन्य निकायहरू पनि परोक्ष अपरोक्ष रूपमा यससँग सम्बन्धित रहेका छन् ।

**सार्वजनिक सेवा प्रवाहमा प्रयोग गर्न सकिने सूचना प्रविधि तथा विद्युतीय माध्यमहरु**

सार्वजनिक सेवालाई छिटो छरितो, विश्वसनीय, भरपर्दो, सुशासनयुक्त, मितव्ययी, सबैको पहुँचयोग्य, सरल, सहज र सहभागितामूलक तवरले प्रदान गर्न विभिन्न विद्युतीय माध्यम तथा प्रविधि अवलम्बन गर्न सकिन्छ । केही माध्यमहरू यस प्रकार रहेका छन् ।

**वेबसाइट**

वेब पृष्ठहरू, मल्टिमिडिया सामग्री, सूचना, विज्ञापन लगायतका सम्बन्धित वेब सांधनहरूको संग्रह वेबसाइट हो, जुन सामान्य रूपमा डोमेन नामबाट चिनिन्छ र कम्तिमा एउटा वेबसर्भरमा प्रकाशित हुन्छ । यो कम समयमा धेरैसमक्ष सूचना सम्प्रेषण गर्न सकिने, निकायहरूले प्रदान गर्ने सेवा सुविधाका सम्बन्धमा सर्वसाधारणबाट सहज रूपमा सल्लाह, सुझाव तथा प्रतिक्रिया संकलन गर्ने तथा विपतको समयमा, मौसमसम्बन्धी जानकारी, महामारी लगायतका विषयमा छोटो समयमा सही सूचना सम्प्रेषण गरी नागरिकलाई सुसुचित गराउने माध्यमपनि हो ।

सरकारका विभिन्न निकायहरूले आ-आफ्ना नागरिक बडापत्र, सूचना, जानकारी, चेतनामूलक सामग्री, विज्ञापनसहितको वेबसाइटहरू निर्माण गरी सूचना सम्प्रेषण गरिरहेका छन् । जसले गर्दा नागरिकलाई सो सम्बन्धमा जानकारी लिन सम्बन्धित निकायमा नै जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्य भई घरमै बसीबसी जानकारी पाउनसक्ने अवस्था रहेको छ । सरकारी निकायको वेबसाइट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०६८ मा सरकारी कार्यालयका वेबसाइटमा निम्नानुसारका जानकारीहरू उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ :

- कार्यालयको स्पष्ट दृष्टिकोण, लक्ष्य र उद्देश्य
- कामसँग सम्बन्धित कर्मचारीको विवरण
- प्रवाह गरिने कामसँग सम्बन्धित नीति तथा कानुनी व्यवस्था
- कार्यालयको संगठनात्मक ढाँचा
- कार्यालयबाट प्रवाह हुने सेवा सम्बन्धी सूचनायुक्त विवरण
- कार्यालयको गतिविधि जानकारी गराउने कुराहरू

**सामाजिक सञ्जाल**

सामाजिक सञ्जाल भन्नाले त्यस्ता वेबसाइट र अनुप्रयोगहरू (एप्लिकेशन) हुन्, जसले छिटो, प्रभावकारी रूपमा र वास्तविक समय (रियलटाइम) मा आफ्ना सामग्री संप्रेषण (शेयर) गर्न प्रयोगकर्तालाई अनुमति दिने गर्दछ । धेरैले सामाजिक सञ्जाल भन्नाले आफ्नो स्मार्टफोन वा ट्याब्लेटमा प्रयोग गरिने अनुप्रयोग (एप्स) भन्ने ठान्दछन् तर यसको सुरूआत भने कम्प्युटर उपकरणबाट भएको

हो । सामग्री संप्रेषण (शेयर) गर्ने एउटा महत्वपूर्ण औजारको रूपमा यसले प्रयोगकर्तालाई आफ्ना धारणा, तस्बिर वा मल्टिमिडिया सामग्री विश्वव्यापी गर्न सहजता प्रदान गर्छ ।

आज प्रत्येक व्यक्तिका हातमा स्मार्ट फोन हुने तर सबैसँग कम्प्युटर वा ल्यापटप नहुने भएकाले सूचना सम्प्रेषणको छिटो र भरपर्दो माध्यमको रूपमा सामाजिक सञ्जाललाई लिन सकिन्छ । तसर्थ सरकारी निकायहरूले नागरिकहरूसँगको सम्वाद मजबुत गर्न, सूचनाहरू तीव्र गतिमा आदानप्रदान गर्न र जनगुनासाहरू शीघ्र सम्बोधन गर्न नेपालका सरकारी निकायहरूले पनि फेसबुक, ट्वीटर, युटुव, इमो, ह्वाट्स एप, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालहरूको प्रयोग गरी सूचना, जानकारी लगायतका विषयवस्तु सामाजिक सञ्जालमार्फत उपलब्ध गराउन थालिएको छ । सरकारी निकायले सामाजिक सञ्जालमा के कस्ता सूचना, जानकारी उपलब्ध गराउने सम्बन्धमासामाजिक सञ्जाल र मोबाइल फोन प्रयोग सम्बन्धी मार्ग निर्देशन, २०७५ जारी गरी व्यवस्थित गरेको छ ।

**मोबाइल एप्स**

नेपालमा सन २०१८ को तथ्यांक अनुसार १३३ प्रतिशतमा मोबाइलको र ६० प्रतिशतमा इन्टरनेटको पहुँच पुगेको देखिन्छ । मोबाइल सार्वजनिक सेवा प्रवाहका लागि महत्वपूर्ण माध्यम बन्न सक्दछ । मोबाइल एप्स एक किसिमको कम्प्युटर प्रोग्राम वा सफ्टवेयर अनुप्रयोग हो, जुन फोन, ट्याब्लेट वा घडी जस्तै उपकरणमा चलाउन डिजाइन गरिएको हुन्छ । आफूसँग भएका यिनै उपकरणहरूमा उपलब्ध हुने मोबाइल एप्सका माध्यमबाट मानिसले उक्त संस्था सम्बन्धी जानकारी, सूचना वा सेवा लिन, कुरा गर्न वा कुनै जिज्ञासा राख्न, प्रतिक्रिया दिन सक्छ । यसले एउटा व्यक्ति र संस्थाबीच सहजै सम्बन्ध स्थापित गर्ने भएकाले सूचना तथा जानकारी छिटो सम्प्रेषण गर्नुका साथै सेवा प्रवाहमा समेत सहजता हुन्छ ।

सरकारी निकायबाट नागरिकलाई प्रदान गरिने सेवा सहज, सरल र प्रभावकारी रूपमा वितरण हुने व्यवस्था गर्न नागरिक मोबाइल एप्स सञ्चालन निर्देशिका, २०७६ र नेपाल सरकारले सरकारी निकायका मोबाइल एप्सहरूको निश्चित मापदण्ड तोकी सञ्चालन तथा व्यवस्थापन गर्न सामाजिक सञ्जाल र मोबाइल फोन प्रयोग सम्बन्धी मार्ग निर्देशन, २०७५ लागू गरी नागरिकलाई सरकारी निकायमा सहज पहुँचको व्यवस्था मिलाएको छ ।

**सफ्टवेयर**

सफ्टवेयर निर्देशनहरूको सेट हो जसले उपकरण (हार्यवेयर) लाई के गर्ने र कसरी गर्ने भन्ने विषयमा निर्देशन गर्दछ । साधारण भाषामा भन्नुपर्दा जुन छुन र देख्न सकिन्छ ती उपकरण (हार्डवेयर) हुन् भने जुन देखिदैनन् ती सफ्टवेयर हुन् । कम्प्युटर हार्डवेयर र सफ्टवेयरको नङ र मासुसरह सम्बन्ध रहन्छ । हार्डवेयर विना सफ्टवेयरले र सफ्टवेयरविना हार्डवेयरले केही काम गर्न सक्दैनन् । कम्प्यूटरबाट हुने सम्पूर्ण कार्यहरू सफ्टवेयरबाट हुने गर्दछ ।

**विद्युतीय हाजिरी**

विद्युतीय हाजिरीले कर्मचारीहरूको कार्यालयमा अनुपस्थित हुने, अनुपस्थित भएको समयमा पछि उपस्थिति जनाउने, अग्रिम उपस्थिति जनाई कार्यालयमा अनुपस्थित हुने, कार्यालय समयभन्दा पछि कार्यालय आउने तथा कार्यालय समय बाँकी हुँदै कार्यालय छोडेर हिँड्ने, काम छल्ने प्रवृत्तिलाई रोक्न सकिने भएकाले सेवा प्रवाहमा सेवा प्रदायकहरूलाई काममा जिम्मेवार, जवाफदेही तथा उत्तरदायी बनाउनका लागि विद्युतीय हाजिरी प्रयोग गर्न सकिन्छ ।

**आम सञ्चारका माध्यमहरु**

रेडियो, टेलिभिजन, अनलाइन पत्रपत्रिका जस्ता अनलाइन सञ्चार प्लेटफर्महरू, इमेल, इन्टरनेट प्रोटोकल, फ्याक्स जस्ता आम सञ्चारका माध्यमहरू प्रयोग गरी सेवा प्रवाह गर्न सकिन्छ । हाल सरकारी निकायमा विद्युतीय पत्राचार (इमेल) व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ ।

**ई–सेवाहरुको माध्यमहरु**

ई-बिडिङ्ग, ई-भुक्तानी, ई-खरिद, ई-भोटिङ्ग, ई-कमर्श, ई-लर्निङ्ग, ई-स्वास्थ्य, ई-कृषि टेलिमेडिसिन आदि ई-सेवाहरूको माध्यमबाट सेवा प्रदान गर्न सकिन्छ । आर्टिफिसियल इन्टेलिजेन्सी, रोबोटिक्स, इन्टरनेट अफ थिङ्ग्स जस्ता मोडलहरू प्रयोग गरेर सेवा प्रदान गर्न सकिन्छ ।

**विद्युतीय उपकरणहरुबाट**

सिसीटिभी, राडार स्पिड गन (सवारी साधनको गति मापन गर्ने यन्त्र), ट्राफिक बत्ती, निगरानी कक्ष जस्ता विद्युतीय उपकरणहरूबाट अनुगमन, नियमन तथा निगरानी गर्न सकिन्छ ।

**व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट**

व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सफ्टवेयरहरूको विकास गरी विद्युतीय सेवा प्रदान गर्न सकिन्छ । जस्तै अभिलेख व्यवस्थापन, नेटवर्किङ्ग, सूचना आदानप्रदान ।

**नेपालमा विद्युतीय सरकार/प्रविधिको माध्यमबाट भइरहेका सेवा प्रवाहको स्थिति**

- नेपाल सरकारका संघ, प्रदेश सरकारदेखि सबै स्थानीय तहहरूसम्म नै निकायगत रूपमा आ–आफ्ना नाममा वेबसाइटहरू निर्माण गरी सञ्चालन गरेका छन् । धेरै निकायहरूको आफू मातहतका निकायहरू तथा कार्यसँग सम्बन्धित अन्तर निकायहरूसँग सूचना आदानप्रदान, संजालीकरण समेत रहेको छ । मोबाइल एप्सहरू पनि निर्माण तथा सञ्चालनमा रहेका छन् । टेलिफोन, फ्याक्स, इमेल, द्रुत डाँक सेवा, फेसबुक, ट्विटर, हेलो सरकार, हटलाइन टेलिफोन सेवा आदिको माध्यमबाट पनि नागरिकहरूको गुनासो सुन्ने, सहभागिता अभिवृद्धि गर्ने र सेवा प्रवाह हुँदै आएको छ । कार्यालयको नाममा कर्मचारीहरूको नाममा सरकारी युजरनेमबाट इमेल सञ्चालन गर्नुपर्ने व्यवस्थाको कार्यविधि निर्माण भई यसलाई अनिवार्य समेत गरिएको छ ।
- सार्वजनिक स्थल, बाटोघाटो, सुरक्षा संवेदनशील स्थानहरू, मानिसहरूको आवागमन धेरै भइरहने स्थान, मन्दिर, पार्क, सेवाग्राहीहरूको धेरै अवागमन हुने निकायहरू तथा धेरैवटा सार्वजनिक निकायहरूमा सीसीटिभी (Close Circut Television) राखेर कार्यालय, कर्मचारी तथा नागरिकको सुरक्षा गर्ने, कर्मचारी, नागरिकहरूको गतिविधि तथा क्रियाकलापहरूको निगरानी गर्ने गरिएको छ ।
- कर्मचारीहरूको उपस्थिति तथा नियमितताको अनुगमनका लागि विद्युतीय हाजिरी, कतिपय कार्यकक्षहरूको सुरक्षाका लागि मेशिनबाट ढोका खोल्ने तथा बन्द गर्ने प्रविधि पनि प्रयोग गर्न थालिएको छ ।
- प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा मन्त्रीपरिषद्को बैठक कक्ष कम्प्युटराइजेशन गर्ने र कम्प्युटरको माध्यमबाट नै बैठक सञ्चालन गर्ने, सिहदरवार गेट प्रवेशपास अनुमति प्रणाली, राष्ट्रिय गौरवका परियोजनाहरूको अनलाइन अनुगमन, नागरिकहरूको गुनासो सुन्ने हेल्लो सरकार, मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको अनलाइन ट्रेकिङ्ग प्रणाली, विद्युतीय लाइसेन्स पोर्टल आदि रहेका छन् ।
- अर्थ मन्त्रालय वा अन्तर्गत बजेट व्यवस्थापन सूचना प्रणाली, एकीकृत सरकारी लेखा प्रणाली, भन्सार जाँचपासका लागि अशिकुडा (ACYCUDA), मूल्य अभिवृद्धि कर व्यवस्थापन प्रणाली रहेका छन् । महालेखा नियन्त्रक कार्यालयमा सरकारी लेखा प्रणाली, वित्तीय व्यवस्थापन प्रणाली, एकल कोष खाता प्रणाली, एकीकृत सरकारी लेखा प्रणाली, स्थानीय तहहरूमा राजस्व सूचना प्रणाली रहेका छन् । देशभरको स्थानीय तहको लेखा प्रणाली व्यवस्थित गर्न सूत्र (SUTRA) मा आधारित सर्भर प्रयोगमा ल्याइएको छ । विद्युतीय भुक्तानी प्रणाली पनि व्यवहारमा अवलम्बन रहेको छ । आन्तरिक राजश्व विभागबाट ई–प्यान, ई–भ्याट ई–टिडिएस सेवा सञ्चालनमा ल्याइएको छ ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत कर्मचारी सूचना प्रणाली, विद्युतीय सरकारी कार्य सञ्चालन प्रणाली, पुस्तकालय व्यवस्थापन प्रणाली, कर्मचारी तालिम व्यवस्थापन प्रणाली रहेका छन् भने यसअन्तर्गतका विभागहरू राष्ट्रिय किताबखाना (निजामती) मा कर्मचारी वैयक्तिक सूचना प्रणाली, राष्ट्रिय किताबखाना (विद्यालय शिक्षक) विद्यालय शिक्षकहरूको वैयक्तिक विवरण सूचना प्रणाली तथा राष्ट्रिय किताबखाना (प्रहरी) तर्फ प्रहरी कर्मचारीहरूको वैयक्तिक विवरण सूचना प्रणाली रहेका छन् । राष्ट्रिय किताबखाना (निजामती) बाट अनलाइन सिटरोल भर्न सकिने सुविधा रहेको छ ।
- सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभागतर्फ अन्तर्राष्ट्रिय डाक लेखा प्रणाली, काउन्टर अटोमेशन प्रणाली, पत्रमञ्जुषा व्यवस्थापन प्रणाली, एकीकृत ईमेल व्यवस्थापन प्रणाली, हुलाक बचत बैंक व्यवस्थापन प्रणाली रहेका छन् । कतिपय विषयमा सेवा प्रवाहका लागि सूचना केन्द्रहरू पनि सञ्चालनमा ल्याइएका छन् ।
- यातायात मन्त्रालय र अन्तर्गत सवारी दर्ता सूचना प्रणाली, विद्युतीय सवारी चालक अनुमतिपत्र निष्काशन प्रणाली रहेका छन् । सवारी साधनहरूमा इम्बोस्ड नम्बर राख्ने व्यवस्था पनि रहेको छ ।
- सडकमा सवारी नियन्त्रणका लागि ट्राफिक लाइटको व्यवस्था रहेको छ । सरकारले विद्युतीय सवारी पनि सञ्चालनमा ल्याएको छ ।

- भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तर्गत भूमि व्यवस्थापन विभाग, मालपोत कार्यालय र नापी कार्यालयमा रहेका भूमि सम्बन्धी विवरणलाई कम्प्युटरीकृत गर्ने प्रणाली रहेको छन् ।
- परराष्ट्र मन्त्रालय राहदानी विभागअन्तर्गत मेशिनले पढ्नसक्ने पासपोर्ट (MRP) सूचना प्रणाली रहेको छ ।
- नेपाली सेनाबाट सम्पादन गरिने दैनिक कार्यहरूमा कागजरहित प्रणालीको सुरुवात भइसकेको छ ।सैनिक अभिलेखालयबाट सैनिक कर्मचारीहरूको अभिलेख विद्युतीय माध्यमबाट राख्ने गरिएको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरूको मानवीय स्रोत व्यवस्थापन सूचना प्रणाली रहेको छ ।
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा व्यवस्थापन सूचना प्रणाली, शिक्षक व्यवस्थापन सूचना प्रणाली रहेका छन् ।
- लोक सेवा आयोगमा लोक सेवा नियुक्ति (पब्लिक सर्भिस रिक्रुटमेन्ट) प्रणाली, अनलाइन फर्म, विद्युतीय दस्तुर भुक्तानी प्रणाली रहेका छन् ।
- कम्पनी रजिष्ट्रारको कार्यालयमा अनलाइन कम्पनी दर्ता, उद्योग विभागमा अनलाइन उद्योग दर्ता, घरेलु तथा साना उद्योग कार्यालयमा, एकीकृत उद्योग तथा व्यापार प्रणाली रहेका छन् ।
- निर्वाचन आयोगमा एकीकृत मतदाता नामावली दर्ता सूचना प्रणाली, जिल्लागत मतदाता नामावली सूचना प्रणाली रहेको छ । साना-साना निर्वाचनमा विद्युतीय मतदान पनि सम्पन्न भएको छ ।
- सार्वजनिक खरिद अनुगमन कार्यालयबाट विद्युतीय खरिद, विद्युतीय बिडिङ्, टेण्डरहरू गर्ने गरिएको छ ।
- राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट सरकारी कार्यालयहरूको राष्ट्रिय पोर्टल (गभर्मेन्ट अफिसियल नेशनल पोर्टल) सञ्चालन गरिएको छ ।
- वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगारमा रहेका नागरिकहरूको अभिलेखका लागि अनलाइन एप्लिकेसन कार्यान्वयनमा ल्याइएको छ ।
- राष्ट्रिय परिचयपत्र व्यवस्थापन र पञ्जीकरण विभाग तथा अन्तर्गतबाट राष्ट्रिय परिचयपत्र वितरण तथा व्यक्तिगत विवरण दर्ता कार्य हुने गरेको छ ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा विद्युतीय एक्सरे मेशिनहरूको प्रयोग गर्ने गरिएको छ । साथै नेपाल भित्रने र नेपालबाट बाहिरीने नागरिकको विवरण राख्नका लागि इमी सफ्टवेयर प्रयोगमा ल्याइएको छ ।हाल यसलाई प्रतिश्थापन गरी नेपाली पोर्ट नामक सफ्टवेयर विकास गर्न लागिएको छ र नेपाल भ्रमण वर्ष २०२० लाई मध्यनजर गरी यात्रुहरूको आँखाको स्क्यान हुने सफ्टवेयर निर्माण गरिने उल्लेख छ ।
- कतिपय राजमार्गहरूमा अप्टिकल फाइबर बिछ्याइएको तथा कतिपयमा बिच्छ्याउने कार्यहरू भइरहेका छन् ।
- कतिपय सरकारी निकायहरूमा डिजिटल नागरिक बडापत्रहरू कार्यान्वयनमा ल्याइएको छ ।
- सार्वजनिक सवारी साधनहरूमा (मूलत ट्याक्सी) ई मिटर कायम गर्ने प्रयासहरू भएका छन् । (स्पिड चेकिङ्) यन्त्रको माध्यमद्वारा सवारीको गति तथा चालकका गतिविधिको मापन गर्न सकिन्छ ।
- बैंक तथा वित्तीय संस्थाहरूबाट इन्टरनेट बैंकिङ्, मोबाइल बैंकिङ्, डेबिट कार्ड, क्रेडिट कार्ड, रकम जम्मा गरेको तथा झिकेकोमा मोबाइल एसएमएस, विभिन्न मोबाइल वालेटहरूमार्फत सेवा प्रदान गर्ने गरिएको छ । कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, बीमा संस्थानहरूले पनि एसएमएस तथा विद्युतीय भुक्तानी सुविधा प्रदान गर्दै आएका छन् । नागरिकहरूले सेवा सुविधा लिए वापत कर तथा महशुल लिने निकायहरूबाट ई-भुक्तानी गर्न सकिने प्रविधि व्यवहारमा अवलम्बन भएका छन् ।
- एक बैकको चेक अर्को बैकबाट भुक्तानी लिन मिल्ने गरी नेपाल क्लियरिङ् हाउसले कार्य गरिरहेको छ ।
- विद्युतीय माध्यमबाट सञ्चालन हुने स्मार्ट सिटी, स्मार्ट कार्यालय, स्मार्ट शौचालयका अवधारणाहरू विकसित भएका छन् ।
- दूर शिक्षा प्रणाली, टेलिमेडिसिन पनि व्यवहारमा आएका छन् ।

### विद्युतीय सेवा/प्रविधिमा आधारित सेवा प्रवाहका महत्व तथा फाइदाहरु

- सेवाप्रवाह छिटो, छरितो, विश्वसनीय र भरपर्दो हुन्छ ।
- कम लागतमा सेवा प्रवाह गरी नागरिकहरूको राज्यप्रती विश्वास अभिवृद्धि गर्न सकिन्छ ।
- प्रविधिमा आधारित सेवाले एकै पटक व्यापक कार्यक्षेत्रलाई समेट्न सक्दछ ।

- ढिलासुस्ती, अनियमिततता, भ्रष्टाचारजन्य तथा राजश्व छली जस्ता क्रियाकलापहरू नियन्त्रण गरी नैतिकता, सदाचार अभिवृद्धि गर्न र काममा गुणस्तरीयता कायम गर्न सकिन्छ ।
- प्रणालीमा आधारित सेवा प्रवाह भई सेवा प्रवाहमा एकरूपता आउने हुन्छ ।
- तथ्य तथ्यांक तथा गरेका काम कारवाहीहरूको प्रभावकारी अभिलेख रहने, यस्ता कामकारवाहीको प्रमाण भविष्यसम्म सुरक्षित गर्न सकिने हुँदा नीति निर्माण तथा कार्यान्वयनमा पनि सहजता हुने र कागजी प्रयोगलाई कम गरी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन प्रणाली नियमित र व्यवस्थित हुने गर्दछ ।
- प्रविधिमार्फत काम गर्दा एकै पटक धेरै क्षेत्रलाई समेटेर कार्य गर्न सकिने, एकै किसिमको काम गर्ने मातहतका तथा समान किसिमको काम गर्ने अन्तर निकायहरूबीच सञ्जालीकरण गरी काम गर्न सकिने हुँदा काममा एकरूपता हुने, कर्मचारीहरूबीच आपसी समन्वय हुने, कर्मचारी दरबन्दी कम लाग्ने, कार्यालय समयमा बचत हुने एवं कार्यालय खर्चमा पनि कटौती भई मितव्ययी रूपमा सेवा प्रवाह गर्न सकिने हुन्छ । कार्यालयका भौतिक तथा मानवीय स्रोत साधनहरूको सदुपयोग हुने हुन्छ ।
- कम लागत, समय र जनशक्तिहरूबाट एकैपटक धेरै कर्मचारीको सुपरीवेक्षण हुने र कार्यसम्पादनको विद्युतीय माध्यमबाट प्रभावकारी अनुगमन मूल्यांकन गर्न सकिन्छ ।
- कर्मचारीहरूप्रति कार्य जिम्मेवारी, उत्तरदायित्व, जवाफदेहितामा वृद्धि हुने र कर्मचारी क्षमतामा पनि वृद्धि हुने हुन्छ ।
- सार्वजनिक सेवा प्रवाहमा रहेका विचौलियाहरूको भूमिका कटौती गरिसेवा प्रदायक र सेवाग्राहीहरूबीच नजिकको सम्बन्ध कायम हुने, सेवाग्राहीहरूले सेवा लिने क्रममा ठगिने, बढी लागत तिर्नुपर्ने जस्ता समस्याहरूको समाधान हुन्छ ।
- कार्यस्थल र कर्मचारीहरूको सुरक्षामा सहयोग हुने, सुरक्षाका कारण कर्मचारीहरूमा सकारात्मक मनोविज्ञानको विकास भई कार्य उत्प्रेरणामा अभिवृद्धि हुने र संस्थागत लक्ष्य तथा उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ ।

**प्रविधिमा आधारित सेवालाई प्रभावकारी बनाउनका लागि गर्नुपर्ने कार्यहरु**

- प्रविधिमा आधारित सेवा स्तरीय, विश्वसनीय भरपर्दो, गुणस्तरीय तथा मितव्ययी हुने भएता पनि यो खर्चिलो भने अवश्य नै हुन्छ । सरकारले यस्तो सेवा प्रवाहका लागि नीतिगत रूपमा व्यवस्था गरी अनिवार्य रूपमा लागू गर्ने, प्रविधिको निर्माण, प्रयोग, सञ्चालन, मर्मत, सम्भारका लागि आवश्यक पूर्वाधारहरू (जस्तैः विद्युतको उपलब्धता, वैकल्पिक उर्जा, आवश्यक ज्ञान सिपको विकास, विज्ञताको विकास, तालिम तथा क्षमता अभिवृद्धिमा लगानी, शिक्षा प्रणालीमा सुधार) को विकास गर्ने, प्रविधिका लागि आवश्यक उपकरणकहरूको व्यवस्था, पर्याप्त बजेटको व्यवस्था गरी यसलाई पूर्ण रूपमा प्रयोग तथा सञ्चालन गर्ने गरी पूर्वाधार तय गर्नुपर्दछ । प्रविधिमा आधारित सेवा प्रवाहलाई प्रोत्साहन गर्नुपर्दछ । यसका लागि विद्यालयस्तरको पाठ्यक्रममा नै प्रविधिको प्रयोग सम्बन्धी विषयलाई समेट्ने, सार्वजनिक विद्यालयहरूमा कम्प्यूटरको प्रयोगलाई अनिवार्य गर्ने, प्रविधिको शोध, अनुसन्धान, विकासमा जोड दिने, यस्ता कार्यहरूका लागि विद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्नु पर्दछ ।
- परम्परागत रूपमा कार्य सम्पादन गरिरहेका कर्मचारीहरूलाई प्रविधिको माध्यमबाट सेवा प्रवाहका लागि क्षमतामा अभिवृद्धि गर्ने, प्रविधिमा आधारित भई सेवा प्रदान गर्ने मुलुकहरूको अध्ययन अवलोकन गराई असल अभ्यासहरूको अनुशरण गर्न अवसर प्रदान गर्ने, प्रविधितर्फ अभ्यस्त बनाउनु पर्दछ । सरकारी सेवा प्रवेशका लागि कम्प्युटर तथा प्राविधिक पदहरूमा सम्बन्धित विषयको प्रविधि प्रयोगको प्रयोगात्मक परीक्षालाई अनिवार्य गर्ने, कार्यस्थलमा तालिम प्रदान गर्ने, उत्तराधिकारी योजना बनाई कार्यान्वयन गर्ने ।
- सरकारी निकायहरूका सूचना प्रविधिको क्षेत्रमा जनशक्ति व्यवस्थापन हालको समयमा धेरै महत्वपूर्ण र विचारणीय पक्षको रूपमा रहेको देखिन्छ । सरकारी निकायमा प्रयोग हुने प्रविधिहरूको सञ्चालन, मर्मत सम्भार, सुरक्षा गर्न सक्ने, सफ्टवेयर निर्माण तथा सञ्चालन गर्ने, दक्ष, अनुभवी कर्मचारीहरू नियुक्त गर्ने, उनीहरूको ज्ञान, शिप र क्षमता अभिवृद्धि गर्ने, संगठनभित्र टिकाइरहने विषय अति सोचनीय पक्षको रूपमा रहेको छ ।

- विश्वमा नागरिकहरूलाई प्रदान गरिने सेवा प्रवाह अत्याधुनिक प्रविधिको माध्यमबाट हुने गरेसँगै नेपालले पनि आफूलाई त्यसको लागि तयार राख्नु पर्दछ । यसको लागि दीर्घकालीन नीति लिएर कार्ययोजना साथ जानुपर्दछ ।
- सार्वजनिक निकायहरूमा रहेका वेबसाइटले सम्पादन हुने कामका बारेमा प्रर्याप्त जानकारी दिन सकेका पाइँदैन । उदाहरणका लागि कुनै निश्चित कृषि क्षेत्र हेर्ने कार्यालयको वेबसाइटमा आफुले कार्य सम्पादन गर्ने क्षेत्र, सोमा कुल कृषि योग्य भूमि, त्यो स्थानको मौसम, हावापानी, माटोको अवस्था, सिफारिस गरिएका उन्नत तथा स्थानीय बिउबिजनहरू, उत्पादन गर्न सकिने अन्नबाली, फलफुल, तरकारी, नगदेबाली, सिंचाइ सुविधा पुगेको भूमि, सिंचाइ सुविधा उपलब्ध हुन सक्ने वैकल्पिक माध्यमहरू, उत्पादनको अवस्था, उत्पादनलाई प्रभाव पार्ने तत्वहरू र तिनको यथोचित व्यवस्थापन, राष्ट्रिय एवं स्थानीय स्तरमा कृषि सम्बन्धी सरकारले लिएका नीति तथा कार्यक्रमहरू, सहुलियतहरू, कृषि कर्जा लिनका लागि आवश्यक जानकारी, कृषि बजार, उत्पादित उत्पादनहरूको भण्डारण, बालीमा लाग्न सक्ने रोग, किरा तथा तिनको रोकथाम, कृषि विज्ञको नामावली र लिन सकिने सेवा,सो क्षेत्रमा कृषकहरूको संख्या, चेतनास्तर लगायतका सम्पूर्ण विषयहरूलाई समेट्न सकेको खण्डमा प्रभावकारी हुन्छ ।
- सरकारी सेवा प्रवाह गर्ने निकायहरू तथा तिनका परिसर, मानिसहरूको बढी आवतजावत हुने स्थान, महत्वपूर्ण मठमन्दिर तथा सार्वजनिक स्थलहरू, सुरक्षा संवेदनशील क्षेत्रहरू, सडक, सपिङ्ग सेन्टरहरूमा सिसीटिभीको प्रयोग अनिवार्य गर्ने, सोबाट गतिविधिहरू अनुगमन गरी आपराधिक, उच्छृंखल गतिविधिहरू, चोरी डकैती, हिंसाजन्य कामहरूको निगरानी गर्ने, काम गर्ने कर्मचारीहरूको कार्यकक्षमा सिसिटिभीको माध्यमबाट सुपरीवेक्षण गर्ने व्यवस्था गर्नुपर्दछ ।
- सबै कार्यालयहरूले विद्युतीय हाजिरीलाई अनिवार्य रूपमा कार्यान्वयनमा ल्याउनु प्रभावकारी हुन्छ ।
- विकास निर्माणसँग सम्बन्धित मेगा प्रोजेक्टहरू, संवेदनशील कार्य सम्पादन गर्ने निकायहरू तथा कार्यालयका कार्यकक्षहरूमा जिम्मेवार पदाधिकारीहरूले ई-मोनिटरिङ्ग गर्न सक्ने विषयलाई व्यापक बनाउनुपर्दछ ।
- निर्वाचन प्रणालीलाई छिटो ,छरितो, व्यवस्थित, विश्वसनीय, भरपर्दो, निष्पक्ष र धाँधलीरहित गर्नका लागि ई-भोटिङ्गलाई बढावा गर्नुपर्दछ ।
- सूचनामूलक जानकारीहरू सम्बन्धी सेवा प्रदान गर्ने विषयमा सूचना केन्द्रहरू स्थापना, चलचित्र तथा डकुमेन्ट्री निर्माण गर्ने, यूटुव तथा आम सञ्चार माध्यममा प्रसारण गर्न सकिन्छ ।
- आन्तरिक तथा बाह्य विमानस्थलहरूमा अनिवार्य रूपमा विद्युतीय एक्सरे मेशिनहरू प्रयोगमा ल्याउनु पर्दछ । बायोमेटिक प्रणालीबाट यात्रुहरूको विवरण राख्ने कार्यलाई व्यापक बनाउनु पर्दछ । सुरक्षा संवेदनशील क्षेत्र (जस्तै : सिंहदरबार) मा प्रवेश तथा निष्काशनलाई विद्युतीय प्रविधिले परीक्षण तथा अभिलेख गर्न सक्ने उपकरणहरू प्रयोग गर्नुपर्दछ ।
- विद्युतीय रूपमा सञ्चालन हुने स्मार्ट कार्यालय, स्मार्ट सिटी, स्मार्ट सपिङ्ग सेन्टर, स्मार्ट आवास, स्मार्ट शौचालय…को विकास गर्ने ।
- भाडाका सवारी साधनहरू (ट्याक्सी…) मा ई मिटर ई बिलींगको व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याउनु पर्दछ । विद्युतीय उपकरण (राडार गन) कोमाध्यमद्वारा सवारीको गति निगरानी गर्न सकिन्छ । यसले ट्राफिक जाम, सवारी दुर्घटना तथा अनुशासनहीनता नियन्त्रण गर्न सघाउ पुग्दछ ।
- समान किसिमका तथ्यांकहरूको अभिलेखीकरण गर्ने निकायहरूबीच आपसमा सूचना आदानप्रदान गरी कार्यमा दोहोरोपन हुनबाट र भिन्दाभिन्दै सफ्टवेयर निर्माण गर्ने, खर्च गर्ने तथा अभिलेखीकरणमा हुने विविधतालाई नियन्त्रण गर्ने ।
- छिटो छरितो सेवा प्रवाहका लागि मोबाइल एप्स, सामाजिक सञ्जालहरू, अनलाइन समाचार माध्यमहरूलाई प्रोत्साहन गर्ने तथा यिनका कामकारवाहीहरूको नियमन गर्ने, विद्युतीय हस्ताक्षरलाई वढावा दिने, पेपरलेस सेवा प्रवाहका लागि प्रोत्साहन गर्ने ।
- सार्वजनिक निकायका काम कारवाहीहरूलाई तथ्यांकगत रूपमा रहने गरी डाटावेश संस्कृतिको विकास गर्ने ।
- आर्टिफिसियल इन्टेलीजेन्सीबाट सम्पादन गर्न सकिने कार्यहरूको बारेमा सम्भाव्यता अध्ययन गरी सो अनुसार कार्य सम्पादन गर्न सकिन्छ ।

- भनिन्छ- कानूनको अनभिज्ञता क्षम्य हुँदैन । सरकारका नीति तथा कार्यक्रमहरू, राज्यले लिएका नीतिहरू, राज्यबाट जारी ऐन कानूनहरू, नियमावली, कार्यविधिहरूको निर्माण तथा डेलिभरीमा आम नागरिकहरूको पहुँच पुग्न सकेको पाइँदैन । सचेत र जानिफकार नागरिक आफैमा मुलुकका अमूल्य निधि हुन् । यस्ता विषयहरूमा नागरिकहरूको सहभागिता र पहुँच अभिवृद्धिका लागि आम सञ्चारका माध्यमहरू प्रयोग गर्न सकिन्छ ।

- हालको समयमा प्रविधिको प्रयोगबाट सेवा प्रवाहमा दिनानुदिन वृद्धि हुँदै त गएको छ तर योसँगै यसको प्रयोग अव्यवस्थित, दोहोरोपन (एउटै प्रकारको सफ्टवेयरको प्रयोग धेरै निकायले गर्नु) खर्चिलो, जोखिमपूर्ण पनि र अत्याधिक तेस्रो पक्षसँग निर्भर पनि बन्दै गएको छ । जस्तै समान किसिमको कार्य गर्ने निकायहरूबीच पनि छुट्टाछुट्टै सर्भर बन्ने, निर्मित सफ्टवेयरहरू कार्यालयबाट सञ्चालन गर्न नसकिने । यस्तो प्रवृत्तिलाई प्रभावकारी रूपले नियमन गरी निरूत्साहित गर्नुपर्दछ । प्रदेश र स्थानीय तहहरूमा विज्ञान प्रविधि तथा नवप्रवर्तन सम्बन्धी कार्यलाई प्रभावकारी समन्वय गरी विकास र विस्तार गर्न संस्थागत व्यवस्था गर्नुपर्दछ ।

- विपद, जोखिम व्यवस्थापनका लागि भूउपग्रह, ड्रोन लगायतका प्रविधिमाआधारित प्रणालीको विकास र विस्तारमा जोड दिनुपर्दछ ।

- देशभरिकै स्थानीय तहहरूको लेखा प्रणाली व्यवस्थित गर्ने सर्भर सुत्र (SUTRA) बिग्रीय पछि २३ दिनमा ७ सय ५३ वटै स्थानीय तहले अद्यावधिक गरेका ४० हजार वटा भौचरका तथ्यांक हराएको, आधुनिक सफ्टवेयर प्रणाली नै ह्याक भएको तथा समय समयमा विभिन्न निकायका सफ्टवेयरहरू ह्याक भएका, पूर्णरूपमा सञ्चालन हुन नसकेका घटनाहरू बारम्बार सुन्नमा आइरहेको पाइन्छ । एटिएम चोरी भई व्यक्ति तथा संस्थाका खाताबाट तेस्रो पक्षबाट रकम झिकिएको, कतिपय अवस्थामा कार्यालय कै कर्मचारीहरूको मिलेमतोमा प्रविधि तथा तथ्यांकको सुरक्षामा प्रश्नचिन्ह पनि उठेका छन् । यी त प्रतिनीधिमूलक घटना मात्र हुन् । वास्तविक अवस्था अझै विचारणीय हुन सक्दछ र जोखिमपूर्ण पनि । तसर्थ यस्ता महत्वपूर्ण सूचना तथा जानकारीहरूमा अन्य पक्षहरूको पहुँच पुग्न सक्ने, यसबाट मुलुकलाई नै गम्भिर असर पर्न सक्ने भएकाले तथ्यांकहरूको सुरक्षा र संरक्षण गर्ने कुरामा ध्यान दिनुपर्दछ । नियमन व्यवस्थालाई प्रभावकारी बनाउनुपर्दछ । नियामक निकाय, संयन्त्र तथा पदाधिकारीहरूको क्षमतालाई अभिवृद्धि गर्नुपर्दछ । यस्ता विषयलाई निरूत्साहित गर्न सरकारी स्तरमा पनिसिप र दक्षता अभिवृद्धि गर्नुपर्दछ । सूचना प्रविधिमा आधारित कारोवार,साइबर अपराध तथा सूचना प्रविधिको माध्यमबाट हुने गतिविधिलाई व्यवस्थित गर्न लगानीमा अभिवृद्धि गर्ने, सार्वजनिक निजी साझेदारीमा जोड दिनुपर्दछ । वैदेशिक लगानीलाई प्रोत्साहन गर्नुपर्दछ ।

- सञ्चार तथा सूचना प्रविधिका उपकरणहरूलाई सही र सकारात्मक काममा प्रयोग गर्न नागरिकहरूलाई सुसूचित गर्नुपर्दछ ।

- डिजिटल नेपाल फ्रेमवर्क, २०७६ मा उल्लेखित डिजिटल फाउण्डेशन, कृषि, स्वास्थ्य, शिक्षा, उर्जा, पर्यटन, वित्त, शहरी पूर्वाधार जस्ता क्षेत्रमा आधारित भई विद्युतीय सेवा प्रदान गर्ने । यसबाट व्यापक क्षेत्र समेट्न सकिन्छ ।

नेपालमा सरकारी सेवा प्रवाहमा विद्युतीय माध्यमहरूको प्रयोग र यसको क्षेत्रमा क्रमशः वृद्धि हुँदै गएको पाइन्छ । तर अझै जति मात्रामा हुनुपर्ने हो सो अनुसार हुन सकेको छैन । विद्युतीय माध्यमहरूबाट सेवा प्रवाहका धेरै सकारात्मक प्रभावहरू रहेता पनि सावधानीपुर्वक, पूर्ण तयारी एवं सुझबुझका साथ सञ्चालन गर्न नसकिएमा संवेदनशील जोखिमहरू पनि यसमा रहेका छन् । तसर्थ यसलाई योजनाबद्ध, व्यवस्थित र निरन्तर रूपमा कार्यान्वयन गर्दै लैजानुपर्दछ । नेपाल सरकारले अवलम्बन गरेको "समृद्ध नेपाल, सुखी नेपाली" को दीर्घकालीन सोचलाई मूर्तरूप दिन, सार्वजनिक सेवा प्रवाहको विधि र प्रक्रियामा रूपान्तरणको निमीत्त प्रविधिमा आधारित सेवा प्रदान गर्नु अति आवश्यक छ । समृद्धिको द्योतक प्रविधि नै हो भन्ने तथ्यलाई यसको चरम प्रयोगबाट सफल भएका मुलुकहरूले सिद्ध गरी सकेका छन् । यसबाट नागरिकहरूलाई प्रदान गर्न सकिने सेवा, सुविधाहरू छिटो, छरितो, मितव्ययी तरिकाले आम जनमानसमा पुऱ्याउन सकिन्छ । यसले नागरिकहरूको आर्थिक तथा समाजिक रूपान्तरणमा उल्लेखनीय सघाउ पुऱ्याउँदछ । ■

*लेखक राष्ट्रिय किताबखानाकी महानिर्देशक हुनुहुन्छ ।*

# नेपालमा भ्रष्टाचार र यसको निवारणमा सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको भूमिका

■ सुशील आचार्य

## भ्रष्टाचार

सामान्य अर्थमा निजी हितका लागि सार्वजनिक अधिकारको दुरूपयोग गर्नुलाई 'भ्रष्टाचार' भनिन्छ । भ्रष्टाचारको सम्बन्ध शक्ति र अधिकारसँग हुन्छ । Lord Acton ले भनेका छन् शक्ति भ्रष्टतातर्फ उन्मुख हुन्छ र असीमित शक्ति असीमित रूपमा भ्रष्ट हुन सक्छ । भ्रष्टाचार एउटा आदत वा व्यवहार हो जुन निर्धारित कर्तव्य र सार्वजनिक जिम्मेवारीबाट बिचलित भई निजी हितबाट प्रभावित हुँदा प्रकट हुन्छ । कुनै निर्णय गर्दा वा कुनै निर्णयमा अनावश्यक ढिलाई गर्दा वा कुनै निर्णय नै नगरेको अवस्थामा समेत कुनै निजी लाभ वा अन्य कुनै व्यक्ति वा समूहका लागि हित पुऱ्याइएको छ भने त्यो भ्रष्टाचारको परिभाषाभित्र समेटिन्छ । आर्थिक लाभ मात्र नभई शक्तिमा अडिरहन गरिने कानुनको उल्लङ्घन वा जिम्मेवारीको विचलनलाई समेत भ्रष्टाचार भनिन्छ । पद वा अधिकारको दुरूपयोग, कानुन नियम र मापदण्डबाट विचलनता, कार्य चाहिने अवस्थामा अकार्यको स्थिति, निजी स्वार्थबाट अभिप्रेरित कार्य वा निर्णय, आर्थिक वा गैर आर्थिक स्वरूपका निहित रूचिहरू, राजस्व हिनामिना, सार्वजनिक वस्तु वा सम्पत्तिको हानि आदिसँग सम्बन्धित क्रियाकलाप वा निर्णयहरू भ्रष्टाचारजन्य क्रियाहरू हुन् । सबै अवस्थामा भ्रष्टाचार दृष्यमा आउँदैन । त्यस्तो अवस्थामा सार्वजनिक अधिकारीले पदमा रहँदा वा पदबाट हटिसकेपछि कस्तो जीवनयापन गरिरहेको छ भन्ने आधारमा आम मानिसले भ्रष्टाचार सम्बन्धी दृष्टिकोण राख्छन् । वैधानिक स्रोतबाट प्राप्त भएको आर्जनभन्दा ज्यादा सम्पत्ति आफ्नो वा निकटस्थको स्वामित्वमा रहनु र अस्वाभाविक जीवनयापन व्यतित गरिरहेको अवस्थामा निजले त्यस्तो सम्पत्ति भ्रष्टाचारबाट नै आर्जन गरेको भन्ने ठहर्छ । यसर्थ गैरकानुनी सम्पत्तिको सञ्चय आफैंमा एउटा भ्रष्टाचार हो ।

Edward Gibbon ले रोम साम्राज्यको उदय र पतनको संक्षिप्त विश्लेषण गर्दै भनेका थिए "जब रोमका नेताहरूले रोमका लागि आफ्नो तर्फबाट अधिकतम दिने प्रयास गरे तब रोमन साम्राज्य एउटा अद्वितीय उचाइमा पुग्यो । जब तिनीहरूले आफू र आफ्नाहरूका लागि रोमबाट अधिकतम लिने प्रयास गरे तब रोमन साम्राज्यको पतन भयो" यसबाट प्रष्ट हुन्छ कि राजनीतिक नेतृत्वको निजी स्वार्थपूर्तिको चाहना नै भ्रष्टाचारको जननी हो र मुलुकको अविकास र पछौटेपनको कारक हो ।

> **बेश्यावृत्तिले एउटा व्यक्तिको नैतिकता संकटमा पर्दछ भने भ्रष्टाचारले सिंगो समाजको नैतिकता संकटमा पर्दछ ।**

नैतिकताको Antithesis को रूपमा भ्रष्टाचार रहेको हुन्छ । Karl Kraus ले भ्रष्टाचारलाई बेश्यावृत्तिभन्दा पनि खराब भनी चित्रित गरेका छन् । बेश्यावृत्तिले एउटा व्यक्तिको नैतिकता संकटमा पर्दछ भने भ्रष्टाचारले सिंगो समाजको नैतिकता संकटमा पर्दछ । यसैगरी भ्रष्टाचारी एउटा खुनी हत्याराभन्दा पनि नृशंस हुन्छ । हत्याराले एउटा वा केही व्यक्तिको हत्या गर्छ भने भ्रष्टाचारले लाखौं नरनारीहरूको हत्या गर्दछ । सार्वजनिक बजेटबाट विनियोजित स्वास्थ्य सुविधा गर्भवती महिलाहरूसम्म उचित ढंगले नपुग्दा हजारौं गर्भवतीहरू मृत्युको मुखसम्म पुग्न सक्छन् । प्राकृतिक स्रोत साधनको गैरकानुनी दोहन भइरहँदा जिम्मेवार अधिकारीहरू क्रसर व्यवसायीबाट प्रभावित भइरहे भने बाढी पहिरोबाट हजारौंको आवास र जीवन जोखिममा पर्दछ । सडक पुलको गुणस्तर राम्ररी नियमन हुन सकेन भने वर्षेनी हजारौं नरनारीहरूले बाध्यात्मक यात्राको क्रममा सवारी दुर्घटनामा परी ज्यान गुमाउँछन् ।

वास्तविक कर परीक्षणबाट उचित राजस्व संकलन हुन सकेन भने विपन्न बालबालिकासम्म पुऱ्याइने दिवा खाजाको कार्यक्रम संकुचित हुन्छ र लाखौं बालवालिका कुपोषणको शिकार हुन पुग्छन् । सार्वजनिक नियुक्ति र जनशक्ति व्यवस्थापनमा निष्पक्षता कायम भएन भने आम नागरिकले सरकारप्रति नकरात्मक मनस्थितिको विकास गर्छन् र राष्ट्रियतामा नै आँच आउने स्थितिको सिर्जना हुन्छ । यसर्थ भ्रष्टाचार एउटा फौजदारी कसुर मात्र नभई सबै फौजदारी कसूरहरूभन्दा पनि जघन्य कसूर हो । यो राष्ट्रद्रोही तत्व हो ।

भ्रष्टाचार निवारण ऐन, २०५९ ले भ्रष्टाचार भन्नाले ऐनको परिच्छेद २ अन्तर्गत सजाय हुने कसुरलाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ । जस अन्तर्गत रिसवत लिने दिने, बिना मूल्य वा कम मूल्यमा वस्तु वा सेवा लिने, दान दातव्य, उपहार वा चन्दा लिने, कमिशन लिने, राजस्व चुहावट गर्ने, गलत अनुवाद गर्ने, सरकारी कागजात सच्याउने, सरकारी कागजात नोक्सान गर्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने वा परीक्षाको परिणाम फेरबदल गर्ने, गैरकानुनी व्यापार व्यवसाय गर्ने, नपाएको ओहोदा पाएँ भन्ने, झुट्ठा विवरण दिने, सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गर्ने, गैरकानुनी दबाब दिने, गलत प्रतिवेदन दिने, गैरकानुनी रूपमा सम्पत्ति आर्जन गर्ने, भ्रष्टाचार सम्बन्धी उद्योगमा सहभागी हुने वा मतियार हुने आदि कार्यहरू भ्रष्टाचारजन्य कसूरहरू हुन भनेको छ । ऐनले कसूरको प्रकृतिअनुसार सजायको व्यवस्था गर्दै अनुसन्धान, तहकिकात र मुद्दा दायरीको प्रक्रियालाई व्यवस्थित गरेको छ ।

## भ्रष्टाचारका कारण एवं स्रोतहरु (Causes and Sources of Corruption)

मानवीय नैतिकताको पतन नै भ्रष्टाचारको मुख्य कारण हो । सार्वजनिक नियम, सामाजिक आचरण र आफ्नै अन्तःस्करणको आवाजलाई पालना गर्न नसक्दा भ्रष्ट मनस्थिति र व्यवहारहरू उत्पन्न हुन्छन् । भ्रष्टाचार एउटा कुनै दुर्घटना, घटना वा परिस्थितिको उपज नभई योजनाबद्ध गैरकानुनी क्रियाकलापको नतिजा हो । अवैध ढङ्गले आफू र आफ्ना प्रियजनको हितलाई सुनिश्चित गर्न खोज्दा भ्रष्टाचारको जन्म हुन्छ । Klitgard ले एउटा समीकरण बनाएर भ्रष्टाचारको कारण र स्रोतलाई अभिव्यक्त गर्न खोजेका छन् । उनका अनुसार भ्रष्टाचारको कारण एकाधिकार र तजबिजि अधिकारको उपस्थिति हो भने पारदर्शिता, जवाफदेहिता र नैतिकताको अनुपस्थिति हो । अर्थात् Corruption= Monopoly+Discretionary Power-Transparency-Accountatibility-Morality=

सांस्कृतिक, सामाजिक, राजनीतिक र कानुनी परिवेशले भ्रष्टाचारको कारण र स्रोतलाई प्रभाव पार्छन् । भ्रष्टाचार गर्ने अवसर र चाहनाको संयोजन हुँदा भ्रष्टाचार हुन्छ । वैध प्रक्रियाबाट हुने आर्जनभन्दा अवैध प्रक्रियाबाट हुने आर्जन बेशी हुने तथा भ्रष्टलाई हुने सजाय कम हुँदा भ्रष्टाचारले प्रश्रय पाउँछ । त्यसैगरी भ्रष्ट व्यक्तिले जोखिमको गणना गर्छ । भ्रष्टाचारबाट प्राप्त हुने लाभको मात्रा, सजाय र पक्राउ पर्ने सम्भावनाको गुणनफलभन्दा बढी भएको अवस्थामा भ्रष्टाचार गर्न उद्यत रहन्छ ।

Likelihood of Corruption= Corrupt Gain-Penalty*Likelihood of being caught & prosecuted

माथि उल्लेखित समीकरणलाई परिमार्जन गरी फलन (Function) सम्बन्धमा हेर्दा देहायको समीकरण प्रस्तुत भएको पाइन्छ ।

Net utility of corruption= F - income from corruption, legitimate income -fair wages_, strength of political institutions, moral & political values values of the society, probability of being caught & punished)

सूचनाको हक सम्बन्धी अभियन्ताहरूले Asymmetric Flow of Information लाई भ्रष्टाचारको कारक मान्दछन् । अर्थात् लोकतन्त्रमा सबै नागरिकको समान अधिकार हुन्छ र सबै जनता सम्प्रभुव हुन्छन् । यसैगरी सूचनाको प्रवाह एवं पहुँचमा Symmetricity कायम गर्नुपर्छ भन्ने मान्यता राख्छन् ।

## प्रशासकीय भ्रष्टाचार उत्पन्न हुने अवस्थाहरु

१. **प्रशासकीय ढिलाई** (Administrative Delay)
कुनै लाइसेन्स, परमिट, दर्ता, नवीकरणका लागि सेवाग्राहीले पेश गर्ने फाइल उपर निर्णय गर्न तहहरू धेरै भए वा फाइलले यात्रा गर्ने दूरी धेरै भयो भने प्रशासनिक ढिलाई उत्पन्न हुन्छ । सेवाग्राहीले एउटा फाइलको पछि-पछि हिँड्नुपऱ्यो भने उसको Opportunity Cost बढ्न जान्छ । एउटा व्यवसायीले फाइल फछ्र्योटको पछाडि यात्रा गरेर समय बर्बाद गर्दा उसको अन्यत्रको आम्दानी प्रभावित हुन्छ । यसर्थ उसले काम छिटो सक्नका लागि Speed Money वा Greasing Money का रूपमा केही रकम उपलब्ध गराउने मनसाय राख्छ । उसको मनसाय र कर्मचारीको अतिरिक्त लाभको इच्छाको संयोजन हुँदा त्यहाँ भ्रष्टाचारको उत्पत्ति हुन्छ ।

त्यसले भ्रष्टाचारको चक्र नै सञ्चालन गर्छ । एउटा व्यवसायीबाट केही रकम लिएर उसको काम छिटो सम्पन्न गर्न खोज्दा अरू लामबद्ध व्यवसायीहरूको पालो पछाडि सर्न जान्छ र त्यसले झन प्रशासनिक झन्झटको अभिवृद्धि गर्छ । यसै क्रममा अतिरिक्त रकम दिनेहरूले सजिलै सेवा लिन्छन् र नदिनेहरू दिनहुँ धाइरहन बाध्य हुन्छन् । यस्तो भ्रष्टाचार न्यूनीकरणका लागि प्रशासकीय कार्यविधिको सरलीकरण, तहहरूको कटौती एकल बिन्दु सेवा र प्रविधिको स्वचालित प्रयोगको सयोजित प्रयास आवश्यक हुन्छ ।

२. सरकारको कार्यक्षेत्रको विस्तारीकरण सँगसँगै एउटै निकाय वा अधिकारीमा अत्याधिक नियमनकारी शक्ति सीमित हुँदा भ्रष्टाचारको दायरालाई बढाउँछ ।
३. तजबिजी अधिकारको व्यवस्था नभएको अवस्थामा प्रशासकले परिस्थितिजन्य निर्णय गर्न कठिन हुन्छ । सबै घटना र परिवेशलाई कानुनले परिकल्पना गर्न पनि सक्दैन । अर्कोतर्फ नवप्रर्वत्तन एवं नेतृत्व विकासका लागि तजबिजी अधिकार आवश्यक पर्छ तर प्रशासकीय अधिकारीले त्यस्तो तजबिजी अधिकारको अभ्यास गर्ने क्रममा निश्चित आधारहरूको अवलम्बन नगरी जथाभावी तबरमा गर्न थाले भने त्यसले भ्रष्टाचारलाई आमन्त्रण गर्दछ ।

**भ्रष्टाचारका प्रचलित रुपहरु**

१. **रिसवत** : कुनै कार्य गरिदिए वा नगरिदिएवापत अतिरिक्त रकम लिने ।
२. **धम्की** : बल वा धम्की दिई गलत कार्य गर्न लगाउने ।
३. **अनियमितता** : नियम कानुनको उल्लङ्घन गरी सार्वजनिक कोषको दुरूपयोग गर्ने (चोरी) ।
४. नाता, कृपा, फरिया र भौगोलिक सामीप्यतालाई मध्यनजर गरी कोही कसैलाई उसले प्राप्त गर्नेभन्दा अतिरिक्त सुविधा दिलाउने वा अन्य कसैले नियम बमोजिम पाइरहेको सुविधा खोस्ने (Favoritism, Nepotism)
५. सार्वजनिक कोषमा रहेको धनलाई आफ्नो खल्तीमा ल्याउन नीति, संस्था र संयन्त्रको दुरूपयोग गर्ने (Kleptocracy)
६. छलछाम (Fraud) : कुनै वस्तु, सेवा वा निर्माणको न्यून वा अधिक मूल्याङ्कन गर्ने । राजस्व हिनामिना गर्ने ।
७. विभिन्न सन्धि सम्झौताका माध्यमबाट राष्ट्रघात (Treason) गर्ने । जस्तै : महाकाली सन्धि ।
८. न्यायको अपव्याख्या गर्ने (Perversion of Justice)
९. कानुनको पालना गराउन नसक्ने, आफैंले निर्धारण गरेको लक्ष्य हासिल गर्न नसक्ने, झुटा आश्वासनहरू बाँडी हिँड्ने, आफैंले दिएको निर्देशन आफैं उल्लङ्घन गर्ने, शासनको जिम्मेवारी लिएको पदाधिकारीले नै लाचारी देखाउने । (Non-Performance of Duties)
१०. निर्वाचनमा धाँधली (Vote Rigging), बजेट विनियोजन गर्दा स-साना आयोजनामा कनिका छर्ने (Camel Nosing), आफू र आफ्ना कार्यकर्तालाई निजी फाइदा पुग्ने गरी आफ्नो क्षेत्रमा बजेट विनियोजन गर्ने (Gerrymandering)
११. आफ्नो विभाग अन्तर्गतका मोफसलका आयोजनाहरूको अत्यन्त न्यून मात्रामा अनुगमन गरी तिनै आयोजनालाई प्रभावकारी बनाउने नाममा महिनैपिच्छे विदेश भ्रमणमा जाने (Air Hostess Tendency)
१२. विषयगत निर्देशन दिएर सिन्डिकेट, कार्टेलिङ र तस्करी रोक्ने कुराको जिम्मेवारीबाट पन्छने । (Over Subjectivity)
१३. डिजाइन, इष्टिमेटदेखि नै सार्वजनिक खरिदमा गठबन्धन गर्ने । (Collusive Procurement)
१४. कानुन नै बनाएर वा मन्त्रिपरिषदबाट नीतिगत निर्णय गराएर भ्रष्टाचार गर्ने (Legal Corruption) । जस्तै : कार्यकर्ताहरूलाई बाँडिने आर्थिक सहायता
१५. फर्जी कम्पनी खडा गरेर कमिशनलाई आफूतर्फ ध्रुवीकृत बनाउने । जस्तै : वाइडबडी प्रकरण
१६. जुनसुकै कामलाई पनि देश र जनताको हितमा छ भनी व्याख्या गर्ने तर सीमित वर्ग समूहको हितलाई मात्र प्रबर्धन गर्ने । जस्तै : युवा स्वरोजगार कोष र बिचौलिया सहकारीको सिर्जना
१७. नीति, कार्ययोजना, निर्देशिकाको तर्जुमा गर्ने काम आफू संलग्न रहेको बाह्य कम्पनीलाई दिने । आफूले गर्नुपर्ने नियमित कामका लागि समेत परामर्श लिने (Fake Consultancy) ।

**नेपालमा भ्रष्टाचारको अवस्था**

ट्रान्सपरेन्सी इन्टरनेशनलबाट Corruption Perception Index २०१८ को सार्वजनिक हुँदा नेपालले ३१ अंक मात्र प्राप्त गरेको थियो । सर्वेक्षित १८० मुलुकहरूमध्ये १२४ औं स्थान हासिल गयो । CPI स्कोर सन २०१७ कै वरावर आएको भए पनि अन्य विकासोन्मुख देशहरूले सुशासनमा नेपालको भन्दा केही वेसी प्रगति

हासिल गर्दा सन २०१७ को Ranking १२२बाट २ स्थान तल झरेर १२४ औं स्थानमा आइपुगेको अवस्था छ । TI ले सन १९९५देखि CPI सूचकांक सार्वजनिक गर्न थालेको हो । TI ले द्वितीयक तथ्याङ्कमा रही वार्षिक तबरमा सूचकांक सार्वजनिक गर्छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले विश्व बैंक, वर्ल्ड इकोनोमिक फोरम, ग्लोबल इनसाइट, वर्टेल्सम्यान फाउण्डेशन, वर्ल्ड जस्टिस रिपोर्ट र भेराइटिज अफ डेमोक्रेसी प्रोजेक्ट लगायतका संस्थाहरूद्वारा गरिएका सर्वेक्षणका आधारमा CPI को मापन गर्छ । सन २०१८ को प्रतिवेदन सार्वजनिक गर्ने क्रममा TI ले स्थानीय तह र संघीय एवं प्रादेशिक निर्वाचनपछि पनि सार्वजनिक क्षेत्रमा भ्रष्टाचार व्यापार व्यवसाय सञ्चालन गर्दा घुस दिनुपर्ने, सार्वजनिक पद एवं अधिकारको दुरुपयोग, अनुगमन र कारबाहीमा कमी, सूचनामा नागरिकको पहुँचमा कमी, राजनीतिक भ्रष्टाचार बढेको जस्ता दीर्घकालीन समस्याहरू यथावत रहेको भनी बताएको छ । विगत ७ वर्षदेखिको CPI सूचकलाई हेर्दा भ्रष्टाचार नियन्त्रणमा नेपालले खासै उल्लेखनीय सुधार गर्न सकेको छैन ।

नेपालमा भ्रष्टाचारको अवस्था गम्भीर एवं चिन्ताजनक रहेको निष्कर्ष निकाल्न सकिन्छ । ट्रान्सपरेन्सी इन्टरनेशनलले मापन गर्ने देशगत CPI सूचकको आधारशीला भनेको युरोप र उत्तरी अमेरिकी देशको प्रभावमा रहेका अन्तर्राष्ट्रिय अन्तरसरकारी वा गैरसरकारी संस्थाका वार्षिक सर्वेक्षणहरु हुन् । प्राय यस्तो सर्वेक्षणले यूरोप र उत्तर अमेरिकाका देशहरूलाई अग्रस्थानमा प्रस्तुत गर्छ भने विकासोन्मुख देशहरूलाई भ्रष्ट समाजको सूचीमा समावेश भएको नतिजा प्रकाशन गर्छ । विश्वब्यापी मानवीय मूल्य मान्यता (Universal Human Values) को दृष्टिकोणबाट हेर्दा संसारमा सबैभन्दा भ्रष्ट मुलुक र समाजको रूपमा पश्चिमा मुलुकहरू चित्रित हुन्छन् । अफ्रिकी देशहरूमा रहेका खानीमाथि कब्जा गर्ने, मध्यपूर्वको तेलमा सहज आधिपत्य जमाउने वा ठूला पूर्वाधारका आयोजनाको टेण्डर आफ्ना कम्पनीहरूलाई दिलाउने वा गृहयुद्धको सिर्जना गरी हतियार बिक्री गर्ने काममा तत् विकासोन्मुख देशका नेतृत्वलाई अनेक प्रकारका प्रलोभन, प्रभाव वा धम्की समेत दिने काम पश्चिममा देशहरूले गर्छन् । नवउपनिवेशवादको माध्यमद्वारा आफ्नो साम्राज्य टिकाई राख्न अन्य मुलुकमा जस्तो सुकै अनैतिक र भ्रष्ट काम गर्न पछि पर्दैनन् । तर पश्चिममा मुलुकका सरकारले देशभित्रको विकास निर्माण र सेवा प्रवाहको क्रममा उच्चतम पारदर्शिता एवं जवाफदेहिताको अवलम्बन गर्छन् । यसर्थ CPI ले देशभित्रको शासकीय गतिविधिलाई केन्द्रबिन्दुमा राख्ने हुँदा पश्चिमा मुलुकहरू नैतिकवान जस्ता देखिन्छन् तर तिनीहरूले अन्तर्राष्ट्रिय तबरमा गरेका कामहरूको मूल्याङ्कन गर्ने हो भने अधिकांश कामहरू विश्वव्यापी मानवीय मूल्य र नैतिकताबाट बिचलित भएको देखिन्छ । यसो भन्दैमा विकासोन्मुख मुलुकले सुशासनको अभिभाराबाट पन्छने होइन । आफ्नै मतदाता, स्वजन र दाजुभाइ दिदीबहिनीहरूको सम्पत्ति हिनामिना, चोरी, ठगी वा लुट गर्ने नेपाल जस्ता विकासोन्मुख मुलुकले सुशासनका सन्दर्भमा ठोस कदम भने चाल्नु नै पर्छ । सँगसँगै अन्तर्राष्ट्रिय संस्थाका सर्वेक्षणहरूको विधि र विश्वसनीयतालाई विश्वव्यापी मानवतावादको आधारमा परीक्षण गर्नुपर्छ । तिनीहरूले जे प्रकाशन गर्छन् त्यसलाई नै अन्तिम सत्य मानिरहन आवश्यक हुँदैन । तैपनि तथ्य र विज्ञानबाट पुष्टि भएका सर्वेक्षणलाई तुलनात्मक अध्ययनको सन्दर्भ सामग्रीका रूपमा लिन भने सकिन्छ ।

### सार्क राष्ट्रको CPI तुलनात्मक विवरण

| देश | २०१५ | | २०१६ | | २०१७ | | २०१८ | |
|---|---|---|---|---|---|---|---|---|
| | अंक | स्थान | अंक | स्थान | अंक | स्थान | अंक | स्थान |
| भुटान | ६५ | २७ | ६५ | २७ | ६७ | २६ | ६८ | २५ |
| भारत | ३८ | ७६ | ४० | ७९ | ४० | ८२ | ४१ | ७८ |
| श्रीलंका | ३७ | ८३ | ३६ | ९५ | ३८ | ९४ | ३८ | ८९ |
| पाकिस्तान | ३० | ११७ | ३२ | ११६ | ३२ | १२० | ३३ | ११७ |
| माल्दिभ्स | - | - | ३६ | ९५ | ३३ | ११५ | ३१ | १२४ |
| नेपाल | २७ | १३० | २९ | १३१ | ३१ | १२९ | ३१ | १२४ |
| बंगलादेश | २५ | १३९ | २६ | १४५ | २८ | १४३ | २६ | १४९ |
| अफगानिस्तान | ११ | १६६ | १५ | १६९ | १५ | १७७ | १६ | १७२ |

### भ्रष्टाचारको अवस्थाका सम्बन्धमा सामाजिक अभिमत

नेपालको सन्दर्भमा भ्रष्टाचार के हो ? भन्ने सम्बन्धमा सामाजिक मतैक्यता रहेको छैन । Fred W Riggs का अनुसार Poly Normativism को अवस्था हुनु भनेको Normlessness हो । यस्तो अवस्थामा भ्रष्टाचारलाई हेर्ने परस्पर बहुसामाजिक दृष्टिकोण एवं मूल्यहरू हुन्छन् र त्यसले सामाजिक नैतिकताको स्थापनामा बाधा पुऱ्याउँछ । जस्तैः कुनै एउटा समुदाय

वा परिवारले आफ्ना सदस्यहरूको भ्रष्ट व्यवहारलाई आफन्तको लेप लगाई त्यस सम्बन्धमा मौन बस्ने तर अन्य सदस्यले प्रदर्शन गर्ने सोही व्यवहारको चर्को विरोध गर्ने प्रवृत्तिले भ्रष्टाचार सम्बन्धी मतको विविधतालाई इंगित गर्छ । आफ्नो छोरीको विवाह गर्नुपर्दा एउटा शिक्षकलाई भन्दा सरकारी ओभरसियरलाई प्राथमिकता दिने अनि भ्रष्टाचारको विरोध गर्ने प्रवृत्तिले मूल्यहरूको द्वन्द्वलाई छरपष्ट पार्छ । आफू संलग्न रहेको राजनीतिक दल सरकारमा रही गरेका सबै कार्यको अन्ध समर्थन गर्ने र अर्को राजनीतक दलको सरकारले गरेका सबै कामको उग्र विरोध गर्ने प्रवृत्ति पढे लेखेका बौद्धिकहरूमा समेत देखा पर्नु भनेको Normlessness को नै अवस्था हो । शिक्षक दैनिक पाठयोजनाबिना विद्यालयमा जाने, प्राध्यापकहरू अनुसन्धानबिना सुगारटाइको अध्यापनमा रमाउने, आफू कार्यरत रहेको निजी वा सामुदायिक संस्थामा अनियमितता गर्ने, आफ्नो स्वामित्वमा रहेको कम्पनीको फर्जी कारोवार राख्ने, अस्वाभाविक कर विवरण पेश गर्ने अनि सभा समारोह र सामाजिक सञ्जालमा सरकारी कर्मचारी र नेताहरूलाई गालीगलौज गर्ने आफूलाई सदाचारी एवं राष्ट्रप्रेमीको रूपमा स्वयं प्रशंसा गर्ने । कुनै व्यक्ति वा समूह आफ्नो निहित लाभका लागि गैरकानुनी काम गर्न विभिन्न अधिकारीहरूलाई दबाब दिने र काम भएमा सम्बन्धित अधिकारीलाई असल भन्दै हिँड्ने तर नगरिदिएमा अनैतिक वा कमसलको बिल्ला भिराउने मानिसहरूको प्रचुरता नै रहेको पाइन्छ । विभिन्न सामाजिक संस्कारहरू गर्दा आफू र आफ्नाले गर्ने तडकभडक र भव्य आयोजनालाई हाम्रो परिवार, कुल, हाम्रो साथी भनी प्रशंसा गर्ने र तर त्यही काम अरूले गर्दा त्यत्रो खर्च कहाँबाट आयो ? भनी प्रश्न उठाउने परस्पर विरोधी व्यवहारहरूले भ्रष्टाचारका सम्बन्धमा Poly Norm को सामाजिक धारणालाई नै अभिवृद्धि गर्छ । यसर्थ नेपाली समाजमा भ्रष्टाचारको परिभाषीकरण र बुझाइको Polynormativism वा Normlessness को अवस्थालाई हेर्दा Nepalese Society is Corrupt Society भन्दा अत्युक्ति हुन जाँदैन । दलका कार्यकर्ताहरूले उपभोक्ता समिति, सामुदायिक वन समिति, विद्यालय व्यवस्थापन समिति, महायज्ञ आयोजक समिति, सहकारी, टोल समिति, वंशावली समिति जस्ता सबै सामुदायिक संस्थाहरूमा हालिमुहाली गरी भ्रष्टाचारको सामुदायिकीकरण गरिरहेको अवस्था छ ।

### भ्रष्टाचारीका रणनीतिहरु

भ्रष्टाचारलाई नियन्त्रण गर्न भ्रष्ट प्रणाली संस्था वा भ्रष्टाचारीले अवलम्बन गर्ने रणनीतिहरूका बारेमा जानकारी राख्नुपर्ने हुन्छ । भारतीय विद्वान Dhrubjyoti Bhaumik का अनुसार भ्रष्टले चार प्रकारका रणनीतिहरू लिएका हुन्छन् । (Mystification, Distancing, Folklore, Pacification)

१. **Mystification:** सरकारी अधिकृतले आफू र आफू कार्यरत निकायमा अन्तरनिहित अधिकार एवं शक्तिलाई रहस्यमय बनाउने प्रयास गर्छन् । कतिपय सूचनालाई गोप्य राख्नुपर्ने सूचना भनी बताउँछन् जुन गोप्य राख्न आवश्यक छैनन् वा जसलाई प्रचलित कानुनले गोप्य राख्नु भनेको छैन । निर्देशिका कार्यविधिहरूको चाङ बनाउन बजेटको उपयोग गर्छन् तर त्यस्ता निर्देशिकाहरू लक्षित वर्गसम्म पुग्दैनन् यदि पुगिहाले भने पनि निर्देशिकालाई जनताले बुझ्न सक्दैनन् । युवाहरूलाई स्वरोजगार बनाउन उद्यमशीलताको प्रस्ताव अनुसार ऋण अनुदान दिने भनी ल्याइएको युवा स्वरोजगार कोषका कार्यविधि र निर्देशिकाहरू लक्षित युवासम्म पुगेको नै हुँदैन । यदि पुगिहालेपनि धितोरहित ऋण पाउन सहकारीसमक्ष जानुपर्छ । त्यस्ता सहकारीहरूले कोषबाट प्राप्त रकमलाई निर्देशिका लक्षित युवाभन्दा सहकारीका सञ्चालकका आफन्तहरूलाई नै ऋण उपलब्ध गराउँछन् । यसरी लम्बेतान प्रक्रियाको झन्झटलाई पूरा गर्न नसक्दा वास्तविक उद्यमशील युवाहरू कार्यक्रमको दायराबाट बाहिर नै रहन्छन् । यसैगरी कतिपय देशका प्रहरी संगठनले आफूलाई प्राप्त अधिकार र त्यसको अभ्याससँग सम्बन्धित प्रक्रियालाई जटिल रहस्यमय र अत्यन्त चुनौतीपूर्ण रूपमा चित्रण गर्दछन् र सर्वसाधारणलाई डर एवं धम्कीको माध्यमबाट ससाना विषयमा भयभित बनाई आफ्नो असुलीको धन्दा सञ्चालन गर्छ ।

२. **Distancing**: पदाधिकारी र नागरिकबीच दूरीको सिर्जना गर्ने । बिचौलियामार्फत् मात्र पदाधिकारी र नागरिकबीचको सम्बन्ध स्थापित हुन सक्ने किसिमका कानुन, संस्था र प्रक्रियाको तर्जुमा गर्ने । ग्रामीण विकास कार्यक्रमहरू असफल हुनुको प्रमुख कारण नै सरकारी संस्था र सेवाग्राहीबीचको सिर्जित दूरी नै हो । सेवाप्रदायक अग्रस्थानका कार्यालयहरूको सेवामा बिचौलियाको उपस्थितिलाई समेत यसै रणनीति अन्तर्गतको परिघटनामा राख्न सकिन्छ । सवारी लाइसेन्स वितरण गर्ने कार्यलाई जिल्ला वा स्थानीय तहसम्म विकेन्द्रित गर्ने र प्रदेशले सेवाको गुणस्तरको नियमन गर्ने हो भने लाइसेन्स वितरण कार्यालयमा भ्रष्टाचारका असरहरू स्वतः कम

हुन्छन् । तर नेपालमा राजनीतिक संघीयता एवं विकेन्द्रीकरणको जति नै संवैधानिक व्यवस्था भए पनि व्यवहारमा अधिकार, स्रोत र जिम्मेवारीको केन्द्रीकरण नै देखिन्छ । स-साना विशिष्टीकृत इकाइहरूलाई जनसांख्यिक अनुपातमा समुदायसम्म पुऱ्याउन सकियो भने सेवा प्रवाहमा देखापर्ने अनियमितता स्वतः कम भएर जान्छ । अत्यन्त थोरै कर्मचारी राख्ने अनि एकै दिनमा हजारौंलाई सेवा दिनुपर्ने गरी सेवा प्रवाहको संरचना निर्माण गरिन्छ भने त्यसबाट उत्पन्न हुने दुष्परिणामको जवाफदेही सम्बन्धित कार्यालयका कर्मचारीहरू हुने नभई नीतिगत तहका उच्च पदाधिकारीहरू जवाफदेही हुन्छन् ।

३. **Folklore**: भ्रष्टाचार नभई काम हुँदैन । सबै भ्रष्टाचारी छन् । तपाईंको पनि काम गर्नुछ भने यति पैसा खर्च गर्नुहोस्, मेरो मन्त्रीसँग निकट सम्बन्ध छ भनी मिथकहरूको सिर्जना गर्ने यसभन्दा अघिको हाकिमले करोड रकम लिएर गयो, तपाईं पनि हामीसँग मिल्नुहोस् भनी कथाहरूको सिर्जना गर्ने काम संगठित भ्रष्टहरूले गर्छन् । नेपालमा पनि ठेकेदारलाई मोबिलाइजेशन दिएपछि केही प्रतिशत कमिशन आउँछ, अमूक कार्यालयमा सरूवा भई जाने हो भने रकम खर्च गर्नुपर्छ, प्रहरीलाई रकम दियो भने मुद्दा अनुसन्धान फितलो बनाइदिन्छ, अर्थमा रकम दिइयो भने जेठ असारमा पनि थप बजेट लिन पाइन्छ जस्ता कथाहरू वाचन गर्दै हिँड्ने गरेको पाइन्छ । यस्तो कथाको वाचन बाहिरियाहरूले नगरी संगठनका भित्रियाहरूले नै गरिरहेका हुन्छन् । किनकि संगठित भ्रष्टहरूको उद्देश्य सबै पदाधिकारी र संस्थालाई भ्रष्ट देखाई भ्रष्टाचारलाई Common Practice जस्तो बनाउने अनि आफ्नो दुनो सोझ्याउने हुन्छ ।

४. **Pacification**: कुनै निकायमा संगठित भ्रष्टाचारको विषय सञ्चार माध्यमबाट प्रसारण भएको खण्डमा आक्रोशित हुने जनमानसलाई थामथुम पार्न विभिन्न जाँचबुझ समिति, कार्यदल गठन गर्ने केहीलाई निलम्वन गर्ने, केहीलाई स्पष्टीकरण सोध्ने, कोहीलाई सरूवा गर्ने आदि कामहरू Pacification अन्तर्गत पर्छन् । भ्रष्टाचारको वास्तविक कारण र पात्रहरू सम्म नपुगीकन केही पदाधिकारीलाई सामान्य दोषी देखाई घटनालाई सामसुम पार्ने रणनीति भ्रष्ट प्रणालीले अवलम्बन गरेको हुन्छ ।

Bhaumik ले उल्लेख गरेका माथिका चार रणनीतिहरूका अतिरिक्त नेपालमा निम्न रणनीतिहरू समेत प्रचलनमा रहेका छन् ।

५. **अत्याधिक राजनीतिकरण**: A भन्ने दलका मन्त्रीको कर्तुत बाहिरियो भने A भन्ने दलका कार्यकर्ताहरूले प्रतिस्पर्धी B दलको षड्यन्त्र हो, माफियाहरूले काम गर्न दिएनन् जस्ता सतही कुराहरू गर्दै हिँड्ने । आफू सम्बन्ध दलका नेताको कर्तुतलाई स्वीकार नै नगर्ने । स्वीकार गरिहाले पनि परिस्थितिजन्य बाध्यताको उपज हो नेता त आफैंमा असल हुन भनी प्रचार प्रसार गर्ने ।

६. **लिलाम बढाबढ**: जुन विभाग वा कार्यालयमा अत्याधिक गैरकानुनी आर्जन हुन्छ त्यहाँ जानका लागि इच्छुकहरूबीचको अघोषित बढाबढको अवस्था हो । सरूवा भई त्यस्तो विभाग वा कार्यालयमा गएपछि लगानीभन्दा धेरै गुणा गैरकानुनी आर्जनमा संलग्न हुने र त्यस्तो आर्जनलाई विभिन्न शक्ति केन्द्रमा वितरण गरी आफूप्रति ठूलाबडाको सहानुभूति प्राप्त गरिरहने ।

७. **सय मुसा खाएको बिरालो**: एउटा निश्चित तल्लो पदमा बहाल रहुन्जेलसम्म अबान्छित गतिविधि गरी अकुत आर्जन गर्ने र त्यसलाई शुद्धीकरण गर्ने, सहसचिव वा सचिव भएपछि आदर्श भनाइहरू राख्दै आम मानिसमा भ्रम छर्ने रणनीति ।

८. **सम्पत्ति शुद्धीकरण**: जग्गाको वास्तविक मूल्य र न्यूनतम मूल्यबीचको अन्तरबाट लाभ उठाउँदै अवैध आर्जनलाई शुद्धीकरण गर्ने । परिवारका सदस्यको नाममा कुनै फर्म वा कम्पनी खडा गरी हुँदै नभएको फाइदाभन्दा ज्यादा फाइदा भएको देखाई कर दाखिला गर्ने र अवैध आर्जनको व्यावसायिकरण गर्ने । छोराछोरीलाई विदेशतर्फ पलायन हुन प्रेरित गरी हुण्डीमार्फत कालो धनलाई सन्ततिको गन्तव्य मुलुकमा पुऱ्याउने । पुनः सन्ततिले आर्जन गरेको भनी बैंकिङ् कारोवारमार्फत् नेपाल भित्र्याउने आदि ।

९. **Micro-Macro Paradox**: एउटा कार्यालयमा कार्यरत पदाधिकारीले दर्जनौं जिम्मेवारीहरू पूरा गर्नुपर्ने रहेछ भने केही दुई तीन वटा कस्मेटिक तथा टोकन सुधार गर्ने, त्यसलाई केही सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने र आफ्नो देवत्वकरण गर्ने तर Core Function को सम्पादनमा त्यति ध्यान नपुऱ्याउने । अन्य मुख्य जिम्मेवारीहरूको पालना गर्दा व्यक्तिगत लाभको अधिकीकरण गर्ने । सामान्य

एउटा कामलाई निकै ठूलो बनाई आफूलाई असल छवी भएको पदाधिकारीको रूपमा प्रस्तुत गर्ने ।

१०. **टिम मिलाउने**: अमूक मन्त्रालय, अमूक विभाग वा कार्यालय जाने नेतृत्वले टिम मिलाउने भन्दै कर्मचारीहरूको हेरफेर गर्ने, आफू अनुकूलका कर्मचारीहरूलाई मात्र स्थान दिई संगठित भ्रष्टाचारको सञ्जाल विस्तार गर्ने रणनीति ।

## नेपालमा भ्रष्टाचार नियन्त्रणका सम्बन्धमा रहेका समस्या एवं चुनौतीहरु

### संवैधानिक, नीतिगत तथा कानुनी समस्या एवं चुनौतीहरु

१. वर्तमान संविधानले अनुचित कार्यलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अधिकारबाट हटाएर पनि अन्य कुनै निकायलाई सो अधिकार प्रदान गरेको छैन । कुनै एक व्यक्ति विशेषको खराब चरित्रका कारण संवैधानिक व्यवस्थामा हेरफेर गरिनु हुँदैनथ्यो । व्यक्तिलाई हटाउन सकिन्छ तर अथक मेहनतबाट बनेका संस्थालाई त्यसको शिकार बनाउनु गलत थियो । आयोगको कार्य क्षेत्रमा अनुचित कार्यको अनुसन्धान र कारबाहीलाई हटाइँदा २ वटा जोखिम बढाएको छ । पहिलो, अनुचित कार्य गर्ने राष्ट्रसेवकले समेत भ्रष्टाचारको मुद्दा खेप्नुपर्ने अवस्था उत्पन्न हुन सक्छ । दोश्रो, कसूरको दायरा फराकिलो नहुँदा आयोगको कार्यसम्पादनमा जटिलता उत्पन्न हुनसक्छ ।

२. नीतिगत भ्रष्टाचारलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यक्षेत्रभित्र राखिएको छैन । अर्थात् यो कसैको कार्य क्षेत्रमा पनि छैन । कतिपय अवस्थामा प्रशासनिक प्रकृतिको कामलाई पनि मन्त्रिपरिषद्बाट निर्णय गराई नीतिगत स्वरूप प्रदान गर्ने गरिएको पाइन्छ । यसकारण कस्तो प्रस्तावलाई नीति भन्ने र कस्तोलाई प्रशासनिक भन्ने सोको वर्गीकरण गर्नुपर्ने हुन्छ ।

३. आर्थिक उदारीकरणले निजी क्षेत्रलाई समेत सार्वजनिक सेवाको चरित्र भएका वस्तु तथा सेवाको वितरण गर्ने अनुमति प्रदान गर्छ । जस्तै : निजी बैंकले हजारौं जनताको निक्षेप संकलन गर्छ । दुग्ध र पानी कम्पनीले स्वास्थ्य संवेदनशील पेय पदार्थको वितरण गर्छ । यिनीहरूको नियमन सम्बन्धी ऐननियमबाट भइरहेकै पनि हुन्छ तर सञ्चालक वा व्यवस्थापकहरूले नियमनकारी निकायसँग मिलिभगत गरी वा नियमनको फितलो अवस्थाबाट फाइदा उठाई Corporate Corruption गर्ने सम्भावना रहिरहन्छ । यस्तो परिवेशमा निजी क्षेत्रको भ्रष्टाचार नियन्त्रण गर्ने कानुन र निकायको अभाव भएको ब्यहोरा महसुस गर्न सकिन्छ । अर्कोतर्फ संस्था दर्ता ऐन बमोजिम गठन भएका संस्थाहरूमा हुने भ्रष्टाचारलाई नियन्त्रण गर्ने प्रावधान ऐनमा उल्लेख गरिएको छैन । हिसाब जाँचको सामान्य प्रावधान मात्र राखिएको छ ।

४. सैनिकहरूले भ्रष्टाचार वा अधिकार दुरूपयोग सम्बन्धी विषयलाई सैनिक ऐनको कार्यक्षेत्रमा राखिएको छ । कुनै शत्रु राष्ट्रसँग युद्धमा खटिएको बेला वा संकटकालीन अवस्थामा सैनिक परिचालन भएको बेला सैनिकहरूलाई सैनिक ऐनकै कार्यक्षेत्रभित्र राख्न मनासिव देखिए पनि नियमित प्रकृतिका खरिद, राशन ठेक्का व्यवस्था कल्याणकारी कोषको सञ्चालन र सेना नियन्त्रित व्यापार आदिसँग सम्बन्धित विषयहरूलाई आयोगकै कार्य क्षेत्रमा राख्न उपयुक्त हुन्छ । लोकतन्त्रमा सबै समान छन् । कानुनभन्दा माथि कोही छैनन् ।

५. भ्रष्टाचारविरूद्धको अन्तर्राष्ट्रिय महासन्धि २००३ बमोजिम घरेलु नीति कानुनलाई समायोजन गर्नुपर्ने काममा अपेक्षित प्रगति हुन सकेको छैन ।

### संस्थागत समस्या एवं चुनौतीहरु

१. आयोगको आफ्नै सेवा समूह छैन । आयोगमा काम गर्न कस्ता कर्मचारीहरू हुनुपर्छ भन्ने अलगै मापदण्ड समेत छैन । कार्यकारिणीका कर्मचारीहरूबाट काम लिँदा नैतिक जोखिम रहिरहन्छ । योग्य, सक्षम र सच्चरित्रवान कर्मचारीलाई आयोगमा टिकाइराख्न चुनौतीपूर्ण छ । यद्यपि पछिल्लो प्रोत्साहन सुविधाले यस समस्याको समाधान गर्ने अपेक्षा गर्न सकिन्छ । आयोगमा पर्याप्त मात्रमा विधि विज्ञान प्रयोगशालाको व्यवस्था गर्न वर्तमान नेतृत्व लागि रहेको भए पनि मौजुदा प्रयोगशालाहरूलाई क्षेत्रीय तहमा समेत विस्तार गर्न जरूरी हुन्छ । कतिपय अवस्थामा (जस्तै : सम्पत्ति शुद्धीकरण, राजस्व चुहावट आदि) मा बहुनिकायको सहकार्य आवश्यकता पर्ने हुन्छ । समन्वय र सहकार्यको संस्थागत संयन्त्रहरूको कमी छ ।

२. लेखापरीक्षण गर्दा कैफियत भेटिएमा भ्रष्टाचार सम्बन्धी अनुसन्धानका लागि इब्ले CIAA लाई सिफारिश

गर्न सक्ने संवैधानिक व्यवस्थाको अभाव खड्किएको छ । लेखापरीक्षणले सबै भुक्तानी केन्द्रका आर्थिक कारोवारहरूको लेखापरीक्षण गर्ने हुँदा प्रस्तुत व्यवस्था प्रभावकारी हुनसक्ने देखिन्छ । लेखापरीक्षण सेवाको विस्तार गर्दै संगठित संस्थाहरूको लेखापरीक्षण समेत मलेपबाट नै गर्न सके वित्तीय भ्रष्टाचारमा केही नियन्त्रण हुने अपेक्षा गर्न सकिन्छ ।

३. राष्ट्रिय सतर्कता केन्द्रको प्रतिवेदनलाई गम्भीरतापूर्वक नलिने, प्रधानमन्त्री कार्यालयले प्राथमिकतामा नराख्ने, प्राविधिक परीक्षणको लागि न्यून बजेट व्यवस्था, सचिवको तारन्तार सरूवा आदिले गर्दा राष्ट्रिय सतर्कता केन्द्रको संस्थागत क्षमता सबलीकृत हुन सकेको छैन । भ्रष्टाचारको निरोध र सदाचारको प्रबर्धनका लागि हेलो सरकारलाई NVC अन्तर्गत राख्ने, अनुचित कार्यको Ombudsman को काम NVC ले गर्ने, प्रधानमन्त्रीलाई सोझै प्रतिवेदन गर्ने आदि विषयहरू विगतमा उठान भए पनि निष्कर्षमा पुग्न सकेको छैनन् ।

४. विशेष अदालतमा पर्याप्त मात्रामा न्यायाधीशहरूको व्यवस्था हुन नसक्दा भ्रष्टाचार सम्बन्धी मुद्दाहरू समयमा नै निरोपण हुन सकिरहेका छैनन् । पदमुक्त भएका तर विगतमा खराब आचरण प्रदर्शन गरेका न्यायाधीशहरूलाई कठघरामा ल्याउने काममा राज्य उदासीन रहेको देखिन्छ ।

५. अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन राज्य व्यवस्था समितिमा प्राप्त भएपछि आयोगका सिफारिश एवं सुझावहरू उपर गम्भीरतापूर्वक छलफल गरी सरकारलाई निर्देशन दिने काम सक्रियतापूर्वक हुन सकेको छैन । महालेखापरीक्षकको प्रतिवेदनमा औंल्याइएका विषयहरू उपर लेखा समिति र सरकारले विधायिकी एवं कार्यकारी पहल नगर्दा एकै प्रकृतिका बेरूजुहरू दोहोरिरहेका छन् ।

६. सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभागले सरकारी वकिलको राय लिई मुद्दा दायर गर्नुपर्ने हुन्छ । महान्यायाधिवक्ताको कार्यालयले यस जिम्मेवारीलाई उचित तबरले पूरा गर्न र विभागको तर्फबाट बहस पैरवी गर्न सरकारी वकिलहरूको तदनुकुलको क्षमता विकासमा ध्यान पुऱ्याउनुपर्ने हुन्छ । अनुसन्धान गर्ने निकाय, सरकारी वकिल र न्यायाधीशहरूले भ्रष्टाचार सम्बन्धी मुद्दामा आधारभूत ऐक्यबद्धता र बुझाइको कमी छ । यसो भन्दैमा अभियोजनित मुद्दाका सबै प्रतिवादीहरूले मागदाबी अनुसार नै सजाय पाउनुपर्छ भन्ने होइन । तर कहीं न कहीं भावनात्मक, प्रक्रियात्मक र प्रमाण जाँचसम्बन्धी धारणाहरूमा अमिल्दो भिन्नता भेटिन्छ ।

७. नेपाल राष्ट्र बैंकले वित्तीय सूचना केन्द्रलाई प्रभावकारी बनाउन नसक्दा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको कार्य सम्पादन सन्तोषजनक हुन सकेको छैन । राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका जनशक्तिको अस्थिरता, कार्यकारीको अबान्छित हस्तक्षेप, संस्थागत क्षमताको विकासमा शिथिलता आदिले सम्बन्धित विभागहरू विगतमा आलंकारिक जस्ता बनेका थिए । पछिल्लो समयमा यी दुई विभागहरूलाई प्रधानमन्त्री कार्यालय मातहत ल्याएपछि केही सक्रियता बढेको देखिन्छ ।

**राजनीतिक समस्या**

धेरैजसो राजनीतिक अध्येताहरूले दक्षिण एशियाली मुलुकको निर्वाचनलाई नै भ्रष्टाचारको जरोका रूपमा अभिव्यक्त गरेको पाइन्छ । प्रतिनिधिसभा सदस्य र प्रदेश सभा सदस्यको उम्मेदवारले क्रमशः २५ लाख र १५ लाख मात्र खर्च गर्न पाउँछन् । तर प्रत्यक्षदर्शीहरूले एउटा उम्मेदवारले न्यूनतम करोड खर्च गर्ने गरेको बताउँछन् । मतदातालाई प्रभावित गर्न टिसर्ट, सारी, टोपी बाँड्ने, भोजभतेरआयोजना गर्ने, दर्जनौं संख्यामा सवारी साधनको परिचालन गर्ने आदि क्रियाकलापहरू साझा क्रियाकलाप जस्तै बनेका छन् । यी सबै अबान्छित गतिविधि गर्नका लागि अलेखांकित रकम संकलन गर्ने । बिचौलिया, तस्कर, अपराधी, भ्रष्टाचारी र कालो बजारीयाको सहयोग लिई निर्वाचन खर्च जुटाउने जस्ता कामले लोकतन्त्रको अनिवार्य प्रक्रिया निर्वाचनको भ्रष्टीकरणलाई मलजल गर्दछ । निर्वाचन आयोगले आचार संहितालाई लागू गर्न नसक्दा र दलहरूमा राजनीतिक संस्कार, पारदर्शिता एवं जवाफदेहिता नहुँदा यस्ता विकृतिहरू निम्तिएका छन् । समानुपातिकतर्फ विजयी उम्मेदवारको चयन गर्दा गैर राजनीतिक कारणहरू हाबी हुने गरेका छन् । २०४७ सालपछि महत्वपूर्ण पदहरूमा नियुक्ति, पदस्थापना र सरूवा गर्दा कार्य क्षमता, लगनशीलता र सच्चरित्रताभन्दा आर्थिक लाभ र राजनीतिक आबद्धतालाई आधार बनाउने प्रवृत्ति विकसित हुँदा लोकतान्त्रिक नैतिकताको स्तर Oligarchic शासन व्यवस्थाको जत्तिकै भयो भन्ने किसिमका जनगुनासोहरू अभिव्यक्त भएको पाइन्छ ।

**सामाजिक समस्या एवं चुनौतीहरु**

धनको स्रोतलाई नहेरी जुनसुकै स्रोतबाट आर्जन गरेको भए पनि सम्मान गर्ने, भ्रष्टाचारलाई हेर्ने दृष्टिकोणमा विविधता, क्षणिक भोग विलासको लालसाले राष्ट्रिय हितलाई तिलान्जलि दिने प्रवृत्ति, क्षेत्रीयतावाद, जातिवाद, नागरिक चेतनाको कमजोर स्तर, विभाजित नागरिक समाज, कामलाई दुख र आरामलाई सुख ठान्ने लोक संस्कृति आदि भ्रष्टाचारको प्रर्वधनमा सहयोगी बनेका सामाजिक प्रवृत्तिहरू हुन् ।

**प्रशासनिक समस्या एवं अन्य चुनौतीहरु**

१. बेनामी उजुरीले फर्जी उजुरीलाई बढाइरहेको छ । यसले आयोगको कार्यबोझ त बढाएको छ नै अन्य महत्वपूर्ण अनुसन्धानका लागि आवश्यक समयको कटौती गरेको छ । सुसेली संवाहक कानुनको तर्जुमा गरी सूचनादाताको संरक्षण गर्ने तर बेनामी उजुरीलाई मान्यता नदिने व्यवस्था हुन नसक्दा भ्रष्ट स्वयंले इमान्दारका विरूद्ध बेनामी उजुरी हाली तर्साउने काम भइरहेको छ । यस्तो बेनामी उजुरी सम्बन्धी व्यवस्थाको अत्याधिक प्रयोग प्रतिशोध साँध्नको लागि भइरहेको छ ।

२. निजामती सेवा ऐनले अनाचरणको नियन्त्रणमा विभागीय प्रमुखलाई जिम्मेवारी प्रदान गरेको छ तर सबैको प्रिय हुने प्रियतावादी प्रवृत्तिका कारण अन्य संस्थाहरू तथा सम्बन्धित कानुनहरूमा शिथिलता देखिन्छ । यसले गर्दा भ्रष्टाचार नियन्त्रणको सबै भार CIAA मा पर्न जान्छ । फलस्वरूप कुनै एक निकायको मात्र सक्रियताले वृहत्तर दायरालाई समेट्न सक्दैन ।

३. आयोगका प्रतिवेदनहरूमा प्रबर्धनात्मक र निरोधात्मक कार्यक्रमहरूको सूची नै देख्न पाइन्छ । तर आयोगको ज्यादा जोड दण्डात्मक रणनीतिमा देखिन्छ । संवैधानिक व्यवस्थाले नै आयोगलाई दण्डात्मक रणनीतिको अवलम्बनतर्फ निर्देशित गरेको छ । यस्तो परिवेशमा निरोधात्मक कार्यका लागि कार्यकारी निकायको प्रभावकारिता आवश्यक हुन्छ ।

४. जटिल प्रशासनिक प्रक्रिया, अस्पष्ट कार्यविधि, राम्ररी परिभाषित नगरिएको जिम्मेवारी, कार्यविवरण र कार्य सम्पादन करार सम्बन्धी व्यवस्थाको कमजोर कार्यान्वयन, सूचना प्रविधिको अभ्यासमा न्यून विद्युतीय साक्षरताको चुनौती, प्रादेशिक संरचनाहरूको स्थापनाका क्रममा संघसँग उत्पन्न अन्तरसंघर्ष, स्थानीय तहका पदाधिकारीहरूको अनुभवको कमी आदि विविध समस्याहरूले अनियमितता गतिविधि गर्न खोज्नेहरूलाई खेल्ने मौका दिएको छ ।

५. एउटै सेवा समूह वा एउटै मन्त्रालय अन्तर्गत काम गर्ने कर्मचारीहरूले प्राप्त गर्ने सेवा सुविधा र अवसरमा रहेको प्रणालीगत र नियतपूर्ण विभेदले कर्मचारीहरूको उत्प्रेरणामा असर पुऱ्याउँदा कामलाई आन्तरिकीकरण गर्न नसक्ने समस्या देखिएको छ । समान पद र कामका लागि समान व्यवहार हुन सकेन भने त्यसले निष्पक्षतामा असर पुऱ्याउँछ । संगठनभित्रको विभेदबाट पीडित भएको कर्मचारीले आफ्नो पीडालाई सेवा प्रवाहका क्रममा नकारात्मक ढंगले प्रस्तुत गर्न सक्ने सम्भावना रहन्छ ।

६. सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनका लागि जनताको माग पक्ष प्रबल बन्दै जानुपर्छ । तर जनस्तर सम्म सूचनाको हक सम्बन्धी ऐनको व्यवस्थाहरूको प्रचार प्रसार हुन सकेको छैन । पत्रकारहरूका लागि मात्र ऐन ल्याए जस्तो भएको छ ।

७. सार्वजनिक पदको दुरूपयोग गरेर गैरकानुनी आर्जन गर्ने र अस्वाभाविक जीवन बिताउनेहरूले विभिन्न कानुनी छिद्रहरूको प्रयोग गरी सम्पत्ति शुद्धीकरण र व्यवस्थापन गर्ने गर्छन् । अनौपचारीक अर्थतन्त्रको सघन उपस्थितिले त्यस्तो प्रवृत्तिलाई सघाउ पुऱ्याइरहेको अवस्था छ ।

८. निश्चित पद भएका जुनसुकै व्यक्ति सेवा समूह भित्रको जुनसुकै पदमा सरूवा भई जानसक्ने अहिलेको व्यवस्थाले व्यक्तिको Integrity Profile र Track Record लाई नजर अन्दाज गर्छ । विगत जस्तो Political Elite को प्रिय भए आकर्षक जिम्मेवारी भन्ने मान्यता विकसित भइरहेको छ ।

**भ्रष्टाचार नियन्त्रणमा सम्पत्ति शुद्धीकरण निवारण व्यवस्थाको प्रयोग**

नेपालमा भ्रष्टाचार निवारणको क्षेत्रमा विगतमा धेरै प्रयास भएका छन् । तर तथ्याङ्कले यसको प्रतिफल राम्रो देखाउँदैन । हाम्रा प्रत्येक प्रयासहरू केवल प्रयासकै रूपमा रहेको भान दिन्छ । प्रत्येक दिन जस्तो रङ्गेहातमा कर्मचारीहरू पक्राउ परिरहेका छन्, दिनहुँ जसो विशेष अदालतमा मुद्दा दायर भएका भयै छन् । तर पनि भ्रष्टाचारमा कमी आएको छैन । किन ? यस प्रश्नको उत्तर खोज्न ढिला भइसक्यो । के हाम्रा प्रयासहरूमा कमी भएर हो वा यो एउटा निको नहुने समस्या नै हो त । विश्वमा भ्रष्टाचार कम भएका मुलुकको अध्ययन विश्लेषण गरी हेर्दा हामी एउटै उत्तर पाउँछौ । जुन जुन

देशमा भ्रष्टाचार निवारणको लागि Preventive mesure राम्रो छ, त्यस्ता देशहरूको CPI स्कोर उच्च छ । यसको मलतब भ्रष्टाचार रोक्ने वा सुशासन कायम गर्ने हो भने Preventive mesure मा जोड दिनुपर्ने हुन्छ । हाम्रो देशमा यही Preventive mesure साह्रै नै कमजोर छ । चोरले पनि त्यस्तो ठाउँमा मात्र चोरी गर्दछ, जहाँबाट भाग्न सकियोस् । भाग्ने ठाउँ नभएको वा कम भएकोमा चोरी कम लाग्दछ । उदाहरणका लागि सबैभन्दा बढी पैसा राष्ट्र बैंकमा छ तर त्यहाँ चोरी भएको आजसम्म रेकर्ड छैन । नेपालमा भ्रष्टाचार धेरै हुनुको कारण यहाँ भ्रष्टाचार गरेर भाग्ने (लुकाउने) ठाउँ धेरै हुनु पनि हो ।

विश्वमा कम भ्रष्टाचार हुने मुलुकको अध्ययनबाट के निष्कर्ष निकाल्न सकिन्छ भने जुन राज्यले सम्पत्ति शुद्धीकरण निवरण सम्बन्धी अन्तर्राष्ट्रिय मान्यतालाई सफल रूपमा कार्यान्वयनमा ल्याएका छन् ती राज्यहरू भ्रष्टाचार निवारण र सम्पत्ति शुद्धीकरण निवारणमा अब्बल साबित भएका छन् । अर्थात् FATF - Financial Action Task Force) को ४० वटा सिफारिसलाई जुन जुन Jurisdiction ले आ–आफ्नो क्षेत्राधिकारभित्र राम्ररी लागु गरेका छन्, ती देश सुशासन कायम राख्न सफल भएका छन् ।

**के हो त FATF को ४० वटा सिफारिश ?**

सम्पत्ति शुद्धीकरण निवारण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारणको लागि विश्वस्तरमा स्थापित संस्था हो FATF - Financial Action Task Force) । यसले सम्पत्ति शुद्धीकरण निवारण र आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धमा Jurisdiction हरूले Technical compliance र Effectiveness का लागि के के गर्ने र यो गर्ने Methodology र यसबाट कस्तो IO (Immidiate Outcome) प्राप्त भएको हुने भन्ने कुराको व्यवस्था गरेको छ । यही कुराको प्राप्तिको लागि FATF बाट गरिएको ४० सिफारिश नै 40 recommendation of FATF हो । Technical Compliance मा के कस्ता कानुनी र संरचनागत व्यवस्था रहने कुरा हेरिन्छ भने Effectiveness मा ती कानुन र संरचनाहरूले वास्तविक रूपमा काम गऱ्यो कि गरेन भनेर हेरिन्छ । यो एउटा यस्तो गज्जबको व्यवस्था हो जसले वित्तीय अनुशासनको माध्यमबाट अपराध नियन्त्रण र सुशासन कायम गर्ने दुवै कार्य गर्दछ ।

यही Technical Compliance र Effectiveness को आधारमा प्रत्येक Jurisdiction को आवधिक रूपमा मूल्याङ्कन हुने हुनाले भ्रष्टाचार नियनत्रण र सम्पत्ति शुद्धीकरण निवारणमा FATF को ४० सिफारिशको महत्वपूर्ण योगदान रहन्छ । अझ सरल शब्दमा भन्ने हो भने यसले एउटा मजबुत प्रणालीको वकालत गर्दछ । भ्षटाचार भनेको Stand alone Risk नभएकोले यसको निवारणको लागि एक्लै कुनै संस्था वा राज्यले मात्र गर्न सक्दैन । त्यसैले प्रत्येक सुशासन भएका राष्ट्रले यसलाई Joint Effort मा लड्ने हिसाबले कानुनी र संरचनागत व्यवस्थासहितको एउटा प्रणाली स्थापना गरेका हुन्छन् । ४० वटा सिफारिसलाई निम्नानुसार बुझ्न सकिन्छ ।

| | |
|---|---|
| A | AML/CFT Risk Assessment, Policies and Coordination (R1 and R2) |
| B | Criminalization of ML and Confiscation (R3 and R4) |
| C | Criminalization of TF (R5), Confiscation, TF and Proliferation (R6 to R 7 and NPO R 8) |
| D | Preventive Measures for financial sector and other related (R 9 to R 23) |
| E | Transparency and Beneficial Ownership of Legal Persons and Arrangements (R 24/25) |
| F | Powers and Responsibilities of supervisors, law enforcements Authorities (Regulators 26 to 28, FIU 29, Investigation R 30 and 31, Cash Couriers R 32, statistics and feedbacks R 33/34, Sanctions R 35) |
| G | International Cooperation (R 36 to 40 : Ratification of UN Instruments, MLA, Extradition, Counterpart Relation) |

**Players in the AML System**

**Structure**

- Legal
- Financial Institutions and DNFBPs - Designated Non-Financial Business and professions _
- Regulators
- Super Structure
- FIU
- Law Enforcement Authorities
- Prosecutorial and judicial authorities

- System and Policy
- Financial and economic systems and policies
- International financial system

संसारमा सफल मुलुकहरूले भ्रष्टाचार नियन्त्रण र सम्पत्ति शुद्धीकरण निवारणमा Preventive mesure मा बढी जोड दिएको पाउँछौ । नेपाल जस्ता भ्रष्टाचार बढी हुने मुलुकले Treatment मा जोड दिने गर्दछ । एक अध्धयनले के देखाएको छ भने जुन देश सुशासनतिर उन्मुख छन्, ती देशमा ७०% Preventive mesuren ले काम गरेको हुन्छ भने २०% जति Complaince ले र १०% मात्र काम Law Enforcement Agency को भागमा पर्दछ । तर नेपाल जस्तो मुलुकमा Preventive Mesuren ले कामै गरेको छैन भनेर भन्दा फरक नपर्ने देखिन्छ । यसको सबै भार Law Enforcement Agency मा पर्न जाने हुनाले भ्रष्टाचार नियन्त्रण अझ चुनौतीको रूपमा रहेको छ । एकातिर सूचक संस्था र नियमनकारी निकायले राम्ररी काम नगर्दा सही सूचना नआउने र आएको पनि जोखिमको आधारमा नआउने हुनाले साधन स्रोतको प्रयोग हुने तर अपेक्षित उपलब्धि हासिल नहुने अवस्था विद्यमान रहेको छ ।

नेपालमा हालै गरिएको National Risk Assisment ले Money Laundering सबैभन्दा धेरै हुने क्षेत्रमा Couurption लाई देखाएबाट पनि Money Laundering र Corruption निवरणको लागि एक अर्कामा सहयोगी रूपमा नगए लक्ष्य प्राप्ति नहुने निश्चित देखिन्छ । यसका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको पहलले मात्र सम्भव छैन । माथि नै भनिसकियो यसका लागि देशका सबै निकाय तथा अन्तर्राष्ट्रिय सहयोग र समन्वय आवश्यक छ । त्यसैले भ्रष्टाचार निवारणका लागि हामीले सम्पत्ति शुद्धीकरण निवारण प्रणालीलाई प्रभावकारी बनाउनु आजको हाम्रो आवश्यकता हो । त्यसैले सूचक संस्था, नियमनकारी निकाय, कानुन कार्यान्वयन गर्ने निकाय, नीति निर्माणमा संलग्न निकाय, सरकारी वकिल, माननीय न्यायाधीश सबैले FATF को ४० वटा सिफारिस, Methodology तथा Immidiate Outcome को पूर्ण जानकारी हुनुपर्ने तथा आ–आफ्नो कार्यसम्पादनका क्रममा प्रयोग भएको देखिनु पर्ने हुन्छ । यसको अभावमा सुशासन र विधिको शासन असम्भवप्रायः छ । ■

**सन्दर्भ सामग्रीहरु**


१. नेपालको संविधान, २०७२
२. भ्रष्टाचार निवारण ऐन, २०५९
३. निजामती सेवा ऐन, २०४९
४. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८
५. अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९
६. राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
७. सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
८. अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रतिवेदनहरू
९. विश्व बैंकका प्रतिवेदनहरू
१०. ट्रान्सपरेन्सी इन्टरनेशनलका प्रतिवेदनहरू
११. भ्रष्टाचार विरूद्धको संयुक्त राष्ट्रसङ्घीय महासन्धिको कार्यान्वयनसम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना-२०६९
१२. सूचनाको हकसम्बन्धी ऐन, २०६४
१३. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्) निवारण ऐन, २०६४ (दोस्रो संसोधन सहित)
१४. सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ् निवारण नियमावली, २०७०
१५. Russel, Bertrand, 1945. A History of Western Philosophy, New York: Simon and Schuster; London: George Allen and Unwin, 1946; rev= edn, 1961.
१६. Shafer-Landau, Russ, 2013. Ethical Theory An Anthology, John Wiley & Sons, Inc.
१७. Williams, Bernard, 1985, Ethics and the Limits of Philosophy, Cambridge, MAM Harvard University Press.
१८. FATF 40 recommendation,methodology,immidiate Outcome, FATF, France.


*लेखक सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका निर्देशक हुनुहुन्छ ।*

# सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था र यसको उपयोग

■ दीर्घबहादुर रावल

## पृष्ठभूमि

अर्थतन्त्रको दीगो विकासका लागि आवश्यक पर्ने वित्तीय स्रोत परिचालनका लागि नेपाल राष्ट्र बैंकले आफ्नो स्थापनाकाल देखि नै विभिन्न नीतिगत, संस्थागत तथा स्रोत साधनको व्यवस्था गरी वित्तीय क्षेत्रको सुदृढीकरण र विकास गर्दै आएको छ । वित्तीय क्षेत्र उदारीकरण पश्चात बैंक तथा वित्तीय संस्थाको संख्यामा उल्लेख्य विस्तार भएसँगै वित्तीय क्षेत्रको साधन परिचालनलाई मुलुकको आर्थिक विकासको मार्गमा डोरयाउन विभिन्न प्रकारका कर्जा कार्यक्रमहरू कार्यान्वयनमा ल्याइएको पाइन्छ । प्राथमिकता प्राप्त क्षेत्र कर्जा, विपन्न वर्ग कर्जा, उत्पादनशील क्षेत्र कर्जा लगायत विभिन्न प्रकारका पुनरकर्जाहरू समय सापेक्ष ढंगले आवश्यकता अनुसार कार्यान्वयन गरिए । विगतमा उर्जा क्षेत्रतर्फ अनिवार्य कर्जा प्रवाह गर्नुपर्ने व्यवस्थाले जलविद्युत विकासमा फड्को मार्दै आज लोडसेडिङ्गबाट मुक्त हुने र उर्जा उत्पादनमा आत्मनिर्भर बन्ने सुखद अवस्था आएको छ ।

> प्राथमिकता प्राप्त क्षेत्रमा गरिएको सहुलियत एवं अनिवार्य व्यवस्थाले सिमेन्ट उत्पादनमा आत्मनिर्भर बन्दैछौं ।

त्यसैगरी प्राथमिकता प्राप्त क्षेत्रमा गरिएको सहुलियत एवं अनिवार्य व्यवस्थाले सिमेन्ट उत्पादनमा आत्मनिर्भर बन्दैछौं । आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना, आयात प्रतिष्थापन, निर्यात प्रवर्द्धन र आर्थिक रूपले विपन्न र सामाजिक रूपले पिछडिएकाहरूको आयस्तर उकास्नका लागि केन्द्रीय बैंकले विभिन्न प्रकारका कर्जा सुविधाहरू सम्बन्धी व्यवस्था कार्यान्वयन गर्दै आएका छन् । तीनै बृहत आर्थिक लक्ष्य हासिल गर्ने उद्धेश्यले वि.सं. २०७५ सालमा शुरू गरिएको सहुलियतपूर्ण कर्जाले निर्दिष्ट क्षेत्रमा आत्मनिर्भर बनाउने अपेक्षा सहित यस लेखले सहुलियतपूर्ण कर्जा सम्बन्धी चर्चा गर्न खोजेको छ ।

## सहुलियतपूर्ण कर्जा

आन्तरिक उत्पादन तथा रोजगारी वृद्धि गर्न, शिक्षित वेरोजगार र वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई मुलुकमै रोजगारीका अवसरहरू सिर्जना गर्न, महिला, दलित, सीमान्तकृत समुदायमा उद्यमशीलताको विकास गर्न र शैक्षिक ऋण उपलब्ध गराउन नेपाल सरकारले ब्याज अनुदान उपलब्ध गराउने कर्जाहरूलाई सहुलियतपूर्ण कर्जाको रूपमा लिइन्छ । यस्तो कर्जामा ब्याज अनुदान प्रदान गरी कर्जालाई सरल, सहज र व्यस्थित बनाउन नेपाल सरकारले सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ जारी गरी कार्यान्वयनमा ल्याएको छ । कार्यविधिले, "सहुलियतपूर्ण कर्जा" भन्नाले अनुसूची (१) मा उल्लिखित व्यवसायमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह भएको वा हुने कर्जामा नेपाल सरकारले यस कार्यविधि बमोजिम ब्याज अनुदान सुविधा उपलब्ध गराउने कर्जा सम्झनु पर्छ" भनी परिभाषित गरेको छ ।

तोकिएका कर्जाका लागि ५ प्रतिशत ब्याज अनुदान, कर्जा सुरक्षण शुल्कको ७५ प्रतिशत अनुदान र बीमा प्रिमियममा ७५ प्रतिशत अनुदान उपलब्ध गराउनका लागि नेपाल सरकारले नेपाल राष्ट्र बैंकमा खाता खोली अनुदानको व्यवस्था गरेको छ । महिला उद्यमशीलताका लागि प्रवाह गरिने कर्जाका हकमा भने यस्तो ब्याज अनुदान ६ प्रतिशत उपलब्ध गराईने व्यवस्था रहेको छ ।

## सहुलियतपूर्ण कर्जा किन ?

कार्यविधिको प्रस्तावना मै सहुलियतपूर्ण कर्जाको औचित्यता उल्लेख गरिएको छ । जस अनुसार सहुलियतपूर्ण कर्जा सम्बन्धी व्यवस्था निम्न उद्धेश्यका

लागि गरिएको हो :

- कृषि तथा पशुपंन्छीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्न,
- शिक्षित वेरोजगार युवाहरूलाई मुलुकभित्र रोजगारीका अवसरहरू सिर्जना गर्न,
- विदेशबाट फर्केका युवाहरूको विदेशमा आर्जन गरेको सीप र व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरूलाइ स्वरोजगार बनाउन,
- महिला उद्यमशील क्षमताको विकास गर्न,
- दलित समुदायको परम्परागत सीप र पेशालाई आधुनिकीकरण एवं प्रवर्द्धन गरी उद्यमशीलता विकास गर्न,
- आर्थिक रूपमा विपन्न, सीमान्तकृत समुदाय तथा लक्षित वर्गका विद्यार्थीहरूलाई उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययनको लागि शैक्षिक ऋण उपलब्ध गराउन, लघु बीमा प्रिमियममा अनुदान दिन ।

नेपालको वित्तीय क्षेत्रले विगत तीन दशकमा ठूलो फड्को मारेको छ । वि.सं. २०४० सम्ममा सरकारी स्वामित्वका दुइवटा वाणिज्य बैंक र दुइवटा विकास बैंक रहेकोमा आज नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त १६७ वटा बैंक तथा वित्तीय संस्थाहरू रहेका छन् । बैंक तथा वित्तीय संस्थाहरूको संख्यात्मक विस्तारसँगै वित्तीय स्रोत परिचालन लगायत कर्जा प्रवाहमा समेत तीब्र विस्तार भएको छ । विगत पाँच वर्षमा निजी क्षेत्रमा प्रवाहित कर्जाको वार्षिक औसत वृद्धिदर २० प्रतिशत रहेको छ । यसरी हुने कर्जा विस्तारले आन्तरिक उत्पादन क्षमता विस्तार गर्दै जाने हो भने आर्थिक वृद्धि, रोजगारी सिर्जना, निर्यात वृद्धि, आयात प्रतिष्थापन र व्यापारघाटा न्यूनिकरणमा महत्वपूर्ण योगदान पुऱ्याउँछ । तर, यसको विपरित वित्तीय क्षेत्र विस्तारका कारण हुने लगानीले उत्पादनमा नभई उपभोगकै लागि आयात गरिरहँदा व्यापार घाटा बढेर हुने चालुखाता घाटाले समग्र शोधनान्तर स्थितिमा असन्तुलनको अवस्था सिर्जना गर्दछ । कर्जा विस्तारले आयात र उपभोगमूखी अर्थतन्त्रको विकास गर्ने वा आन्तरिक उत्पादनलाई बढाउने भन्ने विषय नै प्रमुख चासोको विषय बन्ने गर्दछ । आन्तरिक उत्पादनमा हुने वृद्धिले स्वाधीन अर्थतन्त्रको निर्माण हुने मात्रै नभई वित्तीय क्षेत्रकै दिगोपनका लागि आधार तय गर्दछ । बैंक तथा वित्तीय क्षेत्रबाट हुने कर्जा विस्तारले बाह्य क्षेत्रमा विकसित हुने आयात निर्यात (व्यापारघाटा) कै विश्लेषणले मात्रै पनि आन्तरिक उत्पादनको आवश्यकता खड्किने गर्दछ । सहुलियतपूर्ण कर्जाले आन्तरिक उत्पादन बढाई तोकिएका क्षेत्रमा आत्मनिर्भर अर्थतन्त्रको विकासमा योगदान पुरयाउने अपेक्षा गरिन्छ ।

सहुलियतपूर्ण कर्जामा ऋणीलाई ब्याज अनुदान प्राप्त भई कर्जाको लागत कम हुने, सुरक्षण र बीमाले सम्भावित जोखिम न्यूनिकरण हुने र जोखिम न्यूनीकरणको लागत समेत कम हुने भएकोले सहुलियतपूर्ण कर्जाको उपयोग बढाउँदा ऋणी, बैंक तथा वित्तीय संस्था, कर्जा सुरक्षणकोष र बीमा कम्पनी सबै सरोकारवालालाई फाइदा पुग्ने देखिन्छ । ऋणीले ब्याजदरमा सहुलियत पाउने भएकोले उच्च ब्याजदरका कारण हुन सक्ने निष्क्रिय कर्जाको जोखिम न्यूनिकरणमा बैंक तथा वित्तीय संस्थालाई फाईदा हुन्छ । यसका अलावा कर्जा सुरक्षण र सम्पत्तिको बीमाले समेत बैंक तथा वित्तीय संस्थाको कर्जा जोखिम न्यूनिकरण गरेको हुन्छ । साथै, सरकारले कर्जा सुरक्षण र बीमा प्रिमियममा लाग्ने शुल्कमा ७५ प्रतिशत अनुदान दिने भएकोले कर्जा सुरक्षण र बीमा उपयोगको दायरा समेत विस्तार गर्न समेत मद्धत पुग्ने देखिन्छ ।

**सहुलियतपूर्ण कर्जाका प्रकारहरु**

कार्यविधि अनुसार सात प्रकारका कर्जाहरूमा तोकिएको सीमासम्म ब्याज अनुदान प्रदान गर्ने व्यवस्था रहेकोमा नेपाल सरकार (मन्त्रिपरिषद)को निर्णयानुसार कार्यविधिमा संशोधन भई थप दुई कर्जा समावेश गरिएकोले मिति २०७६/८/८ गते नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन पश्चात नौ प्रकारका कर्जाहरूमा अनुदान प्रदान गर्ने व्यवस्था रहेको छ । ती कर्जाहरू यसप्रकार रहेका छन् :

**तालिका १: सहुलियतपूर्ण कर्जाका प्रकार**

| सहुलियतपूर्ण कर्जाको प्रकार | कर्जा सीमा | कर्जाको ब्याजदर (आधार दरमा थप) | ब्याज अनुदान |
|---|---|---|---|
| व्यावसायिक कृषि तथा पशुपंक्षी कर्जा | ५ करोडसम्म | २ | ५ प्रतिशत |
| | ५ करोडभन्दा बढी | - | २ प्रतिशत |
| शिक्षित युवा स्वरोजगार कर्जा | ७ लाख | २ | ५ प्रतिशत |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | १० लाख | २ | ५ प्रतिशत |
| महिला उद्यमशील कर्जा | १५ लाख | २ | ६ प्रतिशत |
| दलित व्यवसाय विकास कर्जा | १० लाख | २ | ५ प्रतिशत |
| उच्च र प्राविधिक व्यावसायिक शिक्षा कर्जा | ५ लाख | २ | ५ प्रतिशत |
| भूकम्पपीडितहरूको निजी आवास कर्जा | ३ लाख | २ | ५ प्रतिशत |
| कपडा उद्योग सञ्चालन | ५ करोड | २ | ५ प्रतिशत |
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्बाट लिइने तालिम | २ लाख | २ | ५ प्रतिशत |

सहुलियतपूर्ण कर्जामा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्ने, निक्षेप तथा कर्जा सुरक्षण कोषले कर्जा सुरक्षण गर्ने, कर्जा लिई गरिने व्यवसायमा बीमा कम्पनीले बीमा गर्ने र नेपाल सरकारले कर्जामा लाग्ने ब्याज, सुरक्षणमा लाग्ने शुल्क र बीमामा लाग्ने प्रिमियममा अनुदान दिने व्यवस्था रहेको छ ।

ब्याज अनुदान अवधि ५ वर्ष नबढ्ने गरी बैंक तथा वित्तीय संस्थाहरूले व्यवसायको प्रकृति अनुसार भुक्तानी अवधि तोक्न सकिने व्यवस्था गरिएको छ । बैंक तथा वित्तीय संस्थाले आफ्नो आधारदर दरमा दुई प्रतिशत विन्दु भन्दा बढी नहुने गरी ब्याज दर निर्धारण गर्नुपर्ने र सरकारबाट ५ प्रतिशत ब्याज अनुदान प्राप्त हुने भएकोले सहुलियतपूर्ण कर्जा अन्तर्गत ऋणीलाई सस्तो ब्याजदरमा कर्जा प्राप्त हुन्छ । यसका साथै यस्तो कर्जामा हुनसक्ने सम्भावित जोखिम वहन गर्नका लागि बुझाउनु पर्ने शुल्क र बीमा प्रिमियमको ७५ प्रतिशत रकम समेत अनुदान बाटै व्यहोरिने भएकोले ऋणीलाई हुन सक्ने जोखिम सुरक्षित भई यसमा लाग्ने शुल्कको भार समेत कम पर्न जान्छ । साथै, बैंक तथा वित्तीय संस्थाले ऋणीसंग ब्याज बाहेक अन्य कुनै पनि प्रकारको शुल्क लिन नपाईने व्यवस्था समेत गरिएको छ ।

**ब्याज, सुरक्षण शुल्क र बीमा प्रिमियममा अनुदान**

अनुदान रकम उपलब्ध गराउनका लागि नेपाल राष्ट्र बैंकमा अनुदान सोधभर्ना नामको खाता खाता सञ्चालन गरिएको छ । कार्यविधि बमोजिम बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जामा प्रदान गरिने ब्याज अनुदान रकम नेपाल राष्ट्र बैंकले सम्बन्धित बैंक तथा वित्तीय संस्थालाई त्रैमासिक रूपमा उपलब्ध गराउँदै आएको छ । बैंक वा वित्तीय संस्थाले ऋणीबाट लिनुपर्ने ब्याजमा अनुदान रकम घटाएर ब्याज लिने र अनुदान रकम प्राप्त गर्नका लागि नेपाल राष्ट्र बैंकमा लेखी पठाएमा राष्ट्र बैंकले त्रैमासिक रूपमा सम्बन्धित बैंक वा वित्तीय संस्थाको खातामा अनुदान रकम जम्मा गरिदिने व्यवस्था रहेको छ । यसैगरी बीमा कम्पनीहरूले बीमा प्रिमियम वापत अनुदान बीमा समितिमार्फत र सुरक्षण शुल्कमा हुने अनुदान कर्जा सुरक्षण कोषले त्रैमासिक रूपमा नेपाल राष्ट्र बैंकसँग माग गर्नुपर्ने व्यवस्था रहेको छ । नेपाल राष्ट्र बैंकले बीमा समिति र निक्षेप तथा कर्जा सुरक्षण कोषलाई बीमा प्रिमियम र सुरक्षण शुल्क वापत अनुदान रकम सोधभर्ना दिनु पर्ने व्यवस्था रहेको छ ।

**सहुलियतपूर्ण कर्जा उपयोगको अवस्था**

नेपाल राष्ट्र बैंकले प्रकाशित गरेको तथ्यांक अनुसार २०७६ कात्तिक मसान्तसम्ममा २०८६९ जना ऋणीले रू.४१ अर्ब ५ करोड सहुलियतपूर्ण कर्जा लिएका छन् । तलको तालिकाले सहुलियतपूर्ण कर्जाको वर्तमान अवस्था प्रस्तुत गरेको छ :

**तालिका २ : सहुलियतपूर्ण कर्जाको अवस्था**

| क्र.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | ऋणी संख्या | | | कर्जा बक्यौता रकम (रु दशलाखमा) | | |
|---|---|---|---|---|---|---|---|
| | | २०७५ | २०७६ | | २०७५ | २०७६ | |
| | | असार | असार | कात्तिक | असार | असार | कात्तिक |
| १ | कृषि तथा पशुपंक्षी कर्जा | ८,९३० | १७,२०३ | १८,७४३ | १०,६६१.७० | ३२,१८९.५० | ३९,७९५.९३ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | - | २४ | ३८ | - | ११.५० | २०.०१ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | - | ४९ | ८७ | - | ३२.९० | ५८.४० |
| ४ | महिला उद्यमशील कर्जा | - | ७९६ | १६७५ | - | ५१२.२० | १०५९.६१ |
| ५ | दलित व्यवसाय विकास कर्जा | - | ७० | ११७ | - | ३६.३० | ६४.७८ |
| ६ | उच्च र प्राविधिक व्यावसायिक शिक्षा कर्जा | - | ६० | ७० | - | १४.५० | १६.९३ |
| ७ | भूकम्पपीडितहरूको निजी आवास कर्जा | - | ९३ | १३९ | - | २४.६० | ३६.६६ |
| कुल रकम | | ८,९३० | १८,२९५ | २०,८६९ | १०,६६१.७० | ३२,८२१.५० | ४१,०५२.३३ |

*स्रोत : नेपाल राष्ट्र बैंक, देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७६/७७ को चार महिनाको तथ्यांकमा आधारित)*

**संस्थागत एवं प्रक्रियागत व्यवस्था**

ऋणीले कर्जा सम्बन्धी निवेदन र कार्यविधि बमोजिमका कागजातहरू पेश गरे पछि बैंक तथा वित्तीय संस्था, बीमा, कर्जा सुरक्षण निगम, नेपाल राष्ट्र बैंकले गर्नुपर्ने काम, कर्तव्य र अधिकारहरू कार्यविधिले तोकेको छ । कार्यविधि अनुसार विभिन्न संस्थागत एवं संरचनागत भूमिकाहरू यसप्रकार रहेका छन् ।

**बैंक तथा वित्तीय संस्था**

कर्जाको प्रकार, उद्धेश्य, माग रकम, जोखिमको स्तर, सुरक्षण, बीमा लगायत परियोजनाको सम्भाव्यता र कर्जाको सदुपयोग हुने आधारमा बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था कार्यविधिले गरेको छ । साथै, बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नसकिने अवस्थामा स्पष्ट आधार र कारण सहित सम्बन्धित ऋणीलाई लिखित जानकारी दिनुपर्दछ । कर्जा प्रवाह भएको अवस्थामा सम्बन्धित बैंक वा वित्तीय संस्थाले ब्याज अनुदान रकम बाहेकको ब्याज रकम ऋणीबाट असुल गरेको प्रमाण सहित नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा शोधभर्ना माग गर्नुपर्दछ । यसका साथै, बैंक वा वित्तीय संस्थाले समय समयमा कर्जाको सदुपयोगिता निरीक्षण गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

**बीमा समिति र बीमा कम्पनी**

कार्यविधि बमोजिम प्रवाह हुने कर्जामा बीमा कम्पनीले ऋणीसँग बीमा प्रिमियमको २५ प्रतिशत मात्र प्रिमियम रकम लिई बीमा गरिदिनु पर्ने व्यवस्था रहेको छ । बीमा प्रिमियमको बाँकी रकम (७५ प्रतिशत) सम्बन्धित बीमा कम्पनीले बीमा समितिबाट शोधभर्ना माग गर्नुपर्ने हुन्छ । बीमा कम्पनीबाट माग भई आएको शोधभर्ना रकम नेपाल राष्ट्र बैंकबाट लिई सम्बन्धित बीमा कम्पनीलाई उपलब्ध गराउने र बीमा गरिएको व्यवसायमा क्षति भएको अवस्थामा व्यवसायीलाई क्षतिपूर्ति उपलब्ध गराउने कार्य बीमा समितिले गर्दछ ।

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

निक्षेप तथा कर्जा सुरक्षण कोषले समेत सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग सुरक्षण शुल्कको २५ प्रतिशत रकम मात्र लिई सुरक्षण गर्नुपर्दछ । कोषले सुरक्षण शुल्कको बाँकी ७५ प्रतिशत रकम नेपाल राष्ट्र बैंकबाट शोधभर्ना प्राप्त गर्ने व्यवस्था कार्यविधिले गरको छ ।

**नेपाल राष्ट्र बैंक**

बैंक तथा वित्तीय संस्था, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोषबाट शोधभर्ना माग भएपछि नेपाल राष्ट्र बैंकले अनुदान शोधभर्ना खाताबाट शोधभर्ना उपलब्ध गराउँदछ । यसका साथै, अनुदान शोधभर्ना खाताको सञ्चालन गरी नियमित रूपमा नेपाल सरकार, अर्थ मन्त्रालयलाई जानकारी गराउने र कार्यविधि अनुसार प्रवाह गरिएका कर्जाहरूको नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने कार्य समेत नेपाल राष्ट्र बैंकले गर्ने गर्दछ ।

**केन्द्रीय निर्देशन समिति**

कार्यविधिको कार्यान्वयनमा सहजीकरण, समन्वय, अनुगमन र निर्देशन गर्नका लागि अर्थ मन्त्रालयका सचिवको संयोजकत्वमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर, कृषि तथा पशुपंक्षी मन्त्रालयका सहसचिव, बीमा समितिका अध्यक्ष, निक्षेप तथा कर्जा सुरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत रहने गरी केन्द्रीय निर्देशन समिति गठन गरिएको छ । यस समितिले कार्यविधि कार्यान्वयनका लागि नेपाल सरकारका अन्तरनिकायबीच समन्वय गर्ने, कार्यविधिको व्याख्या गरी बाधा अड्काउ फुकाउन केन्द्रीय समन्वय तथा अनुगमन समितिलाई निर्देशन दिने, कार्यविधि परिमार्जन गर्न सिफारिश गर्ने कार्यहरू गर्दछ ।

**केन्द्रीय समन्वय तथा अनुगमन समिति**

कार्यविधिको कार्यान्वयनमा समन्वय तथा अनुगमन गर्न नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नरको संयोजकत्वमा अर्थमन्त्रालय, बीमा समिति, निक्षेप तथा कर्जा सुरक्षण कोष र बैंकर्श एशोसियशनको प्रतिनिधित्व हुने गरी एक केन्द्रीय समन्वय तथा अनुगमन समिति रहेको छ । समितिले कार्यविधि कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने, निरीक्षण गर्ने, कार्यविधि कार्यान्वयनमा बाधा अड्काउ भए फुकाउन सिफारिश गर्ने, कार्यविधि तथा अनुसूचीको व्याख्या गर्ने, कार्यविधि संशोधन गर्नुपरे सिफारिश गर्ने, केन्द्रीय समितिले दिएका निर्देशनहरू कार्यान्वयन गर्ने गराउने जस्ता कार्यहरू गर्दछ । नेपाल राष्ट्र बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा रहेको समितिको सचिवालयले समितिले तोकेका कार्यहरू गर्ने गर्दछ ।

**अन्य व्यवस्था**

कार्यविधि बमोजिम प्रवाह गरिएका कर्जाहरूमा कर्जा चुक्ता नगरेमा हुने कारवाही, कर्जा वर्गीकरण तथा जोखिम व्यवस्थापन लगायतका विषयहरूमा नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशन अनुसार हुने व्यवस्था कार्यविधिले गरेको छ । सहुलियतपूर्ण कर्जालाई अरू कर्जा भन्दा विशेष महत्व दिइएको छ । यस्तो कर्जालाई विपन्न वर्ग अन्तर्गत गणना गर्न सकिने, जमानीमात्र प्रवाहित कर्जाका लागि अतिरिक्त जोखिम व्यवस्था आवश्यक नहुने, अनुदान स्वरूप पाउनुपर्ने ब्याजलाई सोही अवधिको आम्दानी जनाउन पाइने र सरकारमाथिको दावी रकमलाई पूँजीकोष गणना गर्दा शून्य प्रतिशत जोखिम भार प्रदान गर्न सकिने जस्ता प्राविधिक पक्षमा थप आकर्षण रहेका छन् ।

**अन्त्यमा,**

बैंक तथा वित्तीय संस्थाहरूले प्रवाह गर्ने कर्जाको विस्तार हुँदै जाँदा यसले आन्तरिक उत्पादन क्षमता बढाउने, रोजगारी सिर्जना गर्ने, आयात प्रतिष्थापन गर्दै निर्यात प्रवर्द्धन गर्ने, आन्तरिक एवं बाह्य स्थायित्वमा सघाउ पुरयाँउदै दीगो आर्थिक विकासमा योगदान पुग्ने महत्वपूर्ण उपलब्धीको अपेक्षा गर्न सकिन्छ । यस्तै अपेक्षाका आधारमा आन्तरिक एवं बाह्य परिदृश्यलाई मध्यनजर गर्दै समय समयमा विभिन्न कर्जा कार्यक्रमहरू ल्याइएको पाइन्छ । सहुलियपूर्ण कर्जा सम्बन्धी व्यवस्था समेत यिनै बृहत आर्थिक लक्ष्य हासिल गर्ने अपेक्षासहित कार्यान्वयनमा रहेको छ । यसको प्रभावकारी कार्यान्वयनले निर्दिष्ट लक्ष्य हासिल गर्ने कुरामा विश्वस्त हुन सकिन्छ । यसका लागि सबै सरोकारवाला पक्षहरूको समन्वयात्मक प्रयास र सक्रियताको खाँचो रहन्छ । ■

*लेखक नेपाल राष्ट्र बैंक अनुसन्धान विभागका निर्देशक हुनुहुन्छ ।*

# शेयरबजारको अवस्था र सुधारका लागि चाल्नुपर्ने कदमहरु

■ राजनविक्रम थापा

**विषय प्रवेश**

पूँजी बजारलाई कुनै पनि मुलुकको अर्थतन्त्रको मेरूदण्ड मानिन्छ । अर्थतन्त्रलाई गतिशील तुल्याउन पूँजी बजारको प्रमुख भूमिका रहन्छ । पूँजी बजार अन्तर्गत प्राथमिक निश्कासन र दोस्रो बजार मार्फत गरिने सबै उपकरण तथा कारोवार समावेश हुन्छन् । प्रोफेसर रोज (Rose) का अनुसार "पूँजी बजार दीर्घकालीन लगानीको साधन उपलब्ध गराउने हेतुले सञ्चालन गरिन्छ । पूँजी बजारमा कारोबार हुने वित्तीय साधनहरूको मौलिक परिपक्वता अवधि एक वर्षभन्दा ज्यादा हुन्छ ।[1] नेपालको सन्दर्भमा पूँजी बजारको पर्यायको रूपमा शेयर बजारलाई नै लिने गरिन्छ । शेयर बजारको अवस्था प्रतिबिम्बित गर्ने स्टक एक्सचेन्ज परिसूचकलाई पनि अर्थतन्त्रका प्रमुख परिसूचकको रूपमा लिइने गरिन्छ । पूँजी बजारमा प्राथमिक शेयर निष्काशन भई नयाँ पूँजीको आप्रवाह हुनुका साथै पहिले नै निष्काशन भएका विभिन्न कम्पनीका शेयर तथा डिवेञ्चरहरूको पनि दोस्रो बजार मार्फत कारोवार हुने गर्दछ । नेपालमा पूँजी बजार अर्थात् शेयरबजारको सञ्चालकको रूपमा एकाधिकार प्राप्त संस्था नेपाल स्टक एक्सचेन्ज लिमिटेड मार्फत शेयर, डिवेञ्चर, म्यूचल फण्ड लगायतका उपकरणहरूको कारोवार हुने गर्दछ । नेपालको पूँजी बजारमा प्रारम्भिक निष्काशनको बजारका लागि आवश्यक पूर्वाधार विकास भई निर्वाध रूपमा निश्कासन कार्य भइरहेको र दोस्रो बजारको कार्य हालसम्म एकाधिकार प्राप्त नेपाल स्टक एक्सचेन्ज मार्फत सुचारू भइरहेको छ ।

**शेयरबजारको विगत पच्चीस वर्ष**

नेपालको शेयर बजारको इतिहास धेरै पुरानो नभइसकेता पनि पछिल्लो वर्षहरूमा शेयरबजारमा धेरै नीतिगत एवं संरचनागत परिवर्तन भएका छन् भने शेयरको मूल्य र कारोवारमा पनि निकै उतारचढाव हुने गरेको देखिन्छ । विगत २५ वर्षमा शेयर बजारको आवधिक विचलनलाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

| क्र. सं. | विवरण | २०५१ आषाढ | २०६१ आषाढ | २०७१ आषाढ | २०७६ आषाढ | २०७६ आश्विन |
|---|---|---|---|---|---|---|
| १ | कुल सूचीकृत कम्पनी संख्या | ७९ | ११४ | २३५ | २१५ | २१७ |
| २ | सूचीकृत कम्पनीको कुल पुँजीकरण (रु. करोडमा) | १२९६ | ४१४२ | १०५७१६ | १५६७५० | १४४५५६ |
| ३ | कुल कारोबार रकम (रु. करोडमा) | १०५ | २१४ | ७७३० | ११००७ | २०४३ |
| ४ | नेप्से परिसूचक (अधिकतम) | २०६ | २२७ | १०३७ | १३२१ | १२८४ |

1 The capital market is designed to finance long Term investments traded in the capital market have original maturities of more than one year.

- वि.सं २०५० सालबाट मात्र संगठित रूपमा कारोबार सुरू भएको नेपाली शेयर बजारले छोटो समयमा पनि निकै उतार चढावहरू भोगिरहेको स्पष्ट देखिन्छ । प्रारम्भमानेपालमा शेयरबजारप्रति आवश्यक न्यूनतम ज्ञान, पर्याप्त सूचीकृत कम्पनी, कारोवारको लागि ब्रोकर र परामर्श समेतको अभावका कारण शेयरबजारले गति लिन सकेको देखिँदैन ।

- उपलब्ध तथ्यांकको आधारमा हेर्दा नेप्से स्थापनाको वर्ष अर्थात् आ.व. २०५०/५१ मा कम्पनीको संख्या ७९ देखिएता पनि कारोवारको संख्या र रकम भने खासै उत्साहप्रद देखिदैंन । उक्त अवधिमा रू. १०५ करोडको कुल कारोवार रही बजार पूँजीकरण रू. १२९६ करोड रहेको देखिन्छ ।

- स्थापनाको करिब पाँच वर्षसम्म खासै गति लिन नसकेको नेप्सेले केही स्थापित बैंक तथा वित्तीय संस्थाको शेयर बजार प्रवेशपछि २०५६ आषाढमा केही गति लिई नेप्से परिसूचक ४८८ र बजार पूँजीकरण रू. ४६ अर्बको हाराहारीसम्म पुगेको देखिएता पनि नेप्सेको स्थापनासँगै देशमा सुरूवात भएको राजनैतिक द्वन्द्वका कारण बजार सुस्त नै रह्यो । स्थापनाको पहिलो वर्ष २०६ कायम रहेको नेप्से परिसूचक दश वर्ष पछिसम्म अर्थात् २०६१ आषाढमा पनि २२७ मै खुम्चिरह्यो ।

- वि.सं २०६३ को राजनैतिक परिवर्तनले देशमा दीगो आर्थिक विकासको अपेक्षासँगै शेयर लगानीकर्ताको आर्कषण बढ्न गएको कुरा त्यसपछि सर्वसाधारणले प्रारम्भिक निष्काशनमा देखाएका चासोले पनि पुष्टि गर्दछ । भर्खरै स्थापना भएका र उल्लेख्य मुनाफा आर्जन गर्न नसकेका सबै प्रकारका बैंक तथा वित्तीय संस्थाहरूको प्रारम्भिक निष्काशनका बखत सयौं गुणा आवेदन पर्न थाल्यो । शेयरप्रति सर्वसाधारणको पनि आर्कषण बढन थाल्यो । यस अवधिमा शेयरबजारको प्रचार प्रसार र प्रबर्द्धनमा राम्रो टेवा पुगेकोले शेयरबजारको विकासक्रम सकारात्मक मोड मान्न सकिन्छ ।

- जब शेयर बजार चलायमान भयो तब शेयरबजारमा विभिन्न खाले लगानीकर्ताको प्रवेश हुन थाल्यो । आवश्यक ऐन, कानुन र निर्देशनको अभावका साथै नियमकको भूमिका सुदृढ नभएको अवस्थामा बजारमा फरक खाले गतिविधि हुन थाले । बजारले आकार ग्रहण गरिनसकेको, ब्रोकरहरूको संख्या सीमित रहेका कारण बजारमा प्रभाव जमाउन सक्ने समूहको नियन्त्रण र निर्देशनमा नेप्से परिसूचक निर्धारण हुने अवस्था समेत देखियो ।

- लामो समयसम्म स्थिर र गतिहीन अवस्थामा रहेको शेयर बजारमा एक्कसी आ.व. २०६५/६६ मा नेप्से सर्वाधिक उचाइ अर्थात् ११७५ अंकमा पुग्यो । तर सो उत्साहा एक वर्ष पनि टिक्न नसकेर नेप्से घटेर २९२ अंकमा झरेपछि लगानीकर्ता र जनमानसमा बजारप्रति नै नकारात्मक धारणा बन्न पुग्यो । बजार ओरालो लाग्ने क्रम करिब चार वर्ष रोकिएन जसको प्रत्यक्ष असर कारोवार परिमाणमा पर्न गयो । आ.व. २०६५/०६६ मा कुल कारोवार रू. २१.६८ अर्ब रहेकोमा पछिका दुई आ.व.हरूमा क्रमशः ४७.३४ र ४३.७ प्रतिशतले घट्दै गई आ.व. २०६६/०६७ मा ११.८५ अर्ब र आ.व. २०६७/०६८ मा. ६.६७ अर्ब मात्र रहन पुग्यो ।

- यस अवधिमा उद्योगपति, व्यापारीदेखि लिएर स-साना लगानीकर्ताहरूले पनि नेपाली शेयरबजारको आँधीबेहरीमा राम्रै आर्जन गर्न सफल देखिए भने कतिले आफनो श्रीसम्पत्ति गुमाएर निकै असहज अवस्था पनि बेहोर्नुपर्ने अवस्था आयो ।

- एकातिर राजनैतिक संक्रमणको अवस्था, अर्कोतिर घरजग्गा र शेयरको मूल्यमा आएको व्यापक गिरावट एवं बैंकिङ्ग क्षेत्रमा तरलता अभावको अवस्था लगायतका कारण थलिएको शेयर बजारमा क्रमशः सुधार हुँदै पुनः वि.स. २०७१ मा गति लिन थालेको देखिन्छ । पछिल्लो पाँच वर्षको अवधिमा पनि नेप्सेमा उतारचढाब हुने क्रम भने रोकिएन । कहिले नेप्से परिसूचक १८८१ अंकसम्म पुग्ने त कहिले नेप्से परिसूचक घटेर ११०० अंकमा सीमित हुने गरेको देखिन्छ । यसैगरी कहिले बजारमा एकै दिन रू. १२० करोड (२४ डिसेम्बर २०१३) को कारोबार हुन पुगेको छ भने कुनै दिन दश करोड कारोवार पुग्न पनि हम्मे पर्ने गरेको देखिन्छ ।

- विभिन्न उतारचढाब हुँदै पछिल्लो दशकसम्म आई पुग्दा नेपालको शेयरबजारमा परिमाणात्मक र गुणात्मक रूपमा उल्लेख्य विकास र विस्तार हुँदै गएको तथ्यले पुष्टि गर्दछ ।

**नेपाली शेयरबजारको विद्यमान अवस्था**

नेपालको शेयरबजारको विकासक्रमलाई हेर्दा पछिल्लो पाँच वर्षको अवधिमा उल्लेख्य परिवर्तन हुनुका

साथै तुलनात्मक रूपमा बजार दीगोपनतर्फ बढ्दै गएको देखिन्छ । नेपालमा बैंक तथा वित्तीय संस्थाहरूको बढ्दो उपस्थिति, उल्लेख्य पूँजी सहित नेपाल टेलिकमको प्रवेश, बीमा व्यवसायमा आएको विस्तार एवं हाइड्रोपावर क्षेत्रमा देखिएको सम्भावना आदिका कारण नेपालको शेयर बजारको आकार बढ्दै गएको देखिन्छ । शेयर बजारको पछिल्लो अवधिको विकास एवं वर्तमान अवस्थालाई चित्रण गर्ने केही प्रमुख तथ्यांक तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**नेपालको शेयर बजारका प्रमुख परिसूचकहरुको तुलनात्मक स्थिति**

| | विवरण | २०६७ आषाढ | २०७२ आषाढ | २०७३ आषाढ | २०७४ आषाढ | २०७५ आषाढ | २०७६ आषाढ |
|---|---|---|---|---|---|---|---|
| १ | कूल सूचीकृत कम्पनी संख्या | १७६ | २३२ | २३० | २०८ | १९६ | २१५ |
| २ | सूचीकृत कम्पनीको कुल पूँजी रू. करोडमा | ७९७९ | १५७५८ | २०४०१ | २८९५९ | ३५२०९ | ४१२२८ |
| ३ | सूचीकृत कम्पनीको कुल पूँजीकरण (रू.... करोडमा) | ३७६८७ | ९८९४० | १८९०१३ | १८५६२ | १४३५१४ | १५६७५० |
| ४ | कूल कारोबार रकम (रू करोडमा) | ११८५ | ६५४२ | १६४६५ | २०५०२ | १२१४० | ११००७ |
| ४.१ | वाणिज्य बैंक | ७२० | २९८६ | ७०७७ | ९५५२ | ४१८० | ५३९४ |
| ४.२ | विकास बैंक | १३२ | ८५२ | २४९४ | २८१२ | १४१२ | ५६५ |
| ४.३ | फाईनान्स कम्पनी | १२६ | १६० | ४५८ | ५६० | २२२ | १०१ |
| ४.४ | हाइड्रो कम्पनी | ७५ | ६६९ | १०१८ | ७७० | ८३९ | ६७९ |
| ४.५ | बिमा कम्पनी | १२ | ८९७ | ३९३८ | ५०८२ | २७५० | ८५१ |
| ४.६ | अन्य | १२० | ९७८ | १४८० | १७२६ | २७३७ | ३४१७ |
| ५ | दैनिक औषत कारोबार (रू. करोडमा) | ५ | ३० | ७१ | ८९ | ५२ | ४५ |
| ६ | कारोवार संख्या हजारमा | २१४ | ४८४ | ८३९ | १३५७ | १३११ | १४२३ |
| ७ | नेप्से परिसूचक | | | | | | |
| ७.१ | उच्चतम | ७३९ | १०८३ | १७२४ | १८८१ | १६६७ | १३२१ |
| ७.२ | न्यूनतम | ४०५ | ८३८ | १०१८ | १२५२ | ११६९ | ११०० |
| ७.२ | वार्षिक बन्द | ४७८ | ९६१ | ९८१ | १५८२ | १२१२ | १२५९ |

*स्रोतः नेपाल स्टक एक्सचेञ्ज ।*

नेपाली शेयर बजारको परिमाणगत अवस्थालाई २०६७ आषाढदेखि हालसम्मको तथ्यांकलाई आधार लिई निम्न आयामबाट विश्लेषण गरिएको छ ।

क) **कम्पनी सूचीकरणको अवस्था** : वि.सं. २०६७ आषाढ मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनीहरूको संख्या १७६ रहेकोमा पछिल्लो दश वर्षको अवधिमा बैंक तथा वित्तीय संस्थामा मर्जर तथा एक्वीजनको प्रभावका कारण निकै उतारचढाब हुँदै २०७६ आषाढमा कुल २१५ कायम हुन पुगेको देखिन्छ । यस अवधिमा १३५ वटा बैंक तथा वित्तीय संस्थाहरू एकीकरण भई ४३ वटा काय भैसक्दा पनि नेप्सेमा सूचीकृत कम्पनीको संख्या बढ्दै जानु सकारात्मक पक्ष हो ।

ख) **कम्पनीको विविधिकरण** : नेपालको शेयरबजारमा स्थापना कालदेखि नै बैंक तथा वित्तीय संस्थाहरूको बर्चश्व रहेको छ । वि.सं २०६७ आषाढ अघि कुल शेयर कारोवारमा बैंक तथा वित्तीय संस्थाको अंश ८० प्रतिशतभन्दा बढी रहेकोमा पछिका वर्षहरूमा अन्य क्षेत्रको पनि प्रवेश बढ्दै गएपछि यस्तो अंश क्रमश कम हुँदै २०७६ आषाढमा ६० प्रतिशतभन्दा कममा झरेको देखिन्छ । यस अवधिमा बीमा कम्पनीलाई पनि जीवन र निर्जीवन बीमा गरी वर्गीकरण गर्ने गरिएको छ भने हाइड्रो कम्पनीको कारोवारको अंश पनि उल्लेख्य रहने गरेको छ । पछिल्लो पाँच वर्षमा म्यूच्युअल फण्ड, होटल र केही व्यापारिक संस्थाहरूको शेयर कारोवारमा भएको बढोत्तरीले अन्य समूहको हिस्सा पनि उल्लेख्य रहेको देखिन्छ ।

ग) **सूचीकृत कम्पनीको पूँजीगत तथा बजार पूँजीकरणको अवस्था** : नेपालको शेयरबजारमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी क्रमश वृद्धि हुँदै गएको देखिन्छ । खासगरी बैंक तथा वित्तीय संस्थाहरूको चुक्ता पूँजी नियमनकारी निकायबाटै तोकिए बमाजिम हुने र सर्वसाधारणको लागि तोकिएको प्रतिशत सञ्चालनको दुई वर्ष (हाल तीन वर्ष कायम) भित्रै सार्वजनिक निष्काशन गर्नुपर्ने प्रावधान रहेको र पछिल्लो समयमा बीमा कम्पनीहरूलाई पनि नियमकले तोकेको पूँजी पुर्‍याउन दबाब परेका कारण बजार विस्तार र दीगोपथतर्फ अग्रसर भएको देखिन्छ । बैंकिङ्ग तथा बीमा क्षेत्रका नियमकहरूले पूँजी वृद्धिको लागि जारी गरेका निर्देशनका कारण सूचीकृत कम्पनीको चुक्ता पूँजीमा उल्लेख्य वृद्धि भएको देखिन्छ । पाँच वर्ष अघि अर्थात् वि.सं २०७१ आषाढमा २३५ सूचीकृत कम्पनीको चुक्ता पूँजी रू. १४७५४ करोड रहेकोमा २०७६ आषाढमा कायम रहेका २१५ कम्पनीको चुक्ता पूँजी रू. ४१२२८ करोड पुगेको देखिन्छ ।

घ) **कारोवारको परिमाण तथा नेप्सेमा उतारचढाब** : आ.व.२०६६/०६७देखि २०७५।७६ को अवधिमा नेप्से अधिकतम १८८१देखि न्यूनतम ४७८ सम्म रहेको देखिन्छ । यस अवधिमा दोस्रो बजारको कुल कारोवार रकम रू ११.८७ अर्बबाट बढेर २०७५।७६ मा झण्डै दश गुणाले वृद्धि भई रू ११०.०७ अर्ब पुगेको देखिन्छ । यो रकम शेयर बजार उत्कर्षमा पुग्दा अझै बढी रहेको थियो । राजनैतिक स्थिरताको सुनिश्चिता बढ्दै गएपछि कुल कारोवार परिमाणमा सुधार हुँदै गई आ.व.२०६६/०६७ मा दैनिक औषत कारोवार रू ५ करोड रहेकोमा वि.सं. २०७४ आषाढमा दैनिक औषत रू ८९ करोड पुगेपछि पुन मन्दी सुरू भएपश्चात गत आ.व.मा यो औषत रू.४५ करोडमा झरेको देखिन्छ ।

## शेयरबजारको दीगोपनका लागि चाल्नु पर्ने कदमहरु

शेयरबजारको सफल सञ्चालन एवं प्रभावकारिताका लागि भौतिक पूर्वाधार, उपयुक्त ऐन कानुन, जनचेतना, आर्थिक तथा राजनैतिक वातावरण, जनचेतना लगायत धेरै तत्वहरूको भूमिका रहेको हुन्छ । कुनै पनि पक्षको कमजोरी एवं अभावमा बजारले राम्रो परिणाम दिन सक्दैन । शेयरबजार जोखिम र प्रतिफलको सैद्धान्तिक अवधारणाबाट सञ्चालित हुने भएकाले यसका आफनै किसिमका समस्या एवं चुनौतीहरू रहेका हुन्छन् । शेयरबजारमा विद्यमान नीतिगत, संरचनागत एवं सञ्चालनसँग सम्बन्धित विभिन्न समस्या एवं चुनौतीहरूलाई समाधान गर्न देहायका कदम चाल्नु आवश्यक देखिन्छ ।

१. उत्पादनमुलक क्षेत्रको विकाससँगै समग्र वित्तीय बजारको विकास हुनुपर्ने सैद्धान्तिक धरातलभन्दा बाहिर रहेर शेयरबजारमा वास्तविक क्षेत्रको (Real Sector) को निकै कम उपस्थिति भएको र बैंकिङ्ग तथा बिमाक्षेत्रको मात्र संख्यात्मक वृद्धि देखिएकोले सूचीकृत कम्पनीहरू यस्तो क्षेत्रको अधिकेन्द्रीकरण बढी देखिन्छ । अतः शेयर बजारको दीगापनका

लागि देशमा उत्पादनमुलक औद्योगिक प्रतिष्ठान एवं अधिक सम्भावना भएका होटल,एअरलाइन्स, जलविद्युत, जडिबुटी प्रशोधन लगायतका क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गर्नु पर्दछ । हाल प्राइभेट कम्पनीको रूपमा सञ्चालित सफल र मुनाफा आर्जन गरिरहेका व्यवसायहरूलाई सार्वजनिक निष्काशनमार्फत् शेयरबजारमा प्रवेश गर्न प्रोत्साहन गर्नु पर्दछ ।

२. सूचना प्रविधि र उपलब्ध बैंकिङ्ग च्यानलको प्रयोग गरी प्रारम्भिक शेयर निष्काशनको शेयरमा लगानीकर्ताको लागत घटाउने र निष्काशन प्रक्रियालाई सरलीकरण गर्नु पर्दछ ।

३. प्राथमिक बजारमा शेयर निष्काशन गर्नु पूर्व गरिने क्रेडिट रेटिङलाई स्पष्ट एवं वैज्ञानिक मूल्यांकन पद्धतिको रूपमा स्थापित गरी लगानीकर्ता विश्वस्त हुन सक्ने आधार तयार तय गर्नु पर्दछ ।

४. नेपालको शेयरबजार अझैपनि काठमाडौ उपत्यकाबाट फैलन नसकेको सन्दर्भमा बोर्ड तथा धितोपत्र बजार सहभागीको संस्थागत क्षमता अभिवृद्धि गर्दै संघीय, प्रादेशिक ढाँचाअनुसार क्रमशः देशभर सञ्जाल विस्तार गर्दै लैजाने आवश्यक छ ।

५. बजारको स्थायित्व एवं दीर्घकालीन विकासका लागि सिडिएस र सामुहिक लगानी कोषलाई सुदृढ रूपमा व्यवस्थित गर्न ट्रष्ट ऐन तथा अन्य सम्बन्धित ऐनहरू तर्जुमा गरी कानुनी हिसाबले समेत संरचनात्मक सुधार गर्नु आवश्यक छ ।

६. नियमनकारी निकायको भूमिका प्रधान रहेका सूचीकृत कम्पनीबाहेक अधिकांश सूचीकृत कम्पनीहरूले राख्ने लेखाप्रणाली, संस्थागत सुशासनको अवस्था, लेखापरीक्षण विश्वसनीय र पारदर्शी देखिँदैन । कम्पनीहरूले भावी योजना र रणनीति सम्बन्धी अध्यावधिक सूचनाको स्पष्ट र पारदर्शी रूपमा संम्प्रेषण नगरी समूहगत लाभका लागि शेयरको मूल्यलाई मात्र प्रभाव पार्ने गरी विभिन्न निर्णय गर्ने गरेको देखिन्छ । कम्पनीले बनाएको योजनाको पालना भए/नभएको र त्यसबाट शेयरबजारमा पारेको प्रभावको बारेमा सम्बन्धित निकायबाट नियमित र प्रभावकारी रूपमा अनुगमन निरीक्षण तथा कारबाही हुन सकेको देखिँदैन । जसका कारण बजारमा विभिन्न हल्ला चलाएर शेयरको मूल्यलाई प्रभाव पारी लाभ आर्जन गर्ने गलत मनोवृतिको विकास हुँदै गएको देखिन्छ ।

उल्लिखित समस्याको समाधानका लागि सूचीकृत कम्पनीहरूले राख्ने लेखा प्रणाली, संस्थागत सुशासन, लेखापरीक्षण, भावीयोजना र रणनीति सम्बन्धी अध्यावधिक सूचना आदिलाई स्पष्ट र पारदर्शी रूपमा सम्प्रेषण गर्ने गराउने संयन्त्रको विकास गर्नु आवश्यक देखिन्छ । साथै सम्बन्धित निकायबाट उक्त विषयको नियमित र प्रभावकारी रूपमा अनुगमन निरीक्षण तथा कारबाही गरिनु पर्दछ ।

७. अझै पनि बजारमा सबै सूचीकृत कम्पनीको सम्पूर्ण शेयर प्रमाणपत्र अभौतिकीकरण ग न ु` कार्य नभएकोले माग र आपूर्तिको आँकलन गर्न कठिनाई हुने हुँदा सुचिकृत कम्पनीका सबै शेयर प्रमाणपत्र अभौतिकीकरण गर्ने व्यवस्था हुनु पर्दछ । साथै कम्प्यूटीकृत प्रणालीबाट कारोवार, हिसाब राफसाफ एवं नामसारी हुने व्यवस्था मिलाउनु पर्दछ । विश्वस्त प्रविधिको विकास गरी अनलाइन कारोवार कार्यान्वयनमा ल्याउनु पर्दछ ।

८. धितोपत्र कारोवारमा सहभागी हुने पक्षहरूको काम कारबाहीलाई अझ स्तरीय, व्यावसायिक, पारदर्शी र प्रतिस्पर्धी बनाउनुका साथै धितोपत्र बजारमा योग्य, दक्ष एवं प्रतिस्पर्धी एवं भरपर्दो जनशक्तिलाई आकर्षित गर्नु पर्दछ ।

९. लगानीकर्ताको विभिन्न प्रकारका गुनासोलाई यथा समयमा सही तबरले संबोधन गर्ने परिपाटी विकास गर्नुपर्छ ।

१०. नेपाल स्टक एक्सचेन्ज लि.को सेवालाई प्रतिस्पर्धी बनाउने वा आवश्यकतानुसार ग्राहकलाई छनौटको सुविधा प्रदान गर्ने नीति अख्तियारी गर्नु पर्दछ ।

११. कम्पनी स्थापना र सूचीकरण भएको लामो समयावधिपश्चात् पनि संस्थापक शेयर खरिद बिक्री तथा नामसरी कार्य उत्तिकै जटिल र झन्झटिलो रहेको छ । यससम्बन्धमा ब्यवहारिक नीति तय गरी यसमा लाग्ने Capital Gain tax को सम्बन्धमा स्पष्ट, पारदर्शी र वैज्ञानिक संयन्त्रको विकास गरी लागू गर्नु पर्दछ ।

१२. नियमनकर्ताहरूबाट नियमन जारी गर्दा आपसी समन्वय गरी त्यसले वित्तीय बजारमा पार्न सक्ने अल्पकालीन तथा दीर्घकालीन प्रभावको बारेमा विस्तृत अध्ययन तथा अभ्यास गर्नु आवश्यक देखिन्छ ।

१३. ग्राहक पहिचान र मुद्रा निर्मलीकरण (मनिलण्डरिङ) को व्यवस्थालाई अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम स्थापित गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१४. गैरआवासीय नेपालीहरूले लगानी गर्न चाहेको अवस्थामा समेत विदेशी मुद्रामा शेयरबजारमा लगानी गर्न सक्ने गरी नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१५. बिना सैद्धान्तिक आधार एक्कासी बजारमा देखिने अस्वाभाविक परिवर्तनलाई नियन्त्रण गर्न प्रभावकारी अनुगमन तथा सूचनाप्रणालीको विकास र कार्यान्वयन गर्नु आवश्यक छ ।

१६. वित्तीय क्षेत्र विकास रणनीतिमा उल्लिखित लेखा र लेखा परीक्षण प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डसँग आबद्ध गरी कार्यन्वयन गर्दै लैजाने र सर्वसाधारणमा शेयर जारी गर्न स्वतन्त्र मूल्य प्रणाली लागु गर्ने लगायतका योजनालाई महत्वका साथ शीघ्र कार्यान्वयनमा ल्याउनु जरूरी छ ।

१७. धितोपत्रको दोस्रो बजारलाई स्वच्छ एवं पारदर्शी बनाउनका लागि बजारमा हुन सक्ने भित्री कारोबारलाई निरूत्साहित गर्न विद्यमान कानुनमा थप परिमार्जन गर्नका साथै नयाँ कानुन तर्जुमा गर्न आवश्यक छ ।

१८. नेपाल स्टक एक्सचेञ्ज लि. मा सूचीकृत जलविद्युत सम्बन्धी विद्यामान कानुनमा विद्युत आयोजना सञ्चालन अनुमतिको समयावधि ३०/३५ वर्षमा सकिएपछि हुने स्वामित्व हस्तान्तरणले शेयरधनीहरूमा पर्ने प्रभावका सम्बन्धमा हालसम्म पनि स्पष्ट व्यवस्था नहुँदा जलविद्युत् क्षेत्रको लगानीको स्वामित्व अनिश्चिततासम्बन्धी जोखिमलाई न्यूनीकरण स्पष्ट नीतिगत व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

१९. बाह्य वातावरणका कारण उत्पन्न समस्यालाई सबै पक्षबाट एकीकृत रूपमा पहल गर्नु पर्दछ साथै, देशमा दीगो शान्ति र राजनैतिक स्थायित्व पूँजी बजारको पूर्वशर्त भएकोले सो निर्माण गरी लगानीको उपयुक्त वातावरण सृजना गर्नु पर्दछ ।

२०. विगतको तुलनामा शेयरबजारप्रतिको सचेतनामा वृद्धि हुँदै गएको देखिए तापनि बजारको कारोवार आधुनिकीकरण र यान्त्रिकरणका कारण कारोवारमा थपिएको जटिलताका सम्बन्धमा व्यापक प्रचारप्रसार गर्नु आवश्यक छ । जसका लागि धितोपत्र बजारमा लगानीकर्ताहरूको सहभागिता बढाउँदै लैजान देशका विभिन्न स्थानमा लगानीकता र्प्रशिक्षण कार्यक्रम तथा रेडियोमार्फत् पूँजी बजारसम्बन्धी कार्यक्रमहरू सञ्चालनमा ल्याउनु आवश्यक छ ।

**अन्तमा,**

नेपाली शेयरबजारको विकासक्रमलाई हेर्दा पछिल्लो समयमा आस्वा, सीआस्वा प्रणालीको कार्यान्वयन, सिडिएस मार्फत शेयरको अभौतिकीकरण, पूँजीगत लाभ गणनाको विधि तय, अनलाइन कारोवारको पहल लगायत विभिन्न नीतिगत सुधारका साथै बजारका लागि आवश्यक अन्य पूर्वाधार पनि विकास हुँदै गएको देखिन्छ । यद्यपि बिना कुनै ठोस आधार नै शेयरको मूल्यमा व्यापक उतारचढाव आउने अवस्था बजारमा विद्यमान हुनु बजार परिपक्वता एवं शेयरबजारको स्थायित्वको लागि सुखद अवस्था भने होइन । अर्थतन्त्रका अन्य परिसूचकहरूमा उल्लेख्य परिवर्तन नभएको तथा सूचीकृत कम्पनीको कार्य प्रभावकारितामा समेत तुलनात्मक रूपमा परिवर्तन नदेखिएको अवस्थामा समेत शेयरको मूल्यमा व्यापक उतार चढाव देखिँदा लगानीकर्तामा शेयरबजारप्रतिको विश्वास टुट्न जान्छ । जसले लगानीको वातावरणमा नकारात्मक प्रभाव पार्दै देशको कुल गार्हस्थ उत्पादन लगायत अन्य आर्थिक परिसूचकमा समेत नकारात्मक असर पार्न सक्छ । बजारलाई स्थायित्व प्रदान गर्नका लागि स्वतन्त्र सञ्चालन प्रणालीको विकास गर्न सम्बद्ध सबै पक्ष प्रतिबद्ध हुनु आवश्यक छ । कुनै पनि व्यक्ति वा निकायको प्रभावमा बजार पर्नसक्ने अवस्था हुनु हुँदैन । संघीय संरचनामा मुलुक गैसकेका अवस्थामा शेयरबजारमा लगानीको अवसर र पहुँच सबैलाई पुग्ने व्यवस्था सम्बद्ध निकायले गर्नु आवश्यक छ । ■

*लेखक नेपाल राष्ट्र बैंकका निर्देशक हुनुहुन्छ ।*

# धितोपत्र बजार तथा वस्तु विनिमय बजारको प्रवृत्ति र सुधार तथा विकासको भावी दिशा

■ नवराज अधिकारी

**(क) धितोपत्र बजार तथा वस्तु विनिमय बजारको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य**

तालिका १ मा प्रस्तुत गरिएको अन्तर्राष्ट्रिय धितोपत्र बजारको पछिल्लो तीन वर्षको संक्षिप्त परिदृश्य हेर्दा अन्तर्राष्ट्रिय धितोपत्र बजारमा केही सुस्तता आएको देखिन्छ । अमेरिकी, एशिया प्यासिफिक तथा युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्रको धितोपत्र बजार मूल्यमा सन् २०१७ मा वृद्धि आए तापनि सन् २०१८ मा गिरावट आएको देखिन्छ । उल्लेखित धितोपत्र बजारहरूमध्ये युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्रबाहेकका बजारहरूमा कारोवार रकममा सन् २०१७ मा गिरावट आए तापनि सन् २०१८ मा एशिया प्यासिफिक बाहेक अन्य बजारहरूमा वृद्धि भएको र बजारमार्फत् पूँजी परिचालन कार्यमा सन् २०१७ मा वृद्धि आए तापनि सन् २०१८ मा अमेरिका बाहेक अन्य बजारहरूमा गिरावट आएको छ । साथै, अन्तर्राष्ट्रिय धितोपत्र बजारका Nikkei225, NYSE Composite Index, FTSE 100, Shangai Composite Index जस्ता महत्वपूर्ण परिसूचकहरूको प्रवृत्ति हेर्दा सन् २०१७ मा वृद्धि भएको देखिए तापनि सन् २०१८ गिरावट आएको देखिन्छ ।

तालिका १: अन्तर्राष्ट्रिय धितोपत्र बजारको संक्षिप्त परिदृश्य (रकम अमेरिकी डलर ट्रिलियनमा)

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | २०१६ | २०१७ | २०१८ | २०१७ | २०१८ |
| १ | बजार मूल्य | | | | | |
| | अमेरिका | ३१.० | ३६.५ | ३४.२ | १७.७ | -६.३ |
| | एशिया प्यासिफिक | २४.४ | ३१.३ | २३.९ | २८.३ | -२३.६ |
| | युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्र | १५.६ | १९.४ | १६.४ | २४.४ | -१५.५ |
| | कुल बजार मूल्य | ७१.० | ८७.२ | ७४.५ | २२.८ | -१४.६ |
| २ | कारोबार रकम | | | | | |
| | अमेरिका | ४३.९ | ४१.९ | ५४.६ | -४.६ | ३०.३ |
| | एशिया प्यासिफिक | ३०.८ | ३०.२ | २९.२ | -१.९ | -३.३ |
| | युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्र | ११.८ | १२.१ | १३.५ | २.५ | ११.६ |
| | कुल कारोबार रकम | ८६.५ | ८४.२ | ९७.३ | -२.७ | १५.६ |
| ३ | धितोपत्रको सार्वजनिक निष्काशनमार्फत् पूँजी परिचालन (अमेरिकी डलर बिलियनमा) | | | | | |
| | अमेरिका | २०.४ | ४९.१ | ५२.४ | १४०.७ | ६.७ |
| | एशिया प्यासिफिक | ७२.८ | १०३.५ | ९२.४ | ४२.२ | -१०.७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्र | ३४.३ | ५२.३ | ३७.२ | ५२.५ | -२८.९ |
| | कुल सार्वजनिक निष्काशन रकम | १२७.५ | २०४.९ | १८२.० | ६०.७ | -११.२ |
| ४ | बजार परिसूचक (विन्दूमा) | | | | | |
| | Nikkei225 (आधार मूल्य १७६.२१) | १९,११४.३७ | २२,७६४.९४ | २०,०१४.७७ | १९.१० | -१२.०८ |
| | NYSE Composite Index (आधार मूल्य ५,०००) | ११,०५६.८९ | १२,८०८.८४ | ११,२९०.९५ | १५.८४ | -११.८५ |
| | FTSE 100 (आधार मूल्य १०००) | ७,१४२.८३ | ७,६८७.७७ | ६,७३३.९० | ७.६३ | -१२.४१ |
| | Shanghai Composite Index (आधार मूल्य १००) | ३,१०३.६४ | ३,३०७.१७ | २,४९३.९० | ६.५६ | -२४.५९ |
| | स्रोतः वर्ल्ड फेडेरेशन अफ एक्सचेञ्जेज् तथा ब्लूम वर्ग | | | | | |

विगत तीन वर्षमा अन्तर्राष्ट्रिय धितोपत्र बजारमा गिरावट देखिनुका केही प्रमुख कारणहरूमा आर्थिक वृद्धिदरमा सुस्तता, व्यापार तनाव तथा भू-राजनैतिक अस्थिरता, दीर्घकालीन पूर्वाधार तथा उच्च प्रविधिमा सरकारको अपर्याप्त लगानी आदि रहेका छन् ।

तालिका २ मा प्रस्तुत गरिएको विगत तीन आर्थिक वर्षको धितोपत्र बजारको राष्ट्रिय परिदृश्य हेर्दा धितोपत्रको सार्वजनिक निष्काशनमार्फत् पूँजी परिचालन रकम, धितोपत्रको दोस्रो बजार कारोवार रकम तथा धितोपत्रको बजार मूल्य घट्दै गएको देखिन्छ । आर्थिक वर्ष २०७४।७५ मा धितोपत्रको सार्वजनिक निष्काशनमार्फत् पूँजी परिचालन, धितोपत्रको दोस्रो बजार कारोवार रकम, दोस्रो बजार मूल्य तथा दोस्रो बजार मूल्य परिसूचक(नेप्से परिसूचक) मा ठूलो गिरावट आएको देखिन्छ । धितोपत्रको सार्वजनिक निष्काशनमार्फत् पूँजी परिचालन तथा धितोपत्रको दोस्रो बजार कारोवार रकममा आर्थिक वर्ष २०७५।७६मा समेत केहीगिरावट आएको देखिन्छ ।

तालिका २ः नेपालको धितोपत्रको बजारको संक्षिप्त परिदृश्य (रू.अर्बमा)

| क्र.स. | विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७४/७५ | २०७५/७६ |
| १ | धितोपत्रको सार्वजनिक निष्काशनमार्फत पूँजी परिचालन रकम | ५९.३९ | ५३.३ | ४९.७६ | -१०.३ | -६.६ |
| २ | वार्षिक कारोबार रकम | २०५.०२ | १२१.४ | ११०.०७ | -४०.८ | -९.३ |
| ३ | बजार मूल्य | १८५६.८२ | १४३५.१४ | १५६७.५ | -२२.७ | ९.२ |
| ४ | बजार मूल्यमा कारोबार रकमको प्रतिशत | ११.०४ | ८.५ | ७.० | -२३.० | -१७.६ |
| ५ | नेप्से परिसूचक (बिन्दुमा) | १५८२.६७ | १२१२.३६ | १२५९.०२ | -२३.४ | ३.८ |
| | स्रोतः नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लि. | | | | | |

धितोपत्र बजारको विगत तीन आर्थिक वर्षको राष्ट्रिय परिदृश्य नकारात्मक हुनुका प्रमुख कारणहरूमा बैंक तथा वित्तीय संस्थाहरूको बाहुल्यता रहेको नेपालको धितोपत्र बजारमा व्यवसाय विशेष नियमन निकाय नेपाल राष्ट्र बैंकले चुक्ता पूँजी बढाउन दिएको निर्देशनको पालना हकप्रद सेयर तथा बोनस सेयर वितरण मार्फत् गर्दा बजारमा बढेको आकर्षण उल्लेखित सेयर वितरणमा कमी आएसँगै आकर्षण घट्नु, सामूहिक लगानी योजनाहरूबाट ठूलो रकमको यूनिट (सेयर) तथा वाणिज्य बैंकहरूबाट ठूलो रकमको ऋणपत्र जारी र जलविद्युत क्षेत्रबाट ठूलो परिमाणमा सेयर जारी गरी बजारबाट पूँजी परिचालन गर्दा बजारमा ठूलोपरिमाणमा धितोपत्रको आपूर्ति भएकोमा सोही अनुसार बजारमा धितोपत्रको माग नबढ्नु, हकप्रद तथा बोनस सेयर लगायत सेयरको पूँजीगत लाभकर गणना कार्यमा विवाद आउनु, बैंकिङ्ग तरलतामा कमी भई ब्याजदरमा वृद्धि हुनु, नेप्सेले संचालनमा ल्याएको विद्युतीय कारोवार प्रणाली प्रति लगानीकर्ताहरूको विश्वास बढ्न नसक्नु आदि रहेका छन् । तालिका ३ मा प्रस्तुत गरिएको अन्तर्राष्ट्रिय वस्तु विनिमय बजारको पछिल्लो तीन वर्षको संक्षिप्त परिदृश्य हेर्दा समग्रमा कमोडिटी फ्यूचर्स करारहरूको कारोवारमा केही सुस्तता आएको देखिन्छ ।

| तालिका ३: अन्तर्राष्ट्रिय वस्तु विनिमय (कमोडिटी डेरिभेटिभ्स्) बजार (कुल कारोवार भएको करारहरूको संख्या) | | | | | |
|---|---|---|---|---|---|
| विवरण | आर्थिक वर्ष | | | परिवर्तन प्रतिशत | परिवर्तन प्रतिशत |
| | २०१६ | २०१७ | २०१८ | २०१७ | २०१८ |
| अमेरिका | ९७,५९,५०,१६३ | १,०४,२७,०२,५५० | १,०४,१६,११,४७१ | ६.८ | -०.१ |
| एशिया प्यासिफिक | ४,१३,६४,१०,१२५ | ३,२५,३०,५४,१०० | ३,२१,७१,११,२७० | -२६.० | -१.१ |
| युरोप, मध्यपूर्व र अफ्रिकी क्षेत्र | १,००,५७,९५,१८८ | १,११,३१,००,३८४ | १,११,५७,८४,५१९ | ७.२ | ०.२ |
| कुल कारोवार भएको कमोडिटी फ्यूचर्सहरू करारको संख्या | ६,११,८१,५५,४७६ | ५,४०,८८,५७,०३४ | ५,३७,४५,०७,२६० | -१५.६ | -०.६ |
| स्रोतः वर्ल्ड फेडेरेशन अफ एक्सचेञ्जेज् | | | | | |

नेपालमा महालेखा परीक्षकले २०७५ को वार्षिक प्रतिवेदनमा २०७४ माघ ९ देखि वस्तु विनिमय बजारसम्बन्धी ऐन लागू भए पनि बोर्डले हालसम्म के कारणले कारोवार संचालन अनुमति दिन सकेन भन्दै प्रश्न समेत गरेको अवस्था तथा एक पटक वस्तु विनिमय बजार संचालन पूर्व स्वीकृतिका लागि बोर्डमा पेश भएका पाँच वटा कम्पनीहरूको निवेदन एक वर्षपछि बोर्डबाट खारेज भई हाल पुन पूर्व स्वीकृति प्राप्त गर्न बोर्डमा निवेदन दिई छ वटा कम्पनीहरू पूर्व स्वीकृतिको प्रक्रियामा रहिरहेकोले देशमा ऐन नियम बमोजिमको वस्तु विनिमय बजारको उपस्थिति हालसम्म शून्य अवस्थामा रहेको देखिन्छ ।

**(ख) धितोपत्र बजारको विकास विस्तार**

वि.सं. २०४९ सालमा धितोपत्र कारोबार ऐन, २०४० मा प्रथम संशोधन गरी नेपाल सरकारबाट वि.सं. २०५० जेठ २५ मा धितोपत्र बजारको नियमन निकायको रूपमा धितोपत्र बोर्डको स्थापना भएको हो । बोर्डको स्थापना कालमा धितोपत्र बजारको आकार अत्यन्त सानो थियो भने धितोपत्रसम्बन्धी ऐन, नियम तथा व्यवस्थाहरूको अपर्याप्तता, धितोपत्र कारोबारको लागि आवश्यक बजार मध्यस्थ संस्थाहरूको अभाव तथा धितोपत्र विनिमय कारोबारसमेत व्यवस्थित हुन नसकेको पृष्ठभूमिमा बजारको समयसापेक्ष विकास तथा विस्तारका लागि बोर्ड अगाडि बढ्नुपर्ने अवस्था थियो । बोर्डको स्थापना देखि हालसम्मको विभिन्न समय सीमामाधितोपत्र बजारमा भएको विकास विस्तार संक्षिप्तमा देहाय अनुसार प्रकाश पारिएको छ ।

(१) **प्रथम दशक** (**वि.सं.२०५० - वि.सं.२०६०**)

यस चरणमा नियमन निकायको रूपमा धितोपत्र बोर्डको स्थापना, वि.सं. २०३३ देखि धितोपत्रसम्बन्धी सम्पूर्ण कार्य गर्दै आएको सेक्युरिटी खरिद बिक्री केन्द्रलाई नेपाल स्टक एक्सचेन्ज लिमिटेड (नेप्से) मा परिवर्तन गरी धितोपत्रको दोस्रो बजारको सञ्चालन गर्न बोर्डबाट धितोपत्र दोस्रो बजार सञ्चालन अनुमति पाएको नेप्सेले धितोपत्र दलाल र अन्य धितोपत्र व्यवसायिको कार्य गर्न चाहने संगठित संस्थाहरूलाई सदस्यता दिनुका साथै ती सदस्यहरूलाई अनुशासित गराउन आवश्यक विनियमहरूको समेत तर्जुमा गरी वि.सं. २०५० माघ २९ देखि खुला बोलकबोल प्रणाली मार्फत् धितोपत्र बजार सञ्चालन शुरूवात भएको थियो ।

बोर्डले धितोपत्र बजार सेवाको विकास तथा विस्तार गर्नको लागि धितोपत्र दलाल, निष्काशन तथा बिक्री प्रबन्धक, धितोपत्र व्यापारी, बजार निर्माता जस्ता व्यावसायहरू संचालनका लागि अनुमति यही चरणमा दिएको थियो । साथै यस चरणमा धितोपत्र कारोबार ऐन, २०४० मा दोस्रो संशोधन, धितोपत्र कारोबार नियमावली, २०५०, सेयर बाँडफाँट निर्देशिका, २०५१, धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध निर्देशिका, २०५४ जारी हुनुका साथै धितोपत्र बजारको सदस्यता तथा कारोबार विनियमहरू, २०५० स्वीकृत भएको थियो ।

२. **दोस्रो दशक** (**वि.सं.२०६१-वि.सं.२०७०**)

यस अवधिमा धितोपत्र कारोवार ऐन, २०४० लाई प्रतिस्थापन गरी धितोपत्रसम्बन्धी अध्यादेश, २०६२ जारी भई धितोपत्र बोर्डको नामाकरण नेपाल धितोपत्र बोर्ड गरिएकोमा पछि वि.स. २०६३ मा सो अध्यादेशलाई प्रतिस्थापन गरी

धितोपत्रसम्बन्धी ऐन, २०६३ जारी भई धितोपत्र बजारमा नयाँ आयाम थपिएको थियो । यस चरणमादोस्रो बजार कारोवारको बोलकबोल प्रथालाई वि.सं. २०६४ मा स्वचालित कम्प्युटरकृत प्रणालीले प्रतिस्थापन गरिएको, सर्किट ब्रेकर प्रणाली तथा दोस्रो बजारको गति मापन गर्न विभिन्न सूचकांकहरूको विकास गरिएको, धितोपत्र दलाल व्यवसायी शुल्क कारोवार रकमको आधारमा अधिकतम १.५ प्रतिशत भएकोमा सो लाई घटाई अधिकतम १ प्रतिशत बनाइएको तथा ओटीसी बजारको शुरूवाततथा बोर्डले नेप्सेसँग सिधा सम्पर्क स्थापना गरी विद्युतीय माध्यमबाट दोस्रो बजार कारोवारको वास्तविक समय सुपरीवेक्षण गर्ने प्रणालीको विकास गरेको थियो ।धितोपत्रको विद्युतीय अभिलेख राख्न धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ लागू गरी बोर्डको अनुमतिमा २०६७ सालमा सिडिएस एण्ड क्लियरीङ्ग लि.(सिडिएससी) को स्थापना भएको थियो । साथै, सूचीकृत कम्पनी तथा यस्ता कम्पनीले निष्काशन गर्ने धितोपत्रहरूको रेटिङ्ग गरी लगानीकर्तालाई जोखिमको स्तरसम्बन्धी जानकारी दिने उद्देश्यले क्रेडिट रेटिङ नियमावली, २०६८ लागू गरी बोर्डले वि.सं.२०६९ मा इक्रा नेपाल लि.लाई क्रेडिट रेटिङ्ग व्यवसाय संचालनका लागि अनुमति प्रदान गरेको थियो । त्यस्तै, बोर्डले यस अवधिमा बोर्ड तथा बजारसम्बन्धी अन्य केही महत्वपूर्ण नियमावलीहरू तर्जुमा गरी लागू गरेको थियो ।

**३. तेस्रो दशक (वि.सं. २०७०–वि.सं. २०७६ असार मसान्त)**

धितोपत्र बजार विकास विस्तारको यो चरणमा बजारलाई आधुनिकीकरण गर्ने काम भएको छ । वि.स. २०७२ माघबाट दोस्रो बजारमा पूर्णरूपमा अभौतिकृत कारोवारको व्यवस्था, बोर्डले धितोपत्र बजार नियमन निकायहरूको अन्तर्राष्ट्रिय संस्था (IOSCO) एशोसिएट सदस्य तथा OECD INFE को पूर्ण सदस्यता रसिडिएस एण्ड क्लियरिङ्ग लि. (CDSC) ले धितोपत्रहरूको राष्ट्रिय नम्बर प्रदायक संघ (ANNA) को सदस्यता प्राप्त, लगानीकर्ताहरूले बजारको गहिराई हेर्न पाउने व्यवस्था, धितोपत्रको प्राथमिक निष्काशनमा ASBA तथा C-ASBA प्रणालीको प्रयोग भई कुल ६३ बैंक वित्तीय संस्थामार्फत् देशको ७७ जिल्लाका ७३९ स्थानीय तहमा प्राथमिक बजारको पहुँच अभिवृद्धि, धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा आवश्यक व्यवस्थामार्फत् IFC, ADB जस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाले स्थानीय मुद्रामा ऋणपत्र जारी गर्न पाउनेव्यवस्था, दोस्रो बजार कारोबारमा लाग्ने दलाल व्यवसायिको अधिकतम शुल्क १ प्रतिशतबाट घटाई अधिकतम शुल्क ०.६० प्रतिशत हुने व्यवस्था, सूचीकृत कम्पनीहरूले प्रदान गर्ने नगद लाभांश सेयरधनीको आफ्नै बैंक खातामा र बोनस तथा हकप्रद सेयर आफ्नै डिम्याट खातामा जम्मा हुने व्यवस्था र २०७५ कात्तिक २० देखि लगानीकर्ता आफैंले खरिद/बिक्री गर्न सक्ने स्वचालित कारोबार प्रणालीको व्यवस्था भएको छ ।

यस चरणमा बोर्डले खुलामुखी सामूहिक लगानी कोष योजना संचालन गर्ने अनुमति दिनुका साथै प्राइभेट इक्वीटी फण्ड, भेन्चर क्यापिटल फण्ड, हेज फण्ड जस्ता वैकल्पिक लगानी कोष जस्ता औजारहरूलाई बजार प्रवेश गराउन विशिष्टीकृत लगानी कोष नियमावली, २०७५बनाई लागू गरेको छ ।यस चरणमा बोर्डले वस्तु विनिमय बजारको समेत नियमन गर्ने गरी वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ तथा वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ लागू हुनुका साथैसम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन (दोस्रो संशोधन), २०६४ अन्तर्गत सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०७४ लागू भएपश्चात् सम्पत्ति शुद्धीकरण निवारण गर्ने जस्तो महत्वपूर्ण कार्य जिम्मेवारी बोर्डलाई थप भएको छ।साथै, यस चरणमा काठमाडौं उपत्यकाबाहिर २१ जिल्लाको ४७ स्थानमा धितोपत्र दलाल व्यवसायिको शाखा विस्तार तथा काठमाडौं उपत्यकामा मर्चेण्ट बैंकरको कुल संख्या ३० तथा उपत्यका बाहिर नौ पुगी धितोपत्र व्यवसाय सेवा समेत देशव्यापी हुने क्रममा रहेको छ ।

**(ग) धितोपत्र बजार तथा वस्तु विनिमय बजार सुधार तथा विकासको भावी दिशा**

बोर्डमा सीमित मानव संशाधन रहेको पृष्ठभूमिमा योग्य एवं दक्ष जनशक्ति वृद्धि गरी आ.व.२०७५।७६ मा कुल जनशक्ति ५९ पुऱ्याई बोर्डले आफ्नो संस्थागत क्षमतामा समयानुकुल अभिवृद्धि गर्ने प्रयास गरेता पनि सम्पूर्ण जनशक्तिलाई उपयुक्त तवरले परिचालन गरी बोर्डको बजार नियमन तथा सुपरीवेक्षण क्षमता अभिवृद्धि गरी प्रभावकारी रूपमा बजारको नियमन तथा सुपरीवेक्षणमार्फत् लगानीकर्ताको मनोवल बढाउने कार्यमा अपेक्षित उपलब्धी हुन नसकेको तथ्य गत वर्षदेखि नै अंकित मूल्यमा निष्काशन भएको सेयरमा समेत पूर्णरूपमा खरिद माग प्राप्त हुन छाडेकोमा पछिल्लो पटक अंकित मूल्यमा सार्वजनिक निष्काशन भएको श्री शिवश्री हाइड्रो पावर लि.को निष्काशनमा २१.५ प्रतिशत मात्र खरिद माग प्राप्त भएको तथा मिति २०७३।०४।१२ मा १८८१.४५ विन्दू पुगेको नेप्से परिसूचक मिति २०७६।०८।१२ मा ४०.८५ प्रतिशतले ह्रास आई १११२.७९ बिन्दु कायम हुनुले स्पष्ट हुन्छ । उल्लेखित तथ्यलाई समेत दृष्टिगत गरी बोर्डले उपलब्ध मानव

संशाधनको उपयुक्त व्यवस्थापन गरी कर्मचारीहरूको उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने देखिन्छ । त्यस्तै, बोर्डले आफ्नो स्थापनाको २७ वर्ष भइसक्दा समेत नेपाल सरकारले बोर्डलाई ५० वर्षका लागि लिजमा जग्गा दिएको भएतापनि हालसम्म बोर्डको आफ्नै कार्यालय भवनको निर्माण हुनसकेको छैन् । बोर्डले बोर्ड सदस्य तथा कर्मचारीहरूको लागि सेयरमा लगानी गर्न नहुने लगायतका व्यवस्थाहरू समावेश गरी मिति २०७३ चैत ४ मा कर्मचारीहरूको लागि आचारसंहिता र २०७४ श्रावण २० माबोर्ड सदस्यको आचारसंहिता लागू गरेको भएतापनि उल्लेखित आचार संहिताको पालना भए नभएको अनुगमन गर्ने कार्यमा उदासिनता देखिनुले बोर्डको आन्तरिक सुशासनमा हालसम्म पनि अपेक्षितरूपमा सुधार हुन नसकेको र ऐनमा भएका केही स्वायत्तता सम्बन्धी अधिकारको प्रयोग तथा बजार नियमनसम्बन्धी ऐन नियममा भएका व्यवस्थाहरूको प्रभावकारीरूपमा प्रवलीकरण गर्नमा रहेका कमीकमजोरीका कारणले समेत बोर्ड एक सुदृढ एवं सशक्त नियमन निकाय हुन कठिन भएको देखिन्छ । बोर्डमा भएका विभिन्न गतिविधिहरूको अभिलेख प्रणाली Manual हुनुका साथै अपेक्षितरूपमा विश्वसनीय एवं भरपर्दो नभएको सन्दर्भमा बोर्डले आ.व. २०७६।७७ को साउन १ देखि नेपाल धितोपत्र बोर्ड सूचना प्रविधि नीति, २०७६ लागू गरेको छ । यसअन्तर्गत विभिन्न निर्देशिकाहरू तर्जुमा गरी धितोपत्र बजार नियमन तथा बजारसम्बन्धी गतिविधिहरूलाई Digitisation गर्नुपर्ने आवश्यकता रहेको छ । आ.व. २०६४।६५ देखि बोर्डले आफ्नो कार्यालय तथा काठमाडौं उपत्यकामा संचालन गर्दै आएको लगानीकर्ता सचेतना तथा प्रशिक्षण कार्यक्रम वि.स. २०६८ देखि उपत्यका बाहिरका लगानीकर्तालाई समेत संचालन गर्ने गरेको भएतापनियसको लागि छुट्टै संस्थागत व्यवस्था हुन नसक्दा यो व्यवस्थित एवं प्रभावकारी हुनमा कठिनाइ परिरहेको छ । त्सस्तै, मिति २०७६।०८।१२ सम्ममा सिडिएससिको वेवसाइटमार्फत् प्रकाशित तथ्यांक अनुसार डिम्याट खाताको संख्या १५लाख ९४ हजार १ सय ५२ अर्थात् कुल जनसंख्याको ५.३५ प्रतिशत (सिविएसको वेवसाइटमार्फत प्रकाशित कुल जनसंख्याको आधारमा) पुगिसकेको भए तापनि हालसम्म ट्रष्ट ऐन नहुँदा कानुनी अंशीयार तथा हितग्राहीको अधिकार तथा जिम्मेवारी स्पष्ट हुन नसकी केन्द्रीय निक्षेप सेवा जोखिममुक्त हुन सकेको छैन् ।

साथै, बोर्डको विगत चार आर्थिक वर्षको वित्तीय व्यवस्थापन, प्रशासकीय खर्च व्यवस्थापन र श्रोत परिचालन सम्बन्धमा तालिका ४ मा प्रस्तुत विवरण हेर्दा कोष तथा जगेडा र लगानी पछिल्ला वर्षहरूमा घट्दो दरमा बढ्दै गएको, कुल आम्दानी आर्थिक वर्ष २०७३।७४ मा बढे तापनि तत्पश्चातका वर्षहरूमा घट्दै गएको, कुल खर्च ठूलो परिमाणमा बढ्दै गएको र पछिल्ला आर्थिक वर्षहरू बचत घट्दै गई आथिक वर्ष २०७५।७६ मा ठूलो परिमाणमा ४६.०५ प्रतिशतले बचत घटेको देखिन्छ । खर्च बढ्नुका कारणहरू हेर्दा विगतका वर्षहरूमा बोर्डलाई आयकर नलाग्ने व्यवस्था तथा देशको वित्तीय क्षेत्रको अर्को नियमन निकाय ने.रा.बैं. तथा नियमन निकायलाई आयकर नलाग्ने अन्तर्राष्ट्रिय अभ्यासको विपरीत बोर्ड आ.व.२०७५।७६ देखि आयकरको दायरामा परेकोले आ.व. २०७५।७६ को कुल खर्च मध्ये ३५.७३ प्रतिशत आयकरमा मात्र खर्च भएको देखिन्छ । नियमन निकाय वित्तीय रूपमा समेत सुदृढ हुनुपर्ने सन्दर्भमा बोर्डको आम्दानी तथा बचत घट्दै जानु खर्च बढ्दै जानुले प्रचलित अभ्यासका विपरीत बोर्डलाई लगाइएको आयकरको व्यवस्थामा सुधार ल्याउनुका साथै बोर्डको वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने चुनौती बढ्दै गएको देखिन्छ ।

तालिका ४ः बोर्डको वित्तीय अवस्था (रकम रू. करोडमा)

| | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| विवरण | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ |
| कोष तथा जगेडा (वासलातको आकार) | ३८.५५ | ७२.२१ | ९६.८८ | १०६.४७ |
| लगानी | ४४.७१ | ६६.७२ | ५६.६७चस | १०८.०४ |
| कुल आम्दानी | १७.६४ | ४४.७३ | ४०.५१ | ३५.१५ |
| कुल खर्च | ५.८२ | ९.३९ | १०.८९ | १९.१७ |
| बचत | ११.८२ | ३५.३४ | २९.६२ | १५.९८ |

स्रोतः नेपाल धितोपत्र बोर्ड

समग्रमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारको सुधार तथा विकासका सवल पक्ष, निर्वल पक्ष र अवसर तथा चुनौतीहरूको विश्लेषण गर्दा बजारको सबल पक्षहरूमा कानुनी तथा संस्थागत पूर्वाधारहरूको व्यवस्था, बजारमार्फत् पूँजी परिचालनमा जोड; बजारमा लगानीकर्ताहरूको उत्साहबर्द्धक सहभागिता र ठूलो परिमाणमा पूँजी परिचालन र प्राथमिक

बजार पूर्णरूपमा यान्त्रिकीकरण तथा देशव्यापी विस्तार र दोस्रो बजारमा अभौतिकीकृत धितोपत्रको कारोवारको व्यवस्था आदि रहेको देखियो भने निर्बल पक्षहरूमा जल विद्युत क्षेत्रमा रहेको स्वामित्वसम्बन्धी विवाद तथा आयोजनाको बढ्दो लागत तथा जोखिम; संरचनात्मक तथा संस्थागत सुशासन सम्बन्धी कमी कमजोरीहरू र संस्थागत लगानीकर्ताहरूको बजार सहभागीता, लगानीकर्ता संरक्षण कोष, विद्युतीय सूचना प्रवाह प्रणाली, स्वचालित बजार सुपरीवेक्षण प्रणाली आदिको अभाव, विवरण प्रवाहको कमजोर अभ्यास रहेको देखिएको छ । त्यस्तै अवसरहरूमा मुख्य अवसरहरू संस्थागत सुशासन तथा वित्तीय साक्षरता अभिवृद्धिमा जोड र नेपाल वित्तीय विवरण प्रवाह स्तरमान लागू, कर सम्बन्धी व्यवस्थाहरूमा सुधार; स्वदेशी एवं विदेशी पूँजी तथा प्रविधि परिचालनमा जोड, राजनैतिक स्थिरता, आर्थिक विकासमा जोड; निरन्तरको आर्थिक वृद्धि, बृहत आर्थिक स्थिरता अनौपचारिक अर्थतन्त्रलाई औपचारिक अर्थतन्त्रमा परिवर्तन गर्नमा जोड, बजार सुधारमा सरकारको जोड र चुनौतीहरूमा नेप्से, सिडिएससी तथा बोर्डको संस्थागत क्षमता र बोर्डको संचालन स्वायत्तता अभिवृद्धि गर्ने; बजार नियमन, बजार संचालन तथा बजार व्यवसायी सेवालाई सूचना प्रविधिमा आधारित तथा स्तरीय बनाउने, धितोपत्रको मागमा वृद्धि ल्याउने; बजार औजार तथा सेवामा विविधिकरण ल्याउने; संस्थागत क्षेत्रको सुशासनमा सुधार ल्याई वास्तविक क्षेत्रका कम्पनीहरूको बजारमा प्रवेशमा वृद्धि ल्याउने, दोस्रो बजारलाई देशव्यापी बनाउने आदि रहेको देखिएको छ ।

समयक्रमसँगै नियमन तथा बजारमा केही विकास विस्तार भएतापनि बजारको अपेक्षित विकास विस्तार तथा सुदृढीकरण हुन नसकेको अवस्था, बजारको सवल पक्षहरू, दुर्बल पक्षहरू, अवसरहरू तथा चुनौतीहरू र नेपाल सरकारको पन्ध्रौं योजना (आधार पत्र) तथा नेपाल सरकारको पाँच वर्षीय वित्तीय क्षेत्र विकास रणनीति समेतलाई मध्यनजर गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको गुणस्तरीय अभिवृद्धि गर्न बोर्डले आगामी चार वर्षमा गर्नुपर्ने सुधार तथा विकाससम्बन्धी कार्ययोजना निम्नानुसार प्रस्तुत गरिएको छ ।

- लगानीकर्ताहरूको गुनासो समाधानको सुदृढ व्यवस्था गर्ने ।
- धितोपत्रको आपूर्तिमा वृद्धिसँगै मागमा वृद्धि ल्याउन गैर आवासीय नेपाली र सम्झौतित बचत परिचालन गर्ने नागरिक लगानी कोषलाई धितोपत्र व्यापारीको रूपमा तथाजीवनबीमा कम्पनी लगायत अन्य संझौतित बचत परिचालन गर्ने संस्थाहरूलाई धितोपत्रको दोस्रोबजार खुला गरी लगानीका लागि सहजीकरण गर्ने ।
- जलविद्युत क्षेत्रको सेयरको स्वामित्व सम्बन्धमा रहेको अस्पष्टता हटाउने तथा यस क्षेत्रको आयोजना लागत अस्वभाविक रूपमा बढाउने प्रवृत्तिलाई निरूत्साहित गर्ने ।
- निष्काशनकर्ता एवं सूचीकृत कम्पनीहरूबाट बजारमा हुने सूचना प्रवाहलाई पारदर्शी र व्यवस्थित बनाउनुका साथै संस्थागत सुशासनमा अभिवृद्धि गर्ने ।
- धितोपत्र बजारमा भएका करसम्बन्धी व्यवस्थालाई विवेकपूर्ण बनाउने तथा कारोवार लागत न्यूनीकरण गरी बजारलाई प्रतिस्पर्धी बनाउने ।
- वस्तु विनिमय बजार संचालनको पूर्व स्वीकृति प्राप्त गर्ने क्रममा रहेका निवेदक कम्पनीहरूलाई पूर्व स्वीकृति तथा वस्तु विनिमय बजार संचालन अनुमति दिने ।
- बोर्डको आफ्नै कार्यालय भवन निर्माण गर्न आवश्यक जग्गाको व्यवस्था गर्ने ।
- धितोपत्र बजारको नियमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउने र बजार नियमन, संचालन तथा व्यवसायी शुल्क घटाई बजारमा लगानीकर्ताहरूको मनोवल बढाउने ।
- बोर्डको प्रशासनीक खर्च,श्रोत व्यवस्थापन तथा विदेश भम्रणसम्बन्धी व्यवस्थालाई व्यवस्थित गरी आन्तरिक सुशासनमा सुधार ल्याउने ।
- बोर्ड, नेप्से तथा सिडिएससीमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरूले धितोपत्रमा लगानी गर्न नपाउने व्यवस्था गर्ने ।
- बोर्डको सूचना प्रविधि नीतिलाई प्रभावकारीरूपमा कार्यान्वयनमा ल्याउन आवश्यक निर्देशिकाहरू तर्जुमा गरी लागू गर्ने र धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा विद्युतीय सूचना प्रवाह प्रणाली (SEDFAR) को व्यवस्था गरी बजार गतिविधिहरूमा Digitisation अभिवृद्धि गर्ने ।

- ग्राहकको बैंक खाता तथा सिडिएससीको धितोपत्र खातासंग एकीकृत हुने व्यवस्था गरी नेप्सेको विद्युतीय कारोवार प्रणालीलाई यथाशीघ्र अन्तर्राष्ट्रिय स्तरको बनाई यसको पहुंच सर्वसाधारण लगानीकर्ताहरूमा विस्तार गर्ने ।
- सामूहिक लगानी योजनाहरूले कम्तिमा ९० प्रतिशत लगानी धितोपत्रमा गर्नुपर्ने अनिवार्य व्यवस्था लगायत अन्य आवश्यक व्यवस्था गरी यसलाई एक उद्योगको रूपमा विकास गरी स्तरीय एवं विश्वसनीय बनाउने ।
- बोर्डमा योग्य एवं दक्ष जनशक्तिलाई आर्कषित गर्न तथा विद्यमान जनशक्तिलाई निरन्तरता दिन कर्मचारी वृत्ति विकास योजना तथा उत्तराधिकारी योजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- बजारको स्थलगत निरीक्षण, बजार सुपरीवेक्षण, बजार अनुसन्धान तथा कानुन प्रवलीकरण सम्बन्धी निर्देशिकाहरू तर्जुमा गरी लागू गर्ने ।
- अध्ययन अनुसन्धान, व्यावसायिकता अभिवृद्धि र लगानीकर्ता शिक्षाको लागि संस्थागत व्यवस्था गर्न धितोपत्र बजार, फ्यूचर्स बजार तथा वित्तीय शिक्षा सम्बन्धी प्रशिक्षण प्रतिष्ठान स्थापना गर्ने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई गैर कानुनी सम्पत्ति निर्मलीकरण हुने माध्यम हुन नदिने ।
- धितोपत्रको भित्री कारोबार निषेध गर्न थप स्पष्ट कानुनी व्यवस्था र बजार सुपरीवेक्षण तथा कानुन प्रवलीकरणको सुदृढ व्यवस्था गरी न्यूनीकरण गर्ने ।
- धितोपत्र बजारमा Nepal Financial Reporting Standards (NFRS) प्रभावकारी रूपमा लागू गर्ने ।
- धितोपत्र बोर्ड सम्बन्धी ऐन तथा बजार नियमन सम्बन्धी ऐन गरी दुई छुट्टाछुट्टै नयां ऐनहरू, ट्रष्ट ऐन र वेयर हाउस सम्बन्धी ऐन तर्जुमा गरी अन्तरर्राष्ट्रिय सिद्धान्त एवं क्षेत्रीय अभ्यास अनुरूप बजारको कानुनी, संस्थागत तथा संरचनात्मक सुधार गर्ने ।
- वाणिज्य बैंकहरूको सहायक कम्पनीहरूमार्फत् धितोपत्र दलाल व्यवसाय सेवा प्रदान गर्न अनुमति दिने ।
- नियमन निकाय बोर्डलाई कर लाग्ने व्यवस्थामा सुधार ल्याउने ।
- नेप्से तथा नेप्सेकै सहायक कम्पनी सिडिएससीको स्वामित्वमा संरचनात्मक सुधार गरी समग्रधितोपत्र बजारलाई प्रतिस्पर्धी, पारदर्शी तथा विश्वसनीय बनाउने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजार समन्वय एवं सुझाव समिति गठन गरी बजार विकास तथा सुधार कार्य समन्वयात्मक रूपमा अगाडि बढाउने ।
- ऋणपत्र बजार तथा इक्विटी डेरिभेटिभ्स बजारको विकास गने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा संलग्न जनशक्तिहरूको व्यावसायिकता विकास गर्न निरन्तर व्यावसायिकता विकास कार्यक्रम तथा Certification कार्यक्रम शुरूवात गर्ने ।
- धितोपत्र बजारमा लगानी गर्ने लगानी कम्पनीहरूलाई नियमनको दायरामा ल्याई नियमन गर्ने ।
- बोर्डको आफ्नै कार्यालय भवनको स्थापना गर्ने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजार सुधार तथा विकाससम्बन्धी तीन वर्षीय रणनीतिक योजना तयार गरी लागू गर्ने ।
- जल विद्युत क्षेत्र बाहेकका बास्तविक क्षेत्रलाई धितोपत्र बजारमार्फत् पूँजी परिचालनका लागि आकर्षित गरी धितोपत्र बजारको सन्तुलित विकास तथा विस्तार गर्ने ।
- विद्युतीय संचार माध्यमबाट बजार सम्बन्धमा प्रवाहित हुने समाचार तथा जानकारीलाई व्यवस्थित गर्ने ।
- बोर्डमा सूचीकृत कम्पनीहरू तथा धितोपत्र व्यवसायीहरूले पेश गर्ने वित्तीय विवरणहरूको पुनरावलोकन गर्न उपयुक्त संगठन तथा जनशक्तिको व्यवस्था गर्ने ।
- बोर्डमा धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी केन्द्रीय तथ्याङ्क बैंक स्थापना गरी बजारसम्बन्धी तथ्यांकहरूको नियमित व्यवस्थापन गर्ने ।

- बजारसम्बन्धी विविध समसामयिक विषय शीर्षकहरूमा अनुसन्धानमूलक अध्ययन गरी धितोपत्र बजार औजारहरूको विविधीकरण र धितोपत्र व्यावसायिको कार्य क्षेत्र विस्तार गर्ने ।
- बजारमा लगानी गर्ने लगानीकर्ताहरूको हकहित प्रबर्द्धनका लागि लगानीकर्ता संरक्षण कोष स्थापना गर्ने ।
- धितोपत्र बजार तथा वस्तु विनिमय बजारमा उच्च स्तरीय प्रविधि भित्र्याउन विदेशी Joint venture लगानी खुला गरी प्रोत्साहित गर्ने ।
- Auction market को व्यवस्था गर्ने ।
- संघीय तथा स्थानीय क्षेत्रको विकासका पूर्वाधारहरूका लागि आवश्यक पूँजी सर्वसाधारणबाट परिचालन गर्ने व्यवस्थाका लागि सहर ऋणपत्र तथा नगरपालिका ऋणपत्र जारी गर्न र यस्ता ऋणपत्रहरू दोस्रो बजारमा कारोवार गर्न आवश्यक व्यवस्था गर्ने ।
- वस्तु विनिमय बजारको स्तर तथा प्रभावकारिता बढाई देशको वित्तीय प्रणालीको अभिन्न अङ्गको रूपमा विकास विस्तार गर्ने ।
- धितोपत्र व्यवसायको बीमा गराउने व्यवस्था गर्ने ।
- धितोपत्र बजारमा जोखिममा आधारित सुपरीवेक्षण प्रणाली विकास गरी लागू गर्ने ।
- धितोपत्रको स्तरीय स्वचालित ओटिसी कारोवार प्रणालीको स्थापना तथा विकास गर्ने ।
- देशमा विकसित नयाँ संरचना अनुसार नियमन पहुंच अभिवृद्धि गर्न प्रदेश नं.१ तथा गण्डकी प्रदेशमा बोर्डको प्रादेशिक कार्यालय स्थापना गर्ने ।
- बोर्डमा तथ्याङ्कको संकलन, विश्लेषण तथा प्राप्तिसम्बन्धी विद्युतीय प्रणाली (EDGAR) स्थापना गर्ने ।
- KYC Registrant Agency-KRA स्थापना गरी KYC व्यवस्थापनलाई सहज एवं व्यवस्थित बनाउने ।
- धितोपत्र व्यावसायिको कार्य तथा क्षमता अनुरूप वर्गीकरण तथा स्तर निर्धारण गर्ने ।
- बोर्डमा स्वचालित कारोवार सुपरीवेक्षण प्रणाली स्थापना गर्ने ।
- सूचीकृत कम्पनी, स्टक एक्सचेञ्ज लि. तथा कमोडिटी डेरिभेटिभ्स् बजार संचालन कम्पनीहरूको एकीकरण तथा प्राप्ति सम्बन्धी नियमावली तर्जुमा गरी लागू गर्ने ।
- भेञ्चर क्यापिटल तथा प्राइभेट इक्विटी मार्फत् पूँजी परिचालन कार्यलाई व्यवस्थित गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत लगानीकर्ताहरूलाई बजार प्रवेश गराउने ।
- बोर्डले IOSCO को पूर्ण सदस्यता प्राप्त गर्ने ।

**(घ) आगामी चार वर्षको बजारको प्रक्षेपण तथा प्रक्षेपित अवस्थाको विश्लेषण**

माथि (क), (ख) तथा (ग) मा प्रस्तुत धितोपत्र तथा वस्तु विनिमय बजारको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिदृश्य, धितोपत्र बजारको विकास विस्तार, कार्य योजना र पन्ध्रौं योजना, बजारका सरोकारवाला पक्षहरूको अपेक्षालाई समेत दृष्टिगत गरी धितोपत्र बजार तथा वस्तु विनिमय बजारको आगामी चार आ.व.को प्रक्षेपित अवस्था तालिका ६ प्रस्तुत गरिएको छ । प्रस्तुत धितोपत्र बजार तथा वस्तु विनिमय बजारको प्रक्षेपित अवस्था अन्तर्गत धितोपत्रको प्राथमिक बजारतर्फ धितोपत्रको सार्वजनिक निष्काशनमार्फत पूँजी परिचालन रकममा आ.व.२०७६।७७ मा सीमान्तरूपमा वृद्धि भई रू.५० अर्ब हुने अनुमान बोर्डमा हाल अनुमति प्रक्रियाको पाइपलाइनमा रहेको करीब रू.४.५० अर्बको निष्काशन, गतवर्ष जीवन बीमा व्यवसायका लागि अनुमति प्राप्त थप १२ बीमा कम्पनीहरू मध्ये अधिकांशले बीमा क्षेत्रको नियमन निकायको निर्देशन बमोजिम न्यूनतम चुक्ता पूँजी पुऱ्याउनका लागि तथा एक पुर्नबीमा कम्पनीले समेत सार्वजनिक निष्काशन गर्ने अनुमान र आ.व.२०७६।७७ को मौद्रिक नीति अनुसार हाल कायम २७ वाणिज्य बैंकहरूले वि.सं. २०७७ असार मसान्तसम्ममा चुक्ता पूँजीको २५ प्रतिशत ऋणपत्र निष्काशन गर्नुपर्ने भएबमोजिम निष्काशन गर्न बाँकी वाणिज्य बैंकहरूले ठूलो परिमाणमा ऋणपत्र निष्काशन गर्ने आधारहरूलाई मध्यनजर गरी गरिएको छ ।

त्यस्तै, आ.व. २०७७।७८ मा सार्वजनिक निष्काशनका लागि कुनै त्यस्तो निर्देशनात्मक व्यवस्था नभएकाले निष्काशन रकममा कमी आई रू. ४० अर्ब मात्र हुने अनुमान गरिएको छ भने आ.व. २०७८।७९ तथा २०७९।८० मा माथि उल्लेखित कार्ययोजना बमोजिम काम हुँदा बजारमा विश्वसनीयता अभिवृद्धि भई जलविद्युत क्षेत्र बाहेक अन्य वास्तविक क्षेत्रका केही कम्पनीहरू, नेपाल विद्युत प्राधिकरण र दुर संचार क्षेत्रको नियमन निकायको निर्देशन बमोजिम दुर संचार क्षेत्रका ऐनसेल लगायत अन्य कम्पनीहरूले समेत सार्वजनिक निष्काशन गर्ने भई निष्काशन रकममा प्रक्षेपण अनुसार वृद्धि हुने अनुमान गरिएको छ ।

दोस्रो बजारतर्फ माथि उल्लेख गरिएको कार्य योजना प्रभावकारीरूपमा कार्यान्वयन हुँदा धितोपत्र बजार नियमन व्यवस्था सुदृढ एवं प्रभावकारी हुने, नेप्सेको विद्युतीय कारोवार प्रणाली अन्तर्राष्ट्रियस्तरको भई अधिकांश लगानीकर्ताहरू यसमार्फत् कारोवार गर्न आकर्षित हुने, स्वदेशी तथा विदेशी संस्थागत लगानीकर्ताहरूको दोस्रो बजार कारोवारमा महत्वपूर्ण संलग्नता हुने, लगानीकर्ताहरू बजारसम्बन्धी विषयवस्तुहरूमा प्रशिक्षित हुनुका साथै बजारको प्रभावकारी नियमन तथा संचालनमा बढी विश्वस्त हुने, धितोपत्र कारोवार शुल्क घट्ने, बजार व्यावसायीहरूको व्यावसायिकता अभिवृद्धि हुने तथा जोखिममा कमी हुने, बजार गतिविधिहरू स्वच्छ एवं पारदर्शी हुने, लगानीका औजारहरूमा विस्तार भई लगानी तथा व्यावसायको क्षेत्र व्यापक हुने, बजार स्तरीय एवं विश्वसनीय हुने भई बैंकको मुद्दती खातामा जम्मा गर्ने गरिएको ठूलो परिमाणको रकम समेत उच्च मनोवल सहित धितोपत्रमा लगानी गर्ने हुँदा दोस्रो बजारका सम्पूर्ण सूचकांकहरूमा प्रक्षेपण अनुसार बढोत्तरी हुने अनुमान गरिएको छ ।

तालिका ६: धितोपत्र बजार तथा वस्तु विनिमय बजारको आगामी चार आ.व. को प्रक्षेपित अवस्था (रू. अर्बमा)

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७५/७६ (वास्तविक) | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
| धितोपत्रको सार्वजनिक निष्काशनमार्फत पूँजी परिचालन रकम | ४९.७६ | ५० | ४० | ५५ | ६० |
| सूचीकृत संगठित संस्था | २१५ | २३० | २४७ | २६० | २८० |
| सूचीकत कम्पनीको चुक्ता पूँजी | ४१२.२८ | ४६० | ५०० | ५८० | ६२५ |
| वार्षिक कारोबार रकम | ११०.०७ | १२० | १७० | २२५ | ३०० |
| औसत दैनिक कारोबार रकम (रू. करोडमा) | ४४.७५ | ५० | १०० | १७५ | ३०० |
| बजार मूल्य | १४११.९५ (२०७६.०८.१२) | १६०० | १६५० | १७०० | १८०० |
| बजार मूल्यमा कारोवारको प्रतिशत | ७.० | ७.५ | १०.३० | १३.२४ | १६.६७ |
| कुल गार्हस्थ्य उत्पादनमा बजार मूल्यको प्रतिशत | ४५.२५ | ५० | ६० | ६८ | ८० |
| नेप्से परिसूचक (बिन्दुमा) | १११२.७९ (२०७६.०८.१२) | १३०० | १३५० | १४०० | १५०० |
| धितोपत्र दलाल व्यावसायिको संख्या (शाखा समेत) | ९७ (२०७६.०८.१२) | १०५ | ११५ | १३० | १५० |
| मर्चेण्ट बैंकर व्यावसायिको संख्या (शाखा समेत) | ३९ (२०७६.०८.१२) | ४२ | ४५ | ५० | ५५ |
| धितोपत्र बजारमा लगानी गर्ने लगानीकर्ताहरू (डीम्याट खाताहरू) को संख्या | १५९४१५२ (२०७६.०८.१२) | १७८२२७० | २४०९३१३ | ३३५७८७५ | ४९४९०२१ |
| कमोडिटी फ्यूचर्स (करार) कारोवारको संख्या | - | - | ५००० | १७००० | ३५००० |
| कमोडिटी एक्सचेञ्ज कम्पनीहरूको संख्या | - | - | ३ | ३ | ४ |
| कमोडिटी एक्सचेञ्ज व्यावसायीहरूको संख्या | - | - | ४५ | ७५ | १२५ |

स्रोतः नेपाल धितोपत्र बोर्ड

त्यस्तै, उल्लेखित कार्य योजनाको सफल कार्यान्वयन हुँदा वस्तु विनिमय (कमोडिटी डेरिभेटिभ्स्) बजारतर्फ हाल कमोडिटी एक्सचेञ्ज बजार संचालन कम्पनी स्थापनाका लागि पुर्वस्वीकृतिकै ऋममा रहेको तथा पूर्वस्वीकृति प्राप्त गरे पश्चात् समेत थप छ महिनामा आवश्यक सम्पूर्ण पूर्वाधारहरू तयार गरी बजार संचालन अनुमति लिनुपर्ने र एक्सचेञ्ज संचालनको अनुमति लिइसकेपछि आफूअन्तर्गत सेवा दिने व्यावसायीहरूलाई अनुमतिका लागि बोर्डमा सिफारिश गरी व्यावसायीहरूले सेवा संचालन अनुमति प्राप्त गर्नुपर्ने व्यवस्थार अन्य आवश्यक न्यूनतम पूर्वाधारहरूको व्यवस्थालाई मध्यनजर गर्दा आ.व. २०७६।७७ मा बजार संचालन तथा ववसायी सेवाका लागि अनुमति प्राप्त कोही नहुने प्रक्षेपण गरिएको छ । त्यस्तै, आ.व. ७७।७८, २०७८।७९ तथा २०७९।८० मा प्रक्षेपण अनुसार अनुमति प्राप्त कमोडिटी एक्सचेञ्ज तथा व्यवसायीहरूको उपस्थिति शुरूभई संख्यात्मकरूपमा केही बढोत्तरी समेत हुने र नियमन निकायका उच्च अधिकारी तथा कर्मचारीहरूमा कमोडिटी डेरिभेटिभ्स् बजार नियमन तथा सुपरीवेक्षण सम्बन्धमा प्राप्त ज्ञान तथा अनुभवबाट अनुमति प्राप्त गर्न तथा कमोडिटी फ्यूचर्स (करारहरू) को कारोवारका लागि सेवा उपलब्ध गराउन तथा कारोवार गर्नमा बजार संचालक, व्यसायी तथा लगानीकर्ताहरूलाई सहजीकरण भई कमोडिटी फ्यूचर्सको कारोवार संख्यामा प्रक्षेपणअनुसार ठूलो वृद्धि आउने अनुमान गरिएको छ ।

(ङ) **निष्कर्ष**

माथि उल्लेख गरिएको कार्ययोजनाअनुसार बजार सुधार तथा विकास गर्न सकिएमा बजारमा नियमन प्रभावकारिता अभिवृद्धि र बजार पारदर्शी, विश्वसनीय तथा प्रतिस्पर्धी भई प्रक्षेपण अनुसार बजारका सम्पूर्ण गतिविधिमा बढोत्तरी हुने र नेपाल सरकारको "उच्च आर्थिक वृद्धिको लक्ष्य" तथा "समृद्ध नेपाल सुखी नेपाली" को महान अभियान हासिल गर्नमा सहयोग पुग्नेछ । ■

*लेखक धितोपत्र बोर्डका निर्देशक हुनुहुन्छ ।*

# आर्थिक वृद्धि दर र समृद्ध नेपालका आधारहरु



प्रल्हाद गिरी

समृद्ध नेपाल र सुखी नेपालीका लागि विभिन्न लोककल्याणकारी कार्यक्रमहरूसहित उच्च दरको आर्थिक वृद्धिदरको अपेक्षा राखेको नेपालको यो वर्ष परिणाम अलि फरक आउने देखिएको छ । भारतमा केही वर्षहरू यताबाट आएको आर्थिक मन्दीको सोझो कारण नेपालमा देखिएता पनि नीतिगत स्पष्टता, योजना र कार्यान्वयनमा आधारभूत विभेद, लक्ष्य र कार्यक्रम एकातिर कार्यान्वयन अर्कोतिर जस्ता मनोमालिन्ययुक्त क्रियाकलापले गर्दा आर्थिक वृद्धि अनपेक्षित हुने देखिएको हो ।

सरकारले राखेको ८.५ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य पहिलो त्रयमास सकिन लागे लगत्तै संशोधित भएको छ । यसबाट मुलुकमा पछिल्ला समयमा आर्थिक मन्दीको संकेत वा आर्थिक वृद्धिदरमा शिथिलता आउन लागेको भन्ने शंका बढ्न थालेको देखिन्छ । अर्थतन्त्रको मुख्य संवाहक निर्माण क्षेत्रमा आएको सुस्तताले समग्र वृद्धिदरमा हुने शंका यस अघि नै गरिएको थियो । देशमै उत्पादन हुने सिमेन्ट, छड, ईँटा, बालुवाजस्ता सामग्रीले अपेक्षित बजार नपाएपछि निर्माण सामग्रीका यी क्षेत्र विस्तारै शिथिल हुँदै गएका छन् । त्यसमा पनि घरजग्गाको कारोबार चालु आर्थिक वर्षको पहिलो त्रयमासमा न्यून नै रह्यो । अघिल्लो आर्थिक वर्षको असोज मसान्तसम्म फलाम र फलामबाट बनेको सामग्रीको आयातको तुलनामा यो वर्ष सोही अवधिमा १० अर्बभन्दा बढीले कम आयात हुनुले आपूर्तिका तुलनामा माग कम भएको पुष्टि भएको छ । निर्माण सामग्रीकै कच्चा पदार्थका रूपमा रहेको कोइला, पेन्ट्स, आलुमुनियमका सामानहरूको आयात पनि कम भएको छ । नेपालमै उत्पादित हुने सिमेन्ट, छडजस्ता अत्यावश्कीय सामग्रीहरूमा मूल्य उल्लेख्य रूपले घटे तापनि बिक्रीमा ह्रास जारी नै छ ।

मुलुकमा पछिल्ला समयमा आर्थिक मन्दीको संकेत वा आर्थिक वृद्धिदरमा शिथिलता आउन लागेको भन्ने शंका बढ्न थालेको देखिन्छ ।

नेपालले वर्षेनी ८ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धिदरको लक्ष्य लिइरहँदा भने त्यसको थेग्ने आधार कम भइसकेको छ । आयात गरी ल्याइएका वस्तुहरूको व्यापार पनि स्थिर जस्तै छ । उपभोक्ताको क्रयशक्ति घटेको हो या देशमा रोजगारीको अवस्था न्यून हुँदै गएको हो, निर्क्यौल गर्ने गाह्रो छ । दैनिक उपभोग्य सामग्रीहरू पनि निरन्तर बढिरहनुपर्नेमा यसमा संकुचन आइसकेको छ । सरकारको नयाँ योजनामा देशमा उत्पादन हुनसक्ने वस्तुहरू देशमै उत्पादन हुने वातावरण तयार पारिने र अत्यावश्यक वस्तुहरू मात्र विदेशबाट आयात गरिने उल्लेख छ । महँगो र विलासिताका वस्तुहरू आयातमा प्रतिबन्ध लागिनु जायज भएता पनि नेपालकै घरेलु उद्योग फस्टाउन चाहिने औद्योगिक कच्चा पदार्थ, मेसिनरी, निर्माणका सामग्रीको आयात घट्दै जानुले देशकै उत्पादनमा नकारात्मक प्रभाव पर्न जान्छ ।

### खस्किँदो व्यावसायिक वातावरण

आयातमा कमी ल्याउने सरकारी योजनाले सोचे अनुसारको काम गर्न सकेको छैन । नेपालमै उत्पादन हुने वस्तुहरूका लागि आवश्यक कच्चा पदार्थ र औद्योगिक वस्तुहरूका लागि भन्सार सहज गरिनुपर्ने, प्रोत्साहन दिइनुपर्ने र करका दरहरूमा सहुलियत दिइनुपर्ने आवश्यकताका माझ सरकारले त्यसप्रति सकारात्मक प्रतिबद्धता दिए पनि सोअनुरुप काम भएको छैन । यसले दुईतर्फी हानि गरिरहेको छ । पहिलो हचुवाका भरमा आयात घटाउने योजनाले सरकारको राजस्व सङ्कलनमा नै उल्लेख्य कमी आएको छ भने अर्कोतिर, आद्योगिक वस्तुहरूलाई उपभोग्य अन्तिम वस्तुहरूको श्रेणी र सूचीमा राखी त्यही

अनुसार अनुदार व्यवहार गर्नुले स्वदेशी उद्योगहरूले यहीं खपत हुने वस्तुहरू उत्पादन गर्न सकिरहेका छैन । उपभोग्य वस्तुका रूपमा चिनीलाई लिँदा देश भरमा ११ वटा चिनी मिलहरूले उत्पादन गर्ने चिनीको खपत देशमा पूर्ण रूपमा नभई निर्यात हुनसक्ने सम्भावनालाई सरकारले कहिल्यै सकारात्मक रूपमा लिन सकेन । झन् सस्तो चिनी भनेर उपभोक्तालाई राहत दिने नाममा आयातलाई तन्काइरहने काम भइरह्यो ।

एउटा कुरा यहाँ के स्मरणयोग्य छ भने चिनीजस्तो अत्यावश्यक वस्तुको आयात प्रतिस्थापनका लागि नेपालका ११ उद्योगहरू सक्षम छन् । तर, बजारमा आउने मूल्य सर्वस्वीकार्य हुनका लागि राजस्व र करका दरहरूमा फेरबदल गरेर पनि चिनी जस्तो स्वदेशी कच्चा पदार्थमा उत्पादन गरिने उद्योगहरूलाई सरकारले नगर्नुले योजना र लक्ष्य एकातिर काम अर्कोतिर भएजस्तै देखिएको छ । स्वदेशी उद्योग धराशायी हुनुका बहुआयामिक असरहरू हुन्छ । पहिलो रोजगारीको अवसर गुम्छ । रोजगारी भइरहेमा मात्र उपभोक्ताको क्रयशक्ति निरन्तर बढिरहन्छ जसले उत्पादनको खपतमा नै सघाउ पुर्‍याउँछ । दोश्रो, उखु कृषकहरूको उत्पादन खेर जाने हुन्छ जसमा उनीहरूको लागत र बैंकको लगानीमा पनि समावेश हुन्छ । कृषि क्षेत्रको उत्पादनमा यसले ह्रास ल्याउनुको साथै बैंकहरूको कृषि क्षेत्रको लगानी पनि जोखिममा पर्न जान्छ ।

> **कृषि क्षेत्रमा सहुलियत र प्रोत्साहनका तमाम कोशिशका बाबजुद नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान बढ्न सकेको छैन ।**

अर्थतन्त्र चलायमान गराउने निर्माण जगतमा आएको शिथिलताको सोझो असर रोजगारीमा पनि परेको छ । क्षमता अनुसार चल्ने कारखानाले कम क्षमताका साथ उत्पादन खुम्चाएपछि दैनिक ज्यालादारीमा असरका साथै कतिपय साना उद्योगहरू बन्द हुनाले श्रमिकहरूको रोजगारीमा थप जटिलता सिर्जना भएको छ । यसैबीच बैंकहरूले पनि निजी उद्योगमा गर्ने लगानी कम गर्दै लगेका छन् । बैंकहरूले लगानी गर्ने रकममा कमी आउनुमा विप्रेषण आप्रवाहलाई पनि प्रमुख कारक मानिएको छ । घट्दो विप्रेषण वृद्धिदरले लगानीयोग्य रकमको अभावका अलावा उपभोक्ता मागमा पनि असर पुर्‍याएको छ । विप्रेषणको मुद्रा पनि विदेशमै राखेर नेपालमा रहेका कामदारका परिवारलाई अनौपचारिक रूपमा भुक्तानी दिने तौरतरिका बढिरहेको छ । यसले विप्रेषण आयमा कमी ल्याई विदेशी मुद्रा सञ्चितिमा प्रतिकूल प्रभाव पारेको छ ।

**निराशाजनक पूँजी बजार**

लगानीको रकम जोहो गर्ने देशको पूँजी बजारको हालत केही वर्षदेखि निराशाजनक छ । बैंकहरूको चर्को ब्याजदर र त्यसमाथि लगानी संकुचित गर्न थप नियमन र बढ्दो शेयरको आपूर्तिले माग घट्दै गएको छ । घट्दो शेयर बजारमा ब्याजदर सस्तो भए पनि ब्याजदरतर्फ ध्यान खिचिएको हुन्छ । तर, बढ्दो बजारमा भने ब्याजदर बढेपनि त्यतातिर लगानीकर्ताहरूको ध्यान हुँदैन । यसले लगानीकर्ताको आत्मविश्वास हराउँदै गएको बुझ्न सकिन्छ । व्यावसायिक वातावरण अनुकूल नहुनु र आर्थिक क्रियाकलाप घट्दै जानुले पनि लगानीकर्ताहरू पूँजीबजारतर्फ उत्साहित बन्न सकेका छैनन् । बैंकहरूको बढ्दै गइरहेको ब्याजदर र शेयरको आपूर्ति अनुसारको माग नबढ्ने कारण अतिरिक्त सरकारप्रतिकै विश्वासको कमीले बजार संकुचित पारिरहेको जानकारहरू बताउँछन् ।

**न्यून पूँजीगत खर्चः पुरानै रडाको**

नेपाली अर्थतन्त्रमा अर्को ठूलो चुनौती भनेको पूँजीगत खर्चको न्यूनता हो । हरेक वर्ष विनियोजन गरे अनुसारको पूँजीगत खर्च भइरहेको छैन । खर्च नभएर एकातिर यसले अपेक्षित विकास खर्चको लक्ष्य पूरा हुनसकेको छैन जसबाट विदेशी दाता तथा संघसंस्थाहरूले नेपालप्रति हेर्ने दृष्टिकोण सधैं यसप्रति नकारात्मक बनेको छ । अर्कोतिर, लक्ष्य अनुसारको पूँजीगत खर्च हुन नसकेबाट वित्तीय प्रणालीमा लगानीयोग्य रकम (तरलता) को अभाव भइरहेको छ । चालु आर्थिक वर्षको ५ महिनामा कुल पूँजीगत खर्च ९ प्रतिशतको हाराहारीमा छ । यो वर्ष सरकारले यो अवधिमा २० प्रतिशतले पूँजीगत खर्च गर्ने लक्ष्य राखेको थियो । निर्माण जगतमा आएको शिथिलता, स्वदेशी उद्योगहरू मौलाउन नसक्नु र न्यून पूँजीगत खर्चको स्थितिले आर्थिक वृद्धिदरको लक्ष्य संशोधित हुन पुगेको कुरा अब छर्लंग रहेको देखिन्छ ।

कृषि क्षेत्रमा सहुलियत र प्रोत्साहनका तमाम कोशिशका बाबजुद नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान बढ्न सकेको छैन । कृषि कार्यका लागि वर्षौंदेखि प्रयोगमा आइरहेका जग्गाहरू खण्डीकरण हुँदै गाउँ गाउँ अब क्रंक्रीट जंगल उन्मुख हुँदै गइरहेको छ । नेपालमा आधारभूत खाद्यान्न चामल, दाल, गहूँ पनि छिमेकी मुलुकबाट आयात नगरे माग धान्न गाह्रो

छ । देशमा खपत हुने खाद्यान्न देशमै उत्पादन हुने वातावरण बिग्रिँदै गइरहेको छ । प्रमुख कृषि बाली धानको उत्पादानमा उल्लेख्य गिरावट आएको छ । रोपाइँका बेला पानी नपर्नु, फौजी कीराको आक्रमण, नफल्ने जातको बीउ सरकारी तबरबाटै सिफारिश हुन बाह्य कारणले वर्षेनी धानको उत्पादन संकुचित हुँदै गइरहेको छ । कुल जीडीपीको २० प्रतिशत योगदान दिने धानको उत्पादन नै निराशाजनक हुने भएपछि समग्र आर्थिक वृद्धिदरमा नै प्रभाव पर्नु स्वाभाविक हो ।

## आर्थिक वृद्धिदर भर्सेस क्रयशक्ति वृद्धिदर

अर्थजगतमा एउटा बहस चलिरहेको छ यतिखेर आर्थिक वृद्धिदर उकास्ने कि मानिसहरूको क्रयशक्ति उकास्ने । सन् २०२० मा विश्व अर्थतन्त्र नै शिथिल हुनपुग्ने अन्तर्राष्ट्रिय संघसंस्थाको आकलनका बीच आन्तरिक उत्पादनमा आएको शिथिलता र सुस्त आर्थिक क्रियाकलापले नेपालको आर्थिक वृद्धिदर खुम्चिन सक्ने कुरा कुनै नौलो कुरा रहेन । घरेलु उत्पादनका लागि नीतिगत स्पष्टता र बजारलाई स्वतः क्रियाशील हुनसक्ने संयन्त्र निर्माण गर्न सकिएन भने आउने वर्षहरूमा आर्थिक वृद्धिदरमा झन् गिरावट आउने देखिन्छ ।

आर्थिक वृद्धिदर जहिले पनि मानिसहरूको क्रयशक्ति वृद्धिमा प्रतिबिम्बित हुने गर्छ । तर, आय, उत्पादन, उपभोग, बजारीकरण र क्रयशक्ति एकअर्काका परिपूरक हुन् र यिनलाई निरन्तर चलिरहन एक अर्कामा निर्भर रहनैपर्छ । यी सबै अवयवहरूलाई क्रियाशील तुल्याउन नीतिगत स्पष्टता, दरिलो नियम तथा कार्यविधि, कार्यान्वयन हुनसक्ने खालको योजना हुनुपर्छ । अर्थतन्त्रको मेरूदण्ड घरेलु उत्पादन भएकोले निजी क्षेत्रलाई विश्वासमा लिएर सरकारी निकायहरूले काम गर्ने वातावरण बन्नुपर्छ । अहिलेको संघीय संरचनामा संघ, प्रदेश र स्थानीय तीनै निकायहरूको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने, उद्योगधन्दाको वातावरण सकारात्मक बनाउने र रोजगारी सिर्जना गर्ने कार्यमा समन्वयात्मक भूमिका साथै, एकले अर्कोलाई अवरोध नगर्ने बरू सहयोग र सहज गर्ने नीतिगत व्यवस्था सार्वजनिक हुनैपर्छ ।

मूल्यवृद्धि र रोजगारीको अभावसँगै गरिब र निमुखा जनताले दुई छाक गाँस टार्न पनि मुश्किल भइरहेको नेपाली यथार्थतामाझ नेपाली वस्तुहरूको उत्पादनमा दिनानुदिन ह्रास हुनु र यसले विदेशबाट आधारभूत खाद्यान्न आयात गरिरहनुपर्ने बाध्यता साँच्चिकै कष्टकर छ । कष्टकर थप यो मानेमा पनि छ कि सरकारी योजना र प्राथमिकतामा नेपाली उत्पादन वृद्धि र आयात प्रतिस्थापन परे पनि यसको सफल र पूर्ण कार्यान्वयन अझै भएको छ । अर्थतन्त्रलाई सबभन्दा बढी चुनौतीपूर्ण बनाउन यो विषय आइपरेको छ । साधारण रूपमा बाँच्न गाँसको जोहोका लागि पनि छिमेकको भर पर्नुपर्ने अर्थतन्त्रका जटिलता भनौं या तीतो यथार्थको अगाडि टुलुटुल हेरेर बस्नुबाहेक केही नरहेको शासकहरूको लाचारी उजागर भएकै छ, निजी क्षेत्रबाट जागरणको रूपमा ल्याइएको स्वावलम्बनका कार्यक्रमहरू पनि अलपत्र पर्नु र लक्षित वर्गको पहुँच बाहिर पर्नुले एउटा आम नेपालीको जनजीवन आर्थिक निर्भरताका लागि अनिश्चित बन्दै गएको छ । रोजगारी खोजे रोजगार पाइन्न । भएजति दक्ष र अर्धदक्ष युवा बाहिरिइसके । केही छन् तर तिनलाई पनि आशै आशको भूमरीमा रूमल्याइएको छ । अर्थतन्त्रको आधारभूत जग उत्पादन हो । स्वदेशमा उत्पादन बढे भने यसले रोजगारी बढाउँछ । मानिसहरूले काम पाउँछन् । आम्दानी बढेपछि क्रयशक्ति बढ्छ । यसले उपभोग बढाउँछ । उपभोग बढ्नाले आर्थिक क्रियाकलापमा वृद्धि हुन्छ । सरकारले राजस्व नियमित पाउँछ र लक्ष्य अनुसारको पाउँछ । यस हिसाबले अर्थतन्त्रका सबै चक्रहरू नियमित रूपमा परिचालित हुन्छन् ।

अहिलेको मुद्दा भनेको नेपालीहरूको क्रयशक्ति बढाउनु हो । समष्टिगत रूपमा ग्रोथ बढाउनु होइन । कुनै एउटा व्यक्ति विशेष वा वर्गको आम्दानीको प्रतिनिधित्व गर्न सक्दैन । जबसम्म मानिसहरूको हातमा पैसा हुँदैन तबसम्म कुनै उत्पादन या आयातको कुनै महत्व हुन्छ । सामान उपलब्ध हुनुभन्दा पनि यसको उपभोग महत्वपूर्ण हुन्छ । उपभोग र उत्पादनले आर्थिक क्रियाकलापको चक्रलाई बनाउने गर्छ । यहाँ अर्थतन्त्रको वृद्धिदरभन्दा पनि मानिसहरूको सुखद जीवनयापनको विशेष महत्व हुन्छ । सुखद जीवन बन्नका लागि पहिलो शर्त आर्थिक आत्मनिर्भरता हो । आर्थिक रूपले सबल र आत्मनिर्भर बन्न जानेको सीप र जाँगरको उच्चतम उपयोग हुनु हो । यसका लागि उपयुक्त पारिश्रमिक र ज्याला प्राप्त हुनु हो । विश्वव्यापीकरणको वर्तमान् युगमा अमेरिका लगायत विभिन्न विकसित मुलुकका अर्थशास्त्रीहरूले पनि वेलफेयर इकोनोमिक्सको अवधारणालाई बढी जोड दिएको पाइन्छ । किनकि एक्काइसौं शताब्दीको हाइटेक युगमा सबै कुरा मानिसको कल्याणसँग सम्बन्धित छ ।

## पर्यटनले थपेको आशा

सेवा क्षेत्रको जीडीपीमा योगदान बढ्दै गएको छ । सेवा क्षेत्रको सम्भाव्यताले यसतर्फ ध्यानाकर्षण गरेको भएता पनि आधारभूत पूर्वाधार बिना यसमा यथोचित

लक्ष्य हासिल गर्न सकिएको छैन । पर्यटन र ऊर्जा विशाल सम्भावना बोकेको क्षेत्र हो । सरकारले सन् २०२० लाई भिजिट नेपाल वर्ष मनाउने घोषणा गरे लगत्तै पर्यटनलाई दीगो लगानीको आधार क्षेत्र बनाई रोजगारीको सुनिश्चितता र उद्योगका रूपमा विकसित गर्न राज्यले छुट, सहुलियतजस्ता प्रोत्साहनका कार्यहरू अगाडि बढाउनेतर्फ केन्द्रित गर्नुपर्ने देखिन्छ । घोषणा गरेर पनि सरकारी नीति तथा कार्यक्रम र विनियोजित बजेट नीतिगत सुधार गर्नेतर्फ उन्मुख नरहेको र लगानी दुरूत्साहित भइरहेको व्यवसायीहरूको गुनासो छ । विदेशी लगानी भित्र्याउने सिलसिलामा पनि विभिन्न प्रक्रियागत झन्झट र सो सम्बन्धी कार्य गर्ने कुनै एउटा छाता सरकारी निकाय नहुँदा विदेशी लगानी निरूत्साहित हुँदै गइरहेको छ । यसबाट व्यवसायीहरूमा लगानीको मनोबल खस्केको टड्कारै देख्न सकिन्छ ।

10 https://en.wikipedia.org/wiki/Vietnam_Bank_for_Agriculture_and_Rural_Development#History

the Nepal Rastra Bank mandatory agriculture credit portfolio and actual disbursed amount. Therefore, volume of agricultural credit need to be increased in coming days to substitute the alarming volume of import and to achieve gradual increment of agriculture export.

Agricultural Development Bank is established mainly to provide agriculture and rural credit in easily accessible manner. Government of Nepal through its own resources and with the support of international communities (mainly USAID, Asian Development Bank, FAO, IFAD, UNICEF, GTZ, and UNDP along many others) has generously supported this bank in expansion of its business, outreach, strengthening and modernization. On top of that, bank has highly benefitted from support and cooperation of these international communities as:

- Technology transfer (computerization, CBS, digitization, green financing, global banking issues)
- Efficient human resources: capacity building, highly positive towards changing banking system/working culture, customer service excellent, staff mixed, international exposure
- Establishment of well-equipped training centers
- Development of products & manual
- Diversified loan products
- Soft loan (line of credit) for the strong capital base
- Renewable energy development
- Successful model of poverty reduction (SFDP, SFCL)
- Lobbying with Government and international communities
- Branding in Agricultural development sector

ADBL is still the largest agriculture lending bank (around 35% of total loan outstanding), howeverits present resources is mismatching for agriculture lending. Out of total deposit of ADBL, around 58% is high cost fixed deposit, which 82% matured within 12 months and mismatch is especially for term lending as agricultural loan demand higher repayment period. Therefore, it is an urge to development partners and Government of Nepal tosupport ADBL in managing soft loan mainly for agriculture term lending through its own resources as well as through the soft loan of international financing institutions. This approach will be win-win for all stakeholdersresponsible for agriculture development of Nepal. ■

*Agriculture Financing Expert (Consultant), Office of the CEO, Project Management Unit, Head Office Kathmandu.*

## Reference

1. ADB 1988 Asian Development Bank, project completion report of Fourth Agricultural Credit Project (Nepal) (Loan No. 489-NEP(SF), 5th January 1988
2. ADB 2001 Asian Development Bank, Impact evaluation study on "ADB'S RURAL CREDIT ASSISTANCE" in BANGLADESH, PEOPLE'S REPUBLIC OF CHINA, INDONESIA, NEPAL, PHILIPPINES, SRI LANKA, AND THAILAND, January 2001 (page number 6, line number 2nd)
3. FAO 1986, The Dynamics of Rural Poverty page no 179, FAO publication
4. ICIMOD 1985 Integrated Rural Development Projects in Nepal by Bharat Bahadur Pradhan in December 1985
5. IFAD 1993 Second Small Farmer Development Project, completion evaluation, 29th March 1993 website: https://www.ifad.org/en/web/ioe/evaluation/asset/39827866
6. USAID Four decades of development: the history of U.S. assistance to Nepal, 1951-1991 Website:https://books.google.com.np/books?id=_MPsAAAAMAAJ&q=USAID+support+for+Agricultural+Development+Bank+Nepal&dq=USAID+support+for+Agricultural+Development+Bank+Nepal&hl=en&sa=X&ved=0ahUKEwig7-asnNrmAhXCe30KHZRMCksQ6AEIRTAE

# प्रविधिमा आधारित वित्तीय सेवा : कृषि विकास बैंकका लागि अवसर र चुनौतीहरू



प्रेमकुमार श्रेष्ठ

## पृष्ठभूमि

नेपालका बैंकहरूमा केही समय अघिसम्म नगद जम्मा गर्न र भुक्तानी प्राप्त गर्न देखिने लामो लाइन आजभोली केही छोटो भइसकेको छ । दुरसञ्चार र विद्युत प्राधिकरणको कार्यालयहरूमा पनि त्यसको बिल भुक्तानीका लागि लाग्ने लाइन आजभोली कमै देख्न पाइन्छ । शेयर खरीदका लागि लाग्ने लाइन त इतिहास नै भइसकेको छ । मानिसहरूको पर्समा पनि नगदको सट्टा कार्डले स्थान पाएको छ । बैंकहरूले ल्याएको प्रविधियुक्त बैंकिङ्ग सेवा अझ भनौं, मोबाइल बैंकिङ्ग र अन्य सेवा प्रदायकहरूले विभिन्न सेवाहरूको भुक्तानीका लागि सरल उपायको व्यवस्था गरेका कारणले यो सम्भव भएको छ । आफ्नो मोबाइलबाट विभिन्न सेवाहरूको बिल भुक्तानी, मोबाइल, Internet Topup गर्ने, मुभिको टिकट काट्ने, हवाइजहाजदेखि बसको टिकट र ट्याक्सी बोलाउने र भुक्तानी गर्न पाउदा त्यस्ता काम ज्यादै सरल र समयको बचत भएको छ ।

तर केही समयअघि नेपालका ATM मेशिनबाट CBS System लाई नै Bypass गरेर अनधिकृत रूपमा करोडौं रकम निकाल्ने चिनियाँहरू पक्राउ परेको घटना सेलाउन नपाउँदै कृषि विकास बैंकको लहान शाखाका कर्मचारीहरूको User Credential प्रयोग गरेर बैंकको आम्दानी खाताबाट विभिन्न शाखामा रहेको व्यक्तिगत खातामा रकम पठाएर बैंकलाई हानि नोक्सानी पुऱ्याएको अभियोगमा सो शाखाका कर्मचारीसहित केही व्यक्तिहरू समातिएको घटना र यसपछि पनि यस प्रकरणमा संलग्न ब्यक्तिहरू समातिएको घटनाले नेपालको बैंकिङ्ग क्षेत्रमा सूचना प्रविधिको विकाससँगै सोसँग जोडिएर जोखिम पनि बढ्दै गएको कुरालाई पुष्टी गर्दछ । अझ हालै गैरकानुनी अनलाइन कारोवार, साइवर र सीमापार अपराधको आशंकामा १२२ जना चिनियाँ नागरिकहरू एकसाथ नेपालमा समातिनुले बैंकिङ्ग क्षेत्रमा साइबर अपराधको जोखिम बढ्दै गएको देखिन्छ । तथापि बैंकिङ्ग क्षेत्रमा दिन प्रतिदिन नयाँ नयाँ प्रविधिको विकास हुँदै गइरहेको छ । एउटा चेकको भुक्तानीका लागि घण्टौं लाइनमा बस्नु पर्ने युगदेखि हातमा रहेको मोबाइलबाट कुनै पनि बैंकमा रहेको खातामा रकम पठाउन सकिने अवस्था र कुनै पनि ठाउँबाट विभिन्न वस्तु तथा सेवा खरिदको सहज भुक्तानी गर्न सकिने वर्तमान अवस्थाबाट भुक्तानीका लागि नगद नै आवश्यक नपर्ने वा नगदमा कारोवार नै नहुने अवस्थाका लागि अब लामो समय कुर्नु पर्दैन ।

## बैंकिङ्ग क्षेत्रमा प्रविधिको विकास र प्रयोग

नेपालको बैंकिङ्ग कारोवारमा कम्प्युटरको प्रयोग गर्ने पहिलो बैंकको रूपमा कृषि विकास बैंक भएता पनि आधुनिक बैंकिङ्ग प्रविधिको प्रयोग गर्न कृषि विकास बैंक केही पछि परेको थियो । तथापि केही वर्ष अघिदेखि निरन्तर रूपमा यस क्षेत्रमा विकास भएका प्रविधिहरूको बढ्दो प्रयोगलाई आत्मसात गर्दै प्रविधिमा आधारित वित्तीय सेवा प्रदान गर्न कृषि विकास बैंक पनि लागि परेको छ । तर प्रविधिमा आधारित वित्तीय सेवा अन्तर्गत Online Banking, Internet Banking, Mobile Banking वा विना कागजका बैंकिङ्ग सेवा भन्ने मात्र होइन यसका अतिरिक्त बैंकिङ्ग क्षेत्रमा नै नयाँ कार्यशैली तथा ढाँचाको विकास गर्नु पनि हो जसअन्तर्गत शून्य वा कम जोखिम तथा लागतमा नयाँ ग्राहकहरूको पहिचान र विकास गरी उनीहरूलाई छिटो छरितो तथा भरपर्दो वित्तीय सेवा तथा सुविधा प्रदान गरिन्छ । प्रविधिमा आधारित वित्तीय सेवा प्रदान गर्न बैंक एक्लैले मात्रै सबै काम गर्न सम्भव हुँदैन । यसका लागि यस्ता सेवा प्रदायक विभिन्न कम्पनीहरूसँग हातेमालो गर्दै अगाडि बढ्नुको विकल्प हुँदैन एकातिर भने अर्कोतर्फ आफ्ना System तथा Data हरूको सुरक्षाका लागि Fintech मा पनि ठूलो लगानी गर्नुपर्ने हुन्छ । Fintech मा आवश्यक मात्रामा लगानी नगरिएको खण्डमा यसबाट हुने जोखिम र यसले निम्त्याउने लागत सोचेको भन्दा कैयौं गुणा बढी हुन सक्दछ । त्यसैले पनि हामिले डिजिटल प्रविधिमा ध्यान पुऱ्याउनुपर्ने बेला आइसकेको छ । बैंकले आफ्ना ग्राहकहरूलाई प्रदान गर्ने प्रविधिमा आधारित वित्तीय सेवाका लागि सम्पूर्ण व्यवस्था आफैले गर्न नसक्ने हुँदा उपयुक्त नीतिको विकास गरी त्यस्ता सेवा प्रदायकहरूसँग प्रतिश्पर्धा होइन मिलेर काम गरिएको

खण्डमा अझ वढी प्रगति गर्न सकिन्छ । सूचना प्रविधि र Internet को पहुँचको विस्तारसँगै बैंकहरूले Fintech मा दिन प्रतिदिन लगानी बढाउँदै जानुपरेको परिप्रेक्ष्यमा नेपालमा पनि बैंकहरूको आकार वढाउनु पर्ने आवश्यकता महशुस गरी नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूको Merger तथा Acquisition लाई प्राथमिकता दिदै आएको छ । सोही अनुरूप केही बैंक तथा वित्तीय संस्थाहरू Merge भएर वा Acquire भएर बैंक तथा वित्तीय संस्थाहरूको आकार बढ्ने र संख्या घट्ने काम भइरहेको छ ।

### ग्राहकको व्यवहार र आवश्यकता

हाल नेपालमा ATM बाट निक्षेप ग्राहकले तोकिएको सीमासम्म रकम निकाल्न पाइरहेका छन् । आधुनिक प्रविधिको प्रयोगसँगै मोबाइल बैंकिङ्गमार्फत् QR Code प्रयोग गरेर वा अन्य माध्यमबाट वस्तु तथा सेवाको भुक्तानीका लागि नगदै नचाहिने अवस्था सृजना हुँदैछ । यसको विकास यही रफ्तारमा हुँदै जाने हो भने केही समयपछि नेपालमा प्रिपेड मोबाइल फोनको आगमान पश्चात Pager को हालत जस्तै ATM को नहोला भन्न सकिँदैन । तसर्थ बैंकहरूको लागि अबका दिनमा ATM मा गरिने लगानी प्रतिफलदायी हुने कुरामा विश्लेषण हुनु जरूरी देखिन्छ । तर अर्कोतर्फ हामीलाई केन्द्रीय बैक भने नगद जम्मा गर्ने ATM राख्नको लागि निर्देशन जारी गर्दैछ ।

ग्राहकहरूले बैंकमार्फत् गर्ने कारोवारको प्रकृति र बैंकहरूले ग्राहकहरूको आवश्यकता अनुसार उपलब्ध गराउने सेवामा प्रविधिको प्रयोग दिनानुदिन बढ्दै गइरहेको छ । बैंकहरूले आफ्ना ग्राहकहरूको बैंकिङ्ग कारोवारको प्रकृति तथा प्रवृत्तिबाट उनीहरूको कारोवारको व्यवहार बुझ्न सके भने उनीहरूको अवको वित्तीय आवश्यकता कस्तो र कहाँ हुन्छ भनेर अनुमान गर्न सक्दछन् र सोही अनुरूप ग्राहकलाई वित्तीय सेवा प्रदान गर्न सकिन्छ । तर ग्राहकको व्यवहार बुझेर उसका लागि उपयुक्त बस्तु तथा सेवा जान्न तथ्यांकको विश्लेषण गर्ने प्रविधि र जनशक्तिको आवश्यकता हुन्छ, जुन मामलामा हामी पछाडि छौं । तसर्थ अवका दिनमा ग्राहकको व्यवहार बुझेर उसको भविष्यको संभावित आवश्यकता अनुसारको वस्तु तथा सेवा विकास गर्न उपयुक्त प्रविधि तथा जनशक्तिको विकासका लागि तत्काल कदम चाल्नु पर्ने देखिन्छ, अन्यथा प्रतिश्पर्धि बजारमा पछाडि पर्ने सम्भावनालाई नकार्न सकिदैन ।

### भविष्यको बैंकिङ्ग अवधारणाको खाका

बैंकिङ्ग क्षेत्रमा हुँदै गइरहेको सूचना प्रविधिको प्रयोगको विकासक्रम र प्रविधिमा आधारित वित्तीय सेवा प्रदायकहरूसंगको सहकार्यलाई हेर्दा भविष्यको बैंकिङ्गको खाका तपसिल अनुसार पनि हुने विज्ञहरूको अनुमान रहेको छ ।

### अवसरहरु

१. नेपालका बैंकहरू हाल आएर परम्परागत बैंकिङ्गमा मात्र सीमित छैनन् । कृषि विकास बैंकले पनि बैंकिङ्ग बजारमा प्रविधियुक्त वित्तीय सेवा सहित आफ्नो दह्रो उपस्थिति देखाउँदै आएको छ । परम्परागत



बैंकिङ्गबाट कार्ड व्यवशाय हुँदै मोबाइल तथा Wallet मार्फत् कारोवार हुने र दश लाख भन्दा बढी निक्षेप ग्राहक भएको कृषि विकास बैंकले ती ग्राहकहरूको तथ्यांक KYC Update राखेको खण्डमा भविष्यमा ती ग्राहकहरूको अनुरोधमा अन्य बैंक तथा वित्तीय संस्था वा निकायहरूमा आवश्यक तथा उपलब्ध गराउन मिल्ने data उपलब्ध गराउन सक्छ । यस अवस्थामा कृषि विकास बैंकले बैंकिङ्ग मात्र नगरि प्लेटफर्मको काम पनि गरेको हुन्छ । अर्को तर्फ करिब देशको आधा जनसंख्या बैंकिङ्ग कारोवारको दायरामा आई सकेका छैनन्, करिब २० प्रतिशत भन्दा कम नेपालीहरूले प्रविधिको प्रयोग गरी भुक्तानी प्राप्त गर्छन् वा प्रदान गर्छन्, करिब १० प्रतिशत नेपालीसँग डेविट कार्ड र करिब १ प्रतिशत मात्र नेपालीसँग क्रेडिट कार्ड रहेको छ । माथिका यी तथ्यहरूको आधारमा पनि कृषि विकास बैंकले आफ्नो शाखा कार्यालयहरूको संजालको उपयोग गर्दै ग्राहकको संख्यामा वृद्धि तथा अन्य सेवा सुविधाको विस्तार गर्न सक्ने सम्भावना देखिन्छ । तितोसत्य के हो भने प्रविधियुक्त बैंकिङ्ग सेवाको युगमा हामीले वित्तीय साक्षरता कार्यक्रम समेत संचालन गर्दै जानु परेको छ ।

२. कृषि विकास बैंकले पनि अन्य बैंकहरूले ल्याएको नयाँ प्रविधियुक्त बैंकिङ्ग सेवा क्रमशः उपलब्ध गराउदै जानु पर्नेमा दुईमत नहोला तथापी QR code को प्रचलन बढ्दै गएको सन्दर्भमा कर्जा ग्राहकहरूले मोबाइल बैंक मार्फत् नै बैंकबाट लिएको कर्जाको साँवा तथा व्याज भुक्तानी गर्ने व्यवस्था तत्काल गर्न सकिन्छ जसले गर्दा प्रत्येक महिनाको अन्तमा बैंकको शाखा कार्यालयहरूमा हुने लामो लाइन कम गर्न सकिन्छ । त्यसै गरी काठमाडौ उपत्यका लगायत विभिन्न शहरहरूका ट्याक्सी चालक तथा होटलहरूलाई बैंकमा खाता खोल्न लगाई QR Code उपलब्ध गराएर सोही Code मा भुक्तानी गर्न मिल्ने व्यवस्था गर्न सकिन्छ ।

३. यसका अतिरिक्त हालै सरकारी कारोवारको करिब २३ दिनको data हराएको विषयले पनि सरकारी निकायका साथै अन्य सरोकारवालाको पनि ध्यान त्यसतर्फ केन्द्रीत गरेको छ । यसले Data Security को गाम्भिर्यतालाई पनि उजागर गरेको छ । कृषि विकास बैंकसँग भएको भौतिक पूर्वाधारमा केही संरचनात्मक सुदृढीकरण गरिएको खण्डमा भौतिक रूपमा वा cloud मा बैंक लागयत अन्य सरकारी तथा गैर सरकारी संस्थाहरूको समेत Data Management तथा Security को व्यवस्था समेत गर्ने अवसर रहेको छ । तर यस्ता सेवाहरू शुरू गर्नु पूर्व अन्य देशहरूमा भएका यस्ता सेवाहरूको उदाहरणको अध्ययन हुन जरूरी छ र प्रविधिको उच्चतम प्रयोग गर्दै ब्लकचेनमा आधारित भइ विभिन्न बैंकिङ्ग सेवा प्रदान गर्न उपयुक्त हुन्छ ।

**चुनौतीहरु**

१. बैंकिङ्ग पहुँचको कमि तथा वित्तीय साक्षरताको कमिका कारणले पनि नेपालका बहुसंख्यक जनसंख्या बैंकिङ्ग कारोवारको दायराबाट बाहिर रहेको तथ्यका अलावा कृषि विकास बैंकको धेरैजसो कार्यक्षेत्र ग्रामिण तथा शहरउन्मुख बजारहरूमा रहेकोले पनि त्यहाँ बैंकले आफ्ना ग्राहकका लागि ल्याएको प्रविधिमा आधारित विभिन्न सेवाहरूको विस्तार लक्ष्य अनुसार हुन नसकिरहेको सन्दर्भमा प्रतिस्पर्धी बैंकिङ्ग बजारमा भविष्यमा आउने अझ विकसित रूपको सेवा आफ्ना ग्राहकहरू समक्ष पुऱ्याउदै उक्त सेवा उपयोग गर्न अभिप्रेरित गर्नु बैंकका लागि आफैमा चुनौतीपूर्ण कार्य हुनेछ ।

२. ग्राहकहरूको KYC Update गर्न आवश्यक पर्ने कागजातहरू र AML/CFT सम्बन्धी प्रक्रियाहरू पूरा गर्न समेत थप चुनौती हुनेछ ।

३. आफ्ना ग्राहकहरूलाई अन्य प्रतिस्पर्धी बैंकहरूले जस्तै प्रविधिमा आधारित विभिन्न किसिमका बैंकिङ्ग सेवाहरू उपलब्ध गराउन स्वयंले पनि Fintech मा लगानी गर्नुपर्ने र विभिन्न सेवा प्रदायकहरूसँग सम्झौता गरी काम गर्नुपर्ने हुँदा निश्चित ग्राहकको संख्या पुऱ्याउनुपर्ने चुनौती देखिन्छ ।

४. निजी क्षेत्र तथा विदेशि बैंकहरूको संयुक्त लगानीमा स्थापित बैंकहरूसँग प्रतिशपर्धा गर्नुपर्ने, नेपाल राष्ट्र बैंकको नीति निर्देशन समान रूपमा पालना गर्नुपर्ने तर ५१ प्रतिशत शेयर नेपाल सरकारको भएका कारणले अन्य सार्वजनिक संस्थानले जस्तै नीति नियम पनि पालना गर्नुपर्ने, प्रत्येक आर्थिक मामला र कर्मचारी सम्बन्धी निर्णयमा सरकारको हस्तक्षेप र राजनैतिक प्रभाव समेतले गर्दा खुल्ला प्रतिशपर्धामा उत्रनु पर्ने कम चुनौती पूर्ण छैन ।

समग्रमा कृषि विकास बैंकसँग आधुनिक प्रविधियुक्त बैंकिङ्ग सेवा उपलब्ध गराउन आधारभूत कुराहरूको निर्माण भएको छ । यसमा समय अनुसार बजारमा विकास हुने अन्य वित्तीय सेवाहरूलाई समेत थप गर्दै आगामी दिनहरूमा कर्मचारीहरूलाई विकसित र उत्प्ररित गर्दै उच्च मनोवलका साथ काममा लगाउन सकियो भने बजारमा उपलब्ध हुने हरेक अवसरलाई सदुपयोग गर्दै जस्तोसुकै चुनौतीहरूका सामना गर्न सकिने र बैंकलाई थप उचाईमा पुऱ्याई वास्तवमा नै **सम्पूर्ण बैंकिङ्ग सुविधा सहितको तपाई हाम्रो घर आँगनको बैंक** बन्नेछ । ■

*लेखक कृषि विकास बैंकका विभागीय प्रमुख हुनुहुन्छ ।*

# कृषि तथा पशुजन्य व्यवसाय प्रवर्द्धनका लागि कृषि विकास बैंकले गरिआएका प्रमुख कार्यहरु



बाबुकाजी थापा

**क. पृष्ठभूमि**

नेपालको कुल गार्हस्थ्य उत्पादनमा २७ प्रतिशत योगदान गर्ने कृषि क्षेत्रमा करिब ६३ प्रतिशत नेपाली जनता आश्रित छन् । कृषि क्षेत्रको विकासमा गतिशीलता ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गराई आयात प्रतिस्थापन, निर्यात वृद्धि, मूल्य शृंखला विकास, कृषिको व्यावसायिकरण र आधुनिकीकरणको कार्य गर्न आवश्यक छ । नेपालमा व्यावसायिक कृषि तथा पशुपालनको विकास र विस्तार जुन गतिमा हुनुपर्ने हो अझै पनि सो हुन सकिरहेको छैन । कृषक तथा पशुपालकहरू सहकारी, संस्था तथा समूहमा आबद्ध भएर व्यवस्थित ढंगबाट यस क्षेत्रमा लाग्न अपरिहार्य छ । त्यसो भएको खण्डमा कृषकहरूको आयस्तर वृद्धि भई देशको बहुआयामिक विकास हुनुको साथै राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय टेवा पुग्दछ ।

कृषि तथा पशु क्षेत्रको विकासमा गतिशीलता ल्याई नेपाली ग्रामीण जनताको आर्थिक हित र सुविधा कायम गर्न कृषि क्षेत्रमा सुलभ तथा सरल ढंगले पूँजी तथा ऋण उपलब्ध गराई उत्पादन र उत्पादकत्व वृद्धिका साथै राष्ट्रिय अर्थतन्त्रमा टेवा पुगोस भन्ने उद्देश्यका साथ वि.सं. २०२४ सालमा "कृषि विकास बैंक ऐन २०२४" अनुसार कृषि विकास बैंकको स्थापना भएको हो । विगतमा बैंकले ग्रामीण विकास र गरिबी निवारण अभियानलाई अझ प्रभावकारी बनाउन वि.सं. २०३२ सालबाट 'साना किसान विकास' कार्यक्रम समेत सञ्चालन गरी लाखौं किसान एवं विपन्न वर्गका समुदायको आर्थिक उत्थानमा सहयोग पुऱ्याएको थियो । व्यवस्थित एवं प्रभावकारी सञ्चालनका हिसाबले यो कार्यक्रमलाई नेपालको लघुवित्त क्षेत्रको पहिलो कार्यक्रम मान्न सकिन्छ । बैंकले वि.सं. २०४१ सालदेखि सीमित बैंकिङ्ग सेवा समेत सञ्चालन गरी हाल "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३" अनुसार "क" वर्गको वाणिज्य बैंकको रूपमा रूपान्तरण भई मुलुकका ७७ वटै जिल्लाका करिब २८० कार्यालयहरू मार्फत आधुनिक तथा गुणस्तरीय बैंकिङ्ग सुविधाहरू उपलब्ध गराउँदै आइरहेको छ ।

नेपालको अर्थतन्त्रको मेरूदण्ड ग्रामीण कृषि क्षेत्रलाई मानिन्छ । ग्रामीण अर्थतन्त्रको विकासबिना नेपालको समग्र विकासको कल्पना गर्न सकिँदैन । तसर्थ यस क्षेत्रमा आर्थिक गतिविधिहरूलाई सक्रिय तुल्याउन बैंकले जनताको रूचि अनुसार सीप, क्षमता र दक्षता अभिवृद्धि गरी व्यक्तिगत, संस्थागत/समूहगत कर्जा, थोक कर्जा तथा सहुलियतपूर्ण कर्जा आपूर्तिद्वारा उद्यमशीलता अभिवृद्धि गरी देशको समग्र अर्थतन्त्रको विकासमा टेवा पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" भन्ने अभियानलाई सफल पार्न बैंक अगाडि बढिरहेको छ ।

यसै परिप्रेक्ष्यमा बैंकले कृषि कर्जा तथा MSME विभाग स्थापना गरी कृषि कर्जा, सहुलियतपूर्ण कर्जा, थोक कर्जा, बाली तथा पशु सुरक्षण जस्ता कार्यक्रम सञ्चालन गर्नुका अतिरिक्त विभिन्न सरोकारवाला निकायहरूसँग सहकार्य गरी यस क्षेत्रको विकास र प्रवर्द्धनका लागि कार्य गरिरहेको छ । यस लेखमा मुलरूपमा यस विभागले के के काम गर्दछ र चालु आ.व. मा के के काम सम्पन्न भयो भन्ने सम्बन्धमा छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

**ख. कृषि कर्जा लगानी तथा नवीकरण**

माथि नै उल्लेख गरियो कि यो बैंक विगत ५२ वर्षदेखि अनवरतरूपमा देशको दूरदराजमा कार्यालय खोली कर्जा तथा विभिन्न बैंकिङ्ग उपकरणहरूमार्फत् जनताको आर्थिक स्तर उकास्न लागिरहेको छ । हाल करिब २८० शाखामार्फत् देशका ७७ वटै जिल्ला र सबै ७५३ स्थानीय निकायमा बैंकले जनतालाई आधुनिक बैंकिङ्ग सेवा प्रदान गरिरहेको छ । बैंकले कृषि तथा पशुपालन गर्ने कृषक तथा सोसम्बन्धी व्यवसाय सञ्चालन गर्ने उद्यमीहरूलाई सुलभ ब्याजदर तथा सरल प्रक्रियाद्वारा कृषि कर्जा उपलब्ध गराउने कार्य गरिरहेको छ । कर्जा प्रदान गर्ने क्रममा आउने नीतिगत अस्पष्टता तथा बैंकिङ्ग बजारमा

आउने प्रतिस्पर्धालाई समेत ध्यान दिई यस विभागले नीतिगत सुधारका अतिरिक्त विभिन्न प्रोडक्ट बजारमा ल्याउने कार्य समेत गर्दछ । चालु आ.व. को मंसीर महिनासम्मको तथ्यांकलाई विश्लेषण गर्ने हो भने कृषि तथा पशु व्यवसायको क्षेत्रमा बैंकको कुल लगानी (१ खर्ब १५ अर्ब) मध्ये करिब एक तिहाई लगानी कषि तथा पशुपालनको क्षेत्रमा रहेको छ ।

बैंकले कृषि तथा पशु व्यवसाय कर्जा स्वीकृत गर्नका लागि शाखा तथा प्रादेशिक कार्यालयको स्तरअनुसार सीमा तोकेको छ । हाल प्रचलित सीमा अनुसार रू. १ करोड ५० लाखसम्मको कर्जा प्रादेशिक कार्यालयहरूले नै स्वीकृत गर्न सक्दछन् । मुख्य कार्यालयबाट स्वीकृत भएका कर्जाका अतिरिक्त ठूला कर्जाहरूको सुपरीवेक्षण, अनुगमन तथा निरीक्षण समेत यस विभागले गर्दछ । चालु आ.व.मा ३ वटा प्रादेशिक कार्यालयबाट आएका सीमाभन्दा माथिको करिब १३ करोड बराबरको कर्जा यस विभाग/मु.का.ले स्वीकृत गरेको छ । त्यसैगरी जुन स्तरबाट कर्जा स्वीकृत भएको हो त्यही स्तरबाट कर्जा नवीकरण हुनुपर्ने बैंकको नियमानुसार चालु आ.व. को मंसिर महिनासम्ममा यस विभागले ५ वटा प्रदेश कार्यालयबाट आएका ८ करोड बराबरको कर्जा नवीकरण गरेको छ ।

### ग. थोक कर्जा लगानी

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार "क" वर्गको बैंकले "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई संस्थागत जमानीका आधारमा थोक कर्जा लगानी गर्न सकिन्छ । त्यसका लागि केही महत्वपूर्ण मापदण्ड भने पूरा भएको हुनुपर्दछ । जस्तैः लगानी गरिएको कर्जा विपन्न वर्गको आयस्तर उकास्ने खालको मूलतः कृषि तथा पशुजन्य परियोजनामा लगानी हुनुपर्छ, कर्जा लिने संस्था वित्तीयरूपमा सवल हुनुपर्छ आदि । यस विभागको पहलमा बैंकले हालसम्म निम्नानुसारका संस्थालाई थोक कर्जा लगानी गरेको छ ।

| क्र.सं. | संस्थाको नाम थर | कर्जा रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | साना किसान लघु वित्त वित्तीय संस्था लि. | १,००,००,००,००० | लगानीमा रहिरहेको |
| २ | विजय लघु वित्त वित्तीय संस्था लि. | १०,००,००,००० | लगानीमा रहिरहेको |
| ३ | डिप्रोक्स लघु वित्त वित्तीय संस्था लि. | ४०,००,००,००० | लगानी रहिरहेको |
| | जम्मा | १,५०,००,००,००० | |

### घ. सहुलियतपूर्ण कर्जा लगानी

कृषि तथा पशुपंक्षीजन्य क्षेत्रको व्यवसाय प्रवर्द्धनमार्फत् उत्पादन एवं रोजगारी अभिवृद्धि गरी जनतालाई सहुलियतपूर्ण कर्जाको उपलब्धता गराउन आवश्यक भएकोले नेपाल सरकारले वि.सं. २०७५ मा सहुलियतपूर्ण कर्जाका लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि" कार्यान्वयनमा ल्याएको छ । त्यतिबेला यस प्रयोजनका लागि ७ वटा कर्जाको व्यवस्था गरेकोमा हाल कार्यविधिमा दोस्रो संशोधन गराई २ कर्जा शीर्षक थप गरी ९ पुगेको छ । हालसम्म ती शीर्षकहरूमा बैंकबाट निम्नअनुसार कर्जा लगानी भएको छ ।

| क्र.सं | कर्जा शीर्षक | कर्जा ग्राहक संख्या | स्वीकृत रकम रु. | लगानीमा रहेको रकम रु. |
|---|---|---|---|---|
| १ | व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा (दश लाखसम्म) | १०६८ | ४३५८४७६५९१ | ३७४३४१४१३५ |
| | व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा (दश लाखभन्दा बढी) | १२५६ | ७९८११७६०० | ७९८११७६०० |
| | व्यावसायिक कृषि तथा पशुपन्छी कर्जा जम्मा | २३२४ | ५१५६५९४१९१ | ४५४१५३१७३५ |
| २ | शिक्षित युवा स्वरोजगार कर्जा | १ | ७००००० | ६७२४०८ |
| ३ | विदेशबाट फर्केका युवा परियोजना कर्जा | ६ | ५९९०००० | ५८३६६४३ |
| ४ | महिला उद्यमशील कर्जा | ६१ | ४१५५०००० | ३४८०३९९२ |

| क्र.सं | कर्जा शीर्षक | कर्जा ग्राहक संख्या | स्वीकृत रकम रु. | लगानीमा रहेको रकम रु. |
|---|---|---|---|---|
| ५ | दलित समुदाय व्यवसाय विकास कर्जा | ४ | ३५००००० | ३४६५९९३ |
| ६ | भूकम्पपीडितहरूको निजी आवास निर्माण कर्जा | ३ | ९००००० | ८२१७७७ |
| व्यावसायिक कृषि तथा पशुपन्छी कर्जाबाहेक जम्मा | | ७५ | ५२६४०००० | ४५६००८१३ |
| कुल जम्मा | | २३९९ | ५२०९२३४१९१ | ४५८७१३२५४८ |

*नोटः १ वटा सहुलियतपूर्ण कर्जा शीर्षकमध्ये हालै थप भएको २ शीर्षकः कपडा उद्योग तथा सिटिईभिटीबाट सम्बन्धनप्राप्त संस्थामा तालिम लिने व्यक्तिलाई दिइने कर्जामा र पुरानो शीर्षकमध्ये उच्च र प्राविधिक तथा व्यावसायिक शिक्षामा कर्जा लगानी भएको छैन ।*

**ङ. कृषि कर्जा, सहुलियतपूर्ण कर्जा, मूल्य शृंखला विकास आदि सम्बन्धमा तालिम**

कृषि तथा पशुपालन व्यवसायमा संलग्न कृषि तथा उद्यमीलाई उत्पादनमा मात्र केन्द्रित गरी कर्जा लगानी गर्दा अपेक्षित रूपमा यस क्षेत्रको विकास, प्रवर्द्धन, व्यावसायिकीकरण, आधुनिकीकरण, आयात प्रतिस्थापन, निर्यात वृद्धि आदि उपलब्धि आशातीत रूपमा सम्भव नहुने हुँदा सरोकारवाला निकाय जस्तैः सरकारी कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल आदिका कर्मचारी र बैंकका कर्मचारी एकै ठाउँमा राखेर मूल्य शृंखलाको महत्व सम्बन्धमा तालिम तथा अन्तरक्रिया गर्दा बढी फलदायी हुने ठहर गरी विभिन्न ठाउँमा कार्यक्रम आयोजना गरिएको थियो । चालु आ.व.मा त्यस्ता कार्यक्रम तालिकामा उल्लेख गरेअनुसार सम्पन्न भयो । यस प्रकारको तालिमबाट बैंकको नीतिगत व्यवस्था, कर्जा लगानी प्रक्रिया आदिका बारेमा सरकारी निकायहरूलाई अवगत हुने र बैंकका कर्मचारीहरूलाई नेपाल सरकारले प्राथमिकतामा राखेका कृषि तथा पशुजन्य वस्तु, पकेट क्षेत्र, अनुदान प्रदान गर्ने प्रक्रिया आदिका विषयमा अवगत भई कार्यक्रम सञ्चालन र प्रगति हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

| क्र.सं. | तालिमको नाम | तालिम भएको स्थान | मिति | तालिममा सहभागी संस्था | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १.० | Orientation on Agricultural/ Subsidized Credit, Crop/ Livestock Insurance & MSME | केन्द्रीय तालिम प्रतिष्ठान, बोडे | २०७६/०५/०१ र २ | ३ नं प्रदेश अन्तर्गत कृषि विकास बैंक लि. का प्रबन्धक एवं कर्जा अधिकृत | ५२ जना |
| २.० | Orientation on Agricultural/ Subsidized Credit, Crop/ Livestock Insurance & MSME | क्षेत्रीय तालिम प्रतिष्ठान, बिरेन्द्रनगर | २०७६/०६/०५ | कृषि विकास बैंक लि. प्रादेशिक कार्यालय पोखरा अन्तर्गतका प्रबन्धक एवं कर्जा अधिकृत एवं नेपाल सरकार गण्डकी प्रदेश अन्तर्गतका कृषि ज्ञान केन्द्रमा कार्यरत कर्मचारीहरू | ५० जना |
| ३.० | Orientation on Agricultural/ Subsidized Credit, Crop/ Livestock Insurance & MSME | क्षेत्रीय तालिम प्रतिष्ठान, मङ्गलापुर | २०७६/०७/१८ | कृषि विकास बैंक लि. प्रादेशिक कार्यालय भैरहवा अन्तर्गतका प्रबन्धक एवं कर्जा अधिकृत | ४२ जना |
| ४.० | Agricultural Value Chain Financing | केन्द्रीय तालिम प्रतिष्ठान, बोडे | २०७६/०८/२७ र २८ | प्रदेश नं. २, ३ र ५ अन्तर्गत कृषि विकास बैंक लि. का २७ वटा शाखामा कार्यरत प्रबन्धक एवं कर्जा अधिकृत | २७ जना |

**च. लघु बीमासम्बन्धी अन्तरक्रिया/तालिम**

देशका ग्रामीण क्षेत्रहरूमा बसोबास गरी स-साना स्तरमा खेतीबाली तथा पशुपालन गर्ने समूह वा सहकारीमा आबद्ध साना कृषकहरूलाई बाली तथा पशुधनमा हुन सक्ने माहामारी तथा दैवी/प्राकृतिक क्षति न्यूनीकरण कसरी गर्न सकिन्छ भनेर बैंकले विगत लामो समयदेखि अन्तरक्रिया/तालिमको आयोजना गर्ने कार्य पनि गर्दै आएको छ । अन्तरक्रियापश्चात् बाली तथा पशुधनको सुरक्षण गर्ने गरिन्छ । त्यस्तो सुरक्षण कार्य विधिपूर्वक भए नभएको सुपरीवेक्षण, अनुगमन तथा

निरीक्षण समेत हुन्छ । चालु आ.व. को हालसम्ममा देशका ३ जिल्लाका करिब १२० कृषकलाई अन्तरक्रिया/तालिमको आयोजना गरियो भने ६ वटा जिल्लामा सुरक्षण कार्य गर्ने कृषकहरूको घर दैलोमा गई अनुगमन गर्ने कार्य पनि यस विभागले सम्पन्न गरेको छ । माग र आवश्यकताका आधारमा बैंकले कृषकलाई अन्तरक्रिया/तालिम आयोजना गर्नुका अतिरिक्त कृषक समूह, सहकारीलाई कृषि तथा पशुसँग संबन्धित ससाना भौतिक सहयोग जस्तैः सिंचाइ गर्ने पाइप, प्लाष्टिक, दुध बोक्ने क्यान आदि पनि प्रदान गर्ने गर्दछ ।

| क्र.सं. | विवरण | संख्या | कार्यक्रम भएको जिल्ला |
|---|---|---|---|
| १ | अन्तरक्रिया कार्यक्रम | ५ | रामेछाप, सिन्धुली र चितवन |
| २ | अनुगमन निरीक्षण | ८ | सिन्धुपाल्चोक, चितवन, कास्की, काभ्रे, स्याङ्जा र बागलुङ |

### छ. बाली तथा पशु सुरक्षण कार्यक्रम

कृषि विकास बैंकले विगत ३० वर्षदेखि कृषि/पशु सहकारी वा समूहमा आबद्ध साना कृषकहरूले पालेका पशु तथा लगाएका खेतीबालीमा हुन सक्ने क्षति न्यूनीकरण गर्ने हेतुले पशु तथा बाली सुरक्षण (बिमा) कार्यक्रम सञ्चालन गर्दै आएको छ । सोका लागि बैंकले कार्यविधि पनि बनाएको छ र यो कार्यक्रम कृषकबीच लोकप्रिय पनि छ । लोकप्रिय हुनुको कारण यो छ कि अन्य बीमा कम्पनीहरूले गरेको बिमामा तिरेको प्रिमियम क्षति नभएको अवस्थामा कम्पनीले आम्दानीको रूपमा लैजान्छ भने बैंकले गर्ने विमामा कृषकले तिरेको प्रिमियम क्षति नभएको अवस्थामा कृषकहरूले खोलेको खातामा नै रहन्छ, वर्षेनी बढ्दै जान्छ र सो रकम कृषक समूहले विभिन्न आयमुलक कार्यमा लगाउन पाउँछन् । यो कार्यक्रम सञ्चालन गर्न हरेक वर्ष बैंकले नेपाल सरकारबाट बजेट प्राप्त गर्दछ । २०७६ असार मसान्तसम्म यस बैंकले गरेको यस्तो कार्यक्रमबाट निम्नअनुसारको प्रगति हासिल भएको छ ।

**बाली सुरक्षणतर्फ**

- हालसम्म ३५ जिल्लाका ३२४ कृषक समूह/सहकारी संलग्न भएका ।
- ३५०६२ कृषकको ८५७२ हे. मा लगाएको २ अर्ब ४८ करोड बराबरको बाली सुरक्षण भएको ।
- प्रिमियमस्वरूप रू. १८ करोड ५२ लाख अनुदान भुक्तानी भएको ।

**पशुधन सुरक्षणतर्फ**

- हालसम्म ४८ जिल्लाका २७६ कृषक समूह/सहकारी संलग्न भएका ।
- रू. ५ अर्ब ११ करोड बराबरको १६२३१२ पशुधनको सुरक्षण भएको ।
- प्रिमियमस्वरूप रू. २४ करोड २९ लाख अनुदान भुक्तानी भएको ।

**चालु आ.व.मा मात्र भएको प्रगति**

- बाली सुरक्षण बिमा, ६ कृषक समूह/सहकारी संलग्न, ६ लाख ३० हजार अनुदान भुक्तानी भएको ।
- पशु सुरक्षण बिमा, १० कृषक समूह/सहकारी संलग्न, ९० लाख अनुदान भुक्तानी भएको ।

### ज. कर्जा विस्तारमा बैंकको प्रमुख चुनौती

कृषि विकास बैंकले उल्लेखनीय रूपमा कर्जा विस्तार गर्न नसक्नुमा रहेका प्रमुख चुनौती निम्नअनुसार छन् ।

- बैंकको हालको स्रोतको लागत (cost of fund) प्रतिस्पर्धी बैंकहरूको तुलनामा बढी छ जसको कारण base rate १०५ माथि पुगेको छ । Base rate कम गर्न कम लागतको स्रोतको (निक्षेप) आवश्यकता छ ।
- बढी लागतको निक्षेप ५५५ माथि छ ।
- कर्मचारी खर्च बढ्दो छ ।
- शेयरहोल्डरहरूको अपेक्षा (बढी Dividend को आशा) बढ्दो छ ।
- व्याजको प्रतिस्पर्धाले राम्रा ग्राहक पलायन भैरहेका छन् ।
- बैंकहरूको मर्जरको कारणबाट प्रतिस्पर्धा चर्को छ ।
- ने.रा.बैंकको निर्देशन कडारूपमा आइरहेको छ (जस्तैः Penal interest, service charge, spread rates, दोहोरो वित्तीय विवरण आदि) ।

### झ. सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग सम्झौता

कृषि विकास बैंकले विशेष गरी यस विभागको पहलमा हालैका दिनमा विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरूसँग मूलतः कृषि/पशुपालन व्यवसाय कर्जा, सहुलियतपूर्ण कर्जा, व्याज अनुदान प्रवाहीकरण, बाली/पशु सुरक्षण कार्य, वित्तीय साक्षरता कार्यक्रम आदि गर्ने गरी निम्नानुसारका संस्थाहरूसँग द्विपक्षीय सम्झौता सम्पन्न गरेको छ ।

| क्र.सं. | संस्थाको नाम | सम्झौता भएको मिति |
|---|---|---|
| १ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश | २०७५/११/०९ |
| २ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ३ हेटौडा | २०७६/०४/१४ |
| ३ | ग्रामीण प्रविधि केन्द्र (CRT), ललितपुर | २०७६/०७/०३ |
| ४ | हेफर इन्टरनेसनल नेपाल | २०७६/०७/०८ |
| ५ | राष्ट्रिय युवा परिषद नेपाल | २०७६/०८/०५ |
| ६ | होम स्टे (घरवास) एसोसिएसन नेपाल | २०७६/०९/०२ |
| ७ | राष्ट्रिय कृषक समूह महासंघ नेपाल | २०७६/०९/०९ |
| ८ | KWF, World Bank (REED, Livestock Innovation Project), GiZ आदिसँग कृषि, MSME, बाली तथा पशु बिमाको क्षेत्रमा बैंकसँग मिलेर काम गर्ने गरी घनीभूत रूपमा छलफल तथा समन्वय भइरहेको छ । | |

### ञ. सम्झौता गरेर बैंकलाई के फाइदा हुन्छ ?

कृषि विकास बैंकले हालैका दिनमा विभिन्न सरकारी तथा गैह्रसरकारी निकायहरूसँग गरेको सम्झौताबाट निम्न अनुसारका फाइदा हुन्छन् ।

- सम्झौता गरिएका ती निकायहरूका केन्द्रदेखि स्थानीय निकायसम्मका खाता हाम्रो बैंकबाट सञ्चालन हुन्छन् जसका कारण खाता तथा शून्य वा कम लागतको निक्षेप उल्लेखनीय रूपमा बढ्छ । उदाहरणका लागि राष्ट्रिय कृषक समूह महासंघ नेपालसँग बैंकले मिति २०७६/०९/०९ मा गरेको सम्झौताअनुसार महासंघको केन्द्रदेखि स्थानीय निकायसम्म झण्डै ६००० शाखाका चल्ती खाता यस बैंकमा खुल्ने छन् यसको सोझो अर्थ ६००० खाता बढ्नेछन् र minimum balance रू. ५००० का दरले ३ करोड शून्य लागतको निक्षेप बढ्ने छ । त्यसमाथि संस्था हो खातामा केही रकम यसै पनि रहनेछ । महासंघका ६००० शाखामा कम्तीमा १ लाख कृषक आबद्ध छन्, सम्झौताअनुसार ती कृषकहरूको खाता पनि बैंकमा खोलिनेछन् । ५० प्रतिशत कृषकले मात्र पनि खाता खोलेछन् भने ५० हजार खाता संख्या बढ्नेछ र सोझो हिसाब यो हो कि रू. ५०० minimum balance बसेछ भने पनि २ करोड ५० लाख निक्षेप बढ्नेछ । यसैगरी हो बैंकको निक्षेप बढाउने, बजारीकरण गर्ने ।
- सम्झौता अनुसार आबद्ध व्यक्ति वा संस्थालाई बैंकको विभिन्न आधुनिक प्रोडक्ट जस्तैः मोबाइल बैंकिङ्, VISA Card, Internet Banking, CASBA आदिको बजारीकरण सजिलैसँग गर्न सकिन्छ, बेच्न सकिन्छ । माथिकै उदाहरणमा कुरा गर्ने हो भने पनि खाता खोलेका ५० हजार कृषकमध्ये २० प्रतिशत मात्रलाई VISA Card बेच्न सकियो भने पनि १०००० कार्ड बिक्छ ।
- सम्झौता गरिएका ती निकायहरूबाट व्यवसाय वा उद्यमशीलता सम्बन्धी विभिन्न प्रकारको तालिम प्राप्त गरेका तर कर्जाको अभावमा भट्किरहेका सिफारिससहित आएका व्यक्ति वा संस्थालाई कर्जा लगानी गर्दा हाम्रा प्रबन्धकहरू गलत व्यक्तिलाई कर्जा जाला कि भन्ने तनावबाट मुक्त हुन्छन् । कर्जाको परिमाण तथा गुणस्तरमा वृद्धि हुन्छ । कर्जा विस्तार त बैंकले यसैउसै गर्नु त छ नै ।
- ती निकायसँग गरिएको सम्झौता अनुसार असल ग्राहकको (Bankable Client) मात्र सिफारिस हुन्छ र यदि कर्जा असुलीमा समस्या भएमा ती निकायबाट असुलीमा सहयोग हुन्छ ।
- नेपाल सरकारले ल्याएको विशेष गरी बिनाधितो प्रवाह हुने सहुलियतपूर्ण कर्जा लगानी गर्नु त छँदैछ, यस अवस्थामा यस्तो प्रकारको सम्झौताबाट सिफारिससहित आएका व्यक्ति वा संस्थालाई कर्जा लगानी गर्दा लगानी बढी सुरक्षित हुन्छ ।
- कतिपय सरकारी तथा अन्तर्राष्ट्रिय संस्थासँग गरिएको सम्झौता अनुसार बैंकलाई केही प्रशासनिक खर्च पनि उपलब्ध हुन्छ ।

- बैंकका कर्मचारीहरूलाई ती संस्थाहरूबाट स्वदेशी तथा विदेशी तालिम, भ्रमण, गोष्ठी, सेमिनार आदिमा भाग लिने मौका मिल्नाले बैंकको जनशक्तिको विकासमा टेवा पुग्दछ ।
- ति संस्थाहरूबाट हुने सहयोगले बैंकको भौतिक तथा अन्य संरचनाको विकास र विस्तार सम्भव हुन्छ ।
- कृषि विकास बैंकले पनि अन्तर्राष्ट्रिय संस्थाहरूसँग मिलेर देशको कृषि र पशुपालनको क्षेत्रमा उल्लेखनीय काम गर्न सक्छ भन्ने Message बाहिर गई बैंकको साख उँचो हुन्छ (उदाहरणका लागि pipeline मा रहेको IFAD Project) ।

### ट. सम्झौता कार्यान्यवनको शुरुवात

सम्झौता भएका संस्थामध्ये ग्रामीण प्रविधि केन्द्र (CRT) र हेफर इन्टरनेसनल नेपालसँग कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्य योजना तयार भई देहायअनुसारको कार्यक्रम सम्पन्न भइसकेको छ ।

| क्र.सं. | कार्यक्रम | स्थान | मिति | सहभागी संस्था |
|---|---|---|---|---|
| १ | Orientation Program | चन्द्रनिगाहपुर रौतहट | २०७६/०८/२८ | कृषि विकास बैंक लि. को चन्द्रनिगाहापुर शाखाको प्रबन्धक र हेफर इन्टरनेसनलसँग आबद्ध सहकारीहरू तथा निजका सदस्यहरू |
| २ | Orientation Program | गोरूसिङ्गे, कपिलवस्तु | २०७६/०९/०५ | कृषि विकास बैंक लि. का ६ वटा कार्यालयका प्रबन्धक र हेफर इन्टरनेसनलसँग आबद्ध सहकारीहरू तथा निजका सदस्यहरू |
| ३ | Orientation Program | धादिङ्बेसी, धादिङ् | २०७६/०९/१२ | कषि विकास बैंक लि. का ८ वटा कार्यालयका प्रबन्धक र हेफर इन्टरनेसनलसँग आबद्ध सहकारीहरू तथा निजका सदस्यहरू |
| ४ | Orientation Program | अगेनो क्याफे, ललितपुर | २०७६/०९/२२ | कृषि विकास बैंक लि. का १० वटा कार्यालयका प्रबन्धक र ग्रामीण प्रविधि केन्द्र (CRT) सँग आबद्ध सहकारीहरू तथा निजका सदस्यहरू |

उदाहरणका लागि भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशसँग भएको सम्झौताअनुसार कृषि ज्ञान केन्द्र गोरखाबाट अनुदान प्राप्त गर्ने १४७ जना कृषकको खाता यस बैंकमा खोल्ने कार्य भइरहेको छ जसबाट केही करोड निक्षेप बढ्नेछ । संघीय मन्त्रालय तथा प्रदेशमा समेत व्याज अनुदान कार्यविधि पास नभइसकेको कारणबाट मात्र अनुदान प्राप्त हुन केही ढिलो हुन गएको छ ।

### ठ. उत्पादन लागत (Norms) पुस्तकको तयारी

कृषि तथा पशुपालन व्यवसाय प्रविधिमा निर्भर रहने विषय हुन । प्रविधि सधैं परिवर्तन भैरहन्छ । हाम्रा शाखाहरूमा कार्यरत कर्मचारीहरूलाई बदलिँदो प्रविधि, भौगोलिक विभिन्नता आदि कारणले कृषि तथा पशुपालन व्यवसायमा कर्जा माग गर्न आउने ग्राहकले माग गरेको रकम वास्तविक हो कि होइन भन्ने छुटट्याउन गाह्रो परिरहेको छ । तसर्थ कर्जा लगानीका लागि फिल्डस्थित कार्यालयहरूलाई कार्य सहजताका होस् भन्ने अभिप्रायले यस विभागले कर्जा प्रवाहका दृष्टिकोणले महत्वपूर्ण कृषि उत्पादन तथा पशुपन्छी पालन तथा उद्योग सञ्चालन सम्बन्धी (खाद्यान्न बाली, नगदे बाली, तेलहन बाली, विशेष बाली, पशुपालन, पशु तथा कृषि उद्योग आदि) लागत तथा खर्च सम्बन्धी उत्पादन लागत पुस्तक (Norms) तयार गरिरहेको छ । ■

### सन्दर्भ सामग्री


१. मिर्मिरे, नेपाल राष्ट्र बैंक, २०७५
२. आर्थिक सर्वेक्षण २०७५
३. संगठन, २०७४, कृषि विकास बैंक लि.
४. वार्षिक प्रतिवेदन २०७५/७६, कृषि विकास बैंक लि.
५. पहिलो आवधिक योजना, आ.व. २०७६/७७-२०८०/८१, प्रदेश नं. ३, हेटौंडा


*लेखक कृषि विकास बैंकका विभागीय प्रमुख हुनुहुन्छ ।*

# बैंकिङ्ग व्यवसायमा कर्जा जोखिम र त्यसको व्यवस्थापन



सुशील हुमागाईं

**१. विषय प्रवेश**

सम्भावित हानि तथा नोक्सानीलाई सामान्य अर्थमा जोखिम भनिन्छ । जोखिमभित्र प्रतिफल हुने भएकोले जोखिम र प्रतिफलबीच सोझो सम्बन्ध हुन्छ । तसर्थ व्यावसायिक जीवनमा जोखिम नलिनु नै सबैभन्दा ठूलो जोखिम हो । बैंकिङ्ग व्यवसायका हरेक प्रक्रिया, प्रणाली र क्रियाकलापमा जोखिम अन्तरनिहित रहने भएकोले यसको सहजै अनुमान, पूर्वानुमान र आंकलन गर्न सकिँदैन । जोखिमले समग्र बैंकिङ्ग बजारलाई निरन्तर प्रभाव पारिरहने हुँदा यसको पहिचान, मापन, नियन्त्रण र व्यवस्थापन गर्न आवश्यक छ । बैंकिङ्ग बजारमा विभिन्न प्रकारका जोखिमहरूमध्ये कर्जा जोखिमको प्रभाव ठूलो हुने भएको हुँदा सोको नियन्त्रण र व्यवस्थापनका लागि विधि, प्रक्रिया र विधानहरू आवश्यक हुन्छ । जोखिमबिना व्यवसाय चल्दैन, व्यवसायबिना बैंक सञ्चालन हुँदैन र बैंकबिना अर्थतन्त्र क्रियाशील हुँदैन तसर्थ नेपालको बैंकिङ्ग बजारमा बढेको जोखिमको पहिचान र व्यवस्थापन गर्नु आवश्यक छ । वास्तवमा जोखिम कुनै पनि व्यवसायमा हुने अनिश्चितता साथै वित्तीय व्यवहारलाई हाँक्ने मुलभूत तत्व पनि हो । जोखिम सर्वव्यापी हुने भएकोले यसको प्रभावबाट चुनौतीसँगै अवसर पनि सृजना हुन्छ । नेपालको बैंकिङ्ग बजारले राष्ट्रिय र अन्तर्राष्ट्रिय नियमनकारी निकायको निर्देशन तथा मापदण्ड अनुसार व्यावसायिक क्रियाकलाप सञ्चालन गर्ने क्रममा तिब्र प्रतिस्पर्धा चलिरहेको छ । नियमनकारी निकायले निर्दिष्ट गरेअनुसार कृषि कर्जा, विपन्न वर्ग कर्जा, कर्मचारीको वृत्ति विकास, सिडी रेसियो, पूँजी तथा पूँजीकोष लगायतका निर्देशनको पालना गर्नुपर्दछ ।




बैंकिङ्ग व्यवसायको कारोबारमा अन्तरनिहित जोखिमहरू जस्तोः कर्जा, तरलता, सञ्चालन, बजार, फरेक्स, ब्याजदर, प्रविधि, वातावरणीय तथा सामाजिक, AML/CFT आदि हुन्छन् । त्यसैगरी आर्थिक अवस्था, बजारका प्रतिस्पर्धी, वित्तीय बजार, सुरक्षा, प्राकृतिक विपत तथा प्रकोप, ग्राहक, प्रविधि, सामाजिक तथा संस्कृतिक पक्ष र राजनैतिक पक्षले पनि बैंकिङ्ग भिलेजको हरेक गतिविधिलाई चुनौती र जोखिम सृजना गराउँदछ । बैंकिङ्ग व्यवसाय सञ्चालन गर्ने क्रममा आन्तरिक र बाह्य वातावरणद्वारा विभिन्न प्रकारका अदृश्य जोखिमहरूले व्यवसायलाई निरन्तर प्रभाव पारिरहेको हुन्छ । जोखिम प्रणालीको असफलता, अपर्याप्त प्रक्रिया, कर्मचारीको नियत, नियन्त्रण गर्ने विधि, प्रविधिको असफलता, आन्तरिक नियन्त्रण प्रणालीको अभाव, जालसाँजी, अर्थ व्यवस्थामा भएको उतारचढाव, सरकारी नीतिको प्रभाव, ब्याजदरमा भएको परिवर्तन लगायतका कारण बैंकिङ्ग व्यवसायमा जोखिमको अवस्था सृजना भई वित्तीय संस्थाको ख्यातिमा हानि तथा नोक्सानी पुग्न सक्दछ । बैंक तथा वित्तीय संस्था सञ्चालनको सुरूवातदेखि नै आन्तरिक तथा बाह्य जोखिमको अवस्था सृजना हुन जान्छ ।

जोखिमले बैंकिङ्ग बजारको व्यवसाय, पारदर्शिता, जवाफदेहिता र संस्थागत सुशासनलाई समेत प्रभावित गर्दै संस्थाको प्रविधि र प्रणालीमा समेत समस्या सृजना गराउँदछ । बैंकिङ्ग व्यवसायको कारोबार कार्यालय समय अधिपछि पनि सञ्चालन भइरहने हुँदा यस व्यवसायमा विभिन्न प्रकारका अनुमान गर्न नसकिने जोखिमहरू देखा पर्दछन् । बैंकिङ्ग भिलेजमा कारोबार सम्पन्न गर्ने क्रममा व्यवसायमा विभिन्न प्रकारका जोखिमहरूको प्रभाव परिरहने भएकोले सोको पहिचान, मापन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङ्ग निर्देशन, मार्गदर्शन, नीति, नियम, कार्यविधि बमोजिम गर्नुपर्दछ । नेपालका बैंक तथा वित्तीय संस्थाको कारोबार, दायरा, कार्यक्षेत्र फराकिलो र विस्तार हुँदै गएकोले बैंकिङ्ग व्यवसाय आधुनिक, प्रतिस्पर्धी, चुनौतीपूर्ण र जोखिमयुक्त पनि बन्दै गएको छ । बैंक तथा वित्तीय संस्थाले आफूले गरेको सम्झौता सम्बन्धी शर्तहरू तोकिएको समयमा पूरा गर्न नसक्दा पनि जोखिमको अवस्था देखा पर्ने र कर्जा असुली, राफसाफ, फछ्र्यौट वा अरू विभिन्न कारणले पनि जोखिमको अवस्था सृजना हुन सक्छ । हाल बैंकहरू वित्तीय मध्यस्थकर्ता हुनुको साटो जोखिम मध्यस्थकर्ताको रूपमा अगाडि बढ्दै गएको देखिन्छ, यसको मुख्य कारण आफू आफूबीच अस्वस्थ प्रतिस्पर्धा पनि हो । जोखिम तथ्याङ्क राख्ने कार्य तथा नियमनहरू पालना गर्ने सन्दर्भमा पनि बैंकिङ्ग प्रणालीमा देखा पर्ने भएकोले बैंकिङ्ग भिलेजले यसको प्रभावबाट ठूलो मूल्य चुकाउनुपर्ने हुन सक्छ ।

## २. जोखिम व्यवस्थापन

जोखिमबिना बैंकिङ्ग व्यवसायमा नाफा कमाउनु भनेको नजन्मदै बाँच्न खोज्नु जस्तो भएकोले बैंक तथा वित्तीय संस्थाका व्यवस्थापकले जोखिम व्यवस्थापनको लागि आवश्यक नीति, तौरतरिका र कार्यविधि बनाई व्यवस्थापक र कर्मचारीको जिम्मेवारी तोकिदिनु पर्दछ । बैंकिङ्ग प्रणालीमा नयाँ वस्तु वा सेवा ग्राहकसमक्ष लैजानुभन्दा अगाडि नै जोखिमको पूर्वानुमान गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्थाको व्यवसाय सधैं परिवर्तित वातावरण र अवस्थामा सञ्चालन गर्नुपर्ने भएकोले उच्च व्यवस्थापकले विभिन्न पक्षहरूको अध्ययन, अनुसन्धान र विश्लेषण गरी जानकारी लिइरहनु पर्दछ । वातावरणले जटिलता, गतिशीलता, अनिश्चितता र दूरगामी प्रभाव पार्दै जोखिमको रूप पनि लिने भएकोले यसको समयमै पहिचान, मूल्यांकन र नियन्त्रणद्वारा जोखिमको व्यवस्थापन गर्नुपर्दछ । जोखिम व्यवस्थापन र न्यूनीकरण गर्न बाह्य परिस्थितिको ध्यान दिंदै अनिश्चितताको व्यवस्थापन गरी अनियन्त्रित परिस्थितिको न्यूनीकरणका लागि योजना, नीति, कार्यक्रम, कार्यविधि बनाउनु पर्दछ । विश्वव्यापीकरण, प्रविधिकरण र आधुनिकीकरणका कारण बैंकिङ्ग क्षेत्रमा चुनौती र जोखिम बढ्न गएको परिस्थितिमा आन्तरिक र बाह्य पक्षले बैंकिङ्ग व्यवसायमा जोखिमको अवस्था सृजना गराउने हुँदा सोको न्यूनीकरण गर्न बैंकिङ्ग क्षेत्रका नियम, कार्यविधि र नियमनकारी निकायका निर्देशन तथा मार्गदर्शनहरूको परिपालनाद्वारा जोखिमको व्यवस्थापन



गर्दै जानु आवश्यक पर्दछ । त्यसैगरी जोखिमका सबै स्रोतहरूको जानकारी लिन सूचना प्रणालीलाई प्रभावकारी बनाउने, जोखिमका सीमाहरू स्थापित गर्ने, जोखिम व्यवस्थापन विधिहरूको नियमित समीक्षा गर्न आवश्यक हुन्छ ।

उच्च व्यवस्थापनले बैंक तथा वित्तीय संस्थाको सम्पूर्ण तहका कर्मचारीलाई जोखिमको सम्बन्धी जानकारी गराउँदै सोको प्रभावलाई न्यूनीकरण गर्न सिकाउनु पर्दछ । बैंकिङ्ग क्षेत्रको व्यवस्थापकले जोखिमको विधि, प्रक्रिया र प्रणालीको निर्माण गरी कार्यान्वयन गर्नुपर्ने भएकोले उच्च व्यवस्थापक या सञ्चालक समितिबाट नियमनकारी निकायको मापदण्ड र निर्देशन अनुसार विधि तथा कार्यविधिको स्वीकृत गरी लागु गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्थाले समग्र जोखिम व्यवस्थापनलाई

सवल बनाउन नेपाल राष्ट्र बैंकले निर्देशन गरेको जोखिम व्यवस्थापन सम्बन्धी मार्गदर्शन बमोजिम जोखिम व्यवस्थापन गर्नुपर्दछ । संस्थाको कारोबारमा जोखिम वा जोखिमजन्य परिस्थिति उत्पन्न हुन नदिन आफ्नो उद्देश्य, योजना तथा रणनीतिअनुरूप बैंकिङ्ग कारोबारहरू होशियारीपूर्वक सञ्चालन गर्न जोखिम व्यवस्थापन नीति, कार्यविधि तथा मापदण्डहरू तयार गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ । नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त गरे पश्चात बैंकहरूको दायरा फराकिलो हुने भएको हुँदा उपयुक्त संस्थागत सुशासन कायम गर्दै कोष तथा गैह्र-कोषमा आधारित सम्पूर्ण कारोबारहरू सञ्चालन गर्दा उत्पन्न हुने जोखिमलाई न्यूनीकरण तथा व्यवस्थापन गर्नुपर्दछ । वित्तीय संस्थाले सामना गर्नुपर्ने जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिपोर्टिङ्गका लागि सुदृढ जोखिम व्यवस्थापन संरचना समयसापेक्ष तयार गरी कार्यान्वयनमा ल्याउनु बाञ्छनीय हुन्छ । त्यसैले बैंकले प्रभावकारी जोखिम व्यवस्थापनका लागि सम्पूर्ण क्षेत्र समेट्ने गरी पूर्ण एवं एकीकृत पद्धति अनुशरण गर्दै केन्द्रीय बैंकको निर्देशन अनुसार बढ्दो जोखिमको पहिचान, मापन, अनुगमन, नियन्त्रण र व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थाको समसामयिक जोखिमका विषयलाई समावेश गरी जोखिम व्यवस्थापनका प्रक्रियाहरू सञ्चालक समितिबाट स्वीकृतपश्चात् कार्यान्वयन गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्थाहरूले कर्जाको भाखा नाघेमा वा कर्जाको ब्याज आउने समयका आधारमा कर्जालाई वर्गीकरण गरी निर्देशन बमोजिम Loan loss provision गर्नुपर्दछ । यसरी बैंक तथा वित्तीय संस्थाहरूको व्यवसायमा जोखिमको मात्रा अत्यधिक रहेको हुँदा सोको पहिचान, मूल्यांकन, व्यवस्थापन र नियन्त्रणका लागि नियमनकारी निकायको मापदण्ड, निर्देशन, नीति तथा कार्यविधि बमोजिम बढ्दो जोखिमको व्यवस्थापन गर्नु टड्कारो आवश्यकता छ ।

**३ बैंकिङ्ग व्यवसायमा निष्कृय कर्जाको व्यवस्थापनः**

बैंकिङ्ग व्यवसायमा बढ्दै गएको निष्कृय कर्जा व्यवस्थापन तथा न्यूनीकरण आजको आवश्यकता हो । नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त संस्थाले प्रवाह गरेको कर्जा तथा सापटको साँवा वा ब्याज भुक्तानी हुनुपर्ने भाखा नाघेको अवधिका आधारमा सम्पूर्ण कर्जा सापटलाई सक्रिय तथा निष्कृय कर्जामा वर्गीकरण गरी देहाय बमोजिम व्यवस्थापन गर्नुपर्ने व्यवस्था गरेको छ :

(**क**) **सक्रिय कर्जा** (Performing Loan) : सक्रिय कर्जामा निम्नानुसार असल र सूक्ष्म निगरानी कर्जा पर्नेछन् ।

१. **असल** (Pass) :

(अ) भाखा ननाघेका र १ महिनासम्म भाखा नाघेका कर्जा/सापट,

(आ) मुद्दती रसिदको धितोमा गएका कर्जा तथा सापट,

(इ) नेपाल सरकारको सुरक्षणपत्र तथा नेपाल राष्ट्र बैंक ऋणपत्रको धितोमा गएका कर्जा तथा सापट,

(ई) पर्याप्त सुरक्षण लिई प्रति ग्राहक बढीमा रू. १० लाखसम्म प्रवाह भएको सुनचाँदी कर्जा । तर, अतिरिक्त धितो सुरक्षण वापत मुद्दती रसिद वा नेपाल सरकारको सुरक्षणपत्र वा नेपाल राष्ट्र बैंक ऋणपत्र धितो राखी कर्जा प्रवाह गरेमा त्यस्ता कर्जा तथा सापट र रू. १० लाखभन्दा बढीको सुनचाँदी धितो कर्जालाई भने भाखा नाघेको आधारमा वर्गीकरण गर्नुपर्नेछ ।

२. **सूक्ष्म निगरानी** (WatchList) :

(अ) १ महिनादेखि तीन महिनासम्म भाखा नाघेका कर्जा/सापट

(आ) नवीकरण नभई अस्थायी रूपमा भुक्तानी अवधि बढाइएका अल्पकालीन वा चालु पूँजी कर्जा ।

(इ) अन्य कुनै पनि बैंक वा वित्तीय संस्थामा निष्कृय कर्जामा वर्गीकरण भएको ऋणीलाई प्रवाहित कर्जा ।

(ई) साँवा र व्याज नियमित रूपमा भुक्तानी भए तापनि लगातार दुई वर्षदेखि खुद नोक्सानीमा रहेको वा नेटवर्थ ऋणात्मक रहेको फर्म, कम्पनी वा संस्थालाई प्रवाहित कर्जा । तर, निर्माणाधीन अवस्थामा रहेका परियोजनालाई प्रदान गरिएको कर्जाको हकमा परियोजनाले व्यावसायिक उत्पादन शुरू गरेपछि मात्र यो व्यवस्था लागू हुनेछ ।

(उ) रू. १ अर्ब वा सोभन्दा बढी रकमका सह-वित्तीयकरण कर्जामा परिणत नभएका बहुबैंकिङ्ग कर्जाहरू ।

(ऊ) यस बैंकले निरीक्षण गर्दा ऋणीको नगद प्रवाह

तथा परियोजना सञ्चालनको अवस्था कमजोर भएको आधारमा सूक्ष्म निगरानीमा राख्ने भनी निर्देशन दिइएका कर्जा ।

(ऋ) कर्जा स्वपूँजी अनुपात (Debt to Equity Ratio) ८०:२० भन्दा बढी हुने गरी प्रवाह भएका कर्जाहरू । तर, हाल यस्तो अनुपात पालना नभएका कर्जाहरूको हकमा २०७७ असार मसान्तसम्म यस व्यवस्था बमोजिम सूक्ष्म निगरानी कर्जामा वर्गीकरण गर्न अनिवार्य हुने छैन ।

(ख) **निष्कृय कर्जा** (Non-Performing Loan) : निष्कृय कर्जालाई निम्नानुसारका वर्गीकरण गर्नुपर्नेछ :

(१) कमसल (Sub-standard) : ३ महिनादेखि ६ महिनासम्म भाखा नाघेका कर्जा/सापट ।

(२) शंकास्पद (Doubtful) : ६ महिनादेखि बढीमा १ वर्षसम्म भाखा नाघेका कर्जा/सापट ।

(३) खराब (Loss) : १ वर्षभन्दा बढी अवधिले भाखा नाघेका कर्जा/सापट ।

(४) पुनरतालिकीकरण/पुनर्संरचना गरिएका कर्जाहरूलाई कर्जा सम्बन्धी कागजात तथा सुरक्षणहरू पर्याप्त भएको प्रमाण, पुनरतालिकीकरण वा पुनर्संरचना भएका कर्जा असुल हुने सम्भावनाबारे इजाजतपत्रप्राप्त संस्था विश्वसनीय भएको आधारहरू र कर्जालाई पुनरतालिकीकरण वा पुनर्संरचना गर्न लिखित कार्ययोजना पेश हुनुका अतिरिक्त त्यस्तो कर्जा पुनरतालिकीकरण वा पुनर्संरचना गर्दाको दिनसम्म असुल हुन बाँकी ब्याजको कम्तीमा पच्चीस प्रतिशत ब्याज रकम असुल उपर भएको हुनुपर्ने व्यवस्था गरिएको छ ।

यसरी निष्कृय कर्जा व्यवस्थापन गर्नको लागि गुणस्तरीय कर्जा प्रवाह, कर्जाको सदुपयोगिता निरीक्षण, परियोजनाको अवस्था, जोखिम मूल्यांकन प्रणालीको विकास, नियम तथा कानुनको परिपालना, अन्तर्राष्ट्रिय उत्कृष्ट अभ्यासहरूको अनुशरण, आन्तरिक तथा बाह्य वातावरण र प्रभावको मूल्यांकन र न्यूनीकरण गर्दै जानु पर्दछ । बैंक तथा वित्तीय संस्थासँग निष्कृय कर्जाको यथोचित व्यवस्थापनका लागि उचित र प्रभावकारी नीति तथा प्रक्रिया कार्यान्वयनमा ल्याउन जरूरी छ । भाखा नाघेको वा ननाघेको कुनै पनि कर्जामा देहायको कुनै कैफियत देखिएमा त्यस्तो कर्जा तथा सापटलाई खराब/निष्कृय कर्जामा वर्गीकरण गर्नुपर्नेछ र त्यस्तो कर्जा असुलीको प्रक्रिया अगाडि बढाउँदै निष्कृय कर्जाको व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेको छ :-

(क) ऋणी टाट पल्टेमा वा टाट पल्टेको घोषणा भएमा,

(ख) ऋणी हराएमा वा गायव भएमा,

(ग) कर्जा दुरूपयोग भएमा,

(घ) परियोजना/व्यवसाय सञ्चालन हुने अवस्था नरहेमा, परियोजना वा व्यवसाय सञ्चालनमा नभएमा,

(ङ) प्रतीतपत्र, जमानत तथा अन्य सम्भावित दायित्वहरू फोर्स लोन (Force Loan) को रूपमा कोषमा आधारित कर्जामा परिणत भएको अवस्थामा त्यसरी कर्जामा परिणत भएको मितिले नब्बे दिनसम्म असुली नभएमा,

(च) कर्जा असुल हुन नसकी लिलामी प्रक्रिया सुरू भएको १८० दिन नाघेमा वा असुली प्रक्रिया अन्तर्गत अदालतमा मुद्दा चलिरहेको अवस्थामा,

(छ) कर्जा सूचना केन्द्रको कालोसूचीमा कायम रहेका ऋणीलाई कर्जा प्रदान गरेको अवस्थामा,

(ज) सुरक्षणको बजार मूल्यले कर्जाको सुरक्षण हुन नसक्ने भएमा,

(झ) खरिद वा डिस्काउन्ट गरेको बिल्सको भुक्तानी मिति (due date) ले नब्बे दिनसम्म असुली नभएमा,

(ञ) कुनै व्यक्ति/फर्म/कम्पनीको नाममा रहेको कर्जा अर्को व्यक्ति/फर्म/कम्पनीले उपभोग गरेको अवस्थामा, तर एउटै समूहमा पर्ने फर्म/कम्पनीको हकमा कुल सीमा कायम गर्न बाधा पुग्ने छैन,

(ट) टि.आर.कर्जा (Trust Receipt Loan) भुक्तानी गर्ने प्रयोजनको लागि प्रतीतपत्र खोल्दाका बखत उल्लेख नगरिएको अन्य कुनै नयाँ कर्जा स्वीकृत गरी प्रवाह भएमा ।

(ठ) Credit Card कर्जा भाखा नाघेको मितिले नब्बे दिनभित्र अपलेखन नभएमा ।

(ड) ऋणीले एउटै मिति वा अवधिको अलग अलग वित्तीय

विवरण पेश गरेको अवस्थामा ।

यसैगरी बैंक तथा वित्तीय संस्थाहरूले केन्द्रीय बैंकको निर्देशन बमोजिम कर्जाको वर्गीकरण गरी देहाय बमोजिम कर्जा नोक्सानी व्यवस्था गर्नुपर्दछः

| कर्जा वर्गीकरण | न्यूनतम कर्जा नोक्सानी व्यवस्था |
|---|---|
| (क) असल | १ प्रतिशत |
| (ख) सुक्ष्म निगरानी (Watch List) | ५ प्रतिशत |
| (ग) कमसल | २५ प्रतिशत |
| (घ) शंकास्पद | ५० प्रतिशत |
| (ङ) खराब | १०० प्रतिशत |

पुनर्संरचना वा पुनरतालिकीकरण गर्ने समयमा असल वर्गमा वर्गीकरण भइरहेका कर्जाहरूलाई पुनर्संरचना वा पुनरतालिकीकरण गर्दा न्यूनतम साँढे बाह्र (१२.५) प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने व्यवस्था रहेको छ । कमसल, शंकास्पद तथा खराब वर्गमा वर्गीकरण भइसकेका कर्जाहरूलाई पुनर्संरचना वा पुनरतालिकीकरण गर्दा पूर्ववत कायम गरिएको कर्जा नोक्सानी व्यवस्थामा लगातार दुई वर्षसम्म नियमित भएको अवस्थामा बाहेक कुनै समायोजन गर्न नपाईन व्यवस्था केन्द्रीय बैंकको निर्देशनमा रहेको छ । यसैगरी निष्कृय कर्जाको अवस्था सृजना हुन नदिन बैंक तथा वित्तीय संस्थाहरूले संलग्नता सीमा (Exposure Limit) को परिपालना, कर्जाको गुणस्तरीयता कायम, कर्जा लगानी र कार्य सम्पादनमा अनुगमन, कर्जा वर्गीकरण, कर्जा व्यवस्थापन प्रणाली, धितोको अनुगमन लगायत कर्जा विश्लेषण गर्दा जोखिम सम्बन्धमा विश्लेषण गरे, नगरेको अनुगमन गर्नुपर्दछ । यसैगरी कुल निष्कृय कर्जा बैंकले तोकेको लक्ष्य तथा नेपाल राष्ट्र बैंकले तोकेको सीमाभित्र रहेको हुनुपर्दछ, कर्जाको भुक्तानीमा नियमितता दिन मासिक ब्याजको धारमा ल्याई प्रत्येक कर्जालाई सक्रिय बनाउनुपर्दछ, बैंकले ग्राहकबाट असूल उपर गर्नुपर्ने बाँकी साँवा, ब्याज वा अन्य रकमको असूली गर्ने, कर्जा नवीकरण गर्ने, कर्जा पुनर्संरचना तथा पुनरतालिकीकरण गर्ने वा बैंक तथा ग्राहक दुवैलाई मान्य हुने किसिमले कर्जा पुनर्स्थापना गर्ने जस्ता निर्णयहरू लिई निष्कृय कर्जालाई सक्रिय बनाउनुपर्दछ । साथै कर्जा ग्राहकहरूको तीनपुस्ते सहितको २१ दिने नामावली प्रकाशन, ३५ दिने धितो लिलामीको सूचना तथा कालो सूचीमा राख्ने समेतको कानुनी उपचारबाट पनि कर्जाको साँवा, ब्याज चुक्ता गराई निष्कृय कर्जालाई आफनो सीमामा ल्याउनु पर्दछ । निष्कृय कर्जालाई नियमित तथा फछ्र्यौट गर्ने सम्बन्धी अन्य व्यवस्था बैंकको प्रचलित निष्कृय कर्जा नियमित तथा फछ्र्यौट निर्देशिकामा व्यवस्था भएअनुसार गर्नुपर्दछ ।

### ४. कर्जा जोखिमको व्यवस्थापन

बैंकिङ्ग क्षेत्रको व्यवस्थापनले जोखिम व्यवस्थापन गर्नको लागि आवश्यक नीति, तौरतरिका र कार्यविधि बनाई जोखिम व्यवस्थापन कर्मचारी र प्रमुखहरूको काम, कर्तव्य र दायित्वको स्पष्ट बाँडफाँड गर्नुपर्दछ । बैंकिङ्ग भिलेजले जोखिमको व्यवस्थापन गर्न नीति तथा रणनीतिहरू सञ्चालक समितिबाट स्वीकृत गराउने, अनुगमन गर्ने, उच्च व्यवस्थापनले जोखिम व्यवस्थापन गर्न नीति तथा कार्यविधिहरू बनाउने, जोखिम व्यवस्थापन गर्न उत्तरदायी र समीक्षा गर्नेहरूबीच काम कर्तव्यको स्पष्ट बाँडफाँड गर्ने, नयाँ वस्तु वा सेवाको विकास गर्नु अगाडि सम्भाव्य जोखिमको विश्लेषण तथा अनुमान समेत गर्नुपर्दछ । त्यसैगरी जोखिमका सबै स्रोतहरूको जानकारी गर्ने, सूचना प्रणालीलाई प्रभावकारी बनाउने, जोखिमका सीमाहरू स्थापित गर्ने, जोखिम व्यवस्थापन विधिहरूको नियमित समीक्षा गरी रहनुपर्दछ । उच्च व्यवस्थापनले बैंक तथा वित्तीय संस्थाको सम्पूर्ण तहका कर्मचारीलाई कर्जा जोखिमको जानकारी गराउँदै यसको व्यवस्थापनतर्फ निर्देशित गर्नुपर्दछ । कुनै पनि संस्थामा हुने कर्जा जोखिमको न्यूनीकरण तथा व्यवस्थापनका बारेमा जानकारी गराउँदै निक्षेपकर्ताको निक्षेपलाई कसरी सुरक्षित गर्ने भन्ने सन्दर्भमा निकै चासो दिनु पर्दछ । यसको लागि कर्जालाई निश्चित सीमाभित्र राख्न, केन्द्रीय बैंकको निर्देशनको परिपालना गर्न, अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम कार्य गरी कर्जा जोखिमको व्यवस्थापन गर्नुपर्दछ । सामान्यतया देहायका कार्यहरूबाट कर्जा जोखिमको व्यवस्थापन गर्न सकिन्छ ।

(क) संकलित स्रोतको सुरक्षित र गुणस्तरीय लगानीका लागि असल कर्जा ग्राहकको छनोट गर्नुपर्ने

(ख) कर्जा ग्राहकले कर्जा लिदा दिने धितो कर्जाले खाम्ने हुनुपर्ने

(ग) सुरक्षित धितो

(घ) कर्जा सुविधा दिँदा वा थप गर्दा कर्जा विश्लेषण

सम्बन्धी मूल्यांकनका पर्याप्त आधारहरू तयार गर्ने

(ङ) कर्जा ग्राहकको छनोट गर्दा ऋणीको उद्देश्य, विगतको विवरण, क्षमता, आर्थिक अवस्था

(च) कर्जा असुलीको कानुनी आधार

(छ) कर्जाको क्षेत्रगत जोखिम व्यवस्थापन गर्न एकल ग्राहक सीमा तय गर्ने

(ज) कर्जा शीर्षकको विविधिकरणमा ध्यान दिने

(झ) केन्द्रीय बैंकको निर्देशनले निर्दिष्ट गरेका व्यवस्था

(ञ) बैंक तथा वित्तीय संस्थाले गुणस्तरीय कर्जा कायम गर्न बनाएका विभिन्न नीति तथा कार्यविधिको परिपालना आदि ।

**५. निष्कर्ष**

Basel III : The massive failure of the banking system during the global financial crisis 2007–2009 forced to revise Basel II. Therefore, Basel III was issued in mid-December 2010 and consequently revised in June 2011. The new framework enhances the risk coverage in three Pillars, particularly credit risk and market risk by raising capital requirements for the trading book and complex securitization exposures, introducing a stressed value-at-risk (VaR) capital requirement based on a continuous 12-month period of significant financial stress, requiring higher capital charges for so-called re-securitizations in both the banking and the trading books and strengthening the capital requirements for counterparty credit exposures arising from banks' derivatives, repo, and securities financing activities .Basel III also Commencement of liquidity requirements to address bank's liquidity risk was in Basel III. Two minimum standards for funding, namely, liquidity coverage ratio (LCR) and the net stable funding ratio (NSFR), are anticipated. LCR makes sure that the bank has sufficient high-quality liquid resources to survive an acute stress scenario lasting for 1 month whereas; the NSFR creates additional incentives for a bank to fund its activities with more stable sources of funding on an ongoing structural basis (1 year). These two standards are designed to promote both short-term and long-term resilience of a bank's liquidity risk profile., especially in supporting supervisors to monitor banks' liquidity risk profiles, Basel Committee develop a set of common metrics that include contractual maturity mismatch, concentration of funding, available unencumbered assets, LCR by currency, and market-related monitoring tools for supervisory purpose. The regulation on liquidity risk was revised in January 2013 for the liquidity coverage ratio and liquidity risk monitoring tools and in October 2014 for the net stable funding ratio Basel III , revised framework reviewing process was accomplished on December, 2017 with the aim to enhances the robustness and risk sensitivity of the standardized approaches for credit risk and reduces the reliance of its external credit ratings. For operational risk, the framework replaces the advanced measurement approaches and the existing three standardized approaches with a single risk-sensitive standardized approach. The new standardized approach is determined based on bank's income and bank's historical losses.

## Nepal Rastra Bank initiatives

With the objectives to strengthen financial sector of Nepal, NRB started the financial

reform process in early 1990s. NRB has taken a series of measures to realign its supervisory and regulatory standards almost on par with the international best practices. Nepal Rastra Bank with the view of adopting international practice follows the Basel Committee on Banking Supervision set standards. To assess, supervise and regulate Nepalese Banks and Financial Institutions ,NRB had issued Risk Management Guidelines 2010 in July 2010 for Banks and Financial Institutions. Recently Risk Management Guidelines 2018, Environmental and Social Risk Assessment Guidelines 2018 are issued which provides additional guidance to all financial institutions on minimum standards for risk management. NRB had issued prudential regulations such as; Capital Adequacy Norms, Exposure Norms, Asset Classification and Provisioning in Income Recognition, Maintenance of Liquidity, Corporate Governance Norms etc.

Banks and Financial Institutions may, depending on its size and complexity, establish a more sophisticated framework than outlined in this document. Banks and Financial Institutions are encouraged to self-assess their risk profile and operational context, and customize their risk management architecture and approach to attain organizational goals while meeting the minimum requirements standards set out in these Guidelines and norms.

## Risk Management Practices in Nepalese Banks

Nepal's economy is on the edge for a steady growth which visualizes good prospects for Banks & Financial Institutions. Risk management practices in Nepalese banks are at various stages of development. Nepal Rastrya Bank (NRB), as a regulatory body is proactive and has issued guidelines based on Basle II and III accords with suitable modifications. The new capital adequacy framework, also known as Basel II, includes three pillar approach; Minimum Capital Requirements, Supervisory Review and Disclosure. The first pillar includes the risk measurement approaches viz; Simplified Standardized Approach (SSA) for credit risk, Basic Indicator Approach (BIA) for operational risk and Net Open Position Approach (NOPA) for market risk.Nepalese banks has adopted 'Simplified Standardized Approach' for credit risk, Basic Indicator Approach, for operational risk and Net Open Position Approach to cover foreign currency risk. These approaches seem to be the simplest approaches for measurement of risks under Basel II although there are also other advanced approaches for risk measurement. Nepalese banking Industry due to unavailability of credit rating agency in Nepal are unable to adopt advance Credit Risk Management Approach, however few rating agency are now available and banks can move towards advance approach for risk management.

On an average above 90 percent of Nepalese banks' risk weighted assets consist of credit risk, followed by operational risk and market risk. Due to large exposure in credit, obviously banks are more focus is on credit risk. In general, rating models need to be customized based on the nature of business and credit appraisal skills, banks have introduced risk rating models internally for corporate and SME borrowers though validation is still a question . Credit scoring models are yet not in practices which need to be developed for retail loans based on internal default experience. Besides counterparty credit risk, banks are also now aware of issues relating to 'concentration risk' as smaller banks are especially prone to this element of risk. Models such as 'Herfindahl-Hirschman Index', 'Gini Coefficient' can be used by banks by empowering their employees to measure single borrower concentration, besides sectoral and geographical concentrations. The recurring liquidity crisis in the Nepalese financial market highlights the importance of liquidity risk management which needs to be strengthened. NRB as a regulator can apply the recommendation of Basel III and 'Liquidity Coverage Ratio' . Banks needs to act to address 'Customer Profitability Analysis'

and 'Risk Adjusted Return on Capital' (RAROC). Banks further needs to strengthen their risk management culture, corporate governance and risk-based internal audit.

**Conclusion:**

Technological advancement, micro-economic shocks, banking scandals has lead disruptions in the banking business resulting that no one can draw a blueprint of what a bank's risk will look like in future, however fundamental trends permits broad sketch to outline the significance of risk function in the future. Technical innovations can be a competitive advantage for some banks but they can also pose unexplored risks. The essence of risk management is not avoiding or eliminating risk but deciding which risks to exploit, which ones to let pass through to investors and which ones to avoid or hedge (Dima and Orzea, 2014). Bankers by nature are conservative nevertheless; they need to change their lending and risk management techniques in the light of the rapidly changing economic, social environment. Risk management prevents an organization from suffering unacceptable loss that can cause failure or can materially damage its competitive position. Balancing risk and return is not an easy task as risk is subjective and not quantifiable, whereas return is objective and measurable. The extent, to which a bank can take risk more consciously, can anticipate the proceedings.

Therefore, risk management should be a continuous and developing process which runs throughout the organization's strategy and the implementation of that strategy. For banks , functions of risk management should actually be bank specific dictated by the size and quality of balance sheet, complexity of functions, technical/ professional manpower and the status of Management Information System in place in that bank. Aligning and articulating risk appetite, reward & recognition system and strong risk culture can be attributed to an organization that consistently takes the right risks in the right way. Since banking risks are a source of unpredicted expenses, their proper management might stabilize revenues, having the role of shock absorber. Simultaneously, strengthening the value of banking shares can only be achieved through real communication with all the stakeholders and also to the financial markets thereby implementing adequate programmes of banking risk management.

**References**


- 12th International Conference on Business Management http://ssrn.com/link/12th-ICBM-2015.html 7th and 8th December 2015
- Nepal Rastra Bank (2013), Bank Supervision Report, Bank Supervision Department, Nepal Rastra Bank, Baluwatar, Kathmandu Nepal, April 2013 Al-Tamimi, H. 2008, "Implementing Basel II: An Investigation of the UAE Banks' Basel II Preparations", Journal of Financial Regulation and Compliance, Vol. 16, No.2
- Hassan, M.K. 2009, "Risk Management Practices of Islamic Banks of Brunei Darussalam", The Journal of Risk Finance, Vol. 10,
- Basel Committee (2006), Enhancing Corporate Governance for Banking Organizations, section II, Bank for International Settlements, CH-4002 Basel, Switzerland.
- Meyer, L. (September 1, 2000) "Why Risk Management Is Important for Global Financial Institutions" at the Risk Management of Financial Institutions United Nations Conference Center Bangkok, Thailand.
- OECD (1999), "OECD Principles of Corporate Governance", Organization for Economic Co-operation and Development, Paris, France.
- Froot, K. A. and J. C. Stein (1998). Risk management, capital budgeting and capital structure policy for financial institutions: An integrated approach. Journal of Financial Economics.
- http://economictimes.indiatimes.com/definition/risk-management
- http://www.bis.org/publ/bcbs122.pdf.
- http// www.icbmusjp.org, mgt.sjp.ac.lk
- http://www.bis.org/publ/bcbs


*Chief Risk Officer, ADBL*

# ‘समृद्ध नेपाल सुखी नेपाली’ निर्माणमा सहकारीको भूमिका



बद्रीकुमार गुरागाई

**पृष्ठभूमि**

आर्थिक रूपले पछाडि परेका जनताको आर्थिक विपन्नताको अवस्थाबाट जीवन स्तरमा सुधारको प्रत्याभूति दिन वि.सं. २०१० मा योजना विकास तथा कृषि मन्त्रालय अन्तर्गत सहकारी विभागको गठनबाट अगाडि बढेको नेपालको सहकारी अभियान २०१३ साल चैत्र २० गते चितवनको बखानपुरमा बखान सहकारीको स्थापनाबाट अघि बढ्यो । यस उद्देश्यलाई परिपूर्ति गर्ने उपयुक्त माध्यमको रूपमा स्थापित सहकारी संघ/संस्थाहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन सहकारी बैंक ऐन २०१९ जारी भई २०२० सालमा सहकारी बैंकको स्थापना भएको थियो । तर सहकारी संघ संस्थाहरूको संख्या न्यून हुनु र सहकारी प्रबर्द्धन सम्बन्धी ठोस नीतिको अभावमा सहकारी बैंकले आफ्नो पहिचान कायम गर्न नसकेकोले वि.सं. २०२४ सालमा सहकारी बैंक कृषि विकास बैंकमा परिणत हुन गयो । यद्यापि सञ्चालित सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गरी सहकारी ऐन २०४८ जारी भयो र सहकारी अभियानले गति हासिल गर्न थाल्यो ।

सहकारीको आवश्यकता तथा अपरिहार्यतालाई दृष्टिगत गर्दै सहकारी ऐन २०४८ पश्चात गति लिन थालेको यो सहकारी अभियानमा आज सहकारी ऐन २०७४ र नियमावली २०७५ जारी भई लागू गर्न थालिएको अवस्था छ । सहकारी र निजी क्षेत्र पुग्न नसकेका आर्थिक-सामाजिक विकासमा सहकारी क्षेत्रको योगदान महत्वपूर्ण रहेको छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोवारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ ।

राज्यले समृद्ध नेपाल, सुखी नेपाली बनाउने दीर्घकालीन सोच अवलम्बन गरी समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने तथा समान अवसरसहितको स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएको सुखी नागरीक बसोबास गर्ने मुलुक बनाउने लक्ष्य लिएको छ । यस लक्ष्य हासिल गर्नका लागि आर्थिक वृद्धि, राष्ट्रिय पूँजी निर्माण, उत्पादन र उत्पादकत्व अभिवृद्धि लगायत गरिबी निवारण जस्ता विधामा सहकारी क्षेत्रको योगदान उल्लेखनीय रहेको छ ।

सहकारी क्षेत्रलाई लघुवित्त कारोवारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमूलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यकता रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ ।

सहकारी संस्थामा ६४ लाखभन्दा बढी सदस्यहरू आबद्ध रहेको छन् । यस क्षेत्रले झण्डै ६१ हजार नागरिकहरूलाई प्रत्यक्ष र १० लाखभन्दा बढीलाई अप्रत्यक्ष रोजगारीको अवसर प्रदान गरेको अनुमान छ । आ.व २०७३/०७४ को अन्त्यमा सहकारी संघ/संस्थाहरूको शेयर पूँजी रू ७५ अर्ब, वचत ३२३ अर्ब र लगानी रू ३०० अर्ब रहेको छ । सबै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ ।

**सहकारीको राष्ट्रिय सोच 'समृद्ध नेपाल, सुखी नेपाली' निर्माणमा योगदान**

राज्यले 'समृद्ध नेपाल, सुखी नेपाली' बनाउने दीर्घकालीन सोच अवलम्बन गरेको छ । समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्ने तथा समान अवसरसहितको, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक बनाउने दीर्घकालीन लक्ष्य मुलुकले राखेको छ ।

बैंकले देशैभरि छरिएर रहेका सहकारी संस्थाका सदस्यहरूको जीवनयापनलाई स्तरीय बनाउन वित्तीय एवं अन्य सेवाहरू उपलब्ध गराउँदै आएको छ । यसलाई राज्यले लिएको 'समृद्ध नेपाल र सुखी नेपाली' को लक्ष्यलाई साकार पार्न बैंकका तर्फबाट भएको एक सार्थक पहलका रूपमा लिन सकिन्छ । राज्यको समृद्धिको लक्ष्य सफल बनाउन सहकारी क्षेत्र र यस बैंकले गरेको योगदानलाई निम्नअनुसार उल्लेख गरको छुः

**क) तीव्र, दीगो र रोजगारमुखी आर्थिक वृद्धि**

नेपालमा हाल करिब २७ लाख व्यक्तिहरूले रोजगारी प्राप्त गरिरहेको तथ्यांक छ । मुलुकभित्र रहेका प्रारम्भिक सहकारी संस्थाहरू, जिल्ला सहकारी संघ, विषयगत जिल्ला संघ, विषयगत केन्द्रीय संघ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघमा करिब १ लाख जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरिरहेका छन् । त्यस्तै, करिब ५ लाख जनशक्तिले परोक्ष रूपमा यस क्षेत्रमा रोजगारी प्राप्त गरेको अवस्था छ । नेपालको कुल रोजगारी सृजनामा सहकारी क्षेत्रको योगदान करिब ४ प्रतिशतको हाराहारीमा रहेको छ ।

**ख) राष्ट्रिय पूँजी निर्माणमा भूमिका**

त्यस्तै विसं २०७४ को तथ्यांक अनुसार मुलुकभर रहेका ३४ हजारभन्दा बढी सहकारी संस्थाले ३ खर्बभन्दा बढी निक्षेप संकलन गरेका छन् भने पौने ३ खर्बको हाराहारीमा कर्जा प्रवाह गरेका छन् । सोही आर्थिक वर्षमा नेपालमा बैंक तथा वित्तीय संस्थाहरूमा निक्षेप संकलन २२ खर्ब ९९ अर्ब र कर्जा प्रवाह १९ खर्ब ८६ अर्ब भएको थियो । नेपालको बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप तथा कर्जाको तुलनामा सहकारी संस्थामा रहेको निक्षेप तथा कर्जा दुवै करिब १४ प्रतिशत हो । मुलुकमा पूँजी निर्माण गर्न सरकारी क्षेत्रले गरेको योगदान निकै महत्वपूर्ण छ ।

**ग) सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता**

गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकहरूको पहुँच बढाउने तथा प्राविधिक एवं विशिष्टीकृत उच्च शिक्षा प्रदान गर्ने उद्देश्यका साथ राज्यले यी क्षेत्रहरूमा लगानी बढाउने लक्ष्य लिएको छ । यस कार्यमा सहकारी क्षेत्रको भूमिकालाई समेत परिपूरकको रूपमा लिइएको छ । शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्ने करिब २ सय ७१ वटा सहकारी संस्थाहरूले स्थानीयस्तरमाआफ्ना सदस्यहरूलाई गुणस्तरीय स्वास्थ्य र शिक्षा सुलभ शुल्कमा उपलब्ध गराइरहेका छन् ।

**घ) उत्पादन र उत्पादकत्व अभिवृद्धिः**

मुलुकभित्र उपभोग्य तथा औद्योगिक वस्तुको उत्पादनमा कमी भई विदेशबाट आयात गरी मुलुकभित्र आपूर्ति गरिरहनु परेको छ । यस्तो अवस्थामा सहकारीहरूले स्थानीय स्तरमा कृषि तथा औद्योगिक वस्तुको उत्पादन तथा प्रशोधनको काम गरिरहेका छन् । कृषि उत्पादनमा वृद्धि गर्न आवश्यक पर्ने मल तथा आधुनिक प्रविधिको आपूर्ति तथा प्रयोग, कृषिमा यान्त्रीकीकरण, आधुनिकीकरण, व्यावसायिकरण, अर्गानिक कृषि उत्पादन तथा प्रशोधन, व्यावसायिक पशुपालन, मत्स्यपालन, बायो ग्यास प्लाण्ट स्थापना तथा सञ्चालनलगायतका गतिविधिमा सहकारी संस्थाहरू आफू सहभागी भएका छन् । हाल देशभरका करिब १४ हजार ४ सय ६ सहकारी संस्थाहरू उत्पादनको क्षेत्रमा प्रत्यक्ष सहभागी भई उत्पादकत्व वृद्धिमा योगदान गरिरहेका छन् । उनीहरूले वैदेशिक रोजगारीमा पलायन हुने जनशक्तिलाई समेत आफ्नै देशमा काम गरेर खाने वातावरणको सिर्जना गरी रचनात्मक भूमिका निर्वाह गरेका छन् ।

**ङ) गरिबी निवारण**

गरिबी निवारण र आर्थिक असमानता क्रमशः न्यूनीकरण गर्ने कार्यमा सहकारी क्षेत्रको भूमिका महत्वपूर्ण रहदै आएको छ । हाल १८.५ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेको अवस्थामा ठूलो संख्यामा प्रत्यक्ष तथा अप्रत्यक्ष रोजगारीको अवसर सिर्जना गरी सहकारी बैंक तथा सहकारी क्षेत्रले गरिवी निवारणको कार्यमा राज्यलाई साथ दिदैं आएको छ । बैंकले सहकारी मार्फत स्वरोजगार सिर्जना तथा उद्यमशीलताको विकास, कर्जा तथा बिमाको सुविधा, कृषिको आधुनिकीकरण तथा व्यावसायिकरण, एकीकृत खेती लगायतका विभिन्न क्षेत्रमा आर्थिक सहयोग

उपलब्ध गराई गरिबी निवारणको क्षेत्रमा सकरात्मक भूमिका निर्वाह गरिरहेको छ ।

**च) प्राकृतिक स्रोतको संरक्षण र परिचालन**

कृषि उत्पादन, उद्योग एवं सेवाको क्षेत्रमा भूमि, वन, जलस्रोत, खनिज स्रोतको उपयोग हुने गर्दछ । एकल व्यक्तिले यी स्रोतको उपयोग गरेमा अत्याधिक दोहन हुन गई पर्यावरणमा समेत नकारात्मक असर पर्न जान्छ । तर, सहकारीको माध्यमबाट सामुहिक हितका लागि यस्ता प्राकृतिक साधनहरूको प्रयोग गरी उत्पादनमुलक कार्य गर्न बैंकले सदस्य सहकारी संस्थाहरूमार्फत विविध क्रियाकलापहरू सञ्चालन गर्दै आएको छ । प्राकृतिक स्रोतको सही सदुपयोग गरी नवीकरणीय उर्जा उत्पादनको क्षेत्रमा समेत सहकारी मार्फत बैंकले योगदान गर्दै आएको छ । प्राकृतिक स्रोतको संरक्षण र परिचालन गर्ने उद्देश्यले देशभरि करिब ६ सय ४९ वटा सहकारी संस्था कार्यरत छन् ।

**नेपाल सरकारले सहकारी मार्फत गरेको अपेक्षा**

नेपालको वर्तमान आर्थिक अवस्था हेर्दा अयातमुखी देखिन्छ । केही समय अगाडिसम्म निर्यात गर्ने बस्तु समेत अहिले हामी आयात गरिरहेको अवस्थालाई बिचार गर्दा र लोक कल्याणकारी राज्यको परिकल्पना साकार गर्ने बर्तमान सरकारको उद्देश्य समेत बिचार गर्दा समग्र सहकारी क्षेत्रको भूमिका अहम् देखिएको छ । सहकारी भनेको शोषण नभएर सहकार्य हो भन्ने भावनालाई आत्मासाथ गर्दै उत्पादन मुखी क्षेत्रमा सहकारीको स्रोत परिचालन गर्नु अपरिहार्य रहेको छ र आजको यस कार्यक्रममा उपस्थित हुनुहुने सहकारीका अग्रजहरूले आगामी दिनमा बृहत्तर हितलाई ध्यान दिएर अफना संघरसंस्थाका कार्यक्रम सञ्चालन गर्ने र संविधानले परिकल्पना गरेको अर्थतन्त्रको ३ मध्य १ दरिलो, जिम्मेवार र विश्वशिलो खम्बा को भूमिका सहकरिले निर्वाह गर्नुपर्ने आवश्यकता रहेको छ ।

३५ हजार भन्दा बढीको संख्यामा दर्ता भएका सबै प्रकृतिका सहकारी संघरसंस्थाहरूलाई समेत यस बैंकले समेट्न सकोस् र सबै सहकारीहरूका वित्तीय तथा क्षमता विकास सम्बन्धी आवश्यकताहरू परिपूर्ति गर्न सक्ने गरी अझैक्षमता विकास गर्दै जानू पर्ने देखिन्छ ।

सहकारी क्षैत्रमा सहभागी सदस्यको संख्या हेर्दा नेपालको कुनै पनी एक क्षेत्रमा आबद्ध जनसंख्याको हिसाबले पहिलो रहेको देखिन्छ तसर्थ यस क्षेत्रको क्रियाकलाप प्रति धेरै मानिस र सरोकारवालाको चासो रहन्छ । सहकारीको संख्यात्मक वृद्धिको अनुपातमा आर्थिक वृद्धि मा योगदान गर्न थप कार्यहरू गर्नुपर्ने देखिन्छ । ■

*लेखक राष्ट्रिय सहकारी बैंक लि. का प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।*

# नेपालमा सहकारिताको आवश्यकता तथा महत्व : एक चर्चा



गम्भीरबहादुर हाडा

**परिचय**

सामान्य अर्थमा सहकारी भन्नाले सँगै मिलेर काम गर्नुलाई जनाउँछ । कानुनी नजरमा सहकारी भन्नाले समान इच्छा आकांक्षा र अवस्था भएका व्यक्तिहरूको प्रजातान्त्रिक नियन्त्रण, नैतिकता, इमान्दारिता, समानता एवं समन्यायमा आधारित त्यस्तो स्वतन्त्र सांगठनिक प्रयास (Autonomous Institutional Effort) हो, जसको उद्देश्य आफ्ना सदस्यहरूलाई सेवा तथा सुविधा उपलब्ध गराउँदै उनीहरूको आर्थिक तथा सामाजिक विकास गर्नेतर्फ परिलक्षित रहेको हुन्छ । सहकारीलाई आर्थिक संगठनको त्यस्तो रूपमा लिन सकिन्छ, जुन निश्चित सिद्धान्त, मूल्य, मान्यता, घनिष्टता एवं पारस्परिकतामा आधारित हुन्छ र आफ्ना सदस्यहरूको साझा इच्छा र चाहनाको परिपूर्तिका लागि प्रयन्तरत रहन्छ । विद्यमान आर्थिक तथा सामाजिक परिवेश अनुकूल सहकारीको प्रयोग गर्ने गरिएकोले विभिन्न आर्थिक तथा सामाजिक परिस्थितिले सहकारिताको परिभाषामा समेत विभिन्नता ल्याउन सक्ने भए तापनि यसका विश्वव्यापी सिद्धान्त, मूल्य र मान्यतालाई भने उत्तिकै रूपमा अंगीकार गरिँदै आएको पाइन्छ । सहकारीको विभिन्न प्रकारले परिभाषा गरिएको पाइन्छ ।

नेपाल बृहत शब्दकोषमा सहकारीलाई "एक साथ मिलेर काम गर्ने, साथ-साथै काम गर्ने सहयोगी साथी"भनेर बृहतरूपमा परिभाषा दिइएको पाइन्छ भने सहकारीकै परिभाषा दिने क्रममा ब्ल्याक्स ल डिस्नेरीले 'A co-operation or association organized for purpose of rendering economic service, without gain to itself, to shareholders or members who own and control it' भनी एक त्यस्तो संगठनको रूपमा परिभाषित गरेको पाइन्छ, जुन आफूले नाफा कमाउनुभन्दा पनि आफ्ना सदस्यहरूलाई आर्थिक सेवा प्रदान गर्ने उद्देश्यले स्थापित भएको हुन्छ । त्यस्तै अन्तर्राष्ट्रिय श्रम संगठन (International Labour Organization) ले सहकारीको परिभाषा निम्नानुसार दिएको पाइन्छ ।

रवर्ट ओवेन (Robert Owen) समाजवादी विचारका नेता थिए । उनले कम्युनहरू गठन गरेर समेत परीक्षण गरिसकेका थिए । उनले कम्यून स्थापनाको प्रयासमा सफलता नपाए पछि सन् १८२५ पछि सहकारितर्फ लागे । उनले सन् १८३३ मा बेलायतका सबै सहकारी र मजदुरहरूको महसम्मेलनको अध्यक्षता गरेका थिए । कम्युन खडा गर्ने लगायतका यावत प्रयासमा असफल हुँदै व्यक्तिगत सम्पत्ति समाजका लागि समाप्त गरे पनि उनले सहकारी आन्दोलनलाई लगातार जारी राखे । संयुक्त राज्य अमेरिकामा स्कूल, बाल उद्यान, मजदुर वस्ती निर्माण, उपनगरहरू, कम्युनहरू र सहकारी पसलहरू स्थापना गर्ने पहिलो व्यक्ति रवर्ट ओवेन नै हुन् । कामको मय तोक्ने, बाल मजदुर नराख्ने, काम, आराम र मनोरञ्जनको समय तोक्ने उनै थिए । (स्रोतः केशव बडाल, सहकारी-सिद्धान्त र प्रयोग, प्रकाशक-सहकारी सहयोग समूह, पेज नं. ४) । फुटकर व्यापारी र साना उत्पादनका लागि सहकारी गठन गर्नेक्रममा उनको भनाइ थियो- "फूटकर उपभोग्य उत्पादनका क्षेत्रमा सहकारीको आधारमा उत्पादन वितरण र व्यवस्थापन गरेर मात्रै उत्पादन बढाउन, शोषण हुनबाट जोगाउन र सामुहिक हितका लागि काम गर्न सकिन्छ ।"

समान हैसियतका तल्ला तहका समेत व्यक्तिहरू मिलेर एउटा वा धेरै कामहरू गर्ने गरी व्यक्तिगत सम्पत्ति, साधन र श्रमको हिस्सेदारीमा सहकारी संस्था (Cooperative sociates) स्थापना गरिन्छ । व्यवसाय वा उद्यमद्वारा लाभ उपलब्ध गरी निजी होइन सामुहिक आर्थिक विकासलाई यसले मद्दत गर्दछ । वर्ग, जाति, लिङ्ग, धर्म आदिको भेदभाव नगरी यस संस्थाको गठन समान आर्थिक स्वार्थयुक्त विभिन्न हिस्सेदार (शेयरवालाहरू) मिलेर गरिन्छ । यसबाट स्थानीय शीप, साधन र श्रमको उपयोग हुन्छ । एकै संगठनमा आफ्नो आफ्नो सीमित स्रोतहरू एकत्रित गरी आफ्नो आफ्नो हितको संरक्षण र प्रबर्द्धन गर्न यस व्यवस्थामा अधिकार र कर्तव्य सबै

अंशियारको एकै हुन्छ । यसले यसबाट राष्ट्रिय आय वितरणमा सघाउने, मध्यस्थबाट हुने शोषण बचाउने, जनसाधारणले आर्थिक लाभ प्राप्त गर्ने अवसर पाउने, किसानहरूलाई अनेकौं शेयर, सुविधा, सहुलियत जस्ता लाभ प्राप्त हुने गर्दछ ।

सहकारी संगठन आपसी सहयोग सद्भाव तथा समझदारीमा सञ्चालन हुन्छ । सहकारी संगठन (Cooperative Organisation) को जन्मदाताको श्रेय बेलायतका रोवर्ट ओवेन (Rober own) लाई जान्छ । उनले सन् १८४४ मा सर्वप्रथम 'Rochadale Society of Equitable Poineer' नामक एक उपभोक्ता सहकारी समाजको स्थापना गरे । यसको लगत्तै इटाली, फ्रान्स, जर्मनी आदि देसहरूमा पनि सहकारी संगठनहरू खुल्न गए । क्रमशः सहकारी संगठनको लोकप्रियता यी देशहरूमा मात्र सीमित नरही विश्वव्यापी रूपमा फैलियो । भारतमा सन् १९०४ मा सहकारी साख समाज ऐन वने पछि सहकारी संगठनहरू खुल्न थाले । नेपालमा वि.सं. २०१६ सालमा सहकारी संस्था ऐन बने पछि मात्र हकारी संगठनहरू स्थापना हुन थाले । (स्रोतः शेरजंग खड्का, व्यावसायिक संगठन तथा कार्यालय व्यवस्थापन, कक्षा-११ निमा पुस्तक प्रकाशन, प्रथम संस्करण २०००, पेज नं. -१३८) सहकारी संगठन आर्थिक स्थिति कमजोर भएका व्यक्तिहरूद्वारा सञ्चालन गरिने व्यावसायिक प्रतिष्ठान हो । यस्तो प्रतिष्ठानमा जो कोही पनि इच्छानुसार स्वतन्त्र रूपले प्रवेश गर्न सक्छन् र इच्छा अनुसार स्वतन्त्र रूपले प्रतिष्ठान त्याग्न पनि सक्छन् । सहकारी संगठन पारस्परिक सहायता प्रत्येक सबैका लागि र सबै प्रत्येकका लाग अर्थात् 'Each for all and all for each' सिद्धान्तमा आधारित हुन्छ । त्यसैले आपसी सहयोग, बन्धुत्व तथा एकता नै यसको मूल आधार हो । सहकारीमा मुनाफा गौण हुन्छ । सुपथ मूल्यमा वस्तु तथा सेवा प्रदान गर्नु यसको मुख्य उद्देश्य हो ।

उपरोक्त परिभाषाहरू अध्ययन गर्दा हामी थाहा पाउन सक्छौं कि सहकारिता त्यो संगठन हो, जसद्वारा दुई वा दुईभन्दा बढी मानिस स्वेच्छाले मिलेर समान स्तरमा आर्थिक हितको सम्बर्द्धन गर्छन् । यो सामान्य आर्थिक उद्देश्यका पूर्तिको लागि समानता, इमान्दारी र सहयोगको आधारमा संगठित गरिएको व्यक्तिहरूको एक ऐच्छिक संघ हो । सहकारिताको सिद्धान्त अनुसार गरीब र साधनहीन मानिस पारस्परिक रूपले मिलेर व्यापारिक सहयोगद्वारा धनी र साधन सम्पन्न मानिसहरूलाई उपलब्ध हुने भौतिक लाभ र सुख प्राप्त गरी आफ्नो नैतिक विकास गर्दछन् । समानताका आधारमा स्वेच्छा र पारस्परिक रूपले संगठित व्यक्तिहरूको सामुहिक संस्थालाई सहकारी सगठन भन्न सकिन्छ जसमा सबैसदस्यहरू आर्थिक र सामाजिक उद्देश्य पूर्तिका लागि सम्मिलित हुन्छन् । यस्तो संगठनको उद्देश्य नाफा कमाउनु नभई संगठनभित्रका सदस्यहरूका लागि सेवा भावनाले कार्य गरी सहयोग गर्नु हुन्छ । सामुहिक हितको लागि पारस्परिक सहयोग गर्न तथा स्वावलम्बी हुन धेरै व्यक्तिहरू मिली व्यवसाय गर्ने माध्यम नै सहकारिता हो भन्न सकिन्छ । त्यस्तै सहकारिता मानिसहरूको सामाजिक तथा आर्थिक उत्थान र व्यवसाय गर्ने एउटा उपाय हो । सहकारिता मार्फत संस्थागत रूपमा आबद्ध व्यक्तिहरूको आर्थिक तथा सामाजिक हित र व्यवसाय सफलतापूर्वक सञ्चालन गर्न सहकारिताका विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिएको हुन्छ । सहकारिता भनेको पूँजी नभएका वा केही पूँजी भएर पनि एक्लै व्यवसाय गर्ने क्षमता नभएका, केही पूँजी पनि छ र अलिअलि व्यवसाय गर्न पनि सक्ने खुवी छ तर यी दुवै कुराहरू भएर पनि व्यवसाय गर्दा सबै घाटा लाग्यो भने परिवार भोकै पर्छन् भन्ने कुराले एक्लै व्यवसाय गर्न आँट गर्न नसकेका व्यक्तिहरू मिलेर गर्ने कार्य हो । यस्तो सहकार्य गर्दा आफूसँग भएको केही पूँजी संस्थामा जम्मा गरी त्यसबाट व्यवसाय गर्ने कुशलता, क्षमता र आँट सिर्जना गरी संस्थाकै माध्यमबाट व्यावसायिक एवं अन्य कारोबार सञ्चालन गरी सदस्य परिवारको आर्थिक, सामाजिक र सांस्कृतिक विकास सम्भव हुन्छ । सहकारी समान आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्था भएका व्यक्तिहरूको त्यस्तो स्वतन्त्र र स्वेच्छिक संगठन हो, जुन आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रणका आधारमा सञ्चालित हुन्छ र यसको उद्देश्य सदस्यहरूलाई सेवा उपलब्ध गराउँदै उनीहरूको आर्थिक तथा सामाजिक विकास गर्नेतर्फ लक्षित रहेको हुन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ । जुनसुकै सहकारी संगठनमा पनि निम्नलिखित तत्वहरूको विद्यमानता आवश्यक मानिन्छ । (१) समान आर्थिक साध्य, (२) समान उद्देश्य र आवश्यकता, (३) समान जोखिम एवं नाफा, (४) समान अवस्था, (५) खुल्ला एवं स्वेच्छिक संलग्नता (६) प्रजातान्त्रिक नियन्त्रण, (७) स्वतन्त्रता र समन्याय आदि ।

सहकारीको सम्बन्धमा गरिएका परिभाषलाई मूल्याङ्कन गर्दा उक्त परिभाषाहरूले सहकारी संगठनहरूको विशेषताहरू अन्य कम्पनी तथा व्यावसायिक संगठनहरूका सिद्धान्तहरूभन्दा फरक रहेको कुरा स्पष्ट पार्दछन् । सहकारी संगठनहरूले नाफाको सट्टा सेवा सुविधा र पूँजीको उच्चताभन्दा आपसी समझदारी, सहकार्य (Joint Action) र स्वावलम्बनलाई सर्वोपरिता दिन्छन् ।

सहकारिताको निम्नलिखित विशेषताहरू छन्-

सन् १९६६ को सेप्टेम्बर महिनामा अष्ट्रियाको राजधानी भियनामा भएको I. C. A. को २३ औं महाधिवेशनले स्वीकार गरी प्रतिपादन गरेका सहकारीका सिद्धान्तहरू यस प्रकार छन् :-

१) खुल्ला तथा स्वेच्छिक सदस्यता (Open and Voluntary membership) २) प्रजातान्त्रिक व्यवस्थापन (Democratic Management) ३) पूँजीमा सीमित ब्याज (Limited Interest on Capital) ४) आर्थिक प्रतिफलको न्यायोचित वितरण (Reasonable Distribution of Economic Surplus) ५) सहकारी शिक्षा (Cooperative Education) ६) अन्तर सहकारी सहयोग (Inter Cooperative Relation)

**सहकारिताको उद्देश्य तथा लक्ष्यहरु**

सहकारिताको उद्देश्य तथा लक्ष्यहरू निम्न प्रकारका छन् -

(१) सहकारी संस्थाको सदस्यता स्वेच्छिक रहने छ र कुनै किसिमको कृत्रिम बन्देज अथवा सामाजिक, राजनैतिक र धार्मिक भेदभाव बिना सहकारी संस्थाको सेवा उपभोग गर्न सक्ने छ । (२) सहकारी संस्थाहरू प्रजातान्त्रिक संगठनहरू हुन् । सदस्यहरूले स्वीकार गरेको विधि द्वारा निर्वाचित अथवा नियुक्त व्यक्तिहरूद्वारा सहकारी संस्थाहरूको कार्य सञ्चालन हुनेछ । (३) शेयर पूँजीमा कुनै ब्याज पाउने भएमा सीमित ब्याज दर मात्र प्रदान गरिने छ । (४) सहकारी संस्थाको कारोबारबाट प्राप्त हुने आर्थिक प्रतिफलमा सदस्यहरूको हक हुनेछ ।

**सहकारिताका मूल्यहरु :**

सहकारिता मूल्यहरूबारे अध्ययन गर्दा आधारभूत मूल्यहरू (Basic values) र नैतिक मूल्यहरू (Ethical values) गरी दुई भागमा विभाजन गर्दा अझ बढी प्रष्ट हुन्छ । विशेषतः आधार मूल्यहरूले संस्था र सदस्य बीच एवं नैतिक मूल्यहरूले संस्था र समाज बीचको सम्बन्ध निर्धारण गर्न मद्दत गर्दछन् ।

**आधार मूल्यहरु**

१. आत्म-सहयोग (आफ्नो सहयोग आफैं गर्ने) २. स्वउत्तरदायित्व (आफैं जिम्मेदवार, जवाफदेही) ३. प्रजातन्त्र (सदस्यहरूले सदस्यहरूद्वारा सदस्यहरूका लागि व्यवस्थापन गरिने) ४. समानता (सदस्यहरू बीच धर्म वर्ण जात पेशा आदिका आधारमा भेदभाव नगरिने) ५. न्याय (लगानीको आधारमा बराबर प्रतिफल प्राप्ति) ६. ऐक्यबद्धता (एकताबाट बलियो हुने विश्वास)

**नैतिक मूल्यहरु**

१. इमान्दारीता (नीति अनुरूपको आचरण गर्ने) २. खुलापन (स्वेच्छाले सदस्य बन्न र छोड्न पाइने, पारदर्शी) ३. सामाजिक उत्तरदायित्व (समाजका लागि पनि काम गर्नुपर्ने जिम्मेवारी) ४. अरूको हेरचाह (सदस्यको हितको लागि काम गर्दा लगैर सदस्यलाई आघात नपुऱ्याउने बरू सहयोग पुऱ्याउने) (स्रोतः सहकारी सचेतना पुस्तिका २०६२, सहकारी विभाग, जावालाखेल, ललितपुर, श्री ५ को सरकार, कृषि तथा सहकारी मन्त्रालय, पेज नं. ३) ।

**सहकारिताको आवश्यकता तथा महत्व**

विकासमा सहकारिताको महत्व तथा आवश्यकतालाई निम्न शीर्षकहरूमा विभाजन गर्न सकिन्छ :-

१) पूँजी परिचालन (Capital formation) २) बचतमा प्रोत्साहन (Encouragement of saving) ३) रोजगारीमा वृद्धि (Increase in employment) ४) खर्चमा कटौटी (Reduction in cost) ५) मध्यस्थकर्ताको उन्मूलन (Elimination of middleman) ६) समन्यायिक वितरण (Equitable distribution) ७) सट्टाखोरी मुक्त (No speculation) ८) सामाजिक अवस्थामा सुधार (Improvement of social condition) ।

सहकारीको माध्यमबाट निम्नस्तरीय किसान वर्गलाई व्यवसायमा समेट्नुका विविध महत्वहरू रहेका छन् ।

(१) चेतनाको स्तरमा वृद्धि (Increase in People's Awareness) M सहकारी संस्थाको माध्यमबाट ग्रामीण किसान समुदायलाई विभिन्न पेशा व्यवसायमा आबद्ध गर्न सकेमा उनीहरूको चेतनाको स्तरमा समेत अभिवृद्धि हुन जान्छ । मानिसमा सामाजिक, सांस्कृतिक, धार्मिक एवं राजनैतिक चेतनामा क्रमशः अभिवृद्धि हुँदै जाँदा उनीहरूको सोंच र व्यवहारमा समेत परिपक्वता (maturity) आउने हुँदा यसबाट राष्ट्रको भावी स्वरूप र संरचनामा दूरगामी सकारात्मक परिवर्तनको अपेक्षा राख्न सकिन्छ । जनचेतनामा निरन्तर अभिवृद्धिले आर्थिक विकासमा समेत अभिवृद्धि गर्दछ ।

(२) रोजगारीको अवसर (Opportunity of Employment): नेपालको ग्रामीण क्षेत्रमा बसोबास गर्ने आम जनताको मुख्य पेशा कृषि नै हो । आफ्नो जीविकोपार्जन तथा अग्रगामी विकासको निम्ति उनीहरूले कृषि पेशामै भर पर्नुपर्ने हुन्छ । कतिपय ग्रामीण क्षेत्रमा यस पेशाबाट न त बाह्रै महिना रोजगारी प्राप्त हुन्छ न त यसको उपजबाट बाह्रै महिना खान नै पुग्दछ । अन्य रोजगारीबाट जीविकोपार्जनका

लागि यात उनीहरूले सहरी रोजगारी खोज्नुपर्ने हुन्छ या त वैदेशिक रोजगारीका लागि संघर्ष गर्नुपर्ने हुन्छ । यस्तो अवस्थामा कृषिमा आधारित र विदेशीनु पर्ने बाध्यता भएका जनतालाई विविध सहकारी संस्थामा आबद्ध गराई बेरोजगारी कम गराउन यस सहकारी आन्दोलनले महत्वपूर्ण भूमिका खेल्न सक्दछ । सहकारी कार्यक्रमले समुदायका जनतालाई एक सूत्रमा बाँधेर आपसी सौहार्द्रता कायम गर्नाको साथै उनीहरूको अतिरिक्त समयलाई आर्थिक क्रियाकलापमा लगाएर रोजगारी सृजना गर्न योगदान पुऱ्याउँछ ।

(३) पूँजीको सञ्चय र परिचालन (Accumulation and Mobilization of Capital) M अधिकांश सहकारी संस्थाहरूले ग्रामीण क्षेत्रमा छरिएर रहेको पूँजी सञ्चय एवं परिचालन गर्ने कार्य गर्दछन् । ग्रामीण विकासमा पूँजीको ठूलो महत्व हुन्छ । जनतामा छरिएर रहेको सानोतिनो रकम सङ्कलन गरी अन्य आवश्यक ठाउँमा लगानी गर्ने कार्य ग्रामीण सहकारीले गर्दछन् । त्यस्तै सहकारीले ग्रामीण भेगमा सामाजिक विकास एवं व्यावसायिक कार्यहरू सञ्चालन गर्दछ । यसबाट सहकारीको माध्यमबाट ग्रामीण गरिबी निवारणमा ठूलो मद्दत पुग्दछ ।

(४) स्थानीय साधन, स्रोत र सीपको परिचालन (Mobilization of Local Inputs, Resources and Skills) M सहकारीको स्थापनाले ग्रामीण जनताको विकास र साधन तथा स्रोतको परिचालन गर्ने भएकाले यसको महत्व झन बढ्न गएको छ । निम्न आय वर्गका जनताको बढी सहभागिता हुने हुँदा व्यापक जनसहभागिताको ढोका सदैव खुला रहन्छ । उपलब्ध आर्थिक स्रोत, सीप र कच्चा पदार्थको व्यापक उपयोग हुने हुँदा सहकारी विकासले ग्रामीण विकासमा मजबुत टेवा पुऱ्याउने कार्य गर्दछ ।

(५) गरिबी निवारण (Poverty Alleviation) M जबसम्म ग्रामीण जनताको न्यूनतम आधारभूत आवश्यकता पूरा हुँदैन तबसम्म सो क्षेत्रको विकास भयो भन्नु निरर्थक र हास्यास्पद हुनेछ । सहकारीलाई नेपालको अर्थतन्त्रको गरिबी निवारण गर्ने माध्यमको रूपमा प्रयोग गरिएको छ । यसले अधिकांश ग्रामीण जनतालाई सांगठनिक र क्रियाशील गराई रोजगारमुलक कार्यक्रम सञ्चालन गरी बेरोजगारीको अन्त्य गर्न ठूलो टेवा पुऱ्याएको छ । यसबाट ग्रामीण गरिबी अन्त्य गर्न र जनताको जीवनस्तर उठाउन सहकारी अभियानले महत्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ ।

(६) व्यापक जनसहभागिता (Broader Peoples Participation) M स्थानीय स्तरले धान्न नसक्ने वस्तु वा सेवा एकमुष्ट खरीद गरी सहकारीले उचित मूल्यमा आफ्ना सदस्यहरूलाई उपलब्ध गराउने हुँदा ग्रामीण विकासमा व्यापक जनसहभागिता सम्भव हुन्छ । कुनै पनि कार्यक्रमले आर्थिक गतिविधि बढाउनुका साथै जनसमर्थन र जनसहभागिता समेत बढ्दै जानु समाज विकास र अग्रगमनको सूचक हो । सहकारी आन्दोलनले मात्र यी सबै कुरा सम्भव बनाएको छ । समग्र रूपमा भन्नुपर्दा ग्रामीण क्षेत्रको विकासमा स्थानीय स्रोत र साधनको परिचालन गर्दै बेरोजगारी अन्त्य गर्ने भूमिका सहकारी आन्दोलनले गरेको छ ।

सहकारी सङ्गठनले वितरण माध्यमका मध्यस्थकर्ताहरू उन्मूलन गरी उनीहरूले खाने कमिसन र मुनाफा हटाई सुपथ मूल्यमा गुणस्तरीय वस्तुहरू उपलब्ध गराउँदछ । सहकारी सङ्गठनले जनताको न्यून आयलाई उत्पादनशील कार्यमा लगाउँदछ, यसबाट जनताहरूको आर्थिक हितमा वृद्धि हुन जान्छ, सहकारी सङ्गठनले साना किसानहरूलाई सुलभ मूल्यमा कृषि ऋण उपलब्ध गराउँदछ । यसबाट यस्ता वर्ग साहुमहाजनको शोषणको पञ्जाबाट मुक्त हुन्छन् । सहकारी सङ्गठनले कृषक तथा उत्पादकहरूको बजार तथा वितरण सुविधा उपलब्ध गराउँछ । यसबाट कृषक तथा उत्पादकलाई वस्तु तथा सेवा उत्पादन गर्न प्रेरणा मिल्दछ । सहकारी सङ्गठनको किसानहरूलाई खेती गर्ने आधुनिक तरिका, आधुनिक कृषि औजारको प्रयोग, मल, बीउ र सिँचाइ सम्बन्धमा आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दछ । सहकारी सङ्गठनले मुनाफाको केही हिस्सा सामाजिक उत्थान तथा सार्वजनिक हित हुने कार्यमा लगाउँदछन् । यसबाट समाज तथा राष्ट्रको विकासमा ठूलो मद्दत पुग्दछ । सहकारी सङ्गठनले निम्न वर्गा जनतालाई आपसी सहयोग, सद्भाव तथा लगानीमा काम गरेमा उन्नति गर्न सकिन्छ भन्ने पाठ सिकाउँदछ । यसबाट उनीहरू काम गर्न उत्प्रेरित हुन्छन् र कामलाई माया गर्न सिक्दछन् । सहकारी सङ्गठनले न्यून आय भएका सहरी जनतालाई पनि सानातिना उद्योगधन्दा गर्न आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्दछन् । जसले सम्बन्धित वर्गको मात्र नभै सम्पूर्ण राष्ट्रकै आर्थिक विकासमा टेवा पुग्दछ । सहकारी सङ्गठनहरूले समाजमा व्याप्त रहेको बेरोजगारी तथा गरिबीको चक्रलाई निर्मूल पार्दछ ।

व्यावहारिक दृष्टिकोणबाट हेर्ने हो भने विश्वमा सहभारिताको विकासलाई मानव सभ्यताको विकाससँगै

भएको भन्न सकिन्छ । आधिकारिक रूपमा सहकारीको जन्म सन् १८४४ मा बेलायतको रोचडेल (Rochdale) भन्ने सहरमा २८ जना कपडा बुन्ने मजदूरहरूबाट भएको मानिन्छ । उनीहरूले एक आपसमा मिलेर सहकारी भावनाअनुरूप "रोचडेल समतामुलक अग्रणी संस्था नामक उपभोक्ता सहकारी भण्डार खोलेका थिए । यस संस्थाले आफ्ना सदस्यहरूलाई निकै सहयोग पुर्‍याएको हुँदा अरू संस्थाहरू पनि विस्तारै स्थापना हुँदै गए र संसारभर सहकारीको विकास र विस्तार हुन पुग्यो । डेनमार्कमा १८६६ मा उपभोक्ता भण्डार सञ्चालन गरेर सहकारीको सुरूवात भयो । तर पछि दुग्ध सहकारीको संगठनको विकास भएको पाइन्छ । सन् १८६९ मा कृषि सहकारी संस्थाको विकास गरी सहकारी अभियानलाई अगाडि बढाएको देखिन्छ । दुग्ध सहकारीको क्षेत्रमा डेनमार्कको अग्रणी भूमिका रहेको छ । सन् १९१० मा इजरायलमा इजरायली सहकारी आन्दोलन किवुत्जको थालनी भएको पाइन्छ । सामुहिक खेतीको परिकल्पनाबाट यसको उत्पत्ति भएको मानिन्छ । इजरायली सहकारी अभियानलाई विश्वको नमूना सहकारीको रूपमा लिने गरिन्छ । १९ औं शताब्दीको मध्यतिर जर्मनीमा ऋण सहकारी संस्थाको स्थापना भएको पाइन्छ । ऋण सहकारीको क्षेत्रमा जर्मनीको सहकारी आन्दोलन अग्रस्थानमा रहेको छ । त्यसैगरी भारतमा सन् १९०४ मा ऋण सहकारी, चीनमा सन् १९१२ मा कृषि सहकारी र जापानमा सन् १८७९ मा उपभोक्ता सहकारी खोलेर सहकारीको आधिकारिक रूपमा प्रारम्भ भएको पाइन्छ । प्राचीन नेपालको आर्थिक कारोबारहरूमा जुन सहकारिताको भावना थियो, त्यसमा कुनै विदेशी तत्व थिएन । धार्मिक ग्रन्थहरूमा ऋण व्यवस्था आपसी आर्थिक सहायताहरू उल्लेख भएको हामी पाउँछौ । जटाक बौद्ध मार्गीहरूले उस समयमा ऋणको राम्रो व्यवस्था भएको उललेख गरेका थिए । नेपालको पहाडी र समथर स्थानहरूमा भएको विभिन्न आर्थिक मामिलाहरूमा आर्थिक सहकारिता संलग्न भएका धेरै उदाहरण पाइन्छन् ।

नेपालमा सहकारिताको सुरूआतको इतिहास हाम्रो परम्परा अनि संस्कृतिको उदयकाल जतिको पुरानो छ त्यति नै पुरानो छ भन्नु कुनै अत्युक्ति नहोला । किनभने प्राचीन लिच्छवीकालमा आदिम समूहगत समाज र कवीला समाजमा समूहगत खेती, गौचरण मालिकत्व जस्ता सामुहिक दृष्टिकोण र प्रचलनको व्यवस्था भएको कुरा इतिहासले स्पष्ट पार्दछ । यसका अतिरिक्त त्यस समयमा व्यापार गर्दा संगठनात्मक जत्था मिलेर व्यापारिक यात्रा गर्ने प्रचलनले पनि सहकारिताको लेश भएको मान्न सकिन्छ । विभिन्न किसिमका गुठी धार्मिक संस्था आदि जो पौराणिक कालदेखि नै प्रचलित थिए जुन सहकारीको पूर्व रूपका नमूना हुन् । (स्रोत : मेहरमान पौडेल, 'नेपालको अर्थव्यवस्था' रत्नपुस्तक भण्डार, भोटाहिटी, काठमाडौं, नेपाल, दोश्रो संस्करण २०४१, पेज नं. -११९) । धेरै समयदेखि नेपालमा कृषकहरूले वर्षाकालको लाविग एक प्रकारको अनाज संकलन गर्ने गरेका थिए । यसमा जुन अनाज बुझाइन्छ । त्यो स्वेच्छापूर्वक गरिन्छ । यस प्रणालीमा कुनै एक क्षेत्रको कृषकले आफ्नो खेतको उब्जनीको केही अंश स्वेच्छापूर्वक जम्मा गर्नुपर्दछ । यस किसिमको संकलन बाली काटना साथ गरिन्छ । यस समयमा संकलन गर्नाले कृषकलाई कुनै मर्का पर्ने देखिँदैन । यस प्रकारसँग संकलन गरिएको अनाज यसै उद्देश्यको लागि निर्माण गरिएको एक सामुहिक भण्डारमा जम्मा गरिन्छ । यस भण्डारबाट आवश्यक देखिएको कृषकलाई सापटी दिइन्छ । सापटी दिँदा दुईवटा शर्तहरू भएको बुझीन्छ । पहिलो ऋण मागने व्यक्ति उक्त अनाज संकलन गरिएको गाउँको व्यक्ति हुनुपर्छ र उक्त ऋण व्याजा १० प्रतिशतदेखि २५ प्रतिशत सहित अनाजमा नै फिर्ता गर्नुपर्दछ । तसर्थ कृषि क्षेत्रमा पाइएको सहकारिता नेपाली सामाजिक परम्परा अन्तर्गत स्वेच्छाधीन तबरबाट भएको छ र कुनै विदेशी तत्व संलगन नभई विल्कुल आफ्नै माटोमा हुर्केको हो । (स्रोतः केशव प्रसाद प्रधान, 'नेपालको अर्थशास्त्र', नेपाली साहित्य भण्डार, विराटनगर, नेपाल, प्रथम संस्करण २०२४, वि.सं. पेज नं. १०६-१०७) ।

गुठी एक प्रकारको जमिन जग्गालाई सामाजिक, धार्मिक काममा प्रयोग गर्ने भनी छुट्याइएको जग्गा (प्राकृतिक सम्पदा) हो । यसलाई उचित व्यवस्थापन गरी मठमन्दिर, पाटी पौवाहरूको संरक्षण, पुजाआजामा लगाइन्छ । यस जग्गाको कर तिर्नु पर्दैन । यस प्रकारको संगठनले समाजमा आपसी सहयोग र सेवाको भावना जगाएको हुन्छ । गुठीले यसका सदस्यहरूबीच सुमधुर सम्बन्ध कायम गर्दछ भने कुनै पनि किसिमका कार्यमा जनसहभागिता बढाउँछ । किपट अर्को स्थानीय सहकारी संस्थाको नमूना हो, यो भनेको पनि एक प्रकारको परम्परागत जग्गा प्रणाली हो । यो पूर्वका राई, लिम्बु र केही काठमाडौं वरिपरिका तामाङ समुदायहरूमा प्रचलित थियो । किपट जग्गा प्रयोग गर्ने परिवारले केही लगानी समुदायलाई व्यवस्थित गर्ने व्यक्तिहरूलाई गर्नुपर्ने हुन्छ । ढिकुर (Dhikurs) त्यस्तै स्थानीय सहकारीको धेरै प्रभावकारी उदाहरण हो । नेपालको हिमाल, पहाड र तिब्बतीय मानिसहरूको सामाजिक, आर्थिक व्यवहारको आधार भनेको आपसी सहयोग हो । त्यसैको आधारमा ढिकुरको उत्पत्ति भएको हो । ढिकुरमा सदस्य संख्या

आपसी सहमतिको आधारमा बनाइन्छ । ढिकुरले संकलित पूँजीबाट केही गर्ने चाहना भएकालाई पूँजीको पहुँच हुने भयो भने आफ्ना सदस्यहरूमध्येबाट कसलाई बढी आवश्यकता छ । उसलाई दिने जस्तो सहयोगी भावनाको विकास भएका छन् । यसरी संगठित हुँदा अन्य सामाजिक, राजनीतिक तथा आर्थिक पक्षहरूमा सहयोगको आदान प्रदान हुन्छ ।

**पर्मा (Parma)** :- पर्मा भनेको नेपालको कृषिमा आधारित आर्थिक पक्षलाई व्यवस्थित बनाउने ग्रामीण श्रमिकहरूको संगठन हो । यसमा काममा परस्पर आदान प्रदान हुन्छ । सामान्यतः कृषि सम्बन्धी काममा सामुहिक रूपमा काम गर्दा काम गर्न सजिलो हुनुका साथै आर्थिक भारबाट पनि जोगिन्छ र सामाजिक सद्भाव बढ्छ । यो प्रथा प्राचीनकालदेखि नै सबै प्रकार जातजातिहरूमा केही न केही मात्रामा भए पनि विशेषगरी जनजाति समुदायमा यसको प्रयो आजभोलि पनि भइरहेको छ । यसमा कामको सट्टामा काम गरिदिने चलन हो भने यसका स्वरूपहरू विभिन्न प्रकारका हुन्छन् । कुनै जातिहरूमा धेरैथोरै दिनको कामको हिसाबन गरी पालैपालो सबैको खेतिपातीको काम सक्दै जाने गरिन्छ भने कुनै ठाउँमा अन्य परिवारले आफ्नो खेतबारीमा जतिदिन काम गरिदिए त्यति नै दिन गर्ने चलन पनि छ । (स्रोतः मधु गिरी, रत्नमणि नेपाल, ग्रामीण विकासमा सांस्कृतिक तथा मानवीय तत्वहरू (Cultural and Human Factors in Rural Development), एकेडेमिक बुक सेन्टर, त्रि.वि.कीर्तिपुर, काठमाडौं, नेपाल, संस्करण २०६५, पेज नं. १५३) । नेपालमा पर्मा चलनको महत्व भनेको खेतिपातीको चरम समयमा श्रमिक बढी चाहिने हुनाले धेरै खेतिपाती हुनेको संयुक्त परिवार हुन्थ्यो । जसमा कामदार बढी भएकाले काम गर्न सजिलो हुने र काम पनि छिटो सिद्धिन्थ्यो । थोरै र सानो परिवारले एक्लै काम गर्न नसक्ने र झन्झटिलो हुने हुनाले पर्माबाट काम गर्दा आपसी श्रमसहयोगको साटासाट र सुमधुर सम्बन्ध स्थापना हुन्छ । जीवनका अन्य क्षेत्रमा पनि उक्त प्रकारले संगठित भई काम गर्नाले सहयोग हुन्छ ।

महिला विकासका लागि बिना भेदभाव समुदायका सबै महिलाहरूले समान रूपमा सहभागी हुन र आफ्ना लागि काम गर्न सहकारी एउटा उत्तम संस्था हो । त्यसकारण महिला उत्थान र विकासका लागि महिलाहरूले सहकारितामार्फत सजिलैसँग सम्पन्न गर्न सकिने स्थानीयस्तरका निम्न कार्यहरू उपयुक्त हुनेछन् ।

विभिन्न प्रकारका हस्तकलाका सामग्रीहरू उत्पादन सम्बन्धी कार्य,

- मैनबत्ती अगरबत्ती (धुप) उत्पादन सम्बन्धी कार्य • सिलाई बुनाई सम्बन्धी कार्य • तरकारी खेती, विउ विजन उत्पादन सम्बन्धी कार्य • विभिन्न प्रकारका खाद्य वस्तु -अचार, मस्यौरा, चीप्स, डालमट, जुस) उत्पादन कार्य र प्रशोधन कार्य • कुखुरा, बंगुर, मौरी, गाई-भैंसी, माछा पालन • सजावटका सामग्रीहरू (कुसन, झल्लर, गुडिया) उत्पादन • व्युटी पार्लर तथा केश काट्ने कार्य • घरायसी मल उत्पादन • टपरी, पिरा, गुन्द्री, सुकुल इत्यादि बनाउने कार्य, • चक तथा अन्य स्टेशनरी सामान उत्पादन कार्य • जडिबुटी संकलन कार्य • बचत तथा ऋण सम्बन्धी कार्य • खुद्रा पसल -मकै पोल्ने, फलफूल, तरकारी) सम्बन्धी कार्य • औपचारिक/अनौपचारिक शिक्षा सम्बन्धी कार्य • टोल छिमेक सरसफाइ र चेतना अभिवृद्धिका कार्य • प्रौढ शिक्षा, बाल शिक्षा सम्बन्धी कार्य • विकास निर्माण तथा जनचेतना अभिवृद्धि सम्बन्धी अन्य विविध कार्यहरू (स्रोतः मुनाकिरण डाँगी, महिला सशक्तीकरणमा सहकारिता, स्वर्णद्वार (स्वर्णजयन्ती विशेषांक), भक्तपुर बहुमुखी क्याम्पस, दूधपाटी, भक्तपुर, पेज नं. ४१) ।

आर्थिक, सामाजिक प्रतिष्ठाका आधारमा कुनै पनि व्यक्तिको पारिवारिक भूमिका निर्धारण हुन्छ । सहकारीका सिद्धान्तहरूको ज्ञान, सहकारी शिक्षा, सहकारी सञ्चालन विनियम निर्माण, साक्षरता कक्षा, बचत ऋण कार्यक्रम र चेतनामुलक तालिमका माध्यमबाट महिलामा परिवर्तन आएको छ । महिलाले स्थापना गरेका सहकारी कार्यक्रम सञ्चालन गर्दा सुरूबाटै महिलाले आफ्ना आवश्यकता पहिचानदेखि योजना बनाउने र कार्यान्वयन गर्ने तहसम्म सहभागी हुने अवसर पाउँछन् । आफ्नाबारे आफैं बोल्ने, आफैं योजना बनाउने, महिला विकासका बाधकमाथि छानबिन गर्न सक्ने, आफ्नो व्यवसाय विकास गरी स्वरोजगार सिर्जना गर्न सक्ने स्थानमा पुग्न महिलाका लागि सहकारी वरदान साबित भएको छ । चुल्होचौका, खेतबारी र दाउरा-घाँसमा सीमित महिलाहरू सहकारीको माध्यमबाट संस्थाको पदीय जिम्मेवारी सम्हाल्ने, बैठकमा भाग लिने, विभिन्न सभा सम्मेलनमा भाग लिने, व्यवसाय र सीपको विकास गर्ने, आय आर्जन गर्ने र आफ्नो आर्थिक र सामाजिक विकास आफैँ गर्ने, छोराछोरीलाई राम्रो स्कुलमा पढ्न पठाउने, घरपरिवारका जस्तासुकै समस्या र क्रियाकलापमा सहभागी भई निर्णय लिन सक्ने भएका छन् । उनीहरू संस्थाबाट प्रतिनिधित्व गर्दै जिल्ला, केन्द्र, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरसम्मका सहकारी संघ/संस्थामा नेतृत्व गर्न सक्ने क्षमता विकास गर्नसमेत सक्षम भएका छन् । सहकारीको माध्यमबाट महिलाहरूमा आत्मविश्वास बढेको छ । महिलाको आय परिवारको भलाइमा खर्च

भएपछि परिवारको आर्थिकस्तर पनि वृद्धि भएको छ । उनीहरूसँग कमाई हुँदा धेरै सकारात्मक परिवर्तन आएको छ । अर्को महत्वपूर्ण कुरा के छ भने आवश्यक शिक्षा, तालिम, सूचना, सेवा रसुसविधाको माध्यमबाट सक्षम र आत्मनिर्भर भएपछि कोही पनि घरेलु हिंसाको सिकार हुँदैनन् । महिला आर्थिक र सामाजिक क्रियाकलापमा सक्षम भएर भाग लिँदा परिवार र समाजमा उनीहरूको मर्यादा बढ्छ, चुल्होचौकाको काममा पुरूष सदस्यले पनि सहयोग गर्न थाल्दछन् । (स्रोतः देवी बाँस्कोटा, महिला सशक्तीकरणमा सहकारीको भूमिका, प्रवर्तमान (सहकारी मासिक), प्रवर्तमान २०६७, साउन, पेज नं. ३४-३५) ।

आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५/२०७६ अनुसार, आर्थिक वर्ष २०७५ २०७६ फागुनसम्म सहकारी संस्थाहरूको संख्या ३४ हजार ७ सय ३७, शेयर सदस्य संख्या ६५ लाख १२ हजार ३ सय ४० र शेयर पूँजी रू ७६ अर्ब ३४ करोड रहेको छ । आर्थिक वर्ष २०७५ ७६ को फागुनसम्म सहकारी क्षेत्रमा रू. ३ खर्ब ४५ अर्ब ५९ करोड बचत परिचालन भई रू. ३ खर्ब ३२ अर्ब ७१ करोड ऋण परिचालन भएको छ । आर्थिक वर्ष २०७४ २०७५ को सोही अवधिमा रू ३ खर्ब २३ अर्ब बचत परिचालन भई रू. ३ खर्ब ऋण लगानी भएको थियो । आर्थिक वर्ष २०७५ २०७६ को फागुनसम्म सहकारी क्षेत्रमा ६३ हजार ५ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको अनुमान छ । सहकारी ऐन २०४८ अन्तर्गत स्थापना भई नेपाल राष्ट्र बैंकबाट सीमित बैङ्किङ कारोवार गर्न इजाजतप्राप्त गरेका सहकारी संस्थाहरूको इजाजतपत्र २०७५ श्रावणदेखि लागू हुनेगरी रद्ध गरिएको छ ।

आर्थिक सर्वेक्षण आर्थिक वर्ष २०७५/२०७६ अनुसार, आर्थिक वर्ष २०७५ २०७६ फागुनसम्म सहकारी संस्थाहरूको संङ्ख्या ३४ हजार ७ सय ३७, शेयर सदस्य संख्या ६५ लाख १२ हजार ३ सय ४० र शेयर पूँजी रू ७६ अर्ब ३४ करोड रहेको छ । आर्थिक वर्ष २०७५ ७६ को फागुनसम्म सहकारी क्षेत्रमा रू ३ खर्ब ४५ अर्ब ५९ करोड बचत परिचालन भई रू ३ खर्ब ३२ अर्ब ७१ करोड ऋण परिचालन भएको छ । आर्थिक वर्ष २०७४ २०७५ को सोही अवधिमा रू ३ खर्ब २३ अर्ब बचत परिचालन भई रू ३ खर्ब ऋण लगानी भएको थियो । आर्थिक वर्ष २०७५ २०७६ को फागुनसम्म सहकारी क्षेत्रमा ६३ हजार ५ सय प्रत्यक्ष रोजगारी सिर्जना भएको अनुमान छ । सहकारी ऐन २०४८ अन्तर्गत स्थापना भई नेपाल राष्ट्र बैंकबाट सीमित बैङ्किङ कारोवार गर्न इजाजतप्राप्त गरेका सहकारी संस्थाहरूको इजाजतपत्र २०७५ श्रावणदेखि लागू हुनेगरी रद्द गरिएको छ ।

हाल ३४, ५१२ विभिन्न, प्रकृतिका प्रारम्भिक सहकारी संस्था, ७७ जिल्ला सहकारी संध, ३२८ विषयगत जिल्ला सहकारी संघ, २० विषयगत केन्द्रीय सहकारी संघ, राष्ट्रिय सहकारी बैंक र राष्ट्रिय सहकारी महासंघ रहेका छन् । अन्तर्राष्ट्रिय सहकारी महासंघमा नेपाल आवद्व भएको छ । प्रारम्भिक सहकारी संस्थामा करिब ६३ लाख सदस्य रहेका छन् । सहकारी संघसंस्थाको कुल शेयर पूँजी ७३ अर्ब र परिचालित बचत रू. ३ खर्ब २ अर्ब रहेको छ । सहकारी संघ संस्थाबाट रू. २७३ अर्ब ऋण परिचालन भएको छ । सहकारी संस्थामा करिब ५२ प्रतिशत महिला सदस्य रहेका छन् भने सञ्चालकमा महिला सहभागिता ४० प्रतिशत रहेको छ । यस क्षेत्रले ६१ हजार जनालाई प्रत्यक्ष राजगारी दिनुका साथै लाखौंको संख्यामा अप्रत्यक्ष रोजगारी सृजना गरेको छ । (स्रोतः वर्तमान पन्ध्रौ योजना (२०७६-२०८१) को आधारपत्र) ।

**वर्तमान पन्ध्रौ योजना** (२०७६-२०८१) **को आधारपत्रमा सहकारिता विकास कार्यक्रम**

**सोच**

आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि गुणस्तरीय एवमं दीगो विकास

**लक्ष्य**

स्वावलम्बन तथा पारस्परिकताको आधारमा उत्पादनमुखी, दीगो सहकारी

**लक्ष्य**

स्वावलम्बन तथा पारस्पारिकको आधारमा उत्पादनमुखी, दीगो, एवं न्ययोचित आर्थिक सम्बन्धको विकास गर्ने,

**उद्देश्य**

१. सहकारी मार्फत लक्षित तथा विपन्न वर्गलाई आर्थिक सामाजिक सशक्तिकरणको प्रक्रियामा सहभागि गराउनु
२. सहकारी मूल्य र सिदान्तका अनुशरण तथा पारस्पिारिकता र स्वावलम्बनको संस्कार विकास र अनुसासन कायम गर्नु,
३. सहकारी संघ संस्थाहरूलाई बहुउत्पादन, प्रशोधन तथा बजारीकरणतर्फ उन्मुख गराउनु ती संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्ने,

**रणनीति**

१. सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा केन्द्रित गर्न प्रोत्साहन गर्ने,
२. सहकारीको माध्यमबाट गरिब तथा विपन्न वर्गको संलग्नतामा सञ्चालन हुने व्यावसायिक आयोजनाहरूलाई वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने ,
३. सहकारी क्षेत्रको प्रबद्धनका लागि नीतिगत र संस्थागत प्रबन्ध मजबुत गराउने ।
४. सहकारी संघसंस्थाको क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास एवम व्यवस्थापन तालिमलाई व्यापक तुल्याउने ।
५. सहकारी क्षेत्रको प्रभावकारी नियमनको लागि एकीकृत अनुगमन प्रणालीको विकास गर्ने,
६. कृषि, बायोग्यास प्लान्ट स्थापना र सरकारी क्षेत्रबाट उत्पादित वस्तुको प्रयोगको लागि प्रोत्साहन गर्ने,

**कार्यनीति**

१. उद्यमशीलता विकास र स्थानीय पर्यटन प्रबद्धनमा सहकारीको भूमिकालाई बढाउँदै लगीनेछ ।
२. वित्तीय पहुँच विस्तार र आर्थिक सामाजिक समावेशीकरणमा सहकारी क्षेत्रलाई प्रोत्सहित गरिनेछ ।
३. दीगो विकास लक्ष्य प्राप्तिमा योगदान पुरयाउन सहकारी संघसंस्थालाई अभिप्रेरित गरिनेछ ।
४. उत्पादनमुलक क्षेत्रमा क्रियाशील रहेका प्रत्येक प्रदेशमा कम्तीमा २ वटा सहकारी संस्थालाई नमना सहकारी संस्था बनाँउने व्यवस्था मिलाइनेछ ।
५. सहकारी मार्फत स्वरोजगार सिर्जनामा सहयोगी हुने युवा तथा श्रमिकद्वारा सञ्चालित एवम अन्य सहकारी संस्थाहरूलाई आयोजना सञ्चालनका लागि बीउ पूँजी तथा पूँजीगत अनुदान उपलब्ध गराइनेछ ।
६. सहकारी संघसंस्था मार्फत उत्पादित वस्तुको प्रशोधन, भण्डारण, बजारीकरण । विविधिकरण सम्बन्धी आयोजनाका लागि वित्तीय तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । साथै,सहकारी मार्फत कर्जा बीमा सम्बन्धी क्रियाकलापलाई सहजीकरण गरिनेछ ।
७. उत्पादन, मूल्य श्रृङखला विकास तथा निर्यातमुलक वस्तू उत्पादन गर्ने आयोजनार्ला विशिष्टीकृत सहकारी संघ मार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।
८. सहकारी संस्थाद्वारा उत्पादित वस्तु तथा सेवको बजारीकरणको लागि ब्राण्डिङ गर्ने व्यवस्था गरिनेछ ।
९. उपभोक्ता सहकारी संस्थालाई क्रियाशील बनाउन प्रोत्साहन गरिनेछ ।
१०. पुराना, साझा सहकारी संस्थाको सम्पति संरक्षण गर्नुका साथै निष्क्रिय अवस्थामा रहेको संस्थको पुनसंञ्चालनको व्यवस्था गरिनेछ ।
११. नेपाल सरकार तथा राष्ट्रिय सहकारी विकास बोर्डको ५१ प्रतिशत वा सोभन्दा बढी स्वामित्व भएका साझा संस्थाको पुनर्संरचना गरिनेछ ।
१२. सहकारी क्षेत्रमा विशिष्टीकृत सहकारी संघको ढाँचामा बचत तथा कर्जा सुरक्षण कोष तथा कर्जा सूचना केन्द्रको स्थापना गरिनेछ ।
१३. सहकारीको सन्तुलित वितरण सुनिश्चित गरी प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक अनुसार एकीकरण तथा विस्तार गरिनेछ ।
१४. विस्तारित लेखा तयार गरी कुल गाहस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान मापन गरिनेछ ।
१५. विद्यालयको पाठ्यक्रम सहकारी विषय समावेश गर्नुका साथै विश्वविद्यालयमा सहकारिता विषयको शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. सहकारी शिक्षा तथा तालिम सञ्चालन गर्ने विभिन्न संस्था तथा निकायको न्यूनतम मापदण्डको व्यवस्था मिलाइनेछ ।
१७. सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको पुनर्संरचना एवम सांगठानिक क्षमता विकास गरिनेछ ।
१८. सबै तहका सहकारी संघसंस्था मार्फत वित्तीय साक्षरता, सहकारी शिक्षा, तालिम र क्षमता अभिवृद्धिका क्रियाकलापहरू विस्तार गरिनेछ ।
१९. सहकारी संघसंस्थामा सम्पति शुद्धीकरण निवारण सम्बन्धी कानुनको पालनालाई थप प्रभावकारी बनाइनेछ ।
२०. सहकारीको नियमन क्षेत्राधिकार अनुसार संघ, प्रदेश र स्थानीय तहबाट एकल तथा संयुक्त रूपमा अनुगमन प्रणालीको विकास गरिनेछ ।
२१. सहकारी सम्बन्धी एकीकृत आधारभूत तथ्यांक तयार गर्न तथा नियमनलाई प्रभावकारी बनाउन सहकारी तथा गरिबी निवारण सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यन्वयन गरिनेछ ।
२२. सहकारी संघ संस्थामा पारदर्शीता प्रबद्धन गरिनेछ ।
२३. सहकारी संघसंस्था, कृषक, समूह, व्यावसायिक फर्मको संलग्नता पशुपालन लगायतका अन्य माध्यमबाट बायोग्यास प्लान्टको स्थापना तथा सञ्चालन र प्राङगारिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

२४. सहकारी संघ संस्था समूहलाई प्राङगारिक खेती, बायोग्यास तथा अन्य पाल्ट स्थापना तथा सञ्चालनको लागि क्षमता अभिवृद्धिको लागि क्रियाकलाप सञ्चालन गरिनेछ ।

२५. सहकारी संघसंस्थाबाट उत्पादित वस्तूको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

सहकारी आन्दोलनलाई ठिक दिशामा मोड्न तालिम प्राप्त व्यक्तिहरूको आवश्यकता पर्छ, । तर हाल नेपालमा तालिम प्राप्त सहकारिता प्राविधिकहरूको कमी रहेको छ । अदक्ष व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूबाट ठोस परिणामको आशा राख्न सकिदैन । अर्को कुरा ग्राम्य स्तरमा शिक्षा र साक्षरताको कमी पनि सहकारी आन्दोलनमा एक तगारो सिद्ध भएको छ । नेपालमा साक्षर जनसंख्या कुल जनसंख्याको केवल चालिस पुगेको छ । सहकारी संस्थाहरूको माध्यमबाट भएको ऋण अधिकांशत ठूला, मझौला टाठा बाठा कृषकहरूले प्राप्त गर्न सकेका छन् । साना तथा सिधासाधा कृषकहरूले ज्यादै नगण्य प्रतिशत मात्र ऋण प्राप्त गर्न सकेका छन् । यसको साथसाथै सहकारी संस्थाहरूको स्थानीय तहको नेतृत्व जहाँ जहाँ ठीक व्यक्तिको हातमा पुगेको छ त्यहाँ केही हद सम्म प्रभावकारिता पनि देखिएको छ । तर सामान्य स्थितिमा स्थानीय नेतृत्वको कारणले गर्दा पनि प्रभावकारी हुन नसकेको देखिन आउँछ । सहकारीको असफलताका कारणहरू निम्न प्रकारका छन् : ➢ स्पष्ट परिलक्ष्य पहिचानको अभाव ➢ अपर्याप्त योजना ➢ अनुभवी सल्लाहकार र परामर्शदाताको सेवा लिन नसक्नु ➢ सदस्य नेतृत्वको अभाव ➢ सदस्य प्रतिबद्धताको अभाव ➢ सक्षम व्यवस्थापनको अभाव ➢ जोखिम पहिचान र न्यूनीकरणको अभाव ➢ कमजोर अनुमान ➢ वित्तीय अभाव ➢ अपर्याप्त सञ्चार ।

## सहकारिताको विकासमा देखा परेका बाधा तथा समस्यालाई हटाउने सुझावहरु

प्रत्येक सर्वसाधारण कृषक वर्गहरूलाई समेट्ने गरी कृषकहरूलाई समूहगत रूपमा संगठित गराउनु पर्दछ । यसबाट कृषकहरूमा आपसी सद्भावना र एकताको भावना प्रस्फुरण हुन गई सहकारीको लक्ष्य अनुरूपका मार्ग मेटाउन सजिलो पर्दछ । अर्को कुरा सहकारी सिद्धान्त अनुसार व्यक्ति सदस्य मात्र रहनु उपयुक्त हुने भएकोले प्रारम्भिक संस्थामा व्यक्ति सदस्य र संघमा संस्था वा संघ सदस्य हुन सक्ने र अन्य निकायमा श्री ५ को सरकार वा श्री ५ को सरकारका निकाय मात्रले शेयर खरीद गर्न सक्ने व्यवस्था गरी ऐन नियममा परिमार्जित हुनु उपयुक्त हुन्छ । सहकारी संघ/संस्थाहरूमा नियमित लेखा परीक्षण हुनु अति जरूरी हुन्छ । यसै क्रममा आन्तरिक लेखा परीक्षण गराउन संस्थामा एउटा लेखा समिति गठन गर्न सकिने व्यवस्था ऐनमा रहेकोमा सो व्यवस्था संघमा समेत राखिनु उपयुक्त हुन आउँछ । यसको साथसाथै सहकारी संस्थाहरूका आफ्ना सदस्यहरू बीच गरिने निक्षेप तथा ऋणको कारोबारमो समेत शेयर पूँजीको अनुपातमा बचत संकलन सीमा ऋण प्रदान गर्ने विधि तरलताको प्रतिशत निर्धारण गरी कारोबार सञ्चालन गर्ने व्यवस्था सहकारी संघ/संस्थाले मिलाएमा बढी विश्वसनीय देखिन र अनुशासन कायम गर्न सघाउ पुग्ने देखिन्छ । अर्को कुरा सहकारी संस्था सदस्यहरूको आर्थिक सामाजिक हितका लागि गठन हुने भएकाले संघ/संस्थाहरूलाई आफ्ना सदस्यहरूबाट बचत निक्षेप संकलन गर्ने र सदस्यहरूलाई ऋण प्रदान गर्न सक्ने अधिकार प्रदान गरी अन्य बैंकिङ् कारोबार गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिनु पर्ने व्यवस्था कायम गर्न ऐनमा परिमार्जन गरिनु आवश्यक देखिन आएको छ । सहकारी मार्फत बचत परिचालनलाई प्रबर्द्धन गर्नुका साथै ऋण प्रवाह र बजार क्रियाकलापहरूको साथै समानान्तर र ठाडो सम्बन्धनका लागि राष्ट्रिय सहकारी संघ र बोर्डले आवश्यक व्यवस्था मिलाउनु पर्छ ।

विभिन्न समयमा गरिएका सहकारी सहकारीहरूको सर्भेक्षण अध्ययनहरूबाट देखिए अनुसार सहकारी संस्थाहरूको स्थिति उत्साहजनक देखिँदैन । सहकारी संस्थाहरूको उठाउन बाँकी ऋणमा भाखा नाघेका ऋणहरूको अनुपात उल्लेखनीय रूपले बढ्दै जानु सहकारी संस्थाहरू घाटामा चल्नु सहकारी संस्थाहरूबाट जनताको सीप र आवश्यकता तथा स्थानीय स्रोत र साधनको आधारमा उत्पादन तथा रोजगारीमुलक कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन नहुनु आदि सहकारी आन्दोलनमा शिथिलता आउनुका प्रमुख कारणहरू हुन् । कृषि विकासका लागि ग्रामीण क्षेत्रमा महत्वपूर्ण भूमिका भएको सहकारीहरूको क्षमता विकासलाई हेर्दा लक्ष्य अनुसार सफलता प्राप्त हुन सकेको छैन । यसका प्रमुख कारणहरूमा साना तथा पिछडीएका कृषकहरूको सहभागिता बढी मात्रामा हुन नसकी ती संस्थाहरूको माध्यमबाट भएको ऋण सामान्यतः ठूला र मझौला कृषकले प्राप्त गर्नु, सहकारीको व्यवस्थापन पक्षमा लिइएको नीतिको अस्थिरताले गर्दा स्थानीय तहमा व्यवस्थापन सम्बन्धी नेतृत्वको विकास हुन नसकी घाटाको स्थिति देखा पर्नु र लगानीको असुली कार्य प्रभावकारी नभएकाले सञ्चालन पूँजीको समस्या पर्न जानु इत्यादि देखिएको छ । सहकारी कार्यक्रमलाई

आफ्नो उद्देश्यअनुरूप सही मार्गमा डोऱ्याउन दक्ष तालिम प्राप्त जनशक्तिको अभाव छँदैछ । यसले गर्दा आफ्नो उद्देश्यअनुरूप उचित दिशामा मोड्न गतिरोध उत्पन्न गरेको छ । नेपालका अधिकांश जनताहरू अशिक्षित, अज्ञानी, भएकोले उनीहरूमा सहकारीको प्रभावकारी रूपमा विकास हुन सकेको छैन ।

प्रत्येक साधारण सदस्यले संस्थाले सुरक्षित ढंगले काम गरिरहेको छ छैन समय समयमा संस्थालाई आफ्नो बचत रकम सुरक्षित भए नभएको हेर्नुपर्छ, संस्थाको साधारण सभामा सहभागी भई संस्थाले वर्षभरि गरेका आर्थिक, व्यावसायिक, सामाजिक, सांस्कृतिक क्रियाकलापहरूको बारेमा जानकारी लिई चित्त नबुझेका, गलत ढंगले सम्पादन गरिएका विषयहरूमा अन्तरक्रिया गर्ने, गल्ती गर्ने उपर कारबाहीको माग गर्ने, असल काम गर्नेको प्रशंसा गर्ने, पुरस्कारका लागि पहल गर्ने, भावी योजना तर्जुमा र कार्यक्रम निर्धारणमा सुझाव दिने कार्यहरू गर्नु पर्दछ, संस्थाको सञ्चालक समिति, लेखा समिति र उपसमितिहरूको व्यवस्थापकीय पदहरूमा बसी कार्यगर्ने, संस्थाका क्रियाकलापहरू बारे अनुगमन, मूल्यांकन गर्ने कार्यमा सदा सक्रिय सहभागि हुनुपर्छ, सदस्य आफूले उत्पादन गरेको वस्तु तथा सेवा आफ्नो संस्थामा बिक्री गर्ने र संस्थाले उपलब्ध गराएको वस्तु तथा सेवा उपयोग गर्नुपर्दछ । प्रत्येक सदस्यले संस्थामा हुने निर्णय र क्रियाकलापको बारेमा जानकारी लिई अन्य सदस्यहरूलाई समेत जानकारी दिने, राय प्रतिक्रिया भए सुझाव दिने, गलत निर्णयको विरोध गर्ने कार्यमा पछि पर्नु हुँदैन ।

सरकारी क्षेत्र र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रमा सहकारीको माध्यमबाट बढी प्रभावकारी हुनसक्ने आर्थिक-सामाजिक क्षेत्रमा सहकारीको योगदान रहन्छ । सहकारी क्षेत्रलाई लघुवित्त कारोबारसँगै उत्पादन, बजारीकरण र सेवा प्रवाहमा संलग्न गराई उत्पादनमुलक कार्यमा संलग्न गराउनुपर्ने आवश्यक रहेको छ । यसले छरिएर रहेका श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धिबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान दिन सक्दछ । खासगरी कृषि क्षेत्रमा सहकारीले गरेको योगदान प्रशंसनीय छ । सहकारी क्षेत्रले थप सम्भावित क्षेत्रहरूमा आफ्नो उपस्थिति नदेखाइसकेको हुनाले यसको विकास, विस्तार र प्रबर्द्धन आवश्यकमुलुकको ७५ ओटै जिल्लामा सञ्जाल विस्तार भएको यस क्षेत्रले विपन्न वर्ग, दुर्गम क्षेत्र, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्ता भएका व्यक्ति, अल्पसङ्ख्यक सबै वर्ग, क्षेत्र र समुदायलाई समेट्न सफल भएको छ । सहकारीसम्बन्धी समयसापेक्ष ऐन नियममा परिमार्जन गर्ने, उत्पादनशील क्षेत्रमा सहकारीको योगदान बढाउने, ठूलो सङ्ख्यामा रहेका सहकारी संस्थाहरूमा वित्तीय सुशासन कायम गर्ने, सहकारी संस्थाहरूमा विपन्न वर्गलाई समेट्ने र बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूको नियमन गर्ने चुनौती रहेका छन् । अवसर सहकारिताको माध्यमबाट उत्पादन तथा गरिबी निवारणको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने, सहकारीमा सहभागीहरूको शिक्षा तथा क्षमता अभिवृद्धि गर्ने, स-साना बचतलाई परिचालन गरी पूँजी निर्माणमा योगदान पुऱ्याउने, जनतामा सामुदायिक तथा सहयोगी भावनाको विकास गर्ने र स्थानीयस्तरमा वित्तीय अन्तरसम्बन्ध कायम गर्ने अवसर रहेका छन् ।

**सहायक ग्रन्थहरु** (Bibliography)


- शिवनाथ योगी, आर्थिक विकासका लागि सहकारी संस्था, मिर्मिरे, आर्थिक लेख विशेषांक, वर्ष ३८, अंक ५, २०६६ भदौ, पूर्णाङ्क २८८, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा, बालुवाटार, काठमाडौं, नेपाल ।
- डम्बरजंग डाँगी, नेपालको अर्थशास्त्र, धौलागिरी बुक्स एण्ड स्टेशनरी, पुतलीसडक काठमाडौं, दोस्रो संस्करण, २०६६ वैशाख ।
- शंकरराज जोशी, नेपालमा सहकारी अभियान, प्रवर्तमान सहकारी मासिक, २०६६ फागुन, काठमाडौं, नेपाल ।
- शिवराज सेडाई, सार्वजनिक-निजी साझेदारी अवधारणा र नेपालको व्यापार तथा आपूर्ति क्षेत्रमा प्रयोग, व्यापार र विकास, वर्ष १, अंक २, २०६६ असार, पूर्णाङ्क २, नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरबार काठमाडौं, नेपाल ।
- गम्भीर बहादुर हाडा, एकीकृत ग्रामीण विकास कार्यक्रममा साझाको भूमिका', 'साझा', वर्ष १५, मंसीर-पुस, अंक ५-६, साझा केन्द्रीय कार्यालय, पुल्चोक ।
- गम्भीर बहादुर हाडा, नेपालमा सहकारिताको महत्व –समस्या तथा सुझाव', हाम्रो सम्पदा', बडा दशैं (राष्ट्रिय मासिक), वर्ष ८, अंक ५, २०६५ साल असोज ।
- गम्भीर बहादुर हाडा, ग्रामीण विकासमा जनसहभागिताको महत्व -समस्या तथा सुझाव', 'जमरा' (स्मारिका -१३), एकीकृत उपभोक्ता संघ, काठमाडौं, सुविधानगर, प्रकाशन मिति २०६५ कार्तिक ।

- गम्भीर बहादुर हाडा, नेपालमा ग्रामीण –सहरी बसाई सराईको समस्या -समाधानका उपायहरू', दुनियाँको खबर' २०६५ साल पुस २३ गते (राष्ट्रिय साप्ताहिक), (Duniya Ko Khabar, National Weekly), Jan-7, 2009, वर्ष, अंक ९, काठमाडौं ।
- गम्भीर बहादुर हाडा, नेपालमा गरिबीको वर्तमान अवस्था र स्थिति', –समस्या तथा समाधान', नेपाल (Nepal), वर्ष ३९, अंक ४, पूर्णाङ्क १७२, माघ-फागुण २०६५, नेपाल सरकार, सूचना तथा सञ्चार मन्त्रालय, सूचना विभाग, सञ्चारग्राम, तिलगंगा, काठमाडौं ।
- प्रा.डा.रामकुमार दाहाल, सुमन खरेल, नेपालको स्थानीय शासन र राजनीतिक अर्थव्यवस्था, दिक्षान्त प्रकाशन, कीर्तिपुर, काठमाडौं, नेपाल, प्रथम संस्करण २०६६ ।
- लेखनाथ ढकाल, अशोक सिवाकोटी, आधुनिकीकरण र सहकारिता (Modernization & Co-operatives), प्रशान्ति प्रकाशन, पुतलीसडक, काठमाडौं, प्रथम संस्करण वि.सं. २०६४ साल ।
- गम्भीर बहादुर हाडा, महिला सशक्तीकरणमा बचत तथा ऋण सहकारी, प्रवर्तमान (सहकारी मासिक), २०६७ असार, ८८ औं अन्तर्राष्ट्रिय सहकारी दिवस (विशेषांक), काठमाडौं, नेपाल ।
- ध्रुव कुँवर, सहकारिता र महिला सशक्तीकरण, सशक्तीकरण, वर्ष ९, अंक १, पूर्णाङ्क : १३, २०६६ आषाढ, नेपाल सरकार, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय ।
- रमेश पौड्याल, सहकारी आन्दोलनका चुनौती र समाधानका उपाय, साझा भण्डारको ३८ वर्ष, २०६० प्रवर्तमान पब्लिकेशनको विशेषांक ।
- सूर्यरत्न शाक्य, ्राष्ट्रिय साझा (सहकारी) संघ : एक चिन्तन, नेपालमा साझा सहकारिता-मान्यता र दृष्टिकोण -तुमुल मासिकको सहयोगमा), सम्पादकः नारदमणि पौडेल २०४७) ।
- भवानी ढकाल, सहकारिता -सिद्धान्त, कानुन र व्यवहार) (बचत तथा ऋण सहकारी अभियान), प्रथम संस्करण २०५६ कार्तिक ।
- सहकारी दिग्दर्शन २०५७, राष्ट्रिय सहकारी विकास बोर्ड, पुल्चोक, ललितपुर, कात्तिक, २०५७ ।
- त्रिवर्षीय योजना (२०६७/६८-२०६९/७०) को नेपाल सरकार, राष्ट्रिय योजना आयोग, काठमाडौं, नेपाल ।
- वर्तमान पन्ध्रौ योजना (२०७६/८१) नेपाल सरकार, राष्ट्रिय योजना आयोग, २०७६ काठमाडौं, नेपाल ।
- आर्थिक सर्वेक्षण, आर्थिक वर्ष (२०७५/ २०७६) नेपाल सरकार, अर्थ मन्त्रालय, सिहदरवार काठमाडौं ।
- गम्भीर बहादुर हाडा, 'नेपालमा साना किसान विकास आयोजना : एक परिचय', 'बैंक समाचार', वर्ष १४, अंक ८-११, २०४६, माघ, कृषि विकास बैंक ।
- गम्भीर बहादुर हाडा, 'नेपालमा साना किसान विकास आयोजना', नेपाल राष्ट्र बैंक समाचार, ३३ औं वार्षिकोत्सवको उपलक्ष्यमा वैशाख १४, २०४५, नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालय, बालुवाटार ।
- गम्भीर बहादुर हाडा, 'कृषिमा पुरूषकोभन्दा महिलाको देन ठूलो छ'–'साप्ताहिक जनज्योती', २०४६, भदौं १९ ।
- गम्भीर बहादुर हाडा, 'इम्पोरट्यान्स अफ अग्रीकल्चर एण्ड इण्डष्ट्रि फर इकोनोमिक ग्रोथ', 'नेपाल बैंक पत्रिका', अंग्रेजी एडिसन, १९८४, सेप्टेम्बर-अक्टोबर (आश्विन २०४१), पूर्णाङ्क १५६ ।
- गम्भीर बहादुर हाडा, नेपलिज एग्रीकल्चर : वुमेन्स पार्टिसिपेसन, दि राइजिङ नेपाल, डिसेम्बर ४, १९८९, (मार्ग १९, २०४६)
- गम्भीर बहादुर हाडा, 'कृषि विकास -नीति र उद्देश्य', गोरखापत्र, श्री ५ महाराजधिराजको ३७ औं शुभ जन्मोत्सवांक, १४ पुस, २०३८
- गम्भीर बहादुर हाडा, 'रोल अफ एग्रिकल्चरल क्रेडिट', 'दि राइजिङ नेपाल', जुन ११, १९८६
- रमेश दाहाल, शिवराज पोखेल, शासान प्रणाली, शाखा अधिकृत, द्वितीय पत्र, शासकीय सुधार पब्लिकेशन एण्ड एडमिनिष्टग प्रा लि र प्रशासनिक सुधार मासिक प्रथम संस्करण २०७० ७१ ।
- सहरी विकास तथा भवन निर्माण विभागसँग सम्बिन्धीत ऐन नियमावली, विनियमावली, निर्देशिका, निर्माण आचार संहिता कार्यविधि तथा मापदण्डको सँगालो, नेपाल सरकार, सहरी विकास भवन निर्माण विभाग, बबरमहल काठमाडौं नेपाल २०७२ असार ।
- शिक्षामा लैगिक समानता, राष्टिय सम्मेलन प्रतिवेदन बालिका शिक्षा तथा लैगिक सम विकास सञ्जाल, २०६९, पुस ४ ५ काठमाडौं शिक्षा विभाग ।
- समाहित शिक्षा सूचना सामग्री २०६८ नेपाल सरकार समाहित शिक्षा शाखा, शिक्षा विभाग ।
- नारायण प्रसाद आर्चाय, नेपालमा सहकारी र यसको महत्व मिर्मिरे वर्ष ४५, अंक ५, पर्णक ३४२ पष माघ २०७३, नेपाल राष्ट बैंक वालवाटार काठमाडौं नेपाल


*लेखक भक्तपुर बहुमुखी क्याम्पसमा अर्थशास्त्रका सह-प्राध्यापक हुनुहुन्छ ।*

# संगठित संस्थाको पदपूर्ति प्रक्रिया र लोक सेवा आयोगको भूमिका

■ सूर्यप्रसाद सापकोटा

कानुनी शासनमा राज्यको शक्तिलाई उचित परिचालन गर्न विभिन्न निकायमा विभाजन गरिएको हुन्छ । त्यसको लागि शक्ति पृथकीकरण तथा शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्त स्थापित हुँदै आएको छ । कानुन निर्माणसम्बन्धी कार्य विधायकी अधिकार, न्यायिक कार्यको सम्पादन न्यायपालिकाबाट र कानुन कार्यान्वयन र व्यवस्थापकीय कार्य कार्यपालिकाको क्षेत्राधिकारभित्रका शासकीय अधिकार हुन् । आ-आफ्नै कार्य क्षेत्रमा केही हदसम्म स्वायत्तता भए पनि र बढी स्वेच्छाचारिताको नियन्त्रणका लागि एक निकायले गरेको कार्यको निगरानी अर्को संस्थाबाट हुने गरी शक्ति सन्तुलन र नियन्त्रणको प्रावधान लोकतान्त्रिक शासन पद्धतिमा अवलम्बन गरिन्छ । जस्तै व्यवस्थापकीय कार्यलाई न्यायिक पुनरावलोकनका माध्यमबाट कानुनीका विश्वव्यापी मान्यता विपरित देखिएमा न्यायालयले बदर वा संशोधन गर्नु ।

कार्यपालिकाले मुलुकी प्रशासन सञ्चालन गर्न विभिन्न कानुनको कार्यान्वयन गर्ने व्यवस्थापकीय कार्य गर्दछ । कार्यपालिका अन्तर्गतका केही संवेदनशील कार्य सरकारले स्वेच्छाचारी रूपले गरेमा देशमा दीर्घकालीन रूपमा नै नकारात्मक असर पर्न सक्ने आशंका दूर गर्न केही विशेष व्यवस्था गर्न आवश्यक महसुस गरी विश्वका अधिकांश मुलुकमा वित्तीय अनुसार परिपालन गराउन महालेखा परीक्षक, भर्ना छनौट सम्बन्धी कार्य निष्पक्ष र विश्वसनीय गराउन लोक सेवा आयोग, आवधिक निर्वाचन जनप्रेमी गराउन निर्वाचन आयोग, राज्यको स्रोत साधन सही परिचालन एवं पदीय जिम्मेवारको पूर्व परिचालन भए नभएको परीक्षण गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग साथै मानव अधिकार संरक्षण तथा प्रबर्द्धनार्थ राष्ट्रिय मानव अधिकार आयोग जस्ता संस्थारनिकायलाई संवैधानिक अंगको रूपमा व्यवस्था गरिएको हुन्छ । यस्ता निकाय सरकारका प्रतिस्पर्धी संस्था नभई सरकारले गर्नुपर्ने कार्यलाई सहयोग र सहकार्य गर्ने, सम्भावित अनियमिततालाई नियन्त्रण गर्ने एवं सरकारलाई जनमैत्री बनाउन, प्रभावकारी सेवा गर्न मार्ग प्रशस्त गर्ने अवयवहरू हुन् ।

> आ–आफ्नै कार्य क्षेत्रमा केही हदसम्म स्वायत्तता भए पनि र बढी स्वेच्छाचारिताको नियन्त्रणका लागि एक निकायले गरेको कार्यको निगरानी अर्को संस्थाबाट हुने गरी शक्ति सन्तुलन र नियन्त्रणको प्रावधान लोकतान्त्रिक शासन पद्धतिमा अवलम्बन गरिन्छ ।

सरकारी सेवाको लागि उपयुक्त उम्मेदवार छनौट गर्ने मुख्य जिम्मेवारी रहेको लोक सेवा आयोग पनि यस्तैमध्येको एक संवैधानिक निकाय हो । नेपाल सरकारको वैधानिक कानुन, २००४ मा दरखास्त परिषद् नामाकरण गरिएको यो संस्थाको स्थापना वि.सं. २००८ असाढ १ मा भएको थियो । नेपालको चालु सातौं संविधानसम्म आइपुग्दा आयोगको कार्य क्षेत्रमा विस्तारीकरण र संकुचनको चक्र चल्दै गरेको विगतका संवैधानिक दस्तावेजहरूले देखाउँछन् । यस लेखमा नेपालको वर्तमान संविधानमा संगठित संस्थाको पदपूर्ति प्रक्रियामा लोक सेवा आयोगको संलग्नता र भूमिकाको बारेमा संक्षिप्त चर्चा गरिएको छ ।

विगतका संविधानमा नेपाल सरकारबाट निवृत्तिभरण पाउने निजामती सेवाका पदमा आयोगको परामर्शबिना स्थायी नियुक्ति गर्न नपाउने व्यवस्था थियो । वर्तमान संविधाको भाग २३, धारा २४२ देखि २४४ सम्म क्रमशः आयोग गठन, काम कर्तव्य र अधिकार र प्रादेशिक लोक सेवा आयोगको व्यवस्था गरिएको छ । यस संविधानले

निजामती सेवाबाहेक अन्य सेवाका पदहरूमा पनि आयोगको परामर्श बिना स्थायी नियुक्ति गर्न नपाउने प्रबन्ध गरेको छ । निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने कर्तव्यको साथै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र अन्य संघीय सरकारी सेवाको पद तथा संगठित संस्थाका पदमा पदपूर्तिका लागि लिखित परीक्षामा सञ्चालन गर्ने जिम्मेवारी समेत लोक सेवा आयोगलाई तोकिएको छ । सुरक्षा निकायहरूको सेवाको पदमा बढुवा गर्दा अवलम्बन गर्नुपर्ने सामान्य सिद्धान्तको विषयमा र कुनै संगठित सस्थाको सेवाको कर्मचारीका सेवाका शर्त सम्बन्धी कानुन र त्यस्ता सेवाका पदमा बढुवा वा विभागीय कारवाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा परामर्श दिने काम पनि आयोगको जिम्मेवारीमा छ । संगठित संस्थाको इतिहासमा पदपूर्तिका क्रममा विगतमा कहीँ कतै भए गरेका अनियमितता र स्वेच्छाचारितालाई सुधार गर्नको लागि वर्तमान संविधानले उक्त जिम्मेवारी आयोगलाई तोकेको सहजै अनुमान गर्न सकिन्छ ।

संविधानका धारा २४३ को उपधारा २ स्पष्टीकरणमा उल्लेख बमोजिम संगठित संस्था भन्नाले 'विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेकको ५० प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानुन बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिका अन्य संगठित संस्थालाई सम्झनु पर्दछ ।'

**आयोगले कार्यसम्पादनका क्रममा अवलम्बन गरेका सिद्धान्तहरु**

आयोगले सम्पादन गर्ने कार्यलाई बढी विश्वसनीय, निष्पक्ष, व्यावहारिक र प्रभावकारी गर्न गराउन निम्न सिद्धान्तहरूको आधारमा काम हुने गर्दछ ।

१) योग्यताको सिद्धान्त (Principle of Merit)

२) निस्पक्षताको सिद्धान्त (Principle of Impartiality)

३) स्वच्छताको सिद्धान्त (Principle of Fairness)

४) समान अवसरको सिद्धान्त (Principle of equal opportunity)

५) समावेशिताको सिद्धान्त (Principle of Inclusiveness)

६) द्विअन्धको सिद्धान्त (Principle of Double Blind)

७) परिचय शून्यताको सिद्धान्त (Principle of Identity Masking)

८) असंलग्नताको सिद्धान्त (Principal of Non-involvement)

९) गोपनीयताको सिद्धान्त (Principle of Confidentiality)

**आयोगको कार्यसम्पादन प्रक्रिया र कार्यप्रवाह**

आयोगले निजामती सेवाको पदमा उपयुक्त उम्मेदवार सिफारिश गर्न तथा सुरक्षा निकाय र संगठित संस्थाका विभिन्न पदहरूमा उपयुक्त उम्मेदवार छनौट गर्नको लागि लिखित परीक्षा सञ्चालन देहाय अनुसारको कार्यप्रक्रियाका आधारमा गर्दछ ।

१) पदपूर्ति सम्बन्धमा वार्षिक कार्यतालिका (निजामती सेवा र सुरक्षा निकाय एवं अन्य संगठित संस्थाको अलग अलग तालिका निर्माण गरेर ।)

२) विज्ञापन प्रकाशन (निजामती सेवाको आयोगबाट अन्य निकायको तत्तत् सम्बन्धित संस्थाबाट गर्न सहमति र स्वीकृति दिएर ।)

३) दरखास्त संकलन (संगठित सस्थाहरूको हकमा सम्बन्धित संस्थाहरूको आ-आफ्नै संयन्त्रबाट दरखास्त संकलन गर्ने ।)

४) लिखित परीक्षा सञ्चालन (संगठित संस्थाको विज्ञापित पदका लागि तोकिएको मितिमा परीक्षा सञ्चालन गर्ने)

५) उत्तरपुस्तिकामा सांकेतीकरण (Coding): उत्तरपुस्तिकामा अलग अलग समूहबाट प्रथम र द्वितीय संकेत नम्बर राख्ने ।

६) उत्तरपुस्तिका परीक्षण तथा लिखित परीक्षा नतिजा तयारी

७) लिखित परीक्षा नतिजा प्रकाशन ।

८) प्रयोगात्मक परीक्षारकम्प्युटर सीप परीक्षण (सम्बन्धित संगठित सस्थाले सञ्चालन गर्ने)

९) प्रस्तुतीकरण, सामुहिक छलफल, अन्तर्वार्ता तथा सिफारिश (सम्बन्धित संगठित सस्थाले सञ्चालन गर्ने)

## आयोगको कामको कार्य प्रवाह तालिका




*स्रोत : लोक सेवा आयोगको ६० औ वार्षिक प्रतिवेदन २०७६ को पेज नं. १०*

**संगठित संस्थाको पदपूर्ति प्रक्रियामा आयोगको भूमिका**

आयोगको कामलाई व्यवस्थित गर्न विभिन्न कानुनी आधारको व्यवस्था छ । संगठित संस्थालाई थप व्यवस्थित गर्न २०७४ जेष्ठ २५ मा आयोगले संगठित संस्थाका कर्मचारीको सेवाका सर्त, बढुवा, विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४ लागु भएको छ । यसका अतिरिक्त आयोगको संगठित संस्थाको पदपूर्तिमा २ प्रकारले संलग्नता गर्ने गरेको छ । पदपूर्ति गर्नको लागि पूर्ति गर्नुपर्ने पदमध्ये सम्बन्धित सस्थाको विद्यमान कानुन तथा प्रचलित विधि पद्धति अनुसार खुला, आन्तरिक प्रतिस्पर्धा एवं बढुवाबाट पूर्ति गरिने पद संख्याको प्रतिशत निर्धारणको आधारमा विज्ञापन गर्न सहमति प्रदान गर्ने, लिखित परीक्षा सञ्चालन गर्नेदेखि लिखित परीक्षाको नतिजा प्रकाशन गर्नेसम्मका कार्य आयोग आफैंले गर्ने गर्दछ भने पदपूर्ति सम्बन्धी अन्य कार्यको लागि सम्बन्धित संगठित संस्थाको पदपूर्ति समितिमा आयोगको तर्फबाट कम्तीमा राजपत्रांकित द्वितीय श्रेणीको उपसचिव सरहको १ जना प्रतिनिधि तोकेर संलग्नता जनाउँदछ । पदपूर्ति समितिमा आयोगको प्रतिनिधिले आयोगका प्रचिलत कानुन नीति, विधि प्रणालीका अतिरीक्त सो संस्थाका कानुनको परिधिभित्र रही बढुवा सम्बन्धी कार्य,

प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता संलग्नता हुने र अन्तिम योग्यता क्रमको आधारमा उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिश गर्ने कार्यमा जिम्मेवारीपूर्ण तरिकाले काम सम्पादन गर्ने गर्दछन् । जसले गर्दा भर्ना छनौट प्रक्रिया निष्पक्षता र सरलीकरणमा बढुवा हुँदै जनविश्वास (Public Trust) बनाउन थप मद्दत पुगेको विभिन्न माध्यमबाट सबैलाई जानकारी हुँदै आएको छ । पदपूर्तिको कार्यलाई लिखित परीक्षा हुने र फाइल बढुवाबाट छनौट हुने २ प्रकारका कार्यमा आयोग र आयोगका प्रतिनिधिको संलग्नता एवं भूमिकालाई देहाय अनुसार उल्लेख गर्न सकिन्छ ।

**क) लिखित परीक्षा हुने पदतर्फ**

**१. विज्ञापन प्रकाशन पूर्वको कार्य**

पूर्ति हुनुपर्ने पदहरूको यकिन गरी पद नाम, शैक्षिक योग्यता, पाठ्यक्रम, प्रतिशत निर्धारण जस्ता विषयमा यकिन गरी पदपूर्ति समितिबाट स्वीकृति गरी आयोगमा सहमति र स्वीकृतिका लागि पठाउन आयोगबाट तोकिएको प्रतिनिधि सहभागी हुने गर्दछ । जसले गर्दा पदपूर्तिको लागि तोकिएको वार्षिक कार्यतालिका अनुसार प्रक्रिया अगाडि बढाउन सहजीकरण हुन्छ ।

**२. विज्ञापनको सहमति र स्वीकृति**

सम्बन्धित संगठित संस्थाबाट स्वीकृतिका लागि प्राप्त भएपछि सहमति प्रदान गर्दा समावेशीकरणको सिद्धान्त बमोजिम पद संख्या बाँडफाड मिले/नमिलेका हेर्ने, सुधार गर्न लगाउने काममा आयोग स्वयं क्रियाशील रही स्वीकृति प्रदान गर्दछ ।

**३. लिखित परीक्षा पूर्वकार्य**

आयोगबाट सहमति प्राप्त गरेपछि पदपूर्ति समितिबाट निर्णय गरी तोकिएको मितिमा सूचना प्रकाशन गर्ने र दरखास्त संकलन गर्ने कार्य सम्बन्धित संस्थाले आ-आफ्नो संयन्त्र परिचालन गरी तोकिएको म्यादभित्र गर्ने र प्राप्त आवेदन स्वीकृत गर्ने गर्दछ । विज्ञापन नम्बरअनुसार दरखास्त स्वीकृत भएका उम्मेदवारहरूको विवरण पदपूर्ति समितिमार्फत् आयोगमा पठाउने तथा बढुवातर्फ दरखास्त दिनेको उम्मेदवारको व्यवस्थापन संगठित संस्था आफैँले गर्ने गर्दछ ।

**४. लिखित परीक्षा सञ्चालन तथा लिखित परीक्षा नतिजा प्रकाशन कार्य**

लिखित परीक्षा सञ्चालन गर्ने, उत्तर पुस्तिकामा प्रथम र द्वितीय सांकेतीकरण (First and Second Coding) गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने गराउने एवं लिखित परीक्षाको नतिजाको प्रकाशन गर्ने तथा सम्बन्धित संस्थाको पदपूर्ति समितिमा नतिजा पठाउने कार्य आयोगले नै गर्ने गर्दछ ।

**५. प्रयोगात्मक परीक्षा/कम्प्यूटर सीप परीक्षणसम्बन्धी कार्य**

पाठयक्रमले तोकेबमोजिमको पदको लागि निर्धारित ढाँचामा प्रयोगात्मक परीक्षा तथा कम्प्यूटर सीप परीक्षण सम्बन्धी कार्य सम्बन्धित संस्थाको नियमावलीले व्यवस्था गरे बमोजिम पदपूर्ति समितिकै सुपरीवेक्षणमा संगठित संस्थाले गर्ने गर्दछ ।

**६. अन्तर्वार्ता (सामुहिक छलफल/प्रस्तुतीकरण) सञ्चालन**

सम्बन्धित संगठित संस्थाको कर्मचारी सेवा शर्त सम्बन्धी नियमावली वा अन्य व्यवस्थित निर्देशिका वा विधि अनुसार पाठयक्रममा तोकिए अनुसारको पूर्णाङ्कमा पदपूर्ति समितिले सम्बन्धित विज्ञसहितको संलग्नतामा मूल्याङ्कन गर्दछ । अन्तर्वार्ताको पूर्णाङ्कको ४० प्रतिशत देखि ७० प्रतिशत बीचमा रही उम्मेदवार मूल्याङ्कन हुने पद्धति रहेको छ ।

**७. अन्तिम योग्यताक्रम प्रकाशन**

अन्तर्वार्ता कार्यक्रम समाप्त भएपछि मात्रै अन्तिम योग्यताक्रम तयार गर्दा लोक सेवाबाट लिखित परीक्षाको प्राप्ताङ्क र डिकोड सूची ल्याउने पद्धति रहेको छ । अन्तर्वार्ताको औषत अंक, प्रयोगात्मक, लिखित परीक्षा प्राप्ताङ्क, आवश्यकतानुसार शैक्षिक योग्यताको अंकसहित जोडी कुल प्राप्ताङ्क निकाली योग्यताक्रम निर्धारण हुने गर्दछ । सबै चरणमा छुट्टाछुट्टै परीक्षाबाट उम्मेदवारले प्राप्त गरेको अंकलाई तत्समयमा शिलबन्दी गरी राखिएको खामलाई पदपूर्ति समितिको रोहबरमा खोली यो चरणमा अंकलाई गणना गरी योग्यताक्रम तय गर्दछ ।

उम्मेदवारले लिखित परीक्षाबाट छनौट हुँदा जुनजुन समूहको लागि उत्तीर्ण भएको हो, सोही समूहमा निजको योग्यताक्रमको कसीमा दाँजिन्छ जस्तै कुनै महिलाले खुला, महिला, आदिवासी/जनजाति र पिछडिएको क्षेत्रको लागि लिखित परीक्षामा छनौट भएकी रहिछन् भने निजलाई पहिलो प्राथमिकतामा खुलाको Merit मा राखिन्छ । त्यसमा योग्यताक्रममा नपरेमा मात्र सोपछिको छनौट समूहमा क्रमशः राखिन्छ । एउटा समूहमा सिफारिशमा भएपछि अरू समूहमा योग्यताक्रममा नै समावेश नगर्ने प्रणाली रहेको छ ।

**८. सिफारिश**

योग्यताक्रम बमोजिम सिफारिशको लागि छनौट भएका उम्मेदवारहरूलाई पदपूर्ति समितिले नियुक्तिका लागि

तोकिएको पद र स्थानमा नियुक्ति गर्नको लागि सम्बन्धित संस्थाको नियमावली/निर्देशिका बमोजिम संचालक समिति वा व्यवस्थापकसमक्ष सिफारिश गर्ने गर्दछ ।

**ख) बढुवा सम्बन्धी कार्यमा**

विज्ञापन भएका पदहरूमध्ये बढुवाबाट पदपूर्ति हुने गरी तोकिएका पदहरूको हकमा पदपूर्ति समितिले सो सम्बन्धी कार्यहरू गर्ने गर्दछ । उम्मेदवारले पेश गरेको बढुवा फाराम र सम्बन्धित संस्थाको नियमावली/निर्देशिका अनुरूप निम्न काम पदपूर्ति समितिले गर्दछ ।

- उम्मेदवारको कार्य अनुभवको गणना
- शैक्षिक योग्यता (आवश्यकतानुसार सेवा समूहसँग सम्बन्धित छ/छैन)
- कार्यसम्पादन मूल्यांकन गणना (आवश्यक वर्षको मात्र)
- भौगोलिक अंकको गणना
- ज्येष्ठताको गणना
- विभागीय सजाय पाए/नपाएको
- निलम्बन भए रनभएको

उल्लेखित सबै कुराबाट सम्भाव्य भएको उम्मेदवारहरूको बढुवाका लागि गणना हुने सबै अंक गणना गरी माग संख्या बमोजिमको संख्यामा उच्चतम अंक ल्याउने उम्मेदवारहरू मध्येबाट विज्ञापन अनुसार बढुवाको लागि सिफारिश गर्ने बढुवा उजुरी दिनको लागि नियमावली अनुसारको म्याद दिई सूचना प्रकाशन हुन्छ । उजुरी नपरे नियुक्तिको लागि सिफारिश गर्ने र उजुरी परे उजुरी सुन्ने निकाय/बोर्ड/पदाधिकारीबाट निर्णय भए बमोजिमका काम गर्ने कार्य बढुवासँग सम्बन्धित उम्मेदवारको हकमा लोकसेवा आयोगको प्रतिनिधिसहितको पदपूर्ति समितिबाट मात्रै सम्पादन हुने गर्दछ ।

**अन्तमा**

लोकतान्त्रिक शासन प्रणाली आ–आफ्नो क्षेत्रमा कार्य स्वायत्तता कानुनमार्फत सम्बन्धित निकायलाई दिएको हुन्छ । अन्तरसम्बन्धित मुद्दाहरूमा समन्वय र सहकार्यको लागि पनि आवश्यक प्रबन्ध गर्नु उपयुक्त मानिन्छ । त्यसैले पदपूर्तिको लागि लामो अनुभव संगालेको, विश्वास आर्जित गरेको आयोगलाई वर्तमान संविधानले समेत क्षेत्राधिकार बढाएको छ । संगठित संस्थामा पनि पदपूर्ति सम्बन्धी राम्रा अध्यासहरू नभएका होइन तथापि संवैधानिक जिम्मेवारीले गर्दा आयोगको साख त बढेकै छ तर संगठित संस्थाको पदपूर्ति सम्बन्धी काम नियमित रूपमा पूर्वमानुमान योग्य समेत हुँदै आएको पाइएको छ । आयोग र संगठित संस्था सरकारकै अवयव भएकोले एकअर्काको प्रतिस्पर्धी नभई परिपूरकको रूपमा काम हुँदै आएको छ ।

सरकारका संगठित संस्थाहरूबीचमा विगतमा पदपूर्ति सम्बन्धी कार्यमा विविधता रहेको, कुनै अमुक संस्थामा एकै वर्षमा २/३ पदपूर्ति हुने कतै २/३ वर्षमा १ पटक पनि पदपूर्ति प्रक्रिया नहुने, कहीं बढुवाको काम मात्रै नियमित रूपमा चल्ने तर बजारमा रहेको शैक्षिक बेरोजगारीलाई सम्बोधन गर्ने गरी खुल्ला पदपूर्ति प्रक्रिया अगाडि नबढ्ने गरेको परिदृश्यलाई न्यूनीकरण गर्न आवश्यक थियो । त्यसका लागि सामान्य सिद्धान्त, २०७४ आयोगले बनाएर लागु हुँदै आएको छ । जसको परिणामस्वरूप हालको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली र पदपूर्ति सम्बन्धी व्यवस्थालाई सबै संगठित संस्थाले समसामयिक परिवर्तन गरी एकरूपता ल्याउँदै गरेका छन् ।

राजनीतिक हस्तक्षेप, उच्च व्यवस्थापको मनोमानिता र संगठनमा आउने विचलनलाई हटाउन संविधानले आयोगलाई जिम्मा दिँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले बेला बखतमा गर्ने छानबिनमा कमी आएको छ भन्ने पदपूर्तिका विषयलाई लिएर बढ्ने गरेको मुद्दा मामिलामा भारी रूपले कटौती हुँदै जानु सकारात्मक पक्ष छन् । व्यवस्थापनलाई पनि आयोगले पदपूर्ति सम्बन्धी कार्यमा सहकार्य गर्नाले विभिन्न पक्षबाट गरिने गुनासो तथा धम्कीबाट छुटकारा पाएकोमा खुशी व्यक्त गर्ने गरेको अनुभूति पाउन थालिएको छ । एकातर्फ आयोगलाई जिम्मेवारी थप भए अनुसार कार्य सम्पादन मितव्ययी तरिकाले निर्धारित समयमा सम्पन्न गरी आयोग साख बचाइराख्नु चुनौतीको विषय रहेको छ भने अर्कोतर्फ संगठित संस्थाले बजारबाट आएका प्रतिभावा जनशक्तिलाई आकर्षण गर्नु, उपयुक्त तरिकाले परिचालन गरी संगठनमा टिकाइराख्नु (Retention) काम लगाई अधिकतम उपलब्धि हासिल गर्नु ठूलो अवसर र चुनौती रहेको छ । ■

**सन्दर्भ सामग्री**


- नेपालको संविधान, कानुनी किताब व्यवस्था समिति, २०७२
- लोक सेवा आयोग ६० औ वार्षिक प्रतिवेदन २०७६, लोकसेवा आयोग
- निजामती सेवा पत्रिकाका, विभिन्न अंक, लोक सेवा आयोग


*लेखक लोक सेवा आयोगमा उपसचिव हुनुहुन्छ ।*

# बैंक तथा वित्तीय संस्थाको प्रभावकारी जोखिम व्यवस्थापन



दिपेन्द्रकुमार ऐर

**विषय प्रवेश**

देशको आर्थिक विकासका लागि प्रभावकारी वित्तीय प्रणालीको आवश्यकता पर्दछ । बैंकिङ्ग प्रणालीले वित्तीय क्षेत्रका क्रियाकलापलाई गति दिन्छ । आर्थिक क्रियाकलापहरूलाई वृद्धि गर्न बैंक तथा वित्तीय संस्थाको अहम् भूमिका रहेको हुन्छ । नेपालमा वित्तीय कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत पाएका पूर्ण सरकारी, अर्धसरकारी, ज्वाइन्ट भेन्चर र निजी क्षेत्रका 'क', 'ख', 'ग' (फाइनाइन्स कम्पनी) र माइक्रो क्रेडिट गरी क्रमशः २८, २५, २२ र ८९ रहेका छन् । हाल तिनका जम्मा ९२२३ शाखाहरू कार्यरत रहेका छन् । उपरोक्त बैंक तथा वित्तीय संस्थाका शाखामार्फत् निक्षेप रू.३४ खर्ब ४५ अर्ब र कर्जा रू. ३० खर्ब ५६ अर्ब रहेको छ । आर्थिक वर्ष २०७५/०७६ मा 'क' वर्गका बैंकहरूको नाफा मात्रै रू. ६५ अर्ब ३९ करोड रहेको छ । यसबाट सरकारलाई कर बापत ठूलो रकम संकलन भएको छ । हाल नेपालभरिका करिब ७३९ स्थानीय तहमा बैंक तथा वित्तीय संस्थाको उपस्थिति रहेको छ । त्यस्तै सहकारी विभागमा दर्ता भएका करिब ३४५१२ को-ओपरेटिभ्सले करिब रू. ३ खर्ब २ अर्ब निक्षेप र रू. २ खर्ब ७३ अर्ब कर्जा प्रवाह गरी वित्तीय सेवा प्रदान गरिरहेका छन् ।

देशको आर्थिक क्रियाकलापका लागि बैंक तथा वित्तीय संस्थाहरूले सरकारी तथा निजी क्षेत्रको पूँजी तथा बचत संकलन गरी पूँजी निर्माण गरिरहेका छन् । यसरी सरकारी र निजी क्षेत्रको पूँजीको सुरक्षा गर्ने दायित्व बैंक तथा वित्तीय संस्थाको भएकोले त्यसको सञ्चालन र व्यवस्थापन चुस्त, दुरूस्त बनाई जोखिम व्यवस्थापन गर्ने जिम्मेवारी समेत वित्तीय संस्थाको हुन्छ । बैंकिङ्ग व्यवसायको प्रकृति विविध र Complex (जटिल) भएकोले यसमा आउन सक्ने विभिन्न जोखिमको व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्थाहरू सक्षम हुनु पर्दछ ।

बैंक तथा वित्तीय क्षेत्रमा, बैंकिङ्ग क्षेत्रका आन्तरिक कारण (आन्तरिक नियन्त्रण प्रणाली र सुशासन) वा बाह्य कारण (राजनैतिक, आर्थिक, सामाजिक तथा अन्तर्राष्ट्रिय कारण) हरूले बैंकिङ्ग व्यवसायमा समय समयमा विभिन्न उतार चढाव तथा जोखिमहरू देखिन्छन् । तीनको व्यवस्थापन तथा जोखिम न्यूनीकरण गर्न नसकेमा वित्तीय बजारमा नकारात्मक असर पर्दछ । त्यसका कारणले आर्थिक क्रियाकलापमा समेत नकारात्मक परिणाम आई वित्तीय संकट समेत देखिन्छ । यसरी नै बैंक तथा वित्तीय संस्थाहरूले जोखिम व्यवस्थापन गरिरहेका हुन्छन् ।बैंक तथा वित्तीय क्षेत्रमा बैंकिङ्ग क्षेत्रमा निक्षेप संकट तथा छुटफुट बैंकिङ्ग अपराधका घटना पनि देखिएका छन् यस्ता समस्या हटाउन संलग्न बैंक तथा वित्तीय संस्थालेन्यूनीकरण गर्दै जाने व्यवस्था गर्दै आएका छन् ।

**बैंक तथा वित्तीय संस्थामा जोखिम**

सामान्यता जोखिम कुनै पनि घटना हुन सक्ने संभावनाबाट सम्भाव्य मूल्य वा मान्यताको नोक्सानी हुन सक्ने अवस्था हो । जोखिम हरेक क्षण, पल, ब्यक्ति, व्यवसाय, क्षेत्र तथा शासनमा अन्तरनिहित हुन्छ । जोखिमको क्षेत्र व्यापक रहेको हुन्छ । उदाहरणका लागि हेर्ने हो भने हाम्रो देशको निर्माण भइरहेका राष्ट्रिय गौरवका धेरै आयोजनाहरू समयमा सम्पन्न हुन सकेका छैनन, तिनको लागत बढ्दै गएको छ र कुनै योजनाको गुणस्तरमा कमी भएका खबर सुन्न पाइन्छन् । ती योजना बनाउँदा नै सबै पक्षहरूमा जोखिमको न्यूनीकरण गर्दै विस्तृत योजना नभएको वा व्यवस्थापनमा कमी भएको आभास हुन्छ । बैंक तथा वित्तीय क्षेत्रमा बैंकिङ्ग क्षेत्रमा अपराधका घटना पनि देखिएका छन् यस्ता अपराध बढ्न नदिन संलग्न बैंक तथा वित्तीय संस्थाले न्यूनीकरण गर्दै जाने व्यवस्था गर्दै गरेका छन् । बैंकिङ्ग व्यवसाय विविध र जटिल भएको र यसका कार्यक्षेत्रहरू बढ्दै जाँदा जोखिमका क्षेत्र पनि बढ्दै जान्छन् । देशको आर्थिक, राजनैतिक, सामाजिक वातावरणका कारण र अन्तर्राष्ट्रिय कारणले तथा कहिलेकाहीँ संस्थाको आफ्नै कमजोर

नियन्त्रण प्रणालीका कारण वित्तीय क्षेत्रमा जोखिमहरू अन्तरनिहित रहन्छन् । त्यस्ता परिस्थितिको व्यवस्थापन गर्न बैंक तथा वित्तीय संस्था सक्षम हुनुपर्दछ ।

बैंक तथा वित्तीय संस्थामा जोखिम भन्नाले पूँजी संकलन, संचालन तथा व्यवस्थापन गर्दा मौद्रिक वा गैह्र मौद्रिक मूल्य मान्यतामा नोक्सानी हुनु हो । बैंक तथा वित्तीय संस्थामा कर्जा जोखिम, सञ्चालन जोखिम, तरलता जोखिम, बजार जोखिम, ब्याजदर जोखिम, विदेशी विनियम जोखिम तथा सूचना प्रविधि जोखिम जस्ता जोखिम निहित हुन्छन् । तीनको पहिचान, मापन र व्यवस्थापन गरी जोखिम न्यूनीकरण गरिएको हुन्छ । जोखिमहरू आन्तरिक र बाह्य कारणले सृर्जना हुन सक्दछन् । नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरूले प्रचलित कानुन, नियनम निकायको प्रक्रिया र शर्त पालना गर्दा गर्दै पनि आन्तरिक कमजोरी तथा बाह्य चुनौती कारण जोखिममुक्त नहुन सक्दछन् ।

देशको सरकारी तथा जनताको पूँजी र बचतलाई सुरक्षित र गतिशील उत्पादनशील बनाउन बैंक तथा वित्तीय क्षेत्रको जिम्मा रहने हुनाले यसको संचालन जोखिमरहित बनाउन वित्तीय संस्थाहरूको जिम्मेवारी हुन आउँदछ । बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो पूँजी, संगठनात्मक संरचना, कारोबार, सेवा सुविधा र कार्यक्षेत्र अनुसार प्रतिस्पर्धी अवस्थामा विभिन्न सेवा प्रदान गर्दा अत्याधुनिक प्रविधि, आधुनिक बैंकिङ्ग सफ्टवेयरमार्फत् आधुनिक बैंकिङ्ग सेवा प्रदान गर्नुपर्ने बाध्यता भएकाले सबै सेवा सुविधा प्रदान गर्दै आइरहेका छन् । त्यस्तै अन्तर्राष्ट्रिय बैंकिङ्ग कारोबार गर्न अन्तर्राष्ट्रिय प्रणालीको अनुशरण र सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ । बैंकिङ्ग सेवा, सुविधा कारोवारको अवस्थाले गर्दा बैंकिङ्ग क्षेत्र अन्तर्राष्ट्रिय स्तर र मान्यताका आधारमा संचालन हुन जरूरी देखिन्छ । यसका लागि हाम्रो आधुनिक बैंकिङ्ग कारोबार समेत अन्तर्राष्ट्रिय प्रणाली अनुसार विकास हुँदै गएको छ । यस्तो अवस्थामा जोखिमका क्षेत्रहरू पनि बढ्दै जान सक्ने भएकाले बैंक तथा वित्तीय संस्थाले जोखिम व्यवस्थापनलाई प्रभाकारी बनाउँदै गरेका छन् ।

**नियमन निकायको जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था**

नेपालको केन्दीय बैंक,नेपाल राष्ट्र बैंकले मौद्रिक नीति र विभिन्न निर्देशन, गाइडलाइन तथा स्थलगत निरीक्षण तथा सुपरीवेक्षण मार्फत 'क' 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाले न्यूनतम पूँजीकोषको व्यवस्था, कर्जा सापट नोक्सानी व्यवस्था, एकल कर्जा सीमा, क्षेत्रगत कर्जा, कर्जा सीमा, लेखानीति तथा वित्तीय विवरण ढाँचा, सुपरीवेक्षण गर्ने व्यवस्था, लगानी तथा सहायक कम्पनी सम्बन्धी व्यवस्था, तथ्यांक विवरण, संस्थागत शेयर खरीद बिक्री सम्बन्धी व्यवस्था, अनिवार्य मौज्दात सम्बन्धी व्यवस्था, सह-वित्तीयकरण कर्जा, कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था, ब्याजदर, स्रोत संकलन, विपन्न कर्जा, नियमित ग्राहक संरक्षण, साक्षरता सम्बन्धी निर्देशन जारी गरी सोही अनुसार कार्यसम्पन्न गर्न निर्देशन दिएको छ । ती निर्देशनहरूको पालनबाट बैंक तथा वित्तीय संस्थाहरूको जोखिम न्यूनीकरण गर्न सहयोग पुगेको छ ।

नेपाल राष्ट्र बैंकले २०७६ कार्तिकमा जारी गरेको एकीकृत निर्देशिकाको निर्देशन नं. ०५।०७६ ले बैंक तथा वित्तीय संस्थाले जोखिमको पहिचान, मापन, अनुगमन, व्यवस्थापन, नियन्त्रण र रिर्पोटिङ्गको लागि जोखिम व्यवस्थापन संरचना तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था गर्न दिएको निर्देशन छ । यस बमोजिम बैंकको सञ्चालक समिति र उच्च व्यवस्थापनको निगरानीमा रहने गरी पर्याप्त नीति, नियमाबली र निर्देशन बनाउन, प्रभावकारी जोखिम व्यवस्थापन गर्न उपयुक्त सूचना प्रणाली विकास गर्न, आन्तरिक नियन्त्रण प्रणालीप्रभावकारी बनाउन, अन्तरनिहित जोखिमका जानकारी लिन र प्रमुख जोखिम अधिकृतको व्यवस्था गर्ने गरी जोखिमको वर्गीकरण अनुसार जोखिम व्यवस्थापन रणनीति बनाई कार्यान्वयनमा ल्याउने निर्देशन जारी गरेको छ । त्यस्तै Risk Management Guideline 2018 जारी गरी कार्यान्वयनमा ल्याउन निर्देशन गरेको छ । नियमन निकायका निर्देशन बमोजिम नीति, नियमावली कार्यविधि र रणनीति नबनाई कारोबार गरेमा दण्ड जरिवानाको समेत व्यवस्था गरेको छ ।

**बैंक तथा वित्तीय संस्थाले जोखिम प्रभावकारी बनाउन गर्नुपर्ने कार्यहरु**

१. बैंक तथा वित्तीय संस्थाहरूको नियमन निकाय नेपाल राष्ट्र बैंकले २०७६ कार्तिकमा जारी गरेको एकीकृत निर्देशिकाको निर्देशन नं. ०५।०७६ मा जोखिम व्यवस्थापन गर्नेबारे स्वीकृत संस्थालाई निर्देशन दिइएको छ । निर्देशन अनुसार स्वीकृत संस्थाले आवश्यकता अनुसारका जोखिम व्यवस्थापन सम्बन्धी नीति, रणनीति, नियमावली, कार्यविधि तथा निर्देशनहरू बनाई लागु गर्ने, कार्यान्वयनमा ल्याउने तथा त्यसको निगरानी सञ्चालक समिति उच्च व्यवस्थापनको गर्ने गरिजोखिम व्यवस्थापन संरचना प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने भनिएकोमा सो निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले गर्दै आएका छन् । साथै

यसमा निर्देशन बमोजिम जोखिम व्यवस्थापन कार्यक्रम बनाई लागु गर्ने व्यवस्था बैंक सञ्चालक समितिलाई जिम्मेवार बनाइएको छ । त्यस्तै बासेलका सिद्धान्त अनुसार जोखिम न्यूनीकरण गर्न अभ्यासहरू लागु गर्नुपर्नेछ । नेपाल राष्ट्र बैंकले जारी गरेका Risk Management Guideline 2018 ले जोखिम रणनीत बनाउन सहयोग गर्दछ । ने.रा.बैंक, लेखा परीक्षण र अन्य नियायबाट निरीक्षण तथा सुपरीवेक्षणका बेला देखिएका कमी कमजोरीहरूलाई तुरून्तै सुधार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

२. बैंक तथा वित्तीय संस्थाले स्वीकृत गरेका जोखिम व्यवस्थापन सम्बन्धी नीति, नियमावली कार्यविधि कार्यान्वयनमा ल्याउन संगठनात्मक संरचना अनुसार उच्च तहदेखि शाखा कार्यालयका कर्मचारीलाई स्पष्ट रूपमा बुझ्ने/बुझाउने गरी अक्षरशः कार्यान्वयनमा ल्याउने र त्यसका लागि सम्बन्धित विभाग र इकाइमार्फत् सबै कर्मचारीसम्म पुग्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । विषयको संवेदनशीलता हेरी नीति नियमावली कार्यविधिको जानकारी आन्तरिक नेटवर्क प्रणालीमा राख्न सकिन्छ । यसरी सबै कर्मचारीहरूलाई जानकारी गराउन सकिन्छ । बैंक तथा वित्तीय संस्थालाई प्रतिस्पर्धात्मक अवस्थामा आफ्ना सबै बैंकिङ्ग सेवा, शर्त सुविधा उपलब्ध गराउन बाध्यता देखिएकोले बैंकले उपलब्ध गराउने सेवा शर्त सुविधाबमोजिम कार्यविधि बनाई अक्षरशः कार्यान्वयनमा ल्याउँदा जोखिम न्यूनीकरण गर्न सकिन्छ ।

३. बैंक तथा वित्तीय क्षेत्रमा बैंकिङ्ग व्यवसायको अवस्थामा सारभूत तत्वले परिवर्तन देखिने वा नदेखिने अवस्थालाई मापन गरी समयानकुल जोखिम स्वीकार नगर्ने, गर्ने तर घटाउने, जोखिम बाडने र जोखिम स्वीकार गर्ने जोखिम रणनीति तयार गरी लागुगर्ने संस्कारको विकास गर्दै जानु पर्दछ ।

४. संस्थाले बैंकिङ्ग व्यवसायमा नयाँ वा थप वा परिमार्जन गर्दा सेवासँगै नयाँ प्रविधिको प्रयोग गर्न पर्ने भएकाले सेवा सुविधासँगै कार्यविधि र नियन्त्रण प्रणाली प्रभावकारी रूपमा लागु गर्नु गर्दछ ।

५. बैंक तथा वित्तीय संस्थाले बनाएका जोखिम व्यवस्थापन सम्बन्धी जानकारी तालिम, गोष्ठी सेमिनारमार्फत सबैलाई जानकारी गराउने संयन्त्रको विकास गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्थाहरूले नाफाका साथै जोखिम व्यवस्थापनमा समेत केही लगानीको हिस्सा बढाउँदै जान उपयुक्त देखिन्छ ।

६. विषय विज्ञता र दक्ष कर्मचारीबाट जोखिम रणनीति तयार गरी कार्यान्वयन गर्न बैंक तथा वित्तीय संस्थाले जोखिम न्यूनीकरण गर्नका लागि थप खर्च तथा लगानी गर्नु पर्दछ । आवश्यक देखिएमा सूचना प्रविधि र आधुनिक बैंकिङ्ग सेवाका नयाँ सेवाका विषय विषेशज्ञको व्यवस्था गर्नु गर्दछ ।

७. जोखिम व्यवस्थापनका लागि रणनीति तयार गर्न कर्मचारीहरूलाई तालिम अध्ययन गराई दक्ष जनशक्ति तयार गर्न पर्दछ साथै कर्मचारी भर्ना गर्दा दक्ष कर्मचारी पूर्ति गर्ने कार्य गर्नुपर्दछ ।

**निष्कर्ष**

देशको आर्थिक विकासका लागि बैंकिङ्ग क्षेत्रको भूमिका महत्वपूर्ण र व्यापक भएकोले आर्थिक क्रियाकलापलाई गतिशीलता दिन यो क्षेत्र जोखिमरहित बनाउन जोखिम व्यवस्थापन गर्न अति आवश्यक छ । बैंक तथा वित्तीय संस्थाले सरकार तथा जनताको पूँजी तथा बचतको व्यवस्थापन गरी देशमा उद्योगधन्दा, कल कारखाना, व्यापार व्यवसायलाई आवश्यक पर्ने पूँजीको स्रोत जुटाइदिएको छ । बैंक तथा वित्तीय संस्थाले जोखिम न्यून गर्न बनाइएका जोखिम व्यवस्थापन रणनीति बनाई सोको कार्यान्वयनको जानकारी बैंक तथा वित्तीय संस्थाका संचालक समिति, उच्च व्यवस्थापन र दैनिक कार्य सम्पादन गर्ने कर्मचारीहरूलाई जानकारी भएको हुनु पर्दछ । संस्थाका नीति, नियम पालन गर्नेबारे सधैं सतर्क, संवेदनशील र जिम्मेवार भई कार्य गर्नुपर्ने संस्कारको विकास गर्नुपर्दछ । बैंक तथा वित्तीय संस्था चुस्त, सक्षम र दीगो बनाउन जोखिमका पक्षलाई व्यवस्थित गर्दै जानु पर्दछ । साथै नियमन निकायले वित्तीय संस्थाको अनुगमन सुपरीवेक्षण प्रभावकारी बनाउँदै जानुपर्दछ । प्रचलित नेपाल कानुन, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंकका निर्देशन, गाईडलाइन, अन्तर्राष्ट्रिय पक्षसँग भएका सहमतिलाई आधार मानी बैंक तथा वित्तीय संस्थाले जोखिम व्यवस्थापन रणनीति बनाई कार्यान्वयनको अवस्थामा रहेकोमा त्यसलाई समयानुकुल थप वा परिमार्जन गरी थप प्रभावकारी बनाई बैंकहरूले आफ्नो कारोबार संञ्चालन गदै जानुपर्दछ । ■

**स्रोत**

- नेपाल राष्ट्र बैंकको वेभसाइट ।
- लेखकका निजी विश्लेषण भएको

*लेखक कृषि विकास बैंकका पूर्वविभागीय प्रमुख हुनुहुन्छ ।*
E-mail :- airdipen@gmail.com

# कृषि विकास बैंकको एक गौरवशाली इतिहास

## नेपालको मौलिक ग्रामीण विकासको शैली : साना किसान विकास अभियान आरोह र उपलब्धिहरु



कृष्णप्रसाद लामिछाने

### १. परिचय

ग्रामीण विपन्नता कम गर्दै देशको समग्र आर्थिक अवस्थामा सुधार ल्याउने लक्ष्य राखी सन् १९५० को दशकदेखि नै नेपालमा विभिन्न कृषि तथा ग्रामीण विकासका प्रयासहरू हुँदै आए । सन् १९७० को मध्ये दशकसम्म सञ्चालित त्यस्ता ग्रामीण विकासका कार्यक्रमबाट समाजका वास्तविक गरीबभन्दा शिक्षित, उच्च र प्रभुत्व वर्ग नै लाभान्वित हुन पुगे । परिणामतः सम्पन्न र विपन्नबिचको अन्तर फराकिलो हुँदै गयो । यो समस्यालाई निराकरण गर्न विपन्न वर्गलाई नै लक्षित गरी सरकारी स्तरबाट छुट्टैनीति तथा विकास कार्यक्रम तय हुनुपर्ने महसुस गरियो । यसै सन्दर्भमा तत्कालीन सरकार तथा अन्तर्राष्ट्रिय संघ/संस्थाबीच भएको विचार गोष्ठीको फलस्वरूप सन् १९७५ मा नेपालमा साना किसान विकास कार्यक्रमको थालनी भयो । सर्वप्रथम वि.सं. २०३२ साल असोज २ गते धनुषा जिल्लाको साबिक महेन्द्रनगर गाविस र त्यसको लगत्तै मंसिर १८ गते नुवाकोटको साबिक तुप्चे गाविसमा गरी दुईवटा परीक्षण कार्यक्रम सञ्चालन भए । परीक्षण कार्यक्रमको प्रभावकारिताले गर्दा यसले राष्ट्रिय कार्यक्रमको स्वरूप लिन पुग्यो । यो कार्यक्रमको सञ्चालनको जिम्मा कृषि विकास बैंकले लिएको थियो । आर्थिक वर्ष २०४८/४९ सम्ममा देशको तत्कालीन ६५२ गाउँ विकास समितिका करिब २ लाख १० हजार साना किसान घरपरिवारलाई सेवा प्रवाह गर्नमा यो कार्यक्रम सफल रह्यो ।

### २. साना किसान सहकारी कृषि संस्थाको उदय

लामो समयमा भएको कार्यक्रमबाट लाभान्वित गरीबको संख्यालाई दृष्टिगत गर्दा अधिकतम् गरिबसम्म पुग्न चुनौती देखियो भने अर्कोतर्फ कार्यक्रम सञ्चालन खर्च र तिब्रत्तर विस्तारका कारण सेवाको गुणस्तर र प्रभावकारिताको पक्षबाट समेत विकल्पको खोजी हुन आवश्यक देखियो । उपरोक्त तथ्यलाई महसुस गरी जर्मन सहयोग नियोग (GIZ) को सहयोगमा कृषि विकास बैंकबाट ग्रामीण क्षेत्रमा साना किसानको स्वःस्फूर्त र दीगो संगठन निर्माण गरी गरीबबाटै गरीबको विकास गर्ने नवीन खोजको रूपमा "संस्थागत विकास कार्यक्रम" सञ्चालन गरियो । यसैबाट साना किसान विकास आयोजनाले गर्दै आएका सम्पूर्ण क्रियाकलापको व्यवस्थापन गर्ने व्यवस्था मिलाइयो । जसअनुरूप साना किसान विकास आयोजनालाई "साना किसान सहकारी संस्था लि." को रूपमा रूपान्तरण गर्ने कार्य सुरू भयो । ग्रामीण क्षेत्रमा निर्मित गरीबको आफ्नै यस्ता संगठनलाई साना किसान विकास आयोजनाको व्यवस्थापन हस्तान्तरण गर्ने कार्य प्रणाली अवलम्बन गरियो ।

अहिले, संस्थागत प्रक्रियाद्वारा रूपान्तरित र अनुसरित साना किसान सहकारी संस्थाहरूबाट विपन्न तथा साना किसानलाई स्थानीय स्तरमा नै लघुवित्त सेवा पुऱ्याउने कार्य हुँदै आएको छ । आर्थिक कार्यक्रमअन्तर्गत आफ्ना कृषक सदस्यहरूको आयवृद्धि गर्न आवश्यक कर्जा तथा प्राविधिक सेवा प्रदान गरेका छन् । यसबाहेक संस्थाको आन्तरिक स्रोत वृद्धिका लागि साना किसानहरूलाई संस्थाको सेयर खरिदमा उत्प्रेरित गर्ने र सदस्य तथा सदस्य परिवारबाट विभिन्न किसिमका बचत कार्यक्रम सञ्चालन गर्दै आएका छन् । सदस्य सुरक्षाका कार्यक्रमहरू, सामाजिक/सामुदायिक विकास, पशुधन सुरक्षण (पशुबिमा) आदि जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आबद्ध सहकारी संस्थाहरूको विगत ७ वर्षकको तुलनात्मक केही सूचकहरू तलको तालिकामा प्रस्तुत गरिएको छ ।

(कृषि विकास बैंक एवं साना किसान विकास लघुवित्त संस्था लि.)



साना किसान सहकारी संस्था लि. (साना किसानहरुको संगठन)

**विगत ७ वर्षको साना किसान कृषि सहकारी संस्थाहरुको संगठनात्मक र वित्तीय सूचकहरु**

| विवरण | ०६९/७० | ०७०/७१ | ७१/७२ | ७२/७३ | ७३/७४ | ७४/७५ | ७५/७६ |
|---|---|---|---|---|---|---|---|
| जम्मा सहकारी संस्था संख्या | ३९६ | ४३९ | ५३७ | ६६५ | ७५२ | ८४१ | ९८१ |
| आबद्ध संस्था संख्या | ३९१ | ४२८ | ५१० | ६०२ | ६५५ | ६८० | ७५० |
| आबद्ध हुन बाँकी अनुसरित संस्था | ५ | ११ | २७ | ६३ | ९७ | १६१ | २३१ |
| महिला संस्था संख्या | ८८ | ९५ | १५४ | २२५ | २४८ | २६७ | ३४७ |
| समूह संख्या | ४०९९१ | ४७९२१ | ५७२०१ | ७७३७८ | ८६७३१ | ९१५८८ | १०६९१८ |
| आबद्ध संस्थामा संलग्न सदस्य संख्या | ३२३३८४ | ३६६५४२ | ४३७३६२ | ५४१६५२ | ६४९३३२ | ६६७४७० | ७२८८९३ |
| अनुसरित संस्थामा संलग्न सदस्य | १८७५ | ४१२५ | ८६४० | १९२१५ | २९५८५ | ४९१०५ | ६६९९० |
| जम्मा समेटेको (परिवार) सदस्य | ३२५२५९ | ३७०६६७ | ४४६००२ | ५६०८६७ | ६७९५१७ | ७१६५७५ | ७९५८८३ |
| महिला सदस्य प्रतिशत | ६७ % | ७० % | ७२ % | ७६ % | ७७ % | ७७ % | ७९ % |
| सेयर पूँजी (रू. लाखमा) | १०४८९ | १४६१८ | २०३२४ | २६७९७ | ३५२०४ | ४३३१० | ५१५२३ |
| आन्तरिक पूँजी (रू. लाखमा) | ६५२७३ | ९१२०५ | १३२४६७ | १६२९५७ | २२९४२७ | २६५९६८ | ३२८५१० |
| लगानीमा रहेको ऋण (रू. लाखमा) | १०४४२२ | १४६९०५ | २०७३४८ | २७७२७४ | ३४८२१४ | ४२१३३४ | ४९८०९२ |
| संस्थाहरूको कुल सम्पत्ति (रू. लाखमा) | ११९०४१ | १६७४७२ | २३६३७७ | ३१६०९२ | ३९६९६४ | ४८०३२१ | ५६७८२५ |

*स्रोतः साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.*

साना किसान सहकारी अनुशरणका क्रममा रहेका २३१ समेत २०७६ असारमा ९८१ सहकारी संस्थाहरू साना किसान विकास अभियानमा संलग्न रहेका छन् । यी संस्थाहरूले झण्डै सात लाख ९६ हजार परिवारलाई आफ्नो कार्यक्रममा समेटेका छन् । यी संस्थाहरूमा ७९ प्रतिशत महिलाहरूको सहभागिता रहेको छ । रू. ५ अर्ब १५ करोडभन्दा बढी सेयर पूँजी भएका यी संस्थाहरूले रू. ४९ अर्ब ८१ करोडको हाराहारीमा सदस्यहरूलाई कर्जा प्रवाह गरेका छन् । झण्डै रू. ३३ अर्ब बराबरीको स्थानीय वित्तीय स्रोत संकलन तथा परिचालन गर्न सामर्थ्य यी संस्थाहरूको २०७६ असार मसान्तमा कुल सम्पत्ति रू. ५६ अर्ब ७८ करोड पुगेको छ । उक्त रकममध्ये साना किसान विकास लघुवित्त वित्तीय संस्थाबाट लिएको ऋण रू. २० अर्ब ४६ करोड मात्र छ ।

**३. साना किसान विकास लघुवित्त वित्तीय संस्था (साबिक साना किसान विकास बैंक) लि. को स्थापना**

आयोजनाहरू सहकारीमा रुपान्तरण हुने क्रम निरन्तर जारी रह्यो । यसका अलावा साना किसान सहकारीको सेवा नपुगेका स्थानीय तहहरूमा साना किसान सहकारी अनुशरण कार्यक्रमका माध्यमबाट नयाँ साना किसान सहकारी संस्था स्थापना गर्ने कार्य पनि सँगसँगै अघि बढाइयो । साना किसान सहकारी संस्थाको कार्य सञ्जालले बृहत रूप लिँदै जान थाल्यो । यसरी साना किसान सहकारी संस्थाको संख्या र साना किसानहरूको ती संस्थामा आबद्ध हुने क्रम पनि बढ्दै गयो । ती साना किसान सहकारी संस्थाहरूलाई आवश्यक वित्तीय तथा गैर वित्तीय सेवामा निरन्तरता दिन, त्यस्ता संस्थाको अनुगमन तथा क्षमता अभिवृद्धि गर्न, सांगठानिक तबरले दीगो र वित्तीय रूपले सक्षम संस्था बनाउन राष्ट्रियस्तरको एक छुट्टै विशिष्टीकृत बैंकको आवश्यकता महसुस गरियो । यिनै आवश्यकतालाई दृष्टिगत गर्दै कृषि विकास बैंकको अगुवाइमा विभिन्न क्षेत्रमा रहेका साना किसान सहकारी संस्थाहरू, नेपाल सरकार तथा अन्य वाणिज्य बैंकहरू समेतको सेयर लगानीमा विक्रम सम्वत् २०५८ सालमा राष्ट्रियस्तरको एक विशिष्ट बैंकको रूपमा साना किसान विकास बैंक (हाल लघुवित्त वित्तीय संस्था) लि.को स्थापना भएको हो ।

साना किसानहरूको आफ्नै स्वामित्वमा स्व:स्फूर्त र वित्तीय सक्षमता सहितका सशक्त विकास सञ्जाल निर्माण गर्ने प्रक्रियामा यो वित्तीय संस्था आफैँमा एक पहिचान र दृष्टान्त बन्न पुगेको छ । यस वित्तीय संस्थाको सेयर पूँजी, संस्थागत बचत, वाणिज्य बैंकहरूबाट लिएको कर्जा, दातृसंस्था तथा नेपाल सरकारबाट प्राप्त स्रोतलाई परिचालन गरी साना किसान सहकारी संस्था तथा यस्तै प्रकृतिका अन्य संस्थाहरूको कर्जाको मागलाई आपूर्ति गर्दै आएको छ । यसका अतिरिक्त नेपाल सरकार र अन्य वैदेशिक संघ संस्थासँग समन्वय गरी पशुधन सुरक्षण, सामाजिक तथा सामुदायिक विकास, संस्थाको क्षमता अभिवृद्धि र सेवा पाउने साना किसानको संख्या वृद्धिका लागि साना किसान सहकारी अनुशरण जस्ता साना किसानहरूका लागि कल्याणकारी कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

## ४. वित्तीय संस्थाको सेयर संरचना :

वि.सं. २०५८ मा साना किसान विकास लघुवित्त वित्तीय संस्था स्थापना गर्दा नेपाल सरकार, कृषि विकास बैंक, नेपाल बैंक लि., नबिल बैंक लि. र २१ वटा साना किसान सहकारी संस्थाहरू संस्थापकको रूपमा रहेका थिए । यो लघुवित्त संस्था साना किसान सहकारी संस्थाहरूलाई लक्षित गरी स्थापना गरिएको हुँदा कुल सेयर पूँजीको अधिक हिस्सा साना किसान सहकारी

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को सेयर संरचना, २०७६ पौष (रु. दश लाखमा)




संस्थाहरूको नभएसम्म नेपाल सरकार तथा कृषि विकास बैंक लि.ले आ-आफ्नो स्वामित्वमा रहेको सेयर क्रमशः साना किसान सहकारी संस्थाहरूलाई बिक्री गर्ने नीतिअनुरूप नेपाल सरकारको पुरै र कृषि विकास बैंक लि. को केही हिस्सा साना किसान सहकारी संस्था लि. हरूका नाममा बिक्री गरिएको छ । नेपाल बैंकले बिक्री गरेको सेयर समेत यीनै संस्थाले खरिद गरेका छन् । २०७६ पौषमा यस वित्तीय संस्थाको चुक्ता पूँजी रू.१ अर्ब २३ हजार पुगेका छ ।

हाल संस्थापक तर्फबाट २३१ वटा साना किसान सहकारी संस्थाहरूले सेयर लगानी बढाई कुल रू. ४३ करोड ६६ लाख अर्थात् ४४ प्रतिशत पुऱ्याएका छन् । कृषि विकास बैंक लि.को सेयर स्वामित्व रू. २२ करोड ३ लाख ४० हजार अर्थात् २२ प्रतिशत कायम रहेको छ । नेपाल बैंक लि. को रू. १ करोड २१ लाख ५० हजार र नबिल बैंक लि.को रू. ३ करोड ३ लाख ७० हजार अर्थात् क्रमश १ र ३ प्रतिशत रहेको छ । यसरी संस्थापकहरूको ७० प्रतिशत सेयरको हिस्सा छ । सर्वसाधारण सेयरधनीहरूको रू. ३० करोड ७ लाख ८० हजार अर्थात् ३० प्रतिशत सेयर स्वामित्व रहेको छ ।

**कार्य सञ्जाल** : यस लघुवित्त वित्तीय संस्थाको काठमाडौंमा एक केन्द्रीय कार्यालय तथा प्रदेश १ मा बिर्तामोड र इटहरी, प्रदेश २ को जनकपुर, प्रदेश ३ को काभ्रे, गजुरी र हेटौडा, प्रदेश ४ को पोखरा, प्रदेश ५ को बुटवल र नेपालगन्ज, प्रदेश ६ को सूर्खेत र प्रदेश ७ को धनगढीमा गरी ११ वटा फिल्ड कार्यालय सहित १२ कार्यालयहरू रहेका छन् । यी कार्यालयहरूबाट देशका ९८१ सहकारी संस्थाहरूमार्फत् नेपालको झण्डै ८ लाख परिवारमा लघु तथा कृषिवित्त सेवा पुऱ्याउँदै आएको छ । नेपालका ७५३ मध्ये ४२० स्थानीय तह/निकायमा यसको सेवा पुगेको छ । यस वित्तीय संस्थाको लगानीमा बाँकी ऋण आ.व. २०७६ को असारमा रू.२० अर्ब ४५ करोड ७० लाख ५३ हजार पुगेको छ । यस वित्तीय संस्थाको ऋण असुली दर ९९.९० प्रतिशत छ ।

## ५. नाफा नोक्सानको अवस्था

स्थापनादेखि नै मुनाफामा रहेको यस लघुवित्त संस्थाको आ.व. २०७५/७६ को वार्षिक अवधिमा आ.व. २०७४/७५ को तुलनामा २५ प्रतिशतले वृद्धि सहित रू. ४९ करोड १० लाख खुद नाफा गरेको छ ।

## ६. नेपाल सरकारको सहयोगमा वित्तीय संस्थाबाट सञ्चालित कार्यक्रमहरु

**(क) मासु तथा दुग्धजन्य पशुपालन कर्जा कार्यक्रम:**

देशमा मासु तथा दुग्धजन्य पदार्थको उपभोग र माग बढ्दै गएको कारण बढ्दो आयात प्रतिस्थापन गर्न आवश्यक थियो । सोही सन्दर्भमा ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्न तथा साना किसानहरूलाई मासु

तथा दुग्धजन्य उत्पादनमा संलग्न गराई मुलुकलाई मासु तथा दुधको उत्पादनमा आत्मनिर्भर बनाउन र निर्यात प्रबर्द्धन गर्न समेत सघाउ पुऱ्याउने, विपन्न तथा साना किसानहरूलाई पशुपालन पेशाबाट दीगो आयअर्जनको आधार तयार गरी उनीहरूको जीवनस्तरमा सुधार ल्याउने र पशुपालन व्यवसाय मार्फत मुलुकमा व्याप्त गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले नेपाल सरकारले आ.व.२०६७/६८देखि वार्षिक कार्यक्रम तथा बजेटमा साना किसान विकास लघुवित्त वित्तीय संस्थामा आबद्ध साना किसान कृषि सहकारी संस्था मार्फत




पशुपालक कृषकहरूलाई सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन रकम विनियोजन गर्दै आएको छ । आर्थिक वर्ष २०७६/७७देखि यसको दायरालाई अझै फराकिलो बनाई व्यावसायिक तरकारी खेतीमा समेत सहुलियत कर्जा लगानीको व्यवस्था भएको छ ।
यस कार्यक्रममा २०७६ असारसम्म अर्थात् लगभग ९ वर्षको अवधिमा ९० हजार पशुपालक किसानलाई रू. ९ (नौ) अर्ब कर्जा लगानी गर्ने लक्ष्य रहेकोमा ४४६ संस्थाका १ लाख २५ हजार ८७ जना साना किसानहरूलाई रकम रू. १३ अर्ब ७२ करोड ६० लाख ऋण लगानी समेत गरिसकेको छ । यो भौतिक लक्ष्यको १३९ र वित्तीय लक्ष्यको १५३ प्रतिशत हो । लगानी भएको ऋण मध्ये ४ लाख ४६ हजार ३४ भेडा/बाखा, ८० हजार ४८८ बंगुर, ३० हजार ११६ पाडापाडी, ९२ हजार ३८४ भैंसी र २८ हजार ११६ वटा गाई गरी कुल ६ लाख ७७ हजार १३८ वटा मासु तथा दुग्धजन्य पशुवस्तु पालन गर्नका लागि ऋण प्रवाह भएको छ ।
यस कार्यक्रमबाट २०७६ असारसम्म भएको कर्जा लगानीका आधारमा मासुजन्य उत्पादन रू. १० अर्ब ६ करोड र दुग्धजन्य उत्पादन रू. १० अर्ब ६३ करोड गरी कुल रू. २० अर्ब ६९ करोड बराबरीको उत्पादनमा योगदान पुगेको अनुमान छ ।

**(ख) पशुपालन प्रबर्द्धन:**
वित्तीय संस्थाले नेपाल सरकारको आर्थिक सहयोगमा मासुजन्य पशुपालनलाई व्यवस्थितरूपमा प्रबर्द्धन गर्न कार्यक्रमको समीक्षा, तालिम, प्राविधिक जनशक्तिको उत्पादन, पशु नश्ल सुधार, आधुनिक गोठ निर्माण तथा सुधार, जानकारीमुलक सामग्रीहरूको प्रकाशन एवं वितरण, अन्लाइन सफलताको कथाहरू प्रकाशन आदि कार्य गर्दै आएको छ । यस सम्बन्धी १८५५ क्रियाकलापबाट १ लाख २६ हजार परिवार लाभान्वित भएका छन् ।

**(ग) साना किसान सहकारी अनुशरण कार्यक्रम** (Farmer to Farmer Replication Programme):

बाहिरी निकायहरूद्वारा सिधैं प्रबर्धन गरिने कार्यक्रमहरूको लागत बढी हुने र स्थानीय आवश्यकतासँग पूर्णरूपले मेल नखाने समस्याहरू रहने गर्दछन् । कार्यक्रमको गुणस्तर तथा प्रभावकारिता अझ बढाउन, सञ्चालन लागत कम गर्न तथा कार्यक्रम विस्तारको गतिलाई तीव्रता दिन छिमेकको दक्ष सहकारी संघ/संस्थाको सहयोगमा सेवा नपुगेका अर्को क्षेत्रका साना किसानलाई संगठित गराई उनीहरूको आर्थिक र सामाजिक विकासका लागि स्थानीय स्वायत्त सहकारी संस्था निर्माण गरिने नौलो खोजपूर्ण अभ्यासको रूपमा "साना किसान सहकारी अनुशरण कार्यक्रम (Farmer to Farmer Replication Programme)" कार्यान्वयनमा ल्याइयो ।

यस कार्यक्रम अन्तर्गत १ वर्ष भित्रमा, कानुनी मान्यता प्राप्त सहकारी गठन गरी त्यसमा कम्तिमा ३७५ परिवार सहभागी गराउनुपर्ने, सम्भवभएसम्म महिलाको सहभागिता ९५ प्रतिशत हुनुपर्ने, बचत तथा सदस्यको सेयर रकम २० लाख र ऋण कारोबार ३० लाखभन्दा बढी भई साना किसानहरूबाटै उक्त संस्था सञ्चालन गर्न योग्य हुनुपर्ने व्यवस्था छ । यस्ता संस्थाको लागि लाग्ने १ वर्षको सञ्चालन खर्च, तालिम तथा अनुगमन खर्च आदि नेपाल सरकारको अनुदान सहयोग रकमबाट ब्यहोरिदै आएको छ । आर्थिक वर्ष २०७५/७६ सम्ममा साना किसान सहकारीको सेवा नपुगेको ५१४ वटा अनुशरण क्षेत्रमा

साना किसान सहकारी संस्थाको स्थापना तथा २ वटा अर्थोडक्स चिया कारखाना सञ्चालनमा आएका छन् ।

(घ) **क्षमता विकास कार्यक्रमः**

यस वित्तीय संस्थाले साना किसान सहकारी संस्थाहरूको क्षमता विकासका लागि विभिन्न तालिम गोष्ठी सञ्चालन गर्दै आएको छ । सकेसम्म सबै संस्थाहरूलाई सहकारी शिक्षा, वित्तीय साक्षरता, वित्तीय व्यवस्थापन, वित्तीय विश्लेषण, सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन, नेतृत्व विकास, लेखा निरीक्षण सीप, सदस्यहरूको सीप अभिवृद्धि, कार्यक्रमको समीक्षा तथा रणनीति तर्जुमा, व्यावसायिक योजना निर्माणसम्बन्धी विभिन्न तालिम प्रदान गर्दै आएको छ । यसबाहेक वित्तीय संस्था, साना किसान सहकारी संस्थाका सञ्चालक तथा कर्मचारीलाई वैदेशिक विभिन्न तालिम तथा भ्रमणमा सहभागी गराउँदै आएको छ । नेपाल सरकारको अनुदान सहयोग, वित्तीय संस्था र सहकारी संस्थाहरूको समेत सहभातिामा २०७६ असारसम्म ३ हजार ३५ कार्यक्रम मार्फत एक लाख ४० हजार ४९२ जनाले सहभागी हुने अवसर प्राप्त गरेका छन् ।

(ङ) **सामाजिक सामुदायिक विकास कार्यक्रमः**

लघुवित्त सेवाले मात्र साना किसानको जीवनस्तरमा सुधार ल्याउन नसकिने महसुस गरी साना किसान सहकारी संस्थाहरूले आफ्ना सदस्यको समग्र पक्षमा सुधार ल्याउन नेपाल सरकार तथा आन्तरिक स्रोतको उपयोग गरी शिक्षा, स्वास्थ्य, खानेपानी, वृक्षारोपण, वन तथा वातावरण संरक्षण, मातृशिशु कल्याण, पुलपुलेसा तथा बाटो निर्माण, विद्यालय तथा सामुदायिक भवन, तालिम हल, मठमन्दिर निर्माण, सिंचाइ कुलो निर्माण/मर्मत, वृक्षारोपण, स्वास्थ्य शिविर आदि जस्ता सामाजिक/सामुदायिक विकास र भौतिक पूर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरेका छन् । यस्ता कार्यक्रममा संस्थाको आफ्नो वित्तीय स्रोत र कृषकको श्रमदानको उच्चतम उपयोग गरिएको छ भने बाह्य स्रोतको अंश केवल १४% मात्र भएको देखिन्छ । अहिलेसम्म यस कार्यक्रम अन्तर्गत साना किसान सहकारीहरूले झण्डै रू. ६२ करोड मूल्यका ३४७ भन्दाबढी सहकारी भवन निर्माण गरी कार्यालय सञ्चालन, तालिम तथा कृषिसँग सम्बन्धित वस्तुहरूको बेचबिखन तथा भण्डारण सेवा उपलब्ध गराउन सफल भएका छन् । २ हजार ४४७ सामुदायिक विकासका क्रियाकलाप सम्पन्न भई १२ लाखभन्दा बढी जनसंख्या लाभान्वित भएका छन् ।

(च) **पशुधन सुरक्षण कार्यक्रम** (Livestock ProtectionProgramme):

साना किसान कृषि सहकारी संस्थाहरूबाट आफ्ना सदस्य कृषकहरूलाई प्रवाह हुने कर्जाको झण्डै एकतिहाई हिस्सा पशुपालन व्यवसाय अन्तर्गतका शीर्षक विशेषतः गाई, भैँसी, बाख्रा र बंगुरपालनमा लगानी हुने गरेको छ । यो व्यवसाय जति लाभप्रद छ त्यति नै जोखिमपूर्ण रहेकाले पालन गरिएका पशुको अकाल मृत्यु हुँदा सदस्य कृषकलाई पर्ने आर्थिक भारबाट जोगाउन साना किसान सहकारी संस्थाहरूको सक्रियतामा पशुधन सुरक्षण कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

समुदायस्तरमा गठित पशुधन सुरक्षण तथा मूल्याङ्कन समितिले सदस्य किसानको पशु मूल्याङ्कन गर्ने, पशुधनी किसानले मूल्यांकित रकमको तोकिएको हिस्सा प्रिमियम वापत पशुबिमा कोषमा जम्मा गर्ने, नेपाल सरकारबाट प्राप्त हुने थप प्रिमियम अनुदान वित्तीय संस्था मार्फत उक्त समुदायस्तरका पशुधन सुरक्षण कोषमा जम्मा गर्ने, कोषको परिचालन गर्ने तथा सो कोषको रकमबाट संस्थाले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, पशु स्वास्थ्य सेवा र क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था मिलाइएको छ ।

हालसम्म १ लाख २९ हजार पशुपालक साना किसानको रू. ९ अर्ब ३ करोडभन्दा बढी मूल्यका ३ लाख ५४ हजार पशुवस्तुको सुरक्षण भएकोमा क्षतिपूर्ति र खर्च कटाई समुदायस्तरीय पशुधन सुरक्षण कोषमा रू. ५४ करोड बराबरी रकम जम्मा रहेको छ ।

(छ) ग्रामीण स्वावलम्बन कर्जा कार्यक्रमः नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको निर्णय अनुसार साबिकमा नेपाल राष्ट्र बैंकबाट सञ्चालन हुँदै आएको ग्रामीण स्वावलम्बन कोषका कार्यक्रमहरू ग्रामीण स्वावलम्बन कर्जाको रूपमा २०७६ साउन १ गतेदेखि साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.बाट सञ्चालनहुने व्यवस्था मिलाइएको छ । यस कार्यक्रममा हाल रू. १ (एक) अर्बको हाराहारीमा ऋण पूँजीको व्यवस्था रहेको छ ।

**७. अन्य सहयोगी संस्थाहरुको सहयोगमा वित्तीय संस्थाबाट सञ्चालित कार्यक्रमहरु**

**(क) किसानका लागि उन्नत बिउबिजन कार्यक्रममा सहभागिताः**

नेपाल सरकार, कृषि विकास मन्त्रालय र अन्तर्राष्ट्रिय कृषि विकास कोष (International Fund for Agricultural Development-IFAD) को सहयोगमा सञ्चालित "किसानका लागि उन्नत बिउबिजन कार्यक्रम" मा सहकार्य गर्न लघुवित्त संस्था र कृषि विकास मन्त्रालय बीच सन् २०१२ डिसेम्बर २ मा सम्झौता भई रूकुम पूर्व र पश्चिम, रोल्पा, सल्यान, प्युठान, गुल्मी र अर्घाखाँची गरी ७ जिल्लाका ७५ गाविसमा साना किसान सहकारी अनुशरण कार्यक्रम सम्पन्न भएको छ । साथै नव प्रवर्द्धित ७५ र पुराना ८ गरी सो क्षेत्रका ८३ वटा संस्थालाई ऋण पूँजीको व्यवस्था गर्न रू. ८० करोड बराबरको ऋण सहयोग व्यबस्था भई कृषि कर्जाकोरूपमा लगानी भइरहेको छ ।

**(ख) साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम** (Learn and Earn Programme):

नेपाल सरकारको सहयोग र इजरायली सरकारसँगको सहकार्यमा साना किसान सदस्यका छोराछोरी मध्ये +२ पास गरेका २०-३० वर्ष उमेर समूहका योग्य र इच्छुक युवाहरूमध्येबाट गोलाप्रथा एवं अन्तरवार्ता विधिबाट प्रशिक्षार्थीहरूको छनौट गरी उन्नत कृषि प्रणाली सम्बन्धी तालिमका लागि इजरायलका विभिन्न कलेज तथा कृषि तालिम केन्द्रमा अध्ययनका लागि पठाउने कार्य हुँदै आएको छ । १०-११ महिना अवधिको यो तालिममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुने छ । प्रयोगात्मक कार्यका लागि तालिमका सहभागीहरूले इजरायली नियम र मापदण्ड अनुसारको पारिश्रमिक प्राप्त गर्नेछन् । यस कार्यक्रममा २०७६ मंसिरसम्ममा ३१६२ जना युवाहरू सहभागी भइसकेका छन् । २६७७ जना तालिम सम्पन्न गरी फर्केका छन् भने ४८५ जनाले तालिम लिइरहेका छन् । इजरायलको यो कृषि तालिमबाट फर्केका विद्यार्थीहरूले सिकेका सीप, प्रविधि र ज्ञानको प्रसारबाट सम्बन्धित गाउँका अन्य साना किसानहरू समेत लाभान्वित भई नेपालको कृषिको व्यावसायिकरणद्वारा उत्पादन र उत्पादकत्व वृद्धि हुने अपेक्षा गरिएको छ ।

**(ग) साना किसान वातावरण तथा नवीकरणीय उर्जा कार्यक्रमः**

यु.एन.सी.डी.एफ/क्लिन स्टार्टसँग सहकार्य गरी लघुवित्त संस्थाले साना किसान वातावरण तथा नवीकरणीय उर्जा कार्यक्रम सञ्चालनमा ल्याएको छ । ग्रामीण दुर्गममा बिजुली बत्ती र सुविधायुक्त उर्जा प्रणालीबाट विमुख रहेका साना किसान तथा विपन्न परिवारहरूमा सौर्य उर्जा, बायोग्याँस, धुवाँ रहित चुल्हो र सुलभ शौचालय आदिको उपयुक्त सेवा पुर्‍याउने यो कार्यक्रमबाट ३ वर्षमा लगभग ४० हजारभन्दा बढी परिवार लाभान्वित हुने लक्ष्य राखिएकोमा यस कार्यक्रममा शतप्रतिशत प्रगति हासिल भएको छ ।

**(घ) साना किसान राहत कार्यक्रमः**

यही २०७२ वैशाख १२, १३ र २९ गतेको प्रलयकारी भूकम्प र त्यसपछिका अनेकौं पराकम्पनका कारण साना किसानहरू सबैभन्दा बढी पीडित बन्न पुगेका छन् । पीडित साना किसानहरूको पीडामा साथ दिन गरिएको आव्हानको छोटो अवधिमानै नेपालका २७२ साना किसान सहकारी संस्थाबाट सहयोग जुटाई सो सहयोग रकमबाट धादिङ्ग, दोलखा, सिन्धुपाल्चोक, रसुवा, गोरखा र चितवन जिल्लाका ६६ साना किसान सहकारी संस्थाका झण्डै ३६ हजार पीडित परिवारलाई राहत प्रदान गरिएको थियो । यसबाहेक दुःख पर्दा साना किसानले साना किसानलाई मद्दत गर्नुपर्छ भन्ने भावनाले ओतप्रोत साना किसान अभियन्ताहरूले स्थानीय रूपमा नै अन्य प्रकोप पिडितिहरूलाई राहतका कार्यहरू गर्दै आएका छन् ।

**(ङ) भूकम्प प्रभावित समुदायको लागि विपद जोखिम न्यूनीकरण/जीविकोपार्जन पुनस्थापना कार्यक्रमः**

एसियाली विकास बैंकको अनुदान सहयोगमा २०७२ को विनासकारी भूकम्प प्रभावित जिल्लाका पीडित साना किसानहरूलाई स्थानीयस्तरमा विपद जोखिम न्यूनीकरणका गर्न सक्षम प्राविधिक जनशक्ति विकास गर्न र सो सम्बन्धी सीप तथा दक्षता अभिवृद्धि गर्न ३५ सयजनाभन्दा बढीलाई जोखिम न्यूनीकरण क्षमता

अभिवृद्धि सीप प्रदान गरिएको छ । तालिमका क्रममा ६० वटा अति विपन्न पीडितको आवास निर्माण भएको छ । यसैगरी रसुवा, नुवाकोट र धादिङ्ग जिल्लाका पीडित साना किसानहरूको जीविकोपार्जन पुरस्थापनाका लागि प्रति साना किसान परिवार रू. ५० हजारमा नबढ्ने गरी कुल १२ हजार ५ सय परिवारलाई लगानी गर्ने गरी ५.५ मिलियन अमेरिकी डलर अर्थात् रू. ५८ करोड ८५ लाख बराबरको जीविकोपार्जन पुनर्स्थापना कर्जा कार्यक्रम सञ्चालन भएका थियो । जस अन्तर्गत ५४ वटा साना किसान सहकारी संस्थाहरूका १६ हजार ७१५ पीडित परिवारलाई ५ प्रतिशत ब्याजमा रू.७४ करोड ५३ लाख कर्जा लगानी भएको छ ।

(च) ग्रामीण उद्यम परियोजनाः साना किसानहरूलाई कृषिमा व्यावसायिकरण गर्ने उद्देश्यले समूहगत ५० र व्यक्तिगत ५०० उद्यम मार्फत ३० हजारभन्दाबढीलाई सेवा पुऱ्याउने गरी रू. ५ करोड अमेरिकी डलर राशीको ग्रामीण उद्यम परियोजना सञ्चालन गर्ने सम्बन्धमा हालै नेपाल सरकार तथा एशियाली विकास बैंक बिच परियोजना सम्झौता भएको छ । सो अन्तर्गत वित्तीय संस्था र एशियाली बैंक बिच ऋण सम्झौता समेत सम्पन्न भइसकेको छ । यही जनवरी २०२०बाट यो परियोजना कार्यान्वयन हुनेछ ।

(छ) सक्षम परियोजनाः सक्षम परियोजनाको सहयोगमा कर्णाली अञ्चलमा साना किसान सहकारीको सेवा विस्तारका कार्यक्रम सञ्चालनमा छ । कर्णालीमा वित्तीय संस्थाको कार्यालय स्थापना गरी उक्त कार्यालय मार्फत ४४ नयाँ सहकारी गठन कार्य भइरहेको छ । नयाँ समेत ८७ सहकारी मार्फत वित्तीय पहुँच अभिवृद्धि गर्ने कार्यक्रम छ । यस कार्यक्रम अन्तर्गत देशका ३०१ सहकारी संस्थाहरूमा डिजिटाइजेसनका कार्यहरू अगाडि बढाइएको छ ।

## ८. सहयोगी तथा साझेदार निकायहरु

(क) नेपाल सरकारबाट साना किसान विकास आयोजना सञ्चालन, वित्तीय संस्थाको स्थापनामा सेयर लगानी, पशुपालन, कृषि तथा जीविकोपार्जन पुनर्स्थापना कर्जा तथा अनुदान र नीतिगत सुधारमा सहयोग रहँदै आएको छ । यसगरी नीतिगत सुधार, नियमन तथा ऋण सहयोग र ग्रामीण स्वावलम्बन कोषका कार्यक्रमहरू हस्तान्तरणद्वारा नेपाल राष्ट्र बैंकको निरन्तर सहयोग रहेको छ । कृषि विकास बैंकबाट साना किसान विकास अभियानका प्रत्येक माइलस्टोनमा अग्रणी भूमिका सहितको सहयोगहरू प्राप्त छ । साना किसानहरूको आफ्नै सञ्जाल नेपाल कृषि सहकारी केन्द्रीय संघले गैरवित्तीय सेवाहरू सहित सहकारी संस्थाहरूको क्षमता विकास, सुदृढिकरण, एड्भोकसी, साना किसान सहकारी अनुशरणमा प्राविधिक सहयोग, कृषि सहकारी संस्थाको प्रबर्द्धन, बजार व्यवस्थापन र विस्तार सम्बन्धी सेवा प्रदान गर्दै आएको छ । सहकारी मार्फत साना किसानलाई कर्जा उपलब्ध गराउन वित्तीय संस्थालाई आवश्यक पर्ने वित्तीय स्रोत विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले उपलब्ध गराउँदै आएका छन् । प्रायः सबै वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरूबाट विपन्न क्षेत्र कर्जा उपलब्ध हुँदै आएको छ । सेन्टर फर माईक्रो फाईनान्सले समेत संस्था एवं बैंकका कर्मचारीहरूको क्षमता विकासमा सहयोग पुऱ्याउँदै आएको छ ।

(ख) साना किसान विकास लघुवित्त वित्तीय संस्थाको पुनर्संरचना कार्यक्रममा एसियाली विकास बैंकको महत्वपूर्ण सहयोग रहेको छ । लघुवित्त सेवा विस्तार कार्यमा कर्जा तथा प्राविधिक सहयोग उपलब्ध गराउने र लघुवित्त संस्थाको सुदृढीकरणका लागि परामर्श सेवाको व्यवस्था गरेको छ । भूकम्प प्रभावित समुदायका लागि विपद जोखिम न्यूनीकरण पुनर्स्थापना तथा ऋण कार्यक्रममा सहयोग गरेको छ । ग्रामीण उद्यम कर्जा कार्यक्रमको व्यवस्थामा एशियाली विकास बैंकको सहयोग रहने भएको छ । यस लघुवित्त संस्थाको स्थापना, साना किसान सहकारी संस्थाहरूको सुदृढीकरण एवं विकास, अनुशरण कार्यक्रम, सेवा विस्तार कार्यमा सहयोग र साना किसान समेतलाई अन्तर्राष्ट्रिय तालिम तथा भ्रमण सहभागी गराउन जर्मन सहयोग नियोगको महत्वपूर्ण भूमिका रहेको थियो । कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (IFAD)बाट मध्य पश्चिम र पश्चिमाञ्चलका ७ जिल्लामा ४५ हजार साना किसान परिवारमा लघुवित्त सेवा मार्फत "किसानका लागि उन्नत बिउबिजन कार्यक्रम" सम्पन्न भएको छ । कार्यक्रम सञ्चालन भएका जिल्लाका ८३ वटा सहकारी संस्थामा संलग्न साना किसानहरूलाई सहुलियत कृषि कर्जाको व्यवस्था समेत भएको छ । लघुवित्त संस्था र ग्ल्र्ह्म् को सहकार्यमा ४० हजार साना किसानको घरलाई उज्यालो पुऱ्याउने कार्य

भएको छ । वित्तीय संस्था सदस्य रहेको CICTAB र APRACA सँगको सहकार्यमा लघुवित्त संस्था तथा साना किसान सहकारी संस्थाका कर्मचारी तथा पदाधिकारीहरूलाई समयसापेक्ष तालिम तथा गोष्ठीहरूमा सहभागी गराउँदै आएको छ । डिफिड सक्षम परियोजनाको सहयोगमा कर्णालीमा सेवा विस्तारका कार्य भइरहेको छ ।

**९. साना किसान सम्मेलनः**

२०७१ कार्तिक १६ र १७ गते साना किसानहरूको पहिलो सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनको घोषाणापत्रको उपलब्धिहरू माथि समीक्षा गर्दै दोस्रो साना किसान सम्मेलन २०७५, २०७५ फागुन १६ र १७ गते दुई दिन काठमाडौंको होटल याक एण्ड यतिमा १४ बुँदे घोषणा जारी गर्दै सम्पन्न भएको छ । दुवै सम्मेलनमाप्रति सम्मेलन १ (एक) हजार भन्दाबढी सहभागीहरूको सहभागिता रहेको थियो । दोस्रो सम्मेलनको मुल नारा "साना किसानको समृद्धि : कृषिको रूपान्तरण र उद्यमशीलताको विकास" रहेको थियो ।

**१०. पुरस्कार तथा सम्मानः**

साना किसान सहकारी संस्थाको ढाँचा (Model) र यसको भूमिकालाई कदर गर्दै विश्व बैंक अन्तर्गतको Consultative Group to Assist the Poor (CGAP) र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष ९क्ष्ँब्म०बाट साना किसान विकास लघुवित्त वित्तीय संस्था सन् २००३ मा पुरस्कृत भएको छ । उक्त ५० हजार अमेरिकी डलर राशीको पुरस्कार रकमलाई अक्षय कोषमा राखी सो को परिचालनबाट अनुशरण कार्यक्रम सञ्चालन गराई थप विपन्न वर्गलाई लघुवित्त सेवामा पहुँचमा पुऱ्याउने कार्य यस वित्तीय संस्थाबाट हुँदै आएको छ । आर्थिक वर्ष २०७०/०७१ को मूल्याङ्कनमा लघुवित्त बैंकतर्फ यस वित्तीय संस्थाले बेष्ट मेनेजमेण्ट अवार्ड प्राप्त गर्न सफल भएको छ । यस वित्तीय संस्थाका तत्कालीन प्रमुख कार्यकारी अधिकृत श्री जलन कुमार शर्मालाई व्यवस्थापन संघ, नेपालद्वारा अन्टायर अवार्डले सम्मान गरेको छ ।

**११. उपसंहार**

२०३२/३३ देखि हालसम्म जीवन्त र ग्रामीण समुदायले उत्तिकै रूचाइएको नेपालको यो ग्रामीण विकासको ढाँचा, लक्षित वर्गकै नेतृत्वमा सञ्चालन हुनु आफैंमा अतुलनीय छ । यस कार्यक्रमबाट भए/गरेका प्रयासहरूको राम्ररी अध्ययन अनुसन्धान हुन आवश्यक छ । तथ्याङ्कीय आधारमा मात्र पनि यस कार्यक्रमले नेपालको ग्रामीण विकास र गरिबी न्यूनीकरणको प्रयासमा राम्रै भूमिका निर्वाह गर्दै आएको कुरामा दुइमत हुन सक्दैन । यसका सञ्चालन प्रणालीलाई समय सान्दर्भिक बनाउँदै जान भने आवश्यक हुन्छ । ग्रामीण क्षेत्रका विपन्नहरूलाई प्राथमिकतामा राखी सेवा दिँदै बैंक कारोबार गर्ने योग्यता हासिल गरी स्तरोन्नति भएका तर यथेष्ट बैंकिङ्ग धितो नभएका उद्यमीहरूको व्यावसायिकताको विकास गर्दै लानुपर्ने आवश्यकता छ । यसो हुन सके नेपालमा यस अभियानका सञ्जालहरूको सक्रियताको आवश्यकता र सम्भावनाहरू कालान्तरसम्म महत्वपूर्ण रहने छ । तीनै तहका सरकारका कृषि तथा ग्रामीण विकासका कार्यक्रमहरूमा समेत यसै सञ्जालको उपयोग गर्न सकिने सम्भावना पनि त्यत्तिकै छ । लक्षित वर्गनै मालिकको रूपमा आफ्नो विकासका लागि आफैंद्वारा गरिने यो ग्रामीण विकासको प्रयास विश्वकै लागि नयाँ दृष्टान्त बन्न सक्छ । अझै यो अभियान नेपाल, नेपाली र नेपाल सरकारको एउटा मौलिक ग्रामीण विकास ढाँचा, कृषि विकास बैंक लि.को गौरवशाली इतिहास र वित्तीय संस्थाहरूमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को अलग पहिचान हो भन्न सकिन्छ । ■

*लेखक साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का मुख्य प्रबन्धक हुनुहुन्छ ।*

# नेपालको आर्थिक विकासमा बैंकहरुको भूमिका



पुरु रिसाल

देश विकासको लागि बैंकहरूको भूमिका महत्वपूर्ण छ । नेपालका लागि कृषि पर्यटन तथा उर्जा महत्वपूर्ण मानिएको हुनाले यी क्षेत्रमा लगानीको सुनिश्चितता गर्न नेपाल राष्ट्र बैंकले २०७६/७७ को मौद्रिक नीति ल्याएको थियो जस अनुसार अनुसार नेपालका वाणिज्य बैंकहरूले कुल कर्जाको कम्तीमा १० प्रतिशत कृषिमा र १५ प्रतिशत उर्जा तथा पर्यटनमा प्रवाह गर्नुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण २०७६ अनुसार गत आर्थिक वर्ष २०७५/७६ को फागुनसम्ममा नेपालका वाणिज्य बैंकहरूले कृषिमा ६.४९ प्रतिशत मात्र कर्जा प्रवाह गरेको देखिन्छ (संलग्न तालिका हेर्नुसः अनुसूची ५.७,स्रोतः नेपाल राष्ट्र बैंक) जो मौद्रिक नीति अनुसार कम नै हो । तर, समग्रमा यी तीन क्षेत्रहरू- कृषि, पर्यटन तथा उर्जामा बैंकहरूबाट प्रवाह गरिएको कर्जा अनुपात भने १८.६ प्रतिशत रहेको आर्थिक सर्वेक्षणमा उल्लेखित छ, जो संतोषप्रद नै देखिन्छ । पर्यटन क्षेत्रमा गरिएको मौद्रिक नीति अनुरूपको लगानीले आउँदो पर्यटन वर्षलाई सहयोग पुग्ने आशा गर्न सकिन्छ भने उर्जा क्षेत्रमा गत केही वर्षदेखि बढेको निजी क्षेत्रको रूचि र बैंकहरूको लगानीले विगतमा नेपाली जनताले भोगेको चरम लोडसेडिङ्गको समस्याबाट मुक्ति मिल्ने लक्ष्यण अहिलेदेखि नै देखिन थालेको छ, जो सुखद पक्ष हो ।

> पर्यटन क्षेत्रमा गरिएको मौद्रिक नीति अनुरुपको लगानीले आउँदो पर्यटन वर्षलाई सहयोग पुग्ने आशा गर्न सकिन्छ ।

आर्थिक सर्वेक्षणको यसै तालिका हेर्दा सबैभन्दा धेरै कर्जा प्रवाह भएको 'थोक तथा खुद्रा व्यापार' क्षेत्र देखिन्छ (कुल कर्जाको २१.७१%) । परम्परागत रूपमा नेपाली बजारमा व्यापार व्यवसायले कर्जाको माग अरूले भन्दा बढी गर्ने गरेका छन् । नेपालको अर्थतन्त्रमा उपभोगको आकार अत्यन्त ठूलो र लगातार बढ्दै गएको देखिन्छ । त्यसैको फलस्वरूप दैनिक उपभोग्य वस्तुको वैदेशिक आयात अत्यधिक बढेको देखिन्छ जसले व्यापार घाटा पनि बढाएको छ र वैदेशिक मुद्राको संचय घटाएको छ । राष्ट्रले आयात प्रतिस्थापन गर्ने आर्थिक नीति ल्याए पनि यथार्थमा बैंकिङ्ग क्षेत्रबाट हुने कर्जाको तथ्यांक तालिकामा हेर्दा यस्तो देखापरेको छैन । तर यसै तालिकामा हेर्दा केही आशाका किरणहरू पनि देखापरेकाछन् । जस्तो, कृषि क्षेत्रले माँगेको कर्जाको आकारमा गत एक वर्षमा झन्डै ३३ प्रतिशतको बढोत्तरी भएको देखिन्छ भने, खानी उत्खनन र खानी उद्योगले गत वर्षभन्दा झन्डै ४२ प्रतिशत बढी कर्जा मागेको देखिन्छ । कृषि र खानी यी दुवै क्षेत्र आयात प्रतिस्थापन गर्ने क्षेत्र भन्न सकिन्छ ।

तरकारी र अन्य खाद्यान्न ठूलो मात्रामा नेपालमा आयात हुँदै आएको छ भने खानीजन्य कच्चा पदार्थहरू पनि नेपालका उद्योगहरूमा विदेशबाट नै आयातित हुने गर्छन् । यी दुवै क्षेत्रमा देखिएको लगानीले आउँदा दिनहरूमा वैदेशिक आयात घटाउँदै लग्नेछ भन्ने आशा यो तथ्यांकले देखाउँछ । तर यो तालिकामा देखिने कर्जाको सबैभन्दा ठूलो बढोत्तरी, स्थानीय सरकारले गरेको देखिन्छ, जो गत वर्षभन्दा करिब ६० प्रतिशतले बढेको छ (संलग्न तालिका हेर्नुस् : अनुसूची ५.७, स्रोत : नेपाल राष्ट्र बैंक) । यो कर्जा यदि स्थानीय सरकारले विकास निर्माणमा खर्च गरेको हो भने यो पक्कै राम्रो संकेत हो, तर यदि यो कर्जा केवल तलब-भत्ता जस्ता चालु खर्चमा सकाएको हो भने यसले समग्र अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्नेछ ।

## कृषकलाई बैंकिङ्ग

नेपालको विकासको लागि कृषि महत्वपूर्ण पक्ष हो भन्दाभन्दै पनि कृषिमा उत्पदकत्व निरन्तर घट्दै गएसँगै

**अनुसूची ५.७ : क्षेत्रगत आधारमा कर्जा प्रवाहको अवस्था** (रु. करोडमा)

| कृषि | २०७३ असार | २०७४ असार | २०७५ असार | २०७५ फागुन | २०७५ (असार-फागुन) (प्रतिशत परिवर्तन) | कुल कर्जामा अंश (२०७५ फागुन) |
|---|---|---|---|---|---|---|
| कृषि | ७८७९.१० | ९००४.१० | १३५७५.६६ | १८०४१.७८ | ३२.९० | ६.४९ |
| खानी | ३४०.४० | ३८९.४० | ५०३.३३ | ७१६.०९ | ४२.२७ | ०.२६ |
| उत्पादन | २९६११.१० | ३२९८०.०० | ३९७८५.३५ | ४७१५६.४८ | १८.५३ | १६.९६ |
| निर्माण | १८२८७.२० | २१२१८.६० | २५३१५.४६ | २९७३५.७४ | १७.४६ | १०.६९ |
| धातु उत्पादन, मेसिनरी र विद्युतीय उपकरण | १९४७.३० | २५०२.७० | ३३१४.८५ | ३८६३.५७ | १६.५५ | १.३९ |
| यातायातका सामान उत्पादन र फिटिङ | २९९४.२० | ३३६९.२० | ३६९३.५८ | ४२०६.१७ | १३.८८ | १.५१ |
| यातायात, सञ्चार र सार्वजनिक सेवा | ८३९६.७० | १०५१०.०० | १३३१६.८१ | १५८५०.३३ | १९.०२ | ५.७० |
| थोक तथा खुद्रा व्यापार | ३७४३५.०० | ४३४६९.८० | ५३२०१.९२ | ६०३५८.५२ | १३.४५ | २१.७१ |
| वित्तीय, बीमा र स्थिर सम्पत्ति | १३५०५.६० | १६५३९.३० | २०३०३.४८ | २१५५८.९३ | ६.१८ | ७.७५ |
| सेवा उद्योग | १२६५७.५० | १५६१२.२० | १९७१५.१३ | २३२५१.१३ | १७.९४ | ८.३६ |
| उपभोग्य ऋण | ६५१८.७० | ८५३३.९० | ८७१५.६८ | ८४९५.४९ | -२.५३ | ३.०६ |
| स्थानीय सरकार | १६५.५० | १५८.४० | १५५.३५ | २४८.१८ | ५९.७५ | ०.९ |
| अन्य | २८४४६.९० | ३४३३४.८० | ४०६८१.२९ | ४४५५९.८५ | ९.५३ | १६.०३ |
| जम्मा | १६८१८५.२० | १९८६२२.४० | २४२२७७.८८ | २७८०४२.२६ | १४.७६ | १००.०० |

यसमा निर्भर हुने परिवारको संख्या लगातार घट्दै गएको छ । जनगणना २०४८ मा कृषि व्यवसायमा संलग्न १५ वर्ष माथिकाहरूको जनसंख्या झन्डै ८३ प्रतिशत रहेकोमा पछिल्लो जनगणना २०६८ मा यो प्रतिशत घटेर ६७ प्रतिशतमा झरेको देखिन्छ । यसरी दुई दशकमा देखिएको झन्डै १६ प्रतिशत कृषि पेशामा आधारित जनसंख्या अन्य क्षेत्रमा विस्थापित हुनुको पीडा समग्र अर्थतन्त्रले बढ्दो कृषि आयातबाट भोग्दै छ ।

साथै राष्ट्रिय कृषिगणनाले देखाए अनुसार केवल २२ प्रतिशत किसानले मात्र बैंकंहरूबाट ऋण लिएको देखिन्छ, शायद नेपालका किसानहरूमा बैंकिङ्को फाइदा बारेका ज्ञानको कमी हुनुले र बैंकिङ्ग प्रक्रिया झन्झटिलो हुनाले यस्तो देखिएको हो । राष्ट्रिय कृषिगणना अनुसार, किसानहरूले प्रायः सहकारीहरूबाट ऋण लिने गरेको देखिएको छ । करिब १७ प्रतिशत किसानले सहकारीहरूबाट ऋण लिएको देखिन्छ भने करिब ४२ प्रतिशत किसान ऋण लिएर व्यावसायिक कृषि गर्न चाहने तर, बैंकसँग उनीहरूको पहुँच नभएकोले यस्तो गर्न नसकेको जवाब राष्ट्रिय कृषिगणनामा किसानहरूले दिएका छन् । तसर्थ बैंकहरूले आफ्नो परिधि ग्रामीण क्षेत्रमा बढाउन आवश्यक देखिन्छ, साथै कृषकहरूसम्म पुग्ने घरदैलो कार्यक्रमहरूमा पनि ध्यान दिनुपर्ने देखिन्छ ।

**लेविसको अर्थशात्रीय विश्लेषणमा नेपाल**

कृषिमा उत्पदकत्व निरन्तर घट्दै गएको परिवेशमा कृषिको ठाउमा सेवा क्षेत्रमा नेपालीहरूको संलग्नता लगातार बढ्दै गएको छ । नेपालको लागि कृषि कि गैर कृषि महत्वपूर्ण भन्ने बहस विद्वत् समाजमा चालिनै रहेको छ जसमा आ-आफ्नै तर्क दिइँदै आइएको छ । यसै सम्बन्धमा प्रसिद्ध अर्थशात्री विलियम आर्थर लेविसले प्रतिवादन गरेका द्विक्षेत्रीय अर्थनीति (dual sector economic model) को विश्वभरि नै चर्चा चल्नेगर्छ । लेविस, जो ब्रिट्सि अश्वेत अर्थशात्री थिए, लाई सन् १९७९ मा आफ्नो यसै अर्थनीतिको सिद्धान्तको लागि अर्थशास्त्रको सबैभन्दा सम्मानित नोबेल मेमोरियल प्राइज दिइएको थियो । उनको सिद्धान्त अनुसार विकासशील देशलाई कसरी विकसित बनाउन सकिन्छ भन्ने अवधारणा प्रस्तुत गरिएको छ । लेविसका अनुसार प्रायः सबै विकासशील देशहरू जहाँ ५० प्रतिशतभन्दा बढी जनसंख्या कृषिमा आधारित हुन्छन् कृषि प्रधान नै हुने गर्छन् । यसलाई उनि प्रारम्भिक विकासको स्थितिका देश मान्छन् । नेपाल अझै यही स्थितिमा भएको मान्नसकिन्छ । यो स्थितिमा बहुसंख्यक जनसंख्या उद्योगमा आधारित पेशाहरूमा रूपान्तरण भएमा लेविस त्यो स्थितिलाई विकसित देशको स्थिति मान्छन् । कृषक प्रायः ग्रामीण भेकमा बस्ने र प्राविधिक ज्ञान कम भएका हुनाले तिनको आय प्रतिस्पर्धामा निरन्तर घट्दै जाने हुन्छ, जसलाई लेविस बेरोजगारीकै रूप ठान्छन् ।

यस्ता ग्रामीण भेकका किसान परिवारलाई आधुनिक रोजगारी, औद्योगिक ज्ञान या प्रविधिको तालिम दिएर रूपान्तरण गर्न सरकारको नीति हुनुपर्ने उनको विचार छ । उनका अनुसार यस्तो लगानीले विस्तारै ग्रामीण भेगका कृषकहरू कृषिबाट उद्योग तिर रोजगारी लिएर आफ्नो परिवार र देश लाई विकसित गर्दै लग्नसक्ने बनाउन सहयोगी हुन्छन् । स्वाभाविक रूपमा यस्ता तालिमको लागि सरकारले लामो समय निरन्तर बजेट दिइरहनुपर्ने हुन्छ । तर यो रूपन्तरणको क्रममा निरन्तर प्रतिव्यक्ति आय पनि बढ्दैजाने हुन्छ किनकि जनता सिपमुलक हुँदै, आर्थिक उत्पादनमा बढोत्तरी गर्दैजाने हुन्छन् । तर यसको व्यवस्थापन र सञ्चालनको लागि सरकारले पूँजी जुटाउँदै लानुपर्ने हुन्छ । कुनै पनि देशमा त्यहाको कामगर्ने कुल जनशक्तिको आकार कत्रो छ, प्रतिव्यक्ति आय कति छ -त्यसैको हिसाबमा कति वर्षमा त्यो देश पूर्ण विकसित हुनसक्छ भन्ने आँकलन गरिन्छ, जो प्रत्येक देशको परिस्थिति अनुसार भिन्दै हुन्छ ।

स्वाभाविक रूपमा यो तालिमको लागि आवश्यक पूंजी सरकारले निजी र सरकारी स्रोतहरूबाट जुटाउनु पर्छ जसमा बैंक लगायत वित्तीय संस्थाहरूको महत्वपूर्ण र निर्णायक भूमिका हुन्छ । अनेकन कुनैबेलाका विकासशील देशहरू जस्तो युगोस्लाभिया, केन्या, युगान्डा, क्युवा आदिले विभिन्न कालखण्डमा आफ्ना विकास योजनामा यो लेविस अवधारणा प्रयोग गरेका उदाहरण भेटिन्छन् । नेपालमा पनि यसको अध्ययन भएको छ । तथ्यांक विभागबाट २०७१ सालमा प्रकाशित 'चौमासिक तथ्यांक गतिविधि'मा प्राडा विकास राज सत्यालको लेखमा यसै अवधारणाको लेखाजोखा गरेको देखिन्छ, जस अनुसार, तीव्र गतिको प्रगतिको लागि सरकारको मौजुदा लागानीमा वार्षिक थप करिब रू ५ खर्ब यो प्रयोजनको लागि खर्चगर्दा झन्डै २४ वर्षको अवधिमा नेपाल १२ हजार ५२२ डलर प्रतिव्यक्ति आय भएको विकसित राष्ट्रको स्तरमा पुग्ने उल्लेख गरिएको छ । स्वाभाविक रूपमा लेविसको अवधारणाको मर्मलाई अहिले बनाउँदै गरिएको पन्ध्रौ पंचावर्षीय योजनामा निजी-सरकारी-वाह्यिय पूँजी निवेशको मध्यमले अघि बढाउने योजना बनाउनसकेमा देशले खोजेको आर्थिक प्रगति केही वर्षको अन्तरालमा हुने सम्भावना देखिन्छ ।

तर, रमाइलो कुरा लेविसको अवधारणा अनुसार नेपाल, भारत, बंगलादेश, पाकिस्तान जस्ता दक्षिण एसियाका देशहरू मा पूर्णतया लागु भएको भने देखिएको छैन । त्यसको अर्थ, यी देशहरूमा कृषि क्षेत्रको रूपान्तरण मन्द गतिमा भइरहदा त्यो रूपान्तरण औद्योगिक क्षत्रमा नभई सेवाको क्षेत्रमा हुँदै गरेको देखिन्छ । विगत केही वर्षदेखि कृषिमा नेपाली परिवारको निर्भरता घटेसँगै सेवा क्षेत्रमा जनसंख्याको लगातार वृद्धि हुँदै गएको तथ्यांकले देखाएका छन् । यही चित्र भारत, बंगलादेश, पाकिस्तानहरू जस्ता दक्षिण एसियाका देशहरूमा समेत देखिन्छ, जसलाई यस क्षेत्रको विकास बिडम्बना (Development Paradox) भनेर धेरै अर्थशास्त्रीहरूले भन्ने गरेका पनि छन् । तर लेविसको अवधारणाको स्वरूप दक्षिण एसियाका देशहरूमा अलि भिन्दै देखिए पनि विकासशीलबाट विकसित हुन उनले देखाएको बाटो उही हो, जसलाई हामी पनि अवलम्बन गर्नसक्छौ ।

**देशको आर्थिक परिवेश**

'समृद्ध नेपाल र नेपाली' यो अहिले बन्न लागेको १५ औं पञ्चवर्षीय योजनाको सरकारी नारा हो । योजनामा नेपाली हेर्ने अपेक्षा गरिदा अहिले नेपाल कति समृद्ध छ र नेपाली कति खुसि छन् यो यथार्थ पनि मनन गर्नुपर्ने हुन्छ । संयुक्त राष्ट्रसंघले हरेक वर्ष प्रकाशित गर्ने 'विश्व खुशी प्रतिवेदन' अनुसार सन् २०१७ पछि

नेपाल खुसीयाली देशको स्तरबाट लगातार झर्दै गएको देखिन्छ । सन् २०१७ मा ९९शयौ स्थानको खुसियाली देशको स्तरबाट तलझर्दै नेपाल सन् २०१९ मा १०० औं स्थानमा पुगेको छ । यो वर्ष विश्वको पहिले स्थानको खुसीयाली देश फिनल्याण्ड बनेको छ भने नेपाल दक्षिण एसियामा पाकिस्तान जो ६७सयौ स्तरमा छ र भुटान जो ९५ औं स्तरमा छ, भन्दा पछि दक्षिण एसियामा तेश्रो खुसियालीको स्थितिमा देखिएको छ । देशका नागरिकको सक्रियता, रोजगारी, शिक्षा र परिवारको सामीप्य, भोजनको उपलब्धता र बासको व्यवस्था, देशको व्यापार र अर्थतन्त्रको स्थित, वातावरण र स्वास्थ्य जस्ता १४ विभिन्न आधारमा यो प्रतिवेदन बनाइने गरिन्छ । नेपालको स्थिति यसमा धेरै घटबढ नभएको अझ केही तल झर्दै गएको देखिएकोले हामीले खुशी नेपाली बन्न निकै प्रयत्न गर्नुपर्ने देखिन्छ ।

तर खुसीको आ-आफ्नै परिभाषा दिइने गरिन्छ । जस्तो, सरकारी तथ्यांकले देखाउँदा नेपालमा बेरोजागारीको दर अत्यधिक कम देखिन्छ, दक्षिण एशियामा नै सबैभन्दा कम । नेपालको बेरोजगारी दर तथ्यांक विभागको अनुसार जम्मा ११.४ प्रतिशत छ । तर यो कम बेरोजगारीको तथ्यांक सँगसँगै सरकारी तथ्यांकले नै वैदेशिक रोजगारीको लागि करिब १५ शयको संख्यामा कामगर्ने उमेर पुगेका युवाहरू हरेक दिन नेपालबाट बाहिरिने गरेको बताउँछन्, त्यो पनि केवल त्रिभुवन बिमानस्थलबाट मात्र । यो सरकारी तथ्यांकमा नेपाल-भारतको खुला सीमानाबाट विदेशीने नेपालीको लेखाजोखा राखेको छैन जुनसंख्या हवाइजहाज चढेर जानेहरूको भन्दा कम छैन । तसर्थ, किन यत्रो ठूलो संख्यामा नेपाली युवाहरू ऋण लिएर र अनेकन जोखिम उठाएर समेत विदेश जादैछन् भन्ने उत्तर हाम्रो कम बेरोजगारीको सरकारी तथ्यांकले दिन सक्दैन । स्वाभाविक छ, यदि देशमा रोजगारीको सहज वातावरण भएको भए यत्रो ठूलो संख्यामा युवाहरू विदेशी भूमिमा रोजगारीको लागि जानुपर्ने थिएन होला । केही समय पहिले ब्रिटेनको अनुसंथान संस्था अक्सफोर्डले नेपलिमा गरेको अनुसन्धानको प्रतिवेदनमा गरिबीको रेखा मुनिका जनसंख्या र बेरोजगार नेपालीको अनुपात सरकारी तथ्यांकभन्दा ज्यादै बढी देखाएको थियो जसले सरकारमा ठूलो तहल्का मच्चिएको थियो र तथ्यांक विभागका प्रमुखले हाम्रो सरकारी परिभाषा अक्सफोर्डको परिभाषासँग मिल्दैन बन्ने वक्तव्य समेत दिनुपरेको थियो जो त्यसबेलाका छापहरू पढ्दा भेटिन्छ । तसर्थ यथार्थमा देशको बेरोजगारीको स्थिति अत्यन्त भयाबह छ । फलस्वरूप यो स्थितिमा ठूलो परिवर्तन नहुन्जेल नेपालिहरू खुसी हुने दिन अझै आएको देखिन्न ।

जनता खुसी हुन उचित खाना, शुद्ध पिउने पानी, शुद्ध सास लिने हावा, रोजगारीको सुरक्षा, लगायतका जीवनस्तर मापक राम्रो हुनु जरूरी छ । तर नेपालमा यस्ता आधारभूत आवश्यकताको स्थिति अधिकांश दयनीय छ । खाद्यान्नमा मिलावट र बिषादिको मात्रा अत्यधिक छ, शुद्ध पिउने पानी बहुसंख्यक जनतालाई उपलब्ध छैन र जसलाई उपलब्ध छ त्यो पनि पर्याप्त छैन । सहरका वासिन्दा, धुलो र प्रदुषणले आक्रान्त छन् । गाउँहरूका उत्पादन गर्ने युवा जनशक्ति विदेशिँदै गएकाले उत्पादनका हिसाबले अनुत्पादक हुँदै गएका छन् । देशभरि नै रोजगारी सुरक्षित छैन । शिक्षा ज्यादै महँगो बन्दै गएको छ । डाक्टर र औषधि महँगो र भरपर्दो छैनन् । रोग र रोगीको बारे राम्ररी बुझ्दै नबुझी र छलफल नै नगरी डाक्टरले औषधि सिफारिस गर्ने हुनाले रोग निर्मूल हुँदैनन् । सामान्यबाट अझ आक्रान्त हुँदै गएका छन् । यस्ता विषम परिस्थितिमा नेपाली कसरी खुशी हुनसक्छन् ?

नेपालिको आम्दानी बढ्दै छ । लगातार बढ्दै गएर प्रतिव्यक्ति १००० डलर नाघेको छ । तर साथै बजारमा रूपैयाँको किन्ने शक्ति कमजोर बन्दै गएको छ । १० वर्ष पहिले १०० रुपैयाले तरकारी किन्दा जत्ति मात्रामा किन्न सकिन्थ्यो त्यसको आधा पनि आजको १०० रूपैयाले किन्न सक्दैन । यो रूपैयाको दुर्बलता हाम्रोप्रति व्यक्ति आयमा गणना गरिएको छैन । राष्ट्र बैंकको उपभोक्ता मूल्य सूचाकांक (consumer price index) हेर्दा, वीस वर्ष पहिले २०५६ सालमा ३५ रूपैयाँ पर्ने वस्तुको औसत मूल्य दश वर्षपहिले २०६६ सालमा ६० रूपैयाँ पर्ने रहेछ भने गत वर्ष त्यही वस्तुको मूल्य वृद्धि भएर १२५ रूपैयाँ पुगेको देखिन्छ । यो सामान्य उपभोगको वस्तुमा भएको औसत मूल्यवृद्धिको तथ्यांक हो, यद्यपि राष्ट्र बैंकले निकाल्ने यो उपभोक्ता मूल्य सूचांक ज्यादै अवमूल्यित अर्थात् कम देखाइएको भन्ने धेरै बजार बिश्लेषकहरू को धारणा रहदैआएको छ । यसरी हेर्दा नेपालीको जीवनस्तरमा आर्थिक र सामाजिक अवरोधहरू निरन्तर बढ्दै गएको देखिन्छ । यो स्थितिमा समृद्ध नेपाल र खुशी नेपालीको चित्र मलिननै देखिन्छ जसलाई उज्यालो पार्न धेरै प्रयास गर्न जरूरी देखिन्छ । ■

*लेखक वरिष्ठ पत्रकार हुनुहुन्छ ।*

# बीआरआई र नेपालको आर्थिक विकास



जुनारबाबु बस्नेत

## १. परिचय

झण्डै दुई सय वर्ष अघि विश्वको व्यापार बेग्लै खालको थियो । लगभग पाँच हजार वर्षको चिनियाँ सभ्यतामा त्यतिबेला चीनको बाँकी विश्वसित व्यापार फस्टाएको थियो । प्रशस्त सिल्क उत्पादन हुने त्यसबेला चीनले मध्य एसिया तथा हालका पूर्वी युरोपमा रहेका देशसित स्थलमार्गबाट नै व्यापार हुने गरेको थियो । त्यसरी व्यापार गर्ने मूल स्थलमार्गलाई सिल्क रोड भन्ने गरिन्थ्यो ।

अठारौँ शताव्दीमा युरोपमा विज्ञान र प्रविधिको विकास भयो । आविस्कारले अग्रसरता लियो । खास गरी वाष्प इन्जिनको विकास भएपछि युरोप औद्योगिक क्रान्ति भयो । मानिसको श्रममा आधारित त्यस अगाडिको कारखानाको कार्य प्रणालीलाई यन्त्रउपकरणले प्रतिस्थापन गरेपछि कम लागतमा बढी उत्पादन हुन थाल्यो । बढी उत्पादन बेच्न बजारको आवश्य परेसँगै उपनिवेशिक साम्राज्य फैलिन थाल्यो । त्यसले परम्परागत डुङ्गा तथा परम्परागत प्रविधिमा आधारित पानी जहाजलाई इन्जिनमा आधारित जहाजले प्रतिस्थापन गर्न थालेपछि संसार बदलियो ।

अघिल्ला दुई शताव्दी उपनिवेश तथा जलयातायातको प्रमुख प्रभुत्व रह्यो । यसैका कारण मानव सम्भयताले करोडौँ मानिसका ज्यान लिने दुईवटा महायुद्धको सामना गर्नु पर्‍यो ।

पानी जहाज जल यातायातको प्रणाली विकास भएसँगै परम्पपरागत भूमार्ग विस्तारै ओझेलमा पर्न थाले । मालवस्तुहरूको ढुवानीमा जलयातायात नै प्रमुख माध्यम बन्यो । अघिल्ला दुई शताव्दी उपनिवेश तथा जलयातायातको प्रमुख प्रभुत्व रह्यो । यसैका कारण मानव सम्भयताले करोडौँ मानिसका ज्यान लिने दुईवटा महायुद्धको सामना गर्नु पर्‍यो । द्वितीय महायुद्धपछि संयुक्त राष्ट्र संघको उदयले उपनिवेशवादको अन्त्य हुँदै गयो । देशहरू क्रमशः स्वतन्त्र हुँदै गए । तर वादमा आधारित द्वन्द्व कम भएन । अमेरिका र तत्काली सोभियत संघबीचको शीतयुद्धले संसार झण्डै चार दशक त्यसै सेरोफेरोमा घुम्यो । तर यो बीचमा विज्ञान र प्रविधिको विकासले विश्वलाई नवीन युगमा लग्यो । सूचना प्रविधिको तीब्र विकास भयो ।

सन् १९९० मा सोभियत संघको विघटनपछि विश्वमा नयाँ परिवेश विकास भयो । चीनले विगत चार दशकमा आर्थिक विकासको चमत्कार गर्‍यो । पाँच वर्ष अघि नै उसले जापानलाई पछाडि पार्दै विश्वको दोस्रो ठूलो अर्थतन्त्र बनिसकेको छ । यो परिवेशमा चिनियाँ कम्युनिष्ट पार्टीका महासचिव तथा राष्ट्रपतिमा सी चिनफिङको आगमनपछि चीनले शान्तिपूर्ण विकासका नयाँ आयाम अगाडि ल्याएको छ ।

झण्डै दुई हजार वर्ष अघि तत्कालीन हान साम्राज्यद्वारा प्रयोगमा ल्याएको सिल्क रोडलाई पुनः पुनर्जीवन दिने प्रतिबद्धतामात्र व्यक्त भएन, तीब्रतर रूपमा कार्यप्रारम्भनै भयो । चीनले विश्वको झण्डै दुई तिहाइ विश्व समुदायलाई समेट्ने गरी थालनी गरेको विकास प्रयासमा छिमेकी मुलुक नेपाल कसरी लाभान्वित हुने भन्ने महत्वपूर्ण विषय हाम्रा लागि सर्वाधिक चासोको विषय हो । सरोकारको विषय हो ।

## २. बीआरआईको उद्भव

बेल्ट एयड रोड इनिसिएटिभ(बीआरआई)चीनका राष्ट्रपति सि चिनफिङको मौलिक विकास अवधारणा हो । यो अवधारणालाई चिनियाँ कम्युनिष्ट पार्टीले आत्मासात गरेपछि यो चीन र बाँकी विश्वको विकास अवधारणाको

मूल खम्बा बनेको छ । विश्वका झण्डै दुई तिहाइ जनसंस्था बीआरआई अवधारणामा आबद्ध हुने सक्ने यो महापरियोजना कम्तीमा आगामी एक शताब्दी प्रभावी रहने विश्लेषकहरूको बुझाइ छ ।

बीआरआईको सूत्रपात राष्ट्रपति सिले सन् २०१३ मा इन्डोनेसिया र काजकस्थानको भ्रमण गर्दा उदभ्व भएको थियो । दुई हजार वर्ष अधिको परम्परागत सिल्क सडक मार्गलाई नयाँ जीवन दिने गरी 'वन बेल्ट वन रोड' अर्थात् अबीओआरको अवधारणा राष्ट्रपति सिले अगाडि सार्नुभएको थियो । सडक मार्गको विकासलाई सिल्क रोड इकोनोमिक बेल्टका रूपमा अगाडि सारियो । खास गरी चीनलाई मध्य एसिया तथा युरोपसित जोड्ने सडकको परिकल्पना साकार पार्न यो अवधारण विकास भयो । चीनले तीब्र गतिमा यातायात चल्न सक्ने गरी रेल र सडक मार्गको विकास गरेपछि त्ससलाई साकार पार्न ओबिओआरको अवधारणामा पुगेको देखिन्छ ।

त्यसैगरी सामुन्द्रिक मार्ग जोड्न एक्काइसौँ शताब्दीको सामुन्द्रिक मार्गको अवधारणा ल्याएको थियो । त्यसका लागि श्रीलङ्का लगायतका देशमा अत्याधुनिक बन्दरगाह निर्माणमा चिनियाँ लगानी आकर्षित हुन थाल्यो । चीनको अफ्रिकामा लगानी व्यापक भएको सन्दर्भ व्यापार तथा लगानीका लागि सामुन्द्रिक मार्गको विकास अपरिहार्य थियो । अमेरिका तथा युरोपमा सीमित व्यापारलाई चीनले विविधिकरण गर्न चाहेर पनि यो महापरियोजना अगाडि बढेको हो ।

ओबिआरलाई नाम परिवर्तन गरी सन् २०१६ मा बेल्ट एड रोड इनिसिएटिभ अर्थात् बीआरआई राखियो । यसमा बेल्ट सडक मार्गलाई प्रतिनिधित्व गर्छ भने रोडले सामुन्द्रिक मार्ग हुँदै चीनलाई दक्षिण पूर्वी एसिया, दक्षिण एसिया, अफ्रिका हुँदै युरोपसम्म मागलाई प्रतिनिधित्व गर्छ । त्यसका लागि सामुद्रिक रणनीतिक बिन्दुहहरू अत्याधुनि बन्दरगाह निर्माण भइरहेका छन् । त्यस क्रममा श्रीलङ्कामा बनेको हम्बनटाटा बन्दरगाहमा चीनको ऋण लगानी छ । श्रीलङ्काले त्यो बन्दरगाह चिनियाँ कम्पनीलाई नै ९९ वर्षका लिजमा दिइसकेको छ । आफैं बन्दरगाह सञ्चालन गरेर त्यसबाट ऋण असुल गर्ने प्रक्रिया अगाडि बढेको छ ।

बीआरआईले चीनलाई एसिया तथा मध्य एसिया, युरोप, अफ्रिका र अमेरिका खासगरी ल्याटिन अमेरिकासम्मको यातायात सञ्जाल जोड्ने अवधारणा राख्छ । त्यसक्रममा कतिपय देशमा काम पनि अगाडि बढिसकेको छ । बेजिङ विश्वविद्यालयका प्राध्यापक तथा चाइना नेशनल एकेडेमीका प्राध्यापक डा. सङ्ग सिमिङ्को भनाइमा बीआरआई मावतामा आधारित विकासका लागि राष्ट्रपति सिले ल्याउनुभएको मौलिक विकास अवधारणा हो । यो अवधारणालाई चिनियाँ कम्युनिस्ट पार्टीका साथै चीन सरकारले चीनलाई बाँकी विश्वसित आर्थिक विकासमासँगै अगाडि बढ्ने अवसरका रूपमा लिएको छ ।

पूर्वाधार विकास गरी लगानी बढाउँदै उत्पादन र व्यापारद्वारा रोजगारी र आर्थिक विकास यसको ध्येय रहेको छ । यसमा १५२ विभिन्न मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाहरू प्रत्यक्ष र परोक्षरूपमा आबद्ध भइसकेका छन् । यो दीर्घकालीन विकास महापरियोजना हो । लगानीका लागि नयाँ अवसर हो । जनवादी गणतन्त्र स्थापना भएको एकसय वर्ष भएको अवसरमा सन् २०४९ मात्र यो अभियानले पूर्णता पाउँछ । अझै ३० वर्ष यो परियोजना अगाडि चिनियाँ सरकारको आँकलन छ ।

### ३. बीआरआई चौँथो औद्योगिक क्रान्तिको आधार

विश्व कृषि युगबाट औद्योगिक हुँदै सूचना प्रविधिमा आधारित नयाँ युगमा प्रवेश गरेको छ । सूचना प्रविधिमा आधारित उत्पादन, व्यापारले परम्परागत व्यापारलाई प्रतिस्थापन गरिरहेको छ । चाइना सेन्टर फर कन्टेम्पररी वर्ड स्टडी अन्वेषक डा. जीन सिनका अनुसार बेल्ड एण्ड रोड परम्परागत विकासका निरन्तरता मात्र होइन । यसले चौथो औद्योगिक विकासलाई प्रतिनिधित्व गर्ने छ । यसले उद्योग ४.० का प्रतिनिधित्व गर्ने छ । यसले नयाँ औद्योगिक क्रान्तिमा अग्रसर गराउने छ ।

चौँथो नयाँ औद्योगिक क्रान्तिको कुरा गर्दा विगतका तीन वटा औद्योगिक विकासका चरणलाई पनि बुझ्नु पर्ने हुन्छ । अठारौँ शताव्दी वाष्प इन्जिनको युग थियो । बेलायत र अमेरिकाले यसै आधारमा पनि ठूलो विकास गरे । वाष्प इन्जिनलाई विज्ञान र मास उत्पादनको युग प्रतिस्थापन गऱ्यो । एनालग आधारित विज्ञान र प्रविधिको त्यस युगलाई डिजिटल प्रविधिले प्रतिस्थापन गऱ्यो । अब चौँथो चरणका गुणात्मक विकास युगमा संसार अगाडि बढ्दैछ । अब प्रविधिमा पनि सेन्सरले काम गर्ने छ ।

चौँथो चरणको औद्योगिक विकासले सबैतिर इन्टरनेटको प्रयोग हुने छ । आईओटी अर्थात् इन्टरनेट अफ थिङ्सको युग हुने छ । सेन्सरमा आधारित प्रणालीले सबैतिर काम गर्ने छ । वेव ३.०ले काम गर्ने छ र यो कृत्रिम वौद्धिकतासित सम्बन्धित छ । सेन्सरमा आधारित रोबोटिक्सले काम गर्नेछन् । भर्चुअल रियालिटी आधारित विकास र कृत्रिम वौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स)ले काम गर्ने छ । प्राध्यापक जीन बीआरआईको पूर्वाधार

परियोजनाहरू चौँथो औद्योगिक क्रान्तिको तयारी भएको बताउनुहुन्छ ।

### ४. पानी जहाजभन्दा सतह सस्तो

कुनै बेला चीनबाट समुद्री मार्ग हुँदै पानी जहाजहरूलाई युरोप पुग्न महिनौँ लाग्थ्यो । हवाई जहाजबाट मालवस्तु ढुवानी गर्नु सस्तो हुने कुरा भएन, धेरै महँगो पर्थ्यौ । तर अब पुरानो अवस्था छैन । रेलमार्गको विकाससँगै अब युरोपका सहरहरूलाई चीन तथा एसियासित जोड्न कठिन छैन । तीब्र गतिका रेलमार्गको विकासले चीनभित्रै वस्तुहरूको आवातजावत त झनै सजिलो भएको छ ।

चीनको पश्चिमी प्रान्त सिचुवानमा छिन्डु अन्तर्राष्ट्रिय रेल्वे बन्दरगाह यसको प्रत्यक्ष उदाहरण हो । यो बन्दरगाह सन् २०१५ मा सञ्चालनमा आएपछि चीनभित्र र बाहिर व्यापार असाध्यै सहज भएको हो । छिन्डु इन्टरनेशनल रल्वे पोर्टका अनुसार चिनियाँ २० वटा सहरहरूका साथै चीन बाहिरका ३० वटा सहरलाई चीनको यो सुख्खा बन्दरगाहले जोडको छ । जर्मनीको नुरेम्वर्ग, नेदरल्याण्डको तीलवर्ग, पोल्याण्डको लोज तथा दक्षिण पूर्वी एसिया(आसियान)को भियतनाको हनोइ लगायतका विश्वका धेरै सहरहरूलाई यो रेगमार्गले जोड्को छ ।

चाइना रेल्वे एक्प्रेस सिन्डुका अनुसार यो सुख्खा बन्दरगाहले विश्वका सातवटा अन्य रेल्वेमार्गलाई जोड्छ भने संघाइ लगायतको पाँच वटा ठूला समुन्द्री बन्दरगाहहरू जोड्छ । यो रेल्वेले महिनौँ समय लगाएर प्रशान्त महासागर तथा हिन्द महासागर हुँदै युरोप पुग्न झण्डै दुई महिना लाग्थ्यो । तर अब युरोपको दूरी १५ दिनमा समिति भएको छ ।

पिपुल्स डेलीको अन्तर्राष्ट्रिय समाचार विभागका सम्पादक चेन सान्वेनका अनुसार चीनले निर्यातमात्र चाहको छैन, विश्वबाट गुणस्तरीय वस्तु पनि ल्याउन चाहिरहेको छ । त्यसका लागि छिन्डु अन्तर्राष्ट्रिय बन्दरगाहमा अन्तर्राष्ट्रिय बजार पनि स्थापना गरेको छ । त्यो बजारमा चीनभन्दा बाहिरबाट ल्याएका वस्तु राख्ने गरिन्छ । चिनियाँ उपभोक्ताहरूमा विदेशी गुणस्तरीय वस्तुप्रति आकर्षण बढ्दो छ ।

चीनले एसियालाई विश्वका बाँकी भागसँग जोड्न बेल्ड एण्ड रोड इनिसिटिभ(बीआरआई)को महत्वपूर्ण माध्यम नै बनेको सिचुवानस्थित छिन्डु अन्तर्राष्ट्रिय सुख्खा बन्दरगाह । अघिल्लो शताब्दी पानी जहाजबाटै विश्वको व्यापारलाई अगाडि बढाइयो । त्यही सस्तो र सहज थियो तर अब द्रुत गतिमा चल्ने रेल्बेलाई विश्व सञ्जाल जोड्ने प्रसासमा चीन तीब्रतररूपमा अग्रसर छ ।

चाइना सेन्टर फर कम्टेम्पोररी वर्ड स्टडीका अनुसन्धानकर्ता प्रा.डा. सीन भन्नुहुन्छ,"बीआरआई निश्चय नै चीनले अगाडि सारेको विस्तृत परियोजना हो तर चिनियाँ सरकार र जनताका भलाइका लागि मात्र यो परियोजना होइन । बीआरआईमा सहभागी सबै मुलुकहरूको भलाइका लागि यो परियोजना भविष्य हो । यसले सडक, रेल, औद्योगिक पार्क र पूर्वाधारको विकास गरी लगानी बढाउँछ । ती मुलुकका जनताको रोजगी बढाउँदै आर्थिक विकासको मार्गमा अग्रसर गराउँछ ।" त्यसका लागि उच्च गतिका रेल मार्ग जरूरी हुन्छ । रेलुसँगै गुणस्तरीय सडक मार्ग, उच्च स्तरीय सुविधा भएका बन्दरगाह निर्माण गरिने काम तीब्र गतिमा अगाडि बडिरहेको छ ।

### ५. उर्लदो चिनियाँ अर्थतन्त्र

चीन विश्व अर्थतन्त्रको अमेरिका पछि सबैभन्दा ठूलो अर्थतन्त्र हो । केही वर्ष अघि उसले जापानलाई उछिन्दै दोस्रो स्थानमा आएको हो । सबैभन्दा तीब्रतर वृद्धिदरमा अगाडि बढेको चिनियाँ अर्थतन्त्र निर्यातमुलक अर्थतन्त्र पनि हो । अमेरिका र चीनबीच जारी व्यापार युद्धले केही असर पारे पनि चालु वर्षमा छ दशमलव एक प्रतिशतको आर्थिक वृद्धि रहेको छ । व्यापार अवरोधले अर्थतन्त्रमा केही शिथिलता छ ।

चीनको आर्थिक विकास अहिले अन्तर्राष्ट्रिय चासोको विषय बनेको छ । अन्तर्राष्ट्रिय मुद्रा कोषका अनुसार चीनको सन् २०१९ को कुल गार्हस्थ उत्पादन १४.१० ट्रिलियन अमेरिकी डलर छ । विश्वमा सबैभन्दा बढी विदेशी मुद्रा सञ्चिति गर्ने मुलुक चीनसित ३.३१ ट्रिलियन डलर विदेशी मुद्रा सञ्चित छ । त्यसमध्ये अमेरिकी सरकारी बण्डमा सबैभन्दा बढी लगानीले चीन अमेरिका लामो द्वन्द्व दुवै मुलुकको हितमा नभएको स्पष्ट छ । चिनियाँ विश्लेषकहरू व्यापार द्वन्द्व लामो समय अगाडि जान नसक्ने बताउँछन् । चाइन ग्लोबल टेलिभिजन नेटवर्कको विश्लेषण अनुसार अमेरिकी राष्ट्रपतिको निर्वाचन अगावै अमेरिकाले यो समस्या समाधान गरिसक्ने छ ।

चीनको पछिल्लो चार दशकका विकास आश्चर्यजनक नै छन् । द्रुत रेलमार्ग, अन्तरिक्ष अन्वेषण, समुद्रमाथि पुल र द्रुत मार्ग निर्माण, कृत्रिम टापू र त्यसमा आधुनिक सहर जस्ता अनकौँ आश्चर्य चीनका प्रमुख विकास र आश्चर्य भएका छन् । अर्थतन्त्रको संरचना अनुसार चीनको समग्र अर्थतन्त्रमा कृषि सात दशमलव नौ प्रतिशतको मात्र हिस्सा छ । सत्तरी वर्ष अघि यो अंश लगभग ९० प्रतिशत थियो ।

चीनमा औद्योगिक विकास र सेवा क्षेत्र तीब्र गतिमा अगाडि बढेको छ । अहिले ४०.५ प्रतिशत हिस्सा उद्योगले धानेको छ भने ५१. ६ प्रतिशत सेवा क्षेत्रले ओगटको छ । जनशक्तिका हिसाबले सबैभन्दा बढी अर्थतन्त्रमा योगदान रहेको सेवा क्षेत्रमा ४४ प्रतिशत श्रम शक्ति रहेको छ । झण्डै आठ प्रतिशत योगदान रहेको कृषिमा अझै पनि २७ प्रतिशत श्रमशक्तिले रोजगारी पाएका छन् भने औद्योगिक क्षेत्रमा २९ प्रतिशत रोजगारी रहेको छ ।

चीन पुरानो अवस्थामा नरहेको चिनियाँ नेताहरू नै बताउने गर्छन् । चिनियाँ कम्युनिस्ट पार्टीले माओत्सेतुङको नेतृत्वमा चीनको राजनीतिक क्रान्ति सफल गरे पनि आर्थिक विकासमा भने आरम्भका तीन दशक अलमल नै रह्यो । आर्थिक विकासको चमत्कारका लागि माओपछि देङ सियोपिङको खुला र बजार अर्थतन्त्रले सबैभन्दा व्यापक प्रभाव पारेको छ । केन्द्रीय योजना र राज्यको स्वामित्वमा रहेको माओकालीन अर्थतन्त्रको तस्बिर राम्रो थिएन । सन् १९५०-७३ सम्म दुई दशमलव नौ प्रतिशतमात्र आर्थिक वृद्धि रहेको थियो । सन् १०७३देखि केही वर्ष त चिनियाँ अर्थतन्त्र संकुचनमै गएको थियो । यो अवस्थाले नै देङलाई आर्थिक सुधारको अपरिहार्य आवश्यकता महसुस भयो ।

देङलाई चिनियाँ अर्थतन्त्रलाई नयाँ युगको सूत्रपात गरे । राज्यको स्वामित्वमा रहेको अर्थतन्त्रलाई व्यक्तिले प्रत्यक्ष लाभ पाउने गरी सामुहीकरण गर्नु देङको ठूलो कदम थियो । त्यसलाई कतिपयले नकारात्मक रूपमा पनि लिए । मार्क्सवादसित केही बेमेल पनि थियो त्यो कदम तर चिनियाँ विशेषताको समाजवादका रूपमा त्यसलाई विकसित गरियो, गर्रिँदै छ । देङको नेतृत्वमा विदेशी लगानी खुला गरियो । सस्तो श्रम शक्ति र अनुशासित समाज चीनमा विदेशी कम्पनी नाफा कमाउन ओइरिए । व्यापार र उद्यममा विदेशी लगानीसित मिलेर निजी क्षेत्रको कर्पोरेट तबरको सहभागिताले अर्थतन्त्रमा चमत्कार ल्याउन थाल्यो ।

सुधारको फलस्वरूप चीनको अर्थतन्त्रमा व्यापक परिवर्तन आयो । सन् १९७८देखि २०१३ सम्म चीनको औसत आर्थिक वृद्धिदर नौ दशमलव पाँच प्रतिशतले वृद्धि भयो । सन् १९७८ को तुलनामा कुल गार्हस्थ उत्पादनमा १० गुणाले वृद्धि भयो । यति विशाल चमत्कार कुनै पनि देश र अर्थतन्त्रको भएको छैन । परम्परागत कृषिमा आधारित अर्थतन्त्र चार दशकमा विज्ञान, प्रविधि र सूचनामा आधारित विकसित अर्थतन्त्रमा रूपान्ततरित भयो । चीन समृद्ध अर्थतन्त्र भए पनि कम्युनिस्ट पार्टीका नेता तथा थिङ्क ट्याङ्कहरू अझै पनि चीनलाई विकासशील अर्थतन्त्र नै भन्न बढी उचित ठान्छन् ।

चीनलाई महाशक्ति हुने लोभ नभएको बरू शान्तिपूर्ण र सहभागितामुलक विकास चीनले चाहेको बताउने गरिन्छ । एसियाली पत्रकारकारहरूसँगको डिसेम्बर २३, २९१९ को बेइजिङको एक अन्तरक्रियामा चिनियाँ कम्युनिस्ट पार्टीका अन्तर्राष्ट्रिय विभागका उपमहानिर्देशक जिन जिह्न्वाले पटक पटक चीन विकासशील अर्थतन्त्र भएको दोहोऱ्याउनुभयो । उहाँले बेल्ट एण्ड रोड इनिसिटिभ्सका माध्यमबाट बाँकी विश्वसँगै साझा भविष्य बनाउन चाहेको बताउनुभयो ।

विकासशील अर्थतन्त्र चीनले बेल्ट एण्ड रोड इनिसिएटिभ्स (बीआरआई) मार्फत् चीनले एसिया, मध्यपूर्व, युरोप र अफ्रिका र ल्याटिन अमेरिकासम्म स्थल तथा जल मार्गमा सहज यातायात सञ्जाल विकास गर्ने अभियान थालेको चिनियाँ बुद्धिजीवीको तर्क छ । बीआरआईलाई रणनीतिभन्दा पनि अभियान मान्नुपर्ने उनीहरूको सुझाव छ ।

**आर्थिक विकासको चमत्कारका लागि माओपछि देङ सियोपिङको खुला र बजार अर्थतन्त्रले सबैभन्दा व्यापक प्रभाव पारेको छ । केन्द्रीय योजना र राज्यको स्वामित्वमा रहेको माओकालीन अर्थतन्त्रको तस्बिर राम्रो थिएन ।**

### ६. अवरोध बिनाको लगानी र व्यापार

बीआरआई चीनका मात्र विकास होइन भन्ने तर्क छ । यातायाता, लगानी र व्यापारबाट आय र रोजगारी सिर्जना गरी समावेशी विकासको आधार भनिए पनि पश्चिमा मिडिया तथा बुद्धिजीवीहरूले भने चीनले नयाँ उपनिवेश युगको सूत्रपात गरेको आरोप पनि लगाउने गर्छन् । हुन पनि चीनलाई मध्य एसिया तथा युरोपसँग सडक मार्गले जोड्छ । प्रशान्त तथा हिन्द महासागर हुँदै दक्षिण पूर्वी एसिया(आसियान), दक्षिण एसिया, मध्य पूर्व, अफ्रिका हुँदै युरोप र दक्षिण अमेरिकी मुलुकहरूसम्म पुग्ने सामुन्द्रिक मार्गहरूको विस्तार गरेको छ ।

बीआरआई सदस्य मुलुकहरूमा पूर्वाधार व्यापक बनाउने, चौथो तहको औद्योगिक पार्कहरूको विकास

गर्ने, सबै खालका व्यापार अपरोधहरू हटाउने योजना बीआरआईको छ । प्रा. सङ्गले बीआरआईले कुनै पनि देशको देशीय नीति र योजनालाई सम्मान गर्ने बताउनुहुन्छ । उनीहरूले नै छनोट गरेको विकास योजनालाई चीनले सहयोग गर्ने उहाँको तर्क छ । बिना अवरोधको व्यापार र लगानीले बढी उत्पादन दिने, रोजगारी बढाउने र मानव संसारलाई सुखी बनाउन चिनियाँ तर्क छ ।

**७. नेपालको आर्थिक विकासका लागि अपरिहार्य**

नेपालको आर्थिक विकासमा चीनले सदैव सहयोग गर्दै आएको छ । कोदारी राजमार्ग निर्माणले चार दशक अघि नै नेपाल भारतसितमात्र निर्भर नभई उत्तरी चीनतिस पनि जोडिन पुगेको हो । नेपालमा विभिन्न उद्योगधन्दा स्थापनामा पनि चीनको धेरै सहयोग रहँदै आएको हो । चीनले अगाडि सारेको सिल्क रोड अवधारणामा नेपालको आरम्भदेखि नै सकारात्मक धारणा रह्यो । खास गरी नयाँ संविधान बनेपछि भारतसितको नाकाबन्दीको अवस्थामा चीनले यातायात सहजीकरणमा देखाएको न्यानोपनाले नेपाल भूपरिवेष्ठित होइन, भूमार्गले जोडिएको देशमा रूपान्तरण हुँदैछ । तातोपानी सडक भूकम्पले बिग्रिए पनि केरूङ नाका सहज बनाउँदै चीनबाट मालबूस्तु आपूर्ति सहज बन्यो ।

सबै खालका सरकार हुँदा चीनले अगाडि सारेको बीआरआई अवधारणमा अगाडि बढ्ने क्रम रोकिएन । दुई वर्ष सन् २०१७ मा नेपाल बीआरआईको सदस्यमा आबद्धता भयो । अमेरिकी राष्ट्रपति सि चिनफिङको गत असोजमा भएको नेपाल भ्रमणले बीआरआई परियोजनमा नेपालको सहभागितालाई बढी सहजीकरण गरेको छ । भ्रमण अवसरमा भएका महत्वपूर्ण सम्झौताले नेपालमा रेल मार्गको विकास, सडक यातायातमा सुधार, सहरी यातायातमा सुधार आदिलाई महत्व दिने छ ।

भ्रमण अवसरमा हस्तारक्षर भएका सम्झौतामध्ये राष्ट्रपति सीले महत्व दिएको घोषणा सीमापार रेल्वे परियोजना निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न यातायात तथा भौतिक पूर्वाधार मन्त्रालय नेपाल र यातायात मन्त्रालय चीनबीचको सम्झौता निकै महत्वपूर्ण छ । सम्झौता अनुसार चिनियाँ टोलीले अध्ययन गरिरहेको छ ।

यो परियोजनाले नेपालको भूपरिवेष्ठित देशबाट भूजडिज देशमा रूपान्तरण गर्नेछ । नेपालले सिधैं चीनसँग व्यापार विस्तार गर्दै सामुद्रिक व्यापारमा समेत आफ्नो पुऱ्याउन सफल हुनेछ । कुनै एक देशसितको निर्भरलाई घटाउँदै नेपाली अर्थतन्त्रको सुनिश्चित गराउने छ ।

नेपाल र चीनबीच अर्को महत्वपूर्ण सम्झौतामा अर्थ मन्त्रालय र चाइना इन्टरनेशनल डेभलपमेन्ट कोअपरेसन एजेन्सीबीच भएको सुरूङमार्ग निर्माण रहेको छ । अत्यधिक पहाडी भूभाग भएको नेपालका प्राकृतिक स्रोत संरक्षण गर्दै यातायात विस्तार विकास गर्न अत्याश्यक मानिएको सुरूङमार्ग निर्माण नेपालको लागि ऐतिहासिक सफलता हो । काठमाडौँ– केरूङ मार्गमा पनि सुरूङहरूको अध्ययनमा पनि चिनियाँ टोलीले काम थालिसकेको छ ।

राष्ट्रपति सिको भ्रमण अवसरमा नेपालमा चीनबाट सञ्चालन हुने प्रमुख परियोजनामा लगानी, सञ्चालन सहकार्य गर्न तथा उत्पादन क्षमता वृद्धि गर्न राष्ट्रिय योजना आयोग नेपाल र चीनको राष्ट्रिय विकास तथा सुधार आयोगबीच महत्वपूर्ण सम्झौता भयो । त्यस सम्झौताले नेपालको बीआरआईमा रहेको सदस्यताका आधारमा कुन परियोजनामा कसरी लगानी गर्ने भन्ने सम्बन्धमा थप छलफल गरी साझेदारीको अवस्था तय गर्नेछ । त्यस अनुसार नेपाली अधिकारी र संयन्त्रले द्रूतत्तर काम नगरेको कतिपय चिनियाँ अधिकारी व्यक्तिगत कुराकानीमा बताउने गर्छन् । चीनले २४ घण्टालाई तीन सिफ्टमा बाँडेर तीन वर्षमा हुने काम एकै वर्षमा सम्पन्न गर्छ । अरू देशबाट पनि चीनको त्यही चाहना हुन्छ तर नेपालको काम गराइ असाध्य ढिला छ । समृद्ध नेपालको सपना साकार पार्न बीआरआई परियोजनालाई सकेसम्म अनुदानमा आधारित बनाउँदे चाँडो अगाडि बनाउनु वान्छनीय छ । ■

*लेखक गोरखापत्र दैनिकका कार्यकारी सम्पादक हुनुहुन्छ ।*

# Corporate Governance in Nepalese Banking Sector

■ Resham Raj Regmi

## Introduction

Corporate governance can be understood by different ways. In simple sense 'corporate governance is about promoting fairness, transparency and accountability.'[1] In comprehensive sense corporate governance can be described on following way.

'Corporate governance' includes every force that bears on the decision-making of the firm. That would encompass not only the control rights of stockholders, but also the contractual covenants and insolvency powers of debt holders, the commitments entered into with employees and customers and suppliers, the regulations issued by governmental agencies, and the statutes enacted by parliamentary bodies. In addition, the firm's decisions are powerfully affected by competitive conditions in the various markets in which it operates. One could go still further, to bring in the social and cultural norms of the society.[2]

Corporate governance essentially involves balancing the interests of a company's many stakeholders, such as shareholders, board members, senior management executives, customers, suppliers, financiers, the government, and the community. Corporate governance encompasses practically every sphere of management, from action plans and internal controls to performance measurement and corporate disclosure. It thus provides a framework for attaining company's objectives, promoting corporate fairness, transparency and accountability. It is often said that corporate governance is simply doing 'good business.'

The need of corporate governance can be justified from different perspectives. For the individual stakeholders it advocates for the fairness and due return by avoiding risks which can be created due to Agency Problem. For an organization it provide effective and transparent platform for doing business and helps to establish good relationship with different stakeholders. From national economic perspective it helps to increase economic growth, stability employment.

## Principles of Corporate Governance:

Different national and international efforts have contributed for the development of concept of corporate governance. In national level, formally, it was started from the Cadbury Committee Report[3] and followed by different other committees in UK and other different countries. Internationally, the OECD has taken initiative to develop corporate governance in 1999 by issuing set of principles.[4] It is followed by Basel Committee,[5] International Association of Insurance Supervisors[6] and other international agencies being focused on their own sector of business. Due to the efforts of these different agencies concept of corporate governance has got its shape but its scope is still being explored.

The latest version of the OECD Principles of corporate governance includes following concepts as basic elements:[7]

- *Ensuring the basis for an effective corporate governance framework*

- *The rights and equitable treatment of shareholders and key ownership functions*
- *Institutional investors, stock markets, and other intermediaries*
- *The role of stakeholders in corporate governance*
- *Disclosure and transparency*
- *The responsibilities of the board*

The Principles issued by OECD are considered as basic principles for all types of public companies. The basic content under these principles are as follows:

In its first principle OECD writes, *the corporate governance framework should promote transparent and fair markets, and the efficient allocation of resources. It should be consistent with the rule of law and support effective supervision and enforcement.*

TheWorld Bank, initially named as International Bank for Reconstruction & Development (IBRD), was established in Washington, D.C. (USA) in 1945 in accordance with the spirit of Bretton Woods Conference (New Hampshire, July 1944). It is a pioneer institution following the Economic Depression of the 1930s and World War II (1940s) which destroyed the economic structure of several developing and developed countries. Initially, the bank focused its attention in rebuilding the structure of countries devastated by the World War. Afterwards,it focused on building infrastructure related to dams, electrical grids, irrigation system and road transport in member countries.

In due course of time, the World Bank diversified its operation towards poverty reduction and financial sector reform in member economies. Passing through a journey of of more than seven decades, it has been the world's largest lender as well as donor to 180 poor and middle-income countries. It functions through a group of development institutions commonly known as the World Bank Group, consisting of the International Bank for Reconstruction and Development (IBRD), International Development Association (IDA), International Finance Corporation (IFC), Multilateral Investment Guarantee Agency (MIGA) and International Centre for Settlement of Investment Disputes (ICSID).Through the network of these institutions, the World Bank aims at achieving the twin objective of minimizing extreme poverty by 2030 and boosting sustainable economic prosperity of the poorest 40 percent population of the world's countries.

### KFW

The KFW (Kredistanstalt Fur Wiederfbau) set up in 1948 is Germany's prominent development bank with rich exposure in technical area. It was also established to rehabilitate and renovate the industries that were shattered by World War. Later on it concentrated on financing small and medium-sized industries facing difficulty in raising capital from the securities market.

### Asian Development Bank

The establishmentof the Asian Development Bank (ADB)was conceptualized in 1963 by the United Nations Economic Commission for Asia and the Far East. It came into existence on August 22, 1966 (initially with 31 members) with the initiative of Japan, is a regional bank based in the Philippines. It was opened on December 19, 1966. The ADB not only finances infrastructure sector but also assist technical assistance, grants and equity investment to promote social and economic development in member countries.  The bank has membership network of 68 countries, 49 from the Asia and the Pacific (including Nepal as founding member) and 19 outside.

### New Development Bank

A group of highly emerging economies jointly known as the 'BRICS' (Brazil, Russia, India, China and South Africa) has established the 'New Development Bank' (NDB) on July 7, 2015 with headquarters in Shanghai (China). It was conceptualized in 2012 during the fourth BRICS Summit held in New Delhi and was materialized in 2014 during the 6th Summit held in Fortaleza (Brazil) following an agreement among the five founding countries. The bank was launched with an initial paid-up capital of US$50 billioncontributed out of authorized capital of US$100 billion. It aims at financing the infrastructure sector like roads, railway service and energy in the member countries. It also collaborates with other global and regional banks like World Bank, ADB and AIIB. It became fully operational on February 27, 2016 with K.V. Kamath from India as the founder President.

### 'Asian Infrastructure Investment Bank' (AIIB)

The 'Asian Infrastructure Investment Bank' (AIIB) is yet another milestone in the history of development banking. As a multilateral lending institution, it was also established by emerging countries of the Asian region in July 2015 with headquarter in Beijing (China). It is promoted by 57 countries (including 14 from EU and 21 from OECD group) with an initial paid up capital of US$ 50 billion out of the authorized capital of US$ 100 billion with China as the biggest stakeholder followed by India and Russia. It began Operations from January 15, 2016 and has now 102 approved members worldwide. It mainly aims at spurring investment in transportation, energy, telecommunication, urban construction and other infrastructure in the Asian region.

Nepal joined the AIIBas a founder member with a stake of 0.081 percent (809 units of shares) worth US$80.9 million.Most recently, the bank has approved sovereign backed loan of US$112.3 million in December 2019 to Nepal to increase access and improve the quality and efficiency of electricity supply across western regions of the country.

### Other Multi-lateral development banks

There are other regional and multi-lateral institutions serving as development banks in Africa, Europe, Latin America and China. Few countries have specialized development banks for catering specific needs such as industry, agriculture, export import and housing. In neighboring country India, the Industrial Finance Corporation of India (IFCI), Industrial Credit and Investment Corporation of India (ICICI), Industrial Development Bank of India (IDBI) and Industrial Reconstruction Bank of India (IRBI) are the prominent development banks. Few other reputed development banks

based in Asian countries include the BAAC (Thailand), Bank Rakyat Indonesia (Indonesia) and Agriculture Bank of Pakistan (Pakistan).

**Development Banking in Nepal**

In Nepal, promotion of industrial enterprises was initiated formally in 1936 with the establishment of 'UdyogParishad' (Industrial Council) followed by promulgation of theCompany Act paving way to establish Nepal Bank as the country's first commercial bank. Similarly, number of industries came into existence under the Company Act. These industries werefinancially supported by Nepal Bank. However, pure development banking in Nepal is traced back to 1957 with the establishment of 'Industrial Development Centre' which was converted into 'Nepal Industrial Development Corporation' (NIDC) on June 15, 1959. The NIDC aimed at promoting industrialization as well as modernizing and enhancing the capacity of existing industries through technical as well as financial support. The 'Small Industries Development Corporation'operating similar activitieswas also amalgamated with NIDC to avoid duplication of functions in 1972.

In view of the absence of institutional framework on raising capital needed for industrialization,specific measure towards promoting the capital market was initiated in the mid-1970s as a part of the government's Industrial Policy, 1974. The NIDC was one of the promoters of Securities Marketing Centre (now Nepal Stock Exchange) set up 1976 to boost capital market in Nepal.The NIDC also created the 'Industrial Service Centre' as a sister concern to take over its non-banking functionsand share its growing organizational problems. In short, the NIDCplayed a pivotal role in assisting the security market, underwriting/selling/securities and participating in shares of private and public sector industrial enterprises.

The NIDC, as the country's first development bank has contributed towards making the country self-sufficient in many consumer goods and generating ample employment opportunity. Remarkably, to meet its funding needs, NIDC received borrowings from international organizations like KFW, Development Loan Fund and Export Import Bank of USA, USAID, Danish Government, Export Import Bank of Japan, Government of India and World Bank.

In the front of agriculture sector, which is the main source of livelihood of majority of the population, the Nepal Rastra Bank (NRB), the country's central bankcreated Agriculture Credit Fund by earmarking certain portion of its net profit annually in 1959/60. Upon the Cooperative Bank coming into existence on August 21, 1963 the accumulated fund of Rs 8,00,000 was handed over to it.However, the bank could serve limited number of general public and failed to deliver effective financial service due to its inherent weaknesses. As such the informal money market dominated by the local moneylenders for credit need of the farmersprevailed in those days continued. In this background, the government established Agricultural Development Bankon January 21, 1968with a paid-up capital of Rs 4.1 million under a special Act. With this, the Cooperative Bank was merged with this bank.The Land Reform Savings Corporation (LRSC) engaged in mobilizing savings under the Compulsory Saving Scheme under Land Reform Act, 1964 was also merged within it in 1973 to avoid duplication and overlapping of functions.

With the merger of Cooperative Bank and the LRSC, the Agriculture Development Bank became the specialized sole provider of agriculture credit directly to individual farmers as well as through cooperatives. The bankduring the 1970s-1980s also successfully operated more than 200 Small Farmers Development Projects(SFDPs) across the country to uplift the financial status of the deprived sector. In due course of time such projects were converted into Small Farmers Cooperatives Ltd (SFCLs) to deliver better service. Similarly, the bank

promotedthe 'Sana KisanBikas Bank' (renamed as Sana Kisan Laghubitta BittiyaSanstha) to act as wholesale lending institution for SFCLS.

The bank started to carry out commercial banking activities from August 1984 with the twin objective of serving the unbanked areas of the country and minimizing the dependence on external source like foreign aid and refinance. The funds generated out of such services substantially helped to make it financially self-reliant and bring dynamism in the agriculture sector.

## Efforts towards expanding development bank

During the 1990s the government through the promulgation of Development Bank Act, 1996 encouraged the private sector to establish development banks through the provision of financial and technical assistance for the establishment, development, expansion and capacity enhancement of agriculture, industry, service, trade and other feasible projects through development banks. However, very few development banks came into existence as the Act failed to attract the private sector due to the limited provisions of transaction allowed to such financial institutions.

Establishment of development banksrapidly took momentum after the promulgation of'Bank and Financial Institutions Act, 2006' (BAFIA) asan umbrella banking legislation followed by a new Licensing Policy directive by the central bank. The Act was enforced by repealing all the prevailing banking legislations remained in fragmented form for a long time. Itbroadened their scope of operation by categorizing them into 'B' category financial institutions under theregulation and supervision of NRB. The NIDC and Agriculture Development Bank were converted into public limited company as per the Act, while the latter was upgraded as a commercial bank.

The development banks can carry out functions as specified by BAFIA which had been replaced by a new Act in 2017. Section 49(b) of the Act specifies the banking and other transactions that are eligible to be carried out by the development banks. Compared to commercial banks, the transactions (including deposit mobilization) for development banks are limited due to the risk involved. After the enforcement of new policy directive by NRB in December 2018, banking institutions of all categories can only operate either at national or provincial level by maintain a minimum paid-up capital of Rs 2500 million and Rs 1200 million respectively.

As a result of liberal licensing policy, the number of development banks operating at national and regional level reached 87 by 2011. However, after the central bank adopted the policy of merger and acquisition among banking institutions from 2012 as a part of consolidation, it has drastically decreased to 25 with 1273 branch offices by November 2019. Remarkably, few development banks became severely problematic due to weak governance, of which a private sector development bank ultimately faced dissolution.

The NIDC and Agricultural Development Bank as government owned development banks, operating under respective Charters, pioneered the industrial and agriculture sector respectively for nearly two and half decades. These banks initially operated under the Industry Ministry and Agriculture Ministry respectively with limited regulation by the central bank. Later on these institutions were replaced under Finance Ministry.The central bank served as source of refinance for meeting their funding requirements for these banks.

## Reform in public sector development banks

During the 1990s the financial and managerial position of NIDC and Agriculture Development Bank deteriorated due, among others, to excessive political intervention and instability in leadership. In this context, a package

of comprehensive reform program for the Agriculture Development Bank was initiated in October 17, 1997 in two phases (continued until 2002/03). With this, the bank achieved substantial progress after passing through restructure programs introduced at different intervals. The restructuring process helped re-energize the bank towards efficient loan recovery and strengthened its financial and managerial soundness. It was able to comply with the capital adequacy regulation after floating a big volume of public shares in April 2010. With this, it started to operate in profit from 2012/13.

The Agriculture Development Bank is the largest provider of agriculture credit. It has served the commercial as well as agriculture (including development finance and micro-finance) sector. Now it is a leading bank in terms of paid-up capital, transaction, number of shareholders and clientele base. However, the Agriculture Development bank's name still remains unchanged despite the fact that it is now 'A' category banking institution which legally refers to a commercial bank. It needs to be renamed appropriately as it currently sounds like a development bank.

The government later in 2003 carried out a study with the financial assistance of Asian Development Bank focusing on the financial and managerial status of NIDC and the Agriculture Development Bankin association with the Price Waterhouse, a reputed international firm. The study revealed the proportion of NIDC's NPL to be as high as 45 percent. Based on the study, the government was recommended to dissolve NIDC in view of the excessively high NPL (45 percent), while it suggested to restructure the Agriculture Development Bank. However, considering the NIDC's contribution in the industrial sector, the government opted to restructure it. It was renamed as NIDC Development Bank in November 2011 and was ultimately merged with the RastriyaBanijya Bank in April 2018.

### Micro-finance development banking

The micro-finance financial institution (MFFI) is a peculiar model of micro-finance development banking replicating the Grameen Banking Model of Bangladesh. It was introduced in Nepal by the'NirdhanUtthan Bank' in 1999. Given the poor socio-economic status of people living in rural sector, the central bank encouraged opening of MFFIs byimplementing a licensing policy which is more liberal compared to other institutions. Itis continued even after withholding oflicensing of other banking institutions. As a result, the number of microfinance institutions soared to 91 by November 2019. This model of micro-finance development banking has been instrumental in remarkably minimizing poverty and empowering large number of women in rural sector.

### Nepal Infrastructure Bank

The establishment of Nepal Infrastructure Bank Ltd (NIFRA) on March 6, 2019 is a milestone in the history of Nepal's financial system. The establishment of this institution in accordance with Section 107 of BAFIA, 2017 has fulfilled the long-felt need of finance and allied services for projects related to infrastructure.It came into operation on March 6, 2019 as a special category national level bank undera special policy directive issued by the NRB on August 11, 2017. Its authorized and issued capital are Rs 40 billion and Rs 20 billion respectively out of which Rs 12 billion stands a paid-up capital.

The newly established bank is jointly promoted in public private participation (PPP) model with equity holding of the government (10 percent), public limited companies consisting of BFIs, insurance companies (40 percent), private sector investors, i.e. corporate houses (10 percent) and general public (40 percent).The bank aims to finance in sectors like infrastructure, transport, agriculture, energy, tourism, special economic zone (SEZ), urbanization and information technology.

Remarkably, the bankin August 2019 has entered into a syndicate loan agreement in favor of the KaruwaSeti Hydropower Project (32 MW) in consortium with other banks as its first investment.

## Concluding Remarks

The requirement of industrial finance which carry long repayment period is generally not met by financial institutions other than development banks. Hence development banking is of paramount importance for the all-round economic prosperity of a country, whether developed, developing or least developed. History tells us that many developed countries got rid of crises as a result of war or crash in capital market through the financial and technical support of World Bank and Asian Development Bank. These organizations have not only helped to boost the confidence of potential investors of respective countries, but also building necessary infrastructure particularly in least developed countries (LDCs).

In Nepal, the erstwhile NIDC and Agricultural Development Bank, in particular, pioneered development banking and created strong foundation in industrial and agriculture sector respectively. Besides, global and regional banks like World Bank and Asian Development Bank since long have played an important role in alleviating poverty and building infrastructure for development. Further momentum in development activities and easy access to modern financial services can be expected through financial support from the domestically established NIFRA as well as from other regional institutions.

## Selected Bibliography


- Mahat, R.S. Mahat (Dr.), 'Capital Market, Financial Flows and Industrial Finance in Nepal', SajhaPrakashan, 1981.
- Shrestha, Bhola Ram, 'Nepalko Bittiya Pranali: EkParyawalokan', 2012.
- www.adb.org
- www.aiib.org
- www.ndb.int
- www.nifrabank.com
- www.worldbank.org


*Former Executive Director, Nepal Rastra Bank*

# विकासशील राष्ट्र बन्ने सपना र यथार्थ

■ रत्न प्रजापति

विकासशील बन्ने लक्ष्य सबै देशको हुन्छ । तर आर्थिक, सामाजिक तथा राजनीतिक कारणहरूले विश्वका धेरै देशहरूको विकासशील बन्ने लक्ष्य अपुरो रहँदै आएको छ । राजनीतिक स्थिरता र सुशासन भएका देशहरूले छिटो आर्थिक तथा सामाजिक विकासमा छलाङ मारेर विकासशील बनेको उदाहरण भए तापनि नेपालजस्तै अन्य धेरै वटा अति कम विकसित देशहरू आर्थिक, सामाजिक तथा राजनीतिक कारणले विकासशील बन्ने दौडमा पछाडि परेका छन् । विगतमा राजनीतिक स्थिरता कायम हुन नसक्दा लगानीमैत्री वातावरण बन्न नसकेको र लगानीमैत्री वातावरण बन्न नसक्दा देशमा रोजगारी तथा उत्पादनमुलक ठूला उद्योगधन्दा खुल्न नसकेकाले अद्यापि थप रोजगारीको अवसर सिर्जना हुन सकेको छैन भने उत्पादनमा पनि वृद्धि हुन सकेको छैन । बरू आन्तरिक उत्पादनले कुल मागलाई धान्न नसक्दा वस्तु आयात बर्सेनि बढिरहेको छ । परिणामतः कुल वैदेशिक व्यापारमा व्यापारघाटा कहालीलाग्दो बन्दै गएको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/७६ मा कुल व्यापारघाटा रू. १३ खर्ब २१ अर्ब ४२ करोड ५७ लाख रहेको छ ।

> देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न रोजगारमुलक तथा उत्पादनमुलक उद्योगहरुको स्थापनालाई प्राथमिकतासहितको आर्थिक नीति तर्जुमा गर्न पनि विज्ञहरुले औंल्याइरहेका छन् ।

सरकारका वार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनाहरूले आर्थिक विकासमा जतिसुकै जोड दिएको भए तापनि अर्थतन्त्रका सबै परिसूचकहरूमा सकारात्मक परिवर्तन भने आउन सकेको छैन । मुलुकको समग्र आर्थिक वृद्धिदर नै कृषिको वृद्धिदरमाथि निर्भर रहिआएकाले कृषिको आर्थिक वृद्धिदर उच्च नभई समग्र आर्थिक वृद्धिदर उच्च हुने अपेक्षा गर्ने ठाउँ देखिँदैन । यद्यपि राज्यले नीति तथा कार्यक्रमहरूमा कृषिलाई प्राथमिकतामा राखे पनि बजेट विनियोजनमा गरिने कन्जुस्याइँ र नीति तथा कार्यक्रमहरूको कार्यान्वयनमा देखिने उँदासीनताले कृषिको वृद्धिदर प्रभावित हुँदै आएको छ । आर्थिक वर्ष २०७६/७७ मा कुल राष्ट्रिय बजेटको २.२७ प्रतिशतमात्रै कृषिका लागि विनियोजन गरिएको छ । यो आर्थिक वर्षमा कृषिका लागि विनियोति बजेट अघिल्लो आर्थिक वर्षको भन्दा १३.३ प्रतिशतले कम हो । यस्तो अवस्थामा समग्र कृषि उत्पादन प्रभावित हुनु स्वाभाविक देखिन्छ ।

वस्तु उपभोगको माग बढेअनुरूप आन्तरिक उत्पादनमा वृद्धि हुननसक्दा आयातमाथि निरन्तर दबाब बढिरहेको छ । आयातमाथिको बढ्दो निर्भरता र बढ्दो व्यापारघाटाले मुलुकको अर्थव्यवस्थामा निरन्तर जोखिम बढिरहेको छ । एकातिर वस्तु आयातमा भएको वृद्धिले व्यापारघाटा चुलिँदै जानु र देशको अर्थतन्त्र रेमिट्यान्समा निर्भर हुँदै जानुले अर्थव्यवस्थामा थप जोखिम बढेको छ । रेमिट्यान्समाथि अत्यधिक निर्भरता बढिरहेको अवस्थामा र पछिल्लो समय रेमिट्यान्स आप्रवाहको वृद्धिदरमा ऱ्हास आएसँगै नेपाली अर्थतन्त्रमा खतराको संकेत देखिएको विश्लेषण अर्थविद्हरूले गर्न थालेका छन् । त्यसैले देशभित्रै रोजगारीको अवसर सिर्जना गर्न रोजगारमुलक तथा उत्पादनमुलक उद्योगहरूको स्थापनालाई प्राथमिकतासहितको आर्थिक नीति तर्जुमा गर्न

पनि विज्ञहरूले औंल्याइरहेका छन् । तर लगानी प्रबर्द्धन अपेक्षित रूपमा हुननसक्दा औद्योगिकीकरणको लक्ष्यसमेत प्रभावित हुँदै आएको छ । यसरी आन्तरिक उत्पादनमा वृद्धि हुननसक्दा विगत दश वर्षको औसत आर्थिक वृद्धिदर ४.६२ प्रतिशत मात्रै रहेको छ भने नेपालीहरूको प्रतिव्यक्ति औसत आयसमेत १ हजार ४७ अमेरिकी डलरमा सीमित भएको अवस्थामा अति कमविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने होडमा नेपालको दौड चुनौतीमुक्त देखिँदैन । आन्तरिक उत्पादनमा वृद्धि गरेर आर्थिक क्षमता सुदृढ बनाउनुपर्नेमा सधैं विकास र निर्माणका लागि वैदेशिक सहायतामै निर्भर रहनुपर्ने बाध्यताले विकासशील बन्ने नेपालको सपना निकै चुनौतीपूर्ण बनेको देखिन्छ ।

संयुक्त राष्ट्रसंघको सन् २०१८ डिसेम्बरको तथ्यांकअनुसार विश्वका ४७ राष्ट्र अति कमविकसित राष्ट्रको सूचीमा छन् । पछिल्लोपटक दक्षिण सुडान अति कमविकसित राष्ट्रको सूचीमा थपिएको हो । राष्ट्रसंघले अति कम विकसित राष्ट्रहरूलाई सहायता, बजार पहुँच ग्राह्यता र विशेष प्राविधिक सहायता प्रदान गर्ने सूचीमा राखेको छ । संयक्त राष्ट्रसंघ व्यापार तथा विकास सम्मेलन (अंकटाड) ले सार्वजनिक गरेको अति कम विकसित राष्ट्रसम्बन्धी प्रतिवेदन २०१६ मा दक्षिण एशियाका नेपाल, अफगानिस्तान, बंगलादेश, भुटानलगायतका १६ वटा अति कम विकसित राष्ट्रहरूलाई विकसित राष्ट्रमा स्तरोन्नति हुने सम्भाव्यताका आधारमा सन् २०१७देखि २०२४ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रक्षेपण गरिएको छ । यसैगरी अन्य ३२ वटा राष्ट्रलाई सन् २०२५ सम्ममा अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रक्षेपण गरिएको छ । आगामी सन् २०२४ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति हुने १६ वटा राष्ट्रमध्ये ४ वटा भूपरिवेष्ठित राष्ट्र हुन् - अफगानिस्तान, भुटान, लाओस र नेपाल । यी चार वटै एशियाली राष्ट्र हुन् । यसअघि सन् २०१५ को समीक्षामा अंगोला, गिनी र भानुआतु गरी तीन वटा अति कम विकसित राष्ट्र सन् २०२० सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति हुने जनाइएको थियो । यसैगरी सन् १९९४ को डिसेम्बरमा बोत्सवाना, सन् २००७ को डिसेम्बरमा क्याबो भर्दे, सन् २०११ को जनवरीमा माल्दिभ्स, सन् २०१४ को जनवरीमा सामोआ र सन् २०१७ जूनमा गिनी गरी पाँच वटा अति कम विकसित राष्ट्र विकासशील राष्ट्रमा स्तरोन्नति भइसकेका छन् । राष्ट्रसंघको विकास नीति समितिले एक अर्को राष्ट्र तुभालुलाई सन् २०१२ को मार्च महिनामै विकासशील राष्ट्रमा स्तरोन्नतिको सिफारिश गरे पनि आर्थिक तथा सामाजिक परिषदले अनुमोदन नगरेकाले सो सिफारिश कार्यान्वयनमा भने आउन सकेको छैन । संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषदले विकास नीति समितिको सिफारिशको आधारमा हरेक तीन वर्षमा अति कम विकसित राष्ट्रहरूको समीक्षा गर्ने गरेको छ । सन् २०१८ को त्रिवार्षिक समीक्षाले भुटान, साओ तोम प्रिन्सिप र सोलोमन आइल्याण्डलाई विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि सिफारिश गरेको छ ।

संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को विकास नीति समितिले अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन प्रतिव्यक्ति राष्ट्रिय आय, मानव सम्पत्ति सूचकांक (पोषण, स्वास्थ्य, विद्यालय भर्नादर, साक्षरता आदि) र आर्थिक जोखिम सूचकांक (प्राकृतिक प्रकोपहरूको जोखिम, जनसंख्याको आकार, कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्यपालन क्षेत्रको हिस्सा, कृषि उत्पादनको अवस्था, वस्तु र सेवाको निर्यातको सूचक) आदि तीन वटा थ्रेसहोल्ड अर्थात् मापदण्ड तय गरेको छ । यी तीनवटै मापदण्ड पूरा गरेको र जनसंख्या साढे सात करोडभन्दा बढी नभएको राष्ट्र अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने बताइएको छ । यद्यपि दुई वटा नियमित समीक्षामा कम्तिमा दुई वटा मापदण्ड पूरा गरेको पाइएमा पनि विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने बताइएको छ । यसैगरी तीन वर्षको औसत प्रतिव्यक्ति आय विकासशील राष्ट्रमा स्तरोन्नति हुन आवश्यक मापदण्डको दुई गुणा भएमा र सो आय दीगो मानिएको खण्डमा पनि बाँकी दुई वटा मापदण्ड पूरा नभए पनि विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने प्रावधान रहेको छ ।

अरू अति कमविकसित राष्ट्रजस्तै नेपाल पनि धेरै अघिदेखि विकासशील राष्ट्रमा स्तरोन्नति हुने प्रयासमा रहेको छ । विशेषगरी तेऱ्हौं योजनाले अन्तर्राष्ट्रिय क्षेत्रमा गरिएको प्रतिबद्धताअनुरूप सहस्राब्दी विकासका लक्ष्यहरू हासिल गर्दै वि.सं. २०७९ अर्थात् सन् २०२२ सम्ममा संयुक्त राष्ट्रसंघद्वारा परिभाषित अति कम विकसित राष्ट्रको दर्जाबाट स्तरोन्नति हुने सोच राखेको थियो । यही सोचअनुरूप देशमा व्याप्त आर्थिक तथा मानवीय गरिबी घटाई आमजनताको जीवनस्तरमा प्रत्यक्ष परिवर्तनको अनुभूति दिलाउने उद्देश्य लिइएको थियो भने गरिबीको रेखामुनि रहेको जनसङ्ख्या १८.० प्रतिशतमा झार्ने प्रमुख लक्ष्य राखिएको थियो । यद्यपि तेह्रौं योजना कार्यान्वयनको

दोस्रो वर्षमा मुलुकले विनाशकारी भूकम्प र तेस्रो वर्षमा भारतीय नाकाबन्दीको सामना गर्नुपर्‍यो । फलस्वरूप सन् २०२२ सम्ममा नेपाललाई विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने योजनाको उद्देश्य प्रभावित बन्यो र गरिबीको रेखामुनि रहेका २३.८ प्रतिशत जनसङ्ख्यालाई १८.० प्रतिशतमा झार्ने लक्ष्य प्राप्तिसमेत पर धकेलियो ।

यसैगरी मुलुकले सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि गरी सहस्राब्दी विकास लक्ष्य हासिल गर्न गरेको प्रगतिलाई कायम राख्न एवं दीगो विकास लक्ष्य हासिल गर्ने मार्गमा प्रगति गर्नसमेत चुनौती खडा भयो । चौधौं योजनामा सन् २०३० सम्म दीगो विकासका लक्ष्य हासिल गर्ने र मध्यम आयवर्गको मुलुकहरूको स्तरमा पुग्ने लक्ष्य निर्धारण गरी योजनाको लक्ष्य तथा उद्देश्य तय गरी विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्यलाई निरन्तरता दिइएको थियो । चौधौं योजनामा सामाजिक न्यायसहितको लोककल्याणकारी राज्य हुँदै मध्यम आय भएका मुलुकको स्तरमा पुग्ने लक्ष्य रहेको थियो भने उत्पादनशील रोजगारी उन्मुख र न्यायपूर्ण वितरणसहितको उच्च आर्थिक वृद्धिद्वारा द्रुतगतिमा गरिबी न्यूनीकरण गर्दै आर्थिक सामाजिक रूपान्तरण गर्ने उद्देश्य रहेको थियो । यसअनुसार वार्षिक औसत ७.२ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य रहेको थियो । यसका लागि कृषि क्षेत्रको वार्षिक औसत वृद्धिदर ४.७ प्रतिशत र गैरकृषि क्षेत्रको औसत वार्षिक वृद्धिदर ८.४ प्रतिशतको लक्ष्य तय गरिएको थियो ।

यसैगरी गरिबीको रेखामुनिको जनसंख्या २१.६ प्रतिशतबाट १७.० प्रतिशतमा झार्ने लक्ष्य रहेको थियो । तर लक्ष्यअनुसारको प्रगति भने हासिल हुन सकेन । जसअनुसार वार्षिक औसत आर्थिक वृद्धिदर ६.९ प्रतिशत कायम रह्यो भने कृषि क्षेत्रको औसत वृद्धिदर ४.२ प्रतिशत र गैरकृषि क्षेत्रको औसत वृद्धिदर ८.० प्रतिशत रह्यो । यसैगरी गरिबीको रेखामुनिको जनसंख्या १८.७ प्रतिशतमा झरेको तथ्यांक छ ।

पन्ध्रौं योजनामा पनि विगतका आर्थिक तथा सामाजिक लक्ष्यहरूलाई निरन्तरता दिइएको छ । 'समृद्ध नेपाल सुखी नेपाली' मूलनारासहित् 'समुन्नत, स्वाधीन र समाजवादउन्मुख अर्थतन्त्रसहित्को समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुक' भन्ने दीर्घकालीन सोचसहित्को पन्ध्रौं योजना तर्जुमा गरिएको छ । पन्ध्रौं योजनामा १०.३ प्रतिशतको आर्थिक वृद्धिदरको लक्ष्य रहेको छ । यसैगरी योजनाको अन्त्यसम्ममा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १ हजार ५ सय ९५ अमेरिकी डलर पुर्‍याउने र गरिबीको रेखामुनि रहेको जनसंख्या ११.० प्रतिशतमा झार्ने लक्ष्य रहेको छ । योजनाको अन्त्यसम्ममा मानव विकास सूचकांक ०.६२४ पुर्‍याउने लक्ष्य पनि रहेको छ । उपर्युक्त लक्ष्यहरू हासिल गर्न तीब्र, दीगो र रोजगारमुलक आर्थिक वृद्धि गर्ने; सुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा र शिक्षाको सुनिश्चितता गर्ने; आन्तरिक तथा अन्तरदेशीय अन्तरआबद्धता एवं दीगो सहर/वस्ती विकास गर्ने; उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने; पूर्ण, दीगो र उत्पादनशील सामाजिक सुरक्षा तथा संरक्षण प्रदान गर्ने; गरिबी निवारण र आर्थिक-सामाजिक समानतासहित्को न्यायपूर्ण समाज निर्माण गर्ने; प्राकृतिक स्रोतको संरक्षण र परिचालन तथा उत्थानशीलताको विकास गर्ने र सार्वजनिक सेवाको सुदृढीकरण, प्रादेशिक सन्तुलन र राष्ट्रिय एकता सम्बर्द्धन गर्ने राष्ट्रिय रणनीतिहरू तय गरिएका छन् । योजनामा उल्लेख गरिएका राष्ट्रिय रणनीतिहरूको प्रभावकारी कार्यान्वयन भएमा विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्यलाई मार्गप्रशस्त गर्नेछ ।

विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को विकास नीति समितिले निर्धारण गरेका प्रतिव्यक्ति राष्ट्रिय आय, मानव सम्पत्ति सूचकांक र आर्थिक जोखिम सूचकांक आदि तीन वटा मापदण्ड पूरा भए नेपाल पनि विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने भनिएको छ । दुई वटा नियमित समीक्षामा तीनमध्ये दुई वटामात्रै मापदण्ड पूरा गरे पनि नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने प्रावधानअनुसार सन् २०१८ मै नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुनसक्ने थियो । तर सन् २०१८ को फेब्रुअरी १ र २ मा भएको संयुक्त राष्ट्रसंघअन्तर्गतको विज्ञ समितिको छलफलमा नेपालले मानव सम्पत्ति सूचकांकमा असहमति जनाएको थियो । पहिलो पुस्ताको विकास सूचकांकलाई आधार बनाइएकाले दोस्रो पुस्ताको सूचकांकलाई तथा आर्थिक जोखिमको सूचकांकमा सन् १९६० को अफ्रिकाको अवस्थालाई आधार मानिएकोमा अहिलेको विकासको अवस्थालाई आधार मानेर विश्लेषण गर्नुपर्ने भन्दै नेपालले मानव सम्पत्ति सूचकांकमा असहमतिको अडान राखेको थियो । मानव सम्पत्ति र आर्थिक जोखिमको सूचकांक वर्तमान समस्या सम्बोधन गर्ने खालका नभई पुरानो पुस्ताको विकास अवधारणालाई आधार मानेर गरिएकाले सूचकांकमा नै परिमार्जन तथा गुणस्तरीय र दीगो स्तरोन्नतिको कुरालाई उठाइएको थियो ।

टर्कीको इस्तानबुलमा सन् २०११ मा सम्पन्न सम्मेलनले अति कमविसित मुलुकको संख्या आधा घटाउने भन्ने लक्ष्य राखेको थियो । संयुक्त राष्ट्रसंघलाई संसारमा गरिबी घटाएको श्रेय लिनुपर्ने दबाब भएकाले उसले नेपालजस्तै मानव सम्पत्ति सूचकांक र आर्थिक जोखिम सूचकांकमा सन्तोषजनक प्रगति भएका मुलुकलाई सन् २०१८ मै विकासशील राष्ट्रको सूचीमा स्तरोन्नति गर्न चाहेको थियो । विकासशील राष्ट्रमा स्तरोन्नति भएका मुलुकले अति कमविकसित मुलुकलाई प्रदान गरिने अनुदान, बजार पहुँच ग्राह्यता र विशेष प्राविधिक सहायता पाउँदैनन् । साथै सरकारी कर्मचारी र विद्यार्थीले पाउने अन्तर्राष्ट्रिय छात्रवृत्तिमा समेत असर पर्नसक्छ । यसो हुँदा नेपालले संयुक्त राष्ट्रसंघले चाहेअनुसार सन् २०१८ मै नभई सन् २०२१ मा मात्रै विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्य राखेको छ । यसो त सरकारले पनि आगामी सन् २०२२ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति हुने लक्ष्यसहित् योजनाबद्ध कार्यक्रम लागु गर्दै आएको छ ।

नेपालले सन् २०१५ मा मानव सम्पत्ति सूचकांक र आर्थिक जोखिम सूचकांकको मापदण्ड पूरा गरेको हुँदा विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि योग्य ठहरिएको थियो । विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि योग्य ठहरिएका राष्ट्रको स्तरोन्नतिको दीगोपना जाँच गर्नका लागि हरेक तीन वर्षमा संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को विकास नीति समितिले समीक्षा गर्ने गर्दछ । सन् २०१८ को समीक्षामा नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति हुन योग्य ठहरिए पनि नेपालकै आग्रहअनुसार सन् २०२१ सम्मका लागि नेपालको विकासशील राष्ट्रमा स्तरोन्नति हुने समय धकेलिएको छ । मन्त्रिपरिषद्को २०७४ फागुन १६ गतेको बैठकले आर्थिक जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय समुदायसँग सहयोग लिनुपर्ने आवश्यकता भएको प्रष्ट्याउँदै तत्काल विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सम्भावना नरहेको भन्दै सन् २०२१ भन्दा अघि विकासशील राष्ट्रमा स्तरोन्नति नहुने निर्णय गरेको थियो ।

आन्तरिक स्रोत पर्याप्त हुन नसकेको र बाह्य स्रोतमा वृद्धि हुन नसकेको वर्तमान अवस्थामा प्रतिव्यक्ति आयमा वृद्धि गरी विकासशील राष्ट्रमा स्तरोन्नति हुने अवसर नेपालका लागि ठूलो चुनौती पनि बनेको छ । यो चुनौतीको सामना गर्नका लागि पर्याप्त लगानी जुटाउनुपर्ने बाध्यता छ । लगानी प्रबर्द्धन हुनसके मात्रै आर्थिक क्रियाकलापमा सुधार आई प्रतिव्यक्ति आयमा वृद्धि हुने, मानव सम्पत्ति सूचकांक तथा आर्थिक जोखिम सूचकांकमा सकारात्मक सुधार आउनसक्छ ।

संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को विकास नीति समितिको सन् २०१८ को मार्च १२देखि १६ सम्म भएको त्रिवार्षिक समीक्षा बैठकले निर्धारण गरेका स्तरोन्नतिका तीन वटा मापदण्डहरूमा मानव सम्पत्ति सूचकांक ६६ भन्दामाथि हुनुपर्ने, आर्थिक जोखिम सूचकांक ३२ भन्दा तल हुनुपर्ने र प्रतिव्यक्ति राष्ट्रिय आय १ हजार २ सय ३० अमेरिकी डलर वा सोभन्दा माथि पुगेको हुनुपर्ने भन्ने छ । समितिले सोही वर्ष प्रकाशित गरेको तथ्यांकअनुसार नेपालको मानव सम्पत्ति सूचकांक ७१.२ छ भने आर्थिक जोखिम सूचकांक २८.४ छ । यसैगरी नेपालीहरूको औसत प्रतिव्यक्ति राष्ट्रिय आय ७ सय ४५ अमेरिकी डलर रहेको छ । यद्यपि सरकारले तयार पारेको पन्ध्रौं योजनाको आधारपत्रमा उल्लेख भएअनुसार आर्थिक वर्ष २०७५/७६ मा नेपालको प्रतिव्यक्ति आय १ हजार ४७ अमेरिकी डलर पुगेको छ । यो आँकडाको आधारमा सन् २०२१ सम्ममा नेपाल प्रतिव्यक्ति आयकै मापदण्डअनुसार पनि विकासशील राष्ट्रमा स्तरोन्नति हुने सम्भावना बढेको छ । सरकारले आय वृद्धि, गुणस्तरीय मानव पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कमविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दीगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने दीर्घकालीन सोचसहित पन्ध्रौं योजनाको आधारपत्र तयार गरेको छ ।

विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि तोकिएका मापदण्डमध्ये मानव सम्पत्ति सूचकांक र आर्थिक जोखिम सूचकांकका हकमा नेपालले निर्धारित सीमा पार गरेकाले सन् २०१८ मै नेपाल विकासशील राष्ट्र बन्न सम्भव देखिए पनि प्रतिव्यक्ति राष्ट्रिय आय महत्वपूर्ण हुने भएकाले यसमा उल्लेख्य वृद्धि नभएसम्म विकासशील राष्ट्रमा स्तरोन्नति हुन नेपालले अझै पनि आर्थिक वृद्धिको पूर्वाधार तयार गर्न उल्लेख्य लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ । विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि कुल गार्हस्थ्य उत्पादनको १२.० प्रतिशतसम्म लगानी गर्नुपर्ने विश्लेषण अर्थविद्हरूले गर्दै आएका छन् ।

निर्धारित मापदण्डअनुसार प्रतिव्यक्ति राष्ट्रिय आयको आधारमा विकासशील राष्ट्रमा स्तरोन्नति हुन सन् २०२१ सम्ममा नेपालीको प्रतिव्यक्ति आय कम्तीमा हालको (संयुक्त राष्ट्रको तथ्यांकअनुसार ७ सय ४५ अमेरिकी

डलर) भन्दा झन्डै दोब्बर बनाउनुपर्ने हुन्छ । तर हालको आयलाई दोब्बर बनाउनु निकै चुनौतीपूर्ण हुने भएकाले यो मापदण्डको आधारमा नेपालको विकासशील राष्ट्र बन्ने लक्ष्य निकै चुनौतीपूर्ण बनेको देखिन्छ । प्रतिव्यक्ति राष्ट्रिय आय वृद्धिका लागि रोजगारी र उत्पादनमा उल्लेखनीय वृद्धि गर्नुपर्ने हुन्छ । लामो समयको राजनीतिक अस्थिरताले आर्थिक क्रियाकलाप नै सुस्ताएको अवस्थामा रोजगारी र उत्पादन वृद्धि गर्ने कार्य पनि थप चुनौतीपूर्ण बनेको छ । यो अवस्थामा नेपालीको प्रतिव्यक्ति आयमा हाल भएको वृद्धि पनि विप्रेषणको कारणले मात्रै भएको हो । तर विप्रेषण भरपर्दो आर्थिक स्रोत नभएको र हालका दिनमा विप्रेषण आप्रवाहको वृद्धिदर समेत न्यून रहेको अवस्थाले प्रतिव्यक्ति आयमा उल्लेखनीय वृद्धि गर्नु अर्को ठूलो चुनौती बनेको छ ।

यद्यपि अति कमविकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुनु र विकासशील राष्ट्रमा स्तरोन्नति भइसकेपछिको अवस्था पनि नेपालका लागि चुनौतीपूर्ण नै रहने देखिन्छ । अहिले अति कमविकसित राष्ट्रको हैसियतले नेपालले अन्तर्राष्ट्रिय क्षेत्रबाट आर्थिक तथा सामाजिक विषयमा पाइरहेको सहयोग, सुविधा र सहुलियत विकासशील राष्ट्रमा स्तरोन्नति भइसकेपछि नपाउने र वैदेशिक व्यापारमा अन्तर्राष्ट्रिय गुणस्तरका वस्तुसँग मूल्य र गुणस्तरमा खुला प्रतिस्पर्धा गर्नुपर्ने अवस्थाले नेपालको व्यापारसमेत प्रभावित हुने अवश्यम्भावी नै छ । यसैगरी तथ्यांकका आधारमा विकासशील राष्ट्र बने पनि वास्तविक विकास र समृद्धि दीगो हुनसकेन भने विकासशील राष्ट्रको आधार टिकाउ हुनसक्दैन । विकासशील राष्ट्र भएर पनि जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आएन र तिनले विकासशीलताको अनुभूति गर्न पाएनन् भने विकासशील राष्ट्र हुनुको कुनै अर्थ हुँदैन । त्यसैले विकासशील राष्ट्र बन्नका लागि आवश्यक आर्थिक तथा सामाजिक आधारहरूलाई बलियो र दीगो बनाउनेतर्फ राज्यको ध्यान केन्द्रित हुनु जरूरी छ । ■

**सन्दर्भ सामग्री**

१. राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएका नेपालका तेऱ्हौ, चौधौं र पन्ध्रौं योजनाका सम्बन्धित सन्दर्भहरू
२. केन्द्रीय तथ्यांक विभागका प्रकाशनहरू
३. नेपाल राष्ट्र बैंकका समसामयिक प्रकाशनहरू
४. संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्को विकास नीति समितिका प्रकाशनहरू
५. संयक्त राष्ट्रसंघ व्यापार तथा विकास सम्मेलन (अंकटाड) का प्रकाशनहरू
६. दैनिक पत्रपत्रिकाहरू

ratna.prajapati@gmail.com
*लेखक स्वतन्त्र पत्रकार हुनुहुन्छ ।*

# नेपाल भ्रमण वर्षको राष्ट्रिय अभियान



गजेन्द्र बुढाथोकी

सन् १९९८ लाई नेपाल भ्रमण वर्ष मनाएको २२ वर्षपछि नेपालले २०२० लाई भ्रमण वर्षका रूपमा मनाइरहेको छ । यस वर्षभित्र २० लाख पर्यटक नेपाल भित्र्याउने मूल उद्देश्य राखेर 'नेपाल भ्रमण वर्ष २०२०' को महाअभियान सुरु गरिएको हो । यो दीर्घकाल (कम्तीमा एक दशकसम्म) नेपाललाई मुख्य पर्यटन गन्तब्यमा परिणत गर्ने गराउने विशिष्ट अभियान हो । यसअघि सन् १९९८ लाई नेपाल भ्रमण वर्षका रूपमा मनाइएको थियो भने उक्त वर्ष ५ लाख पर्यटक नेपाल भित्र्याउने लक्ष्य अघि सारिएको थियो । सो वर्ष ४ लाख ६३ हजार पर्यटकले मात्र नेपाल भ्रमण गरेका भए पनि त्यसको प्रभावले गर्दा १९९९ मा करिब ५ लाख पर्यटक नेपाल आए । त्यसयता यो संख्यामा केही उतारचढाव भइरहे पनि अहिले उत्साहजनक वृद्धिको सूचक हासिल भएको छ । परराष्ट्र मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७५/७६ मा १२ लाख ३६ हजार विदेशी पर्यटकले नेपाल भ्रमण गरेका छन् । औपचारिक प्रणालीमा अभिलेखित नभएका थप ५ लाख भारतीय पर्यटकसमेत जोड्दा अहिले नै नेपालमा १७ लाखको हाराहारीमा पर्यटकहरू आउने गरेको अनुमान छ ।

अन्तर्राष्ट्रिय पर्यटन बजारमा नेपालको आफ्नै विशिष्ट पहिचान छ । यहाँको पर्यटन सम्भाव्यताको निकै सानो अंशमात्र नेपालले उपयोगमा ल्याउन सकेकोमा शायदै दुई मत होला । सही ढंगले बजारीकरण र व्यवस्थापन गर्ने हो भने नेपालमा वार्षिक २० लाख सहजै पर्यटक आउन सक्छन् । विगत केही वर्षको ट्रेन्डले यस कुराको पुष्टि गर्छ । हरेक वर्ष बढ्दो संख्याको अर्थ यहाँको पर्यटकीय क्षेत्र र उत्पादनमा केही सुधार गर्ने हो भने नेपालले थप पर्यटक स्वभाविक रूपमा नै भित्र्याउने सक्ने सम्भावना उजगार गरेको छ ।

विसं २०१० सालदेखि औपचारिक रूपमा नेपालमा पर्यटकहरू आउन सुरू गरेकोमा २०४६ सालपछि पर्यटक संख्या बढ्न थालेको हो । यद्यपि, नेपालको पर्यटन क्षेत्रले भर्खरैमात्र गति लिन थालेको छ । पर्यटकहरूको संख्या बढाउनका लागि सन् १९९८ मा आयोजना गरिएको 'भिजिट नेपाल' पछि ५ लाखको संख्या नाघेको थियो । यो संख्या दोब्बर तुल्याउने उद्देश्यसहित सन् २०११ मा पर्यटन वर्ष मनाइए पनि चालू वर्षमात्र १० लाखको संख्या पुग्यो भने सन् २०१८ मा ११ लाख हजार र २०१९ मा १२ लाखभन्दा अधिक पर्यटकले नेपाल भ्रमण गरे । यो संख्या केही वर्षअघि नै पुग्ने पनि थियो होला, सन् २०१५ मा सगरमाथामा गएको हिमपहिरो, त्यसलगत्तै जुरेमा गएको पहिरो, महाभूकम्प र ५ महिना लामो भारतीय नाकाबन्दीहरूको एकपछि अर्को प्रहारले गर्दा सम्भावित लक्ष्य पूरा हुन नसकेको हो । त्यसयता जुन रूपमा पर्यटक आगमन वृद्धि भइरहेको छ, त्यसले यहाँको पर्यटन क्षेत्रको पुनर्बहालीमात्र होइन; आउँदा दिनहरूमा थप वृद्धिका सम्भाव्यताको ढोका पनि खोलेको छ ।

पर्यटकको संख्या २० लाख पुऱ्याउने भनेर मात्र हुँदैन । ती पर्यटकहरूको लागि आवश्यक पनि सबै किसिमका भौतिक पूर्वाधारहरू तयार पारिनु उत्तिकै अपरिहार्य हुन आउँछ । यस्तो भौतिक पूर्वाधारमा पर्यटन गन्तव्यहरूमा सहजै पुग्न सकिने बाटोघाटो, विद्युत्देखि उच्चस्तरीय खानपिन र बसोबासको व्यवस्था भएका होटलहरूसमेत पर्छन् । विगत केही समययता देशभित्रका लगानीकर्ताका साथसाथै विदेशी लगानीकर्ताहरूले समेत नेपालमा पाँचतारे र अन्य पर्यटकस्तरीय होटल तथा रिसोर्टहरू स्थापनाका लागि प्रक्रिया अघि बढाइरहेका छन् । स्थानीय सरकारहरूले पर्यटन गन्तव्य बनाउने नाममा भ्यूटावर नामक कंक्रिटका

संरचना बनाएर प्राकृतिक सौन्दर्य बिगार्नेबाहेक अन्य पूर्वाधार बनाउन सकेका छैनन् ।

यद्यपि, नेपालले लक्ष्य राख्दैमा पर्यटक आइहाल्दैनन् भन्ने कुराका उदाहरण नेपाल पर्यटन वर्ष-२०११, लुम्बिनी भ्रमण वर्ष-२०१२ ले नै देखाइसकेका छन् । पर्यटन बजार विस्तारका लागि नेपालले गर्नुपर्ने पहल कमजोर भएकै कारण त्यसबेलाका लक्ष्यअनुसार १० लाख पर्यटक संख्या पुऱ्याउन नसकिएको हो । बढी पर्यटक भित्र्याउनका लागि केवल नाराले मात्र हुँदैन, त्यसका लागि पूर्वाधारसँगै सेवाको स्तरमा पनि सुधार हुनु आवश्यक छ । 'गोरो/सेतो छाला' भएका विदेशी देख्नेवित्तीकै जसरी हुन्छ, बढीभन्दा बढी ठगी हालुँ भन्ने मान्यताले पर्यटकीय क्षेत्रमा व्यवहार गरिन्जेल नेपालको पर्यटनको स्तर वृद्धि हुन्छ भनेर कल्पनासमेत नगरे हुन्छ । नेपालमा संख्यात्मक आधारमा पर्यटक त बढ्दै गएका छन्, तर गुणस्तरीय पर्यटकको संख्या पनि उत्तिकै घट्दै गइरहेको छ । यस कुरा प्रति पर्यटकको बसाइ अवधि र खर्च स्थितिले देखाउँछ । त्यसैले नेपाल आउने पर्यटकहरूको संख्या बढ्नु मात्र उत्साहको कुरा भने होइन । यहाँ कुन किसिमका पर्यटक बढी आउँछन्, तिनले कति खर्च गर्छन्, बसाइ अवधि कति छ भन्ने कुराले पर्यटन क्षेत्रको विकास निर्भर रहन्छ । पर्यटकहरूको औसत बसाइ अवधि र खर्चको अनुपात नबढ्नाले संख्यात्मक रूपमा पर्यटकहरू बढ्नुमात्रको के औचित्य भन्ने प्रश्न उब्जन्छ । पर्यटनबाट हुने आम्दानी थोरैले बढेको भए पनि त्यसको समग्र प्रभाव निकै कम छ । पर्यटन मन्त्रालयको विवरणअनुसार सन् २०१८ मा नेपालमा प्रतिपर्यटक बसाई अवधि १२.४ दिनमात्र छ भने प्रतिपर्यटक दैनिक खर्च ४४ अमेरिकी डलर छ । सन् २०१७ मा प्रतिपर्यटक बसाई अवधि १२.६ दिन र खर्च औसत ५४ दिन थियो ।

पर्यटकको संख्या बढे पनि यस क्षेत्रबाट हुने आर्जनमा वृद्धि हुन नसक्नु साँच्चि नै चिन्तालाग्दो विषय हो । पर्यटकको संख्या बढेसँगै समग्र पर्यटन आय बढ्यो भने मात्र वास्तविक रूपमा यस क्षेत्रको योगदान देखिन्छ । नेपाल अहिले दुई खाले पर्यटकहरू बढी आउने गरेका छन्, हिमाल आरोहणसहितका क्षेत्रमा मनग्गे खर्च गर्नेहरू र अर्को छिमेकी मुलुकसहितका गन्तव्यमा खर्च सकेर थोरै खर्चमा नेपाल भ्रमण गर्न आउने कम खर्चालू (इकोनोमी) पर्यटक । नेपालले ६० को दशकबाटै आफ्नो भूमि पर्यटकका लागि खुल्ला गरेको भए पनि हामीले जहिल्यै पनि संख्यामा मात्र ध्यान दियौं, गुणस्तरलाई कहिल्यै प्राथमिकतामा राख्न सकेनौं । ६० र ७० को दशकमा हिप्पी पर्यटकले फैलाएको नेपालको ख्यातिलाई त्यही स्तरका पर्यटकमा मात्र सीमित राखिँदा पर्यटन आय नबढेको हो । नेपाल आउने अधिकांस पर्यटकहरू कम खर्चालु वा 'ब्याग प्याक' पर्यटक हुने गरेको देखिएको छ, जो सस्ता



लजमा बस्छन्, सामान्य एक कप चियामा समेत बार्गेनिङ गर्छन् । ट्रेकिङ रूटहरूमा यस्ता धेरै पर्यटकसँग स्थानीय होटल व्यवसायीहरूको झगडै परेको समेत देखिन्छ । 'ब्याग प्याक पर्यटक'मा पनि दुई किसिमका हुने गरेको पाइएको छ, पहिलो स्रोत मुलुकबाटै सस्ता गन्तव्यहरू खोजेर, सस्ता (इकोनोमिक) वायुसेवाहरूमा आउने र अर्का भारतसहितका छिमेकी मुलुकको भ्रमण गरिसकेर खर्च कम भएपछि नेपाल छिर्ने । यस्ता किसिमका कम खर्चालु पर्यटकको संख्या जतिसुकै बढे पनि त्यसबाट मुलुकको पर्यटन क्षेत्रको खासै उन्नति हुन सक्दैन ।

पर्यटकहरूको संख्यात्मक वृद्धिको जतिको आवश्यकता छ, गुणात्मक वृद्धिले उत्तिकै महत्व राख्छ । दशकौंदेखि सस्ता (ब्याक-प्याकर) पर्यटकको स्वर्गका रूपमा अन्तर्राष्ट्रिय पर्यटन बजारमा ख्याति कमाएको नेपालमा जतिसुकै पर्यटक संख्या बढे पनि त्यसले गार्हस्थ्य उत्पादनमा योगदान बढाउन सक्दैन । अहिले विदेशी पर्यटकले दैनिक औसत ४० डलर खर्च गरिरहेकोमा बढाएर ८० बनाउने पर्यटन मन्त्रालयको योजना छ । यसका लागि नेपालको पर्यटन क्षेत्रको सम्भाव्यतालाई अझ विस्तार गरिनु आवश्यक छ । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा पर्यटन क्षेत्रको योगदान चार प्रतिशतभन्दा कम हुनुको मुख्य कारण पनि पर्यटकले गर्ने कम खर्च नै हो । जबकी, नेपालभन्दा धेरै पछि गएर पर्यटनमा हात हालेका र यहाँभन्दा कममात्र पर्यटकीय उत्पादन भएका देशहरूले समेत अहिले लाखौं पर्यटक भित्र्याएर करोडौं अमेरिकी डलरबराबरका आम्दानी गरिरहेका छन् । नेपालले सम्भाव्यता भएर पनि पर्यटन उद्योगलाई उपयोग गर्न नजानेकै हो, नसकेकै हो । यसमा सरकार र निजी क्षेत्र दुवैको कमजोरी छ ।

अहिले पर्यटन क्षेत्रबाट कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा हुने योगदान ४ प्रतिशत रहेकोमा यसलाई बढाइ १० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । जीडीपीमा पर्यटन क्षेत्रको योगदान बढाउने हो भने पर्यटनमा हुने लगानी र त्यहाँबाट प्राप्त हुने प्रतिफल दुवैमा विस्तार गर्नैपर्छ । त्यो अहिलेको तयारीबाट मात्र सम्भव छैन ।

नेपालमा खर्चालु र गुणस्तरीय पर्यटक बढ्न नसक्नुमा हाम्रो आफ्नै कमजोरी छ । हामीले पर्यटकलाई लोभ्याउन, उनीहरूले बढी खर्च गर्नसक्ने बनाउनका लागि पर्यटनजन्य उत्पादनहरूको विस्तार गर्नै सकेका छैनौं । नेपालको पर्यटनजन्य निर्यातको आँकडा कमजोर हुनुले पनि यस कुराको पुष्टि गर्दछ । अहिलेकै पर्यटकीय उत्पादन र पूर्वाधार कायमै रहने हो भने तत्काललाई पर्यटकको संख्या त बढ्लान् तर त्यसको स्थायित्व कति रहला भन्ने मुख्य सबालमा ध्यान दिनैपर्छ । नेपाल आउने पर्यटकले यहाँ थोरै दिन बसोबास गर्ने र थोरैमात्र खर्च गर्नुका मुख्य कारण भनेको पर्यटकीय उत्पादन कम हुनु नै हो । अहिले पनि नेपाल आउने पर्यटकले भ्रमण गर्ने स्थानहरू निकै सीमित छन् । होटल-रिसोर्टसहित पर्यटक बस्ने स्थलहरूको संख्या त बढ्दै गएको छ, तर पर्यटकका लागि आवश्यक सेवा विस्तारका लागि नयाँ र रचनात्मक ढंगले सोच्नै सकिएको छैन । यहाँ आउने पर्यटकलाई केबल हरियो डलरको आम्दानीमात्र देख्ने तर न्यूनतम पर्यटकीय सेवा विस्तार गर्न नसक्दा सम्भाव्यताअनुसार पर्यटन क्षेत्रको विस्तार हुनै सकिरहेको छैन ।

हामीकहाँ पर्यटन प्रबर्द्धनमा देखिएको मुख्य चुक भनेकै के पर्यटकीय उत्पादन हो, के होइन भन्ने विषयमा अहिलेसम्म पर्यटन सरोकारवालाहरूमा स्पष्ट सोच नै छैन । साँचो अर्थमा पर्यटन विकास गर्ने हो भने सँधैभरि हिमाल देखाएर, खुम्चिँदै गएका पदयात्रा मार्गमा हिँडाएर, सीमित सम्पदा क्षेत्र देखाएर पर्यटक नेपाल आइरहन्छन् भन्ने भ्रमबाट मुक्त हुनसक्नु पर्छ । पछिल्लो समयमा विश्व पर्यटन बजारमा पर्यटकहरू कृत्रिम रूपमा विकसित गरिएको होइन, प्राकृतिक रूपमा जे छ त्यही (टुरिजम एज इट इज) को अवधारणा विकसित हुँदै गइरहेको छ । नेपालमा भने प्राकृतिक स्वरूप र सांस्कृतिक सम्पदालाई बिगारेर पर्यटन उत्पादनको बजारीकरण गरिरहेका छौं । अहिले पर्यटन गन्तव्य बनाउने नाममा भएका प्राकृतिक सम्पदा पनि बिगार्ने काम भइरहेको छ भने सांस्कृतिक सम्पदालाई हामीले पर्यटन उत्पादनका रूपमा चिनाउनै सकेका छैनौं ।

सन् १९५० को दशकदेखि नेपालमा पर्यटक आगमन सुरू भएकोमा अहिलेसम्म यहाँको पर्यटन सीमित क्षेत्रमा मात्र केन्द्रीकृत भएको छ । नेपालको पर्यटन भन्नेवित्तीकै सगरमाथासहितका केही प्रमुख हिमाल आरोहण, सगरमाथा आधार क्षेत्रसहित सगरमाथा राष्ट्रिय निकुञ्ज, काठमाडौं र वरपर, चितवन राष्ट्रिय निकुञ्ज, पोखरा, अन्नपूर्ण संरक्षण क्षेत्र तथा लुम्बिनी गरी ७-८ स्थानमा मात्र केन्द्रीत भएको छ । मुस्ताङ, अपर डोल्पासहितका केही अन्य स्थानमा पर्यटनको आकर्षण नभएको भने होइन, तर लामो समयसम्म प्रतिबन्धित क्षेत्रका रूपमा रहेका ती स्थानहरूमा निकै सानो संख्यामा विशिष्ट प्रकृतिका पर्यटकमात्र पुग्ने गरेका छन् । पर्यटकीय सम्भावनाका हिसाबलै पूरै नेपालले एक विशिष्ट गन्तव्य भएको कुरा यहाँ आएर फर्केका थुप्रै पर्यटकले आफ्नो ट्राभल ब्लगमा उल्लेख गरेका छन् । नेपालमा रहेका उच्च हिमश्रृङ्खलादेखि यहाँको फरक-फरक भौगोलिक विविधतामात्र होइन, सांस्कृतिक र सामाजिक विविधता, संस्कृति र सम्पदा सबै नै पर्यटकीय उत्पादन हुन्, हामीले तिनको बजारीकरणमात्र गर्न नजानेको हो । नेपालको पर्यटक हिमाल आरोहणबाट सुरू भएकाले हिमाल आरोहण र साहसिक पदयात्रालाई मात्र हामीले मुख्य पर्यटकीय उत्पादन मानेर बजारीकरण गर्दै

आयौं । त्यसबाहेक निकुञ्जमा आधारित वन-पर्यटनलाई मात्र पर्यटकीय उत्पादन मानिँदा सम्भावना भएर पनि अन्य क्षेत्रको पर्यटन प्रबर्द्धन हुन नसकेको हो ।

नेपाल आउने पर्यटक विश्वका आकर्षक हिमशिखरहरूबाट मात्र मोहित भएर आउँदैनन, यहाँको संस्कृति, परम्परा, रहनसहनसँग पनि आकर्षित भएर आउने गर्छन् । घुमफिर गर्न रूचाउने विश्वका फरकफरक देशका पर्यटकका फरकफरक नै रूचि हुन्छन् । त्यसलाई नेपाली संस्कृतिअनुसार कसरी आवद्ध गरेर बजारीकरण गर्ने भन्ने स्पष्ट नीति नै नभएर नेपाल आउन चाहने विश्वका धेरै पर्यटक नेपालसम्म आउन सकेका छैनन ।

**सम्भावना क्षेत्रीय बजार**

